

महालेखा परीक्षक

को

दोस्रो रिपोर्ट

२०२१

राष्ट्रिय पंचायत सचिवालय

प्रथम बार
चैत्र, २०२१

प्रकाशक
राष्ट्रिय पञ्चायत सचिवालय
सिंहदरबार

मुद्रकः—श्री ५ को सरकारको छापाखाना ।

श्री ५ महाराजाधिराजका हजूरमा

सरकार,

नेपालको संविधानको धारा ७६ को उप-धारा (४) बमोजिम लेखापरीक्षणको दोस्रो रिपोर्ट चढाएको छू, जो हुकूम ।

सेवक,

२०२१ साल माघ १२ गतेसोमबार ।

(चन्द्र बहादुर थापा)
महालेखा परीक्षक

विषय सूची

	विषय	पेज नं.
१.	प्राक्कथन	१—१३
२.	अर्थ मन्त्रालय र सो अन्तर्गतका विभाग तथा अड्डाहरू	१४—३५
३.	आर्थिक योजना मन्त्रालय र सो अन्तर्गतका विभागहरू	३६
४.	उद्योग वाणिज्य मन्त्रालय र सो अन्तर्गतका विभाग तथा अड्डाहरू	३७—४४
५.	कानून तथा न्याय मन्त्रालय र सो अन्तर्गतका विभाग तथा अड्डाहरू	४५—४६
६.	गृह मन्त्रालय र सो अन्तर्गतका विभाग तथा अड्डाहरू	४७—५४
७.	नहर तथा विद्युत मन्त्रालय र सो अन्तर्गतका विभाग तथा अड्डाहरू	५५—५६
८.	निर्माण, सञ्चार तथा यातायात मन्त्रालय र सो अन्तर्गतका विभाग तथा अड्डाहरू	५७—६८
९.	परराष्ट्र मन्त्रालय र सो अन्तर्गतका विभाग तथा अड्डाहरू	६९—७२
१०.	पञ्चायत मन्त्रालय र सो अन्तर्गतका विभाग तथा अड्डाहरू	७३—७७
११.	भूमिसुधार मन्त्रालय र सो अन्तर्गतका विभाग तथा अड्डाहरू	७८—८०
१२.	महालेखा परीक्षकको विभाग	८१
१३.	रक्षा मन्त्रालय र सो अन्तर्गतका विभाग तथा अड्डाहरू	८२—८४
१४.	राजसभा, राष्ट्रिय पञ्चायत सचिवालय तथा लोक सेवा आयोग	८५
१५.	वन कृषि मन्त्रालय र सो अन्तर्गतका विभाग तथा अड्डाहरू	८६—९५
१६.	शिक्षा मन्त्रालय र सो अन्तर्गतका विभाग तथा अड्डाहरू	९६–१००
१७.	सर्वोच्च अदालत र सो अन्तर्गतका अड्डा तथा अदालतहरू	१०१–१०६
१८.	स्वास्थ्य मन्त्रालय र सो अन्तर्गतका विभाग तथा अड्डाहरू	१०७–११४
१९.	संगठित संस्थाहरू	११५–११६
२०.	नेपाल बैङ्क लिमिटेडको बैलेन्स शीटहरू	११७–१२१
२१.	महालेखा परीक्षकको पहिलो रिपोर्टमा दर्शाएका बेरुजुहरू	१२३
२२.	लेखा परीक्षण भएका मन्त्रालय विभाग तथा अड्डाहरूको अनुसूची	१२४–१४२

प्राक्कथन

सिंहावलोकन

लोक सेवा आयोगले सहयोग नदिएबाट दरबन्दी बमोजिमका पदाधिकारीहरूको नियुक्ति गर्न र प्रमोशन गर्न नपाई लेखापरीक्षण गर्न पर्ने बांकी क्षेत्रहरूमा पदाधिकारीहरू खटाउन नपाएको कुरा मेरो पहिलो रिपोर्टमा परिसकेका छन् । तदुपरान्त लो. से. आयोग र मेरो बीचको सम्बन्धमा कुनै परिवर्तन नआए तापनि भएसम्मका महतबाट २०२० सालको पौष महीनाभित्र बांकी सबै क्षेत्रहरूमा पदाधिकारीहरू खटाई लेखापरीक्षण गर्ने प्रबन्ध मिलाएं ।

मेरो पहिलो रिपोर्टमा लोक सेवा आयोग, अर्थ मन्त्रालय एवं कानून मन्त्रालयसंगको सम्बन्धको वस्तुस्थिति दर्शाएकोमा तत्सम्बन्धित "सैद्धान्तिक गतिरोध उत्पन्न भएकोतर्फ श्री ५ को सरकारको ध्यान यथाशीघ्र आकर्षित होस्", भन्ने सार्वजनिक लेखा समितिको अपीलको अनुसार काम नभएबाट उक्त सम्बन्ध झन् जटील हुंदै गएको छ ।

लोक सेवा आयोगले आफ्नो ढिपी नछोडेबाट महालेखा परीक्षकको विभागका पदाधिकारीहरू नियुक्ति तथा प्रमोशन सम्बन्धी गतिरोध यथावत्नै छ ।

कानून मन्त्रालयले (कार्य विभाजन) नियमावलीको नलागने अर्थ लगाएबाट महालेखा परीक्षक अर्थ मन्त्रालयको मातहतको झैं बन्नु पर्ने हुने भएको छ ।

आर्थिक व्यवहारको विषयमा आदर्श बन्नु पर्ने अर्थ मन्त्रालयले कानूनको उल्लंघन गरी निकासा गराएकोमा एवं अन्य किसिका अनियमित काम कारवाइ गरेको (जुन विषय मेरो पहिलो रिपोर्टमा पनि समावेश भएको छ) मा मैले ऐन बमोजिम कारवाइ गरेबाट अर्थ व्यवस्थामा दृढता कायम गर्न ठूलो सहयोग दिन लाग्यो भनी मेरो सेवाको कदर गर्नु पर्नेमा सो मन्त्रालयले उल्टो धारणा लिए जस्तो गरी लेखापरीक्षणको कार्यको लागि आवश्यक साधनहरूले मलाई सुसज्जित हुन नदिएकोको अतिरिक्त महालेखा परीक्षकलाई आफ्नो मातहतमा राख्ने प्रयास जारी राखेको छ । महालेखा परीक्षकको विभागका पदाधिकारीहरू सम्बन्धी नियमावलीको संशोधन व्यावसायिक लेखापरीक्षणको लागि थप महत एवं गजेटमा प्रकाशित गर्ने सूचनाको सम्पादनको सम्बन्धमा लेखापरीक्षण ऐन बमोजिम समेत प्रस्ताव पेश गरी नदिएको साथसाथै लेखापरीक्षणको नियमावलीको सम्बन्धमा पनि यही स्थिति कायम गरी राखेको छ ।

अन्य मन्त्रालयहरूबाट पनि आर्थिक व्यवहार सम्बन्धी कानूनहरूको अनुकूल हुने गरी काम कारवाई हुने गरे भई दिएमा सो मन्त्रालयहरूको र महालेखा परीक्षकको बीचमा मनोमालिन्य उत्पन्न हुन पाउने थिएन ।

मैले लेखा परीक्षण गर्न तथा गर्दा क्रमशः आर्थिक विवरण (आर्थिक विवरण नदिने विभागलाई कड़ा सजाय दिइनु पर्छ भन्ने श्री ५ को सरकारसंग सार्वजनिक लेखा समितिले आग्रह गर्दा पनि) तथा स्पष्टीकरण नदिई (त्यसरी मागेको कुरा नदिने उपर महालेखा परीक्षकले कारवाई चलाउन पाउने गरी कानूनी व्यवस्था नभएबाट निजले सो नदिएको कुरा आफ्नु रिपोर्टमा समावेशसम्म गर्न पाउने भई अरू कुरा गर्न नसक्ने भन्ने धारणा लिए जस्तो गर्ने) विभागहरू (जुन विषयमा विभागीय मन्त्रीहरूलाई बोधार्थ प्रेषित गरिएका मुख्य एकाउण्टिङ्ग अफिसरका हैसियत समेतमा रहनु भएका सचिवहरूलाई तद्विषयक पत्रहरू प्राप्त भएपछि निजामती सेवा नियमावली बमोजिम सो विभागका सम्बन्धित दोषी पदाधिकारीहरू उपर कारवाई चलाई दिने गर्नु भएको भए देखादेखि राष्ट्रिय धनको हानी नोक्सानी गर्ने उपर विभागीय कारवाई चलाउन लेखी पठाउँदा पनि तद्विषयमा कानून बमोजिम कारवाई नगरी भरसक सफाइ दिन खोज्ने एवं गम्भीर बेरूजुहरू नफछर्याउनुको साथसाथै लेखा परीक्षण गर्न दुई आर्थिक वर्षका आर्थिक विवरणहरू नदिने पदाधिकारीले प्रमोशन पाएको) ले महालेखा परीक्षकको उपेक्षा गर्दा छन् ।

उपर्युक्त परिबन्दहरू समेतबाट नाडी खलबल्याउने किसिमका दुःसह कठिनाईहरू र निराशाहरू उपस्थित भइरहेका भए तापनि अन्योलमा परी किंकर्त्तव्य विमूढ नभई आर्थिक वर्ष २०२०।२१ को लेखा परीक्षण गरी सक्ने लक्ष्य लिएर प्राप्त हुनसकेका साधनहरू (नेपालको संविधान एवं लेखा परीक्षण ऐन अनुरूपका साधनहरूले २०१६ सालमा खडा भएको नौलो महालेखा परीक्षकको संस्था अहिलेसम्म भरिपूर्ण भइसक्नु पर्ने हो) ले धानेसम्म लेखा परीक्षण र वर्तमान समयसम्मका गम्भीर आर्थिक व्यवहार एवं आर्थिक निकासाहरू (औचित्यको दृष्टिकोणबाट) को आर्थिक व्यवहारलाई लिएर मोटामोटी आर्थिक वर्ष २०२०।२१ (सर्वोच्च अदालत, लोक सेवा आयोग एवं अर्थ मन्त्रालय आर्थिक योजना मन्त्रालय कानून तथा न्याय मन्त्रालय आदि मन्त्रालयहरूबाट समयमा आर्थिक विवरण प्राप्त नभएको हुँदा) को लेखा परीक्षण गरी यो रिपोर्ट पेश गरेको छु ।

उपर्युक्त स्थितिलाई कोल्टो फर्कन दिएमा हाम्रो विकासोन्मुख मुलुकको अर्थ व्यवस्थामा सुदृढता ल्याउनको लागि अनिवार्य आर्थिक अनुशासन एवं मितव्ययिता कायम गरी अर्थ मन्त्रालयले सञ्चित कोषमा झर्ने राजस्व रूपी तेलको धारो र खर्च गर्दा खन्याउनु पर्ने सञ्चित कोष रूपी तेलको धारो हेरेर निश्चिन्त पूर्वक बसे हुन्छ ।

सार्वजनिक लेखा समिति

नेपालको संविधान बमोजिम राष्ट्रिय धन सम्बन्धी राजस्व र व्ययलाई लिएर भएको आर्थिक व्यवहारको पूरा तस्वीर महालेखा परीक्षक-को रिपोर्टबाट मात्र राष्ट्रिय पञ्चायतको समक्ष आउन सक्दछ । अतः तत्सम्बन्धमा सार्वजनिक लेखा समितिको निमित्त एक विस्तृत नियमावलीको खूब खांचो भएको छ । त्यसको पूर्ति भएपछि मात्र सो समिति र महालेखा परीक्षकको बीचमा हुनु पर्ने सम्बन्ध कायम हुन आउँछ ।

नेपालको संविधानको धारा ६२ बमोजिम राष्ट्रिय पञ्चायतले बांडफांट मिलाएका राष्ट्रिय धनको सम्बन्धमा भएका आर्थिक व्यवहार महालेखा परीक्षकले लेखा परीक्षण गरी संविधानको धारा ७६ को उप-धारा (४) बमोजिम श्री ५ मा चढाएको रिपोर्ट मौसूफबाट राष्ट्रिय पञ्चायतको समक्ष राख्न लगाई बक्से पछि तद्विषयमा कारवाई गर्न सार्वजनिक लेखा समितिको बैठक बस्दछ । यो पद्धतिबाट तीन संवैधानिक स्वतन्त्र संस्थाहरू मध्येका अरू संस्थाहरू भन्दा सार्वजनिक लेखा समितिको महालेखा परीक्षकसंग घनिष्ट सम्बन्ध भएको हुँदा महालेखा परीक्षकको पहिलो रिपोर्टका सम्बन्धमा छानबीन गर्ने बैठक बस्नुको अगावै समितिले तद्विषयमा मसंग सम्पर्क राख्नु हुनु भई अवश्यमेव सोधनी गर्नु हुनेछ भन्ने कुरा लिई ढुक्क परी बसेको थिएँ । तर "लेखा परीक्षणद्वारा पत्ता लगाएका रकमहरू जम्मा के कति हो र त्यस मध्ये के कति असूल उपर गराइएको सूचना प्राप्त भएको छ औ कति बाँकी रहन आएको छ त्यसको सूचना यथाशीघ्र" पठाउन समितिबाट लेखी आयो । बेरूजु आदि "विषयहरूमा सम्बन्धित पदाधिकारीहरूले गर्नु पर्ने आवश्यक कारवाईहरू गरी तत्कालै राष्ट्रिय धन असूल उपर र संरक्षण नगर्नु भएमा पनि उपर्युक्त बमोजिम गरी रिपोर्ट गर्ने बाहेक मैले गर्नु पर्ने अन्य काम कारवाईको कानूनी व्यवस्था नभएकोले उपर्युल्लिखित गरे बमोजिम मैले बेरूजु आदि दर्शाई पठाए पछि तिनीहरूको लगत तयार गराई राखी तदनुसार राष्ट्रिय धनको बारेमा असूल फछर्यौट तथा संरक्षण गर्नु गराउनु पर्ने विषयमा असूल फछर्यौट तथा संरक्षण गरी गराई भविष्यमा त्यस्ता अप्रिय कुराहरूमा पुनरावृत्ति हुन नदिनको लागि व्यवस्था मिलाउने समेतको कारवाई सम्बन्धी दायित्व पूर्वोक्त विभागीय सचिवहरूको भएको" हुँदा समितिको बैठकमा विभागीय सचिवहरू र महालेखा परीक्षकलाई उपस्थित गराई उक्त बेरूजु आदि विषयहरूको सारांश आधारित सम्बन्धित फाइलहरूबाट द्वादश गराएको खण्डमा "विनियोजन ऐनको प्रतिकूल हुन नजाने व्यवस्थाको जग बस्न गई राष्ट्रिय धन बरबाद गर्ने र संरक्षण नगर्ने पदाधिकारीहरूका सम्बन्धमा उपर्युक्त कारवाईका साथसाथै राष्ट्रिय धनको आम्दानी खर्च तथा संरक्षण बारेमा सुव्य-वस्था कायम हुन जाने हुनेछ भनी जवाफ लेखी पठाएँ" ।

तत्पश्चात् सार्वजनिक लेखा समितिको बैठकमा मलाई उपस्थित गराई बेरूजु फछर्यौटको लगत मागी तत्सम्बन्धमा मलाई जिरह, (जस-कोबारेमा समितिको सदस्य नहुनु भएको राष्ट्रिय पञ्चायत सचिवले प्रमुख भाग लिनु भएको थियो), महालेखा परीक्षकको दरबन्दीको फांटको मांग, महालेखा परीक्षकको रिपोर्टमा श्री ५ को सरकारलाई आक्षेप लगाएको सोधनी, लेखा परीक्षण ऐन बमोजिम सुझाव नदिएको बारेको सोधनी एवं लेखा परीक्षण नियमावली नभएकोले बाधा परे नपरेको सोधनी गरिंदा राष्ट्रिय धन अनियमित तरीकाबाट बरबाद गर्नेहरूसंग कैफियत तलब नगरी बेरूजु तथा अनियमिकत्वका विषयहरू फेला पारी रिपोर्ट पेश गर्नेसंग त्यसरी समितिको अधिकार बाहिरको कुरा लिएर समितिले जिरह गर्नु हुँदैन (अन्य राष्ट्रहरूका सार्वजनिक लेखा समितिको र महालेखा परीक्षकको बीचमा हुने सम्बन्ध उल्लेख गरी) भनी मैले जवाफ दिएँ । उपर्युक्त कुराहरू लिपिबद्ध गरी राख्न ती कुराहरू उल्लेख गरी "उक्त मेरो रिपोर्ट समितिका सदस्यहरूले कृपया फेरि एकपल्ट आद्योपान्त अध्ययन गरी दिनु हुन र महालेखा परीक्षकले गर्ने लेखा परीक्षणको कार्य प्रणालीमा सप्रमाण प्रकाश पार्ने मैले मौका पाएँ उपर्युक्त जस्ता अप्रिय कुराको पुनरावृत्ति हुन जावैन कि भन्ने मेरो चित्तमा लागेकोले सो मौकाको लागि समितिसंग अनुरोध" गरी पठाएँ । त्यसको जवाफमा "सार्वजनिक लेखा समितिको कार्य प्रणाली (कर्तव्य र अधिकार) मा समितिको अङ्ग नभएको महालेखा परीक्षकद्वारा प्रश्न गर्न कुनै गुञ्जायस र अधिकार छैन औ यसतर्फ अनुचित प्रयास गर्न हुँदैन भन्ने कुरा सार्वजनिक लेखा समिति दृढ छ । आईन्दा त्यस प्रकार अधिकार नभएका महालेखा परीक्षक जस्तोबाट लेखा समितिको कार्यमा नन्तर्हिदो तथा अशोभनीय कुराहरू उठाई लेखा समितिको कार्यमा अवरोध ल्याउने किसिमको प्रयास त्यहाँबाट नहोस् र यस प्रकार आइन्दा भएमा लेखा समितिले आफनो कदम चाल्न बाध्य हुनु पर्नेछ । ... ... लेखा समितिको अभिन्न अङ्ग भएको सचिवको सम्बन्धमा अभिन्न अङ्ग नभएको महालेखा परीक्षकलाई यस बारे टीका-टिप्पणी गर्ने अधिकार नभएको" भन्ने समेत कुरा समावेश भएको पत्र सूचनाको रूपमा आयो । (तर, राष्ट्रिय पञ्चायत सचिवालयका सचिव समितिका पदेन सचिव मात्र हुनु भएको नाताले उहाँले सदस्यको अधिकार र कानूनन् ग्रहण गर्न नपाउनु हुने । अर्को कुरा–सार्वजनिक लेखा समितिको महालेखा परीक्षक निर्देशन, दार्शनिक र मित्र हो भन्ने कुरा एवं बेरूजु आदि विषयको सम्बन्धमा लगत राख्ने असूल उपर गर्ने इत्यादि बारेमा श्री ५ को सरकारसंग अनुरोध गरेको कुरा सार्वजनिक लेखा समितिको प्रतिवेदनमा परेको छ ।)

त्यति भएपछि सार्वजनिक लेखा समितिबाट सम्बन्धित मुख्य एकाण्टिङ्ग अफिसरहरू (विभागीय सचिवहरू) र मलाई समितिको बैठकमा उपस्थित गराई समितिले मागे बमोजिमका स्पष्टीकरणहरू एवं महालेखा परीक्षकको रिपोर्टको बारे सोधपुछ एवं छलफल भयो र मैले सम्बन्धित फाइलहरूबाट पत्राउ गरेका बेरूजुहरू उपर प्रकाश पारें । अर्थ र कानून सचिव सह-सचिवहरूले दिनु भएको उपर्युक्त स्पष्टीकरणमा महालेखा परीक्षक-को चरित्र हनन् हुने किसिमसंग लेखी निजको अपमान गर्नु भएको र लोक सेवा आयोगका सेक्सन अफिसरले अवाच्य बोल्नु भएकोमा मैले मौकैमा घोर विरोध गर्दा हुँदि समितिले उहाँहरूलाई भन्नु पर्ने कुरा र मैले विरोध दर्शाएका कुरा समितिको प्रतिवेदनमा उल्लेख भएको भए संवैधानिक पदको मर्यादा कायम रहन गई भविष्यमा महालेखा परीक्षकले आफ्नु कर्तव्य पूरा गर्दाको सिलसिलामा त्यसरी अपमानित हुन नपरी श्री ५ को सरकारका सचिव, सह-सचिव आदिले निजामती सेवा नियमावलीको अनुकूल हुने गरी अनुशासन-पालन (प्रशासनको मूल थाम) गर्ने प्रणालीको जग बस्ने हुँदा तत्सम्बन्धमा समितिको महत्वपूर्ण देन हुने थियो । प्रतिवेदनमा पार्न हुनको अगावै महालेखा परीक्षकको पहिलो रिपोर्ट सम्बन्धी टीका–टिप्पणी हरूको बारेका विषयका प्रसङ्गहरू उपर समितिले मलाई प्रकाश पार्न मौका दिनु भएको भए यो पद्धति प्रचलित (भएका अन्य देशहरूले अङ्गालेको तरीका) वास्तविकता पूर्णरूपेण दर्शाउने कार्यमा समितिलाई अतिरिक्त सहायता हुने थियो ।

महालेखा परीक्षकले औंल्याएका बेरूजुहरूको सम्बन्धमा समितिले सम्बन्धित मुख्य एकाउण्टिङ्ग अफिसरहरूसंग स्पष्टीकरण मागी फछर्याउँदा उपर्युक्त कथन बमोजिम समितिको बैठकमा छलफल समेत भई माइन्युटमा लेखिएका कुराहरू उल्लेख गरिनु पर्दछ; उदाहरणार्थ– बारा पर्सा र रौतहटमा बिगाह ६४९।३।४ मा लाइसेन्स नलिई चोरी गांजा खेती गरेको खोज तलास गरी पक्राउ गरे बापत अनियमित तरीका अङ्गाली तथा वास्तविकता नदर्शाई प्रस्ताव पेश गरी विशेष पुलिस विभागका कर्मचारीहरूलाई खान्गीको दामासाहीले बांड्ने गरी १½ प्रतिशत र चौकीदारलाई ½ प्रतिशत जिल्लाका समेत कर्मचारीहरूलाई १। प्रतिशतका दरले पुरस्कार दिने गरी मन्त्रिपरिषद्बाट निर्णय (जुन गराएबाट रू. ३३,२८५। पुरस्कार गई विशेष पुलिस विभागका सम्बन्धित कर्मचारीहरूले वार्षिक तलबको दोब्बर मात्रामा पुरस्कार पाए) गराएको विषयमा महालेखा परीक्षकको पहिलो रिपोर्टमा मैले आपत्ति उठाएको सम्बन्धमा सार्वजनिक लेखा समितिको बैठकमा छानबीन हुँदा गांजा खेती नाप जाँच गरी ल्याएको मुचुल्कामा लेखिएदेखि बाहेक विशेष पुलिस विभागका कर्मचारीले सुराक पत्ता लगाई छुट्टै लगत कसाएको कहीं कतै पनि नदेखिएको र रूल नियम बमोजिम लाइसेन्स भए जतिको जिमिदार पटवारीलाई दिनु पर्ने सूचना नदिएको हुँदा तदनुसार निजहरूले बेलाइसेन्सबाट भएको खेतीको जाहेरी दिन नपाई चूप लागी बस्नु परेको देखिनाको साथै खटिएको डोरले सर्वत्र घुमी गांजा खेती एक एक गरी जांची पत्ता लगाएको नदेखिई मौजा मौजाका जिमिदार पटवारी भलादमी समेतले गरी दिएको मुचुल्काको आधारमा नाप जांच गरी ल्याएकोसम्म देखिएको त्यसरी खटिएको डोरले पुरस्कार पाउने व्यवस्थै कहीं नहुनाको अतिरिक्त आफनो कर्तव्य पालन गर्न खटिएका कर्मचारीहरूले पत्ता लगाएको भए सरजमीनको मुचुल्का गराएकै बेलामा सो बेहोरा पार्न सक्नु पर्ने, सो बमोजिम भएको पनि नदेखिएको फेरि माल गोस्वाराबाट खटिएको डोर उपर विशेष पुलिस विभागको डोर खटी गएको भए माल गोस्वाराको डोरले मुचुल्का गराएदेखि बाहेकको गांजा खेती यो यति पत्ता लगाएको भन्ने देखाएको हुनु पर्ने सो पनि केही नदे-खिएको र पुरस्कारको निमित्त पर्न आएको रिपोर्टको वास्तविकता राम्ररी जांची बुझी, लगत कायम भए नभएको, सञ्चित कोषमा दाखिल हुने भनेका रकम समय मै असूल उपर भइसकेको छ छैन र हुने हो होइन, निज कर्मचारीहरूले त्यसरी चोरी खेती पत्ता लगाएको हो होइन र निजहरूले त्यसरी पुरस्कार पाउने कानूनी आधार भए नभएको समेत दर्शाई निकासा गराउने रकमको कानून बमोजिम अङ्कसमेत कौनै नखुलाउनको साथसाथै विशेष पुलिस विभागले आफनो तालुक मन्त्रालयको तह नाघी लेखेको विषयकोको अतिरिक्त अघि जाहेर गर्दा बिगाहा ६४९ चानचुन देखाएकोमा पछि बिगाहा ४२० देखिन आएको पछि त्यसको कारण समेत विधिवत् दर्शाई फेरि प्रस्ताव पेश गरी निर्णय भए बमोजिम गर्नु पर्नेमा सो समेत नगरेका कुराहरू मैले फाइलबाट प्रमाणित गरी जिकीर गरेको (त्यसबखत त्यस विशेष पुलिस विभागका तत्कालीन का.मु.मुख्य अफिसरले पाउनेले खाईसके, यस विषयमा वादविवाद अब किन गर्ने भनी भन्नु भएको थियो) सिलसिलामा मैले प्रस्तुत गरेको बूंदाहरू समितिले उल्लेख गरी एक एक गरी काटिकन मात्र तद्विषयमा समितिले मांग गरे अनुसार अर्थ मन्त्रालयले दिएको स्पष्टीकरण (मन्त्रिपरिषद्को निर्णय बमोजिम पुरस्कार दिएको हो भन्ने) मा समितिले आफनो राय विस्तृत गरी व्यक्त गरिदिएको भए महालेखा परीक्षक एवं आर्थिक व्ययभार गर्ने पदाधिकारीहरूलाई मार्ग–प्रदर्शन हुने थियो ।

समितिले आशा राखे बमोजिम महालेखा परीक्षकले रिपोर्ट पेश गर्ने गर्दा बजेट प्रणालीको कार्यक्रमसंग मिल्न नजानेको को अतिरिक्त आर्थिक नियन्त्रण राख्ने अर्थ मन्त्रालयलाई र आर्थिक व्यवहार गर्ने अन्य मन्त्रालयहरूलाई तत्सम्बन्धी कर्तव्य पूरा गर्न परिभ्राट पर्न जान्छ (जुन अवस्था को सिर्जना हुन नदिन संविधानमा सरकारी विभाग, अड्डा र अदालतमा लेखा, महालेखा परीक्षकले, तोकेको ढांचाको अनुसार रहने भन्ने उपबन्ध रहेको छ) ।

अनियमितता सम्बन्धी प्रसङ्गहरू

एक विस्तृत आर्थिक नियमावली आजसम्म नबनी केही नियमहरू र श्री ५ को सरकारका निर्णयले निर्धारित गरेका नीतिको अनुसार आर्थिक व्यवहार चलाई आएका छन् । तिनीहरूको प्रतिकूल हुने गरी (तत्सम्बन्धी कुराहरू दर्शाई उक्त नियम र निर्णयहरू संशोधित गराई अर्को निर्णय नगराई) आर्थिक व्यवहार चलाएबाट राष्ट्रिय धन बरबाद भइरहेको, उदाहरणार्थ– तद्विषयहरूमा अर्थ मन्त्रालय, कानून मन्त्रालय एवं प्रशासकीय व्यवस्था विभागले गरेका आर्थिक व्यवहार क्रमशः अंकित गर्दछु:– राष्ट्रिय पञ्चायत अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको (पारिश्रमिक) नियम, २०१९ को प्रतिकूल हुने गरी राष्ट्रिय पञ्चायतका एक सदस्यलाई २ वर्षको तलब बापत रु. ५,०००।– उपाध्यक्ष अर्थ मन्त्रीको मौखिक आदे-शानुसार अर्थ सचिवले निर्ब्याजी पेश्की दिनु भई समर्थनको लागि प्रस्ताव पेश हुंदा ब्याजी दिने निर्णय भएको, निजामती कर्मचारीको सबै समय सरकार अधीन हुनेछ भन्ने उपबन्ध निजामती सेवा नियमावलीमा रहनुको अगावै २००९ सालदेखि नै श्री ५ को सरकारले अङ्गाली सकेको उक्त सिद्धान्तको अनुसार एवं २०१२ सालको श्री ५ को सरकारको निर्णय बमोजिम अफिस समयभित्र सेन्सर बोर्ड, संगठित संस्थाका सञ्चालक समिति आ-दिमा भाग लिन खटाएका उच्च पदाधिकारीहरूले (सञ्चित कोष दाखिल गरेका आधा फी (१२ वर्षदेखिको) फिर्ता दिलाउने (बेलाइसेन्सको गांजा खेती पत्ता लगाउनेलाई ऐन बमोजिम अंक नखोली पुरस्कार दिने निकासा गराएकोबाट १ वर्षको तलबको दोब्बर पर्ने गरी कर्मचारीहरूलाई पुरस्कार दिलाएकोमा अघि मैले आपत्ति उठाउंदा उठाउंदै यस विषयमा पनि मुलुकी ऐन भाग ३ को महल १ को कागज जांच २ नं. को ऐनको प्रति कूल हुने गरी जम्मा फिर्ता दिनु पर्ने अंक नखुलाई माकुराको पिंदको धागो जस्तो हुने गरी) निकासा गराएकोमा लेखापरीक्षण ऐनको दफा ६ बमोजिम त्यस विषयमा आपत्ती उठाउंदा उठाउंदै त्यसको निरूपण गरिकन मात्र दिए हुनेमा तदनुसार नगरी उक्त कागज जांच सम्बन्धी ऐनले सदर नहुने निकासाको भरमा फिर्ता दिन लागेका, अतिथि सत्कारको निमित्त रकम तोकेको हुंदाहुंदै पछि समर्थन गराउने गरी डबल खर्च गरी सकेपछि समर्थन गराएको र विदेश यात्राको लागि यहीं नै खर्च लिनु पर्नेमा विभागीय मन्त्रीको निमित्त विदेशमा दिने गरी विदेशी मुद्रा (डलर) को निकासा गरा-एको छ । वाणिज्य व्यवसाय एवं उद्योगमा छेकारो काटी चांडो प्रगति ल्याउन भनी स्वस्थ आर्थिक सिद्धान्त अनुसार बनेका ऐनहरूको उल्लंघन हुने गरी रु. ३ लाख २० हजार पूंजी भएको एक लिमिटेड् कम्पनीको रु. १२ लाख, ४ लाख २५ हजार पूंजी भएका प्राइभेट कम्पनीको रु. १ करोड ९३ लाख, र नेपाल औद्योगिक विकास कर्पोरेशनले पनि नपत्याएको रु.६ लाख पूंजी भएको एक प्राइभेट कम्पनीको ६५ लाखको ग्यारेण्टी श्री ५ को सरकारलाई बस्ने गराएको । रु. ५ लाखको पूंजी भएको संगठित संस्था (जसले कम्पनी कानून बमोजिम ६।६ महीनामा पेश गर्नुपर्ने बासलात पेश गर्न नसकेको हुंदा हुंदै जसको निमित्त रु. १ करोड १० लाखको ग्यारेण्टी श्री ५ को सरकार बसी सकेको छ) लाई ३ प्रतिशत ब्याज लिने गरी तेजारथ अड्डाबाट रु. ४४ लाख सापटी दिलाएको । एटर्नी जनरल (सेवा शर्त) नियमावली नेपाल गजेटमा प्रकाशित भई प्रारम्भ हुनु अगावै एटर्नी जनरललाई सवारीको सुविधा दिलाएको । अफिस समयभित्र काम गर्ने प्रशिक्षकहरूलाई पारिश्रमिकको रूपमा पुरस्कार दिई मन्त्रिपरिषद्बाट समर्थन गराएको ।

शाही सेना, पुलिस तथा सदर जेललाई वन मन्त्रालयले इन्धन समितिद्वारा दाउरा बिक्री बन्दोबस्त गरेकोमा देखादेखी राष्ट्रिय धन रू. १ लाख ७३ हजार ४ सय बहत्तर हानि नोक्सानी गराएको देखिएको र संविधान एवं लेखापरीक्षण ऐन बमोजिम तत्सम्बन्धी लेखापरीक्षण गर्न खोज्दा सो गर्न नदिई त्यसरी हानि नोक्सानी गर्ने पदाधिकारी उपर विभागीय कारवाई चलाउन त परैजाओस् उक्त संविधान र ऐनको प्रतिकूल हुने गरी एकाउण्टेण्ट जनरलबाट लेखापरीक्षण गराउने निर्णय गराएको ।

लेखापरीक्षण कार्य र प्रशासनिक विषय छुट्याउने गरी सीमारेखा खिच्नु सजिलो कुरा छैन । महालेखा परीक्षकले खसोखास प्रशासनिक विषयमा चासो लिन हुंदैन; विभागले नै प्रशासनिक काम कारवाइको दायित्व बोकेको छ । तर प्रशासनिक काम कारवाइबाट राष्ट्रिय धन बरबाद हुन जाने र हुन गएको सम्बन्धमा लेखापरीक्षण गर्दा तद्विषयक कागजपत्र महालेखा परीक्षकले हेर्न खोज्दा निजले प्रशासन क्षेत्रमा हस्तक्षेप गरेको हो भन्ने ठाउं रहन आउंदैन । तर यस विषयमा नेपालको संविधानले प्रकाश पारेको छंदाछंदै अर्थ मन्त्रालयबाट बीच बीचमा खिचोला झिक्ने गरिएको छ। एटर्नी जनरललाई सरकारी सवारीको सुविधा दिएको सम्बन्धमा कानूनमन्त्रालयको फाइल अध्ययन गरेबाट तद्विषयक कागजपत्र रहेका अर्थमन्त्रालयको फाइल अत्यावश्यक भई माग्दा लेखा र आर्थिक व्यवहार सम्बन्धी विषय नहुंदा पठाउन पर्दैन भनी अर्थ मन्त्रालयले पठाएन। सरकारी सवारी दिंदा परिवहन समेतको खर्चको लागि दिनुपर्ने राष्ट्रिय धनको रकम आर्थिक व्यवहार भित्र पर्नु पर्ने नै हो । आर्को कुरा, वन मन्त्रालयका एक नन्गजेटेड् प्रथम श्रेणीका पदाधिकारीलाई अर्थमन्त्रालय अन्तर्गतका माल अड्डाको हाकिम पदमा सरुवा गरी सो सरुवा गरेको३१ महीनाभित्रमा अन्य २ माल अड्डामा र मालपोत विभागमा सरुवा गरेकोमा पछिल्लो मालमा सरुवा गर्न अघि राष्ट्रिय धनको बरबाद गरी दुई माल अड्डाहरूमा कायम मुकायमबाट काम गराई(सो समयको विशेष पद खडा गरी अनियमित तरीकाले तलब खुवाएको) काजमा राखी पछि मालपोत विभागमा सरुवा गरिएको सम्बन्धमा हाजिर फाराम हेर्न खोज्दा नदिएकाले निकै लेखापढी गरिकन मात्र बल्ल हेर्न पाएको ।

लेखापरीक्षण सम्बन्धी कानूनको अभाव

नेपालको संविधान प्रारम्भ हुनुभन्दा अगाडिसम्म लागू भइरहेका र पछि बाझिने गरी लागू गरिएका कानूनहरू महालेखा परीक्षकले श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण गर्ने विषयलाई लिएर संशोधित नभए तापनि पञ्चायत प्रणालीको सर्वोच्च कानूनी स्रोत संविधानलाई मान्यता दिनको लागि लेखापरीक्षण कार्य सुसम्पन्न गर्न गराउन अन्य सम्बन्धित कानून अनुकूल गर्न एवं लेखापरीक्षण सम्बन्धी नियमावलीको अत्यावश्यक भइरहेको थियो । अनि लेखापरीक्षण ऐनको दफा ८ को संशोधन गराइयो; तर त्यसो भएबाट श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण (व्यावसायिक लेखापरीक्षण गर्ने तरीका नअङ्गालिएको हुंदा) गर्नको खातिर रहनु पर्ने उपबन्ध रहेन ।

बल्ल बल्ल लेखापरीक्षण सम्बन्धी नियमावली (जसको सम्बन्धमा राय पठाउन भएको निकैनै सुस्ती ढाक छोप गर्नको लागि मलाई हिलो छ्याप्ने किसिमको प्रयास गर्नु हुंदाको कानून सह-सचिवको अतिशयोक्ति महालेखा परीक्षकको पहिलो रिपोर्ट उपरको सार्वजनिक लेखा समितिको प्रतिवेदनमा अंकित भएको) को बारेमा कानून मन्त्रालयले व्यक्त गरी पठाएका राय लेखापरीक्षण कार्यको अनुभवबाट व्यवहारसिद्ध हुन नआएको देखिएकोले यस्तो गम्भीर विषयमा सम्बन्धित अर्थ सचिव, कानून सह-सचिव, एकाउण्टेण्ट जनरल एवं महालेखा परीक्षक समेत भई छलफल गरेमा व्यावहारिक नियमावलीको मसौदा चांडो प्रस्तुत हुने थियो भनी विभागीय मन्त्रीसंग आग्रह गरें । तदनुसार गर्ने गरी श्री ५ को सरकारको निर्णय भएकोले नियमावलीको मसौदा उपर छलफल भयो। श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्था वा श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्से बमोजिम कुनै संगठित संस्थाको लेखापरीक्षण महालेखा परीक्षकले गर्ने तरीकाको विषयमा लेखापरीक्षण ऐनको दफा ८ को संशोधनको मसौदालाई लिएर मतभेद भयो ।

"महालेखा परीक्षकले श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्था समेतको लेखा परीक्षण गरी वार्षिक रिपोर्ट श्री ५ मा चढाउने र त्यस्ता संस्थाले आफू-आफनो ऐन नियम अनुसार वर्षेनी लेखा परीक्षक नियुक्त गरी गराई लेखापरीक्षण रिपोर्ट प्राप्त गर्ने यी भिन्दा भिन्दै कुरा हुन् र दुबैको उद्देश्य र तरीका पनि भिन्दाभिन्दै हुन्छ यद्यपि महालेखा परीक्षकले महालेखा परीक्षकको हैसियतमा त्यस्ता संस्थाको लेखापरीक्षण गर्दा ती संस्थाहरूले आफू-आफनो ऐन नियम अनुसार सामान्य लेखापरीक्षण गराए नगराएको र गराए कोमा सो लेखापरीक्षण रिपोर्ट कस्तोछ त्यसको पनि अवलोक गर्न सक्तछ र त्यसमा समेत आफनो प्रतिक्रिया जनाउन सक्तछ । यस्तो स्थितिमा महालेखा परीक्षकलाई त्यस्ता संस्थाको सामान्य लेखापरीक्षक नियुक्त नगर्नु नै कानून र व्यवहार मिल्दो कुरा हुन्छ" भन्ने एटर्नी जनरलको राय उल्लेख गरी "श्री ५ को सरकारको स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षण सो संस्था जुन ऐन अन्तर्गत खडा भएको छ सोही ऐनले तोकिदिए बमोजिम नियुक्त हुने अडिटरले गर्नेछ । लेखापरीक्षण ऐन, २०१८ अनुसार महालेखा परीक्षकले लेखापरीक्षण गर्ने हकमा सो बमोजिम नियुक्त हुने अडिटरले लेखापरीक्षण गरे उपर टेष्ट अडिटसम्म गर्ने हो र यो टेष्ट अडिट श्री ५ को सरकारको हित रक्षाको लागि गरिनु परेको हो तसर्थ ऐन अनुसार नियुक्त हुने अडिटरलाई फी दिई सकेपछि पुनः महालेखा परीक्षकलाई पनि फी दिनु पर्छ भनी त्यस्ता संगठित संस्थालाई कर लगाउन मुनासिब नपर्ने" भन्ने समेत राय उहांहरूले व्यक्त गर्नु भई तदनुसार हुन लेखापरीक्षण ऐनको दफा ८ को संशोधनको मसौदा प्रस्तुत गर्नु भयो । त्यो मसौदालाई कार्यान्वित गर्दा महालेखा परीक्षकले लेखापरीक्षण गर्ने विषय सम्बन्धी संविधानको धारा ७६ को उप-धारा (१) मा विराजमान श्री ५ महाराजाधिराजका पुनीत भावको प्रतिकूल हुने हुंदा सो नहुन दिन उक्त ऐनको दफा ८ को संशोधनको मसौदा मैले प्रस्तुत गरें । यी बुबै राय समावेश गरी अर्थ मन्त्रालयले प्रस्ताव पेश गर्ने निष्कर्षमा पुगे अनुसार सो मन्त्रालयले चलाएको कारवाइ टुङ्गिएको जस्तो भई राष्ट्रिय पञ्चायतमा तत्सम्बन्धी विधेयक राखिने काम बांकी छ ।

उपर्युक्त नेपालको संविधानको भावको प्रतिकूल हुन नपाउन एवं यही सालको मार्ग १ गते जारी भएको कम्पनी ऐनको पृष्ठभूमिमा महालेखा परीक्षकले उक्त संगठित संस्थाको लेखापरीक्षण गर्ने सम्बन्धमा पुनर्विचार गर्दा हुंदिको सुझाव व्यक्त गर्दछु: मुख्यतया संगठित संस्थाहरू दुई किसिमका छन्– (१) सरकारको सम्पूर्ण स्वामित्व भएका जस्ता नेपाल राष्ट्र बैंक, रायल नेपाल एयरलाइन्स कर्पोरेशन, (२) घटीमा ५१ प्रतिशतसम्म शेयर वा स्टक रहेका वा श्री ५ को सरकारमा दायित्व भएको संगठित संस्था जस्ता नेपाल बैंक लिमिटेड्, रघुपति जूट मिल्स, कर्मचारी सञ्चय कोष आदि । संविधानले लेखापरीक्षण गर्ने अधिकार दिएको महालेखा परीक्षकले सरकारी विभाग सरहका भन्नु पर्ने नेपाल राष्ट्र बैंक तथा रायल नेपाल एयर लाइन्स कर्पोरेशन जस्ता श्री ५को सरकारको सम्पूर्ण स्वामित्व भएका संस्थाहरू (जसमा शेयरहोल्डरहरू छैनन् र जसको सम्पूर्ण उत्तरदायित्व श्री ५ को सरकारमाथि भएको को अतिरिक्त नेपाल राष्ट्र बैंक मूलुकको मूल ढुकुटी भन्नु पर्ने हुंदा) का लेखापरीक्षण गरे पुग्ने हुंदा बाहिरिया लेखापरीक्षकहरू (विशेषतः विदेशी) बाट लेखापरीक्षण गराउन उपयुक्त हुंदैन । नेपाल राष्ट्र बैंक र नेपाल बैंकको लेखापरीक्षण दुई अडिटरहरूले गर्ने र अन्य कम्पनीहरूको सम्बन्धमा पनि विदेशी नागरिकबाट लेखापरीक्षण गराउंदा हुंदा अन्य एक नेपाली लेखापरीक्षक समेत राख्ने कानूनी व्यवस्था भएबाट प्रत्येक संगठित संस्थाको लेखापरीक्षण दुई लेखापरीक्षकले गर्न सक्ने नीति श्री ५ को सरकारले अङ्गालेको कुरा स्पष्ट हुन आयो । उक्त संस्थाहरूको लेखापरीक्षण गर्न दुई लेखापरीक्षकहरू मध्ये एक शेयर होल्डरले र अन्य श्री ५ को सरकारको तर्फबाट महालेखा परीक्षक भएमा संगठित संस्थालाई केही बाधा नपर्ने भई महालेखा परीक्षकले पाउने फी (उक्त संस्थाका सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालक हुने सरकारी उच्च पदाधिकारीले तत्सम्बन्धी कार्य गरे वापत पाउने फी १२ वर्ष अघिको पनि– निजी पाकेटमा हाल्न भने हुने) सञ्चित कोषमा दाखिल हुन किन नसक्ने ? जुन व्यवस्था भएबाट व्यावसायिक शाखा खडा गर्न राष्ट्रिय धन खर्च गर्न नपर्ने मात्र होइन कि बढी राशिको रकम दाखिल हुन गई अत्यावश्यक व्यावसायिक लेखापरीक्षणको निमित्त श्री ५ को सरकारले कुनै रकम ब्यहोर्न पर्दैन । उपर्युक्त अर्थ मन्त्रालय आदिले प्रस्तुत गरेको उक्त ऐन सम्बन्धी संशोधनको मसौदामा लेखापरीक्षकहरूले लेखापरीक्षण गरेका विषयहरू शतप्रतिशत वा केही प्रतिशत जांच गरी वा नगरी भन्ने लेखेकोमा जांच नगरी भन्ने उपबन्ध राख्दा संविधानसंग बाझिन जाने हुनाले सो कुरा राख्न अवैध हुन जान्छ । केही प्रतिशत जांच गर्ने भन्ने सम्बन्धमा ती लेखापरीक्षकहरू महालेखा परीक्षकका कानूनी सहायक सरह नहुंदा त्यस्ताले जांचेका भरमा केही प्रतिशत जांच गरी रिपोर्ट पेश गर्ने उत्तरदायित्व बहन गर्न महालेखा परीक्षकलाई अप्ठ्यारो पर्न जाने हुन्छ । उता लेखापरीक्षक मनोनीत गर्ने काममा शेयरहोल्डरहरूको मन पनि राख्न परेको छ अतः दुवैतर्फको सारो गारो मिलाउनको लागि शेयरहोल्डरले मनोनीत गरेको लेखापरीक्षकहरूका प्यानेलबाट महालेखा परीक्षकले छानेको लेखापरीक्षक नियुक्त भएको खण्डमा तत्सम्बन्धी समस्या समाधान गर्न तदनुसार उक्त ऐनको दफा ८ को संशोधन भए सुनमा सुगन्ध हुन जान्छ ।

उपर्युक्त लेखापरीक्षण नियमावलीको मसौदाको नियम १२.१ (तद्विषयको उद्देश्य उक्त ऐनको संशोधनबाट पूरा हुने हुंदा) झिकी उक्त नियमावलीको मसौदामा श्री ५ महाराजाधिराजको स्वीकृति बक्साउने बारेमा अर्थ मन्त्रालयले कारवाई नगरी दिएकोले सो नियमावली बन्न सकेको छैन ।

श्री ५ को सरकारले आफ्नू स्वामित्व भएको संगठित संस्थाको सञ्चालक समितिमा एक सञ्चालक वा बहुमत रहने गरी अध्यक्ष तथा सञ्चालक कानून बमोजिम नियुक्त गर्न पाउने भई सो हैसियतमा सरकारी उच्च पदाधिकारीहरू (अर्थ सचिव ८, उद्योग वाणिज्य सचिव ८ र आर्थिक योजना सचिव ५ संस्थाहरूमा) लाई राखेको छ । उहांहरूको सञ्चालनमा ती संस्थाहरूको आर्थिक व्यवहार ठीक हुन्छ भन्ने कुरालाई नेपाल बैंकको आर्थिक वर्ष २०१८ र नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०१८।१९ को लेखापरीक्षणको महालेखा परीक्षकका रिपोर्टहरूको अतिरिक्त उहांहरू मुख्य एकाउण्टिङ्ग अफिसर हुनु भएका साधारण तथा विकास सम्बन्धी महालेखा परीक्षकको पहिलो रिपोर्ट साथसाथै यो दोस्रो रिपोर्टले छर्लङ्ग पारेको छ । संविधान एवं लेखापरीक्षण ऐन बमोजिम उक्त संगठित संस्थाहरूको लेखापरीक्षण महालेखा परीक्षकले गर्न पाइरहेको तर सो गर्न आवश्यक अप महत नपाए पनि संगठित संस्थामा लगानी भएको राष्ट्रिय धनको आर्थिक व्यवहार (केही अंशमा भए पनि) को स्थिति राष्ट्रिय पञ्चायतलाई दर्साउनको को अतिरिक्त महालेखा परीक्षकको व्यावसायिक लेखापरीक्षण सम्बन्धी कारवाइ अझै छर्लङ्ग पार्नको लागि साधारण तथा विकास क्षेत्र (त्यहांको लेखापरीक्षण बांकी रहन गए पनि) बाट चाहिने सहायकहरू (मेरो पी. ए. समेत) नेपाल राष्ट्र बैंक, नेपाल बैंक, रायल नेपाल एयरलाइन्स कर्पोरेशन, नेपाल विद्युत कर्पोरेशन, नेपाल औद्योगिक विकास कर्पोरेशन एवं नेशनल ट्रेडिङ्ग लिमिटेड्को लेखापरीक्षण गर्न लगाएं ।

उपर्युक्त पछिल्ला ३ संस्थाहरू (जसका सञ्चालक समितिका क्रमशः अध्यक्ष– उद्योग वाणिज्य सचिव, सदस्यहरू– अर्थ सचिव, आर्थिक योजना सचिव र उद्योग डाइरेक्टर एवं अध्यक्ष– उद्योग वाणिज्य सचिव, सदस्य– अर्थ सचिव, निर्माण सचिव र वाणिज्य डाइरेक्टर हुनुहुन्छ) ले बाहिरिया अडिटरले पाएको आर्थिक विवरण नदिएकाले तिनीहरूको लेखापरीक्षण गर्न पाइन । यतिमात्र होइन कम्पनी ऐनको दफा १०२ को उप-दफा(क) बमोजिम नेशनल ट्रेडिङ्ग लिमिटेड्ले ६।६ महीनामा वासलात खडा गरी सञ्चालक समितिमा पेश गरी सञ्चालक समितिको राय सहित सो वासलात उद्योग विभागमा पठाउनु पर्नेमा पठाएको रहेनछ । त्यसरी नपठाएकोमा उद्योग विभागले उपर्युक्त दफा १०२ को उप-दफा (घ) बमोजिम सम्बन्धितलाई सजाय गर्नु पर्नेमा गरेको रहेनछ । सजाय पनि कसरी गर्नु सञ्चालक समितिको अध्यक्ष आफै उद्योग वाणिज्य सचिव हुनुहुन्छ र सदस्यहरूमा अन्य विभागीय सचिवहरू र डाइरेक्टर हुनुहुन्छ ।

पी. के. घोष एण्ड कम्पनीले लेखापरीक्षण गरी प्रमाणित गर्नु भएको नेशनल ट्रेडिङ्ग लिमिटेड्को २०१९ साल चैत्र मसान्तसम्मको ब्यालेन्स शिट यही २०२१ साल भाद्र २३ गते पत्र पत्रिकामा प्रकाशित भएकोले उक्त संस्थाको लेखापरीक्षणको शुरूआत र समाप्तिको मिति खुलाई लेखी पठाउनु हुन उद्योग वाणिज्य सचिव (फोनबाट कुरा समेत गरी) लाई तर-ताकिता गरी गरेको अनुरोध उहांले स्वीकार गर्नु भएन । यता सरकारी उच्च पदाधिकारीहरूलाई बिक्री गरेका मोटर सवारीहरूको मोल समयमा असूल नगर्ने उता कम्पनीको व्यावसायिक पूंजीको लागि बैंक, कर्मचारी सञ्चय कोष एवं तेजारथ अड्डाबाट ऋण दिलाएको ।

नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०१९।२० (आर्थिक वर्ष भुक्तान भएको धेरै महीना भई सकेको र आर्थिक वर्ष २०२०।२१ को लेखापरीक्षण गर्ने समय पनि हुन लागेको हुंदा) को लेखापरीक्षण गर्न (बैंकको अन्तर्राष्ट्रिय आस्था तथा ख्याति कायम गर्न लेखापरीक्षण ऐनले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालत तथा लोक सेवा आयोग जस्ता वैधानिक संस्थाहरू,सचिवालयहरू र शाही सेनाका समेत लेखापरीक्षण गर्दा अङ्गालेको पद्धति अङ्गाली) मेरो सहायक का. मु. सञ्चालक (डाइरेक्टर) समेतलाई अधिकारपत्र दिई खटाई पठाएकोमा म आफै आई लेखापरीक्षण गर्न पर्छ भन्ने कुराको प्रसङ्ग समेत उठाई लेखापरीक्षण गर्न गभर्नरले दिनु भएन । उहांले त्यसरी गैर–कानून कारवाइ गर्नु भएको सम्बन्धमा आवश्यक कारवाइको निमित्त विभागीय मन्त्रीसंग आग्रह गर्दा "लेखापरीक्षण गरिने राष्ट्र बैंक जस्तो संस्थालाई सो लेखापरीक्षण गरिने पूर्व सूचना

तपाईबाट लिखित रूपमा दिनु पर्ने कुरा तपाईलाई अवगत गराएको छु" भनी गभर्नरले लेखापरीक्षण गर्न नदिएकोमा खेद प्रकट गरी लेखी पठाउनु भयो । अर्थ सचिवबाट पनि विभागीय मन्त्रीको लेखोट उल्लेख गरी लेखापरीक्षण गर्न ने. रा. बैंकलाई मैले लेखी पठाउन भनी लेखी आयो । मन्त्रालयका सचिव विभागीय मन्त्रीका सचिव नहुनु भई श्री ५ को सरकारको सचिव हुनु भएको हुंदा ऐन, कानून एवं वस्तुस्थितिको सम्बन्धमा मन्त्रीलाई दोहराउनु पर्ने आवश्यकता परेमा दोहराई उहांको समक्ष सही परामर्श प्रस्तुत गर्नु पर्ने सिद्धान्त अङ्गालो बैंकको गभर्नरले मैले नै लेखी पठाउनु पर्ने भन्नु नभई मैले नै आई लेखापरीक्षण गर्नु पर्छ भनी लेखी पठाउनु भएकोमा विभागीय मन्त्रीको तोकले मलाई लेखापरीक्षण गर्न नदिएकोबाट हुन आएको समस्या समाधान हुन नसक्ने कुरा नेपालको संविधान र लेखापरीक्षण ऐनका उपबन्धहरूका पृष्ठभूमिमा विभागीय मन्त्रीको समक्ष दोहराई अर्थ सचिवले अर्को निकासा गराउनु पर्ने हो । तदनुसार कारवाइ भएको भए ने. रा. बैंकको आर्थिक वर्ष २०१९।२० को लेखापरीक्षण त्यसै बखत गर्न पाई आर्थिक वर्ष २०२०।२१ को लेखापरीक्षण समयमै गरी सक्ने थिएं ।

रोयल नेपाल एयर लाइन्स कर्पोरेशनको लेखापरीक्षण चालू नै भई नेपाल बैंकको आर्थिक वर्ष २०२० को लेखापरीक्षण सम्पन्न गरी तत्सम्बन्धी रिपोर्ट यो दोस्रो रिपोर्टमा समावेश गरेको छु । त्यसबाट बाहिरिया लेखापरीक्षकको भन्दा महालेखा परीक्षकको लेखापरीक्षण रिपोर्ट बढी गहकिलो हुंदो रहेछ भन्ने कुरा छर्लङ्ग भएको छ ।

शुरूप्रातमा महालेखा परीक्षकको विभागका दरबन्दीको निकासा हुंदा भविष्यमा दैनिक भ्रमण भत्ताको नियमावली बनाउंदा विचार गर्ने भन्ने भएको अनुसार यस विभागका पदाधिकारीहरूले मधेश पहाड एवं हिमवत्खण्डका अञ्चल अन्तर्गतका जिल्लाहरूमा छरिएक अड्डा अदालत विकास क्षेत्र समेतको बाह्रै महीना भने जस्तो घरबार छोडी घामपानी जाडो गर्मी नभनी भ्रमण (अन्य विभागका पदाधिकारीहरूले यसरी भ्रमण गर्ने नपर्ने) गरी कसैको आस नलिई लेखापरीक्षण सम्पन्न गर्न पर्ने हुनाले अन्य विभागका निजामती पदाधिकारीहरू (जुन मध्ये विशेष अवस्थामा काम गर्ने भनी अफिस समयभित्र उज्याती फछ्यौंट कमिशनमा काम गर्ने पदाधिकारीहरूलाई दोहरो पर्ने गरी पारिश्रमिक, बजेट शाखाका पदाधिकारीहरूलाई ओभरटाइम भत्ताको को अतिरिक्त पुरस्कार, खाना खर्च र जलपान दिइएको) सरहको दैनिक भ्रमण भत्ताले नपुग्ने र मधेश एवं काठमाडौं उपत्यकामा छरिएका मन्त्रालय, विभाग, अड्डा, अदालत तथा विकास क्षेत्रहरूको लेखापरीक्षण गर्ने पदाधिकारीहरू उपर रेखदेख गर्ने अन्य पदाधिकारीहरूलाई सवारी (काठमाडौं उपत्यकाभित्र र बाहिरका अन्य विभागका पदाधिकारीहरूलाई सरकारी कामको निमित्त सवारीको प्रबन्ध गरिएको--जुन सुविधाबाट पदाधिकारीहरूले घर अफिस गर्दा पनि सोसवारी उपयोग गर्न पाइरहेका--एवं पुलिस सेवाका पदाधिकारीहरूले पनि कर्तव्य अनुसारको सवारी राख्नु परी तत्सम्बन्धमा भत्ता पाइरहेका) को नितान्त आवश्यकता भई अन्य विभागका पदाधिकारीहरूले पाउने भन्दा पहाड तर्फ दैनिक भत्ता र दुर्गमस्थान भत्ता केही मात्र बढाई सवारी चल्ने ठाउंमा सवारी भत्ता समेत दिने गरी तत्सम्बन्धी नियमको मसौदा तयार गरी प्रस्ताव पेश गर्न अर्थ मन्त्रालयसंग अनुरोध गरेकोमा तदनुसार नदिने गरी गैर-कानूनी तरीकाबाट निकासा गराएकोमा बाधा परेको कुरा विभागीय मन्त्रीमा मैले पेश गर्दा अर्थ मन्त्रालयले आर्थिक दृष्टिबाट आफ्नो सुझाव साथ पेश गरी श्री ५ को सरकारबाट स्वीकृति गराएको कुरा जायज छ भनी जवाफ दिनु भयो । उपर्युक्त निकासा कार्यान्वित हुन सकेको छैन ।

महालेखा परीक्षकको प्रशासनिक कार्यमा गतिरोध

महालेखा परीक्षकको कर्तव्य कर्म सम्बन्धी सूचनाहरू मेरा सहायकहरूबाट (लेखापरीक्षण ऐनमा मेरो निर्देशन बमोजिम मेरो सहायकहरूले काम गर्ने उपबन्ध रहे बमोजिम) कानून तथा न्याय मन्त्रालयबाट सम्पादन भई आए अनुसार २०१८ सालदेखि २०२० साल भाद्र (कानून सहसचिवको पालामा समेत) सम्म नेपाल गजेटमा प्रकाशन गराई आए बमोजिम महालेखा परीक्षकको विभागका पदाधिकारीहरू सम्बन्धी नियमावली, २०१८ को नियम ८.२ बमोजिम लेखापरीक्षण अधिकारीको पदमा कायम मुकायम नियुक्ति गरेको नेपाल गजेटमा प्रकाशन गर्ने सूचना सम्पादन गर्न कानून तथा न्याय मन्त्रालयमा लेखी पठाएकोमा मैले नै प्रकाश गर्ने गरी लेखी पठाउंदा उक्त सूचना महालेखा परीक्षकको नामबाट गजेट प्रकाशन गर्ने गरी कानून मन्त्रालयबाट लेखी आयो ।

संवैधानिक स्वतन्त्र संस्था सर्वोच्च अदालतले रजिष्ट्रारबाट र लोक सेवा आयोगले सचिवबाट नेपाल गजेटमा सूचना आदि प्रकाशित गराए सरह महालेखा परीक्षकको विभागले उप-सचिव वा लेखापरीक्षण सञ्चालक (यहां सचिवको व्यवस्था नभएकोले) बाट प्रकाशन गरी आएकोले साबिक बमोजिम ले. प. सञ्चालकको नामबाट प्रकाशित गर्ने सम्बन्धमा प्रस्ताव पेश गर्नु हुन २०२०।८।६।६ मा अर्थ सचिवलाई लेखी पठाएं । तत्पश्चात् २०२०।१०।७।३, २०२०।१०।२६।४ तथा २०२०।११।२६।२ मा समेत ताकेता गरी पठाउंदा पनि प्रस्ताव पेश गरी दिनु नभएकोले २०२०।१२।६।१ मा उपाध्यक्ष अर्थ मन्त्रीको समक्ष म आफैं उपस्थित भई उपर्युक्त विषय मन्त्रिपरिषद्मा चांडै पेश होस् भनी आग्रह गरें । "श्री कानून मन्त्रालयले साबिक बमोजिम महालेखा परीक्षकको विभागको सूचना गजेटमा प्रकाशन गर्न सम्पादन गर्न दिनु नभएको भन्ने बारेमा लोक सेवा आयोग तथा सर्वोच्च अदालतको ऐन नियमले आज्ञाले भनी अन्य पदाधिकारीको नामबाट गजेट सूचना प्रकाशन गर्न पाउने व्यवस्था भएको छ । महालेखा परीक्षण ऐन नियममा त्यस्तो व्यवस्था भई नसकेबाट सम्पादन गर्न नमिल्ने भएको हो । साबिकमा केही सूचनाहरू सम्पादन भई गजेटमा प्रकाशित समेत भए तापनि कानूनन् नमिल्ने कुरा पछि बोध हुन आएबाट त्यस प्रकारको सूचना सम्पादन गर्न कानून मन्त्रालयलाई अप्ठ्यारो परेको हो, तसर्थ तपाईलाई साबिक बमोजिम नै गजेट सूचना प्रकाशन गर्न आवश्यक ऐन नियमा नै व्यवस्था मिलाउनेतर्फ कारवाही गर्नु भएमा मिल्ने नै देख्दछु" भनी २०२०।१२।१६ मा उहांले मलाई लेखी पठाउनु भयो ।

महालेखा परीक्षकको हैसियतले म अर्थ मन्त्रालयको मातहतमा नभएको को अतिरिक्त यो संस्थाबाट सूचना प्रकाश गर्ने बारेमा शुरूदेखिका सबै सूचनाहरू (विभागीय मन्त्रीले उल्लेख गर्नु भए बमोजिम केही सूचना मात्र होइन) उपर्युक्त बमोजिम नेपाल गजेटमा प्रकाशित भई आएको हुंदा मेरो बेहोरा मंत्रि-परिषद्मा पेश भएपछि तत्सम्बन्धमा हुनुपर्ने निर्णय भई आउनेछ भनी पर्खी रहेको थिएं । तदनुसार अर्थ सचिवले प्रस्ताव पेश गरी दिनु नभई १३ महीना पछि अर्थात् २०२१।६।२१ मा माथिको उपाध्यक्ष अर्थ मन्त्रीको पत्र उल्लेख गरी सोही बमोजिम गरे हुने भनी लेखी पठाउनु भयो ।

माथि उपाध्यक्ष अर्थ मन्त्रीले कानूनी व्यवस्था भइरहेको भनी देखाउनु भएका सर्वोच्च अदालत एवं लोक सेवा आयोगका निर्णय कार्यान्वित गर्दा सो संस्थाका क्रमशः रजिष्ट्रार तथा सचिवले निर्देशानुसार लेख्ने गरेकोमा नेपाल गजेटमा तत्सम्बन्धी सूचना प्रकाश गर्दा गजेटको परिपाटी अनुसार "आज्ञाले" भनी लेखिन्छ । निर्देशनको अर्थ अवस्था हेरी आदेश वा आज्ञा पनि हुन्छ । उपर्युक्त संवैधानिक संस्थाहरूलाई तद्विषयमा कानूनी व्यवस्था भए अनुसार संवैधानिक संस्थाको महालेखा परीक्षकको कर्तव्य कर्म सम्बन्धी लेखापरीक्षण ऐनको दफा ३ को उप-दफा (३) मा रहेको उपबन्ध (अफिसर र कर्मचारीहरूले महालेखा परीक्षकका निर्देशानुसार काम गर्नेछन् तर श्री ५ महाराजाधिराजमा रिपोर्ट चढाउने काम महालेखा परीक्षकले गर्नेछ) ले पनि महालेखा परीक्षकको निर्देश कार्यान्वित गर्ने व्यवस्था भएको भई तदनुसार ३ वर्षदेखि गजेटमा प्रकाशित गर्नु पर्ने सारा विषय कानून मन्त्रालयबाट सम्पादन गराई प्रकाशित गराई आएकोमा कानून मन्त्रालयले खिचोला झिकेको सम्बन्धमा मैले अनुरोध गरे बमोजिम प्रस्ताव पेश गरी दिनु भएको भए श्री ५ को सरकार, मन्त्रिपरिषद्बाट जो हुनु पर्ने निर्णय भई आई तत्सम्बन्धी व्यवस्था मिली सक्नेमा सो प्रस्ताव पेश गरी दिनु नभई महालेखा परीक्षकलाई अर्थ मन्त्रालयको मातहतमा रहेको किसिमबाट लेखी पठाउनु भएबाट महालेखा परीक्षकको प्रशासनिक कार्य 'महालेखा परीक्षक विदामा बसेको, निजको ठाउंमा कायम मुकायम भएको नायब महालेखा परीक्षकको पदमा कायम मुकायम भएको तथा सञ्चालक (डाइरेक्टर) पदमा कायम मुकायम भएको एवं अन्य महत्वपूर्ण विषयहरू सम्बन्धी सूचना यथासमयमा प्रकाशित गर्न नपाएको) मा गतिरोध भई रहेको छ ।

व्यावसायिक लेखापरीक्षणको लागि थप मद्दत

महालेखा परीक्षकको संस्था खडा हुनुको शुरूप्रातमा (लेखापरीक्षण सम्बन्धी काम कारवाइको पूरा बोझ एकैन गर्न समय लाग्ने हुनाले) काम चालू गर्दै लगी आवश्यकताको अनुसार थप गर्दै लाने गरी मोटामोटी किसिमको दरबन्दी (दैनिक भ्रमण भत्ताको सम्बन्धमा भविष्यमा बन्ने त्यसको नियमावली बनाउंदा विचार गर्ने अहिलेलाई भई राखेको नियम बमोजिम गर्ने गरी) निकासा भएको र तदनुसार हुनु नै लेखापरीक्षण ऐन, २०१८ को दफा ३ को उपदफा (१) मा "महालेखा परीक्षकको कर्तव्य पालनमा मद्दतको लागि समयसमयमा श्री ५ को सरकारको स्वीकृति बमोजिम अफिसर र कर्मचारीहरू रहने छन्" भन्ने उपबन्ध रहेको हो ।

महालेखा परीक्षकले लेखापरीक्षण ऐन बमोजिम लेखापरीक्षण गर्नु पर्ने स्वशासित संस्थाहरूको संख्या बढ्दै जाने भएकोले तत्कार्य गर्नको लागि यस विभागमा व्यावसायिक लेखापरीक्षण गर्ने मद्दतको व्यवस्था नभएकोले सो संस्था लेखापरीक्षण गर्दा आउने फीको आधा लेखापरीक्षण अधिकारीहरूले पाउनेमा सो फी सञ्चित कोष दाखिल गर्ने गरी व्यावसायिक शाखा खडा गर्ने सम्बन्धमा (तद्विषयक व्यवस्था नभए तापनि नेपाल राष्ट्र-बैंकबाट लेखापरीक्षण गर्दा आउने फी सञ्चित कोषमा दाखिल गर्ने गरी) प्रस्ताव पेश गर्न अर्थ मन्त्रालयसंग अनुरोध गरे बमोजिम प्रस्ताव पेश भएकोमा उक्त फी सञ्चित कोषमा दाखिल गर्ने गरी (दाखिल पनि गरिसकेको) थप दरबन्दी नगर्ने भन्ने २०१९।८।३।१ मा मन्त्रिपरिषद्को बैठकबाट निर्णय भयो । २०१९ साल पौष १ गते श्री ५ महाराजाधिराजबाट बनाई जारी गरिबक्सेको नेपालको संविधानमा महालेखा परीक्षकलाई श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाको समेत लेखापरीक्षण गर्ने थप अधिकार बक्सेकोले बाझिएको कानून संशोधन हुन र तदनुसार लेखापरीक्षण गर्न मद्दतको व्यवस्था हुन '(व्यावसायिक लेखापरीक्षणमा पदाधिकारीहरूलाई समयमै तालीम दिने उद्देश्यले) २०१९।१२।२२।५ र २०२०।४।१४।२ मा विभागीय मन्त्रीसंग आग्रह गर्दा पनि त्यत्तिका काम थप भए अनुसार श्री ५ को सरकारले खर्च बेहोर्नु नपर्ने कुरामा समेत विवेक विचार नभई अघि स्वशासित संस्थाको लेखापरीक्षण सम्बन्धी प्रस्तावमा २०१९।८।३।१ मा थप दरबन्दी नगर्नेभन्ने भएको निर्णय (माथिको केशलाई लिएर) को आधारमा हाल भइरहेकै दरबन्दीबाट उल्लिखित फांट खडा गर्ने व्यवस्था मिलाउनु भन्ने श्री ५ को सरकारको निर्णय भएको भनी २०२०।६।१३ मा दरबन्दी थप नगर्ने अर्थ मन्त्रालयबाट लेखी आयो ।

लेखापरीक्षण सम्बन्धी हाल भई रहेको मद्दतबाट त्यसरी लेखापरीक्षण गर्दा बढ्दै गएका साधारण तथा विकासको आम्दानी एवं खर्चको लेखापरीक्षण गर्न बाधा पर्न जाने हुनाले सो मद्दत थपको निमित्त फेरि २०२०।९।२३।३ मा विभागीय मन्त्रीमा आग्रह गरी पठाउंदा पनि तत्सम्बन्धमा त्यस विभागमा ठेकिएका दरबन्दीका सबै पदहरू पूर्ति भई नसकी खाली रहेका पदहरूमा र अब खाली हुने पदहरूमा समेत व्यावसायिक लेखापरीक्षणसमेत बुझ्न सक्ने योग्य अनुभवी व्यक्तिहरू नियुक्ति गर्दै जांदा पनि मद्दत कम हुने अवस्था परेमा उसै बखत थप दरबन्दीलाई कारवाई उठाउने लेखी पठाउने निर्णय भएको भनी उपर्युल्लिखित ऐन बमोजिम प्रस्ताव पेश गरेको कुरा स्पष्ट गरी नलेखी (साधारण तथा विकासतर्फको लेखापरीक्षण गर्ने दरबन्दी बमोजिम, लोक सेवा आयोगले खिचोला झिक्दा, बांकी पदाधिकारीहरू नियुक्ति गर्न नपाएको अनुपयुक्त बूंदाको लगाउलिई व्यावसायिक लेखापरीक्षण समेत बुझ्न सक्ने योग्य अनुभवी व्यक्तिहरू नियुक्ति गर्नु भनी आफ्नो अधिकार बाहिर जाने गरी) २०२१।२।२२।५ मा अर्थ मन्त्रालयबाट लेखी आयो ।

नेपालको संविधान बमोजिम श्री ५ को सरकारको स्वामित्व भएका संस्थाहरूको लेखापरीक्षण गर्न (निकै काम थपिएको हुंदा) थप मद्दतको निमित्त (जसको खर्चको लागि श्री ५ को सरकारले रकम बजेट नै नपर्ने हुंदा) २०१९।३।१०।१ देखि पटक पटक माग गरी आएकोमा उक्त संविधानमा उपबन्ध रहनुभन्दा अगावै साधारण एवं विकास बजेट सम्बन्धी लेखापरीक्षण गर्दा शुरूको अवस्थामा ठेकिएको दरबन्दी औंल्याई व्यावसायिक लेखाहरू समयमा परीक्षण हुन नपाउने गरी उक्त थप दरबन्दी नदिने किसिमसंग राय व्यक्त गरी पठाएबाट उक्त लेखापरीक्षण संविधान बमोजिम हुन नपाउने देखिएको हुनाले तद्विषय उपर पुनः विचार हुन २०२१।२।२७।३ मा विभागीय मन्त्रीसंग आग्रह गरी पठाएकोमा अझ तार लाग्न सकेको छैन ।

महालेखा परीक्षकको संस्थाको सम्बन्धमा अर्थ मन्त्रालयले उपर्युक्त अव्यावहारिक तर्कहरू प्रस्तुत गरी मेरो न्यायोचित थप मद्दतको मांग बीचैमा अस्वीकृत गरी (महालेखा परीक्षक अर्थ मन्त्रालयको मातहतको नहुंदा त्यसो गर्न नहुने) तत्सम्बन्धी मेरो बूंदाहरू समेत समावेश गरी प्रस्ताव पेश नगरी दिएबाट (आफ्नो विभाग र अन्य विभागको लागि भने नजगाए पनि हुने त्यात्पश भएको पद जगाउने एवं अनावश्यक देखिन आएको पद खारिज नगराउने तथा विशेष व्यक्तिको निमित्त खडा गरेको जस्तो देखिने गरी पंगिता उच्च पदहरूको थप दरबन्दीको स्वीकृति दिई निकासा

गराउने) महतको अभावले गर्दा नेपालको संविधानको धारा ७६ को उप-धारा (१) एवं लेखापरीक्षण ऐनको संशोधित दफा ८ बमोजिम श्री ५ को सरकारका स्वामित्व भएका संगठित संस्थाका लेखापरीक्षण गर्न बाधा परिरहेको छ ।

विभागीय कारवाई

राष्ट्रिय धन सम्बन्धी भ्रष्टाचारको सिङ्ग गरी तत्सम्बन्धी आर्थिक व्यवहारको लेखा ख्रेस्तामा विधिवत् नचढाई राख्नु हो । आर्थिक व्यवहार गर्दा हुंदी खर्च भई तहबील बांकी रहन आएको रकम ख्रेस्तामा चढाई नराख्ने एवं नियम विरुद्ध ठेक्का बन्दोबस्त गर्नेले त्यस्तरी राष्ट्रिय धन बरबाद गरेको लेखापरीक्षणबाट देखिए पछि निजामती सेवा नियमावली बमोजिम विभागीय कारवाइ गर्न विभागीय सचिवहरूलाई लेखी पठाए पछि मुख्य एकाउण्टिङ्ग अफिसरको हैसियतले उहांहरूले सम्बन्धित पदाधिकारी उपर उक्त कारवाई चलाउन् पर्ने हो । बेरुजु भनी पक्राउ गरेको रकम फिर्ता गरेको भनी त्यसरी गैर कानूनी कारवाई गर्नेलाई भने उहांरूले केही सजाय गर्नु हुंदैन । यस्तो तरीका अपनाई दिएमा भ्रष्टाचारको अपराध कायम नहुनाको साथसाथै लेखापरीक्षण पक्राउ भएमा "देखा जाएगा" भनी राष्ट्रिय धनमा ख्यलबाड गर्ने मनोवृत्तिले प्रोत्साहन पाई आर्थिक नियन्त्रण सुदृढ पार्न मुश्किल हुन जान्छ । उक्त विषयक केही केशहरूको सारांश उद्धृत गर्दछु:–

सर्भे विभागले आफ्नो अफिसमा तला थप्ने निर्माण कार्यको लागि टेण्डर आह्वान गर्दा हाराहारी ठाउंमा बस्ने ३ व्यक्तिको नामबाट अनॅण्ट भनी बेगर पर्न आएका टेण्डरहरू एकै छापको शिल मारेको एकै लिपिका हस्ताक्षरको खाम र टेण्डर एकै मितिमा एकै साथ दर्ता हुन आएपछि एकै पार्टीको मात्र टेण्डर पर्न आएको भन्ने देख्दा देख्दै सो मध्येको एक व्यक्तिसंग ठेक्का बन्दोबस्त गर्दा पेटकी (टेण्डर आह्वान गर्दा विज्ञापनमा नपरेको भई नियमले तदनुसार गर्न अर्को टेण्डर आह्वान गर्नुपर्ने नगरी नियमको प्रतिकूल हुने गरी) अवैध तरीका अङ्गाली दिएर जानाजान राष्ट्रिय धन नोक्सान पारेको देखिएकोले विभागीय कारवाईको लागि लेखी पठाउंदा भूमिसुधार मन्त्रालयबाट तद्विषयमा कारवाई भएको जनाउ नआएको ।

उद्योग वाणिज्य मन्त्रालयको एक पदाधिकारीले तलब रु. २७२।५० र पुलिस हेड क्वाटर्सको एक पदाधिकारीले रु. २९७।– ख्रेस्तामा दोहरो खर्च लेखे तापनि रुपैयां एकोहरो मात्र गई खास तहबील मौज्दात हुन पर्ने रकम तहबीलको ख्रेस्ताबाट सौज्दात देखाउनु पर्नेमा नदेखाएबाट समेत ठाडै तहबील असौट गरेको देखिएकोले सो गर्ने पदाधिकारीहरू उपर कानूनन् हुन पर्ने विभागीय कारवाईको लागि क्रमशः सम्बन्धित उद्योग वाणिज्य मन्त्रालय एवं गृह मन्त्रालयका सचिवहरूलाई लेखी पठाउंदा सो रकम सम्बन्धित पदाधिकारीहरूले सञ्चित कोषमा दाखिल गरेको भनी निजहरू उपर कुनै कारवाइ नचलाउनु भएकोले पुलिस हेड क्वाटर्सको सम्बन्धमा पुनर्विचार हुन गृह सचिवलाई लेखी पठाउंदा पनि कानूनन् कारवाई चलाउनु भएन ।

अतिथि सत्कार विभागले गैर-सरकारी कामको निमित्त रु. ५६६। पर्ने विभिन्न किसिमका ड्रिङ्क्स् र चुरोट मोल लिई दिने गरी परराष्ट्र मन्त्रालयबाट लेखी आएको छंदाछंदै बिनामोल भरपाइ समेत नगराई दिई चार महीना पछिको उक्त मन्त्रालयको मिनहा खर्च लेख्ने आदेशानुसार मिनहा खर्च लेखिएबाट राष्ट्रिय धनको हानि नोक्सानी पारेको सम्बन्धमा सम्बन्धित पदाधिकारी उपर विभागीय कारवाई हुनको लागि परराष्ट्र मन्त्रालयका का. मु. सचिवलाई लेखी पठाउंदा तद्विषयमा कारवाई चलाउनु भएन ।

औचित्यको दृष्टिकोणबाट हुनु पर्ने परीक्षण

लेखा परीक्षण ऐनको दफा ६ बमोजिम औचित्यको दृष्टिकोणबाट परीक्षण गर्न निकासाहरू एवं ठेक्का पट्टाहरूका प्रतिलिपिहरू पठाउनु हुन र सो नपठाउनेहरू उपर विभागीय कारवाई चलाउन समेत सबै सचिवहरूलाई समय समयमा परिपत्र प्रेषित गर्दा पनि उपर्युक्त प्रतिलिपिहरू यथासमयमा (कुनै कुनैको सम्बन्धमा त मैले मांगे पछि मात्र पठाउने) नआएबाट श्री ५ को सरकारको ग्यारेण्टी रखाई संगठित संस्थाहरूलाई ऋण समेत दिलाउने निकासाहरू अर्थ मन्त्रालयले नपठाएका एवं वन मन्त्रालय तथा उद्योग वाणिज्य मन्त्रालयले खैरको कारखाना खोल्ने एक कम्पनीलाई जङ्गलबाट खैरका रुखहरू तथा अन्य सुविधाहरू दिने सम्बन्धमा विगत भाद्र महीनामा भएको एग्रिमेण्टका प्रतिलिपि नपठाएकाले मांगी पठाएको छ र तत्सम्बन्धमा मौकामै परीक्षण गर्न नपाएको ।

उपर्युक्त प्रतिलिपि नपठाउनेहरूलाई सजाय हुने व्यवस्था नभएमा उक्त दफा ६ को मनसाय पूरा नहुने देख्दछु ।

लेखापरीक्षणको निमित्त आर्थिक विवरण नदिएको

विकसित तथा समृद्ध मुलुकहरूमा पनि आम्दानी गर्ने पदाधिकारीहरूले तत्सम्बन्धी ख्रेस्ताहरू समयमै खडा गरी तिनीहरूको लेखापरीक्षण गर्न दिन महालेखा परीक्षकलाई कुनै रोकतोक गर्न पाउंदैनन् । विकासोन्मुख मुलुकमा पनि बही बुझाउने सम्बन्धमा यही प्रथा कायम भएकै छ । ती मुलुकहरूमा विकास कार्यमा नियुक्त भएका कर्मचारीहरूले आफूले गरेका आर्थिक व्यवहार सम्बन्धी ख्रेस्ताको लेखापरीक्षण महालेखा परीक्षकले गर्दा विकास कार्यमा बाधा पर्न आउंछ भनी लेखापरीक्षण गर्न नदिन पाउंदैनन् । हाम्रो विकासोन्मुख मुलुक (जहां विकासको निमित्त प्रतिवर्ष करोडौं रुपैयां खर्च भइरहेको छ) मा भने नाना तरहका कारण देखाई यथासमयमा लेखापरीक्षण सम्पन्न गर्न दिंदैनन् । तद्विषयमा विभागीय मन्त्रीहरू र विभागीय सचिवहरूसंग अनुरोध गर्दा पनि महालेखा परीक्षकको हैसियतले मेरो केही नलागेबाट सम्बन्धित आर्थिक व्यवहार गर्ने पदाधिकारीहरूको मन बढ्न पाई (कुनै यस्ताले ता प्रमोशन पनि पाएकाले) लेखापरीक्षण गर्ने साधारण एवं विकास सम्बन्धी ख्रेस्ताहरू थुप्रदै जांदाछन् । यसरी बक्यौता रहन गएका ख्रेस्ताहरूको लेखापरीक्षण सम्पन्न गर्न भइरहेको दरबन्दीले नभ्याउने र थप महत दिलाउने सम्बन्धमा अर्थ मन्त्रालयले सहयोग नदिने समेतबाट समयमा लेखापरीक्षण गरी बेरुजु अस्थूल फछ्यौंट नगरेका तद्विषयक आर्थिक व्यवहार गर्ने पदाधिकारीहरू यत्रतत्र लागी बेरुजु अस्थूल फछ्यौंट गर्न नपाई राष्ट्रिय धन बरबाद भएको भयै हुन्छ । अतः समयमै यो संक्रामक रोगको इलाज गर्न लेखापरीक्षण गर्न नदिने पदाधिकारीहरूलाई सजाय दिने सम्बन्धमा ऐन बन्न पर्ने मेरो चित्तले देख्दछ ।

लेखापरीक्षणको सिलसिलामा सोधनी गरेका वा मागेका स्पष्टीकरण एवं मागेका भनाइको प्रेषण

मुख्य एकाउण्टिङ्ग अफिसरका हैसियतले श्री ५ को सरकारका सचिव सह-सचिवहरूले आफूले सम्पन्न गर्नु पर्ने आर्थिक व्यवहारहरू सम्बन्धी काम कारवाइमा महालेखा परीक्षकलाई सहयोग दिने व्यक्ति हो भन्ठानी निजले लेखापरीक्षण गर्दा हुंदी कुनै विषयमा सोधनी वा स्पष्टीकरण एवं वार्षिक रिपोर्टमा समावेश गर्न भनाइ मागेकोमा यथासमयमा जवाफ पठाउनु हुन बारम्बार अनुरोध गर्दा र तदविषय सम्बन्धी माग गरेको कुरा यथासमयमा सम्पन्न हुने व्यवस्था मिलाउनु हुन लेखापरीक्षण ऐन बमोजिम दिग्दर्शन गराउंदा पनि उहांहरूबाट मैले सन्तोषजनक सहयोग पाउन नसकेकोले लेखापरीक्षण कार्यमध्ये मलाई पर्न आएको एक बाधा पूर्णरूपेण फुक्न सकेको छैन । अतः त्यसरी मागेका कुराको जवाफ नदिने पदाधिकारीहरूले भोग्नु पर्ने सजायको कानूनी व्यवस्था हुन अत्यावश्यक भएको छ ।

बेरुजुहरूको अस्थूल-उपर एवं फछ्यौंट

लेखापरीक्षण ऐनको दफा ६ बमोजिम राजस्व वा चल अचल राष्ट्रिय धन त्याग गर्ने गरी जारी गरेका निकासाहरूको सम्बन्धमा महालेखा परीक्षकले औचित्यको दृष्टिकोणबाट परीक्षण गर्नुपर्ने हुंदा पूरा वस्तुस्थिति नदर्शाई पेश गरेको प्रस्तावहरूबाट भएको निकासाहरू अनुसार खर्च हुने चल अचल राष्ट्रिय धन एवं अन्य दिन नहुने राष्ट्रिय धनको रकम दिएबाट हुन गएको बरबादको सम्बन्धमा आपत्ति उठाई तत्सम्बन्धी बेरुजु अस्थूल फछ्यौंट गराउने गरी मैले पहिलो रिपोर्ट चढाएको र तत्पश्चात् लेखापरीक्षण गर्दा त्यसरी राष्ट्रिय धन बरबाद भएको देखिएकोमा पनि अस्थूल उपर गर्न सम्बन्धित मुख्य एकाउण्टिङ्ग अफिसरका हैसियतले विभागीय सचिव, सह-सचिवहरूलाई लेखी पठाएकोमा उहांहरूले प्रचलित ऐन बमोजिम गरी आउनु भएको छैन ।

सार्वजनिक लेखा समितिको बैठकमा महालेखा परीक्षकको रिपोर्ट बमोजिम विषयहरू छानबीन हुंदा अर्थ मन्त्रालयको प्रतिनिधि पनि राखी ठहरिएका बेरुजुहरू टिपोट गराई अर्थ मन्त्रालयले नेपाल अधिराज्यको लेखा राख्नु पर्ने एकाउण्टेण्ट जनरलद्वारा सो अस्थूल उपर गराउने प्रबन्ध गर्नुपर्ने हो । यो कुरा त परै जाओस् आफ्नै विभागमा भएका बेरुजुहरू अर्थ मन्त्रालयले फछ्यौंट गरेको छैन । उक्त बैठकमा प्रतिनिधि नराखे तापनि सार्वजनिक लेखा समितिको प्रतिवेदन प्राप्त भएपछि अर्थ मन्त्रालयले उपरोक्त कथनानुसारको प्रबन्ध मिलाउनु पर्ने हो । यस विषयमा अन्य मन्त्रालयहरूका मुख्य एकाउण्टिङ्ग अफिसरहरू पनि उक्त उत्तरदायित्वबाट पन्छिन खोज्न नहुने हो । उपर्युक्त प्रतिवेदनमा अंकित बेरुजु अस्थूल उपर र फछ्यौंट गर्न एवं अनियमित विषयहरू नियमित गर्न लागी सबै मुख्य एकाउण्टिङ्ग अफिसरहरूलाई लेखी पठाई तरताकेता गर्दा पनि उहांहरूले तत्सम्बन्धमा मलाई लेखी पठाउनु पर्ने कुरा लेखी पठाउनु भएन। यस विषयमा प्रशासकीय व्यवस्था विभागको पनि ध्यान जानु पर्ने हो तर गएको छैन।

बेरुजुहरू अस्थूल फछ्यौंट गर्ने उम्बन्धमा मुख्य एकाउण्टिङ्ग अफिसरका हैसियतले विभागीय सचिवहरू चूप लागी बस्नु भए तापनि प्रचलित ऐन बमोजिम महालेखा परीक्षकको हैसियतले लेखापरीक्षणबाट प्रमाणित हुन आएका बेरुजुहरू अस्थूल उपर फछ्यौंट गराउन मेरो परम कर्तव्य भएको । यस विषयमा प्रशासकीय व्यवस्था सचिवको धारणा तल व्यक्त गर्दछु ।

प्रशासकीय व्यवस्था विभागको आर्थिक वर्ष २०१९।२० को लेखापरीक्षण गर्दा दिन नहुने दिएको रकम सम्बन्धी बेरुजु पक्राउ गरी अस्थूल उपर गर्न लेखी पठाएकोमा अडिट जांचबाट देखिएको बेरुजुको सम्बन्धमा सम्बन्धित कर्मचारीहरूबाट अस्थूल उपर गर्नु भने कुराको सूचना महालेखा परीक्षकबाट लेखी आउनु महालेखा परीक्षकको विभागको नियम तथा अधिकारमा मिल्ने कुरा होइन भन्ने समेत आफ्नो रायको समर्थन एकाउण्टेण्ट जनरलबाट प्रशासकीय व्यवस्था सचिवले गराउनु भएको छ । यस स्थितिले गर्दा उपरोक्त बेरुजुहरू फछ्यौंट हुन सकेको छैन । सम्बन्धित पदाधिकारीहरूले अनियमित तरीका अपनाई (कुनै केसमा महालेखा परीक्षकको चरित्र हनन गरी– जसको सम्बन्धमा निजामती सेवा नियमावली निष्क्रिय हुन पर्ने होइन– सफाइ लिन खोजेका) राष्ट्रिय धन बरबाद गरेको गय्यै गर्ने मौका छोप्न लागेका छन् । यस विषयमा त्यसरी राष्ट्रिय धन बरबाद गर्नेहरू उपर कानूनी कारवाइ गर्ने व्यवस्था समयमै नभएमा आर्थिक अनुशासन बिलकूल पङ्गु भई मुलुकको अर्थ व्यवस्थामा सुदृढता कायम हुन नसक्ने मेरो चित्तले देख्दछ ।

रकमान्तर

आर्थिक वर्षभित्र गरिने आर्थिक व्यवहारको निमित्त सञ्चित कोषप्रति व्ययभार हुने चाहिंदा रकमहरूको निर्दिष्ट शीर्षकहरू समेत रही पास भएको बजेटबाट खर्च गर्ने विनियोजन ऐनद्वारा निर्दिष्ट गरिएको हुन्छ । त्यसरी विनियोजन ऐनद्वारा कुनै सेवाको लागि खर्च गर्ने अधिकार दिइएको रकम अपर्याप्त भयो भने वा त्यस वर्षको निमित्त विनियोजन ऐनले अधिकार नदिएको नयां सेवामा खर्च गर्न जरूरत भयो भने वा कुनै विनियोजन ऐनद्वारा अधिकृत भएको रकमभन्दा बढी खर्च हुन गएको छ भने पूरक अनुमान प्रस्तुत गरी गर्नुपर्ने व्यवस्था छ । अर्को त्यसरी बजेट विनियोजनमा निर्दिष्ट भएका शीर्षकको रकमबाट नपुग हुन आएमा वा कुनै श्री ५ को सरकारको नीति कार्यान्वित गर्न पर्ने समेत भै त्यसको निमित्त भैपरी आउने शीर्षक रही केही रकम समेतको व्यवस्था भइरहेको छ ।

आर्थिक व्यवहार गर्दा पनि उपर्युक्त सिद्धान्त अनुकूल निकासा गरी गराई खर्च गर्ने गर्नु पर्दछ । विभिन्न मन्त्रालय तथा विभाग अड्डाहरूबाट तदनुकूल गर्ने नगरी विभिन्न बजेटबाट रकमान्तर गरेको सम्बन्धमा गत वर्षको रिपोर्टमा चर्चा गरेको थिएं । त्यसबारे सुधार आउनु पर्ने थियो तर अझै पनि उपर्युक्त बमोजिम बजेटमा निर्दिष्ट नभएका रकमहरूको समेत सृजना गरी गराई जुन रकमहरू पूरक अनुमान प्रस्तुत गरी खर्च गर्नुपर्ने तथा खर्च भएका रकम पूरकबाट सोधभर्ना गर्नु पर्ने समेत नगर्ने गरी बजेटमा नपरेका मन्त्रीहरूको निमित्त आवश्यक फर्निचरहरू हुंदा हुंदै पनि नयां बान्कीका फर्निचरहरूको निमित्त (कुनै केसमा विकासतर्फको बजेटबाट) १२ वर्षसम्म नलिएका विभिन्न संगठित संस्थामा भाग लिने सचिवहरू र अन्य उच्च पदाधिकारीहरूको खल्तीमा पर्ने फी (जुन सम्बन्धी रकम ऐन बमोजिम किटान गरेको छैन) फिर्ता गर्ने सिद्धान्त पास भए बमोजिम अर्को बजेटमा माग गरी खर्च गरे हुने (तत्काले सम्पन्न गर्नु पर्ने सिंहदरबार सचिवालयका बाथरूमहरूमा पानीका टयाङ्कीहरू राख्ने जस्ता निर्माण

कार्यहरूमा भने वर्षा लगाई मात्र निकासा दिने) मा बजेटमा छुटफूट भएको तथा श्री ५ को सरकारको नीति कार्यान्वित गर्न रहेको भैपरी आउने बजेटबाट (आर्थिक वर्षको निकै अवधि बांकी छंदाछंदै त्यस बीचमा महत्वपूर्ण एवं रचनात्मक कार्य सम्बन्धी नीति कार्यान्वित गर्न चाहिने रकमको विचार नराखी आर्थिक वर्षको शुरूमा), कुनै मन्त्रालय (अर्थ मन्त्रालय एवं प्रशासकीय व्यवस्था विभाग) हरूको निमित्त अघि नभएका हिटर (मुलुकको आर्थिक स्थिति हेरी सो मन्त्रालय रहेका पाहारिलो ठाउंलाई ऐश आरामको सामान भन्नु पर्ने), पलोरसेण्ट ट्यूब आदि सामानहरू खरीद गर्ननिमित्त, कुनै मन्त्रालय विभागहरूले विभिन्न रकमबाट रकमान्तर गरी लखौं रुपैयांको मोटर पेट्रोल खरीद गर्न, निर्माण कार्यलाई रहेका बजेटबाट समारोह जन्म जयन्ती, बिदाइ आदि पार्टी निमित्त समेत– आर्थिक वर्षको शुरूमै र अन्त्यमा (जुन रकमहरू चालू आर्थिक वर्षभित्र खर्च हुनै नसक्ने स्थितिका कार्यहरूमा समेत) रकमान्तर गरेकोबाट आय व्ययको अनुमान (बजेट) सम्बन्धी सिद्धान्तको प्रतिकूल हुन गएको । अतः यस विषयमा एक खंदिलो नीति निर्धारित हुन अति जरूरी छ ।

बुझबुझारथ

धरैजसो विभाग तथा अड्डा अदालतहरूमा हाल साबिक हुंदा गर्नुपर्ने बुझबुझारथ नभएकोले लेखापरीक्षण गर्न नपाएको व्यहोरा पहिलो वार्षिक रिपोर्टमा समावेश गरेको थिएं । तत्पश्चात् लेखापरीक्षण गर्दा पनि त्यसरी कानूनन् हाल साबिक भएकै अवस्थामा गर्नुपर्ने बुझबुझारथ नगरी जस्ताको तस्तै राखेको र साथि लेखिए बमोजिम बुझबुझारथ कार्य सम्पन्न गर्न गराउनेतर्फ विभागीय प्रमुखहरू लाग्नु ता परै जाओस् झन् सो अवस्था जटील हुने गरी छोटो अवधिमै सम्बन्धित हाकिम स्रेस्तेदारहरू (अर्थ मन्त्रालय अन्तर्गतको एक पदाधिकारीलाई १ वर्षमा ४ ठाउंमा सरुवा बढुवा गरेको) को सरुवा चेञ्ज गर्ने गरेकोको अतिरिक्त निजबाट र अन्य पदाधिकारीहरूलाई गराउन पर्ने बुझबुझारथ कार्य समेत नगराई दिनाले राष्ट्रिय धन बहु राशिमा असूल उपर हुन नगई तत्सम्बन्धी लेखापरीक्षण गर्न समेत नपाई लेखापरीक्षण गर्ने काम थुप्रै जाने र बुझबुझारथ नगर्नेलाई कानून हुनु गर्नु पर्ने विभागीय कारवाइ समेत नगर्ने उच्च पदाधिकारीहरूले फुर्सद पाउने भैरहेकोले तत्सम्बन्धमा एक कडा नीति निर्धारित हुनुपर्ने देख्दछु । सो तत्काले नभएमा तत्सम्बन्धी समस्या जटील हुन गई आंखिर कसूरदारले सजिजैसंग फुर्सद पाउन जाने परिपाटी बस्न जानेको साथसाथै राजस्वको लगतै बेपत्ता हुन जान्छ ।

उपर्युक्त विषयमा हुलाक विभागको एक ज्वलन्त उदाहरण पेश गर्दछुः हुलाक विभागको कथनानुसार सदर मुलुकीखानामा रहेका करोडौं रुपैयांको टिकटहरू बुझबुझारथ गरी लिई तत्सम्बन्धमा लेखापरीक्षण गर्नको लागि विभागीय मन्त्री एवं सचिव समेतसंग बराबर अनुरोध गर्दा महत बेगर सो कार्य हुन नसक्ने भनी लेखी आयो । आर्थिक वर्ष २०१९।२० को बजेटमा उक्त महतको निमित्त रकमको निकासा भएको हुंदा हुंदै तद्नुसार कुनै कर्मचारी भर्ना नगरी सो निकासा भएको रकम जम्मै सञ्चित कोषमा दाखिल गरी बुझबुझारथ सम्बन्धी कार्य सम्पन्न नगरेकाले ती टिकटहरू बिक्री गर्न नपाई नयां टिकटहरू बढी संख्यामा छपाउनु परी राष्ट्रिय धनको ठूलो राशिमा अपव्यय भइरहेको ।

राजस्वको असूल फछ्यौंट

माल अड्डाहरूको लगतमा सरकारी काममा परेका तथा लगत दोहरा, बेकायमी जग्गाहरूको र बखत बखतमा माफी मिनाहा भएका कलमहरूको समेत लगत कट्टा गर्ने, खांगो खारेजीको तथा रकमका जग्गा र क्रान्तिमा जलेका मोठहरूको लगत कायम गरी असूल गर्नु पर्ने नभएको र वर्षौंदेखिका करोडौं धरौटी उज्राती तथा कर्जा गएका रकम समेत समय समयमै कारवाइ गरी नफछ्यार्इ राखेकोबाट स्रेस्ताहरू बोर भई असूल गर्नु नपर्ने तथा नहुने कलमको समेत लगत रहन गई खूद असूल हुने राजस्वको अंक एकीन हुन नआइरहेको व्यहोरा दर्शाई अर्थ मन्त्रालयलाई अनुरोध गर्दा पनि तद्नुकूल फछ्यौंट गर्ने सुव्यवस्था गरी नदिएबाट राजस्वको अंक एकीन कायम हुन नआई सो असूल फछ्यौंट हुन नसकेको ।

अदालत तहसीलहरूको दण्ड जरिवाना आदिका अदालतहरू खडा भएका १९६५ सालदेखिको बक्यौता रहेका लगतहरूमा शुभराज्याभिषेक आदि पर्वमा माफी मिनाहा भएको र बांकीवालाहरू मरी बेपत्ता भएका तथा विदेशीलाई लागेको समेत उपर नहुने समेत कलमहरूको समय समयमै कारवाइ गरी फछ्यार्इ खूद असूल उपर गर्नुपर्ने रकमहरूको र क्रान्तिमा जलेका लगत स्रेस्ताहरूको समेत लगत कायम गरी सालबसाल जिम्मावारी सारी असूल फछ्यौंट गर्ने गर्नु पर्नेमा तद्नुसार नगरी राखेकोको अतिरिक्त वर्षौंदेखिको लखौं रुपैयांको रकममा धरौटी रहेको नफछ्यार्इ राखेको समेत देखिन आएकोमा आवश्यक व्यवस्था गरी फछ्यौंट गरी स्रेस्ता सुधार गर्ने तरीकाको सुझाव सहित कानून तथा न्याय मन्त्रालयलाई अनुरोध गर्दा पनि तद्विषयमा सुव्यवस्था नभएबाट स्रेस्ता बोर भई असूल उपर नहुने रकम समेतको लगत रहनगै खूद असूल हुने राजस्वको अंक एकीन हुन नआई सो असूल फछ्यौंट हुन नसकेको ।

तेजारथ अड्डामा लगत सम्बन्धी स्रेस्ता ठीकसंग नरहेकोबाट समयमा असूल उपर हुनु पर्ने करम असूल उपर हुन नसक्ने हुंदा तत्सम्बन्धमा सो अड्डाको बढ्दो कामको बोझको विचार गरी थप महत समेतको प्रबन्ध मिलाउन हुन अर्थ सचिवलाई लेखी पठाउंदा कुनै खंदिलो कदम नउठाउनु भएको । निजामती कर्मचारीहरूलाई सापटी दिने कामकोको अतिरिक्त वाणिज्य व्यवसायको निमित्त समेत करोडौं रुपैयां सापटी दिने काम थपिंदै आएको हुनाले पनि समयमै उपर्युक्त प्रबन्ध (व्यावसायिक ऋणसम्बन्धी आवश्यक स्रेस्ताहरू खडा गर्ने समेत गरी) नगरेको खण्डमा स्रेस्ता बोर हुन गई यथा समयमा रकमहरू असूल उपर हुन नसक्ने देखिन्छ ।

मोटर सवारी

राष्ट्रिय धन खर्च भएको कुरा तत्सम्बन्धी भाउचर परीक्षण गरे पछि मात्र प्रमाणित हुन्छ । मोटर सवारीमा खर्च भएको पेट्रोल, मोबिल आइल आदि सवारीको दूरीबाट एकीन गर्न सकिन्छ । त्यस कुरालाई लगबुक जरूरत हुने हुनाले संविधान बमोजिम महालेखा परीक्षकले प्रतुत गरेको लगबूक श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सियो । तर सवारी उपयोग गर्नेहरूले सो लगबूकलाई मान्यता नदिने जस्तो गर्न् भयो । मेरो पहिलो

रिपोर्टमा लगबूक समेतलाई लिएर सवारी सम्बन्धी अनियमितताहरू समावेश गरेको थिएं । तैपनि मोटर सवारीको उपयोग गर्दा उच्च पदाधिकारीहरूबाट उक्त स्थितिमा सुधार ल्याउन सहयोग पाउन सकिन ।

मुलुकको अर्थ व्यवस्थामा मोटर सवारीको सम्बन्धमा दुरुपयोग भएको खर्च पानी बग्ने घाउको रूप लिन लागेकोले तद्विषयमा विशेष ध्यान दिएर लेखापरीक्षण गर्नु पर्ने हुन आयो । निजी काममा प्रशस्त मात्रामा सवारी उपयोग गरिएकोको अतिरिक्त जथाभावी झम्पाट कारहरू पनि काठमाडौं उपत्यकामा पर्यटकहरूबाट परल मोल पर्नेहुँ गरी विदेशी मुद्रा समेत दिई विभागहरूबाट खरीद गर्न लागेको हुंदा अर्थ मन्त्रीमा "भेहिकल खरीद गर्न निकासा अर्थ मन्त्री महोदयका तहबाट मात्र हुनु पर्ने" भनी लुझाब पेश गरें । विद्युत विभागले ७५ हजार किलोमिटर र ४१ हजार कि. मि., सर्भे विभागले ६६ हजार कि. मि. र ६८ हजार कि. मि. र कान्ति हस्पिटलले ५८ हजार कि. मि. दौडिसकेका मोटर कारहरू खरीद गरेका ।

२०१९।२० र २०२०।२१ आर्थिक वर्ष समेत गरी मोटर सवारीहरूको सम्बन्धमा लेखापरीक्षण गर्न सवारीहरूको विवरण सहित विभागहरूसंग आर्थिक विवरण मागदा अर्थ मन्त्रालयले आन्तरिक लेखापरीक्षण हुन लागेको छ भनी आर्थिक वर्ष २०२०।२१ को आर्थिक विवरण दिएन; आर्थिक योजना मन्त्रालयबाट बिलकूल उपेक्षित हुनु परेको जस्तो गरी न सवारीहरूको विवरण पाएं न आर्थिक विवरण पाएं । ठूला बडाको देखासेखी सानातिनाले गर्ने चलन अनुसार यसरी महालेखा परीक्षकलाई अवज्ञा गर्ने जिल्लाका अड्डाखानाले पनि सिक्नलागेका छन् । विभागहरूमा रहेका स्टाफ कारहरू विभागीय प्रमुख र अन्य पदाधिकारीहरूले घर अफिस गर्न र अघि पछि निजी कामको लागि उपयोग गर्न पाउने भन्ने नीति लिखित रूपमा निर्धारित भएको देखिंदैन । उच्च पदाधिकारीहरूले निजी सवारी राख्न सकुन् भन्ने हेतुले श्री ५ को सरकारले उहांहरूको निमित्त भन्सार महसूल सुबिधा यथेष्ट मात्रामा दिएको छ । त्यसको लाभ उठाई सवारी खरीद गरी राखेका र सो खरीद गरी बिक्री गर्ने उच्च पदाधिकारीहरूबाट समेत निजी कामको निमित्त समेत सरकारी कारहरू उपयोग भई आएको छ । आर्थिक वर्षको मोटर सवारीको निमित्त चाहिंदो रकमहरू भनी विभागले प्रस्तुत गर्दा अर्थ मन्त्रालयले गढेर संपरीक्षण नगरी दिएकोबाट (सवारी सम्बन्धी खंदिलो नीति निर्धारित नभए र पनि) तत्सम्बन्धी निर्दिष्ट रकमहरूबाट विभागहरूले अनावश्यक मोटर कार लाइट मोटर वाइकहरू खरीद गरी तिनीहरूको दुरुपयोग गर्दाछन् । यसको अतिरिक्त लगबूकमा सवारीको उद्देश्य लेखेर साध्य हुंदैन भनी सो नखुलाउनु पर्ने निर्णय गराई सो नखुलाउने विभागहरू पनि छन् र राख्नेले पनि नियमपूर्वक खुलाउनु पर्ने खुलाई राखेका छैनन् । प्राप्त हुन सकेसम्मका मोटामोटी आंकडाहरूबाट प्रतिवर्ष पेट्रोल, मोबिल आइल आदिको लागि मात्र रु. १० लाख खर्च भएको देखिन्छ । जुन सवारीको दुरुपयोग भएकोबाट ३ लाखसम्म सरकारी कामको निमित्त खर्च भएको भन्नु पर्दछ । अर्थ मन्त्रालय एवं आर्थिक योजना मन्त्रालयले क्रमशः दुई र चार स्टाफ कारहरू उपयोग गरिरहेका छन् । अर्थ मन्त्रालयले मोटर सवारीको निमित्त आर्थिक वर्ष २०१९।२० को बजेटमा समावेश भएको रु. ७,०००।– ले नपुगी रकमान्तर गरी रु. १०,६४१।– खर्च गरेको छ । चार मोटर सवारी उपयोग गर्ने आर्थिक योजना मन्त्रालयले पनि सोभन्दा बढी रकम खर्च गरेको हुनु पर्दछ ।

सरकारी सवारी उपयोग गर्नेहरूलाई नयां सवारी (भेट्टाउन सकेसम्म नयां बान्गीका) चाहिन्छ । तिनीहरूको सम्भारको राम्रो प्रबन्ध गरिंदैन र यथा समयमा मर्मत पनि गरिंदैन । यसको अतिरिक्त मोटर सवारीको सुबिधा दिने निकासा गराउंदा लाभको स्रोत नहुने गरी पेट्रोलको दरबन्दी गराएको छैन । यी कारणहरूबाट समेत मोटर सवारी सम्बन्धी बोझ सालिन्दा श्री ५ को सरकारकोलाई बढ्दै गइरहेको छ । अतः मुलुकको अर्थ व्यवस्थामा भएको उपर्युल्लिखित घाउको समयमा उपचार गर्न एक खंदिलो मोटर सवारी सम्बन्धी नीति निर्दिष्ट गरिई विस्तृत रूपको मोटर सवारी नियमावलीको अत्यावश्यक भएको छ ।

मन्त्रीको घर भाडा

केन्द्रमा मन्त्री लायकको आफनो घर नहुने मन्त्रीहरूलाई घर भाडा दिंदा तत्सम्बन्धी प्रमाणपत्र प्राप्त हुन आएपछि घर भाडा दिने प्रबन्ध मिलाइकन मात्र घर भाडा दिनु पर्ने थियो । तर तदनुसार नगरी मन्त्री लायकको घर हुने मन्त्रीहरूलाई भाडाको घरमा बस्नु हुन घर भांडा दिने गरेकोबाट राष्ट्रिय धन बरबाद हुन जाने हुंदा तत्सम्बन्धमा आर्थिक नियममा एक उपबन्ध रहन पर्ने भएको छ ।

फर्निचर

मन्त्री तथा सहायक मन्त्रीहरूलाई बिछ्यौना तथा फर्निचर दरबन्दी तोकिएकोमा दरबन्दीभन्दा बढी बहालगिरी लानेबाट बढी झिक्नु भन्ने निकासा भएकोमा तदनुसार गरी बालगिरी दिएर पनि जगेडा रहने यथेष्ट माल छंदाछंदै दरबन्दीमा नभएका र भएकामा पनि दरबन्दी भन्दा बढी हुने गरी उहांहरूको निमित्त फर्निचर खरीद गर्न भनी आर्थिक वर्ष २०२०।२१ मा रु. २६ हजार रकमान्तर गरी रु. २५,९४८।५० को मालसामान खरीद गरिएको ।

अन्य विभागहरूले आफूलाई चाहिने फर्निचर छंदाछंदै आवश्यकभन्दा बढी आधुनिक बान्गीका फर्निचरहरू समेत खरीद गर्ने गरी राखेका हुनाले तदविषयमा राष्ट्रिय धनको अपव्यय भइरहेको ।

उपर्युक्त परिबन्दहरूबाट फर्निचरको सम्बन्धमा (एक ठोस नीतिको आधारमा) नियमावली बन्नु अत्यावश्यक भएको छ ।

संगठित संस्थाहरूलाई दिइने ऋण

श्री ५ को सरकार र जनताहरूले शेयर किन्ने गरी खडा गरेका संगठित संस्थाहरूमा श्री ५ को सरकारका शेयरहरूसम्म राखी जनताहरूबाट शेयर किन्ने नगराई राखेबाट नपुग पूंजी श्री ५ को सरकारबाट ऋण (कुनै केसमा ब्याजसम्म पनि नलिई) लिई (श्री ५ को सरकार ग्यारेण्टी राखी ऋण पनि लिने गरेका) पूंजी बनाउने गरेकोमा एक संगठित संस्थालाई निर्व्याजी सापटी दिएको बारेमा सोधनी गर्दा पूर्णरूपेण सरकारी कर्पोरेशन भएकोले समेत दिएको भन्ने जवाफ आयो । तर महालेखा परीक्षकले त्यस्तो संगठित संस्थाको, लेखापरीक्षण ऐन बमोजिम, लेखापरीक्षण गर्न

खोज्दा संगठित संस्था भई बाहिरका अडिटरले अडिट गरेको छ भनी अडिट गर्न नदिएको । उद्योग सम्बन्धी कार्यलाई सापट दिन नेपाल औद्योगिक विकास कर्पोरेशन खडा गरेझैं वाणिज्य व्यवसायलाई ऋण (कर्मचारीलाई सापटी दिने तेजारथ अड्डाबाट सापटी दिंदा दृढ अर्थ व्यवस्थाको सिद्धान्तको प्रतिकूल हुन जाने हुंदा) दिन पनि एक ऋण दिने संस्था स्थापित गर्न पर्ने नितान्त आवश्यक भएको छ ।

शाही दूतावासका मुख्य एकाउण्टिङ्ग अफिसर

शाही दूतावासहरूमा हुने आर्थिक व्यवहारको सम्बन्धमा सो दूतावासमा रहनु भएका सेक्रेटरीहरू मध्ये सिनियर सेक्रेटरीलाई मुख्य एकाउण्टिङ्ग अफिसर नियुक्त गर्ने व्यवस्था भएमा स्वस्थ आर्थिक सिद्धान्त अनुसार आर्थिक व्यवहार हुन जाने थियो ।

मित्रराष्ट्रहरूका सहायता अन्तर्गत सञ्चालित परियोजनाहरू

विभिन्न मित्रराष्ट्रबाट प्राप्त सहायताका रकम तथा मालसामानहरूको (योजनामा खर्च भएका विवरण सहितको) स्रेस्ता ठीकसंग राखेको नदेखिएको सम्बन्धमा गत वर्ष मेरो पहिलो रिपोर्टमा चर्चा गरेको थिएं । तत्सम्बन्धमा श्री ५ को सरकारले राम्रो ध्यान दिनु पर्छ भन्ने कुरा सार्वजनिक लेखा समितिले ठहराएकोमा पनि यस सम्बन्धमा अझै सुधार भएको पाइन । अतः उक्त विषयमा प्राथमिकता दिई एक सुदृढ व्यवस्था गर्नु पर्ने भएको छ ।

रकम बन्दोबस्त

रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० मा सरकारी आय सम्बन्धी रकमहरूको ठेक्का पट्टा गर्नेसम्मको व्यवस्था भएको देखिएको । निर्माण कार्य, शाही सेना, पुलिस एवं जेल आदिमा रासन आदिको निमित्त श्री ५ को सरकारले करोडौं रुपैयां खर्च गर्ने गरी ठेक्का पट्टा एवं एग्रीमेण्ट गर्ने सम्बन्धमा हुन पर्ने व्यवस्था स्पष्ट नभएकाको साथै नियममा रहनु पर्ने कुराहरू ऐनमा पर्न गएको र उपर्युल्लिखित आय व्यय हुंदै रकमको सम्बन्धमा पूर्ण विवरण सहितको कानून हुनु पर्ने नभएबाट राष्ट्रिय धन चुहुने धेरै छिद्रहरू रहन गएकाले समय र आर्थिक व्यवहार सुहाउने गरी राष्ट्रिय धनको पूर्णरूपेण संरक्षण गर्ने दृष्टिकोणबाट उक्त ऐन संशोधित भई नियमावली समेत बन्नु पर्ने मेरो चित्तले देख्दछ ।

मन्त्रालय, विभागमा छरितोपन ल्याउने

अर्थ मन्त्रालयको सम्बन्धमा सबै मन्त्रालयहरूबाट पेश गरेका रकमहरू छानबीन गरी सकेपछि आय व्यय अनुमान (बजेट) मा निर्दिष्ट भए बमोजिमको नीति अञ्जाली खर्च गर्न आवश्यक रकम विभागबाटै गरे हुने देखिएबाट खर्च शाखाको अनावश्यक तह बढी रहेको र सो काम बजेट शाखा एवं एकाउण्टेण्ट जनरल अफिसबाट पनि भई आएकोले खर्च शाखाको तह झिकी सो काम बजेट शाखा र एकाउण्टेण्ट जनरल अफिसमा विभाजन गरी तिनीहरूबाट गराएका आर्थिक प्रशासनमा छिटो छरितोपन आई आय व्यय सम्बन्धी लेखा पनि सुव्यवस्थित हुने देख्दछु ।

गृह मन्त्रालयको सम्बन्धमा महालेखा परीक्षकले पदाधिकारीहरूले खान पाउने कुराहरूको लेखा परीक्षण निजहरूको नियुक्ति, हाजिर, तलब बृद्धि आदिको पृष्ठभूमिमा गर्नु पर्ने हुंदा सम्बन्धित विभाग, अड्डाहरूमा तत्सम्बन्धी कागजपत्र रहनु पर्ने हुनाले किताबखानाले गरी आएको काम सम्बन्धित विभाग, अड्डाबाट गर्ने गरी एवं पेन्सनको काम एकाउण्टेण्ट जनरल अफिसबाट गराउने गरेमा प्रशासन कार्यको एक मुख्य अंगमा छिटो छरितोपन आई प्रशासनकि खर्च समेत कम हुने देख्दछु ।

प्रशासकी व्यवस्था विभागको सम्बन्धमा सो विभागले प्रशासनिक कार्यमा छिटो छरितोपन ल्याउनको साथसाथै विशेषतः मितव्ययिता ल्याउनु पर्ने भएको र तत्सम्बन्धमा महत ठेकिए अनुसार सो विभागबाट उक्त विषयहरू अपेक्षा गरे अनुसार सम्पन्न भएको देखिन नआएकोले उक्त विभाग अर्थ मन्त्रालयको शाखामा परिणत गरी तद्नुसार पदाधिकारीहरूको दरबन्दी भएमा कम खर्चमा विभाग अड्डाहरूमा छिटो छरितोपन आउने हुन जाने मेरो चित्तले देख्दछ ।

श्री ५ को सरकारका सचिवहरू संगठित संस्थाका सञ्चालक समितिका अध्यक्ष एवं सञ्चालकको पदमा नियुक्ति

श्री ५ को सरकारका सचिवहरू मन्त्रीको सचिवहरू हुनुनभई श्री ५ को सरकारको सचिव हुनु भएको हैसियतले उहांहरूले ऐन, नियम साबिकका कुरा आदिका सम्बन्धमा विभागीय मन्त्रीलाई वास्तविकता दर्शाउने एवं सागेका सल्लाह दिने समेत अन्य धेरै कामहरू पनि गर्नु पर्दछ । उहांहरू मुख्य एकाउण्टिङ्ग अफिसर पनि हुन् भएकोले आर्थिक व्यवहार सम्बन्धी कार्यहरूमा पनि विशेष ध्यान दिनु पर्दछ। सो कारणबाट उहांहरूले आपनो कर्तव्य कर्मको पालन गर्न नभ्याउने हुने हुंदा मन्त्रालय, विभागहरूमा वर्षेनी जस्तो गरी उच्च पदाधिकारीहरूको दरबन्दी थपिदै गई प्रशासनको निमित्त खर्च बढ्दो छ । यस्तो परिस्थितिमा विभागीय सचिवहरू संगठित संस्था (उपत्यका बाहिर समेत रहेका) को सञ्चालक समितिका अध्यक्ष एवं सञ्चालक पदमा नियुक्त गरिदो हुनुहुन्छ । जुन कुरा भएबाट अर्थ सचिव ८, उद्योग वाणिज्य सचिव ८ र आर्थिक योजना सचिव ५, अन्य सचिव समेत एक दुई संगठित संस्थाहरूका उक्त पदहरूमा नियुक्त हुनु भएको छ । त्यसो भएबाट उहांहरूले सम्बन्धित संगठित संस्थाका काम कारवाई र सञ्चालक समितिको बैठकमा पेश हुने कार्यक्रम सम्बन्धी एजेण्डाहरू अध्ययन गर्दमा उहांहरूको यथेष्ट समय खर्च हुन्छ । सो भएबाट उहांहरूले उपर्युल्लिखित श्री ५ को सरकारको सचिवले गर्नु पर्ने काम कारवाई यथासमयमा सम्पन्न गर्न नसक्ने स्थितिमा पुगी सक्नु भएको छ । यसको अतिरिक्त उहांहरू त्यसरी संगठित संस्थासंग सुछिनु हुंदाउक्त संगठित संस्था सम्बन्धीकुरामा श्री ५ को सरकारले निर्णय दिने विषयमा निर्णय दिलाउन उहांहरूलाई निष्पक्षता स्वीकार गर्न उकालो पर्दछ । अतः प्रशासनमा छिटो, छरितोपन र मितव्ययिता ल्याउनलाई उहांहरूलाई त्यसरी संगठित संस्थाका सञ्चालक समितिमा नियुक्त गर्न नहुने र श्री ५ को सरकारका तर्फबाट सो सञ्चालक समितिका पदाधिकारीहरू नियुक्त गर्न पर्दा उप-सचिव एवं सेक्शन अफिसरहरू बढीमा ३ सञ्चालक समितिसम्ममा नियुक्त हुन पर्ने मेरो चित्तले देख्दछ ।

अर्थ सम्बन्धी निकासा

अर्थ सम्बन्धी निकासा गराउंदा कानून बमोजिम खुलाउनु पर्ने कुराहरू नखुलाई (उदाहरणार्थ– खर्च हुने रकम ऐन बमोजिम किटान समेत नगर्ने, आय व्ययको अनुमानमा समावेश गरेका र गर्नु पर्ने वर्षेनी चाहिने खर्चलाई पनि पटके जस्तो गरी)समय समेत भिड्काई मन्त्रालयहरूले निकासा गराउने गर्दछन् । नियमको प्रतिकूल हुन जानेमा सो नियम संशोधन गर्नपट्टि नलागी प्रस्ताव पेश गरी निर्णय गराए पुगिहाल्छ भन्ने धारणा लिई नियमित गराउनेतर्फ लाग्दैनन् ।

आर्थिक व्यवहारको अनियमितता सम्बन्धी विषयमा मैले बेरुजु उठाई सकेका कुरामा यथार्थ ब्यहोरा नदर्शाई प्रस्ताव पेश गरी बेरुजु फछ्यौंट गराउने निकासा गराउने तरीका पनि तिनीहरूले अङ्गाल्न छोडेका छैनन् ।

उपर्युक्त परिबन्दहरूले गर्दा सृजना हुन आएको स्थितिबाट आर्थिक नियन्त्रण खुकुलो हुन गई राष्ट्रिय धनको सदुपयोग हुन नजाने एक गम्भीर समस्या खडा भएको छ । अतः यसको समाधानको निमित्त सुदृढ उपबन्ध रहेको आर्थिक नियम बन्नु पर्ने देख्दछु ।

स्वशासित संस्थाको लेखा परीक्षण

सरकारबाट स्वीकृति बक्से बमोजिम निम्नांकित स्वशासित संस्थाहरूको लेखापरीक्षण गरी तत्सम्बन्धी रिपोर्टहरू सो संस्थाका सम्बन्धितहरूमा पेश गरिसकेको छु:–

१. त्रिभुवन विश्वविद्यालयको २०१९ साल वैशाख १ गतेदेखि २०२० साल आषाढ मसान्तसम्मको ।

२. रायल नेपाल एकेडेमीको आर्थिक वर्ष २०१९।२० र २०२०।२१ को ।

अर्थ मन्त्रालय

२०१६।२० मा विराटनगर २ नं. बृगेडका शाही सेनालाई रासन खुवाउने २०१६।१७ र २०१७।१८ मा ठेक्का लिंदाको बांकी रु. ६०,०००।– बुझाउने ६ वर्ष भाखा पाऊं भनी बिन्ती चढाउंदा अर्को म्याद कुनै नपाउने गरी रु. १५,०००।– का दरले ४ वर्षभित्र बुझाउनु भन्ने हुकूम प्रमाङ्गी बकस भै २०१६।३।२२ मा अर्थ मन्त्रालयमा गै मालपोत विभागबाट मो. वि. गो. मार्फत मोरङ्ग विराटनगर मालमा गए बमोजिम किस्ता असूल गर्न पकाउ गर्दा निज ठेकदारले २००७ सालमा दन्तकाली मोटर सर्भिस चलाउंदा भएको नोक्सानी रु. ७३,०००।– सरकारबाट लिनु पर्ने हुंदा त्यसैबाट कट्टी हुनेगरी मालको बांकीमा पकाउ नगर्नु भन्ने गरी पाऊं भनी २०२०।१।१५ मा उपाध्यक्ष तथा अर्थमन्त्री समक्ष निवेदन दिंदा उपर्युक्त बमोजिम अर्को म्याद कुनै नपाउने गरी हुकूमबाट ४ वर्षमा ४ किस्ता गरी असूल गर्ने कुराको आपनै मन्त्रालयबाट अडरभै गै कारवाई भै पकाउ भएका कुराको ख्याल विचारै नराखी "मोटर सर्भिस विषयको फाइल झिकाई पेश गर्नु, सो को निर्णय नभएसम्म सरकारको बांकीमा हाल पकाउ नगर्नु" भन्ने तोक दिनु भए अनुसार अर्थ मन्त्रालयले फाइल झिकाउन लेखी सो बारे हाल पकाउ नगर्नु भनी माललाई अडर पठाएकोबाट हुकूम प्रमाङ्गीको खिलाप कारवाइ हुनुको साथै उक्त मोटर सर्भिस सम्बन्धी फाइल प्राप्त गराउने सम्बन्धमा बुझ्दा निज ठेकदार र अन्य व्यक्तिको लेनदेन सुट्टाको अपीलको प्रमाण निमित्त कोशी अञ्चलाधीश अफिसबाट जिल्ला अदालत काठमाडौं दोस्रामा गई रहेको समेतबाट बांकी हो होइन बुझ्दै नबुझी पकाउ नगर्ने आदेश गरेको र मालको निज ठेकदारसंगको बांकी बुझेमा जम्मा रु. ५,७१,१७६।६६ उज्राती बांकी भई रहेको समेत देखिन आएकोबाट स्वयं अर्थमन्त्रालयले आर्थिक अनुशासन कायम नराखी त्यत्रो राष्ट्रिय धन हुकूम प्रमाङ्गीबाट अर्को कुनै म्याद थप नपाउने भै सकेकोमा पकाउ नगर्नु भनी मन्त्रालयबाटै लेखी पठाई असूल उपर हुने राष्ट्रिय धन समयमा उपर हुन नपाई अनिश्चित स्थितिमा राखी नोक्सान पर्ने अवस्थामा पारेको ।

२०१६।२० मा सहायक मन्त्रीहरू दौडाहामा जानु भएको मौकामा सरकारी घर मर्मत गर्नलाई मात्र एक कलममा रु. १,०००।– सम्म निकासा दिन पाउने श्री ५ को सरकारको निर्णय भई राखेको । अर्थ सचिवलाई त्यस्तो कुनै अधिकार नभएकोमा पनि उहांले भ्रमणमा जानु हुंदा शिवराज तौलिहवा गोस्वारालाई फर्निचर के रु. १,८००।–,पाल्ही माझखण्ड गोस्वाराका बडाहाकिम बस्ने घर मर्मत गर्न र रंग रोगन समेतलाई रु १,५००।–, पाल्ही पाझखण्ड गेष्ट हाउसको फर्निचर तथा भांडा वर्तनलाई रु. १,०००।– निकासा दिनु भई सह-सचिवबाट समर्थन गराउनु भई अनधिकृत काम गर्नु भएको सम्बन्धमा भनाइ माग्दा मन्त्रीज्यूहरूलाई भएको अधिकार र अर्थ मन्त्रालयका पदाधिकारीहरू टूरमा जांदा निकासा दिने अधिकार फरक भएको र जिल्लैमा गएको बखत परिस्थिति अनुसार टूरबाट निकासा दिएकोलाई मन्त्रालयबाट पनि नियमानुसार गरी समर्थन भई सकेको भनी भन्नुभयो । फर्निचर, घर मर्मत तथा रंग रोगन गर्नलाई निकासा दिंदा सम्बन्धित मन्त्रालयहरूबाट रीत अङ्ग पुऱ्याई लेखी आएपछि मात्र निकासा दिनु पर्नेमा त्यसरी अर्थ सचिवले ठाडै निकासा दिनु भई आर्थिक अनुशासनमा शिथिलता ल्याउनु भएको ।

२०१६।२० मा पू. ४ नं. भोजपुरमा रासन ठेक्का बन्दोबस्त हुंदा बोर्डले घटी दरवालाहरूको सम्बन्धमा निजहरूको नियत इमान्दारी हैसियत आदि सकार गरी सबभन्दा बढी कबूलवालालाई दिई जाहेर गरेकोमा सो कारवाइ मुनासिब नठहरी सबभन्दा घटी दरवालाको दर सदर गरी हुने रु. ३६,६७५।२० अर्थ मन्त्रालय समेतबाट निकासा गरी पठाइसकेपछि निज घटीवालाले कबूल नगर्ने गरी पेश गरेको भनी कानूनन् अरू दोस्रा, तेस्रा समेत बुझी कारवाइ गरी बन्दोबस्त गर्नु पर्नेमा सो कुनै कारवाइ नगरी बडाहाकिमले आर्थिक अनुशासनको प्रतिकूल हुने गरी अरू कबूलवालाको लिखित सबूद बेगर अधि सिफारिश गरेकै बढी दरवालालाई नै ठेक्का कायम गर्ने गरी चाहिने रु. ४१,५८०।४० निकासालाई जाहेर गरेकोमा गृह सचिवले उपर्युक्त गैर-कानूनी कारवाइ तथा अधि निकासा भै सकेका कलममा बढी दर ठेक्का सदर गर्ने आर्थिक दायित्व बढ्ने भए अनुसार कार्य सम्पादन नियम बमोजिम सम्बन्धित अर्थ मन्त्रालयको समेत स्वीकृति लिनु पर्नेमा सो र अरू घटी कबूलवालाहरू बुझ्ने समेत कुनै कारवाइ नै नगरी बडाहाकिमकै भनाइमा एकतर्फी प्रस्ताव पेश गरी निकासा गराउनु भएको र अर्थ सचिवले पनि गृह मन्त्रालयले त्यसरी अनियमित तरीकाबाट निकासा गराएकोमा प्रचलित कानून बमोजिम दोहऱ्याई जाहेर गरी निकासा भए बमोजिम गर्नु पर्नेमा "अधि निकासा भएको समेत जाहेर गरी निकासा गराइसके पछि निकासा दिन नमिल्ने भन्ने नहुने भई निकासा गरी पठाएको" भनी गत साल शाही सेनाको रासन ठेक्का सम्बन्धमा पनि घटी कबूलवाला छंदा छंदै बढी कबूलवालालाई दिने बडाहाकिमको भनाइ बमोजिम नै निकासा गराएको समेतबाट प्रचलित कानूनको प्रतिकूल हुने गरी निकासा गराएको सम्बन्धमा त्यस्तो अनियमित कारवाइ मेरो पहिलो रिपोर्टमा समावेश भएको देख्दा देख्दै सो कुराको ख्याल नराखी निकासा दिई पठाएबाट कानूनको उल्लंघन हुनको साथसाथै रु. ४,९०५।९० राष्ट्रिय धनको नोक्सान पारेकोको अतिरिक्त बडाहाकिमकै भनाइका आधारमा बढी दरवालाले पाउने स्थिति परम्परा हुन गई घटी दरमा कबूलै हुन आउन नसकी राष्ट्रिय धनको बरबाद हुंदै जाने देखिएको ।

२०१६।२० मा लेटर हेड, खाम, डाई समेत बिना कोटेशन बनाउन लगाई रु. ६५६।४४ खर्च लेखेको । पदाधिकारीको तलबबाट सोध भर्ना गर्ने गरी पेश्की दिएको रु. १६३।२७ सोध भर्ना नगरेको । गत साल मसलन्दका सामानहरू कोटेशन टेण्डर नली नियमभित्र पार्ने गरी १।२ दिनको अन्तर पारी खरीद गर्ने गरेको देखिन आई वर्ष दिनको निमित्त चाहिने सामानको एकै चोटि, नमिले ३।६ महीनाको पटक मिलाई टेण्डरबाट खरीद गर्ने व्यवस्था हुन लेखापरीक्षणको सिलसिलामा सुझाब दिंदा दिंदै पनि यो साल तद्नुकूल नगरी कोटेशन टेण्डर बेगर नियम छल्ने गरी १।२ दिनको

अन्तर पारी रु. ११,४०४।– को मालसामान खरीद गरेको । अर्थ सचिवको भ्रमण साथ गएका सहायकहरूले मोटर सर्भिस भएको ठाउं (सुनौलीदेखि भैरहवासम्म करीब ५ माइल भएको ठाउंलाई ८ माइलको दूरी कायम गरी) पैदल भ्रमण गरेको भनी रु. ३६।– भ्रमण भत्ता लिएको ।

परिवहन रकममा गत २०१८।१९ सालमा बिलभन्दा बढी रु. १,०१९।– को पेट्रोलको भुक्तानी दिएको र पेट्रोलमा रु. ८७,३९।– खर्च लेखेकोमा रु. ५,५५५।– को लगबूक नभएको सम्बन्धमा "लगबूक राख्ने चलन भर्खरै मात्र शुरू भएको । योभन्दा पहिले चलन नभएको हुंदा शुरू शुरूमा राखेको लगबूकमा केही त्रुटि हुन गएको । त्यसदेखि पछिको तदारूखसाथ सबै व्यहोरा देखिने गरी राखेको छ" भनी सार्वजनिक लेखा समितिमा जवाफ दिनु भएको । अर्थ मन्त्रालय जस्ता मितव्ययिता ल्याउनु पर्ने मन्त्रालयका उच्च पदाधिकारीहरूले पेट्रोलमा राष्ट्रिय धनको दुरुपयोगका साथसाथै बरबाद हुने गरी पाइपबाट बग्ने किसिमसंग खर्च हुन नपाउने गरी सरकारी कामको निमित्तसम्म चाहिने रकम बजेटमा समावेश गरी नियमित रूपले किफायतसाथ नगरी नहुने काममा मात्र प्रयोग गरी खर्च गर्नु पर्नेमा गत साल रु. ८,७३९।– खर्च भएकोमा घटाउने जस्तो गरी २०१९।२० को बजेटमा रु. ७,०००।– मात्र समावेश गरी श्री ५ को सरकारबाट भन्सार तथा ऋण तिर्ने समेत सहूलियतका साथ मोटर तथा स्कुटर, सनसाइकल खरीद गर्न पाई खरीद गरी राखेका समेत उच्च पदाधिकारीहरू समेतले मन्त्रालयमा रहेका स्टाफ कारहरू सरकारी काममा मात्र नलगाई अफिस आउने जाने काममा प्रयोग गरी राखेकोबाट राष्ट्रिय धनको दुरुपयोग गरी खर्च गरिंदा स्वीकृत रकमले नपुगी थप रु. ५,०००।– समेत रकमान्तर गरी लिई जम्मा रु. १०,६४१।६० परिवहनमा खर्च भएको मध्ये रु. १०,४२३।६७ को लगबूकमा (त्यस किसिमबाट प्रयोग भएको काम र उद्देश्य खुलाउने आधार नहुनाको कारण ले गर्दा) काम र उद्देश्य समेत नखुलाई खर्च गरेकोमा निजी काममा प्रयोग गर्न नपाउने भएकोले सबै सरकारी कामको निमित्त खर्च भएको भनी जवाफ दिई कानूनन् लगबूकमा भर्नुपर्ने महलहरूमा काम र उद्देश्य समेत नचढाई अनियमित तरीकाबाट खर्च गरी राष्ट्रिय धन बरबाद पारेको ।

२०१६।२० मा ओभर टायम भत्ता दिने सम्बन्धमा सरकारी समयभन्दा कम्तिमा ३ घण्टाभन्दा बढी लगातार १० दिनभन्दा बढी ओभर टायम काम लगाउनु परेमा काम गर्न गर्नाको कारण खुलाई अर्थ मन्त्रालयको राय लिई मन्त्रिपरिषद्बाट निकासा गराउनु पर्छ भन्ने अर्थ मन्त्रालयकै परिपत्र छंदाछंदै ३ घण्टाभन्दा बढी समय नबसेका र हाजिर फाराममा टाइम समेत नजनाई तातील बिदाको दिनको समेत ओभरटायम भत्ता रु. ९४३।४५ उक्त परिपत्रको प्रतिकूल हुने गरी खर्च गर्ने काममा आदर्श बस्नु पर्ने अर्थ मन्त्रालयले आपनै मन्त्रालयका कर्मचारीहरूलाई खुवाएको आपत्ती उठाउंदा पनि त्यस्तो रकम फिर्ता दाखिल नगराएकोले राष्ट्रिय धनको बरबाद गरेको ।

२०२०।२१ मा नेशनल ट्रेडिङ्ग लिमिटेड्द्वारा झिकाइएका मोटर, मोटर साइकल, लाइट मोटर वाइक, स्कुटरहरू श्री ५ को सरकार ग्यारेण्टी बस्ने गरी ग्याजेटेड् कर्मचारीहरूलाई जम्मा मोटर ४८, मोटर साइकल, लाइट मोटर वाइक, स्कुटर ४९२ जवानलाई (बिक्री गर्ने) दिने अडर भएको र मन्त्रिपरिषद्का अध्यक्ष, तत्कालीन राजसभाका अध्यक्ष, लोक सेवा आयोगका सदस्य र रायल नेपाल एकेडेमीका भाइस चान्सेलर तथा सदस्यहरू समेतलाई दिने निर्णय भएको देखियो । उक्त सवारीहरू लिनेलाई दिइने सुविधाका सम्बन्धमा २०२० साल चैत्र मसान्तसम्ममा लिनेहरूको निमित्त ७५ प्रतिशत भन्सार सुविधा र श्री ५ को सरकार ग्यारेण्टी बसी कर्मचारी सञ्चय कोषबाट नेशनल ट्रेडिङ्ग लिमिटेड्लाई बिलाई दिने र २०२० साल चैत्र पछि दिएकोमा कुनै कारवाइ नगरिने समेत श्री ५ को सरकारको निर्णय भएको देखिन आएकोले तद्नुकूल २०२० चैत्र मसान्तसम्ममा के कति उक्त सवारीहरू बिक्री वितरण भै त्यसबाट भन्सार महसूलमा कति असूल भई कति श्री ५ को सरकारले दायित्व लिनुपर्ने भएको छ र नेशनलट्रेडिङ्ग लिमिटेड्मा के कति कुन हिसाबले भुक्तानी बुझाएको छ २०२० साल चैत्र पछि के कति बिक्री वितरण भई त्यसको भन्सार महसूल तथा मोल के कति असूल भई श्री ५ को सरकारको आर्थिक दायित्व घटेको छ, सवारी लिनेहरू उपर के कस्तो बन्देजी व्यवस्था भएको छ कुनै कुरा फाइलबाट देखिन नआएको सम्बन्धमा विभागीय सचिवसंग भनाइ माग्दा "२०२० साल चैत्र मसान्तसम्ममा बिक्री वितरण भएको (मोटर ३०, मोटर साइकल, लाइट मोटर वाइक, स्कुटर गरी २००) भेहिकलहरूको लिष्ट पठाइदिएको छु । भन्सार महसूलको हकमा भन्सार विभाग बुझ्न गै रहेको प्राप्त भएपछि पठाउने" भन्ने लेखी पठाउनु भयो । तर उपर्युक्त बमोजिम निकासा भएका सवारीहरू (कुनै उच्च पदाधिकारीहरूको हाल बहाल टुटी सकेका हुंदा उहांहरूको सम्बन्धमा समेत) को के कति मोल कुन किसिमबाट भर्ना भयो अथवा भएन के कति भन्सार महसूलमा श्री ५ को सरकारको आर्थिक दायित्व पर्न गयो कतिको पर्न गएन हालसम्म केहीं निश्चित व्यवस्था नमिलाई राखेको ।

२०२०।२१ मा राष्ट्रिय पञ्चायतका निमित्त छुट्टै बजेटको व्यवस्था भएको छंदाछंदै मन्त्रिपरिषद्को बजेटबाट राष्ट्रिय पञ्चायतका अध्यक्षलाई रु. १,०००।– भ्रमण पेश्की दिएकोमा विनियोजन ऐन प्रतिकूल भएको देखिएको ।

२०२०।२१ मा राष्ट्रिय पञ्चायत अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको (पारिश्रमिक) नियम, २०१९ मा सापटी पेश्की दिने कुनै व्यवस्था नभएकोमा त्यसको प्रतिकूल हुने गरी कुनै सदस्यलाई अवधि खुलाई, कुनैलाई नखुलाई, कुनैलाई ब्याजी, कुनैलाई निर्ब्याजी सापटी तथा कुनैलाई पेश्की दिई पछि मन्त्रिपरिषद्बाट समर्थन गराउने गरेको ।

२०२०।२१ मा नियमले घर मर्मतलाई १ वर्षको मात्र तेजारथ सापटी पाउनेमा नियम प्रतिकूल पारी आर्थिक अनुशासन कायम नरहने गरी सर्भे विभागका इन्सपेक्टरलाई घर मर्मतको लागि २ वर्षको तलब रु. ३,२४०।– तेजारथ सापटी दिएको ।

२०२०।२१ मा २०२० सालको बडा दशैंलाई नेशनल ट्रेडिङ्ग लिमिटेड्बाट खसी बोका खरीद गर्न उद्योग वाणिज्य मन्त्रालयले व्यवस्था मिलाउने समेत अर्थ मन्त्रीबाट फोनद्वारा आदेश भै जम्मा रु. १,६०,०००।– मालमालको आम्दानी भनी नेशनल ट्रेडिङ्ग लिमिटेड्ले तुरुन्त नेपाल राष्ट्र बैंकमा जम्मा गराई वीरगञ्ज गोस्वाराका बडाहाकिमद्वारा खर्च गर्ने । नेशनल ट्रेडिङ्गले नेपाल राष्ट्र बैंकमा दाखिल गरेको भाउचर अर्थ मन्त्रालय मार्फत जिल्ला मालमा पठाई स्रेस्तामा सोध भर्ना मिलाउने समेत गरी अर्थ मन्त्रालयबाट निकासा भएकोमा नेशनल ट्रेडिङ्ग लिमिटेड्बाट सो रकम दाखिल गराउने कारवाइ नै नगरी पर्सा मालबाट रु. ६३,०००।–, रौतहट मालबाट रु. १२,१२१।७५ समेत जम्मा रु. ७५,१२१।७५ खर्च लेखी ठेकदारहरूसंग खरीद गरेको । सो खसीहरूको लाग्ने भन्सार समेत खसीको मोलमा परिणत भै आम्दानी हुने कलममा गृह मन्त्रालयबाट निकासा बेगर भन्सार तुलिई लगतसम्म राखी छाड्ने टेलिफोनद्वारा अडर गरी, सञ्चित कोषमा आउने आम्दानी रकमको नोक्सान गरेको । जम्मा १,०९१ खसी बोका आएकोमा ५९६ को मात्र लगत रही ४९५ को लगतै नरहेको सम्बन्धमा समेत कुनै कारवाइ नगरेको ।

आएका खसी बोका काठमाडौं मेजिष्ट्रेटले जिम्मा लिएकोमा २१ वटा मरेका र ५६६ बिक्री भै आएको रु. ३५,५९३।– मा पालेको खर्च रु. ४७४।२३ कटाई बांकी रु. ३५,११८।७७ सञ्चित कोष दाखिल नगरी करीब ६ महीना पछि काठमाडौं मेजिष्ट्रेट अफिसको विकास खातामासम्म जम्मा गरेको । बांकी खसी मध्ये तत्कालीन वागमती अञ्चलाधीशका आदेश बमोजिम भनी ५०० खसी आर्मीमा बुझाई दिएकाको यो यति मोल असूल गर्नु पर्ने भन्ने र असूल गर्ने कारवाइ समेत नगरेको । खसी ४ पाल्न दिएको भनी वर्षदिन नाघी सक्दा पनि बिक्री नगर्नुकोको अतिरिक्त पाल्ने खर्च यो यति दिने भन्ने समेत कुनै प्रबन्ध नगरी खसीको मोल भन्दा पालेको खर्च बढी पर्ने गरी अनिश्चित स्थितिमा राखेको समेत सम्बन्धमा अर्थ एवं गृह सचिवहरूसंग भनाइ मागदा पनि शाही सेनामा बुझाएका खसीको मोल कायम गरी उपर गर्ने, पाल्न दिएका खसीको आवश्यक व्यवस्था गर्ने, भन्सार महसूल उपर गर्ने र उपर्युक्त माल मालबाट गएको रुपैयां सोध भर्ना गर्नेतर्फ कुनै कारवाइ नगरी आर्थिक अनुशासनको प्रतिकूल हुने गरी काम कारवाइ भएबाट त्यत्रो राष्ट्रिय धनको राशिको विषयमा स्वस्थ आर्थिक सिद्धान्त कायम नरहेको देखिन आयो ।

२०२०।२१ मा विदेशी सल्लाहकारको बिदाइ भोजमा रु. ७००। सम्म खर्च गर्ने श्री ५ को सरकारको निर्णयको प्रतिकूल हुने गरी एक विदेशी सल्लाहकारको बिदाइ भोजमा अर्थ मन्त्रालयले रु. १,९२८।१० खर्च गरी बढी लागेको रु. १,२२८।१० को निकासा निमित्त विभागीय मन्त्रीको समक्ष पेश गर्नु हुंदा अर्थ मन्त्रालयले ख्याल नगरेको नीति र सिद्धान्त समेतलाई लिई कडा आलोचना गरी चेतावनी दिनु भई रु. १,२००।– को निमित्त मात्र समर्थनको निमित्त मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नको लागि स्वीकृति दिनु भएकोमा उक्त चेतावनी सबैलाई जानकारी गराउन उचित नलागेको भनी खर्च भएको रकम निकासाको लागि दोहराएकोमा विभागीय मन्त्रीले त्यस्तो दलिल पेश गर्न उचित हुंदैन भनी रु. १।– मिनाहा नदिने गरी प्रस्ताव पेश गर्ने स्वीकृति दिनु भएकोमा उक्त आलोचना सम्बन्धी कुरा नदर्शाई मन्त्रिपरिषद्बाट समर्थन गराउनु भएको, जुन आलोचना दर्शाइएको भए त्यसरी अनियमित तरीकाले त्यतिको राष्ट्रिय धनको रकम बरबाद हुने गरी भएको खर्च सम्बन्धी आर्थिक व्यवहारको पूरा तस्वीर (तत्सम्बन्धमा निर्णय गर्दा हुंदी) मन्त्रिपरिषद्को समक्ष रहने थियो ।

२०२०।२१ मा क. श्रेणीको भन्सारका हाकिमहरूको सम्मेलनमा भाग लिन गएकाहरूलाई दैनिक भ्रमण भत्ता निकाशा भएको छँदाछँदै त्यसको अतिरिक्त चिया पानको निमित्त रू. १००।– भै परि आउने रकमबाट रकमान्तर गरी निकाशा दिएको ।

२०२०।२१ मा विकास कार्यहरूको वा भवनको उद्घाटन समारोह बाहेक चिया पार्टी जलपानको व्यवस्था गर्न खर्च निकासा नदिने गरी परिपत्र भएको छँदाछँदै खर्स्याली पञ्चायतमा कृषि पुनःसंगठन कार्य अन्तर्गत मन्त्रिपरिषद्का अध्यक्षबाट मोहीयानी हकको प्रमाण पत्र वितरण समारोहमा फोटो र जलपानको निमित्त रू.१६२।५० बजेटमा समावेस नभएको रकम भै परी आउने बजेट रकमबाट रकमान्तर गरी भै रहेको परिपत्रकोसमेत प्रतिकूल पारी निकासा दिएको ।

२०२०।२१ मा सिंहदरवार सचिवालय र अन्यत्र पनि हिउँदमा पहार नलाग्ने सेपिलो ठाउँमा रहेका अड्डाहरू निकै भएका त्यस्ता अड्डाहरूमा (अर्थ मन्त्रालयमा पनि) हिटरको प्रबन्ध नभए पनि काम चलिने रहेकामा सिंहदरवार सचिवालयको पहारिलो दक्षिण लङमा रहेका अर्थ मन्त्रालयका कर्मचारीहरूलाई मात्र हिटरको निमित्त रू. २,०००।– (बजेटमा सिंहदरवार सचिवालय अन्तर्गत मन्त्रालय विभागहरूको निमित्त मालसामानको लागि खर्चको व्यवस्था छँदाछँदै) भई परी आउने रकमबाट रकमान्तर गरी (हिटर नभई नहुने भए बजेटमा व्यवस्था हुन पर्दथ्यो) अर्थ मन्त्रालयले निकासा दिएको सम्बन्धमा भनाई मागदा देशभित्र चालू रहेका विकास कार्यहरू अर्थ मन्त्रालयको कामको रफतारमा निकै आधारित हुने भएको र कर्मचारीहरू जांडोमा कठ्यांग्रिई सूचारू रूपबाट काम गर्न नपाउने भएकोले एक पटक हिटर खरीद गरेमा वर्षौं सम्म त्यसबाट काम लिई सरकारी काम गर्ने क्षमतामा वृद्धि हुन जाने भन्ने समेत जवाफ आएकोबाट अन्य विभाग अड्डाखानाहरूलाई हिटरको प्रबन्ध गरी दिनु पर्ने अवस्था पर्न आई मुलुकको अर्थ व्यवस्था माथि थप आर्थिक भार पर्न जाने देखिन आयो ।, यस्तो विषयमा नीति निर्धारित गराइकनमात्र निकासा दिनु पर्नेमा अर्थ मन्त्रालयले तदनुसार नगर्नुको साथ साथै स्वस्थ आर्थिक नीतिको प्रतिकूल हुने गरी तत्सम्बन्धमा बजेटमा व्यवस्था नमिलाई भई गरी आउने रकम (जुन यस्तो विषयमा लागू गर्न नहुने) बाट रकमान्तर गरेको ।

२०२०।२१ मा मर्मत गर्नु पर्ने कुरा समयमै लगत इष्टिमेट समेत गराई निकासा माग गर्न पर्नेमा आर्थिक वर्षको अन्त्य तिर मात्र माग गरेकोमा पनि तत्काल सो रकम त्यहांसम्म पुगी खर्च हुन सक्ने कुराको विचारै नराखि डोटी गौंडा बरने भवन मर्मतलाई २०२१।३।२२ मा मात्र रू. १६,६८०।१२ निकासा गरी आर्थिक नियन्त्रण खुकुलो पारेको ।

२०२०।२१ मा आर्थिक वर्षको अन्तमा उपत्यका निर्माण कामको निमित्त जम्मा रु. १५,००,०००।– विभिन्न जिल्लाका निर्माण कार्यका लागि रु. ६,२०,०००।–, डोटी माइक्रो प्लाण्टको निमित्त रु. ५०,०००।– समेत जम्मा रु. २४,७०,०००।– सो आर्थिक वर्षभित्र खर्च हुन सम्भवै नहुने (आर्थिक वर्ष व्यतीत हुन एक दिन बांकीमा निकासा दिएको) रकम निकासा दिई आर्थिक नियन्त्रण खुकुलो पारेको ।

२०२०।२१ मा कलेज विकास कार्यक्रमको आर्थिक सहायता, चन्दा, पुरस्कार रकममा आर्थिक योजना मन्त्रालयको स्वीकृति बेगर रकमान्तर गरी आर्थिक वर्षभित्र खर्च हुन नसक्ने रु. १,८०,०००।– साल तमामको अन्तिम दिनमा निकासा गरी आर्थिक नियन्त्रण खुकुलो पारेको ।

२०२०।२१ मा साझा सुभमेण्ट यातायातलाई अरू उद्योगधन्दा खोल्नेहरूले पाई आएको सुविधा र सहूलियतसम्म दिने श्री ५ को सरकारको निर्णय भएको औद्योगिक व्यवसाय ऐन (संशोधन सहित), २०१८ को दफा ९ (५) ले उद्योग धन्दालाई आवश्यक मेशीन पार्ट पूर्जा वा कोरा मालको पैठारीमा मात्र श्री ५ को सरकारले सुविधा र सहूलियत दिन सक्नेमा यातायात उद्योगको कल, पूर्जा मेशीनरीनै बस, मोटर, ट्रक भएकोले साझा सुभमेण्टले चलाउने साझा यातायात र उद्योगको निमित्त पैठारी गरेको बस, मोटर, ट्रक मेशीनरी कल पूर्जा र भेहिकलहरूमा औद्योगिक व्यवसाय ऐनमा उल्लिखित सुविधा बमोजिम २ वर्षसम्मलाई भन्सार महसूल १ प्रतिशत लिने गरी श्री उद्योग वाणिज्य मन्त्रालयले श्री ५ को सरकारबाट निर्णय गराई गजेटमा प्रकाशनार्थ सम्पादनको लागि कानून मन्त्रालयमा पठाएकोमा उक्त भन्सार महसूल आंशिक रूपमा मिनाहा भएको कुरा उक्त दफाको परिधि बाहिर पर्ने भनी राय व्यक्त भएको छंदाछंदै उक्त ऐनको प्रतिकूल हुने र राजस्वमा हानि नोक्सानी हुन जाने समेत गरी साझा यातायातलाई उक्त सहूलियत दिलाउने गरी अर्थ मन्त्रालयले श्री ५ को सरकारबाट निर्णय गराउनु भएकोको अतिरिक्त कानून मन्त्रालयले त्यस्तो निर्णय बमोजिम गर्न दोहऱ्याउन पर्नेमा नदोहऱ्याई पहिलेको रायको ख्याल नराखी सूचना सम्पादन गरेकोबाट राष्ट्रिय धनको बरबाद भएको ।

२०२१।२२ मा प्रशासकीय व्यवस्था विभागका ग्याजेटेड् द्वितीय श्रेणीका एक पदाधिकारीको अनुरोध तथा मञ्जूर बेगर श्रावण महीनामा छोराको व्रतबन्ध गर्न सापटी पाऊं भनी निजकी श्रीमतीले निवेदन दिनु भएकोमा अर्थ मन्त्रीबाट किटानी साथ निकासा नभएको विषयमा किटानी गराई त्यस्तो नियमको प्रतिकूल हुन जाने विषयलाई नियमित गराउन प्रस्ताव पेश गरी निर्णय भए बमोजिम गर्नु पर्नेमा तदनुसार नगरी सापटी दिने आदेश दिई सापटी दिलाएको लेखापरीक्षणबाट फेला पारेपछि मात्र नियमित गराई सूचना गर्नेछु भनी अर्थ मन्त्रालयबाट जवाफ आए बमोजिम नियमित गराई सूचना गरेको । प्रशासकीय व्यवस्था विभागबाट तद्विषयमा कारवाइ हुनुपर्ने कुराको विचार नराखी अर्थ मन्त्रालयले नै सोझै निकासा गराएकोले स्वस्थ आर्थिक नीतिको प्रतिकूल हुन गएको ।

२०२१।२२ मा जनताको सुविधा एवं आर्थिक हितको लागि नेपाल अधिराज्यको विद्युत सप्लाईमा सुधार ल्याई विद्युत सेवाको सञ्चालन सुविधाजनक गर्ने पवित्र उद्देश्य पूर्तिको लागि स्थापना भएको विद्युत कर्पोरेशनको कार्य सञ्चालनलाई परी आउने सबै खर्च चलाउन कोषको समेत व्यवस्था भई २०१९ सालदेखि कार्यारम्भ गरी आएकोमा अञ्ज श्री ५ को सरकारको मालसामान लिएको हिसाब पनि राफसाफ नगरेको । कर्पोरेशनले सरकारी विभाग अड्डाखानाहरूले बालेको बत्तीको महसूल सात आठ लाख (सो असूल गर्न अहिलेसम्म पूरा व्यवस्था गरी सक्नु पर्ने) बापत र मालको मोल तिर्न भनी रकम माग गरे अनुसार शोधभर्ना गर्ने गरी महसूल बापत रु. १०,००,०००।– र मालको मोल भुक्तानी दिन रु. ४,२६,६९७।६०अर्थ मन्त्रालय दुहुनो गाई झैं भई निकासा दिएको। कर्पोरेशनको आफनै स्वतन्त्र आर्थिक व्यवस्था भएको हुंदा उक्त रकम ब्याज समेत लगाई सापटी दिन पर्ने भन्ने कुरा समेतलाई लिएर अर्थ मन्त्रालयसंग भनाइ मागदा हालसम्म घाटामा चलिरहेकोले सापटी दिने रुपैयांमा सूद लिंदा आर्थिक स्थितिमा असर पर्ने भन्ने जवाफ दिएको ।

ऋण दिनलाई कर्पोरेशनको आर्थिक स्थिति पत्यार गर्न हुने किसिमको छ छैन (अन्य लेखापरीक्षण रोकेर पनि त्यहां लेखापरीक्षण गर्न लेखापरीक्षण ऐन बमोजिम आर्थिक विवरण माग गर्दा अन्य अडिटरले जांच गरी सके पछि दिने भनी विवरण नदिई लेखा परीक्षण गर्न नदिएको) भनी राम्रो जांचबुझ गरिकन मात्र ब्याजी सापटी दिनु पर्नेमा तद्नुसार नगरी अर्थ मन्त्रालयले ६ महीनाभित्रमा चौधलाख छब्बीसहजार निर्ब्याजी सापटी दिएकोबाट ठूलो राशिमा ब्याज नोक्सान हुन गएको ।

२०१९।२० मा मन्त्रिपरिषद्का अध्यक्ष, उपाध्यक्ष तथा मन्त्री सहायक मन्त्री र उहांहरूका निजी सचिवालय समेतको निमित्त मासिक दरबन्दी खर्च गर्न र भ्रमणमा जानु हुंदा गएको पेश्की (मासिक दरबन्दीको महीना महीनामा र भ्रमणको फर्केका ३५ दिनभित्र खर्चको फांटवारी र बांकी रकम समेत दाखिल गर्नु, बुझाउनु पर्ने) को सम्बन्धमा मन्त्रीहरू समेतको निजी सचिवालयमा यथेष्ट कर्मचारीहरूको दरबन्दी ठेकिएको हुंदा हुंदै कानून बमोजिम म्यादमा फांटवारी तथा बांकी रकम दाखिल नगरी राखेको समेत २०१७।१८, २०१८।१९, २०१९।२० को समेत जम्मा रु. ५,००,५६९।९२ बांकी रहे राखेको देखिन आएकोमा तरताकेता आदि कारवाइ गरिएबाट हालसम्ममा फछ्यौंट भै २०१७।१८ को मध्ये रु. ९४,६५२।१०,२०१८।१९ को मध्ये रु. १०,७०४।७७ र २०१९।२० को मध्ये रु. १,०१,४५७।६७ समेत जम्मा रु. २,०६,८१४।५४ को फांटवारी तथा बांकी रकम प्राप्त नगराई (जसमध्ये वर्तमान उपाध्यक्ष, राजसभाका सदस्य तथा मन्त्री सहायक मन्त्री समेत हुनुहुन्छ) पेश्की फछ्यौंट नगरेको ।

मर्यादा क्रममा मन्त्रीहरू भन्दा माथि रहनु भएका प्रधान न्यायाधीशलाई लुगा भत्ता रु. २,४००।– र अमेरिका जानु हुंदा दैनिक भत्ता रु. १२०।– (अं. २५ डलर) पाउने २०१९।१।१८ मा गजेट भइरहेको हुंदा हुंदै पनि विश्व बैंकको वार्षिक सभामा भाग लिन जानु हुंदा अर्थ मन्त्रीलाई रु. ३,२००।– लुगा भत्ता (अध्ययनमा जानेहरूलाई लुगा भत्ता ने. रु. मा निकासा दिने नियम छंदाछंदै) विदेशी मुद्रामा र दैनिक भत्ता ३५ डलरका दरले र सचिवहरूलाई दैनिक भत्ता रु. ६०।– (डलर १२) निकासा भई रहेकोमा अर्थ सचिवलाई दैनिक भत्ता डलर २५ निकासा गराउनु भएबाट अर्थ मन्त्रीको र अर्थ सचिवले दैनिक भत्तामा क्रमशः रु. ९२१।६० र रु. १,१५२।–, अर्थ मन्त्रीले लुगा भत्ता रु. ८००।– बढी लिनु भएको ।

२०१८।१९ र २०१९।२० को निम्नांकित अड्डाहरूको निम्न बमोजिम आर्थिक वर्षको आर्थिक विवरण नदिएबाट लेखापरीक्षण गर्न नपाइएको:–

२०१८।१९ को

(१) श्री काठमाडौं गुठी खर्च
(२) श्री काठमाडौं लगत फांट

२०१९।२० को

(१) श्री मालपोत विभाग
(२) श्री भक्तपुर माल दोस्रो
(३) श्री भक्तपुर माल पहिला
(४) श्री भक्तपुर रजिष्ट्रेशन
(५) श्री भक्तपुर गुठी तहसील
(६) श्री ल. पु. माल पहिला
(७) श्री मछिन्द्र गुठी तहसील
(८) श्री पशुपति गोस्वारा
(९) श्री काठमाडौं गुठी लगत जांच
(१०) श्री काठमाडौं गुठी जांच
(११) श्री काठमाडौं गुठी रकमी किताप दर्ता
(१२) श्री अमूल्य रत्न ग्रन्थ पद्धति
(१३) श्री काठमाडौं गुठी खर्च
(१४) श्री काठमाडौं लगत फांट

२०१९।२० को निम्नांकित बजेट शीर्षकको आर्थिक विवरण नदिएकोले तत्सम्बन्धी लेखापरीक्षण गर्न नपाएको ।

शीर्षक नं. ४१ शाही परिवार तथा प्रतिनिधिमण्डल ।
शीर्षक नं. ४२ भ्रमण खर्च ।
शीर्षक नं. ४३ पेन्सन, भत्ता र उपदान ।
शीर्षक नं. ४४ आकस्मिक सहायता, चन्दा, पुरस्कार ।
शीर्षक नं. ४५ पुनः मतदान ।
शीर्षक नं. ४६ मुआबजा ।
शीर्षक नं. ४७ अन्य आकस्मिक खर्च ।
शीर्षक नं. ४८ भैपरी आउने ।

२०२०।२१ मा खर्चमा मितव्ययिता ल्याउने श्री ५ को सरकारको नीति हुँदाहुँदै सिंहदरबार सचिवायलमा सरकारी अफिसहरूको निमित्त आवश्यक बिजुलीको सरसामान खरीद गर्न सिंहदरबार बिजुली अड्डालाई २०२०।२१ सालको बजेटमा रू. ४,०००।– राखिएको हुँदाहुँदै अनियमित तरीकाबाट रकमान्तर (बजेटमा समावेस नगरी) गरी अर्थ मन्त्रालयले अनावश्यक ल्फोरसेन्ट ट्यूब बत्ती (चाहिने मालसामान सहित) खरीद गर्न रू. ६००।– निकासा दिएकोमा भनाई माग्दा विदेशी विशिष्ट अधिकारी छलफल गर्न आउनेकोमा को अतिरिक्त निकासा भई रहेको रकम मेन्टनेन्स रकममा खर्च गर्न पर्ने कारण दिएको । यस भन्दा अघि धेरै समय देखि भई रहेको बत्तीको प्रबन्धबाट काम चलि आएको हुँदा हुँदै (अर्थ मन्त्रालयको देखासिकि गरी अरू विभागहरूले पनि त्यस किसिमको बत्ती राख्न निकासा मागे दिनु पर्ने हुँदा) त्यसरी अर्थ मन्त्रालयको निमित्त फजुल खर्च हुने गरी निकासा भएबाट राष्ट्रिय धनको बरबाद भएको ।

२०२०।२१ मा सप्तरी गोस्वारा एकाउण्टेण्ट फांटको पदाधिकारीले पाउने तलब वृद्धि रू. ६०।– शिवराज तौलीहवा गोस्वारा एकाउण्टेण्ट फांटको २०२०।२१ को तलब रकमबाट कट्टा हुने गरी निकासा दिएको सम्बन्धमा बजेट कट्टि हुने शिवराज तौलीहवा गोस्वारा एकाउण्टेण्ट फांटलाई सूचना दिएको नदेखिएकोले त्यसरी बजेटमा कट्टि भएको सम्बन्धित अड्डालाई सूचना नगर्ने गर्दा निजको बजेट हिसाबमा फरक पर्न गई कट्टि भई सकेको रकम पनि खर्च हुन सक्ने भै आर्थिक सिद्धान्त प्रतिकूल हुन जाने समेत भएकोले त्यस्तोमा सम्बन्धित अड्डा विभागलाई समेत जनाउ दिने व्यवस्था मिलाउन सुझाव दिएको ।

२०२०।२१ मा सापटी कर्जा बारे सवाल, सनद, आदेश खारेज गर्ने नियमहरू २०२० सम्बन्धमा काम कारवाई भए गरेको फाईल मागि पठाएकोमा तत्सम्बन्धमा काम कारवाई भैरहेको हुँदा कारवाही टुंगिएपछि पठाई दिनेछु भनी जवाफ दिई तत्सम्बन्धी फाईल नपठाएकोबाट परीक्षण गर्न नपाएको ।

२०२१।२२ मा आर्थिक सिद्धान्तमा अटल रही राष्ट्रिय धनको अपव्यय हुन नदिन साल बसाल पर्ने कामका सम्बन्धमा आर्थिक नियन्त्रण हुने गरी आवश्यक नियमको व्यवस्था मिलाई तदनुकूल कारवाई गर्नु पर्ने अर्थ मन्त्रालय जस्ता मन्त्रालयले भैरहेको मन्त्रिपरिषद्को निर्णयको प्रतिकूल पारी २०२१।२२ को बजेट तयार गर्दा मन्त्रिपरिषद्को पूर्व स्वीकृति बेगर कर्मचारीहरूलाई २०२० चैत्र देखि ओभर टायम राखि ओभर टायम भत्तामा रू. २,३१४,।३१ (गत साल भन्दा बढी पर्ने गरी) को अतिरिक्त त्यस्तो ओभर टायम दिंदा दिंदै पनि जलपानमा रू. १,४६६।६७ र कोटेशन नै नली बजेट किताबहरू वाइण्डिङ्गमा रू. ७२६।३६ समेत खर्च गरी पछि मात्र मन्त्रिपरिषद्बाट समर्थन गराएको र सो समर्थन गराए भन्दा रू. २१६।५० ओभर टायम, जलपान र खानामा बढी खर्च लेखेको ओभर टायम भत्ता नपाउने ग्याजेटेड पदाधिकारी २ लाई नीतिको प्रतिकूल पारी अभूतपूर्व किसिमबाट २ महीनाको तलब पुरस्कार दिने भनी र ओभर टायम नबसेका लीथोग्राफर समेतलाई सचिवले हेरी पुरस्कार दिने भनी रू. ८००।– समेत निकासा गराई रू. २,०२०।५० (जस्मा विगत सालहरूको भन्दा रू. १,६००।– करीव बढी पर्ने गरी) खर्च गरी राष्ट्रिय धन बरबाद पारेको को अतिरिक्त स्वस्थ आर्थिक व्यवस्था कायम हुन नपाउने देखिएको ।

२०२०।२१ मा नचाहिदो खर्च घटाई चाहिदो खर्चमा समेत मितव्ययिता ल्याउने कुराको बजेट भाषणको प्रतिकूल हुने गरी पाहारीलो ठाउँमा रहेको र यस अघि वर्षैं काम चलिरहेका ठाउँमा बसेको प्रशासकिय व्यवस्था विभागलाई हिटरको आवश्यक परेकै भए सो विभागले बजेटमा समावेस गर्न सक्न पर्ने र छुट्टै भएको भए जाडाको मौसममलाई चाहिने सामान हुँदा वर्तमान आर्थिक वर्षको बजेटमा राखि निकासा गराए हुनेमा तदनुसार नगरी उक्त हिटर खरीद गर्न माग गरेको रकम रू. ३,०००।– (स्वीकृत बजेट रकमबाट नपुग भएमा निकासा दिन रहेको) विकास तर्फको भैपरी आउने रकमको बजेटबाट रकमान्तर गरी आर्थिक वर्षको अन्त्यमा निकासा दिएको सम्बन्धमा भनाई माग्दा "सरकारी कारवाईमा छिटो छरितोपन ल्याउने नीति अनुकूल कर्मचारीहरूमा छिटो छरितो पन ल्याई काम गर्ने प्रवृत्तिमा प्रभाव पर्ने साधनहरू उपलब्ध गराई दिंदा मितव्ययिता प्रतिकूल नपर्ने" भनी अर्थ मन्त्रालयबाट लेखी पठाएबाट अनावश्यक खर्च बढाई राष्ट्रिय धन बरबाद पारेको देखिएको ।

२०२०।२१ मा मित्र राष्ट्रहरूबाट आर्थिक सहायता आएका विभिन्न शिक्षा योजनाहरूका विभिन्न शीर्षकका रकमहरूको बचत रकमबाट रकमान्तर गरी खर्च गर्ने निकासालाई शिक्षा मन्त्रालयले लेखेको आधारमा आर्थिक सिद्धान्तको प्रतिकूल पारी अर्थ मन्त्रालयले दुबै मन्त्रालयको एकै मन्त्री हुनु भएकोले आर्थिक योजना मन्त्रालयको स्वीकृति नचाहिने भनी अनियमित तरीका अङ्गाली उक्त आर्थिक वर्षभित्र खर्च हुन सम्भवै नभएका प्राथमिक तथा माध्यमिक विद्यालय भवन निर्माण, फर्निचर, साइन्सका सामान आदिको लागि चन्दा, पुरस्कार तथा आर्थिक सहायताको लागि विनियोजन ऐन भित्रको भन्ने भानपारी आर्थिक नियन्त्रण नरहने गरी साल तमाम हुन एक दिन अगाडि जम्मा रू. ३,१८,३८०।– निकासा दिएको ।

२०२१।२२ मा मन्त्रिपरिषद्को उपाध्यक्षका मौखिक आदेश बमोजिम राष्ट्रिय पञ्चायत अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको (पारिश्रमिक) नियम, २०१९ को प्रतिकूल पारी एक राष्ट्रिय पञ्चायतका सदस्यलाई २ वर्षको तलब निर्व्याजी पेस्की दिई सकेपछि

तद्विषय समर्थनको लागि मन्त्रिपरिषद्मा पेश गरेको प्रस्तावमा (उपर्युक्त नियमको प्रतिकूल हुन जाने कुरा नदर्शाएको) ४ प्रतिशत ब्याज लिने गरी सदर भई आएको सूचना अर्थ मन्त्रालयबाट आएको ।

२०२१।२२ मा सरकारी कर्मचारी २४ सौं घण्टा सरकारी भए अनुसार सरकारी तथा गैर-सरकारी कुनै बोर्ड वा कमिशनमा खटिंदा फीस दिन लिन पाउँदैन गैर-सरकारी बोर्ड तथा कमिशनमा सरकार तर्फबाट खटी काम काज गर्दा पाउने फीस पनि दाखिल गर्नु पर्छ भन्ने २००९ सालमा र गैर-सरकारी बोर्ड तथा कमिशनमा सरकार तर्फबाट खटी जांदा पाउने फीसमा आधा श्री ५ को सरकारमा दाखिल गर्ने गरी २०१२ सालमा (संशोधन भै) नीति निर्धारण भैरहेको छँदाछँदै कर्मचारी सञ्चय कोष ऐनको दफा ४ को उप–दफा (३) मा सञ्चालक समितिको सभामा उपस्थित हुने सञ्चालकलाई श्री ५ को सरकारले तोकि दिए बमोजिम फीस र सुविधा पाउने छ भन्ने उपबन्ध रहेको आडमा (सोही ऐनको दफा ३१ मा प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन र यस अन्तर्गत बनेका नियमहरूमा लेखिएकोमा सोही बमोजिम र अरूमा प्रचलित कानून बमोजिम हुनेछ भन्ने उपबन्ध रहे बमोजिम उक्त दफा ४ को उप–दफा (३) मा सो सञ्चालक हुने सरकारी कर्मचारी नै हुन्छ भन्ने उपबन्ध नरहेकोबाट अन्य प्रचलित कानून बमोजिम हुने कुरामा) उपर्युक्त नीति बमोजिम गर्न बाधा पऱ्यो भन्ने कुरा दर्शाई कर्मचारी सञ्चय कोषका प्रशासकले अर्थ मन्त्रालयमा लेखी पठाउनु भएको सम्बन्धमा उपर्युल्लिखित कानून छँदाछँदै प्रचलित कानून बमोजिम गर्ने निर्णय नदिई कानून मन्त्रालयको राय लिएकोमा आंशिक समयको नोकरी गर्न दिएको हुँदा त्यसबाट आउने फी निजले पाउनु पर्दछ र अघि दाखिल गरेको फी फिर्ता दिनु पर्ने भनेसमेत (दाखिल भईसकेको फीस फिर्ता लिने दिने कुराको राय नै नमागेकोमा) राय कानून मन्त्रालयले व्यक्त गरेकोमा कर्मचारीको सबै समय सरकारको अधिन हुनेछ ... ... सरकारको पूर्व स्वीकृति विना आंशिक सेवा गर्न हूँदैन भन्ने नियममा व्यवस्था भएको र तद्नुसार वहांहरू श्री ५ को सरकारको स्वीकृति लिई आंशिक सेवा गर्न जानु भएका नभई श्री ५ को सरकारको तत्कालिन नीति बमोजिम उक्त संस्थाहरूको सञ्चालनको निमित्त खटी जानु भएका हुँदा सो राय उपर्युक्त भन्न नभएको भई यस्तो केशमा एटर्नी जनरलको पनि राय लिई सञ्चित कोषबाट व्यहोर्नु पर्ने रकम (गुलुकी ऐन कागज जांचको नं. २ बमोजिम दर र जम्मा अङ्क समेत खुलाई, जुन दर र जम्मा अङ्क खुलाउनु पर्ने कुरालाई लिएर बेलाईसेन्सको गांजा खेती पत्ता लगाउनेलाई ऐन बमोजिम अङ्क नखोली पुरस्कार दिने निकासा गराएकोबाट एक वर्षको तलबको दोब्बर पर्ने गरी कर्मचारीहरूलाई पुरस्कार दिलाएकोमा मैले आपत्ति उठाएको छँदा-छँदै) को दर र जम्मा अङ्क खुलाई प्रस्ताव पेश गर्नु पर्नेमा उक्त ऐनको प्रतिकूल हुने गरी निकासा गराएको कुरासमेतलाई लिएर लेखा-परीक्षण ऐनको दफा ६ बमोजिम त्यस विषयमा आपत्ति उठाउँदा उठाउँदै त्यस्को निरूपण गरीकन मात्र दिए हुनेमा तदनुसार नगरी उक्त कागज जांच सम्बन्धी ऐनले सदर नहुने निकासाको भरमा फीर्ता दिन लागेकोले राष्ट्रिय धनको प्रचूर राशि बरबाद गर्न लागेको ।

२०२०।२१ मा अधिकृत पूंजी २० लाख मध्ये रू. १० लाखको शेयर निस्काशित भई रू. ३,१०,०००।– चुक्ता पूंजी भएका साल्ट ट्रेडिङ्ग कर्पोरेशनको श्री ५ को सरकारले नेपाल बैंकलाई रू. १२,००,०००।– ग्यारेण्टी दिएको सम्बन्धमा ग्यारेण्टीको रकम तिर्न संविधान एवं ऐनमा व्यवस्था नभएको । नेपाल कम्पनी ऐन २००७ को दफा ३७ मा जुनसुकै प्राइभेट या पब्लिक कम्पनीको आर्थिक अवस्थाको प्रत्याभूति (ग्यारेण्टी) श्री ५ को सरकारले गर्नेछन् भन्ने उल्लेख भएकोबाट कुनै प्रकारले पनि कम्पनीको आर्थिक व्यवहारमा ग्यारेण्टी बस्न नहुने । ८ जना संचालक समिति मध्येको श्री ५ को सरकारबाट मनोनित भएको एक जना संचालक भएकोबाट वाणिज्य विभागको रेखदेखमा साल्ट ट्रेडिङ्ग कर्पोरेशन संचालन भैरहेको (जुन कुराको सम्बन्धमा कुनै कानूनी व्यवस्था नभएको) भन्ने लगाउ लिई १५ प्रतिशतको मात्र ग्यारेण्टी दिई कम आर्थिक दायित्व वहन गर्ने पर्ने सम्बन्धमा पनि उक्त कम्पनीको पूंजीको न्यूनतम आर्थिक अवस्थाले गर्दा साल्ट ट्रेडिङ्गले मार्जिन दिन नसकेकोले भनी एरै रकम रू. १२,००,०००।–, उक्त कम्पनीको यथार्थ आर्थिक वस्तुस्थिति चित्रित हुने बैलेन्स शीट (प्रबन्धपत्र र नियमावलीले कुनै पनि कम्पनीको आर्थिक वस्तुस्थिति चित्रित नगर्ने) अध्ययन नगरी अनिश्चित काल सम्मको निमित्त ग्यारेण्टी दिएको (ग्यारेण्टी पत्रमा अवधि नखुलेको एवं कर्पोरेशन र बैंकको बीचमा ग्यारेण्टी अवधि सन् १९६४ मे १ देखि १९६५ अप्रिल ३१ सम्म उल्लेख भएको त्यसमा श्री ५ को सरकार तर्फबाट मान्यता भए नभएको देखिन नआएकोले) र उक्त कम्पनीको फायदा भए त्यसको उपभोग अरूले गर्न पाउने, नोक्सानी भए ग्यारेण्टी रकम उठाउने बाटो समेत नराखी अर्थ मन्त्रालयले संविधान एवं कम्पनी ऐन प्रतिकूल हुने गरी श्री ५ को सरकारलाई ग्यारेण्टी बस्ने गराएको ।

२०१९।२० मा आर्थिक वर्ष २०१९।२० को निमित्त रू. २५,००,०००।–, तथा २०२०।२१ को निमित्त १,००,००,०००।–, गरी जम्मा रू. १, २५, ००, ०००।–, नेपाल राष्ट्र बैंकबाट नेपाल औद्योगिक विकास कर्पोरेशनलाई श्री ५ को सरकार ग्यारेण्टी बसी ऋण दिलाउने निर्णय गराई रू. ५०,००,०००।–, दीर्घकालीन ऋण र रू. १७,५०,०००।–, अल्पकालीन ऋण राष्ट्र बैंकबाट दिलाई सकेको देखियो । ग्यारेण्टीको रकम तिर्ने संविधान तथा ऐनमा व्यवस्था नभएको एवं तत्सम्बन्धी कागजातहरू सबै नपठाएकोमा समेत भनाइ माग्दा राष्ट्र ऋण उठाउने अधिकारको ऐन अन्तर्गत ग्यारेण्टी बसेको भनी लेखी आयो । ऋण तथा ग्यारेण्टी एकै नभई डुबेको क्षेत्र तथा परिभाषा बेग्ला बेग्लै भएको र नपुग कागजात सम्बन्धमा अनावश्यक लेखापढी बढाई सम्झौता समेत आवश्यक कागजपत्र पठाउनु नभएकोले कारवाइको यथार्थ वस्तुस्थिति एकीन गर्न नपाई श्री ५ को सरकार उपर अनिश्चित दायित्व वहन गराएको ।

२०२०।२१ मा श्री ५ को सरकारले एक करोडको अधिकृत मूल धन मध्ये रू. ६,००,०००। चुक्ता पूंजी भएको गोल्छा उल्स्त प्राइभेट लिमिटेडको रू. ६५,०८,४३९।८१ को ग्यारेण्टी अन्य एक विदेशी कम्पनीलाई दिएको । ग्यारेण्टी बापत गोल्छा कम्पनीले श्री ५ को सरकारले दिएको सेक्यूरिटी एण्ड ग्योरिटी बण्ड (कानून मन्त्रालयको राय लिई तयार गरेको भनेकोमा सो सम्बन्धी कागजात प्राप्त नभई परीक्षण गर्न नपाएको) मा नयाँ दिल्लीको शाही राजदूतावासमा सम्बन्धित कम्पनीको दस्तखत गराउन परराष्ट्र मन्त्रालयमा लेखा गै सकेको भनेसम्म लेखिएको तदनुसार भए नभएको प्राप्त फाइलबाट नदेखिएको । उक्त ग्यारेण्टी रकम रू. ६५,०८,४३९।८१ मध्ये रू. २८,९०,१६४।४८ को मात्र बण्ड भई रू. ३६, १८,१७५।३२ को बण्ड नदेखिएको । उक्त गोल्छा कम्पनीले नेपाल औद्योगिक विकास कर्पोरेशनमा ऋणको लागि दरखास्त दिंदा पार्टीको क्रेडिट वर्दिनस सन्तोषजनक नभएको भन्ने लेखिएको देखिएको । यसको अतिरिक्त कम्पनी ऐन, २००७ को दफा ३७ मा जुनसुकै प्राइभेट या पब्लिक कम्पनीको आर्थिक अवस्थाको प्रत्याभूति (ग्यारेण्टी) सरकार या तालुकवालाले गर्ने छैन भन्ने उपबन्धको प्रतिकूल हुने गरी आंशिक रूपमा मेसिनरी सम्मको पनि ग्यारेण्टी बस्न नहुनेमा पनि अर्थ मन्त्रालयले संविधान एवं ऐन प्रतिकूल हुने गरी श्री ५ को सरकारलाई ग्यारेण्टी राखेको ।

०२०।२२१ मा श्री ५ को सरकारको मिति २०२०।७।४।१ को तथा २०२०।११।२।६ को निर्णयानुसार क्रमशः रू. ५,००,०००। र ११,००,०००। गरी जम्मा १६,००,०००। पाँच वर्षको निमित्त श्री ५ को सरकार ग्यारेण्टी बसी कर्मचारी सञ्चय कोषबाट रायल नेपाल एयर लाइन्सलाई ऋण दिलाएको । ग्यारेण्टीको रकम तिर्न सञ्चित कोष माथि व्यय भार हुने कानूनी व्यवस्था नभएकोमा ऋण ऐन बमोजिम ग्यारेण्टी बसेको भन्ने आधार लिएको सम्बन्धमा ग्यारेण्टी बस्न हुने कुरा ऋण ऐनमा उल्लेख नभएकोले ग्यारेण्टी बसी संविधान एवं ऐन प्रतिकूल कारवाईगरेको

२०२१।२२ मा कम्पनी ऐन, २००७ को दफा ३७ मा जुनसुकै प्राइभेट या पब्लिक कम्पनीको आर्थिक अवस्थाको प्रत्याभूति (ग्यारेण्टी) सरकार वा तालुक अड्डाले गर्ने छैन भन्ने र ग्यारेण्टी बस्ने कुरामा संविधानको धारा ६१ को उप-धारा (च) बमोजिम ऐनको व्यवस्था गरेरमात्र ग्यारेण्टी बस्न मिल्ने कुरा स्पष्ट छंदाछंदै श्री ५ को सरकारको स्वामित्वसम्म भएको नेशनल कन्सट्रक्सन कम्पनी लिमिटेडले नेपाल बैङ्क लिमिटेडसंग रू. १० लाख ओभर ड्राफ्ट लिन ग्यारेण्टी बस्न अनुरोध गरेको सम्बन्धमा त्यस्तो अवस्था परेमा ऐनको व्यवस्था गरी व्यावसायिक आर्थिक व्यवहार-को सिद्धान्त अनुसार ग्यारेण्टी बस्ने रकमको कम्पनीको ज्यथा धितो रहने प्रबन्ध मिलाउनु पर्नेमा तदनुकूल कुनै कारवाई नगरी संविधान अनुकूल ऐनको व्यवस्थै नगरी प्रचलित कानूनको प्रतिकूल पारी उक्त बैङ्कले ग्यारेण्टी बस्ने अनुरोध गरेको चिट्ठीकै भरमा सो बिलाईने ओभर ड्राफ्ट भुक्तानी गर्ने अवधि तथा कम्पनीको (आर्थिक स्थिति दर्शाउने) वासलात (बैलेन्स सीट) पेश गराई देखिएको स्थितिका साथै ग्यारेण्टी बस्नु पर्ने हुन आएको कारण र सो अवधिभित्र कम्पनीले भुक्तानी नगरेमा श्री ५ को सरकारको सञ्चित कोषमा व्ययभार हुन आउने समेत (ग्यारेण्टीमा पारेको बेहोरा) कुनै व्यहोरा नदर्शाई "दि नेशनल कन्ष्ट्रक्सन कम्पनी लिमिटेडको नेपाल बैङ्क लिमिटेडमा रहेको उक्त कम्पनीको हिसाबबाट रू. १० लाखसम्म बढी झिक्न (ओभरड्राफ्ट) श्री ५ को सरकार ग्यारेण्टी बसी दिने" भन्ने सम्म बेहोरा पारी प्रस्ताव पेश गरी निर्णय गराई तत्पश्चात् "कम्पनीलाई ३ महीनाको अवधि राखी रू. १० लाखसम्म पटक पटक गरी ओभर ड्राफ्ट दिने र बैङ्कको रूल नियम बमोजिम चुक्ता गर्ने शर्त भए अनुसार गएका ओभर ड्राफ्टको रकम र लागेको ब्याज समेत लेखिएका जम्मै वा कुनै अंश कम्पनीले जुनसुकै कारणबाट चुक्ता बेमाख गर्न नसकी बाँकी रहन आएको रकम सञ्चित कोषबाट चुक्ता गरिने छ" भन्ने निर्णय नै नभएको बेहोरा निर्णय भएको भनी उल्लेख गरी ग्यारेण्टी (स्वयं अर्थ सचिव उक्त कम्पनीको अध्यक्ष समेत हुनु भएको) बसी राष्ट्रको सञ्चित कोषमा व्ययभार पर्न जाने स्थिति पारेको ।

२०२०।२१ मा डेभलपमेण्ट लोन फण्डसंग नेपाल औद्योगिक विकास कर्पोरेशनले डलर ४,००,००० ऋण लिएकोमा श्री ५ को सरकार ग्यारेण्टी बसेको सम्बन्धमा तत्सम्बन्धी कारवाईको सम्पूर्ण कागजात परीक्षणको लागि मांग गर्दा नपठाएकोबाट तद्विषय यथार्थ वस्तुस्थिति अवलोकन गर्न नदिएकाले संवैधानिक लेखा परीक्षण कार्यमा बाधा पारेको ।

२०२१।२२ मा श्री ५ को सरकार ग्यारेण्टी बसी रु. १ करोड ५० लाख बैंक आदि संस्थाबाट ऋण प्राप्त गराई दिने भन्ने श्री ५ को सरकारको २०२१।८।४ मा भएको निर्णय उल्लेख गरी ऋण प्राप्त गराई दिन निमित्त २०२१।८।५।६ मा खाद्य विभागले अर्थ मन्त्रालयलाई लेखी पठाएकोमा तदनुसार कारवाई नगरी त्यसरी ऋण दिने कानूनी व्यवस्था समेत कुनै नभएको र विनियोजन ऐनमा समेत निर्दिष्ट नभएको व्यहोरा नदर्शाई रीतपूर्वक प्रस्तावसमेत पेश नगर्नु भई वार्षिक रु. ३।। ब्याज लिने गरी रु. १ करोड २०२२ साल वैशाख मसान्तभित्र र रु. ५० लाख २०२२ साल आषाढ २५ गतेभित्र बुझाउने गरी तेजारथ अड्डाबाट ठाडै ऋण दिने निर्णय गराउनु भएकोबाट स्वस्थ आर्थिक सिद्धान्त नअङ्गालेको साथै श्री ५ को सरकारका कर्मचारीहरूलाई तलब सापटी दिने कामसम्मको निमित्त रही तदनुसार काम गरी आएको एउटा अड्डालाई अर्थ मन्त्रालयले नेपाल अधिराज्यको व्यावसायिक बैंक सम्बन्धी एक गम्भीर कामको अभिभारा बोकाई (हालैमा त्यहांबाटै नेशनल ट्रेडिङ्ग लिमिटेड्लाई रु. ४४ लाख सापटी दिलाएको) तत्सम्बन्धी खेस्ता ठीक हिसाबसंग राखिने स्थिति समेत नपारेको ।

२०२१।२२ मा रु. ५ लाख निष्काशित एवं चुक्ता पूंजी भएको (सबै शेयर सञ्चित कोषबाट खरीद भएको) नेशनल ट्रेडिङ्ग लिमिटेड्-लाई पहिलो पटक रु. २० लाख ३ वर्षको निमित्त र तत्पश्चात् रु. ५०,००,०००।– पांच वर्षको निमित्त गरी जम्मा रु. ७०,००,०००।– श्री ५ को सरकार जमानत बसी कर्मचारी सञ्चय कोषबाट ऋण दिलाएको देखियो । नेपाल कम्पनी ऐन, २००७ को दफा ३७ मा जुनसुकै प्राइभेट या लिमिटेड् कम्पनीको आर्थिक अवस्थाको प्रत्याभूति श्री ५ को सरकारले गर्नेछैन भन्ने उपबन्ध रहेको साथै ग्यारेण्टी सम्बन्धी रकम तिर्न नेपालको संविधान तथा ऐनमा व्यवस्था नभएको सम्बन्धमा समेत भनाइ मागदा राष्ट्र ऋण उठाउने अधिकार ऐन नै पर्याप्त भएको भन्ने जवाफ प्राप्त भएको तर उल्लिखित ऐनमा ग्यारेण्टी बसी ऋण दिलाउने उपबन्ध नरहेको । ग्यारेण्टी र ऋण डुबे एकै किसिम नभई डुबेको परिभाषा एवं क्षेत्र भिन्न-भिन्नै भएकोले उपर्युक्त ऐन प्रतिकूल पारी अर्थ मन्त्रालयले श्री ५ को सरकारलाई ग्यारेण्टी रखाएको ।

२०२१।२२ मा नेशनल ट्रेडिङ्ग लिमिटेडले पर्याप्त मात्रामा मालसामान स्टक राख्ने व्यवस्था मिलाउनको लागि नेपाल बैंकबाट श्री ५ को सरकार ग्यारेण्टी बसी उक्त कम्पनीलाई ४० चालीस लाख सम्म ओभर ड्राफ्ट दिन लगाउने श्री ५ को सरकारको निर्णय गराउनु भएको देखियो ऋण दिदा कम्पनी ऐन, २०२१ को दफा २५ को उप-दफा (१) को खण्ड (ख) मा कम्पनीको चुक्ता पूंजीको ५० प्रतिशत भन्दा बढी हुन हुंदैन भन्ने उल्लेख भएको छंदाछंदै रू. ५ लाख निष्काशित तथा चुक्ता पूंजी (जस्को सबै शेयर संचित कोषबाट खरीद गरेको) भएको उक्त कम्पनीलाई रू. २,५०,०००।–, सम्म ऋण दिन हुनेमा श्री ५ को सरकार ग्यारेण्टी दिई रू. ४० लाख ऋण दिलाएको एवं ग्यारेण्टी रकम तिर्न सञ्चित कोष माथि व्ययभार हुनलाई नेपालको संविधान एवं कानूनमा व्यवस्था समेत नभएको हुंदा अर्थ मन्त्रालयले तिनीहरूको प्रतिकुल पारी ग्यारेण्टी रखाएको ।

२०२१।२२ मा विकास सामाग्री पर्याप्त मात्रामा स्टक राख्ने व्यवस्था मिलाउनलाई ३ प्रतिशत ब्याजका दरेले यही आर्थिक वर्ष भित्र बुझाउने गरी रू. ४४,००,०००।–, तेजारथ अड्डाबाट नेशनल ट्रेडिङ्ग लिमिटेडलाई श्री ५ को सरकारले ऋण दिलाएको देखियो । कम्पनी ऐन २०२१ को दफा २५ को उप-दफा १ को खण्ड (ख) मा कम्पनीको चुक्ता पूंजीको ५० प्रतिशत भन्दा बढी ऋण हुनु हुंदैन भन्ने उपबन्धको प्रतिकूल हुने गरी ५ लाख चुक्ता पूंजी भएका कम्पनीलाई रू. ४४ लाख ऋण दिलाएको । कम्पनीले समयमा रूपैया नबुझाए ऐन बमोजिम कम्पनीको पूंजी विचार गर्दा असुरक्षित नभएको देख्दा देख्दै यस अघि कर्मचारी संचय कोष एवं नेपाल बैंकबाट गरी उक्त कम्पनीलाई रू. १ करोड १० लाख ऋण दिलाउदा ६½ प्रतिशत ब्याज लिएको । कर्मचारीहरूलाई सापटी दिदा तेजारथ अड्डाले बढीमा रू. ४ प्रतिशत ब्याज लिने कुनै बेहोरा प्रस्तावमा नदर्शाई ३ प्रतिशत मात्र ब्याज लिने गरी उक्त कम्पनीलाई ऋण दिलाई राष्ट्रिय धनको ठूलो राशीमा नोक्सान पारेको समेत सम्बन्धमा भनाई मागदा उपर्युक्त जवाफ नआई अर्थ मन्त्रालयले कानूनको प्रतिकूल हुने कारवाई गरी त्यसरी त्यत्रो रकम ऋण दिलाएको ।

२०१९।२० मा मूल धन १५ लाख भई चुक्ता पूंजी रू. ४ लाख ५० हजार भएको महेन्द्र सुगर एण्ड जनरल इण्डष्ट्रीज प्राइभेट लिमिटेड कम्पनीको निमित्त पाउण्ड ६,०४,३८७ (तदनुसार अन्दाजी रू. १,२९,३३,०००।–) को श्री ५ को सरकारले एक विदेशी कम्पनीलाई ग्यारेण्टी दिएको । कम्पनी ऐन, २००७ को दफा ३७ मा प्राइभेट लिमिटेड कम्पनीको आर्थिक अवस्थाको प्रत्याभूति (ग्यारेण्टी) श्री ५ को सरकारले गर्ने छैन भन्ने उपबन्ध प्रतिकूल हुने गरी आंशिक रूपमा मेसिनरी सम्मको पनि ग्यारेण्टी बस्न नहुने । स्वदेशी कम्पनी भए तापनि कम्पनीको आर्थिक व्यवहार चित्रित हुने बैलेन्स शीट पेश नगराई विश्वास प्राप्त पार्टी भन्न नसकिनेमा समेत अर्थ मन्त्रालयले संविधान एवं कानून प्रतिकूल हुने गरी श्री ५ को सरकारलाई ग्यारेण्टी रखाएको ।

२०१९।२० मा वीरगञ्ज नगर पञ्चायतलाई वर्ष ५ को निमित्त ६।। प्रतिशत ब्याजमा रू. ९,००,०००।- कर्मचारी संचय कोषबाट ऋण दिलाई दिने श्री ५ को सरकारको निर्णय बमोजिम ऋण दिलाउन कर्मचारी संचय कोष संग पटक पटक (रू. ५,००,०००।–, र रू४,००,०००।–को) भएको (अर्थ सचिव, सञ्चय कोषका प्रशासक तथा सञ्चालकहरू र नगर पञ्चायतका प्रधान पञ्चले हस्ताक्षर गरेको) सम्झौतामा "उक्त रकम कर्मचारी सञ्चय कोषले बीरगञ्ज पञ्चायतको ने. रा. बैङ्कमा रहेको खातामा पटक पटक गरी वा एकै पटक जम्मा गरी दिने । सो जम्मा गरिएको रकम जम्मा गरेका मितिले ५ वर्षभित्र पटक पटक रू. १,००,०००।– मा, नघटाई बीरगञ्ज नगर पञ्चायतले कर्मचारी सञ्चय कोषको हिसाबमा ने. रा. बैङ्कमा बुझाई दिने र यसरी जम्मा भएको रकमको भुक्तानी दाखिल भएका अघिल्ला दिनसम्मको ६।। प्रतिशतका दरले हुने ब्याज हरएक चैत्र मसान्त सम्मको बैशाख ७ गतेसम्म र आश्विन मसान्त सम्मको कार्तिक ७ गतेभित्र कर्मचारी सञ्चय कोषको हिसाबमा जम्मा हुने गरी निज नगर पञ्चायतले ने. रा. बैङ्कमा बुझाई दिने । यसरी उपलब्ध भएको सापटी रकमको सांवा ब्याज बीरगञ्ज नगर पञ्चायतले लेखिए बमोजिम दाखिल गर्न नसके दाखिल गर्न बांकी सांवा ब्याज ग्याद नाघेका ७ दिन भित्र दाखिल भएका अघिल्ला मितिसम्मको ब्याज समेत श्री ५ को सरकार अर्थ मन्त्रालयले सञ्चित कोषबाट कर्मचारी सञ्चय कोषको खातामा ने. रा. बैङ्कमा दाखिल गरी दिने" भन्ने समेत व्यहोरा परेको देखियो ।

तर सो सापटी दिने निकासालाई पेश गरेको प्रस्तावमा त्यस किसिम श्री ५ को सरकार ग्यारेण्टी बसी सापटी दिलाउन व्यहोरा नदर्शाएको को अतिरिक्त त्यसरी श्री ५ को सरकार ग्यारेण्टी राखी दिलाएको ऋण र त्यसको ब्याज सुरक्षित राख्ने गरी असूल उपर गर्ने स्वस्थ आर्थिक सिद्धान्तको अनुकूल कुनै व्यवस्था अर्थ मन्त्रालयले नमिलाएको ।

२०२०।२१ मा राष्ट्रिय पञ्चायतका उपाध्यक्षले २०२०।३।३१।२ मा आफ्नो घरमा केही अंश थप र आवश्यक मर्मत गर्न तलबबाट कट्टा हुने गरी रू. १२,०००।– सापटी र घर भाडाबाट कट्टा हुने गरी रू. ६,०००।– समेत जम्मा रू. १८,०००।– पाउँ भनी निवेदन पत्र दिनु भएकोमा रू. १२,०००।– ब्याजी सापटी दिने २०२०।४।१८।६ मा श्री ५ महाराजाधिराजबाट हुकूम बक्से बमोजिम निकासा भएपछि दुई सहायक मन्त्रीहरूले घर मर्मत गर्न रू. ३,०००।–, १,०००। पाउनु भएको सरह पाउँ भनी उपाध्यक्ष अर्थ मन्त्रीमा दिनु भएको निवेदन पत्रको सम्बन्धमा पेश गरेको प्रस्तावमा अघि सापटीलाई निवेदन दिनु भन्दा अगावै सहायक मन्त्रीहरूले साविक नरहने गरी उक्त रकम पाउनु भएका कुरा, घरमा केही अंश थप र मर्मत गर्ने काम सकि सक्ने ७ महीना पछि उक्त सहायक मन्त्रीहरूले पाउनु भएको लगाउ लिनु भएको कुरा, सम्बन्धित राष्ट्रिय पञ्चायत सचिवालयबाट तद्विषयमा कारवाई हुन नपर्ने कारण समेत नदर्शाई साविक नरहने गरी सहायक मन्त्रीहरूले पाउनु भएकोमा निकासा गराईकन मात्र उपाध्यक्षलाई त्यसरी मागनु भएको रकम दिनु पर्नेमा विभागीय मन्त्रीको तहबाट भएको आदेशले उक्त रकम दिए पछि मात्र मन्त्रिपरिषदबाट समर्थन गराएको हुँदा आर्थिक नियन्त्रण बिलकूल खुकुलो हुने भएको साथै राष्ट्रिय धन बरबाद हुन गएको ।

२०२०।२१ मा मन्त्रिपरिषद्का अध्यक्ष, उपाध्यक्ष तथा मन्त्री सहायक मन्त्रीहरूलाई मन्त्री सुहाउँदो घर केन्द्रमा नभए पाउने तलबको आधा घर भाडा दिने २०१८।३।४ मा निर्णय भै दिई आएकोमा २०२० साल श्रावण देखि बहांहरूको तलब घटन भएकोबाट सो घटी पाउने तलबको आधा मात्र लिनु दिनु पर्नेमा उपाध्यक्ष देखी सहायक मन्त्रीसमेत १२ व्यक्तिलाई साविकै तलबको अनुपातमा घर भाडा दिलाएको देखिएबाट २०२० साल श्रावण देखी २०२१ मार्ग तकमा जम्मा रू १८,०००।– बढी खर्च लेखेको साथै केन्द्रमा मन्त्री लायक घर हुने मन्त्रीहरूलाई पनि भाडाको घरमा बस्न हुन घर भाडा दिने गरी आएको देखिएको ।

अर्थ सचिवले भैरहवा भ्रमणको अवस्थामा दिनु भएको आर्थिक निकासाहरूको परीक्षण गर्न माग गर्दा तत्सम्बन्धी फाईल नपठाउनु भएको ।

जन्म जयन्ती भन्ने कुरा अपरञ्जट पर्न आउने नभएकोले जन्म जयन्ती समारोह मनाउने पर्ने भए त्यसको निमित्त आवश्यक रकम पहिले नै बजेटमा समावेश गरी पास गराउनु पर्नेमा तदनुसार नगरी बजेटमा समावेश नभएको जन्म जयन्ती समारोह मनाउने खर्च जन्म जयन्ती समारोह हुनु भन्दा ८ दिन अघिमात्र निकासालाई माग गरेकोमा यस्तो जन्म जयन्ती साल बसाल मनाउन मनासिब नपर्ने भनी अस्वीकृत भै लेखी पठाई सकेपछि जन्म जयन्ती समारोह मनाउन सबै व्यवस्था मिलाई सकेको (खर्च स्वीकृति हुने नहुने कुराको विचारै नगरी) भनी पुनः माग गरेको आधारमा जन्म जयन्ती मनाउन रू. ६५०।– साविक मानी भविष्यमा यस्तो खर्च गर्न नपाउने गरी यो एक पटकलाई सम्म खर्च गर्न पाउने भन्ने उक्ति पारी निकासा दिएको देखी तत्सम्बन्धमा अर्थ सचिवलाई लेखी पठाउँदा सम्पूर्ण फाईल तहांबाट मगाई अध्ययन गरी सक्नु भएकोले निकासा दिनु पर्नाको कारण स्पष्ट भएकै हुनु पर्दछ भनी जवाफ दिनु भई आर्थिक नियन्त्रण खुकुलो पार्नु भएको ।

अछाम इलाका अदालत, जेल, मालसमेत बसेको घरको भाडा घर धनीको निवेदनको आधारमा निम्नाङ्कित किसिमबाट जिल्लाको माग ठहर बेगर आर्थिक नियन्त्रण खुकुलो पारी अर्थ मन्त्रालयले तत्सम्बन्धमा निकासा दिएको ।

(क) इलाका अदालत बसेको घरको २०१७ जेष्ठदेखि २०२० आषाढसम्मको घरभाडा सर्वोच्च अदालतले जो बुझ्नु पर्ने बुझी ऐन सवालको रीत पुगेपछि मात्र खर्च लेख्ने गरी अहिले पेश्कीको रूपमा रु. २,०४५।८६ दिएको ।

(ख) जेल बसेको घरको २०१७ साल जेष्टदेखिको घरभाडा जिल्लाबाट पछि रीतपूर्वक निकासा गराई लिएपछि सोधभर्ना गर्ने गरी गृह मन्त्रालयको मौज्दातबाट पेश्की दिने भनी रु. ३,५००।– दिएको ।

(ग) माल अड्डा बसेको २०१८ देखिको घरभाडा रीतपूर्वक बन्दोबस्त गरी बसेको हो होइन बुझी दिनु पर्ने हो भने सो रुपैयां फरक परेमा ऐन नियम बमोजिम ब्यहोर्ने छु भन्ने मालपोत विभागले घरधनीको कागज गराई दिने गरी रु. २,४००।– दिएको ।

एकाउण्टेण्ट जनरल अफिस

२०१३ साल आषाढसम्मको उज्राती फछ्र्यौट गर्ने उज्राती फछ्र्यौट कमिशन विघटन भए अनुसार २०१३ साल श्रावण १ गतेदेखिको उज्राती एकाउण्टेण्ट जनरलले फछ्र्यौट गर्नु पर्ने नगरी २०१३ साल श्रावणदेखि २०१६ साल आषाढ मसान्तसम्मको उज्राती (जसमा उज्राती रही पेश्की गएका रकम मध्ये खर्च नभई बांकी पनि हुन सक्ने र त्यस्तो फांटवारी समेत दाखिल नगर्ने कानूनन् सजाय भागी हुनेले समेत फुर्सत पाउने किसिमसंग जांचबुझ गर्न नपर्ने गरी) को लगतसम्म लिई फछ्र्यौट गर्ने समेत गरी अध्यक्ष तथा सदस्यहरूलाई ओभर टायम भत्ता समेतको निर्णय गराई २०१९ साल श्रावणदेखि वर्ष १ लाई पुनः खडा भएको विशेष अधिकार सम्पन्न उज्राती फछ्र्यौट कमिशनको २०१८ साल आषाढ मसान्तसम्मको समेत फछ्र्यौट गर्ने गरी २०२१ साल आषाढ मसान्तसम्म म्याद थप भयो । सो कामका अफिस टायमसम्म काम गर्ने गरी काजमा आएका समेत कर्मचारीहरूलाई अघि ओभर टायम बस्ने गरी अध्यक्ष, सदस्यहरूलाई भत्ता निकासा भए अनुसार कर्मचारी पनि बस्नु पर्ने भई ती कर्मचारीहरूलाई समेत ओभर टायम भत्ता दिने निकासालाई पेश हुंदा ओभर टायम पनि नराख्ने भत्ता पनि नदिने निकासा भइरहेकोमा सो ब्यहोरै नदर्शाई तलबको २५ प्रतिशत भत्ता दिने समेत निर्णय गराएको ।

उक्त कमिशन खडा भएदेखि मिन्हा दिने निर्णय गरेका आदेशका बोधार्थहरू लेखापरीक्षण ऐन अनुसार महालेखा परीक्षकको विभागमा पठाउनु पर्नेमा नपठाएको सम्बन्धमा महतको कमीले फांटवारी पठाउन नपाएको र मिनाहा खर्च लेख्ने सम्बन्धित विभाग अड्डाहरूबाटै लेखापरीक्षणको मौकामा पेश गर्ने भएकोले कुनै बाधा नपर्ने भन्ने जवाफ दिई तत्कालै अनियमित तथा हानि नोक्सानी भए नभएको परीक्षण गर्ने काममा बाधा पर्न आएको ।

त्यसपछिको निकासाको आदेशका बोधार्थहरूबाट सो मिनाहा सम्बन्धी फाइलै अध्ययन गर्नु पर्ने भै माग गर्दा मिसिल सम्बन्धित अड्डा विभागमा गै सकेको सिर्फ टिप्पणी मात्र भएको र सो टिप्पणी हरहिसाब सम्बन्धी नभै आन्तरिक कारवाइको हुनाले पठाउन आवश्यक नपरेको भनी नपठाएबाट (उक्त कमिशनले लगतसम्म लिई गर्ने निर्णयको अर्थ ठाडै मिनाहा गर्ने नभै मिसिलहरूको छानबीन गरी गर्ने भन्ने कुराको आन्तरिक निर्णय गरी राखेको पनि देखिएकोले) सो बमोजिम भए गरेको हो होइन सो समेत परीक्षण गर्न नपाएको ।

उपर्युक्त थप भएका म्याद पछि बांकी रहेका उज्राती फछ्र्यौट गर्ने सम्बन्धमा उज्रातीबाट खर्च भएको रुपैयां बारे ३ महीनाभित्र खर्च लेखी मिनाहा गराई लिनु पर्छ भनी सबै मन्त्रालय तथा विभाग अड्डालाई लेखी पठाउने समेत गरी निर्णय गराएकोबाट बांकी उज्रातीमा छानबीन गरी मिनाहा भए जति खर्च लेख्ने र नभएको असूल गर्नु पर्नेमा सो असूल गर्नुपर्ने हुन जाने रकम समेत ३ महीनाभित्र खर्च लेखी मिनाहालाई जाहेर गर्दा मिनाहा नभएका रकम फेरि असूल गरी रहनु पर्ने अथवा खर्च लेखेकै आधारमा मिनाहा हुन गएमा असूल गर्नु पर्ने रकम पनि मिनाहा हुन जाने समेत देखिएको ब्यहोरा लेखी पठाउंदा "मिनाहा गराई लिई खर्च लेख्नु" भन्ने हुनु पर्नेमा "खर्च लेखी मिनाहा गराई लिनु" भन्ने हुन गएको बारेमा संशोधनलाई पेश हुन गैरहेको भन्नेसम्म लेखी आएको ।

२०२०।२१ मा श्रमलेखगञ्जबाट काठमाडौं एक दिनमा पुग्नेमा पनि बीचमा बास बसेको आधारभूत प्रमाण बेगर जवान तीनलाई दिन १ को दैनिक भत्ता रु. १४।– बढी खर्च लेखेको ।

२०१८।१९ मा श्रेस्ता अदालतबाट असूल गर्नु पर्ने रु. २,३१,६४९।२९, भा.रु. ६५-७५ र सरकारी बिगो तथा दण्ड जरिवाना असूल गर्ने तर्फ तदारूख साथ कारवाइ भएको नदेखिएकोको अतिरिक्त सो मध्येको बांकी रु. १८,७५८।५९ तीन वर्षको ३ किस्ता गरी असूल गर्ने गरी २०२०।७।२८ मा हु. प्र. भए बमोजिम पहिलो किस्ता असूल भै सक्नु पर्ने हालसम्म असूल नगरेको । दण्ड जरिवाना तथा बिगोको लगत नियमपूर्वक नराखेको । श्री कुमारीचोक मधेश पहिला फांटबाट मसलन्दमा खर्च लेखेको रु. १५५।– को बिल भाउचर नभएकोले बिगो बमोजिम हुने दण्ड समेत असूल नभएको ।

२०१९।२० मा मर्मत सम्भार रकममा वार्षिक बजेट अनुमानभन्दा रु. ३२।३२ बढी खर्च लेखेको ।

२०१९।२० मा स्रेस्ता अदालतले असूल उपर गर्नु पर्ने रु. १,६४,३८५।३८ समयमा असूल फछ्र्यौट नगरी बांकी राखेको ।

सञ्चित कोषमा जम्मा भैरहेको रकम यो यो राजस्वको स्रोतबाट आएको भन्ने देखिने गरी लेखा नराखेको देखिन आएकोले बजेट शीर्षक अनुसार राजस्वको स्रोत देखिने गरी समयानुकूल लेखा राख्ने व्यवस्था गर्न अर्थ सचिवलाई २०२१।३।५।५ मा लेखी पठाउंदा पनि तदनुसार नगरेको ।

गत २०१८।१९ को लेखापरीक्षणमा आपत्ती उठाउंदा उठाउंदै पनि राष्ट्रिय सेनाको रासन दिने ठेकदारहरूलाई अघिको ठेक बांकी छंदा छंदै पनि ठेक दिंदै गएबाट केही ठेकदारहरूसंग २००६ सालदेखिको ठेक बांकी हुन आएको रु. ४,२०,०५८।– को सम्बन्धमा हिसाब दोहराई जांच गर्न भनी २०१९।१२।९ गतेदेखि ए. ज. अफिसमा गएको हालसम्म फिर्ता गरी असूल उपर गर्ने कारवाइ नगराएको । एक ठेकदारसंगको २०१२।१३ सालको ठेक बांकी रु. १८,७५८।५९ मा ३ किस्ता गरी असूल गर्ने निकासा गराए बमोजिम पहिलो किस्ता २०२१।८।२४ सम्ममा असूल गर्नु पर्ने समेत नगरेको । एक ठेकदारसंगको बांकी रु. ८०,७७१।४५ मा निजको जायजातबाट आएको रु. ५२,०००।– उपर भै बांकीमा धन जमानीको घर लिलाम गर्ने तारेख मुकररकै दिन ए. ज. बाट स्थगित गरी २०२१।८।१८मा मात्र पुनः कारवाइको निकासा दिएबाट उपर हुन नपाएको । एक ठेकदारसंगको बांकीमा ठेकदार बेपत्ता भै धन जमानीबाट उपर गर्नुपर्ने दण्ड रु. ७,८१२।९६।२ उपर गर्न निजको डिपोजिट रहेको ज्यथा कौशी तोषाखानाले फुकुवा गरी बेचबिखन समेत गरी सकेबाट असूल हुन नसकेकोमा कौशी तोषाखाना उपर कानूनं नहुनु पर्ने गर्नु कारवाइ समेत गरी असूल उपर नगरेको ।

२०२०।२१ मा राष्ट्रिय पञ्चायतका सदस्य एकलाई रु. ४०,०००।– घर बनाउन ५ वर्षको ५ किस्तामा बुझाउने गरी ब्याजी सापटी दिने हुकूम प्रमाङ्की भए मुताबिक सापटी दिंदाको अवस्थामा सो सापटी जाने रकम उपर हुने जेथा धितो लिन पर्नेमा कर्मचारी सरह बनाएको घर पछि धितो राख्ने कागज गराई सापटी दिन लगाई सो म्याद पनि नाघी लेखापरीक्षणबाट पक्राउ गरे पछि मात्र धितो लेखाएको र तदविषयमा भनाइ माग्दा सचिवले केही लेखी पठाउनु नभई उपर्युक्त तरीकाबाट आर्थिक नियन्त्रण खुकुलो पार्नु भएको ।

२०२०।२१ मा कर्मचारीलाई तेजारथ सापटी दिने नियम, २०२० को प्रतिकूल पारी हनुमान नगर मालको हाकिमलाई निजले अघिको सापटी बांकीको ब्यहोरा देखाउंदा देखाउंदै पनि अघिको सापटी कट्टी भई नसकेको भए कट्टी गरी दिने भनी अघिको सापटी बांकी छंदै छोरीको विवाहको कामलाई ६ महीनाको तलब सापटी र सो सापटी बांकी छंदै नयां घर बनाउन सम्बन्धित विभागको सिफारिश बेगर सापटी बांकी बुझाएमा दिने भनी अर्थ मन्त्रालयले (उपत्यका बाहिरका कर्मचारीलाई श्री ५ को सरकारले चाहेमा उक्त नियम बमोजिम सापटी दिन सक्नेछ भन्ने आडमा) आर्थिक नियन्त्रण समेत खुकुलो पारी सापटी दिलाएको ।

२०२१।२२ मा गृह पञ्चायत सहायक मन्त्री एवं लाइब्रेरियनलाई क्रमशः रु. २४,०००।– र १०,०००।– ब्याजी सापटी दिने निर्णयमा सापटी दिइनाको कारण र ब्याजको दर पनि नकिटिएकोको अतिरिक्त लाइब्रेरियन श्री ५ को सरकारको सेवामा बहाल भएका कर्मचारी भएकाले कर्मचारीलाई सापटी दिने नियमहरू, २०२० अनुसार पाउनेभन्दा बढी समेत भएकोले नियम प्रतिकूल हुन गएको समेत ब्यहोरा दर्शाई दोहऱ्याई प्रस्ताव पेश गरी निर्णय गराई मात्र निकासा दिनु पर्नेमा तद्नुसार नगरी ब्याज ४ प्रतिशत लिने गरी विभागीय मन्त्रीस्तरबाट सदर गराई निकासा दिई पछि मन्त्रिपरिषद्बाट समर्थन गराएकोमा समेत सापटी दिइनाको कारण र लाइब्रेरियनलाई नियमले पाउनेभन्दा बढी हुन गई नियम प्रतिकूल भएको ब्यहोरा नदर्शाएको आर्थिक अनुशासन पालन गरेको भन्ने ठाउं नरहेको ।

एकाउण्टेण्ट तालीम योजना अफिस

अमेरिकन सहायताबाट सञ्चालित उक्त विकास कार्यमा २०२०।२१ मा कोठा बनाएको जांच पास नगराई रु. ३,९३७।२९ खर्च लेखेको ।

इलाम एकाउण्टेण्ट फांट

२०१९।२० मा गैर-हाजिर कर्मचारीलाई रू. ३३।– तलब खुवाएको फिर्ता नगरेको । एकाउण्ट सेक्सन भए अनुसार विभिन्न अड्डाहरूबाट दाखिल गरेका रकमको वजेट शिर्षक खुलाई स्रेस्ता नराखेको । ईलाम मालको माग बमोजिम खर्च लेख्ने गरेको कानूनी आधार पेश नगरेको ।

महोत्तरी सर्लाही एकाउण्ट फांट

२०१९।२० मा वजेट निकासा भन्दा रू. १२०।– बढी मालबाट झिकी खर्च लेखेको ।

सप्तरी एकाउण्टेण्ट फांट

२०१९।२० मा वजेट निकासा भन्दा रू. १२।– तलबमा बढी खर्च लेखेको ।

तेजारथ अड्डा

२०१९।२० मा करोडौं रूपैयाको आर्थिक व्यवहार गर्ने अड्डाले तत्सम्बन्धि स्रेस्ताहरू ठीक नराखेकोबाट लेखापरीक्षण कार्य सम्पन्न हुन नपाएकोले सो स्रेस्ता ठीक गरी राख्न अर्थ सचिवलाई लेखी पठाउदा पनि वाणिज्य व्यवसायलाई करोडौं रूपैया सापटी दिने काम थपिंदै गएकोबाट सो अड्डाको बढ्दो कामको बोझको विचार गरी गर्नु पर्ने प्रवन्ध नगरि दिनु भएकोले स्रेस्ता ठीक हिसाब संग रहन नगएबाट लेखापरीक्षण हुन नपाएको र स्रेस्ता यही स्थितिमा रही यथा समयमा लेखा परीक्षण गर्न नपाए लाखौं रूपैया समयमा असूल उपर हुन नपाई नोक्सानी समेत पर्न जाने देखिन्छ ।

२०२०।२१ मा ओभर टायम राखी काम लगाउनु पर्ने कारण समेत खोली मन्त्रिपरिषदको स्वीकृति गराई मात्र चालू गर्नु पर्ने श्री ५ को सरकार (मन्त्रिपरिषद) बाट निर्णय भै रहेको कुरामा तदनुसार पूर्व स्वीकृति नगराई काम गराउनुको अतिरिक्त ज्यस्तो अनधिकृत तवरबाट काम गरेकोमा समेत भैरहेको नीति निर्णयको रित नपुऱ्याई अनधिकृत तवरबाट समर्थन गरी रू. १,९८५।९३ निकासा गराएको ।

टक्सार विभाग

२०१८।१९ मा मालसामानको निमित्त वाणिज्य विभागलाई पेश्की गए मध्ये बांकी रू. १२,४२४।३२ फछ्र्यौट नगरेकोको अतिरिक्त एल. सि. खाता म्याद नघाई खोलेकोले कम्पनीले माल नदिएबाट खर्च भएको रू. ११७।४३ नोक्सान हुने गरी खाता खोलेको तामा, जस्ता, झिकाउने कामको पेस्की रू. १,६१८।५६ को मालसामान आई नपुगेकोमा कारवाई नगरेको । फाएरबृकको रू. ७।७०, नगदी मोहर तर्फको विल भन्दा बढी गएको कारवाई भईरहेको रू. १९३।६९ समेत जम्मा रू. ४,७६९।३, निकासा बमोजिम जिन्सी माल आम्दानी बांधी मात्र खर्च लेख्नु पर्ने भा. रू. ३,५०६।७५ तद्नुसार नगरी खर्च लेखेको समेत जम्मा भा. रू. २७,७२६।७२।२ आस्से तर्फ जिन्सी किताबमा आम्दानी नबांधी मिनाहा खर्च लेखेको रू. ८७।५० समेत जम्मा रू. ३,०८७।५०, उज्राती फछ्र्यौट नगरेको । पेस्की रू. १,१५२।– र जिन्सी थान १८ (छाप) फछ्र्यौट नगरेको ।

२०१९।२० मा टेण्डरको दर भन्दा प्रति धार्नी रू. ।४० बढी पारी साबुन धार्नी २०० खरीद गरी रू. ८०।– नोक्सान पारेको । जिन्सी किताबमा आम्दानी बाधिएका मालसामान कुनै कुनैको मोल नखुलेको । पेस्की रू. ६,४२,६९६।२५ फछ्र्यौट नगरेको ।

टक्मरीको काममा ओभर टायम राखी काम गराउने सम्बन्धमा भैरहेको १९९१।१२।२८।४ को खड्गनिशाना बमोजिम सो काम गराउनु पर्ने आवश्यक पदाधिकारीहरूलाई मात्र डाइरेक्टरले तोकि अडर गरी काम लगाउनु पर्नेमा त्यसको प्रतिकूल पारी डाइरेक्टर देखी निम्नस्तर सम्मका टक्मरी काममा सम्पर्क नपर्ने पदाधिकारीहरूलाई २०१८।१९ मा रू. १०,६५१।११ र २०१९।२० मा खुवाएको रू. ८,१२३।७५ समेत जम्मा रू. १८,७७४।८६ खुवाएको देखिन आएको सम्बन्धमा फिर्ता असूल गर्ने गराउने तर्फ कारवाई नगरेको र ओभर टायम

राखी काम गराउँदा नन्ग्याजेटेडसम्मका पदाधिकारीलाई ओभरटायम भत्ता खुवाउने सम्बन्धमा मन्त्रिपरिषद्बाट निर्णय भएको देखिएको र "त्यस्तो स्थितिमा ग्याजेटेड कर्मचारीहरूलाई पनि ओभर टायम भत्ता साधारणतया दिन नमिल्ने भए तापनि अर्को व्यवस्था नभए सम्म तलबको ५/८ बढी समय काम गरे वापत भत्ता दिने" गरी २०१८।१।७ मा सहायक मन्त्रीस्तरबाट निकासा गराउनु भएको देखिएको सम्बन्धमा समेत भनाई माग्नेकोमा सचिवले केही लेख्नु नभई "हुनत ९१।१२।२८।४ का खड्गनिसानाबाट डाइरेक्टरका तजविजले आफ् भन्दा मुनि मध्ये जो सुकै गैरलाई ओभर टायम राखी काम गराउन सक्ने अख्त्यारी भए तापनि ग्याजेटेड अफिसर सम्मलाई ओभर टायम मन्त्रालयकै स्तरबाट निर्णय गराई राखेको र अर्को व्यवस्था बारे ओभर टायम नियम तर्जुमा भै नै रहेकैछ । टबसारमा सँध ओभरटायम एकनास राखी छाड्न नमासिव नभै विस्तारै २ सिफ्टलाई एक सिफ्टमा परिणत गरी काम गराउने त्रि–वर्षीय योजनाभा-परिसकेको छ । हाल जडान भरहेको मिसिनहरूबाट काम गर्न बढी मेहत चाहिने भए पनि बढी आर्थिक दायित्व बढाउने सट्टा ओभर टायम बढाउनु परी काम गराइएको" भन्ने सम्म विभागले लेखी पठाई माथि अड्डित गरे बमोजिम ग्याजेटेड अफिसर र टक्मरी कामसम्म सम्पर्क नपर्ने अन्य कर्मचारीलाई अनधिकृत तवरबाट खुवाएको रकम उपर गर्ने तर्फ कुनै कारवाई नगरी त्यतिको राष्ट्रिय धन अपव्यय गरेको देखिएको ।

मालपोत विभाग

सबै विभाग र सो अन्तर्गतका विभिन्न सबै सर्कल अफिसहरूले सबै विकास कार्य सुरू भए देखी इलाका जिल्ला मालहरू तथा उपत्यकामा रहेका अड्डाखानाहरूबाट पछि सोध भर्ना मिलाउने गरी जम्मा के कति रूपैया लिएका छन् त्यस मध्ये कति सोध भर्ना भै बांकी कति छ त्यसको विवरण माग गरेकोमा सो फांट उपलब्ध हुन नसकेको ।

कोशी योजनामा परेका जग्गाको मालपोत तथा रजिष्ट्रेशन दस्तूर सम्बन्धी लेखापरीक्षणको निमित्त कारवाई गर्दा जम्मा विगाहा ८२३२ कोशी योजनामा परे मध्ये मोरङ्गको जग्गा नपरेको भन्ने सबै १ नं, गोस्वाराको पत्रबाट देखिएको । तर भू–आर्जन अफिसको लेखाइबाट मोरङ्गको जग्गा विगाहा स्थायी रूपमा १९२।।१ अस्थायी रूपमा ६६५९।।= र स्थायल कब्जरभेशनको लागि ३८१।।।२।३ विगाहा परेको देखिन आई सो मध्ये मोरङ्ग इलाकाको स्थायी अधिकृत भएका जग्गाको २०१२ साल देखी २०२० सालसम्मको विगाहा १२९।.।।।४।। को मालपोत हिसाबमा रू. ५४९०।= भन्ने लेखिएको फांटवारीबाट जम्मा विगाहा ५५४ ३।।२।। को रजिष्ट्रेशन दस्तूर रू. २०,०३६।६० भन्ने समेत उल्लेख भै एकीन यति नै जग्गा परेको भन्ने हुन नआएकोको अतिरिक्त सो जग्गाहरूको एकिन लगत समेत सबैले तदिएको भनी मालबाट तत्सम्बन्धमा कारवाई हुनु गर्नु पर्ने समेत नभै रहेका र स्थायल कब्जभेशनको लागि परेको बिगाहा ३८१।।।२।३ को २०१५ सालदेखि १५ वर्षको लागि फी. बिगाहा भा .रू. १= दरले नोमिनेशन शुल्क लिने गरी दिएकोमा सो समेत असूल गर्ने कार-वाई नभई लेखा परीक्षणबाट तत्सम्बन्धी आर्थिक विवरणको मांग गरिएपछि कारवाई चलाएकोमा पनि हालसम्म एकिन गरी आर्थिक विवरण दिन नसकेकोबाट त्यत्रो राष्ट्रिय सम्पत्तिको वर्षौदेखिको असूल उपर गर्नु पर्ने लगत कायम नगरी बरबाद पारी राखेको ।

२०१८।१९ मा दैनिक भ्रमण भत्तामा रू. ८५९।५८ निकाला बेगर र पाउने भन्दा बढी रू. ५३।३९ खर्च लेखेकोको अतिरिक्त रू. २४९। ६० सोध भर्ना गर्नु पर्ने नगरेको र रू. १३६। को खर्चको फांट पेश नगरेको अन्तर्गत अड्डाहरूलाई पैठिक गएको रू. ७,९३,३५२।६९ माल, घर बनाउन विभिन्न माल, अड्डालाई गएको रू. २,१५,९३१।५१ को पेस्की फछर्यौट नगरेको । रकम रकमबाट निकासा गराई खर्च गरेको रू. ७१४।८१ आर्थिक विवरणमा नपारेको । पेस्की खाताको बांकी रू. ११,००८।७० फछर्यौट नगरेको । उपदानमा रू. १९।५८ बढी खर्च लेखेको । जिल्लाका पदाधिकारीलाई विभागबाट तलब दिलाउँदा लाग्ने हुण्डीयान रू. १५।७६ कट्टी नगरी खर्च लेखेको ।

२०२०।२१ मा २०१८ सालको पुनर्गठनमा बन विभागबाट ललितपुर मालमा हाकिम ना.सु. मा सरूवा हुनु भई पदावधि नपुग्दै २०१९ सालमा काठमाडौं माल पहिलामा सरूवा हुनु भएका हाकिम विशेष पुलिस विभागबाट सस्पेण्डमा परी सेवाबाट मुक्त भएकोमा निजको अपील परी २०२०।५।२८मा सफाइ पाए अनुसार निजको साबिक पदमा नपठाई दरबन्दी नै नभएको मालपोत विभागमा ठाडो हाजिर गरी (निज सस्पेण्ड रहेका बेलाको कायम मुकायम हाकिम गरिएका विभाग कै पदाधिकारीलाई कायम मुकायम मुकरर गरी राखेको कायमै राख्नु भएको) तत्पश्चात् २०२०।६।२२ मा निज ओखलढुङ्गा मालको हाकिममा सरूवा गरेकोमा पनि नपठाई विभाग मै राखी एक महीना पछि २०२०।७।१७ मा सोही ओखलढुङ्गा मालमा हाजिर हुन पठाउने भन्ने अनावश्यक अर्को निर्णय गराएकोमा पनि नि. से. नियमावलीको प्रतिकूल पारी नपठाई काम फछर्यौट गर्ने निहुँले विभागमै राखी फेरि अर्को एक महीना पछि निजलाई मालपोत विभागको दरबन्दी खाली पदमा सरूवा गर्ने २०२०।८।१३ मा अर्को निर्णय गरी अर्थ मन्त्रालयले मालपोत विभागमा सरूवा गरेको । सो अनिश्चित व्यवस्था भएको अवधि भरको निजको साबिक पद काठमाडौं माल पहिलामा कायम मुकायम नै राखी दोहोरो तलब खर्च हुने गरी विशेष पद सृजना भए पछि सोध भर्ना गर्ने गरी दरबन्दी नै नभएका पदको अनियमित तरीकाबाट तलब खुवाउनु भएको कारवाईलाई प्रशासनको औचित्यको दृष्टिबाट गरिएको कारवाई बिलकूलै मनासिब छ भन्ने अर्थ मन्त्रालयको भनाई आर्थिक दृष्टिकोणबाट उपयुक्त भन्न नहुने हुँदा सो कारवाईबाट राष्ट्रिय धनको नोक्सान पारेको ।

२०२०।२१ मा भू. पू. का. मु. डाइरेक्टरले माल तथा भन्सारको निरीक्षण गर्ने काम देखाई अन्यत्र जिल्लाहरू तर्फ कतै कतै भ्रमण गरेको कुरा अर्थ सचिवले विचार राख्न हुनु पर्नेमा नराख्नु भएको र सो भ्रमणमा कलम कलमको गरी जम्मा रू. १७।५० ३।४ दिन सुकाम समेत गरेको कुरा अर्थ सचिवले विचार राख्न हुनु पर्नेमा नराख्नु भएको र सो भ्रमणमा कलम कलमको गरी जम्मा रू. १७।५० लिन खान नमिल्ने रकम समेत लिई राष्ट्रिय धन बरबाद पारेको ।

काठमाडौं माल पहिला

२०१८।१९ मा मालपोत बक्यौता बांकी रू. ४,७४,७४९।१५।३ मध्ये सांखु १२ मौजाको २०१७ सालसम्मको जिम्मावालाले असूल गरेको रैतानी खेस्ता दाखिल गराई सदर स्याहा गर्ने गरी धरौटी रहेको रू. ७९,९७७।७६, २०१७ सालको ३ मौजाको धरौटी रहेको रू. ९,६५१। सदर स्याहा गर्ने कारवाई नगरेको । २०१३ सालसम्मको (२०१४।१५।१६ सालको मालपोत चुक्ता बुझाउनेलाई २०१३ सालसम्मको बांकी

मिनाहा गर्ने निर्णय बमोजिम) मिनाहा गराई लिनु पर्ने रू. ८,४२४।०४ र २०१७।१८ सालको खोलो कटी मिनाहा गराई लिनु पर्ने रू. ५,८३९। ९२।१।। समेत रू. १,०३,८९२।७२।१।। लेखिए बमोजिमको कारवाई नटुङ्गिंदा बांकी राखेको अतिरिक्त सो कटाई बांकी रू. ३,७०,८५६।४३ र २०१८।१९ को बांकी रू. ६५,६०१।३०।३।। बेकायमी रैती बांकी असूल गर्ने तर्फ कारवाई भईरहेको भन्ने जवाफ दिई कारवाई टुङ्गिंदा फछर्यौट नगरेको ।

धरौटी फछर्यौट कटाई बांकी रू. १,१२,६६७।९० मध्ये सांखु १२ मौजाको र अरू मौजा समेतको कारवाई गरी सदर स्याहा गर्नु पर्ने रू. ८९,६२८।७८ र अरू स्याद पुगे नपुगेको छुटचाई फछर्यौट गरी सदर स्याहा गर्नु पर्ने समेत कारवाई नगरी राखेको । हाल आबादीको लगत कस्नु पर्ने कलम ६८७ मध्ये फछर्यौट गरेको कलम ४ को यो यति लगत हुन आएको भन्ने र बांकी फछर्यौट गर्नेतर्फ समेत कारवाई नगरी मौजा मौजाको मालपोत तहसील गर्ने लगतमा धेरै जसो सोही कायम नगरी असूल गर्ने गरेको ।

पदाधिकारीहरूको रिपोर्ट पास नगरी तलब खर्च लेखेको रू. ७२०। नियमित गराउने तर्फ कारवाई नगरेको को अतिरिक्त साल तमाम सम्मको खर्च भै बांकी रहेको रू. २,०३२।६९ अर्को आर्थिक वर्षको श्रावण ५ गतेसम्ममा सञ्चित कोष दाखिल गर्नु पर्नेमा एक वर्ष बाद पश्चात् भए पछि मात्र दाखिल गरेकोमा समेत कुनै कारवाई नगरेको ।

२०१८ सालदेखि २०२० सालसम्म ३ वर्षको अवधिमा कायम मुकायम समेत गरी ४ जना हाकिमको अदली बदली भएकोले यसरी चांडो हाकिमहरू बदली गरिएको कारणबाट पनि असूल फछर्यौट तथा सुधार गर्ने काममा भन्दा बुझ बुझारथमा बढी समय लाग्न गई बक्यौता फछर्यौट र खेस्ता सुधार गर्ने काम हुन नआएको ।

२०१९।२० मा जग्गा तर्फको रू. ५,७९,२३७।५७ लगत बांकी राखेको । रू. १६४।२१।३ लगत कस्न छुट गरी राखेको, निकासा भन्दा रू. ११।६।२ बढी मिनाहा खर्च लेखेको । मिनाहा भै बांकी असूल गर्नु पर्ने रू. ३।५९ असूल नगरेको । स्याहा आम्दानी नजनाएको रू. ३।३९ लगतमा असूली जनाएको । टिप्पणी स्याहा भन्दा गोस्वारा स्याहामा रू. १०। घटी आम्दानी बांधेको । ४० प्रतिशत वृद्धि रू. ७२०।१५ असूल गर्न छुट गरेको । मिनाहा भएको भन्दा लगतमा धान १०।६।४ घटी जनिएको । मिनाहाको ठहर भन्दा धान २।२ बढी मिनाहा भएको । खेत ।११।१६।४, धान १।१५।६, घ्यू ।९ मिनाहाको आदेश र लगत नभिडेको । धान ।१७।७।१, गहूँ ।१।२, घ्यू ।२७।२ को खलाहरूको लगत र मिनाहाको अङ्क मिलेमा मिनाहा लेखेको । जिम्मावालाले मसौट गरेको रू. ३,४२६।४४ असूल नगरेको । १ खलामा सध्ये जनिएकोमा सोही कायम गरी बर्ता नगरेकोको अतिरिक्त घटी असूल गरेको । धरौटी रू. १,५१,०५१। फछर्यौट नगरेको को अतिरिक्त बेङ्क पास-बूक भन्दा धरौटी स्याहामा रू. ३२०। घटी देखिएको । खेत २४।१० को धान ९।, गहूँ ।१२।४, घ्यू ।५९।१ घटी जिम्मावारी सारेको । लगत र रैताल लगतमा खेत ५ को धान ९।६।४।५, गहूँ १२।७।५, घ्यू ४।६६।१ फरक पारेको । १९८९ सालदेखि बाली आउने गरी नम्बरी भएको धान ७।४, गहूँ ।.।४, घ्यू ।२।२ को खला र धान १।३।४, घ्यू ।३६ को खेत ११।१४ कोल गत छुट गरेको । रैमान नं. ८२ को खला मध्ये धान १।१२ को जग्गाको लगतै नभएको एक साले लगतमा नं. २९४, २९५, ३२६, ३२७ को सिलसिलेवार नम्बर नभएको । धान ३।४, गहूँ ।१।६।४, घ्यू ।७ को लगत छुट गरेको । बेपत्ते लगतको फांट पेश नगरेको । आंठा तोड्नु पर्ने खलाको आंठा नतोडी राखेको । पर्व पूजा रकममा रू. १। बढी खर्च गरेको । अन्य इलाकाका जग्गाको सम्बन्धित मालमा लगत नपठाई राखी छाडेको समेत विभिन्न त्रुटी भै कोर अवस्थामा रहेको ।

काठमाडौं माल दोस्रा

२०१९।२० मा रू. २४,३४९।९५ असूल गर्न बांकी राखेको को अतिरिक्त धरौटी रू. ५५,४१३।२९ नफछर्यौएको ।

काभ्रेपलाञ्चोक माल

२०१८।१९ मा अग्नि पीडितहरूलाई निर्व्याजी सापटी गरेको मा भाखाभित्र असूल उपर गर्नु पर्ने नगरेको रू. ९६,३००।, रू. ६२,०२०। उज्राती फछर्यौट नगरेको को अतिरिक्त मालपोत, दण्ड जरिवाना र रेडियो करको समेत रू. १,०९,७९०।१६ असूल हुन बांकी रहेको ।

२०१९।२० मा मालपोत बांकी रू. १,०८,६३७।१८।३, दण्ड जरिवाना रू. ५,०६३।०६, उज्राती रू. १,०८,३०९।४३ र धरौटी रू. १२,३,९५५।७४ फछर्यौट नगरेको मालको लगतमा रू. ४२।९८ घटी लगत कसी राखेको । रू. ३।९२ टिकट दस्तूर असूल नगरेको । जिम्मावाली खानीमा रू. ३१।१२ बढी खर्च लेखेको । रू. १०५।२९ मिनाहाको सबूद पेश नगरेको । रू, ३५९।३७ लगत भन्दा स्याहामा घटी आम्दानी बांधेको । सिकासा बेगर रू. ६९।१८ खर्च लेखेको । रू. २५।०९ रजिष्ट्रेशन दस्तूर घटी जिएको । रू. ३५९।०४ धरौटी जिम्मावारी सारी छुटाएको । धरौटीबाट खर्च लेखी सदर स्याहा गरेकोमा रू. १३।३२ घटी आम्दानी बांधेको । इलाका अदालतको धरौटीमा रू. ६८।१६ बढी जिम्मावारी सारेको ।

कीर्तिपुर माल

२०१९।२० मा २०१८।१९ सम्मको मालपोत बक्यौता मध्ये रू. १३,३२६। मात्र असूल भएको (रकम मध्ये एक व्यक्तिसंग २।३ सालको पुरानो बांकी जम्मै असूल गर्नु पर्नेमा केही मात्र असूल गरी बांकी रहेको, रू. १३३।८२) रू. २। घटी असूल गरेको । रू. २०६।४४।२ मिनाहा खर्च लेखेको मिनाहाको आदेश पेश हुन नसकेको । लेखा परीक्षणबाट देखिएको बरबाम छुट बेरूजु रू. ३१०।९५ असूल फछर्यौट गरेको को अतिरिक्त मालपोत बांकी (२०१३ सालसम्मको मिनाहा भएको लगत कट्टा गर्नु पर्ने रकम समेत) रू. १,२१,०७४।३३।३।। धरौटी बांकी रू. ११,८७८।५९ समेत फछर्यौट गर्ने कारवाई नभई एक वर्षभित्रमा ३ जनासम्म हाकिम फेरिएकाबाट पनि गत साल भन्दा बढी बक्यौता रहेको समेत देखिएको । राजस्वको रकमबाट जिम्मावाल खानीमा रू. ६३५।७० खर्च लेखेको सोध भर्ना नगरेको । रू. १०। को झील भरपाई पेश नगरेको ।

कुन्छा माल अड्डा

२०१९।२० मा मालपोत रू. १,७४४।८२, दण्ड जरिवाना रू. १,२४१।७१ किस्ता बन्दीमा असूल हुने ठेक रकमको रू. ५,१२७।७४।१, रेडियो कर, रू. १८०। असूल फछर्यौट नगरेको । स्याद नाघेको धरौटी रू. ८९।८०, उज्राती रू. ११०।४, लेखापरीक्षणबाट पत्ता लगाएको छुट रू. ९७।९७।२ फछर्यौट नगरेको । सञ्चित कोष दाखिल भएको रू. १३८।२५ दोहोरो खर्च लेखेको । भिर्ता सम्बन्धी कामका कर्मचारीलाई निकासा भन्दा रू. ८८४। बढी उज्राती राखी तलब खुवाएको ।

गोरखा माल

२०१९।२० मा मालपोत बांकी मध्ये मिनाहालाई जाहेर भैरहेको रू. १०,५०६।३६, हवाई ग्राउण्डमा परेको लगत कट्टा गर्ने कारवाई नगरी राखेको रू. ३,०८९।५० दण्ड जरिवाना रू. २,७१९।७४।३, रेडियो कर रू. ५६०। समेत बांकी देखिएकोको अतिरिक्त धरौटी बांकी रू. ३९.११४।०४, भा.रू. ८२।। म्याद पुगेको फछ्यौंट नगरी राखेको । उज्राती रू. २७,१७८। कारवाई नगरी राखेको । तहबील मौज्दात रू. २१,२२८। सम्म पनि राख्ने गरेको देखिएको ।

दांग देउखूरी माल

२०१९।२० मा मालको जम्मा बन्दी लगत २००७ सालको क्रान्तिमा जलेको भनी तत्सम्बन्धी श्री कुमारी चोक, लगत फांट समेतबाट जम्मावन्दी झिकाई लगत कायम नगरी जिमिदारी पटुवारी ले दिएको लगतबाट असूल तहसील गर्ने गरेको । मालपोत बाकी रू. ४३,९१७।२७।३, दण्ड जरीवाना रू. १,४९६।०७, बिल रोयल्टी रू. २,६७२।–, रेडियो कर रू. ९५५।८८ र लेखापरीक्षणबाट देखिएको छुट विभिन्न रकमको रू. १९३।१२ असूल उपर नगरेको । धरौटी तर्फ रू. २९१।८१ को फांट नभएको को अतिरिक्त म्याद पुगेको बाँकी रू. ९७,७३५।८८ फछ्यौंट नगरेको । उज्रातिको फांट साविकले नबुझाएको । भनि परीक्षण नगराएको नदीकाट बालू–बुर्जको मिनाहाप्रंक नजनाएको । मिलहरूको लगतमा लाइसेन्स मिति नजनाई लगत राखेको । व्यतीत आर्थिक वर्षको विभिन्न अड्डाहरूको बजेट निकासा मध्ये धरौटी रहेको रू. २७,७५१।२७।२ सदर स्याहा गर्ने कारवाई नगरेको । रैकरमा परिणत भै सकेका वितिको नियमित लगत तयार नगरी राखेको । तलब भत्तामा आर्थिक विवरणमा देखाए भन्दा रू. ४,१५२।३४ बढी खर्च लेखेको आधार पेश नगरेको । साविक हाकिमको बढी वृद्धि रू. ७५।–, नियुक्ति सदर बेगर पदाधिकारीलाई रू. २,११२।५७, बिल भरपाई बेगर मसलन्द रू. ७००।– खर्च लेखेको । बजेट स्वीकृति बेगर श्री स्वर्गद्वारीका अखण्ड धुनीको सहायतार्थ रू. ६,३७५।०५ दाङ एस. पी. अफिस घर भाडा रू. ७२०।– खर्च लेखेको । असिष्टेण्ट गभर्मेन्ट लीडरको तलब भत्तामा रू. ३२।२९।२, दाङ अस्पतालके मालसामान रकममा रू. २८५।३५, ठेकदारलाई रू. १।– समेत निकासा भन्दा बढी खर्च लेखेको । हाकिम तहरिर २।३ महीना भित्र २।२ अदली बदली भएको र साविक संग बुझ बुझारथ सम्पन्न गर्न समेत १६ पटक सम्म लेखापढी गरी विभागमा समेत बोधार्थ प्रेषित गर्दा पनि सदरमा भएको साविक हाकिमलाई बुझ बुझारथ गर्न नपठाई दिएको समेत कारणबाट उज्राती रकमको परीक्षण गर्न नपाएको ।

धादिङ माल

२०१९।२० मा मालपोत रू. १,७१,९५६।१५।१, दण्ड जरिवाना रू. ३,०५२।८९, गुठीतर्फको नगदी रू. ३,५१२।१९, जिन्सी धान मुरी ९९।७।१ समेत असूल नगरेको । धरौटी रू. २,०५,८९६।१०, उज्राती रू. १४४६।– फछ्यौंट हुन बांकी देखिएकोको अतिरिक्त म्याद नाघी सकेको धरौटी ३ सांचा दाखिल भै रहेको रकम सदर स्याहा गर्ने कारवाइ नगरेको ।

पाल्ही माल

२०१९।२० मा रू. ५००।– भन्दा बढी तहबील मौज्दात राख्न नमिल्नेमा रू. ८,४७,९१५।५६ मौज्दात राखी छाडेको । रेडियो कर रू. १७०।– लगत छूट भै असूल हुन नपाएको । हाल लगत कसेको रू. २,५६९।७९।१, बक्यौता मालपोत ठेक रकम समेत जम्मा रू. २,८५,७७२।१।२ असूल फछ्यौंट नगरेको । रू. ५८०।– धरौटीको म्याद नघाई फिर्ता दिएको । मुद्दा चली रहेको छंदै रू. ९,१५१।६४ धरौटी फिर्तादिएको । साविक म्याद पुगेको उज्राती रू. ६,०८,७२०।१४ फछ्यौंट नगरेको (पाल्ही मालको) । माझखण्ड मालमा दाखिल भै रहेको रकम मध्ये रू. १,४८,४५४।१६ को फांट प्राप्त हुन नसकेको । धरौटी साबिक रू. ३,१४,९५८।२४ फछ्यौंट नगरेको । धरौटी र उज्राती लेस्ताहरू बोर अवस्थामा राखेको । जिन्सी मालसामान बेहिफाजतसंग राखेको ।

प्युठान माल

२०१९।२० मा उज्राती रू. ४९,२५३।५९।४ फछ्यौंट नगरेको । बिर्ताबाट रैकरमा परिणत भएको लगत तयार गरी नसकेको । नपाउने तलब रू. ५९।४० खर्च लेखेको, अघिल्लो सालको बांकी तलब निकासा बेगर रू. २४०।– खर्च लेखेको । तारा दल कम्पनीको २०२८।१९ को निकासा रू. २,०००।– पुनः स्वीकृति बेगर खर्च लेखी दिएको । भर्ना भएको पदाधिकारीहरूको नियुक्ति सदर बेगर रू. १,४७५।– खर्च लेखेको । मालपोत बक्यौता बांकी रू. १५,८४७।८१।१ फछ्यौंट नगरेको । तेल बत्ती रकमको निकासा बेगर रू. १८१।६० उज्राती राखी खर्च लेखेको, लगत छूट देखिएको रू. ३।७४ लगत कसी असूल नगरेको । रू. ११,७७१।८६ को सर्भिस टिकटको कुनै व्यवस्था नगरी त्यसै राखेको । खोटा टक डलब रू. २,६५८।–निकासा भए बमोजिम गाली लिलाम गर्ने कारवाइ नगरी राखेकोको अतिरिक्त २०१८ देखि २०२० सम्ममा ३ तहरीरको अदली बदली भएकोबाट हुनु पर्ने लेस्ता सुधार तथा असूल फछ्यौंट हुन नसकेको ।

बन्दीपुर माल

२०१९।२० मा मालपोत मध्ये रू. २,०३७।११ असूल फछ्यौंट नगरेको । विशेष अधिकार सम्पन्न दौडाहाका आदेश बमोजिम भनी अधिल्ला सालको तलब धरौट नराखी पछि सदर स्याहामा जिम्मावारी सारी रू. ९,१३३।६२ आर्थिक नियम उल्लंघन गरी खर्च लेखेको । धरौटी रू. ९३,०१२।८६।२, भा.रू. १,८८४।।२।। फछ्यौंट नगरेको । म्याद पुगेको उज्राती रू. २२,४७६।१५ फछ्यौंट नगरेको । बजेटभन्दा रू. ५,४४४।४० बढी जिम्मावाल खान्नी खर्च लेखेको । पेन्सनवालाको मरुवा मुचुल्का नभिडाई बांकी रू. १५४।– खर्च लेखेको । लिन खान नपाउने रकम रू. ५०२।५० खर्च लेखेको र रजिष्ट्रेशन दस्तुरमा समेत छूट रू. ३२।– असूल उपर नगरेको । पाठशाला २ लाई असूल उपर नगरेको । पाठशाला २ लाई ९१९।९२ खर्च लेखेको लेस्ता पेश हुन नसकेको ।

भक्तपुर माल पहिला

२०१८।१९ मा २०१७ सालसम्मको मालपोत बक्यौता रू. ७,२२,५१०।७६।१ (जसमा २०१४।१५, २०१५।१६ सालको चुक्ति बुझाउनेको २०१३ सालसम्मको बांकी मिनाहा गर्ने निर्णय भए बमोजिम मिनाहा गर्नेतर्फ कारवाइ नगरी राखेको असूल नहुने रकम समेत परेको

छ) मध्ये जिम्मावाली मौजाको रू. ४,१९,०७३।५०।१, रैतानी तर्फ कायमी रू. १,३७,४९१।१३, बेकायमी रू. १,६५,९४६।३३ र २०१८।१९ सालको एक साले मध्ये रू. २५,८०२।९४।१, जिन्सी धान मुरी २२।७।७।१ र धरौटीतर्फ मालपोत वापतको रू. ४७,७२४।३७, दुनियांको बाली वापतको रू. १३,३६०।५१ समेत जम्मा रू. ६१,०८४।८८ मा रू. १,४६१।४६ फछ्यौंट भै बांकी रू. ५९,६२३।४२ असूल फछ्यौंट गर्न र बेकायमी तथा मिनाहा गर्नु पर्ने समेत गरी लगत कट्टा गर्न कारवाइ गरी नफछ्यौंएको र दरदाम छूट बेरुजु रू. २०६।६१, जिन्सी धान ।५।२ असूल उपर नगरेको । बांकी वाला जिम्मावालाहरूलाई कानून प्रतिकूल पारी रु. ४,१५६।२४ जिम्मावाल खान्गी खर्च लेखेको । बजेट विनियोजन भन्दा रकम रकममा गरी जम्मा रू. १,६७८।९५ टिकट रकमको बचतबाट निकासा बेगर रकमान्तर गरी बढी खर्च लेखेको । बजेट रकमको त्रैमासिक निकासा नआएको भनी रू. ४९।१८ आम्दानी मध्येबाट खर्च लेखेको बजेट रकमबाट निकासा भएपछि सोधभर्ना गर्न पर्ने नगरेको । आर्थिक वर्ष व्यतीत हुंदाको राजस्व तर्फको बांकी रू. ४६,६९१।५७ नियम बमोजिम अर्को आर्थिक वर्षको श्रावण ६ गतेभित्र सञ्चित कोष दाखिल गर्न पर्नेमा म्याद नघाई दाखिल गरेकोमा कुनै कारवाइ नभएको । तहसीलको टायममा म्यादभित्र राष्ट्र बैंक दाखिल गर्न नसकिने भनी पौष देखि आषाढसम्म नियमले अड्डामा मौज्दात राख्न पाउने रू. १,०००।– भन्दा बढी म्याद नघाई अड्डा मौज्दात राखेको ।

मोरङ्ग विराटनगर माल

२०१९।२० मा २००७ सालदेखिका साबिक हाकिमहरू समेतले समय समयमै बुझबुझारथ सम्पन्न गरी लिने दिने नगरेका कारणले असूल तहसील गर्नु पर्ने लगत उज्राती, धरौटी समेत एकीन हुन नसकेको सम्बन्धमा कारवाइ हुंदा २०२१।३।३ मा गोस्वारा समेतको ट्रिबुनल गठन गरी बुझबुझारथ गरी सम्पन्न गर्ने मालपोत विभागबाट आदेश गएकोमा पनि तद्नुसार बुझबुझारथ कार्य सम्पन्न नगरेकोको अतिरिक्त श्री कुमारी चोक दाखिल भै रहेका लेस्ताहरूको पनि २००६ सालदेखिको जांच हुन बांकी रहेको समेतबाट जिम्मावारी सारेको लगतको अंक एकीन हुन नसकेको ।

पाएसम्मका लेस्ताबाट कायम गरिएको भनी दिएका आर्थिक विवरणका आधारमा लेखापरीक्षण हुंदा मालतर्फ मालपोत रू. १,४१,–७६८।१३।३, दण्ड जरिवाना रू. १९४।७०, चर्साको रू. २०,४२९।५१, महुवा भट्टीको रू. ४७,६००।–, रेडियो कर रू. ४,६००।–, २०१४ देखिको गांजा कर रू. ६३, ५६३।३१, मीलको सलामी रू. १५,३७५।–, सहायता आएका गहुं लगानीको २०१५ सालको रू. ९३,९७७।८७, भुखमरी सहायतार्थ आएको चामल लगानीको २००८ सालको रू. १५७,२८१।५६, बांध पैनको लगानीको रू. ६४,२०८।–, मेनेजरी तर्फ मालपोत रू. ४,४११।५४ मोरङ्ग टापूको ६६ प्लट जग्गा २००३।४ सालको ख. नी. बाट वितरण भए बमोजिमको लगत तयार नगरी बुझाउन ल्याएसम्मको बुझ्ने गरेकोमा पनि रु. ७,३९७।२० बक्यौता रहेको समेत असूल उपर नगरी बांकी राखेको ।

मालतर्फ सदर स्याहाको रु. २२,९१६।६५, धरौटीको रू. ७,७३,६१०।७३, मेनेजरीको रू. ८,९७५।२८ साबिक जिम्मावारी र बैंक बांकी यत्ति नै हो भन्ने आधारभूत प्रमाण बेगर एकीन हुन नपाएको । मेनेजरीको धरौटी रू. ३२,६५७।५९ बैंक मौज्दातको सबूद पेश नगरेको । माल तर्फको उज्राती बांकी रू. ५८,७६,७०३।३३।३, मेनेजरीतर्फको रू. ५९,२८,३९७।६५ फछ्यौंट नगरेको । रजिष्ट्रेशनतर्फ रू. ५२४।०५ को आय टिकट नटांसी नोक्सान पारेको । चांदी, गहना, खोटा मुद्रा रू. २।–, भा.रू. ४९८।१७ विभागमा दाखिल गर्न, रू. ४८२।६९ दैनिक भ्रमण भत्ता समेत खर्च गरी विभागमा बुझाउन ल्याएकोमा नबुझी फिर्ता गरेको, र हाल फेरि गुठी लगत जांचमा बुझाउने आदेश गरेकोमा पनि तद्नुसार नगरेको । लगानी रकमको असूलीमा रू. ९।४६ छुटाएको । घटाघट बेगर रू. ७७०।– को मसलन्द खरीद गरेको । साबिक जिन्सी किताब पेश नभएकोबाट यत्ति नै हो भन्ने एकीन नभएको । टिकट आम्दानी खर्चको लेखापेश नगरेको । गहुं लगानीको बक्यौंता असूली रकमबाट सहायक मन्त्रीको भ्रमणबाट निकासा भएको भनी स्थायी स्टाफको निमित्त तलब भत्ता मसलन्दमा रू. ३,०७०।– खर्च गरेको बजेटबाट सोध भर्ना समेत नगरी राखेको ।

मोतिपुर हात्तिसार गोदाम, गौर

२०१९।२० मा तलब, भत्ता, मसलन्द, सिधा, दाना समेत जम्मा रू. २२,७३६।४६ निकासा भन्दा बढी खर्च लेखेको । तलब भत्ता खर्च रू. १५,२६९।२० को खान पाउनेको भरपाई पेश नगरेको । ठेक्का भुक्तान भएको ५।६ महीना बिति सक्दा पनि ठेक्कादारलाई गएको पेस्की रू. ३९,५६१।३९ फछ्यौंट गर्ने कारवाई नगरेकोको अतिरिक्त ठेकदार संग साबिक पेस्की बांकी रू. १०,०२५।४५ वर्षौं हुंदा पनि असूल उपर नगरेको । शिकारको काममा खर्च भएको पेस्की रू. ५११।६५ फछ्यौंट गर्ने कारवाई नगरेको ।

साझ खण्ड माल भैरहवा

२०२१।२२ मा बेचल्लीका कुरूवाहरू थान १७ (गाली) लिलाम नगरेको । जग्गाको जम्मावन्दी किताव पानी परी धुलिएकोमा श्री कुमारी चोकमा रहेको लगत किताबबाट भिडाई सुधार गरी हिफाजत साथ नराखेको ।

रामपुर गुदि गाउँ माल

२०१९।२० मा मालपोत बांकी रू. १,०९,३५०।४२, दण्ड जरीवाना रू. १४६।१३, गांजाको अन्तः शुल्क रू. ६,२८१।५८, कर्जा लगानी रू. ८७,५१३।५४, जिन्सी लगत ३६७।५ असूल फछ्यौंट नगरेको । मालपोत तर्फ भूलले बढी लगत कसिएको भनी रू. ५,२३३।७५ को प्रमाण पुऱ्याई लगत कट्टा गर्ने कारवाई नगरेको । दण्ड जरीवाना रू. ११२।– म्याद नघाई आम्दानी बाधेको । रेडियो थान १ म्याद नघाई रिन्यू गरेकोमा लाग्ने जरीवाना नलिएको । जग्गा कर रू. ४०७।२७ असूलीको सबूद बेगर भिनाहा दिएको । मालपोत बांकी मध्ये रू. ६,१०८।६१ को कारवाईको सबूद पेश नगरेको । बक्यौंता बांकी असूल कट्टि नगरी लिलामबाट बढी आएको रू. १८०।४ फिर्ता दिएको । विभिन्न राजस्वको रू. २,१८,६९१।९३, जिन्सी मन ४८,२९५ को लगत रितपूर्वक नराखेको । स्वीकृति बेगर विदामा बसेकोलाई रू. २०८।७४ तलब भत्ता खर्च लेखेको । उज्राती रू. ७,८२७।९८ फछ्यौंट नगरेको ।

रौतहट माल अड्डा

२०१९।२० मा गांजा खेतीको रू. ६,९००।८४, रेडियो कर रू. ३६३।३६, मालपोत रू. ५,७९,७४५।४३, दण्ड जरीवाना रू. ४८,८१२।०४, मील रोयल्टी रू. १३,८८९।६१, पानी पोत रू. १, ७९९।५०, महालात (मद्य, मट्टि चर्सा रकम) रू. १७,२९३।६३ भूखमरी कर्जा रू. ९,३२७।२०, अग्नी पीडित कर्जा ८,८२६।२२, अन्न सङ्कट कर्जा रू. ७८,८८२।८७, बांडी पीडित कर्जा रू. १३,९०८।४०

र रजिष्ट्रेशन दस्तूर छुट रू. १७।५० समेत असूल उपर नगरेको । लगत ईष्टिमेट बेगर रू. १,५००।– मर्मतमा खर्च लेखेको । हद म्याद नाघी सकेको धरौटी बांकी रू. १,०३,०६४।७६ फछर्यौट गर्ने कारवाही नगरेको । म्याद नाघि सकेको सदर स्याहा गर्नु रू. ३६।३२ फिर्ता दिएको, समय मै सटही नगरी दिएबाट चलन चल्तीमा नआउने भै नोक्सान परेको पुरानो भा नोट रू. २,०००।– रहेको देखिएको । उज्राती रू. १,४३,६५१।६० फछर्यौट नगरेको । गांजा खेतीको लगत छुट गरी राखेको रू. १८४।२४ लगत सम्म कसि असूल फछर्यौट गरी नसकेको ।

ललितपुर माल पहिला

२०१८।१६ मा २०१८ सालसम्मको बक्यौता (जस्मा २०१४।१५, र १६ सालको चुक्ती बुझाउनेको २०१३ सालसम्मको मिनहा गर्नु पर्ने, खोलो पैरो चामलको लगत भएकोमा २००६ साल देखी धानको लगत गरी चामलको लगत मिनाहा गर्नुपर्ने, खान्नी खारेज भई लगत हुन आएको कायम गर्नु पर्ने समेत छुटचाई कारवाई गरी लगत कट्टा गर्नु गराउनु पर्ने नगरी राखेको असूल नहुने रकम समेत छन्) रू. ४,६४,१४६।७४, जिन्सी धान मुरी ३८६।११।५, लेखापरीक्षणबाट बेरूजु देखिएको रू. १७६।७१, धान मुरी १७।६ फछर्यौट नगरेको । साविक दर साविक देखिको धरौटी बांकी देखिएको कारवाई गरी फछर्याउनु पर्ने नफछर्याएको रू. ११,-२६५।६८, खर्च तर्फ पर्व मामुलीको वचत रकमबाट निकासा बेगर छपाई तथा ढुवानीमा खर्च लेखेको रू. २६८।६२।

सिन्धुपाल्चोक माल

२०१८।१६ मा पाकशालाका गरीब गुरुवाहरूलाई पाउने लुगा र भाडा वर्तन खरीद गर्दा कोटेशन तथा दर भाउ बेगर रू. १,१३२।१८ खर्च लेखेको । बजेट विनियोजनभन्दा जिम्मावाल खान्गीमा रू. ७७४।८५, तलब रकममा रू. १७७।८२ निकासा बेगर बढी खर्च लेखेको । रू. ४१।६६ को सर्भिस टिकट खर्चको भरपाइ पेश नगरेको । उज्राती रू. ८,४७३।८८ फछर्यौट नगरेको । मालपोत बांकी रू. ७,७१३।१६।१, दण्ड जरिवाना रू. १,०५६।३।३, रेडियो कर रू. ८०।–, धरौटी बांकी रू. २,००,८४४।८६ मध्ये साविक दर साबिकदेखिको म्याद पुगेको जति छुटचाउनु पर्ने समेत नछुटचाई फछर्यौट गर्ने कारवाइ नगरी बांकी राखेको । खोलो पहिरो मिनाहाको निकासाभन्दा रू. ४।१ भढी मिनहा खर्च लेखेकोको अतिरिक्त भत्केका सरकारी घरको काठपातहरू जिन्सी किताबमा आम्दानी बांधी सुरक्षित साथ राखी आवश्यक कारवाइ गर्नु पर्ने नगरेको । हाकिमले चर्चेको सरकारी घर जग्गाको बहाल तिरोको व्यवस्था गर्ने सम्बन्धमा सचिव स्तरकी बैठकमा छलफल हुन श्रेय देखिएको भनी सो छलफलकोप्रबन्धको लागि प्रशासकीय व्यवस्था विभागलाई २०१६।८।३ मा मालपोत विभागबाट लेखी गएकोसम्म सूचना प्राप्त भएबाट तत्सम्बन्धमा हुनु पर्ने व्यवस्था हुन नसकेको ।

२०१६।२० मा मालपोत रू. १०,०७७।४२, दण्ड जरिवाना रू. १,५५५।३३ असूल नगरेको । धरौटी रू. ६४,३७७।७०, उज्राती रू. १,७८,-८५५।२ फछर्यौट नगरेको । बजेट निकासाभन्दा तलबमा रु १६७।–, अतिथि सत्कार रकममा रू. ३६३।६३ बढी खर्च गरेको । लगत भन्दा रू. १६६ घटी असूल गरेको । कच्चाबाट नआउने रू. ३।– बढी खर्च लेखेको :

सिराहा माल

२०१६।२० मा जिल्ला मालहरूमा २००७ सालदेखिको बुझबुझारथको काम बांकी भई माल अड्डामा रहेको स्रेस्ता मिसिलहरू सुव्यवस्थितसंग नराखेकोले मालको हाकिम गोस्वराको मुखियाभन्दा माथिको दर्जाको र इलाका अदालतको पनि मुखियाभन्दा माथिको दर्जाको पदाधिकारीहरूको कमिटी गठन गरी बुझबुझारथको काम सम्पन्न गर्न २०२०।११।२ मा श्री ५ को सरकारको निर्णय भएको करीब ६।७ महीना भै सक्दा पनि उक्त निर्णय कार्यान्वित गरी बुझबुझारथ कार्य सम्पन्न नगरेतर्फ तालुक विभागले कानूनन् ठोस कारवाइ कुनै नगरेबाट उपर्युक्त मालको लेखापरीक्षण गर्न नपाएको ।

२०२०।२१ मा माल अड्डाको गडरेज सेफ २, फलामे सन्दूक समेत ने. रा. बैंकलाई बिना शर्त विभागीय आदेशबाट दिई माल र बैंकको एकै कोठामा तहबील राख्ने गरेको । पूर्व पश्चिम राजमार्गको चन्दा असूली देखिएको रू. १,४१४।६५ को अधकट्टी तथा असूल भएको स्रेस्ता देखाउन नसकेको । माल अड्डा घर र हाकिम बसेको सरकारी घर समेत ठाउं ठाउंमा पानी चुही बिग्री भत्केको समेत मर्मत नगरेको । हुकुटीमा पुरानो बन्दुक, टोटा, हुलाकी टिकट धरौटी रू. १,६२,०३१।५३ म्याद नाघेको ननाघेको समेतको स्रेस्ता परीक्षण नगराएकोको अतिरिक्त हाल साबिक हुदाको समयमै हुनुपर्ने बुझबुझारथ र त्यसतर्फ ठोस कारवाइ नगरेको ।

हनुमान नगर माल अड्डा

२०१६।२० मा मालपोत रू. ११,६७,५७४।७५, पानीपोत रू. १,००,८४४।६६।१, दण्ड जरिवाना रू. १६,६५५।३६, गांजाको अन्तःशुल्क रू. ३,८२६।१३।२, महालात ठेक रकम रू. १,२७,६७१।२ ६।२, रेडियो कर रू १,५५०।–, मीलको रोयल्टी रू. ५,६८२।६७, कर्जा लगानी रू. २१,८११।२० ,फटकर रकमको रू. २३, ०४३।८४।१, अस्पताल तर्फको पोत रू. ७७०।७५।२, पानीपोत रू. २,०२५।५३।३, चतरा अस्थान तर्फको जालपोत रू. १,४२६।०४।३ ,पाकशालातर्फको रू. २,७४६।७६।३, सैनिक समर्थन तर्फको रू. १०,७३६।६४।१, गुठी समेत तर्फको महालात ठेक रू. २,३८८।४८ कर्जाको रू. २३,४१४।०७।२ समेत जम्मा रू. १५,१२,१८७।६८ जग्गा बांकी राखेकोको अतिरिक्त किस्ता बैसाख नभएको समेत बांकीमा कानूनी कारवाइ नगरेको । मालपोतको सत्य पछि आषाढ मसान्तसम्म पनि सूद नलिई असूल गर्ने गरेको । कुनै मौजाको जम्माबन्दी पेश गर्न नसकेको । प्रमाणित लगत बेगर साबिक हाकिमले दिएको अकर्णका आधारमा असूल गर्ने गरेको । पर्याप्त आधार बेगर मिनाहा लेखेको । क शी प्रोजेक्टले प्राप्त गरेको जग्गाको प्रमाण बेगर मालपोत बांकी राखेको । गांजाको खेती जांचमा दर्जा नगुणेको कर्मचारीबाट मुचुल्का खडा गर्न लगाएको । मील को साबिकले लगत नबुझाएको भनी लेखापरीक्षणबाट पक्राउ गरे पछि मात्र लगत कसी असूल गरेको ।

कोशी प्रोजेक्टले प्राप्त गरेको जग्गाको एकीन लगत कायम गरी रजिष्ट्रेशन दस्तूर तथा मालपोत समेत असूल गर्नु पर्ने नगरेको । रु. ११– छई महीना पछि कानूनी कारवाइ बेगर आम्दानी बांधेको । कर्जा लगानीको रू. १२,१३३।४० कारण बेगर धरौटीमा राखी लगत बांकी राखेको । धरौटीको रू. ६,६४,४८५।२१।३, उज्रातीको रू. १६,३८,१४६।६७ फछर्यौट नगरेको र सो को कच्चावार फांट लगत समेत एकीन नगरेको । धरौटीको रू. ६६।१८।२। मालको स्रेताभन्दा बेकमा बढी देखिएको । रू. १,७८०।३२ लिन खान नपाउने तलब भत्ता खर्च लेखेको । मर्मत रकममा खर्च लेखेको रू. ४,५६४।११ को लेखा पेश नगरेको । साबिक हाकिमहरूसंगको बुझबुझारथ सम्पन्न भै नसकेको ।

जंगल सैया हात्तीसार, कलैया

२०१६।२० मा भरपाइ बेगर रु. ५,३१६।४० तलब भत्ता खर्च लेखेको । मसलन्दमा रु. १२१।५०, औषधिमा रु. ४०।–, सूर्ती तमाखुमा रु. ३०।–, मर्मतमा रु. ६००।–, रसद दाना सिधामा रु. ४,६७२।२० निकासाभन्दा बढी खर्च लेखेको । पूजा खर्चमा रु. ६३।– बिल भरपाइ बेगर खर्च लेखेको । रु. १,६८,२४०।८५।३ उज्राती फछर्यौट नगरी राखेको ।

डुमरवना हात्तीसार, कलैया

२०१६।२० मा भर्ना सदर बेगर रु. ४८०।– तलब भत्ता खुवाएकोको अतिरिक्त अर्थ मन्त्रालयको निकासा भन्दा बढी रु. ७,६३६।०२ तलब भत्तामा खर्च लेखेको । रु. ७५।– मसलन्दमा, रु. ६,००७।४५ सिधा रसदमा र रु. १६४।– पर्व पूजामा बढी खर्च लेखेको । सिधा रसदको फछर्यौट नगरेको रु. ७,४०७।५७ को मिनाहाको सबूद पेश नगरेको । ठाउं ठाउं काम काममा हात्तीहरू खटिंदा समेत गएको पेशकी उज्राती रहेको रु. २,७०,७५०।११, २००७ सालदेखिको बांकी फछर्यौट नगरेको ।

भन्सार तथा अन्तःशुल्क विभाग

२०१८।१६ मा बजेट निकासा भन्दा दैनिक भ्रमण भत्तामा रू. ५२५।६४, पुरानो तलबमा २, ६६७।५६, मसलन्दमा रू. ६००।५४ र तार टिकटमा रु. २४।४६ बढी खर्च लेखेको । बिल भरपाइ बेगर रु. ८२।३०, फांटवारी बेगर रु. १५२।८४ र दैनिक भ्रमण भत्तामा भा. रु. ४६।४०, रू. ४६।२ बढी खर्चलेखेको ज्यालादारी तथा का. मु. र ओमरटायमका समेत अनियमित तरीकाबाट रू. ८१२।१० खर्च लेखेको भन्सार महसुल फिर्ता रकमबाट अनियमित तरीकाले रु. ३३७।४५, तलब रकमबाट दरबन्दी भन्दा बढी रु. १८३।२८, पाउनेभन्दा बढी रु. ।३१, उपदान रकमबाट अनियमित तरीकाले रु. २५१।२६, बढी खर्च रु. ४६।६७, लिन खान नपाउने रु. ३६३।३१ खर्च लेखेको असूल उपर गर्नु पर्ने समेत नगरेको । पेशकी गएको रु. ४१,६२८।२३ फछर्यौट नगरेको । रु. ।७५ सञ्चित कोष दाखिल गर्न छुटाएको । हुंडियान छूट रु. १२५।६० असूल नगरेको । जिन्सी मालसामानको फांट पेश नगरेको । भन्सार घर बनाउन विकास कोषबाट निकासा भएको रु. १,५०,०००।– को निर्माण सम्बन्धी लेखा पेश नगरेको ।

२०१६।२० मा विनु पर्ने आधारभूत प्रमाण बेगर रु. ४०।२५ तलब खर्च लेखेको । विभागबाट तलब नखाने ड्राइभरको सञ्चय कोष रु. १२।– दाखिल गरेको । निकासा बेगर रकमान्तर गरी कोटेशन तथा बिल भरपाइ बेगर रु. ६०३।११ को मसलन्द खरीद गरेको । दैनिक भ्रमणमा पाउनेभन्दा बढी रु. २३६।५२ र बिल भरपाइ बेगर रु. ४६।०६ खर्च लेखेको । रु. ३५०।– दैनिक भ्रमण खर्चको फांट पेश नगरेको । डाइरेक्टर र साथमा गएका खरीदार, पिएन समेतले छुट्टाछुट्टै जीप रिजर्भ गरी रु. ११५।२० बढी खर्च लेखेको । किताब दर्ता बेगर रु. ४८,०७७।१३ तलब खर्च लेखेको । स्वीकृत बेगर रकमान्तर गरी का. मु. भत्ता रु. ७८।८६ खर्च लेखेको । फिर्ता दाखिल गर्नु पर्ने तलब रु. ८२।८ दाखिल नभएकोको अतिरिक्त रु. ७।४२ बढी खर्च लेखेको । चोरी गांजा खेती गरेको पत्ता लगाएको भनी के कति कुन तरीकाबाट पत्ता लगाइएको हो र सो बमोजिम लगत कसी असूल भयो भएन केही मूल्यांकन नगरी माल गोस्वारा समेत मै सवाल बमोजिम नाप जांच गर्दा बढी देखिन आएका कुरालाई लिई कानून बमोजिम दिनुपर्ने अंक नखुलाई माग गरेका आधारमा मन्त्रिपरिषद्को निर्णय गराई रु. ३३,२८५।३४ कमिशन खर्च लेखेको । फिर्ता दिन नमिल्ने महसुल रु. २१५।८१ फिर्ता खर्च लेखेको । पेट्रोल डचूटी फिर्ता खर्च गरेको रु. ४१,३१३।३ को प्रमाण पेश नगरेको । उपदानमा रु. ३७।४२।३ बढी खर्च लेखेको । जिल्लाको सदरबाट रकम दिंदाको हुंडियाना रू. ७७।१२ कट्टी नगरी दिएको । काम काम के पेश्की गै रहेको रु. २५,३३३।६० फछर्यौट नगरेको । टेण्डर फारम बिक्रीको रु. ८।११ को स्रेस्ता नभएको । राजस्व आम्दानीको लेखा विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

२०१६।२० मा पाल्ही माल अन्तर्गत मौवा भट्टी रकमको त्रिशाला ठेक्का रु. ११,००,४००।– मा बन्दोबस्त गरेको । सरकारलाई आम्दानी हुने त्यस्तो रकमको ठेक्का बन्दोबस्त गर्दा रकम बन्दोबस्त बारेको मुलुकी सवाल समेतको विचार राखी समयमै पूरा प्रचार प्रसार गराई मात्र ठेक्का बन्दोबस्त भएमा धेरैले बढाबढीमा शरिक हुने मौका पाई बढी दरमा कबुल गर्ने व्यक्ति पनि आउन सक्ने भई सरकारलाई अझ पढी फाइदा हुन सक्ने कुरामा विचार नगरी २०१६।४।२६ को तारीख मुकररको सूचना २०१६।४।२८ मा मात्र टांस गरी भएको ठेक्कालाई नै सदर गराउंदा ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा नियम प्रतिकूल हुन जाने गरी अस्वस्थ प्रणाली अङ्गालेबाट राष्ट्रिय धनको हानि नोक्सानी हुन गएको ।

२०१२।६।२४ देखि २०१३।६।३ तकको गांजा चरेसको अन्तःशुल्क बुझाउने ठेकदारले बुझाउनु पर्ने ठेक बांकी र त्यसको सूद, दण्ड समेत जम्मा रु. १,२१,१४६।४५ मिनाहा पाउं भनी ठेकदारको पटक पटक निवेदन परेकोमा बांकी रिहाई नदिने २०१४।५।१४, २०१७।१०।२६ र २०१८।८।२७ मा समेत श्री ५ को सरकारको निर्णय भएको र सर्वोच्च अदालतमा दायर गरेको रिट समेत २०१६।३।१२ मा फूलबेञ्चबाट खारेजी फैसला भै असूल गर्नुपर्ने उक्त बांकी बापत रकम बन्दोबस्त अड्डाले २०१६।४।१६ र १८ गते ठेकदार र धन जमानी समेतको जायजात तायदातो गरी सकेकोमा विभागीय मन्त्रीबाट एक महीना म्याद थप दिएको मौका पारी एक किस्ता हालेर बांकी २०२० साल वैशाख र कार्तिक तथा २०२१ साल वैशाख र कार्तिक ४ किस्ता गरी बुझाउन पाउं भन्ने धनजमानीहरूको निवेदन पारी तत्सम्बन्धमा भएका विभागीय सहायक मन्त्रीका आदेश बमोजिम पहिलो किस्ता रु. १४,४००।– समेत दाखिल गराई सो फाइल पेश गरी निर्णय नभएसम्म कारवाइ स्थगित राख्ने समेत आदेश दिई रकम बन्दोबस्त अड्डाबाट कानूनन् हुन लागेको कारवाइ स्थगित राखी पेश गरेको प्रस्तावबाट भएका निकासाकोको अतिरिक्त तत्पश्चात् पनि पटक पटक म्याद थप गर्दै गरी कहिले १ महीना, कहिले ६।६ महीनाको किस्ता गर्ने कहिले २।२ महीनाको किस्ता गर्ने भनी २०२१।१०।१४ गतेसम्ममा चुक्ति गराउने २०२१।६।२३ मा समेत निकासा गराई सकेकोमा पनि पुनः माघ २२ गतेसम्ममा बुझी लिने गरी अर्थ मन्त्रालय (भन्सार विभाग) ले आदेश संशोधन गरी त्यसरी बुझाउन टारबार गर्ने ठेकदार तथा धन जमानीलाई बराबर भाखा दिंदै निजहरूबाट अघि २०२१ कार्तिकसम्ममा ठेक सूद समेत जम्मै उपर भै सक्नेमा मन्त्रालय, विभाग तथा विभागीय मन्त्रीहरू समेतबाट निवेदनका आधारमा उपर्युक्त प्रकार म्याद दिंदै गएको कारणले रु. १०,८७६।८८ अझै बांकी रहन गएको ।

रकम बन्दोबस्त अड्डाको साबिक दर साबिक हाकिम समेतबाट बुझबुझारथ हुनु गर्नु पर्ने लगत तथा ठेक्का सम्बन्धी मिसिलहरू समेत समयमा तयार नभई रहेको सम्बन्धमा २०१६ सालदेखि तरताकेता गर्दा समेत हुनु गर्नु पर्ने कानूनी कारवाइ समेत नगरी हालसम्म बुझबुझारथ सम्पन्न हुन नसकेकोबाट लखौं ठेक बांकी रकमहरूको सम्बन्धमा गर्नु पर्ने कारवाई हुन नपाई राष्ट्रिय धन डुब्ने अवस्था पारेको ।

२००७ सालदेखि २००९ साल चैत्रतक ३ वर्षलाई चुरोटको ठेक्का लिने ठेकदारले बीचमा छाडी ठेक चलाउन बांकी अवधिको लिनु पर्ने ठेक बांकी रु. ४५,००२।– ठेकदार मुगलानिया भएकोले धन जमानीबाट उपर गर्न भनी सप्तरी गोस्वाराबाट फौज्दारी तहसीलमा लगत पठाए-कोमा पटक पटक भाखा थपको कारवाइ हुंदा क्रान्तिका जरियाले चलन गर्न नपाएकाहरूका सम्बन्धमा चलन गर्न नपाएका दिनको बामासाहीले मिनाहा दिने निर्णय २०१४।९।२४।५ मा भए अनुसार सबूद पेश गर्न नसकेबाट ठेक बाकि लिनै पर्ने हुन आई निजले बुझाउनु पर्ने ठेक बांकी जम्मा रु. ७२,००० को अन्तरिम ठेकदारले बुझाएको रु. २४,०००।– कटाउंदा हुन आउने बांकी रु. ४८,००२।४० र ०१० सालदेखिको सूद समेत लिने गरी २०१७।१२।१३ मा श्री ५ को सरकारको निर्णय भै तदनुसार फौज्दारी तहसीलले कारवाइ उठाएकोमा पटक पटक म्याद थप हुंदै गै २०१८।५।७ मा [illegible] को जायजात तायदाती गरी उपर भएको रु. ३३०।४ र घरको पञ्च कीर्ति मोल रु. २,६६६।३३ कायम भै २०१९।३।२६ मा ऐन सवाल बमो[illegible] हुकूम प्रश्नांसी समेत भई २०१९।५।५ मा लिलाम गर्ने तारेख मुकरर भै डांक भा.रु. ४,१००।– पुगी सकेको टायममै लिलाम स्थगित [illegible] साइल झिकाई सूद जरिवाना मिनाहा गर्ने गरी प्रस्ताव पेश गरेको । उपर्युक्त प्रस्तावमा सूद दण्ड मिनाहा नभै लाग्ने सूद दण्ड समेत असूल उपर नें २०१[illegible]८।८।४ मा भएको श्री ५ को सरकारबाट निर्णय उपर पुनः न्यायिक समितिमा दिएकोनि वेदनबाट समेत भएका निर्णयहरू कायम भएको [illegible] तदनुसार असूल उपर गर्ने कारवाइ पट्टि नलागी ठेक बांकी रु. ४८,००२।४० र सूद दण्ड जायजात भएको मिति २०१८।५।७ तकको करीब रु. ८०,००३।२० समेत हुने जम्मा रु. १,२८,००५।६० राजस्व अलपत्र पर्ने स्थिति पारेको ।

झापा, मोरङ्ग, विराटनगर, सप्तरी, महोत्तरी चार जिल्लाको मत भट्टी रकमको साबिक ठेक भा.रु. ७,७०,८११।– को हुने रु. १२,३३,२९७।६० को १२ प्रतिशत थपी न्यूनतम अन्तःशुल्क कायम गरी पहिलो वर्ष र दोस्रो वर्षदेखि सो अन्तःशुल्कको प्रतिवर्ष ५ प्रतिशत थप्दै बुझाउने गरी इजाजत पाएका सितिले ३ वर्षभित्र डिष्टिलरी बनाई तयार गर्ने र सो डिष्टिलरीको उत्पादन यातायातको प्रबन्ध नभएसम्म पुग्न नसक्ने क्षेत्रमा साबिक बमोजिम मद भट्टी नै कायम राखी मद भट्टी रकमको साबिक बमोजिमको ठेकको अवधि भरी प्रत्येक ३ तीन महीनाको प्रारम्भमै प्रत्येक सालको हुन आउने न्यूनतम अन्तःशुल्कको चौथाइ अग्रीम किस्ता रूपमा श्री ५ को सरकार भन्सार तथा अन्तःशुल्क विभागको खातामा जम्मा गर्दै गई डिष्टिलरी खडा भएपछि अन्तःशुल्क ऐन नियम बमोजिम बुझाउने सो डिष्टिलरी तयार गर्ने मालसामान झिकाउने सुविधाको निमित्त साबिक ठेक रु. १२,३३,२९७।६० बाट खर्च गर्ने बैंकमा जम्मा गरी राख्ने र सरकारले चाहेमा दश वर्ष पछि उचित मुआब्जा दिएर राष्ट्रियकरण गर्न सक्ने समेत शर्तमा ठेक्का दिएको देखियो ।

उपर्युक्त चार जिल्ला मध्ये यातायातको साधन बेगर उक्त डिष्टिलरीबाट तयार भएका अलकोहल उपयोगमा ल्याउन नसकिने ठाउंहरू पनि छन् । त्यस्ता ठाउंहरूमा मद भट्टी रकम नै कायम राख्नु पर्ने र डिष्टिलरी तयार गर्न पनि ३ वर्ष लाग्ने भए पछि सो तयार भई चालू नभएसम्म साबिक बमोजिम मद भट्टीकै स्थिति कायम राखेको भए बढाबढीबाट (बढाबढ हुंदा साबिकभन्दा दोबर चौबर बढ्दै आएको राष्ट्रिय आम्दानी) बढ्ने कुराको विचारै नगरी बिना आधार प्रतिशत रूपले सम्म बढाई ठेकदारले त्यस्ता ठाउंमा मद भट्टीबाटै बढी फायदा उठाउन पाउने एकाधिकार पाएको देखियो । उक्त डिष्टिलरी खोल्ने प्रबन्धबाट सरकारमा आउने रकम रु. १२,३३,२९७।६० को डिष्टिलरीका सामानहरू खरीद गर्न सरकारले सहा-यता दिने र त्यस्तो सरकारी सहायताबाट तयार भएका डिष्टिलरीलाई सरकारले राष्ट्रियकरण गर्न परेमा मुआब्जा दिई मात्र लिन पाउने गरी ठेक्का दिएको सम्बन्धमा अर्थ सचिवको भनाइ माग्दा यस विभागको अभिप्रायमा बाटो बनी गाढा गाडी चल्ने साधन भएमा भन्ने भएकोले समय परिस्थिति र साधनको आधारले विचार गरेमा यसमा आर्थिक नियन्त्रण खुकुलो हुने गरी ठेकदारले फायदा उठाउने व्यवस्था हुन गएको देखिदैन किन-भने डिष्टिलरी खोल्ने ठेकदारका कबूलियतमा न्यूनतम ठेक अन्तःशुल्क कायम गर्ने कुरामा वार्षिक आय बृद्धिको व्यवस्था भएकोले सरकारी आयको बृद्धिलाई सुरक्षित गरिएको निर्विवाद छ भन्ने प्राप्त हुन आएको जवाफबाट उद्योगधन्दा खोल्ने प्रोत्साहन दिएको तथा आर्थिक नियन्त्रण एवं आय बृद्धि हुने भन्नेभान पारी ठेकदारलाई प्रशस्त फायदा उठाउन पाउने गरी राष्ट्रिय धनको बरबादी गरेको देखियो ।

२०२०।२१ मा उपत्यका बाहिरका जम्मा हुल ११ ले झिकाएका फिल्मको भन्सार महसूल लिने सम्बन्धमा कमिशनको निर्णय नभए सम्मलाई लगत राखि छाड्ने निर्णय बमोजिम लगत रही छुटेको कमिशनको रिपोर्ट समेतको आधारमा २०१३।१०।२२ मा फुट १ को २ दाम दरले भन्सार महसूल लिने, पूरानो बांकी ३ महीना भित्र लिने भन्ने समेत निर्णय भएकोमा साबिक बांकी बुझाउन एकाध हलवालाले मञ्जूर नगरी, दिएको उजूरीमा पछिको दरले बुझाउन मञ्जूर गरेको रकम निकासा बमोजिम दाखिल तथा धरौटी रखाउनु पर्ने मा सो समेत नगराई भाखा दिने कारवाई गरेको फलस्वरूप निजहरूले अदालतमा मुद्दा दायर गर्ने मौका पाएका र सो नाताबाट अरू मुद्दा नगर्नेहरूसंग पनि असूल नगरी मुद्दा किनारा लगाउने तर्फ आवश्यक कारवाइ नगरेकोको अतिरिक्त कुन कुन हलवालासंग के कति बांकी छ भनी खोजी गर्दा उपर्युक्त कारवाइ चलाउने अर्थ मन्त्रालय भन्सार तथा अन्तःशुल्क विभागमा सो लगत नभई जिल्लामा झिकाई पठाएकोबाट विभागमा लगत राखी समय समयमा चेक गरी असूल उपर गराउने व्यवस्था मिलाउनको लागि के कस्तो गर्नु पर्ला, फर्मको नमूना र राय समेत पठाउन र बांकीको लगत यथासम्भव चांडो प्राप्त हुन बराबर ताकेता गर्दा पनि सुव्यवस्था गर्ने सम्बन्धमा राय र म्यादभित्र लगत नपठाउने उपर कानूनी कारवाइ समेत गरी झिकाउनु पर्नेमा अर्थ मन्त्रालयले सो बमोजिम कारवाइ तथा फांट झिकाई असूल उपर गराउने र दिएको सुझाव बमोजिम सुधार गर्ने प्रयास नगरेको । हालसम्म प्राप्त फांटबाट त्यस्ता हलवाला-हरूबाट लिनु पर्ने बांकी रु. १,०३,५१८।९४ देखिन आएको छ ।

रकम बन्दोबस्त अड्डा

२०१९।२० मा दर साबिक तथा साबिक समेत २ तहबाट हुनु पर्ने बुझबुझारथ समयमै सम्पन्न गर्ने गराउने समेत विभागबाट हुनु पर्ने कानूनी कारवाइ गरी नदिएबाट धरौटी रहेको रु. २२,६७६।१५ फछ्यौंट गर्ने काम हुन नपाएकोको अतिरिक्त श्री ५ महाराजाधिराजबाट माफी बक्सेको दण्ड रु. १,०३,३२१।८० अनुसार लोको ठेक बांकी माफी दस्तूर समेत असूल गर्ने र अन्य ठेक बांकीहरू असूल उपर गर्ने समेत कारवाइ नगरी राखेको ।

काठमाडौं भन्सार गोस्वारा

२०१९।२० मा फोन चलाउंदाको र भैले भन्सार अड्डाके घरभाडा जाई पेश्की गएको रु. ६६०।– फछ्यौंट नगरेको । किताब बर्ता नभएका पदाधिकारीहरूलाई खुवाएको रु. २२०।४६ समेत फछ्यौंट नगरेको । २०१० सालदेखिको धरौटी मध्ये म्याद नाघेको भा. रु. २०७।०८

र रु. ३१,९७९।९६ फछ्यौंट नगरेको । लेखापरीक्षणबाट पत्ता लागेको गत २०१८।१९ को छूट डिमरेज मध्ये बांकी रु. ४,०२१।७३ र २०१९।२० को परीक्षणबाट पत्ता लगाएको रु.१,६२२।५० मध्ये बांकी १,५५९।–असूल फछ्यौंट नगरेको । बहालगिरिमै रहेका सामान थान ३१८ फिर्ता लिने कारवाइ नगरेको विभागमा बुझाएको भनेको गेष्टेटनर डुप्लिकेटरको भरपाई पेश नगरेको साबिक हाकिमहरूसँग लिनुपर्ने बांकी सामान मध्ये मिनाहा भएको कटाई बांकी उपर गर्ने कारवाइ केही नगरेको । डेलिभरी हुन बांकी पोष्ट पार्सल तथा जफ्ती मालसामान लिलाम गर्ने सम्बन्धमा सुझाव दिंदा समेत व्यवस्था मिलाउने कारवाइ नगरी बांकी राखेको । साबिक दर साबिकका पालाको जग्गा बांकी रु. ३,७४,९३४।११ महारानी एलिजाबेथ स्वागत समितिका निमित्त आएका मालको महसूल बांकी रु. ३५,९३२।४० भन्सार महसूल बांकी रु. २९,५३५।४७ समेत जम्मा रु. ४,४०,४०१।९८ असूल फछ्यौंट नगरी बांकी राखेको । साबिक दर साबिक हाकिमहरूसंग बुझबुझारथ गर्न बांकी र चिम्पोको दर्ताबाट बांकी देखि-एको पत्ता लगाउनु पर्ने समेत बारेमा २०१८।१९ को लेखापरीक्षण देखि ताकिता गर्दा (नि.जे.नि. को प्रतिकूल हुन नजाने गर्न) कारवाइ नटुङ्-ग्याएको ।

कृष्णनगर भन्सार अड्डा

२०१९।२० मा तहबील परीक्षणबाट नियमभन्दा बढी हुने गरी छोटी भन्सारले र मूल भन्सारले पनि रु. ६,४४६।०१ सम्म सदर स्याहाको र धरौटीतर्फ बैंकमा नराखी रु. ९,८२९।७७ समेत अड्डैमा मौज्दात राखी छाडी नियम उल्लंघन गरेको । रु. १८०।९० घटी महसूल लिएको । रु. २,४०७।७१ ओभर टायम चार्ज लिनु पर्ने नलिएको । सटही रकमको रु. १।५६ आम्दानी बांध्न छुटाएको । नपाउने तलब बृद्धि रु. ४८।–, विशेष बिदाको पूरै तलब खूवाई ४३।४६ बढी खर्च लेखेको । २०१८।१९ को बजेट निकासा मध्ये बांकी २०१९।२० को बांकी २०२०।२१ मा जिम्मावारी सारी बजेट प्रणालीको प्रतिकूल खर्च गर्ने गरेको अतिरिक्त दैनिक भ्रमण र तलब खर्च लेखेको ५३३।– को पेश्की फछ्यौंट नगरेको । २०१९ साल माघ ९ गते अघिको सर चार्ज नलिएको आधार पेश नगरेको । रसियन सिमेण्ट बोरा १,५०० को गाडा १०५ को रसीदबाट रु. १,६०५।०४ दिएकोमा सो सिमेण्ट अदतसाथ हुनु पर्ने फर्म नभएको । मेला, धाम, बालविदौरीको लगत तथा विवरण नदिएबाट तद्सम्बन्धी लेखापरीक्षण हुन नपाएको । ठाउं ठाउं छोटी भन्सारका अधकट्टी तथा प्रज्ञापनहरू लेखापरीक्षणमा उपलब्ध हुन नसकेको बजेट निकासाको रु. २९३।४४ अर्को आर्थिक वर्षमा जिम्मावारी सारी दाखिल नगरी राखेको । उज्राती रु. ४,५०७।८२ फछ्यौंट नगरेको ।

कोइलाबास भन्सार अड्डा

२०१९।२० मा कोटेशन र घटाघट बेगर रु. ४००।– को फर्निचर खरीद गरेको लगत इष्टमेट बेगर घर मर्मत गरी रु. २००।– खर्च लेखेको । दाङ अस्पतालको लागि आएको औषधिको बाकस ३ तीन (सम्बन्धित कागजात उपलब्ध नभएबाट मूल्यांकन हुन नसकेको) गोस्वाराले समयमा नै डेलिभरी लिई अस्पताललाई बुझाउन पर्नेमा सो नगरी २००९ सालदेखि भन्सारमा नै पडिरहन दिएकोले त्यसभित्र रहेका औषधि सडी गली बेकम्मा हुन गएबाट राष्ट्रिय धनको बरबाद भएको । धरौटी बांकी रहेको रु. ५५७।९२ खाता खोली बैंकमा राख्नु पर्नेमा नराखी अफिसमानै तहबील मौज्दात राखी छाडेको । महालेखा परीक्षकबाट परीक्षण गर्ने गरी क्षेत्र तोकिएका अफिसको स्याहा स्रेस्ता कुमारी चोक दाखिल गर्नु नपर्नेमा कुमारी चोक दाखिल गरी कुमारी चोकबाट प्राप्त भएपछि पठाई दिनेछु भनी स्रेस्ता परीक्षण नगराएको ।

गौचर भन्सार अड्डा

२०१९।२० मा भन्सार महसूल लिनु पर्ने जग्गा बांकी रु. ८,५३०।६७, डिमरेज छूट रु. ५४।– असूल फछ्यौंट नगरेको । धरौटी म्याद नाघेको रु. ८,८६६।०२, उज्राती बांकी रु. ४,६०९।४० फछ्यौंट नगरेको । राजस्व तर्फको रु. ३,०४८।८८ साल तमाम पछि मात्र रुजिवात कोष दाखिल गरेको ।

२०१९।२० मा नियम बमोजिम पूरा भन्सार महसूल असूल नगरी छुटाएको औ असूल भएकोमा पनि स्रेस्तामा आम्दानी बांध्दा घटी आम्दानी बांधिएको समेत जम्मा रु. ६०।६ असूल नगरेको । रु. ३५।१४ तलब भत्ता बढी खुवाएको असूल नगरेको । मर्मती काममा खर्च गरेको रु. १००।– को विवरण नखुलाएकोको अतिरिक्त तत्सम्बन्धी बिल भांउचर पनि पेश नगरेको । रु. ७७०।– मसलन्द खर्चको बिल भरपाई पेश नगरे-को । विटौरीको लगत बमोजिम साबिकको बांकी रु. २,५६४।९३ र हालको रु. ५६०२।४२ समेत जम्मा रु. ३,१६७।३५ असूल गर्ने कारवाइ नगरी बांकी राखेको । म्याद नाघेको उज्राती रु. १,४१२।८० फछ्यौंट गर्ने कारवाइ नगरेको ।

चन्द्रगञ्ज भन्सार अड्डा

२०१९।२० मा नियमभन्दा बढी तहबील मौज्दात राखेबाट रु. ४,४२४।७२ अराष्ट्रिय तावको लुटमा परेको सरक्षणका नियम पालना नगर्ने सम्बन्धित पदाधिकारी प्रति कानूनन् हुनु पर्ने कारवाइ नगरेको । दरबन्दीभन्दा बढी जवानलाई रु. १,५७७।४० तलब सापटी खुवाएको फछ्यौंट नगरेको । २००७ सालदेखिको उज्राती बांकी रु. ५,१८६।११ फछ्यौंट नगरेको । विशेष बिदा बसेका पदाधिकारीलाई नियमले खुवाउन नहुने सटही भत्ता रु. ६१।८ खर्च लेखेको । साइकल खरीद गर्न २०१९।२० को बजेटबाट निकासा भएको रु. ४००।– स्वीकृति बेगर पछिल्ला साल (२०२०।२१) मा खर्च लेखेको ।

तातापानी भन्सार अड्डा

२०१९।२० मा रु. २००।–को फर्निचर खरीद गरी मिनाहालाई जाहेर गरेको निकासा नभएकोबाट उज्राती फछ्यौंट हुन नपाई बांकी रहेको र कोबारी छोटी भन्सारको दरबन्दीमा ठेकिएका कर्मचारीलाई बिना आधारमा मूल भन्सारमा हाजिर गराई तलब खुवाएको ।

नेपालगञ्ज भन्सार अड्डा

२०२१।२२ मा गोदाम घरमा पानी चुही रहेकोमा मर्मत गर्ने फण्ड नभएको भनी मर्मत गर्ने व्यवस्था नगरेकोको अतिरिक्त मालसामान रहने गोदाम घरमा भात पकाई खाने गरी रहेका र सो कार्यबाट आगोको प्रकोप हुन गएमा मालसामान नोक्सान हुन जाने गरी राष्ट्रिय धन बचाउ गर्नेतर्फ नलागेको । स्टाफ क्वार्टरको पनि मर्मत सम्भार नभएको ।

पशुपति नगर भन्सार अड्डा

२०१९।२० मा सस्पेण्डमा रहेका कर्मचारीको तलब रु. ८३२।– सञ्चित कोष दाखिल नगरी धरौटीमा राखेको । भन्सार नलिई छाडेकोमा धरौटी आएको २०१८ सालदेखिको रु. ५,६२७।६४ हालसम्म मुद्दा किनारा नलगाई दिएको कारणले फछ्र्यौट हुन नपाएको भनी फछ्र्यौट नगरेको । अराष्ट्रिय तत्वले लुटेको रु. ३,०१३।९४ र बूक पोष्ट चलाउंदाको रु. २,४६६।– समेत जम्मा रु. ५,४७९।९४ उज्राती फछ्र्यौट नगरेको । रु. ३१।– को दैनिक भ्रमण भत्ता निकासाको सबूद पेश नगरेको । बिल भरपाइ बेगर रु. ५००।– मसलन्दमा खर्च लेखेको प्रज्ञापन पत्र बिक्रीको लेखा समयमा पेश गरी परीक्षण नगराई पछि मात्र हिसाब देखाएको ।

वीरगञ्ज भन्सार अड्डा

२०१९।२० मा अन्यत्र अड्डाबाट सरुवा भै आएका पदाधिकारीलाई हालको अड्डामा हाजिर हुनभन्दा अघिको तलब भत्तामा रु.९७।५२ खर्च लेखेको । रु. १०।– दैनिक भ्रमणमा बढी खर्च लेखेको । रु. ९७२।– को फर्निचर, मालसामान कोटेशन बेगर खरीद गरेको । भ्रमणमा समेत बजेट स्वीकृत नगराई राजस्वबाट स्वीकृति बेगर खर्च लेखेको । मालसामान खरीद हुनु अगावै स्रेस्तामा खर्च लेखी महीनौं पछि मालसामान खरीद गरेको र बांकी धरौट राखेको देखिएको । धरौटीतर्फ म्याद नाघेको रु. ७,०००।–, छोटी भन्सार समेतको कारवाइ गरी फछ्र्याउनु पर्ने रु. ४,१३,-५५९।८०, घटी दस्तुर लिई र महसुल नली खर्च लेखेको रु. ५१५।३८ समेत फछ्र्यौट नगरेको । उज्राती रु. २३,७७९।०८ फछ्र्यौट नगरेको ।

भैरहवा भन्सार अड्डा

तहबीलको भौतिक परीक्षणको सिलसिलामा २०१९ सालदेखि हालसम्ममा एकै हाकिम भए तापनि निज हाकिम विभागमा काजमा र बिदामा समेत रही ६ जवान "निमित्त" हाकिम भएको समेत कारणले साबिकबाट हुनुपर्ने बुझबुझारथ समेत सम्पन्न नगरी उज्राती धरौटी आदिका स्रेस्ताहरू ठीक नराखेको र त्यस मालसामानहरूको सम्बन्धमा समयमै लिलाम गर्ने मिनाहा गराउने र फछ्र्यौट गर्ने आदि व्यवस्था नगरी राखेको। २०२० चैत्रमा जांच पास भएका भन्सार तथा हाकिम बस्ने घरहरू पानी चुही रहेको समेत देखिएको ।

झुलाघाट भन्सार अड्डा

२०२०।२१ मा साबिक भन्सार घर मर्मत गरी काम चलाए हुनेमा गहारो समेत भत्कने अवस्थामा पुगेको घर रु. ९,५२५।३० मा खरीद गरी राष्ट्रिय सम्पत्तिको सदुपयोग नगरी दोहरो (पुरानो घर त्यस खेरगै किनेको घर पुनः मर्मत गर्नु पर्दा) हानि नोक्सानी हुने अवस्था पुऱ्याएको ।

महोत्तरी भन्सार अड्डा

बुझबुझारथ नगरेकोले अतिरिक्त समयमा दिनुपर्ने २०१९।२० को आर्थिक विवरण समेत नबिने कर्मचारी उपर हुनु पर्ने विभागीय कार-वाइ कुनै केही नगरी आर्थिक अनुशासन पालन गर्न लगाउनु पर्ने कुरा त परै रहोस् लेखापरीक्षण गराउने सम्बन्धित पदाधिकारीलाई नै केन्द्रमा झिकाई राखेबाट लेखापरीक्षण हुन नसकेको ।

मोरङ्ग विराटनगर भन्सार अड्डा

बुझबुझारथ हुन नसकेको कारणबाट २०१९।२० को आर्थिक विवरण प्राप्त नभएकोले लेखापरीक्षण हुन नसकेको ।

रसुवा भन्सार अड्डा

२०१८।१९ मा आम्दानी हुन आएको राजस्व सञ्चित कोषमा दाखिल नगरी त्यसैबाट तलब, मसलन्द जस्ता रकममा खर्च गर्नु स्वस्थ आर्थिक नीति तथा बजेट प्रणालीको प्रतिकूल कारवाई हुन गएको मान्नु पर्ने हुदा भविष्यमा त्यसो हुन नपाउने प्रबन्ध मिलाउनको लागि र तहबील बाकी मौज्दात देखाएको रू. ३३।६१ तथा धरौटी तर्फको मौज्दात रु. ६४४।४२ सञ्चित कोषमा दाखिल गरेको नदेखिएको तथा तहबील राख्ने सेफको र २ ताला लगाउने प्रबन्धको लागि गएको सालमा दिएको सुझाव अनुसार अझै पनि व्यवस्था नभएको ।

२०१९।२० मा त्रै-मासिक बजेट निकासा बमोजिम रितपूर्वक को लेजा नराखेकोको अतिरिक्त तलब, मसलन्द, तेलबत्ती, दैनिक भ्रमण भत्ता, पर्वपूजा समेतमा जम्मा रू.३,७९२।९० भन्सारको राजस्व आम्दानी मध्येबाट निकासा बेगर खर्च लेखेको तथा उक्त खर्च मध्येमा पनि बजेट निकासा बेगर रू. ६२०।५० दैनिक भत्ता खर्च लेखेकोको अतिरिक्त तलब, दैनिक, भ्रमण तथा मर्मत समेत जम्मा रू. ४५२।५० को भर्पाई र भ्रमण बिल समेत पेश नगरेको ।

नियम बमोजिम दस्तुर असूल गर्न छुटाएको तथा असूल भएकोमा पनि पूरा आम्दानी नबाधी घटी आम्दानी बांधेकोसमेत रू. २३।५० असूल नगरेको ।

हनुमान नगर भन्सार अड्डा

२०२०।२१ मा तहबील परीक्षण हुदा मसलन्द जस्ता रकमहरू जम्मै हाकिम हस्ते एकै पटक खर्च लेखी त्यसैबाट खर्च गर्दै बिल सामेल गर्दै गर्ने र बाकी रकम तहबीलमा नराखि हाकिम संगै राख्ने नराम्रो परम्परालाई अंगाली राखेको । बिल पेश नभएको मसलन्दकोरू. ३५७।५४, तेल बत्तीको रू.३४४।८०, फर्निचरको रू. ६००।–र साईकलको रू. ४४।८० समेत जम्मा रू. १,३४७।१४ हाकिमसंगै राखि निज हाकिम उपत्यकामा आउदा समेत नबुझाई सरकारी तहबील स्याहामा खर्च लेखि सकेको भनी साथै लिई आएको समेत देखिएको सम्बन्धमा विभागबाट समेत त्यसबारे कानूनी कावाई गरी व्यवस्था मिलाउने प्रबन्ध नगरेको ।

आयकर अदालत

२०१९।२०मासुन्दरीजल आर्सनल कोरा जिन्सी बालाज्यू काष्ठकार्यालय समेतलाई रू. ७५२।१७ पेस्की गएको फछ्र्यौट नगरेको ।

उपत्काञ्चल कर अड्डा

२०१९।२० मा कर निर्धारण भई सके मध्ये पारिश्रमिक कर रू. ९,९५१।८७, व्यापार मुनाफा कर रू. १६,७५२।६८, घर जग्गा कर रू. २,१५,६५९।९२ समेत जम्मा रू. २,४२,३६५।४७ असूल गर्न बांकी देखिएको । घर जग्गा कर असूल गर्दा रू ७।५७, होटेल कर ५।०२, मनोरञ्जन कर रू. ।७० असूल गर्नु छुटाएको हाल सम्म असूल नगरेको ।

पारिश्रमिक कर बुझाउनु पर्ने मन्त्रिपरिषद्का अध्यक्ष, उपाध्यक्ष, मन्त्री, सहायक मन्त्री, प्रधान न्यायाधीश, न्यायाधीश, लोक लोक सेवा आयोगका अध्यक्ष, सदस्य, अर्थ सचिव समेत विभिन्न मन्त्रालयका सचिव, सह–सचिव र अन्य विभिन्न विभाग अड्डाका उच्च पदाधिकारी तथा शाही सेना, पुलिस सेवाका उच्च पदाधिकारीहरू समेत घेरैले नियम बमोजिम समयमा पारिश्रमिक विवरण नदिई राखेको लेखा परीक्षणबाट देखिन आई कारवाई भए पछि मन्त्रिपरिषद्का अध्यक्ष समेत केही मन्त्री, सहायक मन्त्री एटर्नी जनरल, अर्थ सचिव समेत केही सचिव, सह–सचिव ने. रा. बैङ्कका गभरनर, लोक सेवा आयोगका एक सदस्य समेत केही उच्च पदाधिकारी-हरूले मात्र विवरण पेश गरी मन्त्रिपरिषदका उपाध्यक्ष समेत अन्य मन्त्री उच्च पदाधिकारीहरूले अझै विवरण पेश गर्नु नभएको र पेश गर्नेहरूले पनि अघिल्ला सालको कुनैकुनैले नदिएबाट समेत कर निर्धारण गर्न अड्काउ भै कारवाई भैरहेको समेत देखिन आएबाट श्री ५ को सरकारको नीति अनुकूल समय समयमा कर असूल हुन नसाई रहेको र यस स्थितिको परम्पराले आर्थिक अनुशासन कायम रहन नआई राजस्व समयमा असूल नहुने भई रहेको ।

२०१९।२० मा कर उठाउने काम सनसाईकल वा मोटर साईकलबाटै चल्ने कारण दशाई सो सवारीहरू खरीद गर्न कर अड्डा उपत्यकाञ्चलले भाग गरेकोमा मोटरको ज्यादै नै आवश्यकता भएको र टूरिष्टले ल्याएको लाण्डरोभर निकै सस्तो (शत प्रतिशत भन्सार महसुल लाग्ने कुराको विचार नगरी) मा पाईने भनि मेकानिकबाट जांचै नगराई मोटर खरीद सम्बन्धी दिई राखेका सुझावको समेत वास्ता नराखी १८२३३ किलोमिटर चलि सकेको १९५७ मोडेलको खरीदभएकै अवस्थामा मर्मत गर्नुपर्ने अवस्थाको मोटर ६ कर अड्डाहरू समेतको निमित्त रहेको बजेट रू. २५,७००।– बाट रू. १७,६००।– (मोल रू. ८,८००।– महसुल रू. ८,८००।–) एउटै अड्डालाई मात्र हुने गरी निकासा गराई ड्राईभर क्लिनर खर्च समेत अनावश्यक बढी खर्च पर्ने गरी खरीद गरेकोबाट राष्ट्रिय धनको बरबाद पारेको ।

जनकपुर कर अड्डा

२०१९।२० मा दैनिक भ्रमण भत्ता रू. १,८६०।५९ को भ्रमण बिल समयमा प्रस्तुत गर्न नसकेको । रू. ।९६ तलबमा बढी खर्च लेखेको । व्यक्तिगत छाप कटाई रू. ५।– खर्च गरेको असूल नगरेको । आदेश बेगर हवाई यात्रा गरेकोको अतिरिक्त आर. एन. ए. सी. को बस सर्भिस छँदाछँदै घरबाट विमानघाट आतेजाते मोटर रिजर्भ गरी रू. २५।– खर्च लेखेको । नपाउने दैनिक र प्रमाणित आधार बेगर भ्रमण समेतमा रू. ७७।– खर्च लेखेको ।

विराटनगर कर अड्डा

२०१९।२० मा पारिश्रमिक कर रू. १,११७।१३ घर जग्गा कर रू. १,७०,३५६।५० र व्यापार मुनाफा कर रू. ७५,२५७।-६१ (लगत भएसम्मको) असूल गर्न बांकी राखेको । विभिन्न कर बापत धरौट रहेको रू. ५८,२९१।६२ फछ्र्यौट नगरेको । दैनिक भ्रमण भत्ता पेस्की गएको रू. ३००।– र मसलन्दमा रू. २००।– बजेट निकासा भएपछि सोध भर्ना गर्ने गरी निकासा भएको सोध भर्ना भएको नदेखिएको रू. ८००।३४ घर भाडा खर्च लेखेकोमा रिस पूर्वक घर बण्डोबस्त भएको सबूद पेश नगरेको ।

वीरगञ्ज कर अड्डा

२०१९।२० मा होटेल कर रू. ९२९।६५ र मनोरन्जन कर रू. २१,८५४।५१ नेपाल राष्ट्र बैंक दाखिलाको भौचर नभएको । रू.२८४।८६ मनोरञ्जन करमा घटी लिएको । आय कर बक्यौता रू. ७,८५४।४३ एवं नियम भन्दा बढी खर्च लेखेको दैनिक भ्रमण खर्च रू. ११६।१० समेत असूल फछ्र्यौट नगरेको ।

भैरहवा कर अड्डा

२०१९।२० मा व्यापार मुनाफा कर रू. ३८,३८३।३३, पारिश्रमिक कर रू. १,२१३।६५, घर जग्गा कर रू. ३,१८४।९३ र दण्ड जरी-बाना रू. ८८०।– असूल हुन बाकी राखेको । लिन खान नमिलने दैनिक भ्रमण भत्ता रू. १३।– र स्केल वृद्धि रू. ७२।– खर्च लेखेको । रेण्ट कमि-टीको निर्णय बमोजिम घर भाडामा लिएको सबूद बेगर रू. १,५६०।– घर भाडा खर्च लेखेको ।

गुठी बनाउने अड्डा

२०१८।१९ मा बढी तलब खर्च लेखेको रू. २।– असूल नगरेको ।

गुठी जांच अड्डा

२०१९।१९ मा घाटे र झारू जवान ४ लाई तलबको स्केल ठेगाना नलगाई आधार बेगर कहीले ४५–७० । को स्केलले र कहीले मासिक रू. ११।६६ दरले तलब खर्च लेखेको ।

गुठी लगत जांच अड्डा

२०१८।१९ मा अमूल्य रत्न ग्रन्थ पद्धति संकलनका हाकिमलाई निजको तलबबाट सोध भर्ना गर्ने गरी पटक पटक सापटी गएको रू. १,२२५।– सोध भर्ना नगरी राखेको ।

गुठी रकमी किताब दर्ता अड्डा

२०१८।१९ मा तलव रू. ३२।३२ खर्च लेखिएकोमा क. कि. बाट रिपोर्ट पास भएको नदेखिएको ।

लगत फांट अड्डा

२०१९।१९ मा अघिल्लो आर्थिक वर्षको दिन बाकी रू. ६१२।५० पछिल्लो सालमा निकासा स्वीकृति बेगर खर्च लेखेको ।

अमूल्य ग्रन्थ पद्धति जांच अड्डा

२०१८।१९ मा अमूल्य ग्रन्थ पद्धति जांच अड्डाबाट प्राप्त आर्थिक विवरणमा उक्त अड्डाको दरबन्दी हुनु भन्दा अघि काठमाडौं गुठी जांच अड्डा र मालपोत विभागबाट पछि सोध भर्ना गर्ने गरी रू. १,५१५।– प्राप्त भएको भन्ने उल्लेख भएको देखिएको तर तत्सम्बन्धी लेखा परीक्षणलाई उपलब्ध नभएकोले लेखा परीक्षण हुन नसकेको ।

काठमाडौं गुठी तहसील अड्डा

२०१८।१९ मा सरूवा फलुवा चामल कुत ठेकिएका खलाको धान असूल गर्ने र पछि आठा बुझी घटी बढी हुन आएमा पछिल्ला सालका बालीमा मिलाउने गरी २००९।१० सालमा वाली देखी साल सालै तद्नुसार गर्ने आदेश भई सो बमोजिम गरी आएकोमा पछि आठा बुझी ठहर गर्दा घटी हुनेबाट असूल र बढी हुनेलाई फिर्ता १०।१२ वर्षको एकै पटक गर्नु पर्दा खेस्ता बोरका साथै रकमीहरूलाई मर्का समेत पर्न जाने देखिएको । लगानी तर्फ जिल्ला मालबाट आएको भनी आम्दानी बाधेकोमा लगत नदेखिएको । विदेश बैङ्कबाट आउने रकमको लगत पनि पेश नभएको । रू. १,०००।– को उज्राती फछ्यौंट नगरेको ।

थेरै वर्ष अघि देखिको जग्गा बांकी मुरीगत ४४,९३६।७।४।९।।, धार्नीगत ५५३। ।।।, थानगत १०५२३। ।।।२, भाखी कल्ली १९,४६६।३, नगदी रू. ११५,६७७।८४ को सम्बन्धमा असूल फछ्यौंट गर्ने कारवाई नगरेको ।

२०१९।२० मा लगति बांकी मुरीगत ४७,५७७। ।५।५।८।२ धार्नीगत ६०४।।।५२।।, थान गत ११८१८८२, पराल भारी कल्ली २२०२१।।।८।।।१, नगदी रू. १,३४,१५७,६८,१।।, लगानी बांकी रू. ९,७४,९७२।६३ असूल फछ्यौंट नगरेको । २०१८।१९ को तलव बांकी रू. २३०।३२ निकासा बेगर २०१९।२० को बजेटबाट खर्च लेखेको । तलव रकमको रू. १०४।१० मसलन्द बत्तीमा समेत निकासा बेगर रकमान्तर गरी खर्च लेखेको । हाकिमले तहवील मसौट गरेकोमा परेको मोही रैती र अड्डा अड्डाबाट आई धरौट रहेको रू. ४,९४३।४३ कं. रू. ४,१२४ भा. रू.१५,७०५।.।।। बांकीमा भर्ना गर्ने कारवाई नगरी राखेको । लगानी गैरहेको रकम मध्ये असूल भै आएको धरौट रहेको सदर स्याहा गरी बांकीमा भर्ना गर्नुपर्ने रू. १,२६,५११।७२।३ फछ्यौंट नगरेको म्याद पछि असूल भएको रू. १३९।३९ को सूद जरीवाना असूल नगरेको । विदेशमा लगानी भैरहेको रू. १७,८७,६८०।– फछ्यौंट नगर्नुको साथै तत्सम्बन्धी फांटवारी पेश नगरेको लेखापरीक्षण समेत हुन नपाएको ।

भ. पु. गुठी तहसील अड्डा

२०१८।१९ मा जिल्ला मालबाट तहसील भई आउन बांकी रू. ९८७।–, भा. रू. २,७८,५४२।।ऽ।।३, रकमीबाट आउने सलामी कसर बांकी रू. २१,१२१।३८, रैतान तहसील हुन बांकी धान १८,३५१।१४।३, रू. १,१०,३५२।५।१।। र भा. रू. ६१,६७६-।।९।।२।

२००९ साल देखि निकासा भए बमोजिमको दरले असूल गर्ने कायमी लगत खडा गरी बेकायमी जतिको लगत कट्टा गर्नु पर्नेमा हालसम्म तदसम्बन्धमा कुनै कारवाई नगरेकोले २००९ साल देखि २०१७ साल तकको मिनाहा हुन नसकेको बांकी धान २७,-४२४।१३।१ रू. ८,४१२।१५।

२००९ सालमा हाकिमले तहवील मसौट गरेकोमा परेको धरौटी रकमको रू. २५,२६१।८१ र भा. रू. २१७।।।९।।१ भर्ना रखाउने बारे काठमाडौं मेजिष्ट्रेट अफिस मार्फत जाहेर भैरहेको भन्ने सम्म जवाफ दिई तत्सम्बन्धमा अरू कारवाई नगरेकोबाट धरौटी बालाहरूको लगतकट्टा गर्ने काम नभएको थेरै साल देखिको धरौटी रू. २२,४१३।५४ फछ्यौंट नगरेको । रू. २९३।– ठाडो बांकी राखेको सम्बन्धमा कुनै कारवाई नगरेको को अतिरिक्त उज्राती रू ३, १६०।८८ र भा. रू. ६९।५० बुझ बुझारथ तथा उज्राती फछ्यौंट गर्ने कारवाई समेत नगरेको ।

महोत्तरी गुठी माल अड्डा

२०१९।२० मा राजस्व तर्फ अन्तःशुल्क रू. १,४७४।५७, मालपोत रू. ४७,८३२।९९।२, आममारखतमी सलामी रू. ३,-५६,१०८।५२, दण्ड जरीवाना रू. १६,३१४।४१ असूल गर्न बाकी राखेको । रू. ३४६।०६ को गांजा खेतीको जांच मुचुका पेश नगरेको । हाटपीठीया ठेक्काको धरौटी मध्ये पञ्चायत समेतलाई जम्मा रू. ३,३४३।२९ निकासा बेगर खर्च लेखेको । म्याद पुगेको धरौटी रू. ४९७।१३ फछ्यौंट नगरेको । कुवा अस्थानको धरौटी रहेको रू. ५,५५३।५१ को खेस्ता खडा नगरी राखेको । कोटेशन बेगर मसलन्दमा रू. १२०।– खर्च गरेको । उज्राती म्याद पुगेको रू. १,७४५।९० फछ्यौंट नगरेको । श्री लक्ष्मी नारायणका गहना (सुन चांदी समेतका) भै रहेका निकासा बमोजिम चल्ती बेचल्ती छुटचाई लगत खडा गरी बेचल्ती जति ३ सांचामा दाखिल गर्ने काम नगरेको समेत देखिएको ।

ललितपुर गुठी तहसील अड्डा

२०१८।१९ मा आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहन आएको रकम जिम्मावारी नसारेको र हाल साबिक हुंदा बुझबुझारथमा समेत नचलाई ठाडो बांकी रहन आएको धान मुरी १।.।३।९।. धरौटी रकम सदर स्याहा नगरेको रु. १५,९८१।५९, उज्राती फछ्यौंट गर्न बांकी रु. ६,९४२।५६, आधारभूत प्रमाण बेगर फलुवा चामल मुरी २।५।७। र च्युरा ४।३ खर्च लेखेको । रू. ५०।२८ त्रैमासिक बजेटबाट खर्च नलेखी राजस्व-बाट खर्च लेखेको ।

स्वीकृत दरबन्दी तथा रिपोर्ट पास बेगर रु. १,०६२।७६ खर्च लेखेको । रिपोर्ट पास भएको भन्दा रु. ३०।६३ बढी तलब खर्च लेखेको । लिन दिन नमिल्ने दुर्गम स्थान भत्ता रु. ४।८० खर्च लेखेको । टेण्डर बेगर रु. १,०३८।०९ मालसामानमा खर्च लेखेको । भरपाई बमोजिम रु. ५,४९१:– खर्चको फांटवारी पेश नगरेको । पेश्की गएको रु. ४,४८३।०५ फछ्यौंट नगरेको । स्वीकृति बेगर पर्व मामुली रकमबाट बत्ती र दुवानी रकममा रु. २७२।९२ रकमान्तर गरी खर्च लेखेको ।

जनकपुर मेनेजरी अड्डा

२०१९।२० मा लगतबाट असूली गर्दा रु. ३।९४ छुटाएको । रु. ७५१।१३ सूद असूल गर्न पर्ने नगरेको । सोधभर्ना गर्नु पर्ने रु. ८,६९८।४७ सोधभर्ना नगरेको । ठेक्का पट्टावालासंगको बांकी रु. ५,८९९।१० असूल नगरेको । रु. १७८।४२ को फांटवारी पेश नभएको । ठेक रकमको बक्यौता रु. १,५०,६३८।११।३, सालबसाली जिरायत जग्गाको बक्यौता रु. ३,८४७।८३।१, एकसाले जिरायत मध्येको बक्यौता रु. १५,९७७।७९।१, बिर्ता मौजाको मालपोत रु. ६०,२०९।२५।१ बांकी फछ्यौंट नगरी राखेको । रु. २९।६८ खान नपाउने तलब खुवाएको । रु. ७५०३।४४।२ बजेट भन्दा बढी सिधा रसदमा खर्च लेखेको । रु. ४,०१८।७७ को दरबन्दी पेश नगरेको रु. ७,४९०।९९।२ को पर्व पूजाको लेखा पेश नगरेको । कोटेशन बेगर रु. ७४५।६० को फर्निचर खरीद गरेको ।

पाठशालातर्फ खान पाउनेको बिल बेगर मसलन्दमा रु. १००।–, पत्र पत्रिकामा रु. ३६।–, मर्मतमा रु. १।२०, पुरष्कारमा रु. ५०।–, पानीमा रु.२,१४०।४० खर्च लेखेको । रु.६।४१ सूद असूल गर्न छुटाएको । धरौटी सदर स्याहा गर्नु पर्ने रु .७,७३४।६५ समेत जम्मा रु.१३,७५२।४४ फछ्यौंट नगरेको । उज्राती रु. १९,९६६।३०।२ फछ्यौंट नगरेको । जिल्ला विकास लगानीको सूद रु. १०।६०, जिन्सी मन ८।।५ असूल छुटाएको । जिन्सी मन १४ऽ७≡ स्वीकृत बेगर मिनाहा दिएको । जिन्सी मन ९१८।।।२ च्युरा ६९।।।६।।≡, रहर ४।।≡, पिठो २।– खर्च लेखे कोमा सबूद पेश नगरेकोको अतिरिक्त जिन्सी बक्यौतामा मन ७,२९३।५, चामल कुटानी मन १,००४।।२।।।≡।।, जिल्ला विकासमा लगानी धान मन ४,६८३।।८।।, चामल मन ३,७५० र २,०४२ऽ६।। धान ७८३।।। मन असूल नगरि राखेको । धान मन ४,८८ को सूद लिनु पर्ने नपर्ने एकिन नगरि राखेको

पशुपति भण्डार तहबील अड्डा

२०१८।१९ मा आर्थिक वर्ष २०१८।१९ सम्मको असूल तहसील गर्नु पर्ने बक्यौता लगत धान ६८०।१०।३।४, फलुवा चावल १०२।-१५।१।३, कोदो ११।१।४, गहुं ३३।८।१।६।।। र तेल २।१५।४।२।। र नगदी रु. १६६।३१ समयमै असूल तहसील नगरी लगत बांकी राखेको । एक व्यक्तिको धान १।६।२ र घ्यू ।१० पैसा तिरो लागेको खला जग्गाको २०१७ सालको धान बालीमा अर्कै व्यक्तिले दर्खास्त दिएको आधारमा खोला कट्टी मिनाहा दिएको । श्री पशुपतिनाथको नित्य पूजा र अन्य देव देवताको पर्व मामुली तथा यात्रा आदि चलाउन समेत ठेकदारहरूबाट बुझाउन ल्याएका जिन्सी सामानहरूको स्रेस्तामा रीतपूर्वक आम्दानी बांधी रीतपूर्वक खर्च लेख्नु पर्ने तदनुसार नगरी बिसेट नाइकेको जिम्मामा दिने गरेको । फलुवा चावल २।१५।५ तिरो लागेको खला जग्गा २ को २०१७ सालको बालीमा खोला लागी मिनाहालाई जाहेर गरेकोसम्म देखिएको मिनाहा निकासा भई नआएको ।

मटिहानी अस्थान अमानत अड्डा

२०१९।२० मा मालपोत रु. २३,७४५।५८।१, धान मन ८,०००ऽ३१।.।। चामल कुटानीको बांकी मन ७,४९८।।।.।।३, फूटकर जिन्सी मन २१ऽ४। असूल गर्नु पर्ने बांकी राखेको । उज्राती रु. ४२,१४६।४८।२ जिन्सी मन १६९।८।।, धरौटी रु. १,६६,१६९।०३।२, फछ्यौंट नगरेकोको अतिरिक्त धरौटोको रु. १,६४,५२९।३०।२ पछि सोधभर्ना गर्ने गरी अस्थानको काम चलाउन लिएको सोधभर्ना गरी नसकेको । बजेट निकासाभन्दा मर्मतमा रु. १,४९२।–, पटुवारी गुमस्ता खान्गीमा रु. ६,२१३।१६, धर्म सदाबर्तमा दरबन्दी बमोजिम खर्च ठीक देखिए पनि बजेट रु. ७४,४३९।९९ बढी खर्च लेखेको । महोत्तरी माल दाखिल गर्नु पर्ने खतमी सलामी रु. २६,९०५।०२ दाखिल नगरेको । खान नपाउने तलब भत्ता रु. ३८५।१८ खर्च लेखेको । दरबन्दी भन्दा रु. ४६।५७ धर्म सदाबर्तमा बढी खर्च लेखेको रु. ७,०१०।–को बिल भरपाई नभएको । बिना जथानत २।२ वर्षसम्मको अवधिमा ठेक्का दिएको हजारी मन मध्ये २ वर्ष नाघ्दा पनि असूल नभएको मन १,२५०।७९ बारे कुनै कारवाई नगरेको । गाछी बगैंचाको एकसाले ठेक्का दरबाट साल बसाल अर्को बन्दोबस्त नगरी सोही दरबाट असूल गर्ने गरेको । हाथपिठिया रकमको म्याद नाघेको सूद रु. १३।४०, किस्ता बांकी रु. १,२१९।४० असूल नगरेको । मन, २,३४५। खप ठेक्का सम्बन्धी सबूद पेश नभएको । म्याद नघाई बुझाउनेबाट लिनु पर्ने सूद मन २५०९।– भूतपूर्व महन्तसंग लिनु पर्ने ठहर भएको धान मन ३०७ऽ१।।। असूल नगरेको । मान महन्तको सदर स्याहा गर्नु पर्ने फर्मायसी रकमको रु. १,४४०।– धरौटीमा राखेको । बांध पैन तर्फको रु. ९,६४८।– सोधभर्ना नगरेको । जिन्सी माल थान ६ आम्दानीमा छूट गरी राखेको । गहना-हरूमा चांदी तोला २६ को मोल बढी र तोला १३।। घटी देखिन आएको । अस्थानका महन्तहरूको अदल बदली भए अनुसार बुझबुझारथ सम्पन्न नगरेको ।

आर्थिक योजना मन्त्रालय

२०१९।२० मा कोलोम्बो प्लान कन्सल्टेटिभ कमिटीमा भाग लिन जानु भएका तत्कालीन का. मु. सह-सचिवले नपाउने दैनिक भत्ता रु. १९२।– खर्च लेखेकोको अतिरिक्त सो काममा जांदाको खर्च रु. ८,२७०।९१ को बिल भरपाईहरू पेश नगरेको।

२०२०।२१ को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको।

केन्द्रीय तथ्यांक विभाग

२०२०।२१ को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको।

विकास

आर्थिक योजना मन्त्रालय

२०१९।२० मा रात नबिताएको दिनको नपाउने दैनिक भत्ता रु. ६६।५० खर्च लेखेको। दैनिक भ्रमण भत्ताको निमित्त गएको पेश्की रु. २००।– फछ्यौंट नगरेको। आधारभूत प्रमाण बेगर रु. १५०।– खाजा खर्च लेखेको। हिटर लगायत मालसामान खरीद गर्न वाणिज्य विभागलाई पेश्की दिएको रु. १,९१०।– फछ्यौंट नगरेको। सहायताको रूपमा प्राप्त भएका मालसामानको जिन्सी खेस्ता पेश नगरेको। लगबूक नराखी रु. १,१८७।७६ को पेट्रोल खर्च गरेको। उद्देश्य नखुलाई रु. २६६।– र पिकनिक पार्टीमा रु. २१।– समेत जम्मा रु. २८७।– को पेट्रोल खर्च गरेको। निजी कामका रु. ३८।– को पेट्रोल खर्च गरेकोको अतिरिक्त लेखा नियमित ढंगसंग नराखेको।

अर्थ आर्थिक सहायक मन्त्रीको कोठा निमित्त फर्निचर समेतलई रु. ४,५००।– निकाला विकास बजेटबाट दिएको सम्बन्धमा भनाइ मागदा बजेटमा परेकोले भैपरी आउने रकमबाट खर्च गर्न सकने भनी अर्थ सचिवले र सहायक मन्त्री महोदय हाल अर्थ मन्त्रालयको कोठामा बस्नु भएकोले सो कोठा सजाउनु मनासिब छ भन्ने आर्थिक योजना सचिवले जिकीर गरी लेखी पठाउनु भएको। साबिक मन्त्रीको कोठाको फर्निचर ल्याउने प्रबन्ध मिलाए हुनेमा तदनुसार गर्नु नभई विकास कार्यको लागि पर परिएको विकास बजेट भैपरी आउने रकमबाट रु. ४,५००।– फर्निचर खरीद गर्न रकमान्तर गरेको।

२०२०।२१ को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको।

केन्द्रीय तथ्यांक विभाग

२०१८।१९ मा लगबूक नै पेश नगरी रु. ६४१।५० खर्च लेखेको। ना. सु. ले तहबील मासेको तरताकेता साथ कारवाइ गरी असूल उपर नगरेको।

२०१९।२० मा निकासा बेगर हिटरको निमित्त रु. ७९।६० ओभर चार्ज बिजुली महसूल एवं दाउराको निमित्त रु. ७८।– खर्च लेखेको। भवन निर्माणको डिजाइन इष्टिमेट सरकारी विभागद्वारा नगराई बाहिरी इञ्जिनीयरबाट गराउन लगाएकोको अतिरिक्त डिजाइन इष्टिमेट र निर्माण रेखदेख समेतको लागि रु. १४,०००।– पारिश्रमिक तोकिएकोमा भवन निर्माणको काम शुरूनै नभएकोमा डिजाइन इष्टिमेट चार्ज भनी आधारभूत प्रमाण बेगर रु. ७००।– खर्च लेखेको।

२०२०।२१ को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको।

उद्योग वाणिज्य मन्त्रालय

२०१९।२० मा कर्मचारीहरूको महीना महीनाको तलबबाट कट्टी भएको तेजारथ सापटी समयमै दाखिल नगरी हिसाब राम्रो मिली नसकेको भनी बढीमा एक वर्ष पछिसम्म पनि दाखिल गर्ने गरेकोबाट रु. ३,२७८।– तेजारथ कट्टी समयमा दाखिल नगरेको। आर्थिक वर्षको अन्त्यमा बांकी रहेको रुपैयां मध्ये रु. ३१।– करीब १ वर्ष हुन लाग्दा मात्र सञ्चित कोष दाखिल गरेको अौ तलब रकमका रु. ५००।– भन्दा बढी तहबील मौज्दात राख्न पाउने निर्णय एवं परिपत्र हुनुभन्दा अघि हरेक महीनामा नियमले राख्न पाउनेभन्दा बढी तहबील मौज्दात राखेकोको अतिरिक्त तलब रु. २७२।५० खेस्तामा दोहोरो खर्च लेखेको भए तापनि तलब लिने खाने पदाधिकारीले दोहोरो तलब नलिएको हुंदा उक्त रु. २७२।५० तहबीलमा खास मौज्दात रहन आएको हुँदा समयमै तहसील मौज्दात देखाइ दाखिल गर्नु पर्ने थियो। सो नगरी लेखापरीक्षणबाट फेलापारे पछि मात्र दाखिल परेको (जुन रकम लेखापरीक्षणबाट फेला नपरेको भए लीप हुने थियो) ले देखादेख तहबील मसौट हुन गएकोले तत्सम्बन्धमा वस्तुस्थिति दर्शाई प्रचलित कानून बमोजिम हुनु गर्नु पर्ने विभागीय कारवाइको निमित्त लेखी पठाउंदा पनि कानूनी कारवाइ नगरी सुपरिण्टेण्डेण्ट-लाई "अब उप्रान्त हिसाब लेख्दा राम्रो ध्यान दिई काम गर्ने सूचना दिने" भन्नेसम्म निर्णय गरेकोले तहबील मसौट गर्ने सम्बन्धित पदाधिकारी उपर कानूनन् कुनै सजाय नगरी छुट्टकारा दिएकोबाट आर्थिक नियन्त्रण बिलकूलै खुकुलो हुन जानेकोको अतिरिक्त उपर्युक्त निर्णयको आडमा अन्यान्य कर्मचारीहरूले पनि राष्ट्रिय सम्पत्ति हिनामिना गर्न कति नहिचकिचाउने देखिन आएकोले त्यसो हुन नदिन सो कारवाइ चलाउन लेखी पठाउंदा समेत वास्ता गरिएन।

२०२०।२१ मा काठमाडौं उपत्यकामा २०० कोठे एक होटेल खोल्ने सम्बन्धमा नेपाल औद्योगिक विकास कर्पोरेशन र पान अमेरिकन वरल्ड इयरवेजका डाइरेक्टरको बीचमा भएको लेखापढीबाट फिजिबिलिटी सर्भेलाई डलर ५०,०००।– लाग्ने रहेछ। सर्भेबाट होटेल राख्न उपयुक्त ठहरेमा सर्भेको लागि भएको खर्च भर्ना आउने, होटेल राख्न उपयुक्त ठहरिन नआएमा भएको खर्च भर्ना आउने भन्ने कतै उल्लेख छैन। उक्त कामलाई लाग्ने खर्च सहायता अन्तर्गत प्राप्त गर्नेतर्फ विभिन्न स्तरमा छलफल पनि भएको र यू. एस. एडबाट प्राप्त गर्ने उक्त इयरवेजको मन्तव्य पनि भई सकेकोमा सहायता प्राप्त हुन सक्ने नसक्ने तर्फ ठोस कारवाइ टुङ्ग्याइएन। उक्त होटेलको सर्भे कामलाई नेपाल औद्योगिक विकास कर्पोरेशन मार्फत ब्यहोरिन पर्ने खर्च डलर ५०,०००।– (रु. ३,८४,०००।–) श्री ५ को सरकारलाई सोधभर्ना आउने कुनै ठोस व्यवस्था नमिलाई त्यति ठूलो रकमको सम्बन्धमा अर्थ तथा वाणिज्य मन्त्रालयहरूले निकासा गराउनु भएको।

उद्योग वाणिज्य मन्त्रालय र तदन्तरगत उद्योग विभाग, वाणिज्य विभाग र खानी विभागको २०२०।२१ को आर्थिक विवरण प्राप्त नभएकोले लेखापरीक्षण हुन नसकेको।

उद्योग विभाग

२०१७।१८ मा प्रचलित परिपत्रको प्रतिकूल हुने गरी रु. ११९।२० को पत्र पत्रिका खरीद गरेको। दैनिक भ्रमण भत्ता रकमबाट स्वीकृति बेगर रकमान्तर गरी लगबूक बेगर रु. १५०।५० को पेट्रोल खर्च लेखेको। डाइरेक्टर समेत अन्य पदाधिकारीहरूको निमित्त दैनिक भ्रमण भत्ता बापत पेश्की गएको रु. ६,७६९।१० को फांटवारी तथा भ्रमण सम्बन्धी रीतपूर्वकको आदेश समेत पेश नगरेको। अन्यत्रबाट सरुवा भएका पदाधिकारीलाई आधारभूत प्रमाण बेगर हाजिर हुनुभन्दा अघिको तलब रु. २९२।५० खर्च लेखेको। डाइरेक्टर पदमा का. मु. मुकरर भएको आधारभूत प्रमाणबिना रु. ४७९।०६ का. सु. भत्ता खर्च लेखेको। दैनिक भ्रमण भत्ता रकम तथा तार टिकट रकमबाट स्वीकृति बेगर रु. ४००।– रकमान्तर गरी खर्च लेखेको। शुरूदेखिका जिन्सी मालसामानहरू आम्दानी खर्चको लेखा पेश नगरेको। राजस्व आम्दानीको आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको।

२०१८।१९मा दैनिक भ्रमण भत्ताको शीर्षकबाट स्वीकृति बेगर अतिथिको खाना खर्च रकममा रु. ४१।७२ रकमान्तर गरी खर्च लेखेको। प्रचलित नीतिको प्रतिकूल पारी रु. ७०।२० को पत्र पत्रिका खरीद गरेको। भ्रमणको निमित्त पेश्की गएका रकमको दाखिल भएका फांटवारी बमोजिम फिर्ता लिनु पर्ने रु. २७७।– फिर्ता असूल नगरेको। लगबूकमा उद्देश्य नखुलाई चढ्ने व्यक्तिको निस्सा समेत नलगाई पेट्रोल ग्यालन २६ को रु. १८२।– खर्च लेखेको। एक विदेशी अतिथिलाई रायल होटेलमा खुवाउंदाको रु. १,०१५।– को बिल बेगर खर्च लेखेको। शुरूदेखिका जिन्सी मालसामानहरूको बुझबुझारथ नगरी राखेको। दरबन्दीमा नभएका पदाधिकारीलाई रु. ४८५।८३ तलब खर्च लेखेको।

२०१८।१९ को राजस्व आम्दानी तर्फको आर्थिक विवरण नदिएको।

२०१९।२० मा विभागमा दरबन्दी नै नभएको पदमा कायम मुकायम दिई रु. ४१५।१६ का. मु. भत्ता खर्च लेखेको। लगबूक बेगर पेट्रोल आदिमा रु. ५४७।४० खर्च लेखेको। टाइपराइटर झिकाउन पेश्की गएको रु. १,८००।– फछ्यौंट नगरेको।

राजस्व आम्दानी तर्फको आर्थिक विवरण पेश नगरेकोले लेखापरीक्षण हुन नसकेको।

खानी विभाग

२०१७।१८ को साधारणतर्फको आर्थिक विवरण नदिएकोले लेखापरीक्षण गर्न नपाएको ।

२०१८।१९ मा लगबूक बेगर रु. १७३।३०, नियमले लिन दिन नपाउने भरिया ज्याला रु. १०६।–, लिन दिन नमिल्ने भ्रमण भत्ता रु. २५।९८ खर्च लेखेको । स्वीकृति बेगर गत सालको तलब रु. १७५।– खर्च लेखेकोको अतिरिक्त दरबन्दी खारेज भई सके पछि तलब रु. ६९९।१३ खर्च लेखेको । तार टिकट टेलिफोनलाई गएको पेश्कीको फांट म्याद नघाई पेश गरेको । खर्च नभई फिर्ता बुझाउन पर्ने रु. २९।३० म्याद नघाई दाखिल गरेकोमा कुनै कारवाइ नगरेको र खर्चको फांटवारी भन्दा रु. ११।८० ज्यस्तामा बढी खर्च लेखेको ।

२०१९।२० मा नियमले लिन दिन नहुने रु. २।८० कुल्ली खर्च लेखेको । २०११ सालदेखिको दाङ कोल कम्पनीबाट लिनु पर्ने सर्फेस रेण्ट रु. ७२२।– असूल उपर नगरेको । नेपाल माइका कम्पनीबाट २०११ सालदेखि लिन पर्ने सर्फेस रेण्ट रु. ३,५०७।– मन्त्रिपरिषद्बाट मिनाहा भएको आधारभूत प्रमाण पेश नगरेको ।

वाणिज्य विभाग

२०१७।१८ मा स्टेट ट्रेडिङ्गको मालसामान झिकाउने काममा खर्च भएको रु. ९,७५,०००।– को मालसामान आई सके नसकेको तर्फ लेखापरीक्षणको निमित्त फांटवारी माग गर्दा समेत पेश नगरेबाट तत्सम्बन्धी लेखापरीक्षण हुन नसकेको । विभिन्न विभागहरूको निमित्त झिकाई आएको रु. ८४,२९८।४२ को मालसामान कुन मितिमा कहां दाखिल भयो त्यसको प्रमाण देखाउन नसकेकोको अतिरिक्त रु. १३,२७८।३६ को सम्बन्धित कम्पनीको बिल डकुमेण्ट तथा बैंक मेमो पेश गर्न नसक्नुका साथै यो माल यहां दाखिल भएको भन्ने समेत सबूद पेश नगरेको । कोटेशन बेगर तकमा बनाउन दिई रु. २,९४३।– खर्च लेखेकोको अतिरिक्त सुन्दरीजल जिन्सी अड्डालाई दिएको पेश्की रु. २२,०००।– फछ्यौंट समेत गरी नराखेको । भ्रमणको निमित्त वीरगञ्ज माल चलानी र विभिन्न मालको क्लेयरिङ्ग चार्ज वापत समेतलाई गएको पेश्की जम्मा रु. ६६,६०२।२२ फछ्यौंट नगरेको । फर्निचरमा रु. ३९३।– कोटेशन तथा बिल बेगर खर्च लेखेको । रु. ४।– नियम प्रतिकूल पत्र पत्रिकामा खर्च लेखेको ।नेपाल राष्ट्र बैंकमा एल. सी. खाता खोले मध्ये बांकी देखिएको रु. १०५।६० फिर्ता लिई नसकेकोको अतिरिक्त कम्पनीका बिल बमोजिम भा.रु. को रु. मा परिणत गर्दा रु. २।८८ बढी खर्च लेखेको । समयमा माल नछुटाई रु. २५५।०८ डिमरेज खर्च लेखेको । स्वीकृति बेगर रु. ६५३।३७ रकमान्तर गरी खर्च लेखेको । रु. ५०।– को हिटर, रु. ३९३।– को फर्निचर रु. ५६।२५ को कार्पेट जिन्सी किताबमा आम्दानी नबांधेकोको अतिरिक्त शुरुवेखिको जिन्सी किताब पेश नगरेको ।

२०१७ श्रावणदेखि पछि नेशनल ट्रेडिङ्ग खडा भएको मिति २०१८।१२।२ भित्रको स्टेट ट्रेडिङ्ग तर्फको रीतपूर्वकको फांटवारी र फेरन ट्रेड, ऋण, अनुदानको आर्थिक विवरण समेत लेखापरीक्षणको निमित्त पटक पटक माग गर्दा पनि (आफै अग्रसर भई लेखापरीक्षण गराउनु पर्नेमा) विवरण नदिएको । क्षेत्र तोकिनुभन्दा अगाडिको स्टेट ट्रेडिङ्ग र सेण्ट्रल पर्चेज समेतको २०१७।१८ मा जिम्मावारी सर्न आएको र सो सालमा भएको समेत उज्राती पेश्की समेतको लेखा प्रस्तुत हुन नआएबाट तत्सम्बन्धमा लेखापरीक्षण हुन नपाई अनिश्चित स्थितिमा राखेको ।

२०१८।१९ मा नियुक्तिको सबूद बेगर रु. १,७१२।१६ तलब खर्च लेखेको । काजमा आएको कर्मचारीलाई दिन नपर्ने रु. ५८७।– तलब खर्च लेखेको । खान पाउनेभन्दा रु. ३२।८२ बढी तलब खर्च लेखेको । बिलभन्दा रु. ५।– छपाइमा बढी खर्च लेखेको । भरेहेका नीति प्रतिकूल पारी पत्र पत्रिकामा रु. १४३।– खर्च लेखेको । भ्रमण आदेश बिल तथा सरुवाको सबूद बेगर रु. १,६६१।३५ दैनिक भ्रमणमा खर्च लेखेको । कोटेशन बेगर रु. ३६८।४० को मालसामान खरीद गरेको । फर्निचर खरीद गर्नलाई विभागका पदाधिकारी समेतलाई रु. ९४०।– पेश्की दिएको फछ्यौंट नगरेको साथै कोटेशन पनि नलिएको ।

रिभल्भिङ्ग फण्डबाट जम्मा रु. २०,१४७।८ खर्च लेखेकोमा (जसमा गैर-सरकारी फर्मलाई समेत रु. १८,१६४।– पेश्की गएको फछ्यौंट नगरेको, बजेटमा व्यवस्था नभएको साइकल र हिटर रकममा रु. ५३४।४७ खर्च लेखेको, बिजुली झ्ड्डा निमित्त रु. १,२९०।१६ को मालसामान खरीद गरेकोमा सम्बन्धित विभागमा बुझाएको प्रमाण पेश नगरेको रु. र १५६।८० पर्ने ट्रेड डाइरेक्टरी खरीद गरी आम्दानी नबांधेको समेत छन्) सम्बन्धित रकमबाट सोधभर्ना नगरेकोको अतिरिक्त साल तमाममा उक्त रकमको बांकी रु. १७,३५२।३२ आधारभूत निकासा बेगर सञ्चित कोष दाखिला गरेको । वीरगञ्ज माल चलानीलाई पेश्की गएको रु. १२,३९६।– फछ्यौंट नगरेको ।

राजस्व आम्दानीतर्फको आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

२०१९।२० मा दैनिक भ्रमण खर्चको रीत पूर्वकको फांटवारी नभएकोको अतिरिक्त नियमले लिन खान नपाउने र बिल भरपाइ बेगर दैनिक भ्रमण भत्ता रु. ९८२।– खर्च लेखेको । फांटवारीबाट खर्च नभै बांकी देखिएको रु. २,८००।– फिर्ता असूल नगरेको । रु. ४,१४७।– को मसलन्द कोटेशन लिन नपर्ने गरी रु. ९९।– मा नबढ्ने पारी पटक पटक खर्च लेखेको । कोटेशन बेगर रु. ९७१।– फर्निचरमा र रु. २५०।– छपाइमा खर्च लेखेको । ने. रा. बैंकको ड्राफ्ट बमोजिम खर्च लेखेको रु. ३,००७।७४ को कम्पनीको बिल पेश नगरेकोको अतिरिक्त के कति माल कहां दाखिल भयो त्यसको प्रमाण पेश नगरेको । विवरण नखुलाई रु. ४९६।१२ खर्च लेखेको । एक मित्र राष्ट्रका उ. वा. मन्त्रीको स्वागत समारोहमा बिल भरपाइ बेगर रु. ५०।– खर्च लेखेको । पदाधिकारीको राजिनामा स्वीकृत भएको प्रमाण पेश नगरेको । आधारभूत प्रमाण बेगर रु. ७५।– टाइपिष्ट भत्ता खर्च लेखेको । स्वीकृति बेगर गत सालको तलब रु. १२७।– खर्च लेखेको । बिल भरपाइ बेगर रु. १,६५५।५६ खर्च लेखेकोमा टाइपराइटर आम्दानी बांधिएको नदेखिएको । पाकिस्तान वाणिज्य सन्धिमा जानु भएका मन्त्री तथा डाइरेक्टरले लिनु भएको पेश्की रु. ४,९२६।४० फर्की सक्दा पनि हालसम्म फछ्यौंट नगरेको ।

वीरगञ्ज माल चलानीलाई पहिलो त्रै-मासिक निकासा भएं मध्ये खर्च नभै बांकी रहेको रु. ५२५।५० सञ्चित कोष दाखिल नगरी आधारभूत प्रमाण बेगर नेशनल ट्रेडिङ्गका एजेण्टलाई बुझाएको । भरपाइ बेगर रु. ५४९।– तलब खर्च लेखेको ।

कलकत्ता लियाजो अफिसलाई तेस्रो चौथो त्रै–मासिक निकासा भए मध्ये रु. २०८।४६ दोहरो तलब खुवाएको असूल नगरेको । उक्त लियाजो अफिसका पदाधिकारीहरूलाई वैदेशिक तथा लुगा भत्ता दिएको रु. ११,१६५।२७ को आधारभूत दरबन्दी समेत पेश नगरेको । लगबूक बेगर रु. २,४५०।८० को पेट्रोल खर्च गरेको र रु. १,५०३।५४ मर्मतमा खर्च लेखेकोमा मोटरको विवरण नखुलेको । रु. ६९१।२० दैनिक भ्रमण पेश्की फछ्यौंट नगरेको । कष्टम लियाजो अफिसमा सरुवा भएका पदाधिकारीहरूलाई गएको समेत जम्मा रु. १,७९३।७० को दैनिक भ्रमण पेश्की फछ्यौंट नगरेको ।

राजस्वको आर्थिक विवरण नदिएकोले तत्सम्बन्धी लेखापरीक्षण हुन नसकेको ।

विकास

उद्योग वाणिज्य मन्त्रालय

पाटन औद्योगिक क्षेत्र

२०२०।२१ को आर्थिक विवरण प्राप्त नभएकोले लेखापरीक्षण गर्न नपाएको ।

चुरोट कारखाना प्रोजेक्ट अफिस, जनकपुर

२०१७।१८ मा पेश्कीको फांटवारीबाट नपुग रु. १८७।१८ असूल नगरेको । भ्रमण आदेश तथा बिल बेगर रु. १,८९६।९९ खर्च लेखको । रु. ३५।४२ तलबमा बढी खर्च लेखेको । किताब किन्न गएको पेश्की रु. १६।– फछ्यौंट नगरेको । भ्रवणको दूरी नखुलाई मोटर भाडामा रु. ४०।– खर्च लेखेको ।

२०१८।१९ मा लगत इष्टिमेट बेगर रु. ६,४७९।४२ को सन क्यूरिङ्ग सेड र रु. ७,९६९।४५ को माल राख्ने गोदाम घर बनाएको । भाडामा लिएको घरमा रु. १०३।१८ खर्च गरी बाथरूम बनाएको खर्च, घर धनीबाट लिनु पर्ने नलिई नोक्सानी पारेको । भ्रमण आदेश बेगर रु. ४९२।– तथा नियमभन्दा बढी दैनिक भत्ता रु. १५४।८० खर्च लेखेको । कोटेशन बेगर फर्निचर खरीद गरी रु. ९५६।– खर्च लेखेको । रेण्ट कमिटीको ठहर बेगर रु. २,५६०।– घर भाडा खर्च लेखेको ।

रसियन मालसामानको क्लेयरिङ्ग एजेण्टले समयमा रेल्वे रसिद नपठाएको कारणले लाग्न गएको डिमरेज तथा ह्वारफेज रु. १,०१६।३२ खर्च लेखी सम्बन्धित एजेण्टबाट फिर्ता नलिएकोको अतिरिक्त निजी काममा रु. १७३।८० को पेट्रोल खर्च गरेको ।

आर्थिक वर्ष २०१९।२० को निमित्त जम्मा बजेट अनुमान रु. ५६,७८,७६०।– मध्ये रु. ३९,०७,७४४।५५ निकासा भई रु. ३४,१९,७७५।५८ खर्च भै प्रोजेक्ट निर्माण काम भएकोमा एग्रीमेण्ट बमोजिम के कति मालसामान आई के कति आउनु बांकी छ मूल्यांकन नभएको । लगत इष्टिमेट बिना प्रोजेक्टमा रु. १९,०२,८२७।८२, गोदाम घरमा रु. ३,२०,८८६।५९, फल्ट क्यूरिङमा रु. ६६,२६९।७३ खर्च गरी निर्माण गरेको । कोटेशन टेण्डर बेगर रु. २२,२६,२५७।९४ को निर्माण सम्बन्धी समेत मालसामान खरीद गरेको (सो मध्ये रु. ८२,००६।६७ पेश्की फछ्यौंट नगरेको) स्वीकृति बेगर विभिन्न बजेट शीर्षकबाट विभिन्न रकममा रु. ९७,२१९।९१ रकमान्तर गरी खर्च गरेको । आदेश बिना प्रशिक्षार्थ रु. १०,७०५।– डुप्लिकेट मेशीनमा रु. १,६९७।४८, भ्रमणमा (बढी गएको रु. १७५।२० समेत) रु. १,८१५।४७ खर्च गरेको । रेण्ट कमिटीको निर्णय बेगर घर भाडामा लिई (चलन नगरेको अवस्थाको रु. २,४००।– समेत) रु. ४२,७०५।९२ खर्च गरेको तथा अग्रीम पेश्की दिएको । पाउनेभन्दा बढी तलबमा रु. ९३।१२, पेट्रोलमा रु. ७५।६०, भ्रमणमा रु. २१८।१०, मोटर भाडामा रु. २१।२०, ज्यालामा रु. ५९।३२ खर्च लेखेको फिर्ता असूल नगरेको । बिल, फांट बेगर भ्रमणमा रु. १,५६२।३१, ट्रान्सपोर्टमा रु. ५९।६०, पेट्रोलमा रु. ३७४।– खर्च लेखेको । प्रोजेक्टको मोटर प्रयोग नगरी भाडामा लिई रु. १,७५३।२५ खर्च गरेको । मूल्यांकन नगरी रु. ३९,८७०।६८ को जग्गा खरीद गरेको । खरीद भएको जग्गाको रजिष्ट्रेशनमा बढी गरी दिएको रु. ३५०।– फिर्ता नलिएको । रु. ८७,६१३।८८ को खरीद भएको जग्गा नामसारी दर्ता नगरेको । सेल टयाक्स तिरेको रु. १८१।५५, डिमरेज धरौटी रु. २,४२७।०७ कारवाइ गरी फिर्ता नलिएको । स्वीकृत रकम भन्दा फर्निसिङ्ग रकममा रु. ३२,३५३।१० बढी खर्च गरेको । भ्रमणको रु. १००।–, तलबको रु. २०।–, फर्निसिङ्गको रु. २६०।५८, निर्माण ढुवानी आदिको रु. ८२,००६।६७ समेत पेश्की फिर्ता नलिएको । बजारको दर नबुझी बढी दरमा मालसामान खरीद गरी रु. ९,४००।– र बालुवामा स्थानीय दर कायम गरे पनि रु. ८९,६८१।७५ (नदी किनारको दरबाट रु. ६७,६८०।५५ हुने) घाटा पारेकोको अतिरिक्त समयमा मालसामान नछुटाई रु. ४,६५१।३६ डिमरेज तिरेको । बालुवा ठेकदारले म्यादभित्र ढुवानी सम्पन्न नगरेमा लाग्ने जरिवाना रु. १,५००।– असूल नगरेको । जिम्मावारी सार्दा रु. ९।३५ घटी सारेको । प्रोजेक्ट निमित्त आएका सामान विशेषज्ञ नभएको भनी नखोली बाकसबन्दी नै राखी परीक्षणार्थ विवरण नदिइएको जिन्सी कितावमा आम्दानी भएका मालहरू (बिल नझिकाई) बिल नभएको भनी मोल नखुलाई राखेको । प्रोजेक्टको निमित्त ठेकदारलाई रु. ५४,२९४।– भुक्तानी गई आएको मालसामान काममा नलगाई राखेको, खरीद भएका काठ बांसहरूको हिसाब नराखेको, चून खरीद गरी कुनै काममा नलगाई खाल्टोमा बिग्रने गरी राखेको ।

हाल साबिक ढुंदा जिन्सी सामानहरूको प्रोजेक्ट इन्चार्जहरूले रीतपूर्वकको बुझ्नु बझारथ नगरेको रु. १७,३०६।– को खरीद गरेको लक-डीको जिन्सी खेस्ता नराखेको । ठेकदारबाट खरीद भएका बालुवा, ढुङ्गा आदि रीतपूर्वक मिति मितिमा आम्दानी नबांधेको । सुर्ती खेती गर्ने किसान-हरूलाई दिएको सापटी रकमको रीतपूर्वकको लेखा नराखेकोको अतिरिक्त कामको किसिम अनुसार हिसाब राख्ने नगरेको ।

चिनी कारखाना प्रोजेक्ट अफिस, वीरगञ्ज

२०१८।१९ मा एग्रीमेण्ट बमोजिम आएका र आउने मालसामानहरूको लेखा नरहेकोले पूंजीगत खर्च एकीन नभएको । नपाउने सटही भत्ता रु. ३६२।९०, भ्रमण आदेश बेगर रु. ४६७।८० र नियमभन्दा भ्रमण भत्ता रु. १३।– बढी खर्च लेखेको । रु. ४,८०३।२७ को मालसामानको जिन्सी किताब खडा नगरेको । रूसी विशेषज्ञहरूको निमित्त चाहिने मालसामानको निमित्त गएको रु. ४४,०००।–, चुरोट कारखानालाई गएको रु.

५८७।१८ र कलकत्ताबाट आउने माल रक्सौलबाट वीरगञ्जसम्म ढुवानी निमित्त गएको रु. १३,६०२।३२ समेत जम्मा रु. ५८,१८६।५० को पेश्की फछ्र्यौंट नगरेको । बाटो बनाउन खरीद भएका कंक्रिट आदिको लगत नराखेको । लगबूक नराखी रु. ३,२३२।३१ को पेट्रोल खर्च लेखेको । वरभाउ नगरी विभिन्न दरमा माल ढुवानी गरी रु. ११,६२६।६६ खर्च लेखेको । रु. ५०।३४ बढी मजूरी खर्च लेखेको । समयमै चाहिने व्यवस्था नगरी माल छुटाउन ढिला गरी डिमरेज तथा छुटाएको मालको व्हारफेज समेत जम्मा रु. १८,७४५।७६ बढी खर्च लेखेको । डिमरेज वापत धरौटी राखेको रु. १,५०४।–फिर्ता लिने कारवाई नगरेको । टेण्डर बेगर इंट ढुवानीको ठेक्का बन्दोबस्त (प्रति १,००० को रु. १७।३० मा ५,००,००० इंट ढुवानी गर्ने ठेक्का बन्दोबस्त) गरी रु. ८,३६६।८६ खर्च लेखेको । बजेट निकासा भन्दा रु. १२,२१४।२६ बढी खर्च लेखेको सम्बन्धमा समेत कैयौं पटक लेखी पठाउंदा पनि सुधार तथा फछ्र्यौंट गर्नेतर्फ नलागेको ।

२०१६।२० मा दरबन्दी तथा नियुक्ति बेगर रु. ४,३०५।६१ तलब खर्च लेखेको । रु. ४७७।२६ बढी तलब, रु. १,८५८।८७ नपाउने सटही भत्ता, रु. ५५७।५० आदेश बेगर ओभर टायम भत्ता र रु. १,७४२।३२ बढी ग्रेड खर्च लेखेको ।रु. ७३६।६० गत सालको लेखा बेगर र रु. ७५,०५१।२७ को पेट्रोल लगबूकमा नचढाई खर्च लेखेको । आदेश बेगर रकमान्तर गरी रु. १,७८६।१७ को मालसामान खरीद गरेकोको अतिरिक्त त्यसको जिन्सी स्रेस्ता नराखेको । विशेषज्ञको निमित्त फर्निसिमा र मजूरीमा रु. १६।६२ बढी खर्च लेखेको । कोटेशन बेगर खरीद गरेको रु. २७,-५०३।२२ को जिन्सी मालसामानको स्रेस्ता पनि नराखेको । स्वीकृति तथा आदेश बेगर गत सालको भ्रमणको रु. ६७५।०८, नियमले नपाउने रु. २४७।५२, आदेश बेगर रू. ६,११२।१६, फांटवारी बेगर रु. ३२४।५२ र अनावश्यक भ्रमणमा रु. १,०३४।७२ समेत जम्मा रु. ११,३६४।– खर्च लेखेको । आदेश बेगर रकमान्तर गरी खरीद गरेको रु. १,२६७।८३ को मसलन्दको जिन्सी स्रेस्ता समेत नराखेको । कोटेशन बेगर रु. ४८,-८२०।३५ को मालसामान खरीद गरेको । रु. १३,३४३।६३ को जिन्सी स्रेस्ता नराखेको । रु. १,६६३।१३ भारतमा सेल टयाक्स तिरेको फिर्ता नलिएको । रु. १२२।३३ अनावश्यक अतिथि सत्कारमा खर्च लेखेको । प्रमाण बेगर रु. ७५८।६६ विशेषज्ञका परिवार निमित्त औषधि खर्च लेखेको । रु. २,०२२।४० को फर्निचरको जिन्सी स्रेस्ता नराखेको । रु. २,१८६।२० बिजुलीको निमित्त खर्च भएको डिजेल आदिको लगबूक नराखेको । कन्स्ट्रक्सनको निमित्त खर्च गरेको जिन्सीको स्रेस्ता नराखेकोको अतिरिक्त दर निर्धारण नगरी रु. १,६२८।६०, कोटेशन बेगर रु. ६२,१३६।६०, नियमभन्दा बढी मजूरी रु. २७।१२, माटो काट्ने काममा घटाघट तथा कोटेशन बेगर रु. १,३३,७५८।५७, अनावश्यक क्षतिपूर्ति दिएको रु. ३०५।३४, भाडामा बढी रु. ४०।–, कोटेशन बेगर चीफ-स्टोन सप्लाइमा रु. १३,१५६।२६, चूनमा रु. १५,३४०।८२, लकडी चिरानमा रु. २,४४३।२३ र तखता खरीदमा रु. ४३६।३६ खर्च लेखेको । बेरीतसंग ठेक्का पट्टा दिई कोइलाको मोलमा रु. ३४,०४३।५०, बालुवा ढुवानीमा रु. ७३,०६३।२०, स्टोन काष्टमा रु. २७,७१७।७३, इंट सप्लाइमा रु. ८०४।४४, ग्राभेल ढुवानीमा रु. ८,४१५।६८, माटो पुर्ने काममा रु. २६,१२६।२४ र लगत इष्टि-मेट बेगर पत्थर ढुवानी काममा रु. ६२,०५०।०२ समेत जम्मा रु. ५,६३,३१७।६४ खर्च लेखेको । माल ढुवानी गर्दा दर निर्धारण तथा कोटेशन नलि-एकोको अतिरिक्त लोड अनलोड खर्च लेखेको बिल पेश नगरेको र बढी मजूरी दिएको समेत जम्मा रु. ८७,३६१।०४ खर्च लेखेको । समयमा माल नछुटाई रु. ४२,३८३।२० डिमरेज व्हारफेज चार्ज खर्च लेखेको । निकासा बेगर विभिन्न रकममा रु. १,३०,०००।– रकमान्तर गरी खर्च लेखेको । काम काम के पेश्की गएको मध्ये २०१८।१६ को रु. ५८,२५४।६४ समेत जम्मा रु. १६,५४,७१३।०४ फछ्र्यौंट नगरेको । सहायतावाट आएका समेत मालसामानको जिन्सी स्रेस्ता नरहनुको साथै आउन बांकी र आई सकेको सामानको लगत नराखेकोबाट सहायता बाहेक ऋणबाट आएका माल-सामानको समयमा मूल्यांकन हुन नसकी ऋण विमोचन गर्न आधार बेगर ब्याज तिरी रहनु पर्ने हुन जाने अवस्था पारेको । ऊखुको निमित्त लगानी भै रहेका लाखौं रकमको असामी पिछेको खाता नभएको । ऋण विमोचन नभएसम्म ऊखु बिक्री गर्न नपाउने व्यवस्था नभएबाट बजारमा बढी दर भएमा उतैतिर बिक्री गर्न सक्ने भै कारखानालाई सामान नपुग हुन जाने देखिएको । धरौटी रकमको छुट्टै स्रेस्ता नगरी बजेट निकासाको आम्दानी खर्च स्रेस्तामै आम्दानी खर्च गर्ने गरेको । विभिन्न फर्म आदिलाई गएको पेश्की एक वर्ष नाघी सकेर पनि फछ्र्यौंट नगरेबाट प्रोजेक्टको काम सम्पन्न भई सक्दा पनि पेश्की असुल नहुने स्थिति पारेको । आम्दानी खर्चको लेखाहरू नियमित रूपले प्रोजेक्ट प्रमुख समेतबाट प्रमाणित तथा नियन्त्रण गर्ने व्यवस्था भएको नदेखिएबाट प्रोजेक्टको धन धेरैजसो अपव्यय हुने सम्भावना देखिएको ।

छाला जुत्ता कारखाना प्रोजेक्ट अफिस

२०१८।१६ मा आवश्यकभन्दा बढी सवारी प्रयोग गरी रु. २,३५६।– सवारी भाडा दिएको । लगबूक बेगर पेट्रोलमा रु. २,२३२।२० खर्च लेखेको । सम्झौतानुसार विशेषज्ञहरूको खाना खर्च योजनाको कोषबाट व्यहोर्ने नपर्नेमा काठमाडौं स्थित उक्त विशेषज्ञहरूको प्रतिनिधिको मौखिक अनुरोध अनुसार खाना खर्च तिर्न मुश्किल पर्ने भन्ने बोर्डको निर्णय बमोजिम होटेललाई रु. ८,५५०।३० भुक्तानी दिएकोमा निवास स्थान तथा खाना खर्चको अंक छुट्टाछुट्टै नखुलेको । विराटनगर, वीरगञ्ज टूर जांदाको खाना खर्च रु. १,७७०।४० पैसा र अन्य खर्च भएका रकम रु. २२।५० समेत जम्मा रु. १,७९२।९० मा विशेषज्ञले पाउने सो टूरको दैनिक भत्ता रु. ७८२। कटाई बांकी अनियमित खर्च रु. १,०१०।९० असूल नगरेको ।

२०१६।२० मा किफायत टेण्डरवालाबाट रोडा नलिई रु. ४२१।६४ बढी पर्ने गरी अर्को टेण्डरवालाबाट लिएको । चाहिने जति इंटको एकै पटक बन्दोबस्त गर्ने व्यवस्था नमिलाई २ पटक बन्दोबस्त गरी लिएबाट पछिल्लो दरबाट लिंदा रु. ४,८११।७५ नोक्सान पारेको । सर्भे विभाग-बाट काजमा आएको पदाधिकारीलाई रु. १८१।७० नियम निकासा बेगर पारिश्रमिक दिएकोको अतिरिक्त उक्त रकम सर्भे विभागमा दाखिल भएको सबूद पेश नगरेको । रु. २,२०८।१० को पेट्रोल खर्चको लगबूक नियमित तरीकाले नराखेकोको अतिरिक्त लगबूक बेगर रु. १,०१६।१६ को पेट्रोल खर्च लेखेको ।

सदर जेल कारखाना

२०१८।१६ मा पावर लूम घर मजबूतसंग नबनाएकोले पावर लूम नचली हुनु पर्ने लाभ लुप्त भएको देखियो । उक्त घरको लगत इष्टिमेट जांच पासको कागजात पेश हुन नआएको र छुट्टै लेखा नराहेकोले खर्च एकीन नभएको । गत वर्षको बजेट बांकी मध्येबाट रु. २६,०००।– स्वीकृति बेगर पावर जडानमा खर्च लेखेको । कोटेशन बेगर रु. ५७३।२३ को मालसामान खरीद गरेको । अनियमित तरीकाले रु. ११६।४० पिएनहरूलाई लुगा भत्ता दिएको । लट्ठा खरीद गर्दा रु. ३००।– नोक्सानी पारेको । रु. १८,०५४।– का मालसामान दिन कबूल गर्ने बिक्रेताले

पटक पटक म्याद थप गर्दा पनि नदिएको (डिपोजिट लिएको भए जफत हुनेमा लिएको नदेखाइएको) मा पुनः सोही बिक्रेताबाट अन्य माल खरीद गरेको ।

सिमेण्ट फैक्ट्री प्रोजेक्ट अफिस, हेटौंडा

२०१८।१६ मा लगत इष्टिमेट बेगर सेड घरमा रु. २,३२८।६८, स्टोर घरमा रु. ४,८६०।१६, एक्सप्लोसिभ घरमा रु. १,५५७।४५, स्याम्पुल डिल्डिङ्गमा रु. ३८,८८२।३० र स्याम्पुल प्रोसेसिंगमा घरमा रु. ४,२३५।३६ समेत जम्मा रु. ५१,८६४।२५ खर्च गरी बनाई जांच पास समेत नगराएको । आदेश बेगर भ्रमणको रु. १,५५३।८, बिल बेगर रु. १६३।४०, नियमभन्दा बढी रु. १,८१८।४१ खर्च लेखेको । कोटेशन बेगर मसलन्दमा रु. २३२।–, सर्वेक्षण मालसामानमा रु. १६६।३८, ष्टोर सम्बन्धी सामानमा रु. ६५१।५५ र फर्निचरमा रु. ३००।– खर्च लेखेको । लगबूकमा नचढेको पेट्रोलको मोल रु. २,८८५।२० खर्च लेखेको । ज्यालामा नियमभन्दा बढी रु. २,६२५।५० दर दाममा बढी रु. ४४।१७ र भरपाइ बेगर रु. १०५।२० खर्च लेखेको । रु. १४०।४७ को मालसामान आम्दानी नबांधेको । सेल्स टयाक्स तिरेको रु. १५६।६८ फिर्ता नलिएको । भुक्तानीमा रु. ।६० बढी र रु. ।४८ घटी मिनाहा खर्च लेखेको । प्रोजेक्टको मोटर छंदाछंदै भाडामा ढुवानी गरी रु. २८।२४ खर्च लेखेको । आदेश बेगर विभिन्न रकममा रु. ४७,१३८।– रकमान्तर गरेको ।

२०१६।२० मा मेनेजरको अवधि नपुग्दै रु. ६००।– ग्रेड (बृद्धि) खर्च लेखेको । राजिनामा गरेको कर्मचारीको बांकी क्याजुयल बिदाको सहूलियत दिई रु. ६८।६० खर्च लेखेकोको अतिरिक्त पाउनेभन्दा बढी रु. ५७।०६ तलब खर्च लेखेको फिर्ता नलिएको । नपाउने सटही भत्ता रु. ७५०।– खर्च लेखेको असूल नगरेको । आदेश बेगर भ्रमण गरेको तथा फांटवारी पेश नभएको र बढी लिएको असूल गर्नु पर्ने रु. ६७०।४८ समेत जम्मा रु. २,००७।६४ खर्च लेखेको । विशेषज्ञहरूको निमित्त चाहिने औषधि तथा घर बनाउने, मर्मत गर्ने, तलब र भ्रमण आदिको पेश्की रु. ५३,५८१।७० फछ्र्यौंट नगरेको । काम सम्बन्धित नभएका पुस्तकहरूमा रू. ४२८।०८, खेलकूद सामानमा रु. १३२।५०, कर्मचारीको तलब ड्राफ्ट गर्दा रु ४।६४ प्रोजेक्टक रकमबाट बैंक कमिशन फीको समेत अनावश्यक खर्च लेखेको । रु. २७६।२१ को मालसामान जिन्सी किताबमा नचढाएको । आदेश बेगर रु. २,४००।– रकमान्तर गरी खर्च लेखेको । खर्च भएका जिन्सी मालसामानको खर्च गर्ने आदेश तथा बुझी लिनेको भरपाइ पेश नगरेको। लगबुकमा नचढेको पेट्रोलको मोल रु. ६२६।२८ खर्च लेखेकोको अतिरिक्त सवारीको नियम नपुऱ्याई कि. मि. २४,०६६ मोटरहरू प्रयोग गरेको ।

हेटौंडा स-मील

२०१५।१६ मा साल मिति नखोली बिदाको दिनको तलब रु. ३१।५० र भा.रु. ७४।६७ खर्च लेखेको । जनरल सुपरिण्टेण्डेण्ट आफू खुशी मजफरपुर जांदाको दिन नमिल्ने २ तिन ६ घण्टाको तलब भा.रु. २०।६३ खर्च लेखेको । मील बन्द भएको समयको काम नदेखाई तलब भत्ता खाएको । खारेजमा परेको जवानलाई र निजका परिवार समेतलाई भा.रु. २३५।– बाटो खर्च लेखेको । विदेशी विशेषज्ञलाई दिल्ली पठाउन उद्देश्य तथा भ्रमण अर्डर बेगर भा.रु. १०१।६६ भ्रमणमा खर्च लेखेको । जनरल सुपरिण्टेण्डेण्ट आफू खुशी मजफरपुर जांदाको दैनिक भत्ता भा. रु. ३३।५५ खर्च लेखेको । दैनिक भ्रमण भत्ता बढी खर्च गरेको रु. १५।६४ र भा.रु.३०।– असूल नगरेको । काटमाडौं र हेटौंडा सर्भिस चालू छंदाछंदै जनरल सुपरिण्टेण्डेण्ट सर्भिसद्वारा नआई प्रोजेक्टको जीपद्वारा आते जाते गर्दा र काटमाडौं रहंदा बस्दाको ड्राइभरलाई रु. ७८।– दैनिक भत्ता खर्च लेखेको । भाडा भरौटमा भा.रु. ।२५ दर दाममन्दा बढी खर्च लेखेको । मालसामान खरीद गर्दा भा.रु. १।८७ बिलभन्दा बढी खर्च लेखेको । टेलिफोन महसूल रु. १।५५ रसीदभन्दा बढी खर्च लेखेको । फोन नक्कल शामेल पनि नभएको र रसीदमा पनि केही उद्देश्य नखुलेको रु. ७४।२ फोन महसुल तिरेको । जीप दर्ता गरेको दस्तूर भा.रू. ११– को र मालसामान खरीद भएको भा.रु. ७०६– को बील भौचर नभएको । तलबमा दर-दाम भन्दा रू. २।४७ र भा. रू. ४।५६ बढी खर्च लेखेको । ज्यालादारीलाई नियमले दिन नमिल्ने दैनिक भत्ता भा.रू. ५५८ खर्च लेखेको र बिदाको दिनको पनि भा.रू. १२४।५० ज्याला दिएको को अतिरिक्त ज्यालादारीहरूको हाजिर रिकर्ड नराखेको । भ्रमण अर्डर तथा उद्देश्य बेगर सर्भिस रहेको स्थानमा समेत प्रोजेक्टको सवारी लगी रू. ४६६।६६ रोडशेष खर्च लेखेको तथा माल ढुवानीलाई ट्रक गैरहने र सर्भिस उपलब्ध हुने स्थानमा माल लिन जानलाई समेत प्रोजेक्टको सवारी लगी रू. ७१।४८ रोडशेष खर्च लेखेको । प्रोजेक्टको जीपद्वारा बीरगञ्ज गई फर्कंदा उक्त जीपबाट नआई बिना कारण रेलबाट आउँदाको रू. १६।३८ रेल भाडा खर्च लेखेको । विदेशी विशेषज्ञको सामान अमलेखगञ्ज लैजांदाको मोटर भाडा भा.रू. ३०– खर्च लेखेको । भारतबाट खरीद भई आएका मालसामानको सम्झौता बमोजिम तिर्न नपर्ने सेल टयाक्स भा.रू. १६५।६३ खर्च लेखेको, बाकल र काठको धुलो रीतपूर्वक बिक्री नगरेको ।

आम्दानी तर्फको लेखाहरू सिलसिला मुताबिक आम्दानी नबांधी काठको धूलो, बाकल आदि छुट्टै टिपोट जस्तो किताबमा आम्दानी बांधी खर्च गर्ने गरेको । औ. वि. क. मा रहेको बैङ्क पासबुकबाट उक्त मील मार्फत ५८।७।३१ मा भा रू. ४८,०५३– र १६५८।६।३१ मा भा.रू. ४२,३६७।७७ समेत जम्मा भा. रू.६०,४२०।७७ देखिन्छ तर मीलको लेखामा सोकलम आम्दानी खर्च देखिदन । जिन्सी तर्फ काम गर्ने कर्मचारी सस्पेण्ड रहेकोले बुझबुझारथ नभएको र स्टोर पनि बन्द रहेबाट लेखा परीक्षण हुन नसकेको । रू. २,५००।– भन्दा बढीका मालसामान खरीद गर्दा रीतपूर्वकको टेण्डर नलिएको, मोटर भेहिकल प्रयोग गर्दा लगबूक नराखेको र डिजेल पेट्रोल खर्चको हिसाब स-मील के हिसाबमा समावेश भएकोले अङ्क एकिन हुन नसकेको । मसलन्दबाट खरीद भएको जिन्सी सामानको लेखा नराखेको साथै अन्य श्रेस्ता समेत व्यवस्थित ढङ्गसंग नराखेको ।

पूर्व २ नं. ठोसे फलाम खानी

२०१५।१६ मा विदेशी विशेषज्ञहरूलाई ट्रेक्का निमित्त गएको पेस्की रु. १२,८६०।– फछ्र्यौंट नगरेको । रु. १०,६२०।– टेकनिकल तथा प्रशासकीय सहयोगको निमित्त खर्च लेखी गएको तर फांटवारी पेश नभएको को अतिरिक्त तत्सम्बन्धी सम्झौता (एग्रीमेण्ट) आदि पेश नगरेको ।

घरेलु ग्रामीण र साना उद्योग तालीम तथा विकास विभाग

भौतिक परीक्षण गर्दा मालसामानहरू रू. ४,६०९।२६ र भा. रू. १,३८९।४३ को तथा मोल नखुलेका मालसामानहरू थान १,८११ र सेट ३७ समेत मौज्दात देखिन नआई नपुग देखिएकोमा असूल उपर गर्नेतर्फ कारवाई नगरेको । मोल नखुलेका किताब थान २७, अन्य मालसामान १४ थान र सेट १ आम्दानी नै नबांधी विभिन्न शाखाहरूलाई समेत वितरण गरेको । विभिन्न मालसामानहरू थान ७८१ र सेट १ प्राप्त भएको आधारभूत प्रमाण पेश नगरेको को अतिरिक्त सो मालसामानहरू आम्दानी पनि नबांधेको । विभिन्न मालसामानहरू थान १,७९१र सेट २२ आम्दानी बांधेकोमा मोल नखुलाएको को अतिरिक्त उक्त सामानहरू कहांबाट प्राप्त भएका हुन् त्यसको आधारभूत प्रमाण समेत पेश नगरेको । धेरै जसो अनावश्यक सामानहरू खरीद गरेको । खरीद भई आएका केही सामानहरू तत्कालै उपयोग गर्नु पर्नेमा नगरेको साथै प्राप्त सामानहरू सुरक्षित पूर्वक नराखेको । प्राप्त भएको सामानहरूमा को कसबाट कति प्राप्त हुनु पर्नेमा कति प्राप्त भए सो को अभिलेख नरहेको साथै सम्बन्धित इन्भ्वाइस बीलहरू पनि नरहेकोले हुन् पर्ने माल सामानको तथ्याङ्क पत्ता नलागेको । कुनै कुनै सामान व्यक्तिगत काममा पनि प्रयोग गर्ने गरेको । धेरै जसो मालसामानहरू मोल निर्धारण नगरी बालाज्यू काष्ठ कार्यालयलाई शेयर खरीद बापत दिएको ।

२०१३।१४ सालदेखि २०२०।२१ सम्ममा गएका ऋणको आर्थिक विवरण २०१९।५।२१ देखि मांग गर्दै रहंदा २०२१।७।२७ को पत्र-साथ पठाएकोमा पनि रीत पूर्वकको आर्थिक विवरण नपठाएको (लेखा परीक्षण गर्ने समय भिडकाई पठाएको समेत) बाट रीतपूर्वक गरी पठाउन फिर्ता गरेकोमा तदनुसार मिलाई नपठाएबाट लाखौं ऋणको लेखा परीक्षण गर्न नपाएको ।

२०१६।१७ मा सञ्चय समयमा मांग गर्दा पनि आन्तरिक लेखापरीक्षण भइरहेको भनी निउँ झिकी आर्थिक विवरण नदिएको र प्राप्त भएसम्मका स्रेस्ताको लेखा परीक्षण गर्दा रू. ५२,०२२।४२ ठाडो बांकी देखिएकोमा ठोस कारवाई नगरेको । विभिन्न रकममा रू. १८,६२६।७० प्रमाणित कागजात बेगर आम्दानी बांधेको ।

सिल्ड टेण्डर तथा कबूलियत बेगर रू. ९२,८२५।१० र भा रू २,९२,२२४।४० को मालसामान खरीद गरेको (उक्त रकम मध्ये स्थानीय साहूले रू. १७,८५३।४० मांग गरे मध्ये पेस्की रू. ३,३०८।-- कट्टा गरी रू. १४,५४५।४२ दिने भन्ने विदेशी विशेषज्ञको रिपोर्ट छंदाछंदै रू. ४४,३४३।६० पेस्की दिएको) कम्पनीको इन्भ्वाइस प्राप्त नभएको (प्रत्येक कन्ट्राक्टरको नाउँमा खर्च लेखेको एवं निजहरूबाट मालसामान प्राप्त भएको तथा प्राप्त हुनु पर्ने बांकी देखिने गरी व्यक्तिगत खाता नरहेकोबाट निजहरूको हिसाब एकिन नभएको) साथै जिन्सी किताबमा आम्दानी नबांधेको । टेण्डर बेगर रू. ३०४।४५, भा. रू. ६,३१९।९९ ढुवानीमा खर्च लेखेको । लगत इष्टमेट टेण्डर तथा कबूलियत बेगर निर्माण तथा मर्मत कार्यमा रू. १,२३,५८७।१५ खर्च लेखेको ।

निर्णय बेगर विदेशी विशेषज्ञहरूलाई भ्रमण भत्तामा भा. रू. ३५,०५०।१४ खर्च लेखेको, मालसामान सम्म छुटाउनलाई बढी भत्ता दिई विदेशी विशेषज्ञलाई (नेपाली कर्मचारी पठाए किफायत हुने) भारत पठाउँदा भा. रू. ५९१-- खर्च लागेको नियम बेगर शिक्षार्थीहरूलाई रू. १४५।-,भा. रू ३९३।२४ दैनिक भ्रमण भत्ता दिएको । भ्रमणको आदेश तथा उद्देश्य बेगर भा. रू. ५३३- खर्च लेखेको । रू. ५७४।६६, भा. रू. ६५६।९१ नियम भन्दा बढी दैनिक भत्ता खर्च लेखेको । भारतमा भ्रमण गर्ने कर्मचारीहरूलाई भ्रमणको पूर्ण विवरण बेगर विभिन्न दरमा भा. रू. २,०५८।८१ दैनिक भ्रमण भत्ता दिएको ।

आदेश फांटवारी तथा बील भरपाई बेगर रू, २३,०३९।९३ र भा. रू. ११,७२६।४८ विभिन्न रकममा खर्च लेखेको । २०१३।१४ मा लगेको रू. ३,०००।-- मध्ये रू. १,१४१।४१ को फांटवारी दाखिल भई बांकी रहेको रू. १,८५८।५९ असूल नगरेको । गत वर्षको आखिरीमा काटिएका चेकको रू. ११,०००।- यो वर्षको शुरूमा बैङ्कबाट झिकिएको तर तत्सम्बन्धी फांटवारी पेश नभएको । फांटवारी भन्दा रू. १३२।- बढी भुक्तानी दिएको ।

रूल नियम बेगर विदेशी विशेषज्ञ (स्वदेशतर्फ फर्कीसकेको) लाई निर्ब्याजी सापटी दिनाको साथै भा. रू. २,७००- असूल गर्न बांकी राखेको । नियम बेगर शिक्षार्थीलाईसापटी दिएको रु.४०। असूल समेत नगरेको तत्कालीन का. मु. चीफ एकाउण्टेण्टलाई पहिलेको बांकी रू. ६०५। असूल नगरी पुनः सापटी दिएको । तत्कालीन सहायक एकाउण्टेण्टलाई निर्णय आदेश बेगर दुई तह माथिको का.मु. भत्ता रू. २,३८३।-खर्च लेखेको । एक कर्मचारीको पूरा तलब खर्च लेखी पुनः तेजारथ रू. १०५।१६ सरकारी कोषबाट तिरेको ।

निर्णय बेगर रू. २१५।५५ र भा. रू. २,७५४।७५ घर भाडा तथा भान्छे खर्च लेखेको । रू. ८।०५ निजी साइकल मर्मत गराउँदा खर्च लेखेको । भू. पू. मन्त्रीको निवासस्थान सजावटमा पूंजी रकमबाट रू. ३३।८७ खर्च लेखेको । भा. रू. २९।६७ खर्च गरी डेभलप गरेको फोटो नदेखाएको । आम्दानी नबांधी रू. ८१४।४६ डियोजिट फिर्ता गरेको ।

पूंजी रकमबाट रू. ५०,०००।- केही कारण नजनाई श्री ५ को सरकारको विकास कोषमा जम्मा गरेको । दाङ्ग उप-शाखाको निमित्त अन्य व्यक्ति मार्फत् पठाएको रू. २,०००।-, भा. रू. ३,०००- बैङ्क या माल मार्फत सुरक्षित हुने गरी नपठाएको को अतिरिक्त उक्त शाखाले बुझी लिएको प्रमाण पेश नभएको । विदेशी विशेषज्ञहरूबाट असूल गर्न पर्ने होटेल चार्ज रू. ३,९३१।२४, भा. रू. ५४६- असूल नगरेको । ट्रान्सपोर्ट कम्पनीसंग माल नपुग भए बापतको भा. रू. ३१८।११ (प्रमाणित कागजात नरहेबाट वास्तविक अङ्क एकीन नभएको) असूल नगरेको । सेल्स टयाक्स भा. रू. ४७।५० फिर्ता नलिएको । गएल परेका दिनको तथा दोहरो ज्याला समेत जम्मा रू. १,९६१।५० खर्च लेखेको । लगबूक नराखी रू. ६,०८८।८७ को पेट्रोल खर्च गरेको ।

फोर्ड फाउण्डेशनसंग भएको सम्झौता पत्र नदिएको साथै सम्झौतानुसार प्राप्त भएको रकम खुलाई नपठाएकोले विदेशी विशेषज्ञ-हरू को तलब भत्ता सम्बन्धी खर्च समेतको नियमित तरीकाले लेखा परीक्षण हुन सकेन । दरबन्दी सदर नगराई शिक्षार्थीहरूलाई यो हिसाबले भत्ता दिने भन्ने नियम बेगर तालीम भत्ता दिने गरेको । यो वर्ष पेस्कीमा लाखौं रूपैयाँ खर्च लेखेको र तत्सम्बन्धी छुट्टै लेखा नरहेबाट गत वर्ष तथा यो वर्षको अङ्क समेत एकीन हुन नसकेको को अतिरिक्त पेस्की फछर्यौट गर्ने तर्फ कुनै ठोस कारवाई नगरेको । जिल्ला केन्द्रहरूलाई निकासा भई

भएको रकमको छुट्टै लेखा नराखेकोले विभिन्न जिल्ला केन्द्रहरूलाई गएको अङ्क एकीन हुन आएन । कर्मचारीहरूको सापटी किताब छुट्टै नराखेकोले कुन कर्मचारीबाट कति रूपैयाँ असूल हुन बांकी छ एकीन भएन । पूंजी माल तथा ज्याला खर्चको लेखा एकाउण्ट फांटमा केन्द्रित हुनु पर्नेमा सो नभएको र शाखा शाखाबाट मूल्याङ्कन विवरण समेत पेश नगरेकोले उत्पादन सम्बन्धी लेखापरीक्षण हुन सकेन । आम्दानी खर्चमा कसैले प्रमाणित गर्ने नगरेको । आवार्जे तथा बैङ्क खाता राख्ने नगरेको को अतिरिक्त लेखा सुव्यवस्थित ढङ्गमा नरहेको ।

जिन्सी फांट तर्फ

२०१६।१७ मा शिल्पकला बिक्री भण्डारलाई गएको मालसामानको मोल रू. ५९,४२३।९९ असूल नगरेको । विभिन्न शाखालाई मोल नलिई रू. ५,४६१।५० को मालसामान दिएको । घटी बोलमा बिक्री गर्दा रू. १९।४५ नोक्सानी भएको । रू. ३८६।८६ को मालसामान मौज्दात नदेखिएको । वर्षौं पहिलेका मालसामान हाल साबिक हुँदा बुझबुझारथ नगरेको सम्बन्धमा बेरूजु उठाई सकेपछि केही मालसामान बुझाएको तथा धेरै मालसामानहरू बुझाउन बांकी नै राखेको ।

२०१७।१८ मा हाल साबिक हुँदा केही मालसामान बुझबुझारथ नगरेको । काम नलाग्ने सामानहरू लिलाम बिक्री नगरी त्यसै राख्ने गरेको । मिनाहाको निमित्त जाहेर गरेको तर मिनाहा भई नसकेको । विभिन्न पूंजी मालसामानको मोल नलिई शाखाहरूलाई दिने गरेको । घटी मोलमा बिक्री गर्दा रू. २५।६६ नोक्सानी भएको । रू. १०,५८३।४६ र भा. रू. ४७९।६४ का माल सामान मौज्दात नदेखिएको । बिक्री तर्फ आन्तरिक जांचको प्रबन्ध नभएको को अतिरिक्त लेखा सुव्यवस्थित ढङ्गमा नरहेको ।

२०१८।१९ र २०१९।२० को आर्थिक विवरण २०२०।५।२४ देखि मांग गर्दै रहंदा पनि 'आन्तरिक लेखा परीक्षण समाप्त भए पछि आर्थिक विवरण तुरून्त पठाइने प्रबन्ध गरिने छ' भनी उक्त विभागले उद्योग वाणिज्य मन्त्रालयलाई लेखी बोधार्थसम्म दिई रूपैयाँ खर्च गर्दै जांदाको साथसाथै आन्तरिक लेखापरीक्षण हुँदै जान पर्नेमा तदनुसार नगराई लेखा परीक्षण गर्न आर्थिक विवरण नदिने निहुँ झिकी आन्तरिक लेखा परीक्षणको भान पारी सो आर्थिक विवरण नदिएबाट लेखापरीक्षण गर्न नपाएको ।

घरेलु शिल्पकला बिक्री भण्डार

२०१७।१८ मा लगत इष्टिमेट तथा टेण्डर कबूलियत बेगर रू. ९,३२७।- खर्च गरी नयां घर बनाएको को अतिरिक्त जांच पास समेत नगराएको । कोटेशन बेगर रू. १,५८८।५० को मालसामान खरीद गरेको । नियम बेगर कालीगढहरूलाई रू. ५१,४०९।३५ ऋण दिएको । घटाघट बेगर रू. १,२००।- मा घर भाडामा लिएको । पोखरा शाखामा पठाएको रू. ७,४६४।७९ को मालसामानको भरपाई पेश गर्न नसकेको । खपत हुने भन्दा बढी मालसामान खरीद गरी रू. ९,२४३।८९ को टेक्सटाइल सामान र अन्दाजी रू. १०,०००।- को कच्चा माल (धागो) सडी गली जाने गरिराखेको । खरीद भएका मालसामान मध्ये रू. १०५।- को मालसामान जिन्सी किताबमा आम्दानी नबांधेको र मौज्दात समेत नदेखाएको । दरबन्दी तथा आदेश बेगर तलबमा रू. ९०। खर्च लेखेको । सरूवाको प्रमाण बेगर रू. ६४।-, नियमले पाउने भन्दा बढी रू. ८।- भ्रमण भत्तामा खर्चमा लेखेको । पर्चेजिङ्ग कमिटीको सिफारिश बेगर रू. ८३।८० को माल खरीद गरेको । विभागको मोटर छंदाछंदै विभिन्न दरमा भाडाको मोटर उपयोग गरेको । विमानघाटसम्म जाने एयरलाइन्स कर्पोरेशनको सर्भिस छंदाछंदै टयाक्सी रिजर्भ गरी गएको । शनिश्चरबार विदाको दिनमा समेत काममा गएको भान पारी विभागको मोटर उपयोग गरी पेट्रोल खर्च लेखेको । तोकिएको दरभन्दा घटी दरमा मालसामान बिक्री गरी रु. ५१।३२ नोक्सान पारेको । बुझबुझारथमा नपुग हुन आएको कपडा गज १५० साबिकसंग असूल गर्नु पर्ने नगरेको । टुक्र्याई बिक्री गर्दा जाने जति सरह थान थान बिक्री गरेकोमा पनि जति भनी रु. १२३।०२ नियम बेगर मिनाहा खर्च लेखेको । रू. २४०।०६ को मौज्दात भएको माल जिन्सी किताबमा आम्दानी नबांधेको । आर्थिक वर्ष भुक्तान हुंदा बांकी रहेका मालसामान अर्को सालको स्रेस्तामा जिम्मावारी सार्नु पर्ने नसारेकोको अतिरिक्त अरू स्रेस्ताहरू पनि रकम रकमको स्पष्ट देखिने गरी छुट्टा छुट्टै राख्नु पर्ने नराखेको । बोर्डद्वारा नियुक्ति भएका अडिटरबाट लेखापरीक्षण भएको २०१६।१७ को लेखाबाट जिम्मावारी सारेकोमा प्रमाणित गर्नु पर्ने नगरेको सम्बन्धमा समेत विभागलाई सुझाव दिंदा पनि कार्यान्वित नगरेको ।

२०१८।१९ मा मालसामान आदि खरीद गरी बिक्री गर्ने व्यावसायिक अफिस भए अनुसार सो काममा लागेको पूंजी र बिक्रीबाट हुने नाफा नोक्सान आदि स्पष्ट देखिने गरी व्यावसायिक लेखा राख्न पर्ने कुरा गत सालको लेखापरीक्षणको सिलसिलामा ध्यान आकर्षित गराउंदा पनि हालसम्म तदनुसार लेखा राख्ने व्यवस्था नगरेबाट पूंजीको अवस्था एकीन गर्न नपाएको । दैनिक भ्रमण भत्तामा रु. ८४।- बढी खर्च लेखेको । हराएको धागोको मोल रु. ६९।२२ असूल गर्ने कारवाई नगरेको । कोटेशन बेगर कबूलियतभन्दा रु. १३६।३० क्यालेण्डरिंग चार्ज खर्च लेखेको । बिल भरपाइ बेगर रु. १५३।४६ खर्च लेखेको । कोटेशन बेगर रु. १,४४९।१८ को मालसामान खरीद गरेको । विभिन्न शाखामा मालसामान पुगेको सूचना बेगर रु. २४,८००।८१ खर्च लेखेको । सापटी गएको रु. ४०३।३९ असूल नगरेको । समितिले अख्त्यारी बेगर रु. २,७००।- रकमान्तर गरी खर्च लेखेको । अन्तर्गत शाखाको खाता (पूंजी नं. ३) बाट सोधभर्ना गर्ने गरी अनियमित तरीकाले हेड अफिसको पूंजी खाता (पूंजी नं. २) मा सारेको मध्ये रु. ६१,०००।- शोधभर्ना नगरेको । रु. ४,०००।- छात्रवृत्ति रकमको बदला दैनिक भ्रमण रकम मध्येबाट आवश्यक भन्दा बढी हुने गरी पेस्की दिई फछर्यौट समेत नगरेको । पूंजी रकमबाट गत वर्ष मर्मतमा खर्च भएको रु. १०,०००।- निकासा बेगर शोध भर्ना गरेको । हाजिर फाराम बेगर रु. ७५१।५० ज्याला खर्च लेखेको । गत वर्षको मौज्दातबाट घर बनाउन तथा मर्मत गर्ने रु. २,२१८।९२ स्वीकृति बेगर खर्च लेखेको । रु. ५१।-अनावश्यक तथा बढी मोटर भाडा खर्च लेखेको । रु. २।१ नपुग हुने गरी बिक्री गरेको । गत वर्षको बांकी मौज्दात नदेखाई त्रै-मासिक निकासा गराउने गरेकोले बांकी रकम संगालिदै गइरहेको । पेश्की तथा सापटीको व्यक्तिगत खाता राख्ने नगरेको । स्रेस्ता केरमेट गरी सच्याउने गरेकोको अतिरिक्त खंदिलो आन्तरिक जांचको प्रबन्ध नभएको ।

२०१९।२० मा नाफा नोक्सान समेत देखिने गरी व्यावसायिक लेखा रहन पर्ने कुरा गत वर्षको लेखापरीक्षण समयमा दर्शाउंदा दर्शाउंदै पनि हालसम्म त्यसको व्यवस्था नगरेबाट नाफा नोक्सानको स्थिति अज्ञात छ । यस स्थितिमा यस संस्थामा काम गर्ने पदाधिकारीहरूलाई लाभ हानिको अभिलेख बेगर रु. २,५९४।– अनियमित तरीकाले बोनस दिएको कारवाई उपयुक्त भन्ने ठाउं देखिंदैन । स्वीकृति बेगर रकमान्तर गरी रु. ४,१०७।५७ खर्च लेखेको । विदेशमा माल पठाउंदा खरीद गर्ने व्यक्तिबाट भारा भरौट लिनु पर्नेमा सरकारी कोषबाट रु. १६३।७० तिरेको । समयमा मालसामान नछुटाई रु. २३३।५६ डिमरेज तिरेको । हाजिर नभएका दिनको रु. २०।५४ ज्याला दिएको । रु. २,९१९।५० ऐस्की फछ्यौंट नगरेको । अन्तर्गत जिल्ला बिक्री भण्डारमा पठाएको मालको मोल रु. १६,८१४।६३ को जनाउ बेगर खर्च लेखेको । मालसामान बिक्री गर्दा रु. १।९४ घटी गरी बिक्री गरेको । लेखाहरूमा केरमेट गरेका ठाउंमा समेत प्रमाणित नगरी राखेको । स्टोरमा मालसामान राम्रो सुरक्षित ढंगमा रहेको नदेखिएको ।

घरेलु इलम केन्द्र, चौतरा

२०१८।१९ को आर्थिक वर्ष व्यतीत भई सके पछि २०१९।२० मा जिम्मावारी नसारिएकोले रू. ९६।– ठाडो बांकी देखिन आएको । रु. २१।७८ दोहोरो ढुवानी खर्च लेखेको । लिखित प्रमाण बेगर रु. ४०।– पुरानो घर भाडा खर्च लेखेको । टुटफुट मालसामान लिलाम गर्ने कारवाई नगरेको । बजेटभन्दा बढी दैनिक भत्ता रु. ३९।४६ निकासा बेगर खर्च लेखेको । सहायक शिक्षकले इलाममा छंदा बढी तलब लिएको रु. ३२२।– फिर्ता बुझाएकोसम्म देखिएको सो रकम इलाममा पठाई सोधभर्ना गर्ने कारवाई नगरी राखेको ।

घरेलु इलम केन्द्र, बाङ घोराई

२०१८।१९ देखिको आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको । तहबील जांचबाट जिन्सी मालसामान थान १३ नपुग देखिन आएको भर्ना राखेको नदेखिएको ।

घरेलु इलम केन्द्र, नुवाकोट

२०१७।१८ आर्थिक वर्षको रु. २०६।५३ पेस्की फछ्यौंट नगरेको ।

२०१८।१९ आर्थिक वर्षको रु. ११,५४२।५० पेस्की फछ्यौंट नगरेकोको अतिरिक्त सापटी ब्याज रु. २५।१५ र बढी भ्रमण भत्ता दिएको . १०।– समेत असूल नगरेको ।

असहाय कल्याण केन्द्र, थापाथली

२०१८।१९ मा कपडा क्यालेण्डरिङ्ग गराउने कबूलियत बमोजिम रू. ।६ ले दिनु पर्नेमा रू. ।९ दरले दिंदा रू. ५६।९० बढी नोक्सानी पारेको देखिएको । बडा दशैं पूजाको निमित्त बील भरपाई बेगर रू. ६०।– खर्च लेखेको । भैपरी आउने रकमबाट स्वीकृति बेगर रू. ५१।९२ रकमान्तर गरी खर्च लेखेको । कोटेशन बेगर रू. ५८१।९१ को माल सामान खरीद गरेको । हाजिर रिकर्ड बेगर ज्यामी ज्याला रू. २९८।२५ एकै व्यक्ति हस्ते खर्च लेखेको । स्वीकृति बेगर बजेट रकमबाट रू. १५,९४३।०६ को पूंजी माल खरीद गरेको । गत वर्षको मौज्दात-बाट अर्थको स्वीकृति बेगर घर मर्मतमा रू.१०,९००।४७ खर्च लेखेको । त्रै–मासिक निकासा गराउंदा बांकी रहेको मौज्दात कट्टा गराई मात्र निकासा गराउनु पर्नेमा तदनुसार नभएकोले एउटा आर्थिक वर्षको बांकी मौज्दात अर्को सालमा संगालिदै गई रहेको । जिन्सी मालसामानहरू सुव्यवस्थित तरीकाले नराखेको ।

२०१९।२० मा ज्याला रू. २।– बढी खर्च लेखेको । घटाघटै नगरी कपडा क्यालेण्डरिङ्ग गर्न सरकारी ब्लेस्तासा चलन नभएको १६ गण्डी हिसाबले ।। (डेढ आना) दिने गरी रू. २४८।१८ बढी खर्च लेखेको । कोटेशन बेगर रू. २४६।– को मालसामान खरीद गरेको । अर्थको निकासा बेगर अघिल्ला सालको बचत रकमबाट रू. २,७१९।८२ तलबमा खर्च लेखेको । गत वर्षको बांकी मौज्दात समेत समावेश गरी त्रै–मासिक निकासा गराउनु पर्नेमा तदनुसार गर्ने नगरेकोले प्रत्येक वर्षको बांकी मौज्दात संगालिदै गइरहेको छ । उज्याती फछ्यौंट गर्नेतर्फ ठोस कारवाई नगरेको । जुत्ताका फर्मा आदि आम्दानी नबांध्नुको साथसाथै जिन्सी माल सुरक्षित नरहेको को अतिरिक्त लेखाहरू नियमित रूपले नराखेको ।

वाणिज्य विभाग

अप्रिल २४, १९५९ मा एक मित्र राष्ट्रसंग भएको सम्झौतानुसार जनवरी १, १९६३ सम्ममा रूवल ४४,००,३०२।२३ सहायता र फेब्रुअरी ६, १९६२ को सम्झौतानुसार मार्च ३१, १९६३ सम्ममा रूवल ७,९८।४५१।८० ऋण २½ प्रतिशत ब्याज तिर्न पर्ने गरी प्राप्त भएको भन्ने नेपाल राष्ट्र बैङ्कसंगको लेखापडीबाट देखिएको । उक्त सहायता र ऋण रकमको लेखा परीक्षणलाई २०२०।४।३।५ देखि आर्थिक विवरण मांग गरी तत्पश्चात बराबर ताकिता समेत गरी पठाउंदा पनि नदिएकोले त्यसरी ब्याज समेत तिर्नु पर्ने त्यत्रो रकमको लेखा भनेको बखत दिन सक्ने गरी सबै तथ्य खुलाई राख्नु पर्नेमा ताकेता गरेको वर्षौं दिन भई सक्दा पनि यथातमयमा हिसाब राफ साफ गर्ने स्थितिमा नराखेको ।

कानून तथा न्याय मन्त्रालय

२०१९।२० मा लेखा परीक्षण ऐनको दफा ६ बमोजिम परीक्षण गर्न श्री ५ को सरकार र ठेकदारको बीचमा भएका ठेक्का पट्टा सम्बन्धी कागजपत्र पठाउन २०१९।६।२।३ मा र २०१९।१०।१९ मा समेत परिपत्र पठाएको थिएँ । कानून मन्त्रालयले नयाँ मुलुकी ऐन बिक्री गर्ने ठेक्का बन्दोबस्त गरेको बुझिएकोले उपर्युक्त परिपत्रलाई औंल्याई तत्सम्बन्धी कागजपत्रहरू तुरून्त पठाउनु हुन फोनद्वारा अनुरोध गर्दा पनि नपठाउनु भएकोले सो पठाउनु हुन कानून सह-सचिवलाई पुनः लिखित रूपमा अनुरोध गरेपछि मात्र तत्सम्बन्धी कागजपत्र प्राप्त हुन आयो । उक्त कागजपत्र परीक्षण गरेबाट टेण्डर आह्वान गर्दा उक्त ऐन भाद्र १ गतेदेखि लागू हुने हुँदा समयमा नै नेपाल अधिराज्यभित्र बिक्री वितरण भई सक्नु पर्ने हुँदा केकति कमिशनमा लिई बिक्री वितरण गर्ने र त्यसको मोल अगावै चुक्ता गरी बुझाउने वा थन जमानी दिने गरी टेण्डर पठाउने र सो सकार गर्नेले अधिराज्य भर समय भै वितरण गर्नु पर्दछ भन्ने समेत कुराहरू समावेश भएका सूचना प्रकाशित गरेको देखियो । सो सूचनामा टेण्डर दिन चाहने व्यक्तिले विशेष जानकारीको लागि कानून मन्त्रालयसंग सम्पर्क राख्न पाउने कुरा उल्लेख भएको देखिएन । सो सूचनाबाट पर्न आएका टेण्डरहरूको सम्बन्धमा दरसम्म विभागीय मन्त्रीबाट सदर गराई टेण्डरमा नपरेका शर्त तथा सहूलियतहरू समावेश गरी ठेक्का पट्टा गरेको देखियो । सील-टेण्डर आह्वानको सूचनामा प्रकाशित शर्त तथा बेहोरामा फेर बदल गर्न परेमा अघिको सबै टेण्डर खारेज गरी अर्को टेण्डर बोलाउनु पर्छ भन्ने उपबन्ध विकास नियममा रहेको को अतिरिक्त उपर्युक्त ऐनको दफा ६ बमोजिम चल अचल राष्ट्रिय धन बरबाद हुने गरी खर्च भएको महालेखा परीक्षकको चित्तले देखेमा त्यस्तो खर्च र तत्सम्बन्धी निकासाहरू (पट्टा आदि) को सम्बन्धमा महालेखा परीक्षकले औचित्यको दृष्टिकोणबाट परीक्षण गर्न पर्ने हुँदा (१) ऐन कानूनहरू छपाई बिक्री वितरण गर्न प्रस्ताव पेश गर्दा कार्य सम्पादन नियम अनुसार अर्थ मन्त्रालयको राय नलिएको, (२) मुलुकी ऐन बिक्री वितरण गर्ने विज्ञापनमा तोकिएको भन्दा अवधि बढाई डेढ वर्ष अवधि तोकी दिएको, (३) बिक्री नभएका किताबहरू लगेको ठाउँमै फिर्ता गर्न पाउने विज्ञापनमा नखुलेका भई उक्त अतिरिक्त सहूलियत शर्तहरू पहिलोको सूचनामा समावेश गरी दिएको भए सो कुराको लाभ उठाउन प्रतियोगितामा सरिक हुने बढी संख्यामा टेण्डर दिनेहरूको टेण्डर पर्न थियो । तदनुसार हुन नपाएबाट प्रचलित कानूनको विरूद्ध हुने गरी ठेक्का पट्टा गरेबाट राष्ट्रिय धन बरबाद हुन गएको मेरो चित्तले देखेकोले तत्सम्बन्धमा भएको अनियमितता तथा वास्तविकता दर्शाई विभागीय सह-सचिवको भनाई माग्दा कहिले आर्थिक दायित्व नबढ्ने कुरामा अर्थको रायलिन नपर्ने भन्ने र कहिले ज्यादै हतारो भएकोले अर्थ सचिवको मौखिक स्वीकृति लिएको भन्ने समेत हुँदा प्रस्तुत गरी ठेक्का पट्टामा खुलाउनु पर्ने शर्त अथवा कुराहरू टेण्डरको सूचनामा खुलाउनु अव्यवहारिक हुनुको अतिरिक्त अरू दृष्टिबाट पनि नमिल्ने र त्यसरी खोल्नु पर्छ भन्ने कानूनी बाध्यता पनि नभएको भन्ने कुरा उल्लेख गरी तथ्यहीन आरोप लगाउनु अवाञ्छनीय देखिएकोले आइन्दा उचित छानबीन पछिमात्र यस्तो आरोप लगाउन समेत अनुरोध गरिन्छ भन्ने अनुपयुक्त शब्दहरू प्रयोग गरी जवाफ लेखी पठाउनु भयो ।

त्यसरी प्रचलित कानूनको प्रतिकूल हुने गरी सूचनामा नपरेका सहूलियत तथा शर्तहरू राखी ठेक्का पट्टा गर्ने गरे (सर्वमान्य प्रतियोगिताको सिद्धान्तलाई तिलाञ्जली दिने गरी) मा टेण्डरवालाहरूले वास्तविक गर्नु पर्ने काम तथा सहूलियत थाहा नपाउने हुन गई किफायत दरमा प्रशस्त टेण्डरहरू पर्न आउन नसकी बढी दरमा टेण्डर दिनेले अनुचित लाभ उठाउन पाई राष्ट्रिय धन बरबाद हुन जाने हुनाले त्यसको पृष्ठ-भूमिमा कानून तथा न्याय मन्त्रालयसंग उक्त बेरूजु सम्बन्धी आपत्ति उठाएको हुँ । ठेक्का पट्टा सम्बन्धी प्रचलित पद्धति अनुसार गर्न कानूनी बाध्यता छैन भन्ने समेत कानून सह-सचिवले लेखी पठाउनु भएकोमा कानून मन्त्रालयको तत्सम्बन्धी रायको अन्य विभागहरूले पनि अनुकरण गरी ठेक्का पट्टा दिने पद्धति अङ्गालेबाट बरबाद हुने राष्ट्रिय धनको लेखा गरेर साध्य हुँदैन अतः त्यसरी ठेक्का पट्टा सम्बन्धमा मेरो चित्तले देखेको अबैध तरीकालाई बैध गर्न नपाउने आर्थिक व्यवस्था हुनु पर्ने देखिन्छ ।

२०१९।२० मा दैनिक भ्रमण पेस्की रू. ५००।– फछ्यौंट नगरेको ।

२०२०।२१ मा एटर्नी जनरल (सेवा शर्त) नियमावली नेपाल गजेटमा प्रकाश हुनु भन्दा अगावै एटर्नी जनरलले सरकारी सवारी प्रयोग गर्नु भएको सम्बन्धमा सो सुविधा सम्बन्धी कागजपत्र पठाउन हुन गृह मन्त्रालयलाई लेखी पठाउँदा तत्काल केही लेखी नआएकोले तत्सम्बन्धमा कानून तथा न्याय मन्त्रालयलाई लेखी पठाएँ । त्यहांबाट प्राप्त भएका तत्सम्बन्धी कागजपत्र लेखा परीक्षण ऐनको दफा ६ बमोजिम औचित्यको दृष्टिकोणबाट परीक्षण गरें । महालेखा परीक्षक, प्रधान न्यायाधीश, न्यायाधीश, लोक सेवा आयोगका अध्यक्ष सदस्यका पारिश्रमिक सेवा शर्त समेतको विचार गरी हुन सकेसम्म सुविधा कम गरी सेवा शर्तको सुझाव राखिएको भन्ने समेतका कुराहरू उल्लेख गरी एटर्नी जनरलले कानून तथा न्याय मन्त्रालयमा लेखी पठाउनु भएकोमा तद्विषयमा प्रस्ताव पेश गर्न अर्थ मन्त्रालयको राय मागेकोमा सवारी सुविधा सम्बन्धमा व्यक्तिगत सुविधा नदिने अफिसको निमित्त दिने राय व्यक्त गरी पठाएको रहेछ । हुन पनि एटर्नी जनरलको स्टेटस भन्दा माथिका सर्वोच्च अदालतका न्यायाधीशहरू एवं महालेखा परीक्षकलाई सवारी सुविधामा मोटरकार दिइएको छैन । कानून मन्त्रालयले एटर्नी जनरल (सेवा शर्त) नियमावली, २०२० को सम्बन्धमा पेश गरेको प्रस्तावमा अर्थ मन्त्रालयको राय; एटर्नी जनरल अफिसको निमित्त दिने कुरा उल्लेख नगरी समर्थन गरी लेखी आएको भन्ने बोली समावेश गरेको देखियो । कानून मन्त्रालयले राय मागेको तद्विषयको सम्बन्धमा कुनै कारवाई गर्नु भएको सबै कागजपत्र

अर्थ मन्त्रालयसंग मागी पठाउँदा आर्थिक व्यवहारको नभएकोले फाइल पठाउन आवश्यक नदेखिएको भनी सो कागजपत्र पठाएनन् । जुन कागजपत्र-बाट पेट्रोल आदिमा राष्ट्रिय धन खर्च हुन्छ तत्सम्बन्धी कागजपत्रलाई कसरी आर्थिक व्यवहार विषयको होइन भनी भन्ने त्यसरी संविधानले दिएको अधिकारबाट अर्थ मन्त्रालयले मलाई बञ्चित गरेकोले ऐन बमोजिम परीक्षण गर्न पाइन ।

उपर्युक्त नियमावली नेपाल कानून व्याख्या सम्बन्धी ऐन,२०१० बमोजिम नेपाल गजेटमा प्रकाशित भए पछि मात्र रीतपूर्वक बनेका छन् भन्ने कुराको निर्णयात्मक प्रमाण हुने हुनाले सो प्रकाशित हुनु भन्दा २२ दिन अगावैदेखि कानून तथा न्याय मन्त्रालयले एटर्नी जनरललाई मोटर सवारीको सुविधा दिई राष्ट्रिय धनको बरबाद गरेको ।

कानून तथा न्याय मन्त्रालय र सो अन्तर्गत ल-कमिशनको २०२०।२१ को आर्थिक विवरण प्राप्त हुन नआएकोले लेखापरीक्षण हुन नसकेको ।

एटर्नी जनरल अफिस

२०१९।२० मा नियमको प्रतिकूल गरी ब्लोज पत्रिका (जुन कानून सम्बन्धी नभएको) तथा गोरखापत्र (जुन पत्रिकाहरू केन्द्रीय सचिव पुस्तकालयमा पनि खरीद भईरहने गरेका) खरीद गरेको रू. ३३।६० र रीतपूर्वक भ्रमण बिल बेगर दैनिक भ्रमण भत्तामा रू. ४६८।– खर्च लेखेको । रीतपूर्वकको भ्रमण आदेश बेगर समेत दैनिक भ्रमण तथा टाइपराइटर खरीद गर्नको लागि गएको पेस्की रू. ३,६३०।– छर्यौटफ नगरेको ।

पब्लिक प्रोसिक्यूटर अफिस

असिष्टेण्ट पब्लिक प्रसिक्यूटर अफिस ललितपुर र काठमाडौं २ अड्डाको २०१९।२० को आर्थिक विवरण नदिएबाट लेखापरीक्षण हुन नसकेको ।

पब्लिक प्रोसिक्यूटर अफिस गोरखा

२०१८।१९ को बजेट रकमबाट स्वीकृति बेगर २०१९।२० मा फर्निचर रकममा रू. ५०।– खर्च लेखेको ।

गर्भमेण्ट प्लीडर तथा पब्लिक प्रोसिक्यूटर नारायणी, गोर

२०१९।२० मा तलब भत्ता रू. ९६०।– नियुक्ति सदर बेगर खुवाएको । निकासा बेगर बिदा बसेका समयको तलब भत्ता रू. १५२।– खर्च लेखेको ।

इलाम असिष्टेण्ट गर्भनमेण्ट प्लीडर तथा पब्लिक प्रोसिक्यूटर

२०१९।२० मा ल्याप्स भएका पदमा नियुक्ति गरी रू. ४९४।८० तलब खुवाएको ।

बलैया अ. ग. प्ली. तथा अ. प. प्रो. अफिस

आर्थिक वर्ष २०१८।१९ र २०१९।२० को आर्थिक विवरण नदिएकोले लेखा परीक्षण हुन नसकेको ।

अ. ग. प्ली. तथा अ. प. प्रो. अ., दाङ्ग घोराही

२०१९।२० मा बजेट निकासा भन्दा बढी तलब भत्तामा रू. २५।१९ खर्च लेखेको । नियमले लिन खान नमिल्ने औषधी भत्ता रू. १७२।४५ खर्च लेखेको । पिएनलाई रू. ।५२ बढी तलब खर्च लेखेको । बील भरपाई बेगर मसलन्द रकममा रू. ५०। खर्च लेखेको ।

अ. ग. प्ली. तथा अ. प. प्रो. अ., परासी

२०१९।२० मा आर्थिक वर्ष २०१८।१९ को बजेट रकमबाट रू. १६२।५०, स्वीकृति बेगर घरभाडा, तार टिकट र फर्निचरमा खर्च लेखेको को अतिरिक्त हाजिर फाराम तथा स्टेस्टाहरू रीतपूर्वक नराखेकी ।

अ. ग. प्ली. तथा अ. ग. प्रो. अ., भैरहवा

२०१९।२० मा तलबमा बजेट निकासा भन्दा रू. १७।७९ बढी खर्च गरेको ।

वकील शाखा सप्तरी गोस्वारा

२०१९।२० मा तलबमा स्वीकृत बजेट भन्दा बढी रू. ७२।२६ झिकेको । हनुमान नगर मालबाट जिम्मावारी ल्याएको भन्दा रू २९।०७ घटी देखाएको ।

गृह मन्त्रालय

२०१९।२० मा रू. १,०७४।७७ को भ्रमण बील पेश नगरेको । रू. ३८।– बढी भ्रमण भत्ता खर्च लेखेको । रू. ३३९।२८ को माल कोटेशन बेगर खरीद गरेको ।हवाई ग्राउण्डबाट आउन आर. एन. ए. सी. को सर्भिस छंदाछंदै मोटर रिजर्भ गरेको रू. २०। खर्च लेखेको । जिल्ला-बाट काजमा आई सरुवा भएकोमा नपाउने दैनिक भत्ता रू. ६८७।– खर्च लेखेको । आकस्मिक रकमबाट खर्च गरेको रू. ७,२५३।७९ को भरपाई पेश नगरेको । मोटरकार खरीदलाई रू. १,२५,०००।– नेशनल ट्रेडिङ्गलाई दिएको भरपाई र मोटर आएको स्लेस्ता समेत पेश नगरेको । विभिन्न पदाधिकारीलाई गएको पेस्की रू. १९,२५३।– फछर्यौट नगरेको । महीना महीनामा नियम भन्दा बढी मौज्दात राख्ने गरेको ।

२०२०।२१ मा सरकारी सवारी उपयोग गर्नेहरूले लग बूक भर्नु पर्ने कुरा गजेट समेतबाट व्यवस्था भई रहेकोमा अञ्चलाधीश, मेजिष्ट्रेट, नेपाल गुप्तचर विभागका प्रधान अफिसर र पुलिस तर्फ आइ. जी. पी. उपत्यका एस. पी. र विशेष पुलिस विभागले लगबूक भर्न नपर्ने गृह मन्त्रालयले कार्य सम्पादन नियम बमोजिम सम्बन्धित विभागहरूको राय समेत नलिई एक-तर्फी निकासा गराउनु भएको सम्बन्धमा शान्ति सुरक्षाको मुख्य साधन विभिन्न पुलिस विभाग भई तत्सम्बन्धी गोप्य कामहरू बुझ्न सो विभागका तल्लो तहका कर्मचारीहरूबाट लिनु पर्ने हुँदा निजहरूलाई सवारी भत्ताको व्यवस्था भई निजहरूले निजी सवारी राख्न पर्ने, निजी सवारी राख्न नपर्नेको निमित्त सम्बन्धित विभागमा किसिम किसिमका सवारी रहेको । मोटरकार उपयोग गरी गोप्य काम बुझ्न जांदा त्यस अवस्थामा बुझ्न जाने पदाधिकारी एवं मोटरकारले अदृश्य रूप धारण गर्न नसक्ने भई विभागीय सहायक मन्त्रीले निर्देशन दिनु भए बमोजिम गोप्य काम भए गोप्य काम भनेर मात्र लेखे पुग्ने र त्यति मात्र लेख्दा (सो काम भए गरेका धेरै समय पछि तत्सम्बन्धी लगबूक परीक्षण हुने) गोप्य कामको विवरण अड्कित समेत नहुने हुँदा सो काम कदापि प्रकाशमा आई सफल नहुने अवस्था नपर्ने भै उच्च पदाधिकारीहरूले पनि कानूनमा छिर्नै पर्ने हुँदा तरल रूपको पेट्रोल एवं डिजेल आइल नगद जस्तै राष्ट्रिय धन हुँदा तिनीहरूको बरबाद हुन नदिन कानूनन् प्रस्तुत लगबूकमा भर्नु पर्ने कुराहरू उपर्युक्त बमोजिम जनाउन पर्ने कुराको सुझाव समेत दोहराई लेखी पठाउँदा पनि तत्सम्बन्धी उपर्युक्त कानूनी व्यवस्थाको ख्याल नराखी लेखी पठाएको बेहोरा उचित देखिदैन । तर यस किसिमको कार्यमा श्री ५ को सरकारले पत्याई नियुक्ति गरेका उच्च पदस्थ कर्मचारीबाट जावो २।४ ग्यालन तेल यताउति होला भन्ने कुरा सोचनसम्म पनि उचित नपरेको र कैयौं पटक दिनसा सवारी साधनको उपयोग गर्न पर्ने लगबूकमा जनाउन पनि अनुकूल पर्न नजाने तथा सिर्फ गोप्यसम्म भनी जनाएमा पनि लगबूकको मतलब हासिल हुन नसक्ने भएर नै राख्न नपर्ने गरिएको हो भनी लेखी पठाउनु भयो । जुन विषय माथि जिकीर गरिए-का कुराहरू समेत पुनः दोहराई मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरी निकासा भए बमोजिम गर्नु पर्ने । उद्देश्यमा गोप्य काम जनाई सवारी उपयोग हुँदा खर्च भएको किलोमिटर पेट्रोल आदि भर्नु देखाउनुमा समेत कुनै बाधा नपर्नेमा सो नदेखाउने प्रयास लिई गोप्य भनी जनाएमा पनि लगबूकको मतलब हासिल हुन नसक्ने भनी आर्थिक नियन्त्रणको सम्बन्धमा भैरहेका कानूनी व्यवस्थालाई हटाई तत्सम्बन्धी लेखा परीक्षण गर्न नदिएको । साथसाथै गृह मन्त्रालयका उपर्युक्त लेखाई अनुसार राष्ट्रिय धन बरबाद हुन नसक्ने भन्ने ठाउँ रहन नआएको ।

२०२०।२१ मा सरकारी काम निमित्त रहेका साइकल थान ५२ मध्ये ३३ थान लिलाम गर्ने अवस्था पुगी लिलाम गर्ने निकासालाई पेश गरेको निकासा नभएको भनेकोबाट त्यस्तो तुरुन्तै जांची बुझी निकासा दिनु पर्ने कलमलाई त्यसै नोक्सानी हुँदै जाने अवस्था पारी निकासा नदिई राखेको । बांकी थान १९ मध्ये पनि ११ थान मन्त्रीहरू कहाँ गै थान ८ मर्मत गरे काम लिन हुनेमा मर्मत नगरी नोक्सानी हुँदै जाने अवस्थामा राखेको ।

त्यस्तो मर्मत गरी काम लिन हुने साइकलहरू छंदाछंदै मर्मत गरी काममा लगाउने तर्फ कुनै कारवाई नगरी (बजेटमा नपरेका रकम सृजना नगर्ने मन्त्रिपरिषद्को नीति तथा एउटा रकमको नजेटबाट अर्को रकममा निकासा बेगर खर्च गर्न नहुने श्री ५ महाराजाधिराजबाट हुकूम बक्स भै परिपत्र भैरहेको समेत छंदाछंदै) साइकल खरीद रकम बजेटमा समेत नभएकोमा गृह मन्त्रालयले साइकल ४ खरीद गर्ने (मन्त्रीहरू-को निजी सचिवालयको निमित्त) मौखिक अडरबाट मर्मती रकमको बचत रकम मध्येको रू. १,२७६।– बाट खरीद गरी स्वीकृतिलाई पछि अर्थ मन्त्रालयमा पठाएकोमा अर्थ मन्त्रालयले "उपर्युक्त आर्थिक सिद्धान्तका आधारमा उक्त ग्यारेजमा के कति साइकल कुन स्थितिमा छ खरीद गर्नु पर्ने अवस्था परे नपरेको के हो बुझी निकासा दिन पर्ने तद्नुसार नगरी खरीद भैसकेको भन्ने हुँदा आइन्दा यस मन्त्रालयको स्वीकृति बेगर खर्च नगर्ने अनुरोध गर्ने" भनी मर्मती रकमबाट भैपरी आउनेमा रकमान्तर गरी खर्च गर्ने भनी स्वीकृति दिन पर्ने अवस्था पारेकोको अतिरिक्त एक पटक निकासा नलिई खर्च गरेकोमा उपर्युक्त बमोजिम भै स्वीकृति भएको उल्लिखित आर्थिक सिद्धान्तलाई अनुस्मरण गरी काम गर्नु पर्नेमा खास मर्मत गरी काम लिन हुने ८ आठ थान साइकल त्यसै पडिरहेको छंदाछंदै त्यसलाई मर्मत गरी काम लिनेतर्फ नलागी उपर्युक्त आर्थिक सिद्धान्तको प्रतिकूल पारी अधिकै परम्परालाई अपनाई २०२१।२२ को बजेटमा पनि साइकल खरीद रकम नभएकोमा अर्थ मन्त्रालयको स्वीकृति बेगर पुनः साइकल ८ आठ खरीद गर्ने मौखिक अर्डर चलाई रू. २,५५६।– मा खरीद गराई (अन्य रकमको बचतबाट) मन्त्रीहरू कहाँ खटाई पठाई राष्ट्रिय धन अपव्यय गरेको ।

२०२०।२१ मा वीरगञ्जमा रहेको बारुण यन्त्रको भौतिक निरीक्षण गर्दा सुव्यवस्थित तरीकाबाट नराखी घाम पानीमा गोस्वारा कम्पाउण्डभित्र राखेको हुंदा राष्ट्रिय धन बरबाद भएको सम्बन्धमा गृह सचिवलाई लेखी पठाउंदा ग्यारेज तुरुन्त निर्माण गर्न नसके तापनि त्रिपालको छाना बनाई जतन र सम्भार साथ राखेको बुझिएको भनी लेखी पठाउनु भएकोले पुनः निरीक्षण गर्दा बारुण यन्त्रको मेशीनरी बिगारी राखेकोको अतिरिक्त नगर पञ्चायतले बाटो निर्माण गर्दा पानी छराउने काममा प्रयोग गरी त्रिपालले छोपी राखेको भई लर्खौं रुपैयां जाने बारुण यन्त्र यस किसिमबाट दुरुपयोग गरी राष्ट्रिय धन बरबाद गरेको।

गृह मन्त्रालय र सो मन्त्रालय अन्तर्गतका विभाग अड्डा २४ समेतको २०२०।२१ को आर्थिक विवरण माग गरी पटक पटक ताकेता गर्दा पनि प्राप्त हुन नसकेबाट लेखापरीक्षण गर्न नपाएको।

२०१९।२० मा कार्तिकदेखि रेखदेख दौडाहाका दुई पदाधिकारीहरूलाई गएको पेस्की बांकी रु. ९३९।३७ हालसम्म फछ्यौंट नगरी राखेको।

क. कि. नि. दर्ता फांट

२०१९।२० मा एक पटक घटाघट गरी खरीद गर्दा हुने मितव्ययिताको प्रतिकूल हुन जाने गरी आपनो अधिकारभित्र पार्नको लागि रु. ९९।– को पटक गरी एकै महीनामा किताब बनाउन रू. ९९०।– को कागज खरीद गरेको। आश्विनमा रु. ६०८।८५ र कार्तिकमा रु. ९५३।१० बढी तहबील मौज्दात राखेको। समयमा बिजुली महसूल नबुझाई रु. १।– जरिवाना खर्च लेखेको। ल्याप्स भएको तलब रु. ३००।– स्वीकृति बेगर पछिल्लो सालमा खर्च लेखेको। घटाघट नगरी रु. ३७५।– को मसलन्द खरीद गरेको।

सिंहदरबार बैठक डिपार्टमेण्ट

२०१९।२० मा फायर एक्टिङ्गुभिसर खरीद गर्न गएको पेस्की मध्ये रु. ४,६४५।४४ फछ्यौंट नभएको।

साबिकमा जगेडा भएका मालसामानहरू समेतको विचारै नगरी २०२०।२१ मा रकमान्तर समेत गरी रु. २६,०००।– निकासा गराई रु. २५,९४८।५० को फर्निचर मालसामान खरीद गरेको। साबिकको मालसामानले नै दरबन्दी बमोजिम मिलाएर दिए पुग्नेमा मन्त्री सहायक-मन्त्री-हरूलाई दरबन्दीभन्दा बढी थान ६६ र दरबन्दीमा नभएको थान १३८ फर्निचर गृह मन्त्रालयको आदेश बमोजिम दिई राखेको फिर्ता गर्ने सम्बन्धमा बराबर मौखिक ताकेता गरी २०२१।७।१६ मा लेखी पठाउंदा समेत गृह मन्त्रालयबाट निकासा नआएको भनी तदनुसार नगरी साथि लेखिए बमोजिम थप मालसामान खरीद गरी राष्ट्रिय धनको अपव्यय गरेको देखिएको।

आम्दानी बांध्न पर्ने मालसामान आम्दानी नबांधी र लिलाम गरे हुने मालसामान लिलाम समेत नगराएको।

सिंहदरबार मोटर ग्यारेज

२०१९।२० मा घटी जिम्मावारी सारेको रु. २०।१ आम्दानी बांधी सञ्चित कोष दाखिल गर्नु पर्ने नगरेको। हाल साबिकको बुझबुझारथ हुंदा रु. २६९।८९ नपुग भएको तत्काल साबिकवालासंग बुझी लिनु पर्ने नलिई करीब ५ महीना पछि मात्र बुझाएकोमा कानूनन् हुनु पर्ने कारवाई केही नगरेको। बिलभन्दा रु. २५०।– बढी खर्च लेखेको असूल उपर नगरेको। आम्दानी नबांधेको र मोटरको पुरानो मालसामान लिलाम बिक्री गर्ने कारवाई नगरेको। पेट्रोल खर्च रु. १,८१३।४८ को लगबूक पेश नगरेको। कोटेशन तथा घटाघट बेगर रु. १,१५२।८० को मालसामान खरीद गरेको। तहबील जांच गर्दा फाजिल देखिएको रु. ८।८५ आम्दानी बांध्नु पर्ने नबांधेको।

वसन्तपुर फरासखाना

२०१९।२० मा गोदावरी दरबारबाट बुझाउन ल्याएका मालसामानहरू मध्ये काम नलाग्ने नोक्सानी माल छुटचाई नाप, तौल र मोल समेत खुलाई राख्नु पर्नेमा तदनुसार नगरेको। एकनाले बन्दूक एक निकासा आदेश नआएको भनी सम्बन्धित अफिसमा नबुझाई राखेको। हाल काममा प्रयोग गर्न नपर्ने ढलौटे, पित्तले, तामा समेतका मालसामानहरू पनि निकासा आदेश बेगर सम्बन्धित अफिसमा बुझाउन नपाएको भनी त्यसै राखी छोडेको।

कोशी अञ्चलाधीश अफिस

२०१९।२० मा दैनिक भ्रमण भत्तामा रु. ६००।– स्वीकृति बेगर खर्च लेखेकोको अतिरिक्त फांट पेश नगरेको। निकासा बेगर रु. ८२०।३३ दैनिक भ्रमणबाट तजबीजी फण्डमा र रु. १५।४० मसलन्दबाट अतिथि सत्कारमा रकमान्तर गरेको। निकासा बेगर तजबीजी फण्डबाट रु. ६४०।– र अफिस मेशीनको रु. १६००।– समेत जम्मा रु. २,२४०।– आर्थिक वर्षको १ दिन अघि अफिस मेशीन (टाइपराइटर) खरीद गर्न भनी पेस्की दिएको हालसम्म फछ्यौंट नगरेको। निकासा बेगर पदाधिकारीलाई रु. १००।– सापटी दिई पछि लेखापरीक्षणबाट पक्राउ भए पछि सञ्चित कोष दाखिल गरेको। आकस्मिक पुरस्कार चन्दा रकमबाट खर्च भएको रु. ४,१४४।– मिनाहा नगराएको। दैनिक भ्रमण भत्ता पाउने मन्त्रीहरूको सत्कारमा निकासा बेगर रु. ७१६।– खर्च गरेको। नियम प्रतिकूल हुने गरी बढी मौज्दात राख्ने गरेको। स्वीकृति बेगर फर्निचरमा रु. १०००।– खर्च लेखेको।

२०२०।२१ मा कोशी अञ्चलाधीशको बङ्गला निरीक्षण गर्दाको सिलसिलामा अञ्चलाधीश बस्नुभएको बङ्गला बनाउन लागेको एकीन अंक देखाउन नसकेको। बङ्गलाको केही भाग एवं भान्सा घर ग्यारेज समेत ठाउं ठाउंमा चर्की पानी चुहिने भैरहेको। ग्यारेजमा रहेको थोत्रो स्टुडिबेकर ट्रक खेस्तामा आम्दानी नबांधेको।

टेलिकम्युनिकेशनका सामानहरू रहेका बाकस ३, मेशीन २ र मोटर कारका पुराना मालसामानहरू समेत हिफाजतसाथ नराखेको। अग्निपीडित सहायतार्थ प्राप्त भएका कपडा गांठ ११ र अरू १ थुप्रो कपडा, बिगत २०१५ सालको चुनावमा गएका वितरण हुन बांकी औषधिहरू, एस.एल.सी. परीक्षा लागि आएका उत्तर कापीका बाकसहरू तथा हात्तीका सामानहरू समेत बुझबुझारथ नभै रहेको भनी विवरण समेत पेश नगरेको। पुरानो सेफ २ मर्मत गर्नेतर्फ कारवाइ नगरेको।

गण्डकी अञ्चलाधीश अफिस

२०१९।२० मा अञ्चलाधीश (साबिक) ले नियमभन्दा रु. ३६५।– बढी दैनिक भ्रमण भत्ता लिएको। गोस्वाराको असिष्टेण्टले दैनिक भ्रमणमा पेस्की लिएको रु. २२५।– फछ्यौंट नगरेको। मोटर प्रयोग गरेकोमा माइल मिटर नदेखाई भ्रमण गरेको र एकै स्थानको भ्रमणमा किलोमिटर पेट्रोल खर्च फरक परेको पेट्रोल ग्यालन ३९।। को समेत रु. ४,८००।– खर्च लेखेको। बेकम्मा जिन्सी मालसामान लिलाम गर्ने व्यवस्था नगरी थुपारी राखेको। नियम बमोजिम बुझाउनु पर्ने पारिश्रमिक कर हाल साबिक दुबै अञ्चलाधीशले नबुझाएको।

नारायणी अञ्चलाधीश अफिस

२०१९।२० मा कोटेशन बेगर रु. ३,१६६।५०को मालसामान खरीद गरेकोको अतिरिक्त जिन्सी लेखा नराखेको। टाइपराइटर खरीद गर्न नपुग रु. ७३।८५ आकस्मिक सहायता रकमबाट रकमान्तर गरी खर्च लेखेको र रु. ३,४७५।१० आकस्मिक चन्दा पुरस्कारमा खर्च लेखेको मिनाहाको सबूद पेश नगरेको। तलब रकमबाट रु. २०२।५० भत्ता रकममा खर्च लेखेको। दैनिक भ्रमणमा रु. २८।– बढी खर्च लेखेको। रु. ४,७७३।९५ को पेट्रोल आदि खर्च लेखेकोमा लगबूक पेश नगरेको।

बागमती अञ्चलाधीश अफिस

२०१९।२० मा म्यादभित्र बिजुली महसूल नबुझाएबाट रु. ३।– जरिवाना लाग्न गएको। मोटर मर्मत गर्दा खरीद भएको रु. ८०१।– को मालसामानको जिन्सी खेस्ता नराखेको। सवारीको उद्देश्य र दूरी समेत नखुलाई पेट्रोल ग्यालन ७२० को हुने रु. ५,१८४।– खर्च लेखेको।

उपत्यका खाद्यान्न बन्दोबस्त समितिलाई निकासा भएको रकमबाट २०२१ सालको बडा दशैं तथा तिहारमा समेत बिक्री वितरण गर्ने गरी भेंडा च्यांग्रा ल्याएको सम्बन्धमा के कति रकमबाट कति भेंडा च्यांग्रा ल्याइएको हो सो मध्ये के कतिको च्यांग्रा, भेंडा बिक्रीभै जांकीको के अवस्था छ ? तिहारमा किस्ताबन्दीबाट कट्टी गर्ने गरी सरकारी कर्मचारीलाई दिएको सिलसिलामा के कतिको बिक्री वितरणभई सो रकम असूल गर्ने बारे के कस्तो व्यवस्था भएको छ सबै विवरण सहित लेखापरीक्षण गराउने अनुरोध गर्दा पूर्व पश्चिम १।१ नं. गोस्वाराबाट लगत आई नसकी सो विवरण दिन नसक्ने भनी सो काम सञ्चालन गरी रहनु भएका बागमती अञ्चलाधीशले संविधान तथा लेखापरीक्षण ऐन प्रतिकूल पारी आर्थिक विवरण नदिएबाट तत्सम्बन्धी लेखापरीक्षण गर्न नपाएकोको अतिरिक्त यस किसिमको कार्यविधिबाट आर्थिक नियन्त्रण एकदमै खुकुलो गरी राष्ट्रिय धन अनिश्चित स्थितिमा पारी खर्च भए गरेको देखिएकोले राष्ट्रिय धनको हानि नोक्सानी नभएको भन्ने ठाउं रहन नआएको।

काठमाडौं मेजिष्ट्रेट अफिस

२०१९।२० मा लगबूक नराखी पेट्रोल ग्यालन ६०० को रु. ३,८७५।३० खर्च लेखेको। रेडियो कर बिक्रेता तथा मेकानिक्सबाट असूल गर्नु पर्ने कर रु. ३९,०८०।– असूल नगरेको।

भक्तपुर मेजिष्ट्रेट अफिस

२०१९।२० मा मेजिष्ट्रेट अफिसका कर्मचारीलाई रु. ३,६९७।२५ पेस्की खर्च लेखेकोमा भुक्तानी प्रणाली नियमानुसार ८, ९, १० नं. फाराम खेस्ता राखेको नदेखिएको। जीप र ट्रेलर मर्मत गर्न म्याद नाघेको टेण्डर लिई अधिकारभन्दा बढी रु. १,००१।– को टेण्डर सदर गरेको। भण्डारखाल बगैंचाको आयस्ताको हुने रू. १०५।– निकासा बेगर लिने खाने गरी आएको देखिएको। बिजुली बत्तीको महसूल समयमा नतिरी जरिवाना रु. १०।– खर्च लेखेको। पुतली बगैंचा र निसान बगैंचाको आयस्ता मोहीबाट असूल नगरी रु. ११०।– बांकी राखेको। जीपको माइल मिटर बिग्रेको नबनाएको।

ललितपुर मेजिष्ट्रेट अफिस

२०१९।२० मा आकस्मिक सहायता चन्दा पुरस्कार रकमबाट रु. ९८२।– चन्दा र पुरस्कार रकममा खर्च लेखेकोमा कुनै आधारभूत प्रमाण पेश गर्न नसकेको। रात नबिताएकोमा नियमले लिन खान नपाउने दैनिक भ्रमण भत्ता रु. १२।५० खर्च लेखेको। लगबूक बेगर रु. ३,८३९।५० को पेट्रोल खर्च लेखेको। रु. १,७७२।९० को मालसामान जिन्सी किताबमा आम्दानी नबांधेको। कोटेशन बेगर पटक पटक गरी रु. ९००।– को मसलन्द सामान खरीद गरेको। फर्निचर छंवाछंदै रु. १,४९३।४३ को अनावश्यक फर्निचर खरीद गरेको।

दाङ्ग देउखुरी गोस्वारा

२०१९।२० मा आर्थिक वर्षभित्र खर्च भै बांकी सञ्चित कोष दाखिल गर्नु पर्नेमा भुक्तानी दिन पर्ने बांकी भनी घर भाडा, फर्निचर, आर्थिक सहायता रकमको रु. ६२२।४० दाखिल नगरेको। घटाघट तथा कोटेशन बेगर घोडा दाना, फर्निचर, पेट्रोमेक्स खरीद र रेडियो मर्मत गरेकोमा रु. ३,५३६।६८ खर्च लेखेको। बन्दूक लाइसेन्स दर्ता तथा अद्यौली नियमित खेस्ता नरही टिपोट खेस्ता राख्ने गरेको। पर्चा फैसला समेतबाट भएका दण्ड जरिवाना इलाका अदालतमा लगत कसिएको नियमित खेस्ता नरहेको। बन्दूक रिन्यूको रु. ६६३।– बक्यौता रहेको। खिचिएका जफत भएका पेस्तोल र बन्दूक यसको जिम्मा भन्ने नभएको। बन्दूक थान ४ को २०१५ सालदेखि रिन्यू नभएको। २० थान हतियारको किसिम नखुलेको। २६६ नं. को पेस्तोल लुटी लगेको भनेकोमा समेत कुनै कारवाई नगरी राखेको। अतिथि सत्कारका मालसामान जिन्सी किताबमा आम्दानी नबांधेको।

पूर्व १ नं. गोस्वारा

२०१८।१९ मा बन्दूक थान ३९ घटी गरी अकर्ण दिएकोमा घटी अंक नै कायम हो भन्ने सम्म जवाफ दिई सबूद पेश गर्न नसकेको। बन्दूक रिन्यू दस्तूर रु. १३२।५० घटी असूल गरेको र २०१७।१८ को बांकी बालाको २०१८।१९ मा रिन्यू गर्दा छुटाएको रु. ६९०।– र नियमले लाग्ने जरिवाना रु. ६९०।– समेत असूल नगरेको। भरुवा र टोटाबाल बन्दूकहरूको लाइसेन्स दस्तूरको दर फरक भई ती बन्दूकहरूको छुट्टाछुट्टै खेस्ता नराखेको। रिन्यू हुन पर्ने बांकी बन्दूक थान १५४० लगतबाट देखिएकोको अतिरिक्त लगत खेस्तामा बन्दूकको किसिम समेत छुटचाई रिन्यू भएको जनाउने समेत व्यवस्था नगरेको सुझाव दिंदा पनि सुधार गर्ने व्यवस्था नगरेको।

पश्चिम १ नं. गोस्वारा

२०१९।२० मा नुवाकोट ७ तले दरबार मर्मतमा खर्च भएको भन्दा जांच पासबाट घटी खर्च देखिन आई फिर्ता गर्नु पर्ने रु. १,१०२।– असूल नगरेको । कर्कट पाता समेत मालसामान थान २४ को कुनै व्यवस्था नगरी त्यसै राखी छाडेको । ३ धारा मर्मत काममा २०१८।१९ मा रु. ४,५०४।६४ खर्च भै बन्न लागेको बांकी रकमको निकासा बेगर हालसम्म पूरा नभै मर्मत भएको समेत नोक्सानी हुंदै गैरहेको । जेल मर्मतको निकासा मध्ये खर्च भई बांकी रहेको मध्ये रु. ३६।– कतै दाखिल र खर्च लेखेको नदेखिएको । कोटेशन टेण्डर तथा घटाघट बेगर विभिन्न बनाउने कामलाई रु. ८,६९८।५० को मालसामान खरीद गरेको । जेल पर्खालहरू भत्केको मर्मत नगरी त्यसै राखी छोडेबाट बढी नोक्सान हुंदै गएको । ब्यारेक बनाउन २०१८।१९ सालमा इष्टिमेट भएको मध्ये रु. ५०,०००।– मात्र निकासा गरी निर्माण काम थालिएको बांकी रकम रु. ३८,५६१।५० हालसम्म निकासा नभएबाट बनी सकेको समेत नोक्सान हुंदै गएको । नुवाकोट श्री भैरवको मन्दिर मर्मतको निकासा मध्ये बांकी रु. ३,६३३।४७ आर्थिक वर्ष २०१८।१९ देखि हालसम्म निकासा नभएबाट मर्मत हुन नपाई दिन पर दिन नोक्सानी बढ्दै गैरहेको ।

पश्चिम २ नं. गोस्वारा

२०१९।२० मा राजनैतिक नियुक्ति भएका अञ्चलाधीश, बडाहाकिमहरूलाई ग्रेड खुवाउने भन्ने२०२१।२।५ मा मात्र गजेट भएको तर गजेट प्रकाश हुनुभन्दा अगाडि नै रु. २४०।– ग्रेड खुवाएको । बडाहाकिम हाजिर नभएका दिन ४ को रु. ९६।– तलब खुवाएको । रु. ६००।– को कोटेशन बेगर मसलन्द खरीद गरेको । २०१८ साल देखिको उज्राती रु. ६५४।९६ फछ्र्यौट नगरेकोको अतिरिक्त धरौटी बांकी रु. ९०,०१३।५१, भा. रु. ८२।। फछ्र्यौट नगरेको । हात हतियार थान ९१४ रिन्यू भै नसकेको ।

पश्चिम ३ नं. गोस्वारा, पोखरा

२०१९।२० मा बन्दूक रिन्यू हुन पर्ने जम्मा थान २,९३२ रिन्यू नभै रहेको । बडाहाकिम गृह मन्त्रालयमा हाजिर हुन आउंदा पेश्की लिई आउनु भएको रु. ९००।– नफछ्र्याएको । दैनिक भ्रमण भत्ताको पेश्की रु. १७।८० असूल नगरेको । हाजिरी बेगर रु. २७६।– तलब खर्च लेखेको । गोस्वाराको निमित्त आवश्यकभन्दा ठूलो घर रेण्ट कमिटीको ठहर बेगर भाडामा लिई २०१२ सालदेखि (मासिक रु. ५००–– दरले) २०२० आषाढ तक करीब ७ वर्ष ४ महीनाको बहाल रु. ३५,६६९।८५ एकमुष्ट खर्च लेखेको । लगबूकमा किलोमिटर नखुलाई पेट्रोलमा रु. १,२४०।– खर्च लेखेको । रु. ७३९।२५ खर्च गरी मोटर मर्मत गर्दा किलोमिटर बनाउनु पर्ने नबनाई अरू फेरिएका पार्टपूर्जा समेत नदेखाएको । जिन्सी मालसामान मर्मत गर्न हुने मर्मत र लिलाम गर्नु पर्ने बेकम्मा लिलाम समेत नगरी नोक्सानी पारी राखेको । पुल निर्माण कामका विक सावेल आदि थान १६ नदी किनारमा राखी बाढीले लगेको भनी मिनाहा समेत नगराई राखेको ।

पश्चिम ४ नं. गोस्वारा

२०१९।२० मा कोटेशन, बिल, भरपाई बेगर रु. ८१३।७ को घोडा दाना खरीद गरेको । अनियमित तरीकाबाट प्रमोशन गरी खान नपाउने रु. ३६।१८ तलब खर्च लेखेको । असाधारण विदाको नपाउने तलब रु. ९०।– खर्च लेखेको । मर्मत रकमको फांट बेगर रु. ५००।– र ब्यालेट बक्समा चिल्लो लगाएको फांट बेगर रु. १८०।– खर्च लेखेको । गोस्वारा अड्डा यस ठाउंमा बनाउने भन्ने निर्णय नगरी रु. ७,९९६।६३ निकासा गराई सो मध्ये रु. ४३१।४८ को बालुवा ढुङ्गा समेत खरीद गरेको र हाल सो अफिस अन्यत्रै बन्ने भएबाट सो मालसामान त्यस काममा लाग्न नसक्ने भै नोक्सान पारेको । बन्दूक लाइसेन्सको दर्ता तथा लगत नियमित तरीकाबाट नरहेको ।

बांके बर्दिया गोस्वारा

२०२०।२१ मा सस्पेण्डमा रहेका मुखिया र बहालवाला सुबेदारको छोराको विवाहलाई रु. १००।– चन्दा दिएको उचित नदेखिएको । बडाहाकिमले ग्रेड पाउने आधारभूत प्रमाण बेगर रु. ४८०।– ग्रेड खर्च लेखेको । पानीको टंकी चुहिई रहेको मर्मत नगरेकोको अतिरिक्त टंकीमा पानी चलाउने जेनेरेटरको लगबूक नराखेको । १३ बाकस औषधि कहांको निमित्त कहांबाट आएको पत्ता नलागेको । ४८ बाकस औषधि ३ सालदेखि उपयोग नगरी राखेको ।

वीरगञ्ज गोस्वारा

२०१९।२० मा राजस्वमा असूल हुन आउने विभिन्न रकमको लगत खेस्तै नराखी असूल गरेकोको अतिरिक्त विभिन्न रकमका रु. ४११।–७१ घटी असूल गरेको । बन्दूक, मील आदिको रिन्यू दस्तूर असूल गर्नु पर्ने बांकी रु. २,८१६।– असूल नगरेको । मौजा लिलाम, उद्योग लाइसेन्स समेतको धरौटी रु. ३,८६३।५८ फछ्र्यौट नगरेकोको अतिरिक्त सञ्चित कोष दाखिल गर्नु पर्ने रु. १,४९७।५४ दाखिल नगरेको । धरौटी रहनाको कारण नखोली रु. १३६।–, भा.रु. ३१५– बैंकमा समेत नराखेको । धरौटी खर्चको खेस्ता नरहेको । बैंक पास बूकबाट देखिएको २०१८।१९ को बांकी जिम्मावारी सारेको रकम समेत रु. ९०,५३४।५ को रकम खुलाउने गरी खेस्ता नराखेको । पछि सोधभर्ना गर्ने गरी दान दातव्य फण्डको रकम अन्य काममा रु. ६०९।८५ खर्च लेखेको शोधभर्ना नगरेको । पेट्रोल तथा गुप्तचर रकमको मालबाट ल्याएको रु. १,३९०।– आम्दानीको खेस्ता नगरेको । भत्ता रकममा रु. ३४।६० बढी खर्च लेखेको ।

वीरगञ्ज गोस्वारा फर्मायसी फांट

२०१९।२० मा पिच गर्ने काम समेतको उज्राती रु. २,१८,२२३।९५ फछ्र्यौट नगरेको । फर्मायसी फांट सम्बन्धी काम गर्ने हाल विभिन्न अड्डाहरू रही सकेको हुंदा उक्त अफिस कायम राखी छोड्न आवश्यक देखिंदैन ।

प्यूठान गौंडा

२०१९।२० मा बन्दूक लाइसेन्सको लगत ठीक ढांचामा नरहेको । असूल भएको रकम म्याद नघाई मात्र दाखिल गर्ने तथा आम्दानी बांध्ने गरेको देखिएको । रेडियो नामसारी तथा लाइसेन्स दस्तूर रु. ३१।८ असूल गर्न छूट गरेको । दण्ड जरिवाना रु. १३,६५८।१।२, कैद वर्ष ८८।३ असूल फछ्र्यौट नगरेकोको अतिरिक्त २०१८ सालदेखिको छूट २०२०।२१ मा मात्र जिम्मावारी सारेको दण्ड रु. १०६।३३, कैद वर्ष ३ फछ्र्यौट नगरेको । एसिष्टेण्टलाई निकासा बेगर घर भाडा दिएको रु. ४५।– असूल नगरेको । सार्वजनिक कामको निमित्त काठ दिन डी. एफ. ओ. समेतको कमिटीबाट मात्र दिन पाउनेमा सो प्रतिकूल पारी बडाहाकिमले मात्र आदेश गरी जम्मा रु. ३,३८२।८७ को काठ दिएको । धाराको लगत एकीन नभएको । लिलाम गर्ने निकासा भै सकेको तामा धार्नी ४१, फलाम धार्नी २,७२७।– लिलाम नगरी राखेको । गन्धक, बारुद भएको घर नाजूक अवस्थामा रही नोक्सान हुने अवस्थामा परेको ।

महोत्तरी सर्लाही गोस्वारा

२०१९।२० मा दण्ड जरिवाना आदि फूटकर आम्दानीको नियमित लगत नराखी असूल गर्ने गरेको । गांजाको चतुर्थांश कर असूलीमा रु. १०।१८ छुटाएको असूल नगरेको । कोटेशन बेगर रु. ६१४।७० को मसलन्द खरीद गरेको । निकासा बेगर रु. १,६४२।२५ खर्च गरी मोटर मर्मत गरेको । नियमित लगबुक नराखी रु. ९,५६३।८३ को पेट्रोल खर्च लेखेको । साल तमाम हुंदा बांकी रहेको पेट्रोल म्यालन १० जिम्मावारी सारेको वा खर्च भएको प्रमाण पेश नगरेको । धरौटी रु. ९,०४१।१० फछ्र्यौट नगरेको ।

मोरङ्ग विराटनगर गोस्वारा

२०१९।२० मा बजेट निकासा भए मध्येबाट खर्च लेखेको रु. १,३७,३९८।७९ को लेखा पेश नगरेको । रु. २,९६६।९० निकासा बेगर अतिथि सत्कारमा खर्च लेखेको । मोरङ्ग पुस्तकालय, इन्द्रेणी क्लब वाचनालयको अञ्चलाधीश आजीवन सदस्य हुनु भएकोमा निकासा बेगर आकस्मिक चन्दा पुरष्कार रकमबाट रु. ४०२।–, र माग बेगर रु. ६८५।– समेत चन्दा दिएको मिनाहा गराएको नदेखिएको । राजस्व आम्दानी गर्नेतर्फ नियमित तवरले लगत असूलीको लेखा नरहेको । भएका लेखाबाट भीलतर्फको लगत एकीन नभई रु. ७,७६०।– असूल गरेको देखिएको । असूल गर्नु पर्ने लाइसेन्स दस्तूर भन्दा रु. २०।– घटी असूल गरेको । म्याद नघाई लाइसेन्स रिन्यू गरेकोमा रु. २०।– मात्र लिई लाग्ने जरिवाना असूल नगरेको । बिडी फैक्टरीहरू रिन्यू गर्नेतर्फ कारवाई नगरी रु. ७२०।– बांकी राखेको । बिडी फैक्टरी १ को लगत साबिक बमोजिम नभएको । गांजा खेती गर्ने इजाजत दिएको जनाउ जिमिदार पटवारीलाई नदिएको र मालताई लगत दिएकोमा रु. ।१६ बढी लगत दिएको । रु. १२०।७८ असूल नगरेको । दण्ड जरिवानाको लगत नरहेको । कैद वर्ष १२।११।१५, रु. ४,४१५।०८ अन्य अड्डामा लगत दिएको प्रमाण नभएको । टांगा मोटर आदि सवारीको लगतहरू नियमित नभएको । रिन्यू गर्नु पर्ने बांकीको लगत एकीन नगरी राखेको । कलम कलमको सञ्चित कोष दाखिल भएको रु. ६,७१९।६१ को भौचर पेश नगरेको । रु. १०५०।२५ को रकम नखुलेको र खेस्ता नभएको । धरौटीको रु. ४,२१६।– म्यादमा आम्दानी नबांधेको र अंक एकीन गर्ने प्रमाण नभएको । रु. ४४१।– धरौटीको प्रमाण पेश नभएको । बैंक मौज्दात रु. ५३,६९१।७४ को पास बूक तथा अन्य खेस्ता पेश नगरेको । जिन्सीको खेस्ता पेश नगरेको ।

रेडियो लाइसेन्सका लगतहरू नियमित रूपले नराखेको । रु. २।२० टिकट दस्तूर छूट गरेको । बन्दूक लाइसेन्सको २००८ पौष २७ गते अघिको लगत पेश नगरेको । त्यस पछिको पेश गरेको लगत नियमित रूपले नराखेको । लगतमा रु. ११।– घटी देखिन आएको कारण पेश नगरेको । रु. ६३९।९० सञ्चित कोष दाखिल गरेको भौचर पेश नगरेको । लाइसेन्स दस्तूर रु. ८२।८२ असूल गर्न छुटाएको ।

सप्तरी गोस्वारा

२०१९।२० मा भर्ना सदरको सबूद बेगर तथा बजेट निकासा र खान पाउने भन्दा बढी पर्ने गरी रु. २२,६०२।२३ तलब भत्ता खर्च लेखेको । शान्ति सुरक्षामा बजेटभन्दा बढी रु. २२।८० खर्च लेखेको । आकस्मिक सहायता र अतिथि सत्कारमा खर्च लेख्नेको मध्ये रु. १,७००।, राष्ट्रिय पर्व मनाउन खर्च गरेको रू. २५०।–, मर्मत संभारमा खर्च लेखेको । रु. ४,०००।– को लेखा पेश नगरेको । रु. ११,४९९।– को लगबूक पेश नगरेकोको अतिरिक्त जिल्ला न्यायाधीशले उपयोग गरेका सवारीको पेट्रोल खर्च रु. ४०।– असूल नगरेको । निकासा बेगर अनियमित तरीकाले रु. ३,७५५।८० मर्मतमा खर्च लेखेको । रु. २१२।४० को मसलन्द मालसामान आम्दानी नबांधेको । भ्रमण बिल बेगर दैनिक भ्रमणमा रु. २,२२८।२० खर्च लेखेको । रु. ३००।– भाडा तथा बत्तीमा खर्च गरेको बिल पेश नभएको । रेडियो लाइसेन्स तथा बन्दूक लाइसेन्सको लगतहरू नियमित रूपले नराखेको ।

अपराध अनुसन्धान विभाग

२०१९।२० मा सवारीको उद्देश्य र दूरी समेत नखुलाई पेट्रोल म्यालन १३५ को रु. ९१७।८६ खर्च लेखेको । रु. ३,५५९।१० ले खरीद गरेका तस्वीर खिच्ने फिलिमहरू जिन्सी किताबमा आम्दानी नबांधेको । निजी सवारी नराख्नेलाई सवारी भत्ता रु. २,७६०।– खर्च लेखेको ।

नेपाल गुप्तचर विभाग

२०१९।२० मा आर्थिक वर्ष व्यतीत भएपछि बांकी रहेको रकमबाट रु. २०००।– स्वीकृति बेगर पछिल्लो सालमा अतिथि सत्कारमा खर्च लेखेको । मालसामान रकमबाट दैनिक भत्तामा स्वीकृति बेगर रु. ४,०५३।४३ रकमान्तर गरी खर्च लेखेको । दिनु पर्ने भन्दा बढी रु. २,७३१।१२ दैनिक भत्ता दिएको । पेट्रोल खर्च रु. ५०८।४० को लगबूक पेश नगरेको । निजी सवारी नराख्नेलाई रु. ५,६८०।– सवारी भत्ता खर्च लेखेको । भाडामा बसेका घरको मर्मत खर्च सरकार तर्फबाट व्यहोर्न नपर्नेमा रु. ९४७।५२ खर्च लेखी दिएको समेत सम्बन्धमा स्पष्टीकरण माग गर्दा साबिकका पालाको भनी लेखी दिए अनुसार पुलिस हेड क्वर्टर्सले साबिक अध्यक्षलाई लेखेको कारण देखाई पठाएका जवाफ अनुसारको कलमहरू कारवाई गरी फछ्र्यौट गरी पठाउनु पर्नेमा सो नगरेको ।

विशेष पुलिस विभाग

२०१९।२० मा पदाधिकारीलाई काज खटाउंदा गएको पेश्की मध्ये वीरगञ्ज गोस्वारामा बुझाएका फांटवारीबाट अनियमित देखिएको रु. १४।१० बर्खी हुंदा पनि असूल नगरेको । मुखियामा डिमोशन भएका पदाधिकारीलाई जिल्लाबाट आउंदा पेश्की लिई आएको आधारमा दिएको भनी खरीदार पदको तलबका हिसाबले पेश्की दिई बढी गएको रु. १३७।९० असूल नगरेको । भत्ता अनुसारको सवारी नराखी साइकल लम्म दर्ता भएका नाताबाट सवारी भत्ता रु. २,१६०।– खर्च लेखेको । रु. ४१६।५० विभिन्न रकममा स्वीकृति बेगर रकमान्तर गरी खर्च गरेको । काजबाट काठमाडौं फर्केका दिन (जुन भ्रमणमा रात नबिताएको) को नपाउने दैनिक रु. १२।– खुवाएकोमा असूल नगरेको । आवश्यक फर्निचर हुंदा हुंदै अनावश्यक काउच खरीद गरेको । दरबन्दी भैरहेको कलम भनी सवारी उपयोग गरेका खर्चको लगबूक पेश नगरेको । (जुन कुरो २०२०।२१ को लगबूक हाल मुख्य अफिसरले जंचाएको छ) सम्बन्धमा गृह मन्त्रालय समेत सहमत भै परीक्षण नगराएको ।

२०१९।२० मा मालसामानहरू बेकम्मा भएमा लिलाम बिक्री गर्ने कानूनी व्यवस्था अनुसार गर्ने गरी निकासा दिनु भएको छंदाछंदै विशेष पुलिस विभागको काम नलाग्ने मालसामानहरूका सम्बन्धमा त्यहां तदनुकूल कारवाई नै नगरी लिलाम गराए पनि कसैले नलिने भन्ने तर्क उठाई बेकम्मा जनाई स्टेटमा खर्च लेख्ने गरी गृह मन्त्रालयबाट निकासा गराउनु भई लिलामबाट प्राप्त हुने राष्ट्रिय धनको नोक्सान पारेको ।

पुलिस हेड क्वार्टर्स

२०१९।२० मा रु. २९७।– ठाडै तहबील मसौट गरेको लेखापरीक्षणले फेला पारे पछि सो रकम सञ्चित कोष दाखिल गर्ने गराउनेहरू उपर कानूनन् कारवाई नभै निजहरूले फूर्सत नपाउने देखिएकोले वस्तुस्थिति दर्शाई विभागीय कारवाइको लागि गृह मन्त्रालयमा लेखी पठाउंदा तदनुसार कारवाई केही नचलाई तहबील मसौट भन्न मनासिब नदेखिएको र आयन्दा त्यस्तो हुन नपाओस् भन्नाको लागि पुलिस हेड क्वार्टर्सलाई चेतावनीसम्म दिने निर्णय गराउनु भयो । उक्त निर्णयलाई मान्यता दिंदा आर्थिक नियन्त्रण खुकुलो हुनुकोको अतिरिक्त यस निर्णय (केस ल. को रूपमा) को अन्य कर्मचारीहरूले अनुकरण गरी राष्ट्रिय धनको हिनामिना गर्न नहुनेमा हुनाले समेत यस विषयमा पुनः विचार गरी सूचना समयमै दिनु हुन पुः अनुरोध गर्दा समेत तहबील मसौट भएको भन्न मनासिब नहुंदा चेतावनी दिने गरी निर्णय भएको मनासिबै देखिएको भनी जवाफ पठाएको हुंदा चेतावनीलाई सजायको मान्यता दिंदा प्रचलित कानूनको प्रतिकूल हुन जानेको साथसाथै राष्ट्रिय धन मास्नेलाई यसरी छुटकारा दिंदा आर्थिक नियन्त्रण बिलकूल खुकुलो हुनुकोको अतिरिक्त अन्यान्य कर्मचारीहरूले पनि यसैको आड लिई राष्ट्रिय धन हिनामिना गर्न कत्ति पनि नहच्कने समेत भई भविष्यमा यस्तो अवस्था बराबर हुन गै राष्ट्रिय सम्पत्तिको बरबाद हुने सम्भावना भएको ।

फांटवारी साथ दाखिल गरेको बांकी रकम रू. ७०।– समयमै आम्दानी बांधी दाखिल नगरी लेखापरीक्षणबाट फेला पारे पछि मात्र एक वर्ष पछि दाखिल गरेको । फांटवारीको साथमै बुझ्नु बुझाउनु पर्ने बांकी रकम रु. ७६।– एक वर्ष पछि लेखापरीक्षणबाट फेला पारे पछि मात्र उठ्न रु. ७६।– मध्ये रु. ४८।– मात्र दाखिला गरी बांकी रू. २८।– अझै दाखिल नगरेको । सवारी भत्ता पाए अनुसार निजी सवारी नराख्ने पदाधिकारीहरूलाई रु. ४,३२०।– सवारी भत्ता खर्च लेखेको । हात हतियार एवं अन्य मालसामान समेत झिकाउन पेश्की गएको मध्ये केही मात्र मालसामान प्राप्त भई रु. ४,०१,५३१।८६ को सामान आउन बाकी देखिएको । स्वीकृति बेगर चुनाव कार्यमा रु. १५००।– र विदेश तालीममा रु.१५०।–रकमान्तर गरी खर्च गरेको। दैनिक भ्रमण भत्ता रु. १६९।२० नियमले नपाउने तथा बढी समेत पारी खर्च लेखेको । मसलन्द र मर्मत खर्च रु. १८।९९ को बिल पेश नगरेकोको अतिरिक्त रु. २१५।– को बिलमा मिति नभएको । घरभाडा रु. ८५,०००।– पछि कमिटीले ठहर गरे बमोजिम बढी भएमा फिर्ता दिने गरी खर्च लेखेको । हालसम्म पनि कारवाई नटुङ्गिएको । रु. ५,०००।– को किताब खरीद गरी आम्दानी बांधेकोमा बिल प्राप्त नभएको भनी मोल नखुलाएको । वर्षादि झिकाउन निमित्त रु. ५४,९३४।९५ पेश्की गएकोमा ११५६ थान प्राप्त भई आम्दानी बांधेकोमा मोल नखुलाएको । कोटेशन नलिई रु. २४६।७५ को मोटर ब्याट्री र रु. ५२८।– को कागत खरीद गरेको । रु. ४,९३८।९३ को पेट्रोल खर्चको लगबूक पेश नगरेको । रुल नियम र निकासा बेगर रु. १,२७८।८८ पारिश्रमिक खर्च लेखेको । विभिन्न कामलाई गएको रु. १२,८३३।९७ पेश्की फछ्यौंट नगरेको । मर्मत काममा रु. ४८४।९० स्वीकृति बेगर पछिल्ला सालमा खर्च लेखेको । लगत बमोजिम पुलिस बेण्ड कम्पनीको जम्मा रु. ६,१३५।३७ आम्दानी देखिएको मध्ये रु. ३,६९५।४९ मात्र आम्दानी बांधी बांकी रु. २,४३९।८८ को सम्बन्धमा कारवाइ हुंदै रहेको भनी आम्दानी नबांधेको। कर्मचारीको पाउने तलबबाट कट्टा गरी दाखिल गर्नु पर्ने कर्मचारी सञ्चय कोष राष्ट्रिय धनबाट दाखिल गरेकोले तलबबाट कट्टी गरी सञ्चित कोष दाखिल गर्नु पर्ने रु. ८।– दाखिल नगरेको । पेन्सन पाएका जवानलाई पारिश्रमिक दिंदा पेन्सन बढाई मात्र खर्च लेख्नु पर्ने तदनुसार नगरेको लेखापरीक्षणबाट फेला परे पछि रु. ७५।– मात्र असूल गरेको र बांकी असूल नगरी राखेको । बेण्ड मर्मत गर्न बजेट रकमबाट खर्च गरेको रु. १,१८२।५० बेण्ड कम्पनीको आम्दानीबाट शोधभर्ना गर्नु पर्ने नगरेकोको अतिरिक्त रु. १४।५० को मालसामान स्वीकृति बेगर खर्च गरेको ।

२०१९।२० मा वारलेस झिकाउन नेशनल ट्रेडिङ्ग कम्पनीलाई रु. २१,८०५।८० पेश्की गएकोमा पूरा १ वर्ष व्यतीत हुंदा पनि फछ्यौंट नगरेको ।

निजी सवारी नराख्नेहरूलाई रु. ४८०।– सवारी भत्ता खर्च लेखेको :

पु. हे. क्वा. चेक पोष्ट

२०१९।२० मा विदेश ट्रेनिङ्गमा गएका सवारी नराख्ने पदाधिकारीलाई सवारी भत्ता रु. १००।– खर्च लेखेको । चेक पोष्टमा जाने जवानलाई गएको पेश्की रु. २४,६००।– फछ्यौंट नगरेको । निजी सवारी नराख्नेलाई रु. १,०८०।– सवारी भत्ता खर्च लेखेको ।

काउण्टर एसपियोनेस अफिस

२०१९।२० मा निजी सवारी नराख्नेलाई रु. २२१।– सवारी भत्ता खर्च लेखेको ।

सेण्ट्रल डी. आई. जी. पी. अफिस

२०१९।२० मा लिन खान नपाउने दैनिक भत्ता रु. ३९।१३ खर्च लेखेको । परिवहन र मर्मतबाट निकासा बेगर रु. ३५।७६ मालसामान रकममा रकमान्तर गरेको । रु. ४,१०९।८० को पेट्रोल खर्च गरी उपयोग गरेका मोटरको लगबूक तथा मेण्टिन्यान्सको फांट पेश नगरेको । निजी सवारी नराख्नेलाई रु. ९६०।– सवारी भत्ता खर्च लेखेको । मसलन्दमा रु. ३७५।–, दैनिक भ्रमणमा रु. १००।– पेश्की गएको फछ्यौंट नगरेको ।

उपत्यका एस. पी अफिस

निजी सवारी नराख्नेलाई सवारी भत्ता रु. १,५६०।– खर्च लेखेको ।

काठमाडौं डी. एस. पी. अफिस

२०१९।२० मा जिल्ला मालबाट पाउने तलब भत्ता रु. ६२।– सदरबाट खुवाएको । बत्ती महसूल म्याद नघाई दाखिल गरेबाट रु. ५।– जरिवाना खर्च लेखेको । दैनिक भ्रमण भत्ता रु. ६७।९४ बढी खर्च लेखेको । निजी सवारी नराख्नेलाई सवारी भत्ता रु. ३,०००।– खर्च लेखेको । २०१८।१९ को दैनिक भ्रमण भत्ता रु. ७६।४२ स्वीकृति बेगर खर्च लेखेको । पेट्रोल ग्यालन ६३ को रु. ४४२।८९ लगबूक बेगर खर्च लेखेको । मोटर साइकलको माइलमिटर बिग्रेको नबनाएको ।

वीरगञ्ज डी. एस. पी. अफिस

२०१९।२० मा खान खुवाउन नहुने तलब भत्ता रु. १५४।– खुवाएको असूल नगरेको । सार्विक अड्डाबाट पाउने तलब भत्ता रु. ७७।– सार्विक अड्डाबाट लिए नलिएको बुझी एकीन नगरी दोहरो पर्ने गरी खर्च लेखेको । तेल बत्ती र मसलन्द खर्च रु. ६१७।४० को बिल भरपाई पेश नगरेको ।

भक्तपुर डी. एस. पी. अफिस

२०१९।२० मा मसलन्द रकमबाट अन्य मालसामानको निमित्त रु. ३६६।– स्वीकृति बेगर खर्च लेखेको । तलब रकमबाट भत्ता रकममा रु. १,६०५।– स्वीकृति बेगर रकमान्तर गरी खर्च लेखेको । निजी सवारी नराख्नेलाई सवारी भत्ता रु. १,०८०।– खर्च लेखेको । नियमले खान पाउनेभन्दा बढी दैनिक भत्ता रु. २३।– खर्च लेखेको । दरबन्दी भन्दा बढी पेट्रोल ग्यालन २५½ को रु. १७८।५१ खर्च लेखेको । मोटर साइकलको माइलमिटर बिग्रेको मर्मत नगरेको ।

ललितपुर डी. एस. पी. अफिस

२०१९।२० मा काम नलाग्ने मालसामानहरू लिलाम गर्ने समेत कुनै कारवाई नगरेको । निजी सवारी नराख्नेलाई सवारी भत्ता रु. ७२०।– खर्च लेखेको । मोटर साइकल तथा जीपको माइलमिटर बिग्रेको बनाउने कुनै कारवाई नगरेको ।

पुलिस स्टोर श्रीमहल

२०१९।२० मा रासन खान नपाउने जवानलाई रासन खुवाएको रु. ३३१।८० असूल नगरेको । आर्थिक वर्ष २०१८।१९ मा मोटर मर्मतलाई निकासा भएको रु. ३,७६७।– स्वीकृति बेगर २०१९।२० मा खर्च लेखेको । साबिकदेखि बालगिरि गइरहेको विभिन्न मालसामान थान १४८७५ असूल उपर गर्ने कारवाई नगरेको । निजी सवारी नराख्नेलाई सवारी भत्ता रु. ६००।– खर्च लेखेको । ठेकदारहरूलाई रासनको निमित्त पेश्की गएको रु. ४०,०८६।८६ को ठेक्का भुक्तान भएपछि वासिल बांकी ठेकदारहरूबाट बुझी लिनु पर्ने नलिएको र वासिल बांकी दाखिल गरी सकेको रु. २९,८१२।३९ समेत जम्मा रु. ६९,८९९।२५ पेश्की फछ्यौंट नगरेको ।

सदर पुलिस तालीम केन्द्र

२०१९।२० मा निजी सवारी नराख्नेलाई रु. २,५२०।– सवारी भत्ता खर्च लेखेको । रु. ६००।– को चेक कीर्ते गरी झिकी तहबील मासी भागेकोमा विशेष पुलिस विभागबाट कारवाई भैरहेको भनी सो उपर गर्ने निजको जायजेथा आदि रोक्का गर्ने समेत व्यवस्था नगरेको । आर्थिक वर्षभित्रमा खर्च हुन नसक्ने गरी आवश्यकताभन्दा बढी रु. १,३१,०९२।२० बजेटमा समावेश गरेको ।

सदर ट्राफिक पुलिस कम्पनी

२०१९।२० मा निजी सवारी नराख्नेलाई सवारी भत्ता रु. ७२०।– खर्च लेखेको ।

पुलिस एम. टी. सेक्शन

२०१९।२० मा निजी सवारी नराख्नेहरूलाई रु. ७२०।– खर्च लेखेको । पुरानो मालसामान थान २२४ लिलाम बिक्री नगरेको ।

जि. पु. ई. अफिस नुवाकोट

२०१९।२० मा रु. ६१९।– मासाल तमाम भएपछि धरौटी राखी पछिल्ला सालमा खर्च गरेकोबाट नियम उल्लंघन भएको देखिएको ।

जिल्ला पुलिस इन्सपेक्टर अफिस प्यूठान

२०१९।२० मा घटाघट, कोटेशन बेगर रु. १,०५४।– को कागज र मट्टितेल खरीद गरेको । मसलन्द समेत जम्मा रु. ९५६।४८ को र दैनिक भ्रमण भत्ता रु. १५०।५० को बिल भरपाई पेश नगरेको । आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहेको रकम म्याद नघाई दाखिल गरेको ।

नखु जेल अफिस

२०१९।२० मा गत साल रु. १०,३३५।७६ को मार्सी चामल खरीद भएकोमा दर भाउ घटाघट नभएको कुरा दर्शाउंदा दर्शाउंदै पनि यो साल रु. ८,३५३।१० को मार्सी चामल प्रचलित कानून बमोजिम घटाघट तथा ४ महाजन समेत नबुझी खरीद गरेको ।

बीरगञ्ज जेल अफिस

२०१८।१९ मा तलब भत्तामा बजेटभन्दा बढी रु. २०,७५५।७२ मालबाट झिकी खर्च गरेको । सञ्चित कोष दाखिल गर्नु पर्ने राजस्व आम्दानी मध्येबाट विभिन्न रकममा उज्राती राखी रु. २,३७१।१३ खर्च गरेको । ठेकदारसंग असूल गर्नु पर्ने रु. २३,२२३।२९।२ साबिकदेखि जिम्मा-वारीसम्म सारी असूल गर्ने कारवाई नगरी राखेको ।

२०१९।२० मा बिल भरपाई बेगर मसलन्दमा रु. १६०।– खर्च लेखेको । उज्राती भा.रु. २३,९३१।३९, रु. ४८,५९३।७६ र धरौटी भा. रु. १६०।३७।३, रु. ३२४।०३ समेत फछ्र्यौट नगरी राखेको ।

सदर जेल गार्ड

निजी सवारी नराख्नेलाई २०१८।१९ मा रु. ६००।–, २०१९।२० मा रु. ६००।–, सवारी भत्ता खर्च लेखेको ।

सदर डिल्लीबजार खोर अफिस

२०१९।२० मा चामलमा रु. १७।६९ र नगदीमा १।६० समेत रु. १९।२९ बढी खर्च लेखेको ।

सदर जेल अपस्ताल

२०१९।२० मा मोटरको माइलमिटर मर्मत नगरेको ।

नखु जेल डिस्पेन्सरी

२०१९।२० मा भन्सारबाट १ ट्रीप औषधि ढुवानी के २ ग्यालन पेट्रोल खर्च लेखेको । नखु जेल डिस्पेन्सरीले स्पष्टीकरणमा लेखी दिएकोले गृह मन्त्रालयको भनाइ मान्दा २ ट्रीप गरेको हुंदा २ ग्यालन पेट्रोल खर्च लेखेको भन्ने जवाफ पठाए पनि खर्च गर्नेको लेखाइबाट पेट्रोल बढी खर्च लेखेको देखिएको ।

नहर तथा बिद्युत् मन्त्रालय

२०१७।१८ देखि २०१९।२० तकको २१।१।१२ देखि आर्थिक विवरण माग गर्दा पनि सिर्फ नहर विभागलाई हुलाक सारा सरह सम्म लेखी समयमा त्यस्तो विवरण दिई लेखापरीक्षण नगराउने पदाधिकारी उपर कानूनन् हुनु पर्ने कुनै कारवाइ गरी प्राप्त नगराई नदिएबाट लेखापरीक्षण गर्न नपाई लेखापरीक्षण कार्यमा गतिरोध उत्पन्न गरेको ।

नहर विभाग

उपत्यकाभित्र योजना भै तयार भएका र टीकाभैरव समेतका बांध पैनहरू कहिले तयार भई तिनबाट पटिने जग्गाहरूबाट पानीपोत असूल गर्ने मालहरूमा लगत गै असूल भएको छ छैन भए त्यसबाट के कति असूल भयो त्यसको परीक्षण गर्न सबै बेहोरा खुलाई विवरण पठाउन पटक पटक लेखापढी गर्दा नहर अड्डाहरूबाट लगतसम्म खडा हुने र असूल गर्ने काम माल अड्डाबाट हुने भएकोले यस विभागबाट सो लेखापरीक्षण गराउनु पर्ने अवस्था पर्दैन; लगत खडा गर्ने कार्य प्रयत्नशील रही गरी आएको छ भनी जवाफ दिई तयार भएका बांध पैनद्वारा पटिने जग्गाबाट पोत असूल गर्नु पर्ने लगतै खडा नगरी लाखौं रुपैयांको राष्ट्रिय धन खर्च भएको असूल उपर नहुने स्थितिमा राखी छाडेकोको अतिरिक्त उक्त स्थितिले गर्दा रैतीले धेरै वर्षको एकै पटक पानीपोत बुझाउनु पर्दा मर्का पर्न जाने समेत देखिएको ।

काठमाडौं डिभिजन

२०१८।१९ मा धोबीखोला भण्डिखाटार खोला बांध र इचाडोल महाडोल नहर मर्मत समेत के खर्च भएको रु. ४,४०४।७० को कार्य सम्पन्न समेत भएको सूचना प्राप्त नभएको ।

तीन शहर पानी कर

२०१९।२० मा ललितपुर पानी अड्डाबाट रु. ८५१।६६, भक्तपुर पानी अड्डाबाट रु. १,१८७।६८ पानी कर बक्यौता असूल गर्न बांकी राखेकोको अतिरिक्त बनेपा अग्नि काण्डमा पर्नेहरूका बसोबास नभएसम्म धाराको कर नलिने निर्णय भैरहे अनुसार हालसम्म बसोबास भई सके नसकेको बुझी कर असूल गर्ने कारवाई नगरी राखेको ।

झांझ सब-डिभिजन अफिस गौर

२०१९।२० मा झांझ नहर मर्मत गर्न भएको लगत इष्टिमेट नियम बमोजिम चेक नगराएको । ठेक्का दिने टेण्डर आह्वान गरेकोमा पर्न आएको एउटै टेण्डरलाई स्वीकृति गरी मर्मत गराएको । मर्मत भएको जांच पासै नगराई इष्टिमेट भन्दा बढी रु. ५,३४५।८९ समेत ठेकदारलाई भुक्तानी दिई बढी गएको रकम समेत मिलाई पुनः लगत इष्टिमेट गरी अनियमित तरीकाबाट राष्ट्रिय धन खर्च लेखेको ।

विद्युत विभाग

२०१९।२० मा विद्युत विभागको डिभिजन ३ को निमित्त "टुरिष्टहरूले ल्याएको ल्याण्ड रोभर ३ खरीद गर्ने" भनी कारहरू खरीद गर्नको लागि २०१९।२० को बजेटमा व्यवस्था भैरहेको भए पनि सम्बन्धित बजेटबाट रुपैयां निकासा माग नगरी केही घर जग्गा प्राप्तिको र केही सभै डिजाइनको बजेटबाट पछि सोध भर्ना गर्ने गरी सम्बन्धित मन्त्रालयले स्वीकृति मागेकोमा अर्थ मन्त्रालयले मोटर खरीद सम्बन्धी दिई राखेका सुझाव समेतको ख्याल नराखी स्वीकृति समेत दिई खरीद भएको सम्बन्धमा उक्त मोटरहरूको परीक्षण गर्दा १९५४, १९५५, १९५७ मोडेलको भई ७५२७९, ४१२४३ किलोमिटर चलिसकेको र सो मध्ये मोडेल १९५५, १९५७ को मोटरको च्यासिस भांची क्वाइल आदि फेरि इञ्जिन समेत खोली सकेको मोडेल १९५४ को मोटर मर्मत निमित्त पडिरहेको समेत देखिन आएकोले त्यस किसिमको मोटर खरीद गरी राष्ट्रिय धन बरबाद हुन गएको बेहोरा समेत दर्शाई अर्थ र स्वास्थ्य नहर तथा विद्युत सचिवसंग भनाइ मान्दा (टुरिष्टहरूले ल्याएको ल्याण्ड रोभर खरीद गर्ने भन्ने कुरा टिप्पणी मा उल्लेख भएकैबाट पुरानो भन्ने देखिदा देखिदै) त्यस्तो मोटर खरीद गर्नलाई भनी स्वीकृति माग गरिएको र यहांबाट स्वीकृति समेत दिएको नदेखिएको भनी अर्थ सचिवले जवाफ लेखी पठाउनु भएको र स्वास्थ्य नहर तथा विद्युत सचिवले केही लेखी पठाउनु नभई उपर्युक्त मोटरहरू उपर्युक्त परिबन्दबाट खरीद हुनाको साथ मर्मत समेत गर्न परी नयां मोटर सरह मोल पर्ने हुन आउने गरी भन्सार महसूल (मोलको शत प्रतिशत) समेत जम्मा रु. ५४,०००।– निकासा गरी गराई खरीद गरी राष्ट्रिय धन बरबाद गरेको ।

२०१९।२० मा बिजुली अड्डा अन्तर्गत डिभिजन नं. २, ३ को २०१९।४।९ देखि बराबर तरताकेता गर्दा पनि आर्थिक विवरण नदिएको ।

विकास

नहर तथा विद्युत मंत्रालय

विकासको शुरुदेखि २०२०।२१ तकको आर्थिक विवरण २०२१।१।१२ देखि माग गर्दा पनि सिर्फ नहर विभागलाई हुलाक सारा सरह सम्म लेखी समयमा त्यस्तो विवरण दिई लेखापरीक्षण नगराउने पदाधिकारी उपर कानूनन् हुन गर्नु पर्ने कुनै कारवाई गरी प्राप्त गराई नदिएबाट लेखापरीक्षण गर्न नपाई लेखापरीक्षण कार्यमा गतिरोध उत्पन्न गरेको ।

बीरगञ्ज जेल अफिस

२०१८।१९ मा तलब भत्तामा बजेटभन्दा बढी रु. २०,७५५।७२ मालवाट झिकी खर्च गरेको । सञ्चित कोष दाखिल गर्नु पर्ने राजस्व आम्दानी मध्येबाट विभिन्न रकममा उज्राती राखी रु. २,३७१।१३ खर्च गरेको । ठेकदारसंग असूल गर्नु पर्ने रु. २३,२२३।२९।२ साबिकदेखि जिम्मा-वारीसम्म सारी असूल गर्ने कारवाई नगरी राखेको ।

२०१९।२० मा बिल भरपाई बेगर मसलन्दमा रु. १६०।– खर्च लेखेको । उज्राती भा.रु. २३,९३१।३९, रु. ४८,५९३।७६ र धरौटी भा. रु. १६०।३७।३, रु. ३२४।०३ समेत फछ्र्यौट नगरी राखेको ।

सदर जेल गार्ड

निजी सवारी नराख्नेलाई २०१८।१९ मा रु. ६००।–, २०१९।२० मा रु. ६००।–, सवारी भत्ता खर्च लेखेको ।

सदर डिल्लीबजार खोर अफिस

२०१९।२० मा चामलमा रु. १७।६९ र नगदीमा १।६० समेत रु. १९।२९ बढी खर्च लेखेको ।

सदर जेल अपस्ताल

२०१९।२० मा मोटरको माइलमिटर मर्मत नगरेको ।

नखु जेल डिस्पेन्सरी

२०१९।२० मा भन्सारबाट १ ट्रीप औषधि ढुवानी के २ ग्यालन पेट्रोल खर्च लेखेको । नखु जेल डिस्पेन्सरीले स्पष्टीकरणमा लेखी दिएकोले गृह मन्त्रालयको भनाइ माग्दा २ ट्रीप गरेको हुंदा २ ग्यालन पेट्रोल खर्च लेखेको भन्ने जवाफ पठाए पनि खर्च गर्नेको लेखाइबाट पेट्रोल बढी खर्च लेखेको देखिएको ।

नहर तथा बिद्युत् मन्त्रालय

२०१७।१८ देखि २०१९।२० तकको २१।१।१२ देखि आर्थिक विवरण माग गर्दा पनि सिर्फ नहर विभागलाई हुलाक सारा सरह सम्म लेखी समयमा त्यस्तो विवरण दिई लेखापरीक्षण नगराउने पदाधिकारी उपर कानूनन् हुनु पर्ने कुनै कारवाइ गरी प्राप्त नगराई नदिएबाट लेखापरीक्षण गर्न नपाई लेखापरीक्षण कार्यमा गतिरोध उत्पन्न गरेको ।

नहर विभाग

उपत्यकाभित्र योजना भै तयार भएका र टीकाभैरव समेतका बांध पैनहरू कहिले तयार भई तिनबाट पटिने जग्गाहरूबाट पानीपोत असूल गर्ने मालहरूमा लगत गै असूल भएको छ छैन भए त्यसबाट के कति असूल भयो त्यसको परीक्षण गर्न सबै बेहोरा खुलाई विवरण पठाउन पटक पटक लेखापढी गर्दा नहर अड्डाहरूबाट लगतसम्म खडा हुने र असूल गर्ने काम माल अड्डाबाट हुने भएकोले यस विभागबाट सो लेखापरीक्षण गराउनु पर्ने अवस्था पर्दैन; लगत खडा गर्ने कार्य प्रयत्नशील रही गरी आएको छ भनी जवाफ दिई तयार भएका बांध पैनद्वारा पटिने जग्गाबाट पोत असूल गर्नु पर्ने लगतै खडा नगरी लखौं रुपैयांको राष्ट्रिय धन खर्च भएको असूल उपर नहुने स्थितिमा राखी छाडेकोको अतिरिक्त उक्त स्थितिले गर्दा रैतीले धेरै वर्षको एकै पटक पानीपोत बुझाउनु पर्दा मर्का पर्न जाने समेत देखिएको ।

काठमाडौं डिभिजन

२०१८।१९ मा धोबीखोला भण्डिखाटार खोला बांध र इचाडोल महाडोल नहर मर्मत समेत के खर्च भएको रु. ४,४०४।७० को कार्य सम्पन्न समेत भएको सूचना प्राप्त नभएको ।

तीन शहर पानी कर

२०१९।२० मा ललितपुर पानी अड्डाबाट रु. ८५१।६६, भक्तपुर पानी अड्डाबाट रु. १,१८७।६८ पानी कर बक्यौता असूल गर्न बांकी राखेकोको अतिरिक्त बनेपा अग्नि काण्डमा पर्नेहरूका बसोबास नभएसम्म धाराको कर नलिने निर्णय भैरहे अनुसार हालसम्म बसोबास भई सके नसकेको बुझी कर असूल गर्ने कारवाई नगरी राखेको ।

झांझ सब-डिभिजन अफिस गौर

२०१९।२० मा झांझ नहर मर्मत गर्न भएको लगत इष्टिमेट नियम बमोजिम चेक नगराएको । ठेक्का दिने टेण्डर आह्वान गरेकोमा पर्न आएको एउटै टेण्डरलाई स्वीकृति गरी मर्मत गराएको । मर्मत भएको जांच पास नगराई इष्टिमेट भन्दा बढी रु. ५,३४५।८९ समेत ठेकदारलाई भुक्तानी दिई बढी गएको रकम समेत मिलाई पुनः लगत इष्टिमेट गरी अनियमित तरीकाबाट राष्ट्रिय धन खर्च लेखेको ।

विद्युत विभाग

२०१९।२० मा विद्युत विभागको डिभिजन ३ को निमित्त "ट्रुरिष्टहरूले ल्याएको ल्याण्ड रोभर ३ खरीद गर्ने" भनी कारहरू खरीद गर्नको लागि २०१९।२० को बजेटमा व्यवस्था भैरहेको भए पनि सम्बन्धित बजेटबाट रुपैयां निकासा माग नगरी केही घर जग्गा प्राप्तिको र केही सर्भे डिजाइनको बजेटबाट पछि सोध भर्ना गर्ने गरी सम्बन्धित मन्त्रालयले स्वीकृति मागेकोमा अर्थ मन्त्रालयले मोटर खरीद सम्बन्धी दिई राखेका सुझाब समेतको ख्याल नराखी स्वीकृति समेत दिई खरीद भएको सम्बन्धमा उक्त मोटरहरूको परीक्षण गर्दा १९५४, १९५५, १९५७ मोडेलको भई ७५२७९, ४१२४३ किलोमिटर चलिसकेको र सो मध्ये मोडेल १९५५, १९५७ को मोटरको च्यासिस भांची क्वाइल आदि फेरि इञ्जिन समेत खोली सकेको मोडेल १९५४ को मोटर मर्मत निमित्त पडिरहेको समेत देखिन आएकोले त्यस किसिमको मोटर खरीद गरी राष्ट्रिय धन बरबाद हुन गएको बेहोरा समेत दर्शाई अर्थ र स्वास्थ्य नहर तथा विद्युत सचिवसंग भनाइ मागदा (ट्रुरिष्टहरूले ल्याएको ल्याण्ड रोभर खरीद गर्ने भन्ने कुरा टिप्पणी मा उल्लेख भएकैबाट पुरानो भन्ने देखिदा देखिदै) त्यस्तो मोटर खरीद गर्नलाई भनी स्वीकृति माग गरिएको र यहांबाट स्वीकृति समेत दिएको नदेखिएको भनी अर्थ सचिवले जवाफ लेखी पठाउनु भएको र स्वास्थ्य नहर तथा विद्युत सचिवले केही लेखी पठाउनु नभई उपर्युक्त मोटरहरू उपर्युक्त परिबन्दबाट खरीद हुनाको साथै मर्मत समेत गर्न परी नयां मोटर सरह मोल पर्ने हुन आउने गरी भन्सार महसूल (मोलको शत प्रतिशत) समेत जम्मा रु. ५४,०००।– निकासा गरी गराई खरीद गरी राष्ट्रिय धन बरबाद गरेको ।

२०१९।२० मा बिजुली अड्डा अन्तर्गत डिभिजन नं. २, ३ को २०१९।४।९ देखि बराबर तरताकेता गर्दा पनि आर्थिक विवरण नदिएको ।

विकास

नहर तथा विद्युत मंत्रालय

विकासको शुरुदेखि २०२०।२१ तकको आर्थिक विवरण २०२१।१।१२ देखि माग गर्दा पनि सिर्फ नहर विभागलाई हुलाक सारा सरह सम्म लेखी समयमा त्यस्तो विवरण दिई लेखापरीक्षण नगराउने पदाधिकारी उपर कानूनन् हुन गर्नु पर्ने कुनै कारवाई गरी प्राप्त गराई नदिएबाट लेखापरीक्षण गर्न नपाई लेखापरीक्षण कार्यमा गतिरोध उत्पन्न गरेको ।

नहर विभाग

२०१९।२० मा भारत सरकारको सहायता अन्तर्गत प्राप्त भा. रू. १८,८८,८२५– (भारतीय सहायता नियोगको पत्रको प्रतिलिपिबाट एकिन भएको अङ्क) का पाइपहरूको भौतिक परीक्षण गर्न के कति पाइपहरू आई कहाँ कहाँ कति कति गै के कति बाँकीछ इत्यादि स्पष्ट खुलाई विवरण नपठाएकोले भौतिक परीक्षण गर्न नपाएको बेहोरा गत वर्षको रिपोर्टमा समावेश भएको र यो वर्षमा पनि तत्सम्बन्धी विवरण तथा २०१९।२० सम्मको आर्थिक विवरण समेत पेश गर्न लेखापढी गर्दा पनि तदनुसारको विवरण नदिएबाट लेखा तथा भौतिक परीक्षण गर्न नपाएको ।

विद्युत् विभाग

२०१७।१८ देखिको निम्न योजना तथा विभागहरूको पटक पटक लेखापढी गर्दा पनि आर्थिक विवरण नदिएकोले परीक्षण हुन नसकेको ।

प्रशासन योजना
उपत्यका विद्युत् सुधार
उपत्यका विद्युत् वितरण
उपत्यका फ्रिक्वेन्सी कन्भरसन
पनौती विद्युत् योजना
त्रिशूली विद्युत् योजना
इञ्जिनियरिङ्ग सर्भे
काठमाडौं बोरगञ्ज ट्रान्समिसन लाइन

विभिन्न अञ्चल भित्रको

बोरगञ्ज डिजेल प्लाण्ट
हेटौंडा डिजेल प्लाण्ट
ठाडो खोला डिजेल प्लाण्ट
सानाजल विद्युत् योजना
कर्णाली विद्युत् योजना

विद्युत् निर्देशनालय

२०१९।२० मा लगबूकमा सवारी उद्देश्य नखुलाएको को अतिरिक्त किलोमिटर ठाउँ ठाउँमा नचढाई राखेको तथा १ ग्यालन पेट्रोलबाट २० किलोमिटर चलेको भनी लेखिएको तर तरीक्षणबाट १५ किलोमिटरसम्म चलेको देखिएकोले रू. १,९५०।– को पेट्रोल अनियमितसंग खर्च गरेको ।

विद्युत् विभाग

बिजुली अड्डाले २०१२ सालमा तत्कालीन प्रधान मन्त्रीको निवासस्थानमा जडान गर्न पक १ किलोवाटको ट्रान्सफर्मर १ एक रू. २७५।– मा खरीद गरी दिएको उक्त ट्रान्सफरमरको खर्च विशेष अधिकार सम्पन्न उज्राती फछर्यौट कमिशनमा पेश गरी मिनाहा गराएको को अतिरिक्त वहाँ प्रधानमन्त्री पदबाट मुक्त हुनु भएपछि सो सरकारी रकमबाट खरीद भएको ट्रान्सफरमर फिर्ता लिनु पर्ने समेत नलिई राष्ट्रिय सम्पत्ति बरबाद पारेको देखिएकोले तत्सम्बन्धमा बेरूजु उठाई सचिवलाई लेखेमा वि. अ. उ. फ. कमिशनबाट जिन्सी आम्दानी बांधेको भिडाई मिनाहा खर्च लेख्ने गरी मिनाहा भएकोमा उक्त खर्च प्रधानमन्त्रीकै बजेटबाट खर्च भएको हुँदा जिन्सीमा आम्दानी बांधेको भिडाई खर्च लेख्न नमिल्ने भन्ने बिजुली अड्डाका एक ना. सु. ले रिपोर्ट गरेको हुँदा बुझाएको निस्सैबाट मिनाहा दिने भन्ने उक्त कमिशनबाट पुनः निर्णय दिएकोले सो रकम सोधभर्ना गर्नु पर्ने नदेखिएको भनी यस विभागलाई र उक्त ट्रान्सफरमर त्यस विभागमा बुझाउनु पर्ने रहेछ र नबुझाएको हो भनी तुरून्त त्यसतर्फ कारवाई गरी दाखिला भएको सूचना गर्नु भनी विद्युत् विभागलाई मन्त्रालयले उपर्युक्त कारवाई मुनासिब बेमनासिबको निर्णय नै नगरी लेखी पठाएकोबाट खर्च भन्ने लिनु नपर्ने सबूद र सो ट्रान्सफरमर फिर्ता भए नभएको समेत सम्बन्धमा पटक पटक लेखी पठाउंदा पनि कहिले काममा गतिरोध पारी ढिला सुस्ती गर्ने कारीन्दा उपर कारवाइ गर्नु भनी र कहिले चाहिने कारवाइ टुंग्याई हुने गर्ने भन्नेसम्म विभागलाई लेखी बोधार्थसम्म गर्ने गरेको विभागीय मन्त्रीलाई आग्रह गरी पठाउंदा पनि कारवाइ नटुंगिएकोले राष्ट्रिय सम्पत्ति बरबाद भएको भयै हुने स्थिति त्याएको ।

निर्माण, संचार तथा यातायात मंत्रालय

२०२०।२१ मा अन्यान्य विभागले नअङ्गालेको तरीका अपनाई मितव्ययिताको ख्याल नराखी भैपरी आउने बजेटबाट रकमान्तर गरी खर्च गर्ने स्वीकृति लिई रु. १००।– को चिया खाने भांडाहरू खरीद गरेको ।

२०२०।२१ मा शितलनिवासमा बेण्ड स्टायण्ड बनाउने काम सम्बन्धी कागजपत्र संपरिक्षणको निमित्त ६ महीनासम्म अनुरोध गर्दा पनि पठाई नदिएकोले संपरीक्षण हुन नसकेको ।

२०२०।२१ मा केशर महल गेटदेखि जय नेपाल चित्रघर नक्सालसम्मको सडक नव निर्माणको निमित्त १,००,००० इंटको ठेक्का बन्दोबस्त गरेको सम्बन्धमा सो निर्माण निमित्त चाहिने जति इंटको एकैपल्ट समयमै ठेक्का बन्दोबस्त नगरी २०२०।३।९ मा २०,००० इंटको मात्र टेण्डर कल गरी १,००० इंटको रु. ७५।– मा बन्दोबस्त गरेको १८ दिन पछि पुनः १,००,००० इंटलाई अर्को टेण्डर आह्वान गरेकोमा पर्न आएको टेण्डर दर रु. ८४।– मा ठेक्का बन्दोबस्त गरी हज्जार इंटको रु. ९।– का दरले जम्मा रु. ९००।– नोक्सान पारेको ।

भवन विभाग

काठ गोदामभित्र ग्यारेज बनाउन २०१६।१७ र २०१७।१८ मा निकासा भएको रकमको आर्थिक विवरण नदिएकोले परीक्षण हुन नसकेको ।

२०१८।१९ मा ज्यामीहरूको हाजिर फाराम बेगर रु. ६६९।– ज्यामी ज्याला नाइके हस्ते खर्च लेखेको । अघिल्लो आर्थिक वर्षको दिन बांकी थप ज्याला रु. १२४।– स्वीकृति बेगर खर्च लेखेको । आर्थिक वर्ष २०१७।१८ को बचत रु. ४,२१६।– आर्थिक वर्ष २०१८।१९ मा ने. रा. बैंक दाखिल गरेको भौचर पेश नगरेको । तहबील मसौट गरेको रु. ३,४०३।७० को सम्बन्धमा आवश्यक कारवाइको लागि काठमाडौं मेजिष्ट्रेट अफिसमा गएकोले उक्त अफिसबाटै कारवाइ चलेको हुंदा विभागबाट कारवाइ गर्न नमिल्ने भनी तत्सम्बन्धी कारवाइ नटुंग्याई असूल उपर गर्न बांकी राखेको ।

निर्माणको लगत इष्टिमेट पेश नगरेकोको अतिरिक्त सो कामको निमित्त खरीद गरेका मालसामानको जिन्सी स्लेस्ता पेश नगरेको ।

२०२०।२१ मा पदाधिकारीले भा. रु. १,०००– को धन जमानी दिनु पर्ने साधारण काममा कारवाइ गर्दा गर्दै ३ महीना लागेको भनी निर्माण, सञ्चार तथा यातायात मन्त्रालय, सडक विभागमा हाजिर गराई राखी सो समयको तलब खुवाउन अस्थायी दरबन्दी निकासा गराई तलब रु. ४१६।८ आर्थिक नियमको प्रतिकूल पारी खर्च लेखेको ।

२०१९।२० मा निर्माण कामको निरीक्षणको लागि अन्तर्गत विभागमा रहेका कार तथा मोटर साइकलबाट काम लिए पनि हुने र माल ढुवाउने साधनको आवश्यकता भई बेडफोर्ड ट्रकको लागि बजेटमा रकम समावेश भएकोमा सन् १९५६ मोडेलको २७।२८ हजार माइल चलिसकेको थोत्रो मोटरलाई १९६१ मोडेलको सि. आई. एफ. कलकत्ताको पाउण्ड ७६४ पर्ने सरह गरी ४०० पाउण्डमा सस्तो पाएको भनी त्यसको सथकडा सय भन्सार बुझाउनु पर्ने र तुरून्तै मर्मत गर्न पर्ने कुराको विचारै नराखी हतार गरी मेकानिक्सलाई जांच समेत नगराई उपर्युक्त ४०० पाउण्डको हुने रु. ८,५९२।– भन्सार महसूल ७८,५९२।– समेत जम्मा रु. १७,१८४।– र मर्मत गर्ने रु. २,८१६।– समेत जम्मा रु. २०,०००।– निर्माण, सञ्चार तथा यातायात मन्त्रालयले उक्त मोटरको मोल विदेशी मुद्रामा निकासा गराई सो कार खरीद गरेको ।

भेहिकल खरीद गर्ने सम्बन्धमा २०१९।४।१६।३ मा अर्थ मन्त्रालयमा प्रेषित गरी राखेको सुझावको अर्थ मन्त्रालयले कुनै विचार नगरी उक्त थोत्रो लायण्ड रोभर मोटर खरीद गर्न महत्वपूर्ण विषयमा मात्र खर्च गर्नु पर्ने विदेशी मुद्रा समेतको निकासा गराई राष्ट्रिय धन दुरुपयोग गरेको ।

२०२१।२२ मा भवन विभागको घरमा शाही सेनाका सेनानीलाई बस्न दिएकोमा बस्न पाउने कुनै आधारभूत प्रमाण पेश नभएबाट प्रचलित कानून बमोजिम सेनानीबाट उक्तघरको भाडा असूल गरी सञ्चित कोषमा जम्मा गराउन पर्नेमा सो नगराई सरकारी घरको दुरुपयोग तथा सरकारी धन नोक्सान पारेको ।

भैरहवा गोस्वारा

२०२१।२२ मा बुटौलमा पहिलेको बडाहाकिम बस्ने घर भत्की बिग्री त्यसमा जडान भएका मालसामानहरू नोक्सानी भै सकेको सम्बन्धमा भवन विभाग अन्तर्गत डिभिजन अफिस तथा गोस्वारा ले समेत बेवास्ता गरी बांकी रहेको मालसामानहरू समेत नोक्सानी हुने स्थिति पारेको ।

पब्लिक बनाउने बोत्रो

२०१८।१९ मा बिल भरपाइ बेगर रु. २,०५८।६० को मालसामान खरीद गरेको । रु. ३६२।५७ खर्चको आदेश पेश नगरेको । लगत इष्टिमेटभन्दा बढी मालसामान समेतमा र निकासाभन्दा बढी समेत जम्मा रु. १,२३३।५४ खर्च लेखेको । रु. ३८७।– सोधभर्ना लिनु पर्ने नलिएको । लगत इष्टिमेटमा नपरेका ज्यामी चित्रकार आदि राखी रु. १३५।५० खर्च लेखेको ।

सदर पब्लिक नगदी फांट

२०१८।१९ मा विभिन्न बनाउने काममा खर्च भएको जम्मा रु. २,२६,८८३।३ मध्ये ल. पु. तलेजूको भण्डार घर समेत बनाउने कामका निमित्त ठेकदारलाई भुक्तानी दिएको इंटको मोल रु. १,८३०।०२ को प्रमाण पेश नगरेको । चौ. इ. भवन विभागको निमित्त लगबूक बेगर रु. २,११४।०५ को पेट्रोल खर्च गरेको । ठेकदारलाई दाउरा सहूलियत दिई रु. ३५०।– खर्च लेखेको । आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहेको रु. २,५६,७४६।४८ ने. रा. बैंकमा दाखिल नगरी नेपाल बैंकमा लेटर अफ् क्रेडिट खोली २०१७।१८ मा खर्च लेखेकोको अतिरिक्त खर्च गरी बांकी रहेको रु. ६४,०००।– सञ्चित कोष दाखिल नगरेको । २०११।१२ सालदेखि इंट चून इत्यादिका निमित्त पेश्की गएको र विभिन्न अड्डाहरूलाई उज्रातीबाट पेश्की गएको समेत जम्मा रु. २,७६,८६१।८६, भा. रु. ३,१७१।५१ फछ्यौंट नगरेको । भवन मर्मतको निकासाबाट काठमाडौं छेम्डेलको सेफ मर्मत गरी रु. १००।– खर्च लेखेको । १०,००० मुरी चून पुऱ्याउने ठेक्का बन्दोबस्त भएको मितिले २ महीना पछि मात्र चलन पूर्जी दिएकोको अतिरिक्त चून मुरी १,८६८।४।७ मात्र आई, बांकी चून नआएकोमा र विभिन्न मर्मत काम समेतलाई निकासा भएको रु. ३८,१६-६।८२ बाट हुनुपर्ने काम समेत नभएको सम्बन्धमा कानूनी कारवाइ केही नगरेको । लेखापरीक्षणमा आवश्यक परेका स्रेस्ता लेखाहरू सबै सुव्यवस्थित रूपले नराखी कहिले साबिकसंग कहिले कारिन्दासंग कहिले सांचो छैन इत्यादि भनी आलेटाले नीति अपनाई लेखापरीक्षण कार्यमा बाधा पुऱ्याई बढी समय लाग्ने अवस्था पुऱ्याएको ।

भीमसेन थान मुनि विष्णुमतीको पुल बनाउने ठेक्का

२०१९।२० मा रु. ४४,४००।– मा ठेक्का बन्दोबस्त भई तोकिएको समयभित्र ठेकदारले कार्य सम्पन्न गर्न नसकेकोमा पुलबाट गएको पानीको पाइप सार्ने काम समयमा नभएबाट स्याद दिनै पर्ने भन्ने समरजङ्ग कम्पनीबाट लेखी आएको भनी चीफ इञ्जिनीयरबाट महीना २ को स्याद थप दिएको आधारभूत प्रमाण पेश गर्न नसकेको । सिमेण्ट प्लाष्टर गरी राखेको टुक्रा टुक्री ठाउं ठाउंमा उप्केको देख्दा देख्दै जांच पास गरेको ।

समरजङ्ग कम्पनी

२०१८।१९ मा नरदेवी तिरबाट विष्णुमती पारि जाने पुल निर्माणको लागि रु. ५५,५९३।– को लगत इष्टिमेट भै रु. ५३,१००।– मा ठेकदारले कबूल गरेकोमा पनि उक्त अंक भित्रैबाट भनी लगत इष्टिमेटमा नपरेको रु. ३,०९९।५६ को काम गरेको देखिएबाट सो निर्माण कामलाई चाहने यथार्थ लगत इष्टिमेट भएको नदेखिएकोको अतिरिक्त बनि तयार भएको वर्ष दिन भित्रै ठाउं ठाउमा विग्री नोक्सान भएको ।

से. इ. मे. डी. नगदी फांट

२०१८।१९ मा आर्थिक वर्ष व्यतीत हुंदा बाकी रहन आएको रु. १४,५५३।०९ दाखिल नगरी जिम्मावारी सारी खर्च लेखेको । रु. १०,१३१।७८ को जिन्सी माल आम्दानी नबांधेको । रु. १२।४० को पेट्रोल आम्दानी बांधेको नदेखिएको । धरौटी रु. ९४१।२९ समयमै फछ्यौंट नगरेको । असूल उपर गर्नु पर्ने रु. १,६२५।७५ असूल उपर गर्ने कारवाइ नगरेको । रु. १,२५४।२१ अनियमित तरीकाबाट खर्च लेखेको । विभिन्न कामलाई पेश्की गएको रु. २३,२७३।५९ फछ्यौंट नगरेको । सिंहदरबार नाचघरको बहालमा रु. १००।– घटी लिएको असूल नगरेकोको अतिरिक्त रु. ८२५।– बहाल बांकी असूल नगरेको । सदर स्याहा गरी सञ्चित कोष दाखिल गर्नु पर्ने रु. ३६५।१६ धरौटीमा आम्दानी बांधेको । नियमभन्दा बढी मौज्दात राख्ने गरेको समेत अनियमित कारवाइ गरेको देखिएको ।

से. इ. मे. डी. अन्तर्गत जिन्सी गोदाम

२०१८।१९ मा साबिक दरसाबिक हाकिम जिम्मा मध्येको नयुग देखिन आएका मालसामान भर्ना नगराएकोको अतिरिक्त लगत इष्टिमेटमा नलेखिएको खर्च नभई बांकी रहेका मालसामानहरू हालवालालाई बुझाई नदिएको । हालवालाका जिम्माको काठ ढुङ्गाको विवरण प्राप्त नभएकोबाट तत्सम्बन्धी लेखापरीक्षण हुन नसकेको ।

सि. वि. बनाउने फांट

२०१८।१९ मा रु. १६,१२३।१९ मा प्रधान पाठशाला र रु. १३,५००।– मा दरबार हाईस्कूल मर्मत गरेको जांच पास नगराई खर्च लेखेको । रु. ५४।६५ को कण्टिन्जेन्सी मालसामानको बिल भरपाइ बेगर खर्च लेखेको ।

सिंहदरबार क्याम्पा बाहिर बनाउने अड्डा

२०१८।१९ मा घटाघट तथा कोटेशन बिल भरपाइ बेगर मालसामानमा रु. ३१,३२०।– खर्च लेखेको । लगत इष्टिमेटभन्दा बढी रु. ६६८।३५ फांटवारी (मालसामानको) बेगर रु. १०,१६१।५३ खर्च गरेको । परल मोलभन्दा रु. १।७५ बढी खर्च लेखेको ।

काठ गोदाम तथा माल गोदाम

२०१८।१९ मा काठ थान ९९ घटी जिम्मावारी लागेको । समतामा काठ थान १,३५३ क्यू. फि. ३३०।१०।११।। स्रेस्ताबाट बढी देखिएको थप आम्दानी नबांधेको । काठको मोल रु. २४।९।२ घटी असूल गरेको । आदेश बेगर छेभडेल अड्डालाई चून मुरी ४१ खर्च लेखेको । उज्रातीमा रही गएका रंगरोगन, काठ, मालसामान आदि वर्षौं भै सक्दा पनि नफछ्यौंएको । बम्से ष्टोरमा रहेको भनेका मालसामानहरू बाहिर राखी छाडेको । मोल निर्धारित भए पछि असूल गर्ने गरी रु. १,०३८।४४ धरौटी लिई राखेको मोल निर्धारित गरी फछ्यौंट नगरेको । मोटर लहरीको लगबूकमा रीतपूर्वक सम्बन्धित पदाधिकारीले प्रमाणित नगरेकोको अतिरिक्त माइल समेत नचढाएको ।

बनाउने अड्डा, वीरगञ्ज

२०१९।२० मा हाकिमको मृत्यु भई २ वर्षदेखि हालबालाले बहाल गरी काम काज गरी आएकोमा साबिकका पालाको बुझबुझारथ गर्नु पर्ने काम नगरेको, अफिस घर छाना बिग्री रहेको मर्मत नगरी बढी नोक्सान पर्ने गरी राखेको । उज्राती स्याद नाघेको रु. ५,५१,३९५।६६ विभिन्न ठाउंमा बनाउने कामको निमित्त २०१५ सालभन्दा अघिदेखि गै रहे मध्येको पेश्की फछ्यौंट नगरेको । शोधभर्ना गर्ने गरी धरौटीबाट गएको रु. ६०।– शोधभर्ना नगरेकोको अतिरिक्त उज्राती गई रहेको रु. १२,९४०।२५ फछ्यौंट नगरेको । कोटेशन बेगर रु. ४,४९०।७६ को मालसामना खरीद गरेको । आदेश बेगर विभिन्न रकममा रु. ४९९।२५ रकमान्तर गरेको । पेश्की फछ्यौंट हुंदा फांटवारीबाट बांकी देखिएको फिर्ता गर्नु पर्ने रु. ४०।१२, दिन नमिल्ने सटही भत्ता रु. ९।०३, तलब रु. २८।२३ असूल नगरेको । मसलन्द रु. ५०।– को बिल भरपाइ पेश नगरेको ।

महोत्तरी सर्लाही बनाउने अड्डा

२०१९।२० मा जनकपुर मेनेजरीको हाकिमको घर र हुलाक घर बनाउने निकासाबाट २००८ सालमा खरीद भै रहेको रु. ८,०००।– को मालसामान सो नबनाउने भै पछि चाहेमा लिने गरी साबुद मालसामान अन्य व्यक्ति जिम्मा लगाई राखेकोमा सो मालसामान (जस्ता, इंटहरू समेत अन्य काममा लगाउन हुने मालसामानहरू भएका) काम लाग्ने नलाग्ने विशेषज्ञबाट जांचै नगराई गोस्वांराकै अडरबाट रु. २,१५८।८७ मा लिलाम गरेबाट रु. ५,८४१।१३ परल मोल (उस बखतको) भै नोक्सान पारेको । बढी खर्च लेखेको रु. ३२७।५८, घटी असूल गरेको रु. १५।२५ असूल नगरेको । खर्चको प्रमाण बेगर रु. ३,८३४।२३, बिल भरपाइ बेगर रु. १७६।८०, विशेषज्ञको जांच पास बेगर रु. १,०१४।२१, खान नपाउने सटही भत्ता रु. १५५।९१।२ र बढी रु. ३६।– खर्च लेखेको । बनाउने काम नभै बांकी रहेको रु. २,०००।– नेपाल राष्ट्र बैंकमा दाखिल भएको भाउचर पेश नगरेको । उज्रातीको लेखा प्राप्त नभएको । लकडी क्यू. फु. ११२।।।= ।।६० र रु. २,५०,८३६।८७ फछ्यौंट नगरेको ।

मोरङ्ग विराटनगर बनाउने अड्डा

२०१९।२० मा २०२०।१०।२६ देखि माग गरेको आर्थिक विवरण समयमा नदिई धिङ्गाझ्याही गरी २०२१।१।१५।६ मा मात्र (हाकिमले प्रमाणित गरेको विवरण चार्ट संलग्न राखी निमित्त हाकिमले चलानीमा सही गरी) पठाए पछि लेखापरीक्षण गर्न जांदा हाकिम ६३ दिनको घर बिदा लिई २०२०।१२।२६ देखि बिदा बस्नु भएकोले निज हाकिम उपस्थित भएपछि मात्र लेखापरीक्षण कार्य हुनेछ भनी निमित्त हाकिमले लेखापरीक्षण गर्न नदिएको । आर्थिक विवरण माघ महीनामा मागिएकोले आफू हाजिर भएको २ महीनाको समयसम्म लेखापरीक्षण गर्न आर्थिक विवरण नपठाई २०२०।१२।२६ मा बिदा बसी सके पछि मात्र (लेखापरीक्षण हुन नपाउने गरी) आर्थिक विवरण दिन लगाएको तथा लेखापरीक्षण कार्यमा बाधा पर्ने गरी बिदा छाड्न र बस्न नदिने महालेखा परीक्षकको परिपत्र भई रहेको छंदाछंदै त्यसको वास्ता नराखेकोको अतिरिक्त आफूले गरेको आर्थिक व्यवहार आफै अधिसरी फछ्यौंउन पर्नेमा महालेखा परीक्षणकले नै लेखापरीक्षण गर्न अग्रसर भएकोमा निजलाई जांचकीको गल्तिमा राखेको ठहर गरी निज हाकिमले यथा समयमा मागेको आर्थिक विवरण जानाजानी नदिई लेखापरीक्षण नगराउन खोजेको सम्बन्धमा निर्माण, सञ्चार तथा यातायात मन्त्रालयलाई अनुरोध गरी पठाउंदा पनि पूर्वोक्त परिबन्दबाट लेखापरीक्षण गर्न नदिने निज हाकिम उपर निजामती सेवा नियमावली बमोजिम कुनै कारवाइ नगरेकोबाट आर्थिक अनुशासन कायम नहुने साथसाथै महालेखा परीक्षकले आफ्नो कर्तव्य समयमा पूरा गर्न पाएन ।

सप्तरी बनाउने अड्डा

२०१९।२० मा हाल साबिक हुंदा समयमै हुनु पर्ने बुझ बुझारथ कार्य सम्पन्न नगरेको को अतिरिक्त आर्थिक विवरण पनि प्राप्त नभएको ले लेखापरीक्षण हुन नसकेको ।

नयां मुलुक बनाउने अड्डा

२०२१।२२ मा रु. ७९,६४५।– को लगत इष्टीमेटबाट बनेको उक्त अड्डाको गोदाम घरमा वर्षाद शुरु भई सक्दा पनि छाना नलगाई निकासा आई नसकेको भनी राखेकोबाट वर्षादको पानीले बढी नोक्सान पर्ने अवस्था पारेको ।

हेटौंडा नारायण गढ बाटो मर्मत अड्डा

२०१९।२० मा मर्मत रकमको बांकी रु. ।६९ संचित कोषमा दाखिल नगरेको । लगबूक बेगर डिजेल आदिमा रु. ६११।२४ खर्च लेखेको । तलब र मर्मत उज्रातीबाट गएको रु. ३,०९०।– फछ्यौंट नगरेको ।

हुलाक विभाग

२०१९।२० मा नाशिक प्रेसमा रु. ।०५ देखि रू. १।– सम्मका विभिन्न दरका टिकटहरू छाप्न दिएकोमा २०१८।१९, २०१९।२० मा जम्मा थान १०,३०,८४० टिकटहरू अडर भन्दा बढी छापिई आएको देखियो । उक्त टिकट समेत पहिलो पटक आएको सम्म आम्दानी बांधेको पछिल्लो पटक आएका टिकटहरू जम्मा १ करोड १९ लाख ७३ हजार ९४० थान आम्दानी नै नबांधेको समेत देखिन आयो । रु. ७२२।– आवश्यक भन्दा बढी खर्च लेखेको । रु. १९८।– आदेश भन्दा बढी खर्च लेखेको । रु. ३,४१०।– पेश्की फछ्यौंट नगरेको । रु. ३७।२० लगबूक बेगर पेट्रोल खर्च लेखेको । ठाउं ठाउंमा गोडरेजका दराज क्याश बक्सहरू जस्ता सामानहरू पुऱ्याउन साधारण कर्मचारी पठाए हुनेमा ग्याजेटेड अफिसर पठाई बढी खर्च गरेको ।

लुम्बिनी गण्डक हुलाक नियन्त्रक अफिसका ग्याजेटेड अफिसरलाई २०१८।८ देखि र एक्सचेन्ज पोष्ट अफिस कोइलावास, कैलाली चतरा समेतको प्रमुखहरूलाई २०१९।७ देखि हाल सम्म वर्षौं विभागमा काजमा राखी ठेकिएको अड्डामा मामूली मुखिया, बहीदारबाट मात्र काम गराई राखेको देखिएको ।

२०२०।२१ मा महेन्द्र नगर (चक्र घट्टी) अतिरिक्त हुलाककाएजेण्टहरूलाई पारिश्रमिक दिने बारेको मन्त्रिपरिषदमा प्रस्ताव पेशगर्दा कार्य सम्पादन नियम प्रतिकूल पारी अर्थ मन्त्रालयको स्वीकृति बेगर प्रस्ताव पेश गरी निर्णय गराएको को अतिरिक्त अर्थ मन्त्रालयले सो कुराको ख्याल नगरी भाग गरेको रकम निकासा दिएबाट आर्थिक अनुशासन पालन नभएको ।

२०२१।२२ मा ठेकिएको ठाउंलाई नचाहिने भए खारेज गरे हुने र चाहिने भए काजमा राख्दा ठेकिएको ठाउंको काममा हानी हुन जाने गरी जिल्लामा ठेकिएको पदाधिकारीहरूलाई ठेकिएको ठाउंमा नपठाई काजमा राखेको ।

जनरल पोष्ट अफिस

२०१८।१९ मा उज्रती रू. ५५,९८८।५१।१, भा. रू. ८४,६७९।९५ फछ्र्योट नगरेको । रू. ९२४।– को विभिन्न दरको टिकट थान २,२०० भर्पाई बेगर खर्च लेखेको । प्रेसबाट आई आम्दानी बांधिएका टिकटहरूको प्रेसबाट पठाएको फांट पेश नगरेको । टिकट विक्रीको रू. १,५६५। संचित कोष दाखिल नगरी धरौटीमा राखेको । नियम भन्दा बढी तहबील मौज्दात राखेको । टिकटको स्रेस्ता गर्ने कर्मचारी कार्यभारबाट मुक्त भै सकेपछि थुनामा राखी भएका कारवाईबाट रू. ८,११,११३।८१ को टिकट मध्ये बांकी रू. ७९,९५९।५४ को बुझबुझारथ भै नसक्दै खोरमै देहान्त हुन गै मेजिष्ट्रेट समेत बसी कारवाई भइरहेको भन्ने सम्म लेखी पठाई फछ्र्योट नगरेको । जिन्सी मालसामान बारे पनि कारवाई टुङ्गो नसकेको भनी हालसम्म विवरण नदिएको बाट परीक्षण गर्न नपाएको । टिकट आदि छपाउने सम्झौतामा उचित व्यवस्था नरहेकोबाट प्रेसले टिकट बढी पनि छापी पठाउने गरेको देखिएबाट तत्सम्बन्धी नियन्त्रण खुकुलो हुनुको साथै त्यस्तो आएका टिकटहरू आम्दानी नबांधी राखेबाट हिनामिना हुन जाने समेत देखिएको । फाराम छपाउने कागज पनि चुहुने ठाउँमा राखी नोक्सान पारी राखेकोमा सुव्यवस्थित गर्न लेखेकोमा ३३ महीना हुँदा पनि कुनै व्यवस्था नगरी राष्ट्रिय धन सम्पत्ति बरबाद पारेको ।

डाइरेक्टरले उपभोग गरिराखेको ४९० नं. जीप तथा डांक ओसार्ने मेल–भान औ पिकअप समेत जिन्सी श्रेस्तामा आम्दानी नबांधी राखेको र लगबुक बेगर रू. ५,०५५।१० को पेट्रोल खर्च लेखेको ।

उपत्यका हुलाक नियन्त्रण अफिस

२०१८।१९ मा मोटर गाडा, रिक्सा भाडा तथा दैनिक भत्ता गरी जम्मा रू. २६।२० पाउने भन्दा बढी खर्च लेखेको ।
आर्थिक वर्ष २०१९।२० मा खर्च भएको रू. २०।– २०१८।१९ सालको लेखामा खर्च लेखेको ।

हुलाक नियन्त्रण अफिस, विराटनगर

२०१९।२० मा विकास तर्फको रू. १०९।३२ सञ्चित कोष दाखिल गरी विकास कोषमा जम्मा नगराएको । कर्मचारीको तलब रकममा बजेट भन्दा बढी रू. २७३।३१।१ अञ्चलाधीशले अनधिकृत तरीकाबाट आदेश दिई मालले उज्रातीमा राखी खर्च लेखेको । हाल सम्म सो रकम फछ्र्याउनेतर्फ विभाग समेतले कारवाई नगरी राखेको,

गण्डक हुलाक नियन्त्रण अफिस, भैरहवा

२०१९।२० मा ग्या. अ. (मुख्य अफिसर) लाई २०१८ कार्तिकदेखि हालसम्म विभागमा काजमा राखी उक्त हुलाक नियन्त्रण अफिसबाटै तलब भत्ता खुवाई राखेकोको अतिरिक्त सहायक नियन्त्रक घरबिदाबाट विशेष अधिकार सम्पन्न उज्राती फछ्र्याट कमिशनमा २०१९ भाद्र १० गतेदेखि मार्ग १३ गते तक काजमा रहेका अवस्थाको (तलबको चौथाई भत्ता पाउने उज्राती फछ्र्याट कमिशनबाट निकासा गराई पाउने समेत भएको) महंगी भत्ता रू. १२४।६७ (जिल्लाको निमित्त मात्र ठेकिएको) खुवाएको । निकासा बेगर रू. २४९।– घर भाडा खर्च लेखेको । स्वीकृति बेगर दैनिक, भ्रमण भत्ता रू. २११।५० खर्च लेखेको ।

एक्सचेञ्ज पोष्ट अफिस, पशुपतिनगर

२०१९।२० मा विकास कोषबाट एक आर्थिक वर्षमा निकासा भएको फर्निचरको रू. ९९।– निकासा बेगर अर्को आर्थिक वर्षमा खर्च लेखेको । रोजनामा आम्दानी खर्च देखिने नियमित स्रेस्ता नराखेको । हराएको भनेका विभिन्न मालसामान थान ४९ बारे कुनै कारवाई नगरेको को अतिरिक्त बेसाबूद मालसामान थान ५६ मर्मत तथा लिलाम गर्ने समेत कारवाई नगरेको ।

कोइलावास एक्सचेञ्ज पोष्ट अफिस

२०१९।२० मा काठमाडौं काजमा रहेको समयको खान खुवाउन नहुने सटही भत्ता रू. ५०४।– खाए खुवाएको असूल उपर नगरेको । आर्थिक वर्षभित्र खर्च लेखी नसकेको तलब रू. १८०।– सञ्चित कोष दाखिल नगरी धरौटीमा राखेको । साबिक दर साबिकका पालादेखि बुझ-बुझारथ नगरेको ।

कटहर वन एक्सचेञ्ज हुलाक अफिस, गौर

२०१९।२० मा हाल साबिक हुँदा समय मै हुनु पर्ने बुझबुझारथ कार्य सम्पन्न नगरेकोको अतिरिक्त आर्थिक विवरण नदिएकोले लेखा परीक्षण हुन नसकेको ।

हेड एक्सचेञ्ज पोष्ट अफिस, जनकपुर

२०१९।२० मा आर्थिक वर्ष व्यतीत हुँदा बांकी रहेको रू. ५७३।२२ सञ्चित कोषमा दाखिल नगरी मालमा धरौट राखी अर्को आर्थिक वर्षमा रू. २३२।– पदाधिकारीलाई खर्च लेखी बांकी रू. ३४१।२२ धरौटीमै राखेको ।

एक्सचेञ्ज पोष्ट अफिस, जलेश्वर

२०१९।२० मा मसलन्द र तेल बत्तीमा रू. १०५।– बील भरपाई बेगर खर्च लेखेको । खान पाउनेको भरपाई तथा लिन पठाउनेको इच्छापत्र बेगर रू. ४,९५७।– खर्च लेखेको ।

एक्सचेञ्ज पोष्ट अफिस मुख्य हुलाक, भैरहवा

२०१९।२० मा घटी आम्दानी बांधेको टिकट रकमको रू. २७३।६५ असूल नगरेको । दैनिक भ्रमण भत्ता खर्च रू. २८७।२६ को भ्रमण बील र भाडा महसूल रू. ४४०।– को बील भरपाई पेश नगरेको । हाजिरी रिकर्ड नराखी रनरको तलब खर्च लेखेकोको अतिरिक्त रिभलिङ्ग फण्डको टिकटको रीतपूर्वकको लेखा राख्ने नगरेको ।

राजविराज एक्सचेञ्ज पोष्ट अफिस

२०१९।२० को आर्थिक वर्षको लेखा विवरण प्राप्त नभएकोको अतिरिक्त राजस्व आम्दानी तर्फ अधूरो आर्थिक विवरण दिएकोले दुबैको लेखापरीक्षण हुन नसकेको ।

रौतहट गौर ए. पो.

२०१८।१९ मा मलसन्द र बत्ती रकममा बजेट निकासा भन्दा रू. ६७।५० बढी खर्च लेखेको औ बजेटमा निकासा नभएको लुगा भत्ता रू. १४४।– स्वीकृति बेगर खर्च लेखेको ।

कन्छा हुलाक

२०१९।२० मा तहबीलको सुप्रबन्ध नभएको ।

आंप–पीपल शाखा हुलाक

२०१९।२० मा तहबील जांचबाट फाजिल देखिन आएको रू. ।६२ पैसा आम्दानी बांधनु पर्ने नबांधेको ।

गोरखा छोटी हुलाक

बेकम्मा र हराएका जिन्सी मालको सम्बन्धमा कानूनन् हुनु पर्ने कारवाई नगरेको ।

चितौन हुलाक अड्डा, स्याबासिर

२०१९।२० आर्थिक वर्षको आर्थिक विवरण नदिएकोले लेखा परीक्षण हुन नसकेको

हुलाक अड्डा, नुवाकोट

२०१९।२० मा बेकम्मा मालसामानहरू लिलाम गर्ने कारवाई नगरेको ।

पकनाजोल शाखा हुलाक

२०१९।२० मा बत्ती बाल्न निमित्त मट्टीतेल खरीद गरेको छंदाछंदै तेल खरीद गरी रू. ९।६० बढी खर्च लेखेको ।

पोखरा मुख्य हुलाक

२०१९।२० मा साबिकका पालाको जिन्सी मालसामानहरू बुझबुझारथ नगरेकोले तत्सम्बन्धमा लेखापरीक्षण हुन नसकेको ।

प्यूठान शाखा हुलाक

२०१९।२० मा नियुक्ति सदर बेगर तलब रू. १,०८०।– खर्च लेखेको । जिन्सी स्रेस्ता नियमित रूपले नराखेको । हाजिर बिदाको रिकर्ड भरी नराखेको ।

बन्दीपुर शाखा हुलाक

२०१९।२० मा तहबील सुरक्षित साथ राख्न सेफ वा बाकस समेतको प्रबन्ध नभएको ।

बारा कलैया शाखा हुलाक

२०१९।२० मा दरबन्दी भन्दा रू. ३००।– बढी तलब खुवाएको असूल नगरेको ।

भरतपुर शाखा हुलाक

२०१९।२० मा अड्डा प्रमुखहरूको अदली बदली भएको समय मै हुनु पर्ने बुझबुझारथ नभएकोको अतिरिक्त २०१९।२० को आर्थिक विवरण समेत नदिएकोले लेखा परीक्षण हुन नसकेको ।

भूम्रे शाखा हुलाक

२०१९।२० मा तहबीलको सुव्यवस्था नभएको ।

समनपुर हुलाक अफिस, रौतहट

आर्थिक वर्ष २०१८।१९ को पछिल्लो ६ महीनाको तथा २०१९।२० को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

दहवन छोटी हुलाक

२०१९।२० मा आर्थिक वर्ष व्यतीत हुँदा बांकी रहेको फर्निचरको रू. २००।२, तलबको रू. २१३।– सञ्चित कोष दाखिल नगरी धरौटीमा राखेको । ढांचा फर्ममा जिन्सी लेखा नराखेको । २०१८।१९ आर्थिक वर्षको तलबको रू. ३७८।– धरौटी राखेको । २०२० मार्गमा तलब खर्च लेखेको कर्मचारीहरूको हाजिरी रिकर्ड नराखेको ।

इलाम छोटी हुलाक

२०१९।२० मा टिकट विक्रीबाट आएको आम्दानीको नियमित तरीकाले स्रेस्ता नराखेको । बेसाबूद जिन्सी माल थान ३४ को उचित व्यवस्था मिलाउने कारवाई नगरेको ।

विराटनगर रङ्गेली छोटी हुलाक

२०२०।२१ मा रङ्गेली छोटी हुलाक अफिसको चालू आर्थिक वर्षको तहबील जांच गर्दा टिकट मौज्दात नभएको र ६।७ कोश टाढा विराटनगर मालमा हुलाक टिकट जिम्मावारी लिन जांदा नपाएकोको अतिरिक्त उक्त हुलाकले सम्बन्धित विभागमा रिपोर्ट गर्दा समेत बिक्रीको निमित्त टिकटको प्रबन्ध हुन नसकेकोले राष्ट्रिय आय हुन नसकेको ।

टेलिकम्यूनिकेशन विभाग

२०१८।१९ मा नियमको प्रतिकूल हुने गरी रू. १२।– पत्रिकामा खर्च लेखेको ।

केन्द्रीय टेलिफोन अफिस

२०१८।१९ मा कुमारीचोकको जनाउ अनुसार २०१७।१८ को बक्यौता उज्राती जिम्मावारी सारेको कं. रू. ५९१।१, भा. रू. ४४,१४३– र रू. १,२७,४५४।५९ को स्रेस्ता पेश नगरेको । धरौटी रू. २८,०८०।३५ फछर्यौट नगरेको । उज्राती बांकी देखाएको रू. २५,८५४।५६, भा. रू. ४४,६३५।।।।। फछर्यौट नगरेको । ठाउँ ठाउँको टेलिफोन अफिसलाई मसलन्दलाई गएको रू. ३२८।२६ को बील पेश नगरेको । तलब रू. ४।–, ग्रेड रु. १००।– बढी खर्च लेखेको । पेस्की गएको रू. १५,६०१।९६ फछर्यौट नगरेको । २०१७।१८ को लिनु पर्ने बांकी राजस्व तर्फको रू. १४,०५७।२५, अधकट्टी भन्दा बढी रू. ३०।३१ जम्मा जम्मीमा घटी रू. १३५।५० असूल नगरेको । रू. १३०।४५ सञ्चित कोष दाखिल गरेको भाउचर पेश नगरेको । रू. १,२१७।८० आधार बेगर डिप्रिसिएशन घटाई खर्च लेखेकोको अतिरिक्त अधकट्टी तथा लगत स्रेस्ताहरूमा अड्डा प्रमुखले प्रमाणित नगरी अनियमित तरीकाले राख्ने गरेको ।

२०२१।२२ मा कर्मचारी सञ्चय कोषका प्रशासकको घरमा अर्घि अर्थ मन्त्रालयका सह-सचिव छेंदा जडान भएको टेलिफोनको अरू सरह कर्पोरेशन भएदेखि महसूल लिनु पर्ने नलिई राखेको ।

कुन्छा टेलिफोन

२०१९।२० मा कर्मचारीले तलब पाई सके पछि मात्र कट्टा गर्नु पर्ने रकम कर्मचारी सञ्चय कोषमा दाखिल गर्नु पर्नेमा सिनियर मिस्त्रीको हाजिर गैरको सम्बन्धमा कारवाई चली तलब पाउने नपाउने टुङ्गो लागि नसक्दै निजको तलब रकमबाट कर्मचारी सञ्चय कोषमा रू. ९६।– दाखिल गरेको । काम नलाग्ने जिन्सी मालसामान लिलाम बिक्री गर्ने समेत कुनै व्यवस्था नगरी राखेको ।

टेलिफोन अफिस, गौर

२०१९।२० मा टेलिफोन महसूल असूल गर्न छुटाएको रू. १५।२४ र घटी आम्दानी बांधेको रू. ३०।१४ समेत जम्मा रू. ४५।३८ असूल नगरेको ।

टेलिफोन अफिस जलेश्वर

२०१९।२० मा तहबीलको सुव्यवस्था नभएको ।

विराटनगर टेलिफोन अफिस

२०१९।२० को आर्थिक विवरण नदिएकोले लेखा परीक्षण गर्न नपाएको ।

बीरगञ्ज टेलिफोन अफिस

२०१९।२० को आर्थिक विवरण प्राप्त नभएकोले लेखापरीक्षण हुन नसकेको ।

टेलिफोन अफिस, भैरहवा

२०१९।२० मा भर्ना सदर बेगर पियनलाई तलब खुवाएको रू. १२९।१८ फछर्यौट नगरेको ।

टेलिफोन अफिस, राजविराज

२०१९।२० मा हाजिर नभएका दिनको तलब भत्ता र खान नपाउने ग्रेड समेत रू. १,०३६।६५।३ खर्च लेखेको । दैनिक भ्रमण भत्तामा बजेट भन्दा रू. ४।६५ बढी खर्च लेखेको । बील भरपाई बेगर मसलन्द रू. ३२६।६०, घर भाडा, बत्ती रू. ८६४।– खर्च लेखेको । टेलिफोन लाइन मर्मतमा बनाउनु पर्ने लगत बेगर ज्याला दर समेत फरक पारी रू. ७७१।२० खर्च लेखेको । रू. २१९।५२ मालसामान ढुवानीको वजन नखुलाई मोटर भाडा तथा मर्मती स्थानमा ढुवानी गरेको मजूरी खर्च लेखेको । रू. १,५००।– फडानी जङ्गलको फासला तथा काठको फांट नदेखाई खर्च लेखेको । आम्दानी खर्चको जम्मा जम्मीबाट आउने बांकी भन्दा रू. २।– घटी जिम्मावारी सारेको । उज्राती रू. ८,०८२।६१ फछर्यौट नगर्नुका साथै रू. ५,२१८।६१ को स्रेस्ता पेश नगरेको । रू. ५३।३० को मालसामान आम्दानी नबांधेको । रू. –।४० बढी मिनाहा खर्च लेखेको । २०१८।१९ को तलब रू. ५,३५५।५० २०१९।२० मा जिम्मावारी सारी निकासा बेगर खर्च लेखेको । आम्दानी हुन आएको रकम म्याद नघाई आम्दानी बांध्ने गरेको । ल्यायर्स थान ४, इस्क्रू डाइभर थान ४ आम्दानी नबांधेको । नरिवलको जटाको डोरी फूट ७५ काम मजनाई खर्च लेखेको । टोलि टेलिफोनमा रहेका सामानको भरपाई नभएको । बेसाबूद मालसामान लिलाम गर्ने कारवाई नगरेको । टेलिफोन घरमा पानी चुहेको मर्मत नगरेको । कर्मचारीहरूको हाजिर बिदाको रिकर्ड नराखेको ।

बर्साइन टेलिफोन अफिस

२०१९।२० मा राजस्व आम्दानी रू. ३७।७५ र माल थान ४ अराष्ट्रिय तत्वले लुटेको जाहेरी अनुसार फछर्यौट भै नसकेको । अफिसमा फर्निचरको व्यवस्था नभई पब्लिकको मालसामानबाट काम चलाइरहेको ।

टेलिफोन अफिस, स्याङ्जा

२०१९।२० मा जिन्सी मालसामानको विवरण नदिएकोबाट भौतिक परीक्षण हुन सकेको ।

टेलिफोन फांट, गौर

२०१९।२० मा स्वीकृति बेगर रू. १५६।३८ परिवहन रकमबाट दैनिक भ्रमण भत्ता रकममा रकमान्तर गरी खर्च लेखेको । म्याद पुगेको उज्राती रू. ५०३।११ र भा. रू. १७३।५८ फछर्यौट नगरेको ।

आकाशवाणी हेड अफिस

२०१८।१९ मा तलब रकमबाट रू. ५०।– स्वीकृति बेगर रकमान्तर गरी ढुवानीमा खर्च लेखेको । पेस्की बांकी रू. ११,२७०।२९ फछर्यौट नगरेको । अधकट्टी रसीद छाप्दा सिलसिलेवार नम्बर नराखी छाप्ने गरेको ।

आकाशवाणी स्याटेलाइट, चितौन

२०१९।२० मा दरबन्दी निकासा बेगर पियन जवान २ भर्ना गरी रू. १०५।– तलब भत्ता खुवाएको फछर्यौट नगरेको ।

आकाशवाणी, जलेश्वर

२०१९।२० मा महसूल छुट तथा जम्मा जम्मीमा घटी देखाएको रू. २९।५५ र घटी जिम्मावारी सारेको रू. ३।१० असूल उपर नगरेको । हाजिरी नभएका पदाधिकारीलाई रू. २६७।– तलब खर्च लेखेको । आदेश बेगर पदाधिकारीलाई २ महीनाको तलब रू. १७८।– पेस्की खर्च लेखेको । जिन्सी मालसामान थान ४६ आम्दानी नबांधेको ।

दाङ्ग आ. वा. स्याटेलाइट अफिस

२०१९।२० मा नियुक्ति सदर नभै रू. ५२५।– तलब खर्च लेखेको । आर्थिक वर्ष व्यतीत हुँदा बांकी रहेको रू. ७९५।८५ सञ्चित कोष दाखिल नगरी पछिल्ला सालमा खर्च लेखेको । भौतिक परीक्षणबाट बढी देखिन आएका जिन्सी मालसामान थान ११७ जिन्सी किताबमा आम्दानी नबांधेको । जेनेरेटर रहेको घरको छानाबाट पानी चुहिएको मर्मत तथा जेनेरेटर सुरक्षितसंग राख्ने प्रबन्ध नगरेकोको अतिरिक्त जेनेरेटर चलाउँदा खर्च भएको पेट्रोलको लगबूक राख्ने नगरेको ।

पोखरा एरिया कन्ट्रोल आ. वा.

२०१९।२० मा बेकम्मा जिन्सी मालसामान लिलाम बिक्री गर्ने कारवाई नगरेको ।

पश्चिम ४ नं. आ. वा. स्याटेलाइट स्टेशन

२०१९।२० मा भर्ना सदर बेगर रू. १६५।४० तलब खर्च लेखेको

बन्दीपुर स्याटेलाइट आकाशवाणी

२०१९।२० मा आर्थिक नियमको प्रतिकूल हुने गरी तहबील मौज्दात १,३००।– राखी आर्थिक वर्ष व्यतीत भएको धेरै समयपछि पौषमा मात्र सञ्चित कोष दाखिल गरेकोको अतिरिक्त रीतपूर्वकको जिन्सी किताब नराखेको ।

आकाशवाणी अफिस, बीरगञ्ज

२०१९।२० मा बजेट निकासा भन्दा बढी रू. १०।८० मसलन्दमा खर्च लेखेको ।

विराटनगर आकाशवाणी एरिया कन्ट्रोल अफिस

२०१९।२० मा हाल साबिक भएको समयमै हुन पर्ने बुझबुझारथ नभएकोको अतिरिक्त आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

आ. वा. एरिया कन्ट्रोल अफिस, भैरहवा

२०१९।२० मा राजस्व तर्फको रू. ५२७।३७ समय मै दाखिल नगरी ३ महीना पछि मात्र दाखिल गरेको । जिन्सी मालसामानहरूको बुझबुझारथ नगरेको को अतिरिक्त समय मै लगत ठीक नगरी मर्मत गर्नु पर्ने समेत नगरेको ।

आकाशवाणी अफिस, राजविराज

२०१९।२० मा हाल साबिक हुँदा समय मै हुन पर्ने बुझ बुझारथ कार्यसम्पन्न नगरेकोको अतिरिक्त आर्थिक विवरण नदिएकोले लेखा-परीक्षण हुन नसकेको ।

रोड्स विभाग

२०१९।२० मा सिनामुगलदेखि भक्तपुरसम्मको जम्मा ४.८१ माइल सडक ७ महीनाभित्र पीच गर्ने गरी रू. ५,३४४०१।२५ मा २०१७।९।६ गते ठेक्का लिई पीच गरेकोमा रनिङ्ग बीलबाट रू. २,८५,७२७।४१ भुक्तानी गइसके पछि कामको निरीक्षण दा सन्तोषजनक काम नभएको भनी २०१९।१।२५।२ मा मन्त्रिपरिषद्को निर्णय गराई जम्मा १,२९,१८०।– वर्ग फीट (९,४७९ फीट) पीच गरे पछि ठेक्का तोडी बांकी पीच गर्ने काम निमित्त समय मै व्यवस्था नगरी कुनै मनासिब कारण बिना ज्यादै ढिलाई गरी "वर्षाद शुरू नभएसम्म जोडतोडले काम गर्ने र पछि म्याद थपलाई पेश गर्ने "भनी ४ महीना (सो म्याद भित्र वर्षाद पर्ने गरी) को अवधि तोकी २०१९।१२।३० मा मात्र निकासा गरी अधि सन्तोषजनक काम नभै तोकिएकै ठेकदारलाई २०२०।१।१७ मा रू. ४,०२,३८८।२२ को ठेक्का दिएको ।

तदनुसार ४ महीनाभित्र काम सम्पन्न नभएबाट २०२० मार्ग मसान्तसम्म म्याद थपलाई पेश गरेकोमा लेखिए बमोजिम म्याद थप दिने तर अघिल्लो ठेक्कामा शङ्काजनक गरी ठेक्का तोडिएकैलाई दोस्रो पटक ठेक्का दिएको सम्बन्धमा छानबीन गरी पेश गर्ने गरी म्याद थप भए अनुसार छानबीन गरी पेश हुँदा काम सन्तोषजनक नभएबाट ठेक्का तोडिएकोमा पुनः उसैलाई ठेक्का कायम गर्न मुनासिब नपर्ने ठहराई निजको पे-मेण्ट समेत रोकी विभागले नै सो सडकलाई पीच गराउने भनी २०२०।९।१२ मा श्री ५ को सरकारको निर्णय गराई उपर्युक्त थप म्यादभित्र जम्मा १,०५८ फूट पीच गरी सकेपछि सो ठेक्का तोडी बांकी जम्मा १४,७६० फीट बाटो पीच गर्न रू. ३,३०,३६२।२० को लगत इष्टिमेट भई २०२० साल चैत्र २१ गतेदेखि अमानतबाट पीच गरेको । सो पूरा हुन नसकेको (भक्तपुर सल्लाघारीसम्म रोडा ओछ्याई निकोसेराको बीच बाटोसम्म पीच पुगेको) देखिएको ।

यस स्थितिले गर्दा उक्त सम्पूर्ण पीच गर्न जम्मा रू. ५,३४,४०१।२५ को इष्टिमेट तथा ठेक्का भएकोमा अघिल्लो ठेक्काबाट काम गर्दा रू. २,८५,७२७।४१ र पछिल्लो ठेक्काबाट काम गर्दा रू. १,१६,१२५।२६ समेत जम्मा रू. ४,०१,८५२।६७ ठेकदारलाई भुक्तानी गई सक्दा पनि बांकी पीच गर्न रू. ३,३०,३६२।२१ को इष्टिमेट भएबाट समेत जम्मा रू. १,९७,८१३।– बढी पर्न गएकोको अतिरिक्त पूरा पीच भई हिसाब भुक्तान भई नसकेबाट अझै बढी खर्च हुन जाने देखिएको ।

साथै निज ठेकदारबाट अनेष्ट मनी र निजलाई भुक्तानी भए मध्ये सयक्रड़ा १०। ले कट्टी भैरहेको फिर्ता गर्नु पर्ने बांकी समेत रू. २६, ६८३।८६ मात्र दिनु पर्ने बांकी देखिन आएबाट त्यसरी कबूल बमोजिम काम नगर्नेको सम्बन्धमा अमानत वा अन्य ठेकदार बन्दोबस्त गरी गराउँदा नोक्सान पर्न आएको रकम निज ठेकदारबाट हर्जाना लिनु पर्ने कानूनी व्यवस्था भैरहेको कुरालाई अनधिकृत कारवाई गरी ठेकदारलाई गैर-कानूनी लाभ उठाउने अवस्था सृजना गरी ठेक्का तोडी बढी खर्च भएको रकम उपर नहुने गरी कारवाई गर्ने विभागीय कर्मचारीहरू उपर कानूनन् हुनु पर्ने कारवाई समेत नगरी सिर्फ "प्रशासकीय दक्षताको कमी" भन्ने सम्म दर्शाई राष्ट्रको त्यतिको ठूलो रकम नोक्सान पारेको देखिएको ।

२०१९।२० मा मोटर किन्नासाथ तत्काले मर्मत गर्न पर्ने १५,००० किलोमिटर चलिसकेको ल्याण्डरोभर विदेशी मुद्रा दिई खरीद गरेको तथा ट्राभेलर्स चेकबाट भुक्तानी दिएकोले ट्राभेलर्स चेकको कमिशन रू. ९६।६६ बढी खर्च लेखेको ।

कोइलाबास सवारी कर

२०१९।२० मा सवारी कर रू. ।४७ असूल गर्न छुटाएको ।

सवारी कर असूल गर्ने मद्दतको दरबन्दी नठेकी कहिले गोस्वारा कहिले भन्सारको ष्टाफबाट कर असूल गराउने गरेको । दरबन्दी तर्फ कारवाई भैरहेको भन्नेसम्म जवाफ दिएको । बुझबुझारथ गराउने काम नटुङ्गिएको ।

सवारी कर अफिस, जलेश्वर

२०१९।२० मा राजस्व तर्फको सञ्चित कोष दाखिल हुनु पर्ने रू. ५२८।०२ दाखिल नगरी अर्को साललाई जिम्मावारी सारेको । उज्राती बांकी रू. २,१२०।३६ फछचौंट नगरेको ।

त्रिभुवन राजपथ सवारी कर अफिस

२०१८।१९ मा पाउने भन्दा रू. ४४१।५४ तलब बढी खर्च लेखेको । दरबन्दी बेगरका मानिसलाई चीफ इञ्जिनियरको मौखिक आदेश भएको भनी रू. ७००।– सापटी दिएको असूल नगरेको । खर्च भै फछिएको बेरूजूको फेस्ता मिलाउनु पर्ने नमिलाई राखेको ।

सवारी कर अफिस, नारायणगढ

२०१९।२० मा समयमा सम्पन्न गर्नु पर्ने बुझबुझारथ नगरेकोको अतिरिक्त आर्थिक विवरण नदिएबाट लेखापरीक्षण हुन नसकेको ।

विराटनगर सवारी कर अफिस

२०१९।२० मा रू. ६३,८२१।५२ को ट्रिप्लीकेट रसीद पेश नगरेको । नियम भन्दा बढी हुने गरी रू. ९,३१९।– सम्म मौज्दात राखेको घर बहाल रू. ९००।– खर्च लेखेकोमा रीतपूर्वक बन्दोबस्त भएको प्रमाण पेश नगरेको । रू. १,८६,४५४।१२ काम समेत नखुलाई खर्च लेखेको उज्राती फछचौंट नगरेको ।

बीरगञ्ज जन-पथ सवारी कर अड्डा

२०१९।२० मा रू. १०।– देखि बढीको कलम असूल तहसील गर्दा कलमै पिच्छे मु. स. बमोजिम रू. ।४ पैसा टिकट दस्तूर लिनु पर्नेमा टिकट दस्तूर लिने कुनै अर्डर आदेश नभएको भनी जम्मा रू. १,१८८।३६ टिकट दस्तूर असूल नगरेको । सञ्चित कोष दाखिल हुने राजस्व आम्दानी-बाट तलब भत्तलन्द र छपाई रकममा समेत खर्च गरेको रू. १२,४०३।२२ उज्राती फछचौंट नगरेको ।

भ. पु. सवारी कर

२०१८।१९ मा प्राप्त फेस्ता अपूरो तथा अनियमित भई पूरा आर्थिक वर्षको लेखा परीक्षण गर्न नपाएको । रू. ५८।– खान पाउनेको भरपाई पेश हुन नआएको । रू. ।७६ बढी खर्च लेखेको । रू. २५। सभिस टिकटको आम्दानी खर्चको श्रेस्ता नभएको र उक्त टिकट खरीद गर्दा बुझाएको रूपैयांको भरपाई नभएको । मनासिब माफिक कारण बिना रू. ३९।५५ शोधभर्ना खर्च लेखेको । आर्थिक वर्ष व्यतीत भएपछि बांकी रकम रू.२।–सञ्चित कोष दाखिल नगरेको । कर्मचारीको दरबन्दी तथा नियुक्तिको आदेश पेश हुन नसकेको र रिपोर्ट पास बिना रू.१,९९३। ७७ तलम खर्च लेखेको । २०१८।४।१ देखि २०१८।११।१४ तकको राजस्वको लेखा विशेष पुलिस विभागले मुद्दा टुङ्गो लगाई गृह मन्त्रालयमा पेश गरी सकेपछि पनि उपलब्ध गराई नदिएबाट परीक्षण हुन नसकेको ।

रेडशेव असूल गर्ने फेस्ता नियमित तरीकासंग नराखेको र रू. ३,४२९।४० तहबील मसौट भएको सम्बन्धमा भविष्यमा त्यसरी तहबील माल नपाउने गरी गर्न आवश्यक फेस्ता सुधार गर्न सम्बन्धित विभाग आफै अग्रसर हुनु पर्नेमा यस विभागबाट सुधार गर्नको लागि सहयोग माग्दा समेत सहयोग नपाएको ।

सवारी कर अफिस, भैरहवा

२०१९।२० मा रू. १५।५६ रोडशेस असूल नगरेको । दरबन्दी भन्दा घटी रू. १।८४ असूल गरेकोको अतिरिक्त बसको दरबाट असूल गर्न पर्नेमा कारको दरबाट असूल गरी रू. ३५१।५६ नोक्सान पारेको । २०१७ सालदेखिको धरौटी रकम रू. २२७।७ फछचौंट नगरेको । रसीदमा सिलसिलेवार नम्बर राख्ने नगरेको ।

काठमाडौं हवाई अड्डा

२०१८।१९ मा दरबन्दी तथा क. कि. को रिपोर्ट पास बेगर रू. १८,१५६।१९ तलब खर्च लेखेको । तेजारथ कट्टी रू. २४०।– दाखिल गरेका भौचरहरू पेश नगरेको । सापटी खुवाएका तलब रू. १,५१५।– सोधभर्ना नगरेको । रू. ४७४।५४ का मालसामान कोटेशन बिना खरीद गरेको को अतिरिक्त जिन्सी किताबमा पनि आम्दानी नबांधेको । मर्मत काममा पेस्की गएको रू.२,३११।४३ फछचौंट नगरेको । बील भन्दा बढी रू. १।– खर्च लेखेको असूल नगरेको । बडा दशैं पूजा खर्च रू. १२।– निकासा बेगर खर्च लेखेको । पेट्रोल ग्यालन १ मौज्दात बांकी हुनु पर्ने नभएकोले सो पेट्रोलको मोल रू. ६।२० असूल गर्नु पर्ने नगरेको । उद्देश्य तथा निस्सा नलगाई र निजी काममा समेत सवारी उपयोग गरी रू. ६९७।५० खर्च लेखेको ।

पोखरा हवाई अड्डा

२०१९।२० मा लायण्डिङ्ग चार्ज लिने आधार पेश गर्न नसकेको ।

भरतपुर हवाई अड्डा

२०१८।१९ मा आर. एन. ए. सी. बाट लायण्डिङ्ग चार्ज रू. ३,८४०। असूल नगरेको । हाल साविक हुँदाको समय मै हुनु पर्ने बुझबुझा-रथ नगरेकोको अतिरिक्त रू. ७,६०७।५३ को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको । अस्थायी कर्मचारीको नियुक्तिको आदेश बेगर रू. ९०।– तलब खर्च लेखेको । ट्रेनिङ्गमा रहेको आधारभूत प्रमाण बेगर पदाधिकारीहरूलाई रू. २००।३२ तलब खर्च लेखेको ।

२०१९।२० मा लायण्डिङ्ग चार्ज जम्मा रू. ६,७६०।– असूल हुनु पर्ने मध्ये रू. ५,३६०।– मात्र असूल गरी बांकी रू. १,४००।– को बील विभागमा दाखिल भई आर. एन. ए. सी. संग कारवाई भैरहेको भनी असूल नगरेको । नियुक्ति आदेश बेगर अस्थायी कर्मचारीको रू. ५१।५५ तलब खर्च लेखेको । ट्रेनिङ्गमा गएको आधारभूत प्रमाण बेगर ट्रेनिङ्गमा गएका समयको तलब रू. १३३।५५ खर्च लेखेको ।

हवाई अड्डा, राजबिराज

२०१०।२० मा अघिल्लो आर्थिक वर्षको रू. ३६०।– तलब खर्च लेखेकोको अतिरिक्त नियुक्ति सदर नभई रू. २,१५४।– तलब भत्ता खर्च लेखेको । रू. ८।८० को माल आम्दानी नबांधेको । आर. एन. ए. सी. बाट लिनु पर्ने लायण्डिङ्ग चार्ज रू. २,४००।– असूल नगरेको ।

एन. जे.जे. रेल्वे

२०२०।२१ मा सरकारी तहबील भित्र रहेको सोनी सेभेन ट्राञ्जिष्टर एक भन्सार जंचाई भंसार नियम बमोजिम गर्न पर्ने तदनुसार नगरेको । नियम भन्दा बढी रू. १२,९५४।१५ सम्म तहबील मौज्दात राख्ने गरेको । तहबील जांचको निमित्त खटिनु भएका पदाधिकारीले सेफ खोल्न हुँदैन भनी सख्त मनाही गर्दागर्दै त्यसप्रति केही पर्वाह नराखी जवरजस्तीसंग ना. सु. ले सेफ खोल्नु भएको सम्बन्धमा कुनै कारवाई नभएको

मेन रोप्वे

२०१८।१९ मा २०१३ सालदेखिको अड्डा समेतबाट लिनु पर्ने गरी उज्राती लगत रहे मध्ये असूल उपर हुन बांकी रू. ४,२३,२४४।४७ फछचौंट नगरेको ।

धरौटी बांकी रू. १,३८७।१५, भा. रू. ३०– पेस्की तर्फको उज्राती रू. ९,८९२।७७, भा. रू. ५०,०००-- फछचौंट नगरेको । रू. २२४।७८ अनियमित तरीकाले खर्च गरेको । रू. १४०। आदेश बेगर खर्च गरेको । रू. २३५।– को खर्चको फांट पेश नगरेको । लगबूक बेगर रू. ४,९३४।४० को पेट्रोल खर्च लेखेको । लगत इष्टिमेट बेगर मर्मतमा रू. ७८०।९४ खर्च लेखेको । कोटेशन बेगर रू.१४०।– को माल-सामान खरीद गरेको । रू. २।२५ बील भन्दा बढी भुक्तानी दिएको । आदेश बेगर रू. १४।४० रकमान्तर गरी खर्च लेखेको । रू. १५०।– को जिन्सी किताब पेश नगरेको । रू. ३।५२ घटी दाखिल गरेको । तलबबाट शोधभर्ना गर्ने गरी स्टाफ समेत के पेस्की खुवाएको रू. ९४,३१०।५८ तलबबाट सोधभर्ना नगरेको । धरौटी मध्ये म्याद नाघेको सूचना प्रकाश गर्दा पनि लिन नआएको जम्मा रू.१,१८७।११ सदर स्याहा नगरेको । तहबील जांचको समयमा सेफको तल्लो खण्डको सांचो साबिकले नबुझाएको भनी खोली जांच गराउने कारवाई नगरेको । नयां रोप्वे तर्फको आम्दानी रू. ७८,२५२।९२ सञ्चित कोष दाखिल नगरी राखेको । तहबीलमा बढी मौज्दात राखेको ।

विकास

निर्माण, सञ्चार तथा यातायात मन्त्रालय

२०२१।२२ मा श्री ५ को सरकार र भारत सरकारको बीच हवाई सम्झौता सम्पादन गर्ने वार्ताका लागि प्रतिनिधि मण्डलमा जानेलाई दैनिक भ्रमण भत्ता र लुगा भत्ता निकासा सम्बन्धी मन्त्रिपरिषद्को निर्णय प्रतिलिपि संपरीक्षणको निमित्त निर्माण सञ्चार तथा यातायात सचिवसंग मांग गरेकोमा पठाउनु नभएकोले तत्सम्बन्धमा परीक्षण गर्न नपाएको ।

इञ्जिनियरिङ्ग स्कूल

२०१८।१९ मा लगबूकमा सवारीको उद्देश्य तथा ठाउँ र माइल समेत नखुल्नाको अतिरिक्त १ ग्यालन पेट्रोलले चल्ने दूरी भन्दा घटी चलाएको समेत देखिन आएकोबाट रू. २९३।८९ बढी खर्च देखिन आएको । चण्डीगढमा बस रिजर्भ गर्नलाई पेस्की गएको रू. ३२०।– फछर्चाउने कारवाई नगरेको । मर्मत, पेट्रोल र मसलन्दमा निकासा भन्दा बढी रू. १४९।५२ खर्च लेखेको २०१७।१८ को बजेट निकासा मध्येको बांकी रू. २,११,५३१।३० स्वीकृति बेगर २०१८।१९ मा खर्च लेखेको ।

२०२०।२१ मा आर्थिक विवरण उपलब्ध नभएको हुँदा लेखा परीक्षण हुन नसकेको ।

नेपालगञ्ज गेष्ट हाउस

२०१८।१९ मा हाजिर फाराम नराखी रू. ४,९७४।६० ज्याला खर्च लेखेकोको अतिरिक्त रू. २,३६१।२५ नियममा तोकिए भन्दा बढी ज्याला दिएको तथा रू. २४९।६० बढी ज्याला खर्च लेखेको । रू. २४,२११।३७ को मालसामान घटाघट, टेण्डरकल श्रो कोटेशन समेत केही खरीद नगरी गरेको । नेपालगञ्ज गोदाम घरबाट आम्दानी हुन आएको रू. २,५९५।९३ करीब डेढ वुइ महीना पछि मात्र आम्दानी बांधेकोमा कानूनन् कारवाई नगरेको । गेष्ट हाउस निर्माण सम्बन्धी लगत इष्टिमेट पेश नगरेको । २०१७।१८ को बांकी मौज्दात रू. १,२४२।७६ स्वीकृति बेगर २०१८।१९ मा खर्च लेखेको ।

गेष्ट हाउस निर्माण गर्न २०१७।१८ मा निकासा भएको रू. ३३,५३५।४० को आर्थिक विवरण पेश नगरेकोले लेखापरीक्षण गर्न नपाएको । जिन्सी सामानहरूको पनि लेखा विवरण पेश नगरेको । निकासा भन्दा रू. ५,०००।– बढी आम्दानी बांधिएकोको आधारभूत प्रमाण सहित विवरण खुलाई पेश नगरेको ।

बीरगञ्ज गेष्ट हाउस

२०२०।२१ मा बीरगञ्जको गेष्ट हाउसमा आगन्तुकहरूलाई बहाल नलिई बस्न दिने गरेको । गेष्ट हाउसको संरक्षणको प्रबन्ध नभएकोले ठाउँ ठाउँमा बिग्रेको मर्मत नभएबाट राष्ट्रिय धनको नोक्सानी समेत परेको बेहोरा दर्शाई गेष्ट हाउसको संरक्षण गर्ने तथा गेष्ट हाउसमा बस्न आउने व्यक्तिहरूसंग बहाल लिने समेत सम्बन्धमा आवश्यक व्यवस्था गर्न बीरगञ्ज गोस्वारा र गृह मन्त्रालयमा समेत अनुरोध गर्दा पनि उक्त गेष्ट हाउस तयार भई बुझाए पछि प्रबन्ध गर्ने भनी उक्त गेष्ट हाउसमा बस्न दिए पछि बहाल लिनु पर्नेमा नलिई राष्ट्रिय धनको नोक्सान पारेको ।

बांके बर्दिया गेष्ट हाउस

२०२१।२२ मा नेपालगञ्ज गेष्ट हाउस सम्पूर्ण तयार भई नसक्नुको अतिरिक्त सो गेष्ट हाउस जिम्मा लागेको छैन भनी नयां मुलुक बनाउने अड्डा बसेको गोदाम घरमा एस. पी. लाई रहन दिई बनाउने अड्डालाई गेष्ट हाउसमा २कोठा दिई राखेको । सो अनुसार एस. पी. सरकारी घरमा बसे पछि सरकारी खर्च परी बनी रहे अनुसार मर्मत आदि निमित्त केहि अंश बहाल बुझाउनु लिनु पर्ने व्यवस्था हुनु पर्नेमा "कुन घरको लिई आएकोछ कुन अधिकार आधारबाट लिने भनेको" भनी एस.पी. ले र "सरकारी अफिस, गेष्ट हाउस आदि निजी उपयोगमा रहनुलाई राष्ट्रियधनको सदुपयोग भएको कुनै पनि राष्ट्रप्रेमी मान्न सक्तैनन्। साथै प्रशासनलाई सक्षम र सफल बनाई गरिने राष्ट्रको सेवा पनि उक्त सदुपयोग भन्दा कम महत्वको छैन तपाईको अफिसको काम हो सरकारी धनको सदुपयोग वा दुरुपयोग भएको पत्ता लगाउनु । एक पटक स्पष्टीकरण मान्नु भनि जे जस्तो ठहराउनु हुन्छ सम्बन्धित अड्डा विभागमा मन्त्रालय आदिमा रिपोर्ट पठाउनु । साथै जे जस्तो अडर गराउनु पर्छ श्री ५ को सरकारद्वारा पठाउन लगाउनु" भन्ने समेत बांके बर्दिया गोस्वाराले जवाफ दिनु भई सो सरकारी घरमा बस्नेबाट बहाल लिने तथा गेष्ट हाउस तयार गराई सुव्यवस्थित ढङ्गबाट परिचालन गर्ने समेत कारवाई नगरी राष्ट्रिय धन बरबाद पारेको ।

भैरहवा गेष्ट हाउस

२०१७।१८ को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

२०१८।१९ मा नियम प्रतिकूल टेण्डर तथा कोटेशन बेगर मालसामान खरीद गरी रु. ६,२९८।५५ खर्च लेखेको । आधारभूत प्रमाण बेगर नियममा उल्लिखित दरभन्दा बढी ज्याला रु. ४,८५५।७० खर्च लेखेको । अस्थायी कर्मचारीहरूको नियुक्तिको आदेश, हाजिरी पेश नगरेको तथा स्वीकृति बेगर एक वर्ष अगाडिको तलब समेत रु. ८२९।– भ्रमण आदेश तथा खर्चको फांटवारी बेगर रु. २८।८० खर्च लेखेको । आर्थिक वर्षको अन्तमा बांकी रहेको रु. १,६३८।१७ सम्बन्धित कोषमा जम्मा गरेको प्रमाण पेश गर्न नसकेको । निर्माण कार्यलाई खरीद भएका मालसामानको जिन्सी आम्दानी खर्चको स्रेस्ता पेश नगरेको ।

निर्माणको लगत इष्टिमेट पेश नगरेकोको अतिरिक्त उक्त गेष्ट हाउस पूरा तयार नगरेको । बिना बहाल अञ्चल पञ्चायतलाई राखेको तथा भवन कम्पाउण्डको पर्खाल ठाउं ठाउंमा भत्की राखेकोले त्यहींबाट एस. पी. अफिसको मोटर ल्याउने लैजाने र राख्ने गरी चौर, कम्पाउण्डको क्षति पुऱ्याएको । भवनभित्र ठाउं ठाउंमा पानी चुहिएको । छ्याल ढोकाहरूको ऐना फुटी रहेको । पानीको टयांकी लापरवाही साथ राखी खिया लगाई हानि नोक्सानी पारेको सम्बन्धमा स्पष्टीकरण मागदा भवन विभागले निर्माण पूरा गरी जिम्मा लगाई नसकेको भनी गोस्वारा तथा अञ्चलाधीश अफिसले समेत जवाफ सम्म दिई राष्ट्रिय सम्पत्तिको संरक्षण नगरेको ।

मोरङ्ग विराटनगर गेष्ट हाउस

२०१८।१९ मा रु. ८९३।४० मष्टर रोल बेगर ज्याला खर्च लेखेको । आदेश तथा हाजिरी फारामबिना रु. ३४४।– तलब खर्च लेखेको । कोटेशन बेगर रु. २००।– को मालसामान खरीद गरेको । रु. २५।– बिल भरपाई, बिना खर्च लेखेको । एक प्रोजेक्टको रु. १,६००।– आदेश बिना अर्को प्रोजेक्टमा खर्च लेखेको । रु. २००।– पेस्की फछ्यौट नगरेको । पेस्की रकम फिर्ता आएको रु. ३२।– दाखिल गरेको सबूद पेश नगरेको । एकै किसिमका कामदारलाई विभिन्न दरबाट रु. ५,४१२।– ज्याला दिएको । उक्त कामको लगत इष्टिमेट पेश नगरेको । २०१७।१८ को आर्थिक विवरण तथा जिन्सी लेखा पेश नगरेबाट तत्सम्बन्धी लेखापरीक्षण हुन नसकेको ।

८ नं. गेष्ट हाउस

२०२०।२१ मा मर्मती कामको लगत इष्टिमेटमा अंकित गरिएको सरेसको परिमाणभन्दा तेरिजमा बढी परिमाण देखाई तदनुसारको रकम कायम गरेबाट रु. ९५३।२३ बढी लगत इष्टिमेट कायम गरेको । निर्धारित गरिएको परिमाण भन्दा १०।१।२। सरेस बढी खरीद गरेको साथै अरू मालसामान समेत लगतभन्दा बढी खरीद गरी रु. ८३२।४७ खर्च लेखेकोको अतिरिक्त खरीद भएका मालसामानहरूको जिन्सी स्रेस्ता नराखेको ।

गोरखा तल्लो दरबार

२०१८।१९ मा रीतपूर्वकको मष्टर रोल खडा नगरी ज्यालामा रु. ३,२२२।– खर्च लेखेको । २०१७।१८ को खर्च भनी २०१८।१९ मा निकासा बेगर रु. २,८९५।२७ भुक्तानी दिएको । उक्त दरबार निर्माण कामको आर्थिक वर्ष २०१६।१७ र २०१७।१८ को आर्थिक विवरण तथा लेखा प्राप्त गराई नदिएबाट लेखापरीक्षण हुन नसकेको । मर्मती कामको लगत इष्टिमेट तथा जांच पासको प्रमाण लेखापरीक्षणको निमित्त पेश गर्न नसकेको ।

झापा गोदाम

२०१८।१९ मा रु. २,२०१।९७ को मालसामान कोटाबाट खरीद गरेको भनी घटाघट टेण्डर कल नगरी खरीद गरेकोमा तत्सम्बन्धी आधारभूत प्रमाण पेश नगरेको । नियुक्ति आदेश तथा हाजिर फाराम बेगर अस्थायी कर्मचारीहरूको तलब रु. ४६०।– खर्च लेखेको । आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहेको रु. २०,५८१।१४ नेपाल राष्ट्र बैंकमा मौज्दात रहेको प्रमाण पेश नगरेको सम्बन्धमा कुनै कारवाइ नगरेको । भ्रमण आदेश तथा फांटवारी बेगर रु ५६१।६८ दैनिक भ्रमण भत्ता खर्च लेखेको ।

आर्थिक वर्ष २०१७।१८ मा निकासा भएको ५३,६०३।५२ को आर्थिक विवरण पेश नगरेकोले लेखापरीक्षण हुन नसकेको ।

झापा गोस्वारा

२०१८।१९ मा घटाघट तथा कोटेशन बेगर रु. ३,६७१।८० को मालसामान गोस्वाराको कूपन बमोजिम कोटाबाट खरीद गरेको भनी लेखेकोमा तत्सम्बन्धमा आधारभूत प्रमाण पेश गर्न नसकेको । निर्माण कार्यलाई खरीद गरेको मालसामानको जिन्सी लेखा पेश नगरेको ।

नेपालगञ्ज गोदाम

आर्थिक वर्ष २०१७।१८ को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

२०१८।१९ मा हाजिर फाराम नराखी रु. ४,८२१।–ज्याला खर्च लेखेकोको अतिरिक्त नियममा तोकिएको दरमा बढाई रु.२,२२०। २५ बढी ज्याला खर्च लेखेको । घटाघट टेण्डर तथा कोटेशन बेगर रु. ११,८८४।५४ को मालसामान खरीद गरेको तथा त्यसको जिन्सी लेखा पनि पेश नगरेको । निकासा र नियम बेगर रु. १,९३०।३१ सापटी दिएको । घटी पारी जिम्मावारी सारेको रु. ५२।९० तहबील भर्ना राख्नु पर्ने नराखेको सम्बन्धमा केही कारवाइ समेत नगरेको । उक्त निर्माण कार्यको लगत इष्टिमेट पेश नगरेको । आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहेको रु १८,२३०।१६ पछिल्लो सालको लेखामा जिम्मावारी सारेको वा दाखिल गरेको प्रमाण पेश नगरेको । त्यसरी ठाडो बांकी देखिन आएको सम्बन्धमा कानूनन हुनु पर्ने कारवाई नगरेको ।

घण्टाघर चोक भगवती मन्दिर

२०१८।१९ मा उक्त मर्मत कामलाई आर्थिक वर्ष २०१७।१८ मा रु. २०,०००।– निकासा भै काम भएकोमा सो काम को पदाधिकारीले केही काम गरी सके पछि स्रेस्ता समेत लिई तहबील मसौट गरी बेपत्ता भएबाट बांकी काम त्यसै राख्दा मर्मत भै सकेको समेत नोक्सान भै बढी नोक्सान हुन जाने भएबाट धन जमानीले बनाउने कबूल भए बमोजिम मर्मत भै सकेको काम जांच पास गर्दा रु. १३,९९३।०३ को काम भएको साथै काठ मालसामान समेत बांकी भएको देखिन आई मर्मत पूरा गर्न पुनः रु. ६,०००।– आर्थिक वर्ष २०१८।१९ मा निकासा गरी धन जमानीबाट बनी तयार हुंदा रु. ६,४६०।२५ खर्च देखाएको । जम्मा रु. ५,७१९।–को घटाघट बेगर मालसामान खरीद गरेको र रु. ६९१।२५ खान पाउनेको भरपाइ तथा हाजिरी फाराम बेगर ज्याला खर्च लेखेको देखिएको । मर्मत गर्ने अघिल्लो पदाधिकारीले तहबील मसौट गरी भागेको सम्बन्धमा निजको जायजेथा पूर्व १ नं. समेत गोस्वारा बाट रोक्का भै कारवाइ चलिरहेको ।

भैरहवा गोदाम

२०१८।१९ मा प्रचलित नियममा तोकिएको भन्दा ज्याला रु. ९९७।८० बढी खर्च लेखेको । निकासा बेगर अस्थायी कर्मचारी भर्ना गरी रु. ५१४।२८ तलब खर्च लेखेकोको अतिरिक्त हाजिर फाराम पनि पेश नगरेको । रु. ३,४९५।११ को मालसामान कोटेशन, टेण्डर कल र घटाघट समेत नगरी खरीद गरेको तथा त्यसको जिन्सी स्रेस्ता पनि पेश नगरेको । उक्त कार्यको निमित्त लाग्ने रु. ९४,०८८।– को लगत इष्टिमेट पेश नगरेको ।

२०१७।१८ सालमा उक्त कार्यलाई निकासा भएको रु. ७०,५६६।– को आर्थिक विवरण पेश नगरेकोले लेखापरीक्षण हुन नसकेको ।

हुलाक प्रशिक्षण केन्द्र

२०१९।२० मा तलब रु. २।५० र दैनिक भ्रमण भत्ता रु. ९०।१० समेत जम्मा रु. ९२।६० बढी खर्च लेखेको असूल नगरेको ।

हुलाक विभाग टिकट ष्टक डिपो

२०१९।२० मा आर्थिक वर्ष २०१८।१९ को लेखापरीक्षण गर्न आर्थिक विवरण माग गर्दा अघिदेखि सदर मुलुकी खानामा मौज्दात रहेका टिकटहरू साबिक हाकिमबाट बुझबुझारथ भै नसकेको सो बुझबुझारथ भै सके पछि सूचना गर्ने भनी लेखापरीक्षण गर्न नदिएको सम्बन्धमा बुझबुझारथ समेत सम्पन्न गराउन विभागीय मन्त्री एवं सचिव समेतसंग बराबर अनुरोध गर्दा पनि महतको व्यवस्था नभई गर्न नसकिने भनी जवाफ सम्म दिई आवश्यक व्यवस्था मिलाई लेखापरीक्षण गराउने तर्फ नलागेकोको अतिरिक्त २०१९।२० को निमित्त रु. १९,३६५।– को ष्टाफ महत बजेटबाट निकासा हुंदा पनि बुझबुझारथ कार्य सम्पन्न गर्ने गराउने कुनै व्यवस्था नगरी निकासा भएको रकम खर्च नगरी जम्मै सञ्चित कोषमा दाखिल गरी उक्त बुझबुझारथ सम्बन्धी कार्य सम्पन्न नगरेकोले ती टिकटहरू बिक्री गर्न नपाई नयां टिकटहरू बढी संख्यामा छपाउन परी राष्ट्रिय धनको ठूलो राशिमा अपव्यय भै रहेको ।

टेलिफोन अफिस, विराट नगर

२०२१।२२ मा विराट नगर गेष्ट हाउसको उत्तर पूर्वमा काठको टेलिफोन लट्ठाहरू त्यसै घाम पानीमा पर्ने गरी ४।५ वर्षदेखि चौरमा थुपारी राखेकोले उक्त लकडीहरू नाप जांच तथा थान गिन्ती गरी स्रेस्तामा आम्दानी बधाउन लेखापरीक्षण डोर जांदा बुझबुझारथ नभएकोले स्रेस्ता हेर्न नपाएको हुंदा सो लकडीहरू आम्दानी बांधी बुझी लिन अप्ठ्यारो परेको भनी सम्बन्धित टेलिफोन फांटले स्रेस्तामा आम्दानी बांध्न र आफ्नो जिम्मामा लिन मञ्जूर नगरेकोले कानून बमोजिम बुझबुझारथ गरी नलिने र तथा बुझ बुझारथ गराउन नसकेकोले सम्बन्धित पदाधिकारी उपर कानूनी कारवाई समेत नगरी राष्ट्रिय धनको बरबाद पारेको ।

काठमाडौं–कोदारी राजमार्ग

२०१८।१९ र २०१९।२० मा यहींबाट लेखा पढी गरी माल झिकाए हुनेमा रु. १,१०८।१६ दैनिक भ्रमण भत्ता खर्च हुने गरी कलकत्तामा माल खरीद गर्न पठाएको । ओभरसियरको नियुक्ति बेगर तलब खुवाएको । हेटौंडामा मालसामान लिन एक कर्मचारी पठाए पुग्नेमा विशेषज्ञ समेत मोटर रिजर्भ गरी गई प्लेनबाट फर्कदा समेत गरी रु. ४९६।– खर्च लेखेको । बढी कोशको भ्रमण देखाई रु. ४१८।७५ बढी खर्च लेखेको । विशेषज्ञको सिफारिशभन्दा रु. ४। बढी खर्च लेखेको । रु. १३४।– दैनिक भत्तामा, रु. ७७।८३ जम्मा जम्मीमा बढी खर्च लेखेको । हाजिर फर्म बेगर रु. ३,१०३।५३ विशेषज्ञको सिफारिशबाट खर्च लेखेको । रु. ७५७।५० दरबन्दी बेगरका कर्मचारी भर्ना गरी तलब खर्च लेखेको । उपत्यकामा खरीद गरेका मालसामानको भन्सार तथा एक्साइज ड्यूटी रु. ४३।२७ तिरेको । बिल भरपाई बेगर रु. ५२६।२८ खर्च लेखेको । लगबूक बेगर रु. ९०३।३८ पेट्रोल खर्च लेखेको । पेस्की खातामा समावेश नगरी रु. १००।– पेस्की दिएको । जिन्सीको सम्पूर्ण लेखा विवरण पेश नभएको । रु. ४६,७३५।९८ को जिन्सी माल आम्दानीं नबांधेको । विभिन्न शाखालाई गएको रु. २,८३,०१०।९७ को पेश्की फछ्यौंट नगरेको ।

कान्ति राजपथ निर्माण समिति

२०१८।१९ र २०१९।२० मा समेत जम्मा रु. ४,०१,९९८।३१।१ खर्च भएको मध्ये ठेकदारहरूसंगको पेस्की बांकी रु. ३२,४६८।९ (बजार खरीद गर्दाको) हर्जाना रु. ३१।२५ अनियमित तरीकाबाट सवारी उपयोग गरी खर्च गरेको तत्सम्बन्धी पदाधिकारीहरूसंग असूल गर्नु पर्ने पेट्रोलको मोल रु. ३८३।९१।२ असूल उपर नगरी राखेको । जिन्सी मालसामानहरूको नाप तौल मोल नखुलाई राखेकोको अतिरिक्त बेकम्मा मालसामानहरू लिलाम गर्ने कारवाई नगरी राखेको ।

हर्दिनाथ प्रोजेक्ट

२०२१।२२ को आर्थिक विवरण नदिएकोले लेखा तथा भौतिक परीक्षण हुन नसकेको ।

पर्यटन विभाग

२०२०।२१ मा २००९ सालदेखि रेष्ट कमिटीले बहाल ठेकी निर्णय गरी राखेका विभिन्न घरहरू छंदाछंदै त्यस तर्फ कारवाई नै नगरी पर्यटन विभाग बसेका घरको भाडा बारे अरू सरकारी कामको निमित्त पनि रेष्ट कमिटीले ठहराए बमोजिमको भाडामा मात्र लिएको नदेखिएको भनी (सो कुराको सबूद बेगर) प्रस्ताव पेश गरी रेष्ट कमिटीबाट रु. ५०८।४४ मासिक ठेकेका घरको रु. १,०००।– मासिक भाडा दिने निकासा गराई राष्ट्रिय धन नोक्सान पारेको ।

परराष्ट्र मन्त्रालय

२०१९।२० मा अधिका चीफ अफ् प्रोटोकलले आवश्यक परेका बखत सिंहदरबार ग्यारेजका मोटरबाट काम चलाई आए अनुसार वर्तमान चीफ अफ् प्रोटोकलले पनि परी आएका बखत तद्नुसार गरी सरकारी मोटर उपयोग गरे हुनेमा कुनै निकासा नै नगराई प्रोटोकलको निमित्त रहेको घोडा फिर्ता गरी २०१८।२।१२ गतेदेखि २०१८।४।१९ सम्म आफू खुशी भाडामा टचावसी र २०१८।४।२० देखि नियमित तरीका नअपनाई सरकारी मोटर उपयोग गर्नु भई त्यसरी उपयोग गर्दा उधारोमा लिई खर्च भएको पेट्रोल आदिको मोल भुक्तानी दिन भनी माग गर्नु भएकोमा निकासा तथा दरबन्दी गर्न यथार्थ खर्चको सबूद समेत पेश गराई जांची दिनु पर्ने ठहरेको रकम निकासा गराउनुको साथसाथै दरबन्दी गराउन पनि यस अघि मोटर उपयोग गर्दा लागेको खर्च तथा अन्य त्यस किसिमका काम पर्ने पदाधिकारीहरूलाई कुन व्यवस्थाबाट के कति दरबन्दी भए गरेकोछ अथवा छैन सो कुरा समेत बुझी एकीन गरी सो आधारमा लाग्ने मनासिब माफिकको दरबन्दी गर्नु पर्ने अंक खुलाई अर्थ मन्त्रालयको स्वीकृति लिई निकासा-लाई प्रस्ताव पेश गर्नु पर्नेमा परराष्ट्र मन्त्रालयले तदनुसार नखुलाई अनियमित तरीका अङ्गाली हचुवा किसिमबाट स्वीकृति लिई अन्य विभागीय प्रमुखहरूले पाए सरह सवारीको साथ पेट्रोल मोबिल आदिको दरबन्दी गरी दिई २०१८।२।१२ देखि नै सो दरबन्दी बमोजिम पाउने गरी दिने भन्नी प्रस्ताव पेश गरी निर्णय गराएको । उक्त निर्णय अनुसार अन्य विभागीय प्रमुखहरू कुनैले नपाएको भई काठमाडौं मेजिष्ट्रेट (चीफ अफ् प्रोटोकलको र मेजिष्ट्रेटको काममा पर्ने अन्तरको समेत विचारै नराखी) लाई दरबन्दी भै रहे अनुसार मासिक पेट्रोल ग्यालन ४५ को दरबन्दी (जुन कुरा लाभको स्रोत बन्न दिन हुंदैन) कायम गरी २०१८।२।१२ देखि २०२० आषाढ मसान्तसम्मको समेत दिने अर्थ मन्त्रालयबाट निकासा गराउनु भई खर्च भएको भनेको रु. ७,२३३।४८ को बिल भरपाई तथा लगबूक समेत हेरी जांची मात्र ठहरेको रकम खर्च लेखी दिनु पर्नेमा सो समेत कुनै जांच बुझै नगरी स्वस्थ आर्थिक सिद्धान्तको प्रतिकूल पारी अनियमित तरीकाबाट माग गरेकै आधारमा (मासिक त्यतिको पेट्रोल नलाग्ने भई) निकासा गराई खर्च लेखेको ।

२०२०।२१ मा संयुक्त राष्ट्र संघको अधिवेशनमा प्रतिवर्ष भाग लिन प्रतिनिधिमण्डल जाने नै हुंदा यरतो कामलाई कार्य सम्पादन नियमको अनुकूल हुने गरी समयमै निकासा गराउन पर्नेमा समय भिड्क्याई कार्य सम्पादन नियमको प्रतिकूल हुने गरी सत्रवां अधिवेशनको निमित्त खर्च निकासा गराएको सम्बन्धमा समेत साल बसाल पर्ने भए अनुसार आवश्यक व्यवस्था हुन सुझाव दिंदा दिंदै पनि तदनुसारको व्यवस्था गर्नेतर्फ नलागी प्रतिनिधिमण्डलमा जाने व्यक्तिको निर्णय बेगर निकासाको लागि कारवाई गर्न नमिल्ने भनी संयुक्त राष्ट्र संघको अठारवां अधिवेशनमा भाग लिन जाने प्रतिनिधिमण्डललाई पनि हचुवा किसिमबाट रु. १,९९,२३८।– कार्य सम्पादन नियमको प्रतिकूल निकासा गराएको ।

अतिथि सत्कार विभाग

२०१९।२० मा शितल निवास क्याम्पाभित्रको जग्गा मध्ये कुञ्ज निवास तहबीलबाट दिएका लगत बमोजिमको जग्गाको रु.१४६।७० र २००७।८ सालदेखि अवाद भएको जग्गाको नाप जांच भै कुत ठेकी नसकेको भनी साबिक जग्गाका आंठाबाट असूल गरी धरौटी राखे अनुसार रु. ३८१।७० असूल हुन बांकी देखिएको । सो क्याम्पा भवन श्री ५ को सरकारमा आए अनुसार जग्गाहरूको समेत नामसारी तथा पछि अवाद भएको जग्गाको नापी गरी कुत ठेक्नु पर्ने समेत २००७ सालदेखि नभई रहेको गत सालको लेखापरीक्षणमा बेरुजु उठाइएकोमा हालसम्म पनि सो कार्य सम्पन्न नगरी अनिश्चित स्थितिमा राखेको ।

उपर्युक्त जग्गाहरूको तिरो असूल गर्ने दरका सम्बन्धमा ठेकिएको कुतै अथवा बजार दरबाट हुने नगदी असूल हुनु गर्नु पर्नेमा साबिक नगदी तहबीलको दर भनी रु. १।– को धान ।२।४ स. चा. ।१।२ का दरले तहसील गर्ने विभागीय आदेश गरी तहसील गरी आएको देखिन आई उक्त निर्णय गराउनाको तात्पर्य तथा आधारको सम्बन्धमा पनि गत साल बेरुजु उठाइएकोमा त्यसको कुनै कानूनी आधार दिन नसकेको र तद्विषयक कुनै निकासा तथा समर्थन गराउन आवश्यक भएको भए कारण समेत खोली कार्य सम्पादन नियम बमोजिम मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरी निर्णय भए बमोजिम गर्नु पर्नेमा अनधिकृत तवरबाट काठमाडौं मालको दर रु. १।– को धान ।५ का दरले नगदी असूल गर्ने भन्ने विभागीय मन्त्रीबाट निकासा भए गराएकोमा समेत कानून नमिल्ने भै आपत्ति उठाएकोमा हालसम्म तदविषयमा कुनै संशोधन तथा कारवाई गरेको सूचना नगरी श्री ५ को सरकारमा आउने आयमा नोक्सान गराएको ।

शितलनिवास समेतका जिन्सी मालसामान थान २२५ साबिक हाकिमबाट लिनेतर्फ कारवाई भई रहेको भनी हालसम्म फछ्यौंट नगरेकोको अतिरिक्त शितल निवास गेष्ट हाउसका विभिन्न कोठाहरूमा रहे भएका मालसामान ष्टोर तथा अन्य स्थानहरूमा रहे भएका माल-सामानहरूको परीक्षण गर्न नियक्षित लगत तयार गरी र बगैंचाका फलफूल घांसहरू समेतको उचित व्यवस्था मिलाई सूचना गर्न पटक पटक अनुरोध गर्दा पनि तदनुकूल गरी परीक्षण गराउने व्यवस्था मिलाउने ठोस कारवाई गरी नदिएकाबाट तद्विषयक लेखापरीक्षण सम्पन्न गर्न नपाएको ।

ड्रिंक्सका टुटे फुटेका र पानी भरी राखेका शीशीहरू मिनाहालाई कारवाई भइरहेको भनी फछ्यौंट नगरेको ।

२०२१।२२ मा जिन्सी स्रेस्ताको लेखापरीक्षणमा विभिन्न प्रकारका ड्रिंक्स १७ बोतल चुरोट ३४० नपुग देखिन आएको सम्बन्धमा कारवाई गर्दा २०२०।८।२२।१ मा परराष्ट्र तथा रक्षा सचिवलाई अतिथि सत्कार कामको निमित्त केही ड्रिंक्स र चुरोटहरू उहांले लिन पठाउनु भएको मानिस

हस्ते जो चाहिने मोल लिई चाहिएको ड्रिंक्स र चुरोटहरू दिई पठाउनु भनी मालको संख्या नखुलाई आदेश गरेको र त्यस्तो आदेशमा चाहिने मालको संख्या खुलाई मोल लिई दिनु पर्नेमा मोल नलिई रु. ५६६।४० को उपर्युक्त ड्रिंक्स र चुरोटहरू दिई पठाई स्रेस्तामा नचढाई ष्टोरकिपरको टिपोट किताबमा "श्री सचिवज्यूलाई विक्री भै गएको" भनी टिपोटसम्म गरी लैजानेको भरपाई समेत नगराई दिएको ष्टोरकिपरले पेश गरेकोबाट देखिएको र तत्पश्चात् पनि मोल लिने दिने कुनै कारवाई नगरी नगराई ७ महीनासम्म त्यसै राखी २०२१।४।६।३ मा "उक्त मदिरा र चुरोटहरू स्रेस्तामा खर्च लेख्नु" भनी पररा्ष्ट्र मन्त्रालयबाट आदेश पठाई खर्च लेखी लेखाई गैर–कानूनी काम कारवाई गरी राष्ट्रिय धन रु.५६६।४० नोक्सान गरे गराएको सम्बन्धमा सम्बन्धित पदाधिकारीहरू उपर प्रचलित कानून बमोजिम हुनु पर्ने विभागीय कारवाई भै सूचना गर्नु भनी का. मु. पररा्ष्ट्र सचिवलाई लेखी पठाएकोमा "असंलग्न पररा्ष्ट्र नीतिको फलस्वरूप विभिन्न मित्रराष्ट्रहरूका नियोग तथा कूटनैतिक प्रतिनिधिहरूसंग पारस्परिक विचारको आदान प्रदान निमित्त भेटघाट गरी भ्रातृत्व जगाउने अन्तर्राष्ट्रिय कूटनैतिक प्रचलन अनुसार त्यस्ता नियोग प्रमुख तथा कूटनैतिक प्रतिनिधिहरूले दिइएको पार्टीमा पररा्ष्ट्र सचिवको हैसियतले बराबर पार्टीमा सम्मिलित हुनु पर्ने हुंदा उक्त व्यक्तिहरूलाई पार्टी दिन स्वाभाविकै भै त्यस्तो पार्टीमा रु. ७००।–सम्मको खर्च मिनाहा हुने हुंदा निकासा लिई शोधभर्ना दिने र बढी खर्च आफैले व्यहोर्ने गरी मन्त्रालयबाट चाहिएको मालसामान मोल लिई दिनु भनी लेखी गएको हो । परम्परा अनुसार यस्तो पार्टी खर्च सरकारको खर्चमा नै चलाई आएको हो तापनि सचिवज्यूले आफ्नै घरमा पार्टी दिने व्यवस्था गर्नु भएकोले पार्टीमा लागेको सो ल्याएको ड्रिंक्स, चुरोट खर्च लेखी दिने आदेशानुसार खर्च लेख्ने आदेश दिएको हुंदा सो रु. ५६६।४० नोक्सानी गरेको भनी कारवाई चलाउने कुरा खेद लाग्नु स्वाभाविकै हो । निजहरूसंग सम्पर्क तथा सम्बन्ध राखेको हुंदा त्यस्तो पार्टीमा खर्च भएको रकम नोक्सानी गरेको भन्न मनासिब नपर्ने हुंदा कारवाई चलाउन नसकिने" भनी लेखी पठाउनु भयो ।

त्यसरी मोल लिन नपर्ने कुरा पूर्व पत्रमा नखुलाई मोल लिई दिनु भनी लेखी पठाएको सम्बन्धमा लेखापरीक्षणबाट बेरुजुको पक्राउ भए पछि मात्र त्यसबाट मुक्त हुन लेखी पठाउनु भएका का. मु. पररा्ष्ट्र सचिवका बूदाहरू लागू हुन नसक्ने हुंदा मैले अनुरोध गरे बमोजिम विभागीय कारवाई नचलाउनु भएबाट आर्थिक नियन्त्रण खुकुलो हुन जानेको साथसाथै राष्ट्रिय धन बरबाद हुन जाने भएको ।

प्रोटोकल विभाग, लैन

२०१९।२० मा साबिकमा प्रोटोकल विभाग लैनमा रहेको र उक्त विभागको चिट्ठी पत्र निमन्त्रणाहरू बांड्ने कामलाई खरीदार १, सुब्रेदार१,सिपाही९रहेको तर अघि झैं चीफ अफ् प्रोटोकल अफिस लैनमा नरही पररा्ष्ट्र मन्त्रालयमा गाभिएकोबाट उक्त महत बढी देखिएको ।

शाही नेपाली राजदूतावास, नयां दिल्ली

२०१७।१८ को आर्थिक विवरण नदिएकाले लेखापरीक्षण हुन नसकेको ।

२०१८।१९ मा भ्रमण बिल तथा बिल भरपाई बेगर लिन खान नपाउने बढी समेत रु. ३०,६८२।४७ भत्ता खर्च लेखेको । कोटेशन नलिई कर्मचारीद्वारा रु. ३२६।९४ को बिल भरपाई बेगर मालसामान खरीद गरेको । लगबूक तथा बिल बेगर रु. ११,८९७।८१ पेट्रोलमा खर्च लेखेको । सोधभर्ना गर्ने गरी खर्च लेखेको रु. ११२।– सोधभर्ना नगरेको । तार, टिकटमा रसीद बेगर रु. १,०६५।८२ खर्च लेखेको । टेण्डर, कोटेशन तथा बिल बेगर मालसामान खरीद गरी रु. ६३,९४१।४४ खर्च लेखेको । स्वीकृति बेगर गत सालको भुक्तानी दिनु पर्ने भनी रु. १३,४७८।४० खर्च लेखेको । स्वीकृति बेगर रु. ३६,३३२।५६ रकमान्तर गरेको । दरबन्दी बेगर नियुक्ति गरी रु. ३२,४३७।४१ तलब खर्च लेखेको । नियम बेगर कर्मचारीहरूलाई बिरामी हुंदा ६० प्रतिशत औषधि भत्ता खर्च लेखेको । लगत इष्टिमेट बेगर मर्मत र ष्टाफ क्वाटर बनाएको । बिल भरपाई बेगर रु. १९,२३३।४८ खर्च लेखेको । अनियमित तरीकाबाट पुरानो मोटर बिक्री गरेकोको अतिरिक्त नयां मोटर खरीद गरी बिल भाउचर बेगर निकासाभन्दा रु. १०,६१८।४० बढी खर्च लेखेको । रु. ११,६४०।६७ को जिन्सी मालसामान आम्दानी नबांधेको । भुक्तानी प्रणाली बमोजिमको स्रेस्ता नराखेको ।

शाही नेपाली राजदूतावास, पेकिङ्ग

२०१७।१८ मा कोटेशन तथा टेण्डर नलिई रु. २९,२२०।७२ को मालसामान खरीद गरेको । मोटर भाडा समेत रु. ४०७।३० भरपाई बेगर खर्च लेखेको । अनियमित तरीका अङ्गाली बढी भुक्तानी समेत नलिई रु. २५,९९२।३९ दैनिक भ्रमण भत्ता खर्च लेखेको । विवरण नखुलाई वैदेशिक भत्ता रु. २३,५०९।५५ खर्च लेखेको । विदेशी मुद्रा सटही गर्दा सटही दरभन्दा रु. ४६०।६ बढी खर्च लेखेको । फांटवारी विवरण बेगर पुरानो बांकी तलब रु. ३,६००।– भुक्तानी खर्च लेखेको । रिभल्भिङ्ग फण्डबाट खर्च गरेको रु. १६,४८३।– सोधभर्ना नगरेको । रिभल्भिङ्ग फण्ड मा घटी बांकी देखाएको रु. १५३ आम्दानी नबांधेको । रु. १३५।– को मालसामान जिन्सी किताबमा आम्दानी नबांधेको । आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहेको रु. ५५,००२।२ सञ्चित कोष दाखिल नगरी रु. ५२,२३८।२७ स्वीकृति बेगर फर्निचर सामानहरू (कोटेशन टेण्डर समेत नलिई) पछिल्ला सालमा खरीद गरी खर्च लेखेको औ रु. २,२६८।६ घटी बांकी देखाएको तथा सञ्चित कोष दाखिल गर्नु पर्ने रु. ४९५।६९ दाखिल नगरेको ।

२०१८।१९ मा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको रकम मध्ये रु. २०,५६८।३१ सञ्चित कोष दाखिल नगरेको । मालसामानको मोल, घर भाडा आदिमा जम्मा रु. ८३,५८६।५१ टेण्डर कोटेशन केही नलिई खरीद गरेको मध्ये आर्थिक वर्ष २०१९।२० मा स्वीकृति बेगर रु. १७,६२२।१०, लगबूक बेगर पेट्रोलमा रु. ३,४२९।५१, दरबन्दी नभएका पदमा भर्ना गरी तलब रु. २५,६३४।०१, स्वीकृति बेगर गत सालको भुक्तानी रु. ९।८४ र स्वीकृति बेगर तलब रकमबाट रकमान्तर गरी दैनिक , भ्रमण भत्ता रु. ४९,८७६।९१ खर्च लेखेको । विदेशी मुद्रामा परिणत गरी बुझाउंदा रु. १३६।२८ फरक परेको भनी आधारभूत प्रमाण बेगर खर्च लेखेको । स्वीकृति बेगर रकमान्तर गरी बजेट निकासाभन्दा बढी खर्च लेखेको, रिभल्भिङ्ग फण्डबाट अनियमित तरीकाले भुक्तानी दिएको र पेस्की गएको फछ्यौंट नगरेको समेत रु. ५२,८०५।५४ रु. ७,४०२।०३ को मालसा[illegible] जिन्सी किताबमा आम्दानी नबांधेको । रीत पूर्वकको स्रेस्ता नराखेको ।

शाही नेपाली राजदूतावास, मस्को

२०१७।१८ मा कोटेशन टेण्डर बेगर मालसामान खरीद गरेको रु. १०,८५१।१९, आधारभूत प्रमाण बेगर पुरानो तलब भनी रु. १२,७९४।२४ र दरबन्दी बेगर वैदेशिक भत्तामा रु. ८,०३४।३५ खर्च लेखेको । निकासा बेगर २०१७।१८ को बजेट निकासा मध्येको बांकी रु. ९९,२२७।५१ बाट २०१८।१९ मा मालसामान खरीद गरेको । निकासाभन्दा रु. २,९४७।९० बढी खर्च लेखेको असूल नगरेको । रु. ६७,६४२।२९ पर्ने मालसामान खरीद गरी आम्दानी नबांधेको । सम्बन्धित स्रेस्ताहरूमा विभागीय प्रमुखबाट प्रमाणित नगराएको । राजदूत सरुवा भै आउनु हुंदा नियमले नपाउने होटेल खाना खर्च रु. २१४।८० लिएको फिर्ता नगरेको । बिल भौचर बेगर खर्च लेखेको रु. १,१३७।२३, दैनिक भ्रमण भत्तामा नियमले पाउनेभन्दा बढी खर्च लेखेको । रु. १७।६० विदेशी मुद्रा खरीदी दरभन्दा रु. २।– बढी खर्च लेखेको सम्बन्धमा समेत लेखी पठाउंदा फछ्यौंट गरी नपठाएको ।

२०१८।१९ मा कोटेशन, टेण्डर बेगर कर्मचारीबाट माल खरीद गरी रु. २५,८४६।९९, रु. ७,९४०।९१ बिल भाउचर बेगर, लगबूक नराखी पेट्रोलमा रु. २,४६८।०४ खर्च लेखेको । स्वीकृति बिना रु. ६,११६।– को मालसमान खरीद गरेकोमा भाउचर पनि पेश नगरेको । भ्रमण बिल बेगर गत सालको दैनिक भ्रमण रु. ६,५३४।५० खर्च लेखेको । रु. १०,६३१।३० भ्रमणको आदेश तथा बिल पेश नगराई भ्रमण भत्ता खर्च लेखेको । दरबन्दी बेगर कर्मचारी भर्ना गरी रु. ७१,८२३।८१ तलब खर्च लेखेको । बजेट शीर्षकभन्दा बढी रकमान्तर गरी रु. ८,९६०।– खर्च लेखेकोको अतिरिक्त बचत बजेट शीर्षकहरूबाट बजेटमै नभएको कर्मचारीको परिवारलाई उपचार रकममा खर्च भएको भनी रु. ३,५३२।२० खर्च लेखेको । घटाघट, कोटेशन बेगर फर्निचर र घर भाडामा रु. ४१,१९२।०३ खर्च लेखेको । नियममा नभएको सटही भत्तामा रु. ६९,९३३।०८ खर्च लेखेको । रु. २,१४१।३१ को मालसामान आम्दानी नबांधेको । नियम बमोजिम स्रेस्ताहरू नराखेको । बिल भाउचर भन्दा रु. ८८।८५ बढी भुक्तानी दिएको ।

२०१९।२० मा रु. १,३२,५०७।१३ को कोटेशन तथा बिल बेगर मालसामान खरीद गरी खर्च लेखेको । रु. ५५७।२५ को टिकट खर्चको बिल पेश नगरेको । रु. २,३७९।२७ को लगबूक बेगर पेट्रालको मोल कर्मचारी हस्ते खर्च लेखेको । रु. ५,६११।६२ पेस्की फछ्यौंट नगरेको । रु. २९,९१४।६४ निकासा बेगर रकमान्तर गरी खर्च लेखेको । रु. ९४,०३३।९६ दरबन्दी बेगरका पदमा नियुक्ति गरी तलब खर्च लेखेको । रु. १३,७४२।१५ कोटेशन बेगर मालसामान खरीद गर्नुको साथसाथै निकासा बेगर रकमान्तर गरी खर्च लेखेको । रु. १०६।८० मुद्रा सटही र जम्मा जम्मीमा बढी पारी खर्च लेखेको । रु. १०,९९९।– आदेश बेगर भ्रमण गरी भ्रमण बिल समेत पेश नगरी खर्च लेखेको । रु. ६५,५८९।०८ बांकी सञ्चित कोष दाखिल नगरेको । रु. ७५,९९०।५० तलब भत्तामा बढी खर्च लेखेको । रु. २०,५९२।८८ बिल भाउचर बेगर बजेट निकासाभन्दा बढी समेत हुने गरी खर्च गरेको । रु. २,२३७।५७ को मालसामान जिन्सी किताबमा आम्दानी नबांधेको । कर्मचारीहरूलाई निकासा बेगर तलब भत्ता सापटी दिई राखेको रु. २६,६१४।८३ को सूद असूल नगरेको रीतपूर्वकको स्रेस्ता नराखी ठाडो स्रेस्ता सम्म गर्ने गरेको ।

लियाजो अफिस, मलाया

२०१७।१८ मा रु. २६१।८५ को जिन्सी स्रेस्ता पेश नगरेकोले लेखापरीक्षण हुन नसकेको ।

२०१९।२० मा रु. २,७७९।६१ को मालसामान कोटेशन, टेण्डर नलिई खरीद गरेको । लगबूक बेगर पेट्रोलमा रु. १,२६९।८४, बिल भाउचर बेगर रु. ३१५।१४ खर्च लेखेको । पछि सोधभर्ना गर्ने गरी भुक्तानी दिएको रु. ६२।२० सोधभर्ना नगरेको । स्वीकृति बेगर रु. २५।९४ रकमान्तर गरी खर्च लेखेको । लिन खान पाउनेभन्दा बढी रु. ७१७।९० तलब खर्च लेखेको । रु. २,००९।– दैनिक भ्रमण भत्ता पेस्की गएको फछ्यौंट नगरेको । रु. १०९।६ को जिन्सी मालसामान आम्दानी नबांधेको ।

शाही नेपाली कन्सुलेट जनरल अफिस, ल्हासा

२०१७।१८ मा अघिल्लो आर्थिक वर्षको बांकी रु. २१,२८९।८७ निकासा बेगर खर्च लेखेको । रु. ३,५४२।४० दरबन्दी बेगर तलब भत्ता र लुगा भत्तामा खर्च लेखेको । कोटेशन बेगर रु. ३५,६६७।६६ को मालसामान खरीद गरेको । दिन नपर्ने दैनिक तथा भ्रमण भत्ता वापत रु. १४,५२०।८० दिएको । दैनिक भ्रमण भत्ता वापत पेस्की गएको रु. २,०८०।– फछ्यौंट गर्ने कारवाई नगरेको । रु. ६९३।७६ को पेट्रोल ग्यालन ६४ निजी काममा उपयोग गरेको । रु. ३,४७९।६६ को पेट्रोल ग्यालन ३२१ लगबूक बेगर खर्च लेखेको । रु.६,६१५।२० लगाई लगत इष्टिमेट बेगर स्कूल मर्मत गरेको तथा ग्यारेज नयां निर्माण गरेको । ग्यारेज बनाउन निकासा भएको रु. ११,२००।– आम्दानी नबांधेको । लुगा भत्ता दिंदा बढी दिएको रु. १६४।७५ असूल नगरेको । भरपाई र इच्छापत्र बेगर रु. ३,३१९।३६ पेट्रोलको मोल र भाडा भरौटमा खर्च लेखेको । बचत रहन आएको रु. ३।२४ सञ्चित कोष दाखिल नगरेको । रु. ६,६३०।४० दोहोरो तलब खुवाएको सम्बन्धमा विभागीय कारवाई गर्न लेखी पठाउंदा उक्त रुपैयां सञ्चित कोष दाखिल भएको जनाउ आए तापनि दोहोरो तलब खुवाउने पदाधिकारी उपर पररा्ष्ट्र सचिवले कानूनी कारवाई गर्नु नभएको । रु. १,०३५।२५ को जिन्सी मालसामानको लेखा पेश नगरेकोले लेखापरीक्षण गर्न नपाएको ।

२०१८।१९ मा कोटेशन, टेण्डर बेगर कर्मचारी हस्ते रु. १९,७६३।४१ को माल खरीद गरेको । बिल भाउचर बेगर रु. १,०४३।२० खर्च लेखेको । पाउनेभन्दा रु. ४।९२ बढी तलब खर्च लेखेको । लगत इष्टिमेट बेगर कन्सुलेट भवनमा रु. ९,२७९।१९ खर्च गरी मर्मत गरेको । ठेक्किए भन्दा रु. ४,७२०।– बढी तलब भत्ता खर्च लेखेको । लगबूक बेगर रु. १,७९०।– को पेट्रोल खर्च लेखेको । स्वीकृति बिना विभिन्न रकमबाट रकमान्तर गरी निकासाभन्दा बढी गरी रु. ९,९०७।१६ खर्च लेखेको । खरीद भएका मालसामानको जिन्सी स्रेस्ता पेश नभएको ।

नेपाली ट्रेड एजेन्सी, कुती

२०१९।२० मा नेपाली ट्रेड एजेन्सी कुतीका कर्मचारी उक्त स्थानमा जांदाको पुरानो (२०१९।२० आर्थिक वर्ष अघिको) बाटो खर्च रु. ६९३।– खर्च लेखेकोमा आदेश र फांटवारी समेत पेश नगरेको ।

नेपाली ट्रेड एग्रेन्सी, केरुङ्ग

२०१७।१८ मा निकासा बेगर दरबन्दी भन्दा थप कर्मचारी नियुक्त गरी रु. ३,४२०।– तलब भत्ता खर्च लेखेको । बचत रहेको अन्य रकमबाट बजेट निकासा नभएका घर भाडा र मर्मत रकममा रु. १८१।– स्वीकृति बेगर खर्च लेखेको । खर्च भई बांकी रहेको का. स. टिकट मध्ये रु. ३२।९० को टिकट दाखिल नगरेको । विवाद ग्रस्त यांग्रा खर्कहरूको तिरो वापत असूल भई आएको रु. १,६९२।८८ धरौटी रहेको कारवाई टुंग्याई फछ्र्यौंट नगरेकोको अतिरिक्त ब्याज र टिकट समेतको आम्दानी रु. १७।५६ जिम्मावारी सारेको वा सञ्चित कोषमा दाखिल गरेको प्रमाण पेश नगरेको ।

२०१९।२० मा अफिस भाडा रु. ४७।– बिल बेगर खर्च लेखेको । अघिल्लो सालको बिन बांकी लुगा भत्ता रु. ९५४।१५ स्वीकृति बेगर पछिल्लो सालमा खर्च लेखेको ।

लामबगर दोसांध चौकी

२०१७।१८ मा भ्रमणको निमित्त गएको पेस्की रु. २००।– फछ्र्यौंट नगरेको । रु. ३००।– को फर्निचर जिन्सी किताबमा आम्दानी नबांधेको । २०१६।१७ सालको घर भाडा रु. १४४।– २०१७।१८ को बजेटबाट स्वीकृति बेगर खर्च लेखेको समेत गरी रु. २९४।– कबूलियत नगराई दिएको ।

२०१८।१९ मा बिल भाउचर बेगर रु. १०१।– तार टिकट र औषधि रकममा खर्च लेखेको । खान पाउनेभन्दा बढी रु. ८२।६० तलब भत्ता र सिधामा खर्च लेखेको । निकासा बेगर रु. २५०।– दैनिक भ्रमण भत्तामा खर्च लेखेको । रु. ७०।– दोहोरो पारी तलब भत्ता खर्च लेखेको। पत्र पत्रिका रकममा निकासा भन्दा बढी रु. ६।– खर्च लेखेको ।

पन्चायत मन्त्रालय

२०१८।१९ मा विकेन्द्रीकरण आयोगका सदस्यहरू (राष्ट्रिय पञ्चायतका सदस्य) लाई गएको पेस्की मध्ये रु. २४५।५० फछ्र्यौंट नगरेको ।

२०१९।२० मा प्रशासन व्यवस्था विकेन्द्रीकरण आयोगका सदस्य एवं राष्ट्रिय पञ्चायतका सदस्य २ दुईलाई अनुसन्धानार्थ भ्रमण पेस्की गएको रु. २४५।५० पटक पटक ताकिता गर्दा पनि फछ्र्यौंट नगरेको ।

निर्वाचन आयोग

२०१९।२० मा रु. ४,०२२।९६ पेस्की गएको फछ्र्यौंट नगरेको ।

पञ्चायत विकास विभाग

२०१९।२० मा विकास योजना सापटी नियमावलीमा विकास योजनामा काम गर्ने साधारण तर्फका कर्मचारीलाई सापटी दिन पाउने स्पष्ट नभएकोमा तेजारथबाट लिई रहन टायम लाग्ने भई ढिला हुन जाने भएको र साधारण तर्फका कर्मचारीहरूका विकास सापटी नियमावलीबाट सापटी लिन नसक्ने केही उल्लेख नभएको भनी विभागका उच्च पदाधिकारी २ लाई तेजारथ अड्डा छंदाछंदै अफिसको मोज्दातबाट रु. १,०००।– सापटी दिएको । उक्त सापटीबाट आएको ब्याज रु. ११।३४ सञ्चित कोषमा दाखिल गर्नु पर्ने नगरी विकास फण्डको रकमबाट पेस्की लिएको हुंदा सो रकमबाट उपार्जन हुन आएको ब्याज विकास फण्डमा नै आम्दानी बांधिएकोले उक्त रकम सञ्चित कोषमा दाखिल गर्नु नपर्ने भनी जवाफ दिएको।

पञ्चायत संगठन विभाग

२०१८।१९ मा कोटेशन बेगर रु. १५२।९१ को मालसामान खरीद गरेको । रु. २५०।– को सर्भिस टिकट खर्च भएको फांटवारी पेश नगरेको ।

कोशी बारुण यन्त्र

२०२०।२१ मा पञ्चायत संगठन विभागको अनुरोध मुताबिक झिकाई आएको मोल रु. ८९,७८५।५० परेको रसीयन फायर इञ्जीन एक चालू गर्न महतको प्रबन्ध नभै २०२० साल वैशाखदेखि कोशी अञ्चलाधीश अफिसमा त्यसै पडिरहेकोले आवश्यक महत स्टाफ समेतको व्यवस्थालाई २०२०।२।२१ मा जाहेर गरेकोमा कुनै निकासा नभएकोले बेहिकाजतसाथ त्यसै रही तराई जस्तो बराबर आगलागी हुने सम्भव भएका ठाउंमा आगलागीको बचाउ गर्ने काम हुन नपाई ठूलो क्षति हुने स्थितिमा पारी जुन उद्देश्यले झिकाइएको हो सो काममा सदुपयोग हुन नपाउने अवस्थामा राखेको । त्यत्रो ठूलो रकम खर्च गरी झिकाएको बारुण यन्त्र त्यसै पडिरहनुको साथै समयमा मोल भर्ना नदिएको कारणबाट त्यसको सूद समेत बढी तिर्नु पर्ने अवस्था पारेको ।

भक्तपुर बारुण यन्त्र

२०१८।१९ मा टाएर टयूबका लागि रु. २,२५५।५३ पेस्की गएको फछ्र्यौंट नगरेको ।

राष्ट्रिय निर्देशन मन्त्रालय

२०१९।२० मा शाही कन्सुलेट जनरल अफिस कलकत्ताद्वारा मल्टिकलर्ड लेटर हेड छपाउन रु. १,६००।–, राष्ट्रिय निर्देशन अफिसरको तलब र मसलन्द वापत पेस्की गएको रु. ३,३००।– फछ्र्यौंट नगरेको ।

प्रचार विभाग

२०२०।२१ को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

गोरखापत्र छापाखाना

२०१९।२० मा इष्टिमेट बेगर डिजेल मेशीन मर्मत गर्न पाइप खरीद गरी रु. १४१।४३ खर्च लेखेको । घटाघट नगराई कलर स्लाइड बनाउन रु. ३२०।– खर्च लेखेको । दरबन्दी बेगर ड्राइभर भर्ना गरी रु. ६७१।९८ तलब खुवाएको । गोरखापत्र फूटकर बिक्रीको कमिशनमा बढी गएको रु. २६४।– फिर्ता असूल नगरेको । ग्याजेटेड् अफिसरले ओभर टाइम भत्ता नपाउने नीतिको प्रतिकूल हुने गरी रु. ३,६०८।– ओभर टाइम भत्ता खुवाएको । मालसामान राख्ने ठाउंको पूर्व व्यवस्था नगरी आवश्यकभन्दा बढी कागत गांठ ४०० झिकाई रु. २,६१९।३६ गोदाम भाडा तिरेको । साबिकदेखि राखी नआएको भनी कानूनन् राख्नु पर्ने सवारी लगबुक नराखी पेट्रोलमा रु. १,३६४।३५ खर्च लेखेको ।

रेडियो नेपाल

२०१८।१९ मा कर्मचारीहरूलाई नियमले नपाउने ओभरटायम भत्ता रू. १,८०६।२५ निकासा गराई खर्च लेखेको ।

२०१९।२० मा गोरखापत्र कर्पोरेशनको शेयर खरीद गरेको भुक्तानी दिने सम्बन्धमा ससारोह पदक पुरस्कार विशेष कार्यक्रमको रकमबाट रु. ४,०००।– रकमान्तर गर्न पाउने स्वीकृति भएकोमा उक्त रकममा रु. ३,७६५।७४ मात्र बचत भएकोले नपुग रु. २३४।२६ अन्य रकमबाट

स्वीकृति बेगर खर्च लेखेको । मालसामान रकमबाट रु. ३,०००।– रकमान्तर गर्न पाउने निकासा भएकोमा रु. ३,१५४।– खर्च लेखेकोले बढी रु. १५४।– खर्च गरी बढी खर्च गर्न पाउने प्रमाण पेश नगरेकोको अतिरिक्त रेडियो नेपालको स्रेस्ता ठीक तरीकासंग नराखेको ।

२०२०।२१ मा जन्म जयन्ती समारोह साल साल मनाउनै पर्ने भए सो रकम बजेटमा पारे हुनेमा सो व्यवस्था नगरी साल साल निकासा गराई जन्म जयन्ती मनाउने गरेको । उक्त रकम अर्थ मन्त्रालयबाट माग गरेको र अर्थ मन्त्रालयले पनि त्यस्तो कलममा नियमित तरीकाको निर्णय बजेटमा नपरेको खर्च निकासा गर्न नहुनेमा रकमान्तर गरी खर्च गर्ने निकासा दिई आर्थिक अनुशासन पालन गर्ने प्रयास नगरेको ।

प्रचार तथा सूचना केन्द्र, वीरगञ्ज

२०१६।२० मा नियमले पाउनेभन्दा बढी रु. ४२।१ दैनिक भ्रमण भत्ता खर्च लेखेको असूल नगरेको । रेण्ट कमिटीको निर्णय बेगर रु. १,०४०।– घर भाडा खर्च लेखेको । स्वीकृति बेगर मसलन्द रकमबाट रेडियो ब्याट्री ढुवानी समेतमा रकमान्तर गरी रु. ३६८।६२ खर्च लेखेको । तलब भत्ता रु. १०६।५२ निकासाभन्दा बढी खर्च लेखेको ।

सहकारी विभाग

२०१६।२० मा एकै पटक घटाघट गरी खरीद गर्दा हुने मितव्ययिताको प्रतिकूल हुन नजाने गरी आफ्नो अधिकारभित्र पार्नको लागि पटक पटक गरी रु. ४३४।४० को मसलन्द खरीद गरेको । साधारणबाट खुवाउन पर्नेमा विकास बजेटबाट रु. २।– ग्रेड खुवाएको ।

विकास

पंचायत मन्त्रालय

२०१८।१६ को पञ्चायत मन्त्रालय प्रचार तथा प्रसार विभाग अन्तर्गतका सूचना केन्द्रहरूको आर्थिक विवरण प्राप्त नभएकोले लेखा-परीक्षण गर्न नपाएको ।

पञ्चायत मन्त्रालय प्रचार विभाग हेड अफिस र पञ्चायत विकास विभाग हेड अफिस लगायत विभिन्न केन्द्रहरूको २०१६।२० को आर्थिक विवरण प्राप्त नभएकोले लेखापरीक्षण गर्न नपाएको ।

२०१६।१७ देखि २०१८।१६ मा भारतीय सहायताको सम्झौतानुसार जम्मा भा.रु. ३,२०,००,०००– प्राप्त हुनु पर्ने मध्ये भा.रु. ५५,००,०००– मात्र प्राप्त भै असूल प्राप्त हुनु पर्ने रकम बारे कुनै कारवाई नभएको । श्री ५ को सरकारबाट रु. २२,६२,३२०।– प्राप्त भएको । २०१६।१७ को फोर्ड फाउण्डेशनबाट आउनु पर्ने रकम बारे सम्झौता पेश नगरेबाट एकीन गर्न नपाएको ।

कर्मचारीलाई बढी तलब खुवाएको रु. २,६२७।४३ र सापटी दिएको रु. ६६३।३३ असूल उपर नगरेको । रु. ५५०।– तलबमा पेस्की गएको फछर्यौट नगरेको । तार टिकटको पेस्की रु. ६५।०६ फछर्यौट नगरेको । डलर खरीद गरी पुनः बिक्री गर्दा रु. ८०।– नोक्सान पारेको । कण्ट्राक्ट बेगर भा. रु. २५,०००– को प्रतीत पत्र खोली कम्पनीले मालसामान दिन असमर्थता प्रकट गरेबाट खाता रद्दी हुंदा रु. ६५।– नोक्सान भएको । स्वेडिस प्राइमस स्टोभको टेण्डर गरी उत्तिकै मोल तिरी पाराडाइज स्टोभ (जसको मोल प्रति गोटा भा. रु. ३०–) खरीद गरेबाट भा. रु. १८०– बढी खर्च लेखेको । टेण्डरवालासंग नलिई अन्यत्रबाट खरीद गरी रु. २२०।१० बढी नोक्सान पारेको । रु. १,२८४।४८ को कोटेशन बेगर औषधि खरीद गरेको र रु. ७३,६५१।५८ पेस्की गएको फछर्यौट नगरेको । प्रोक्योरमेण्टलाई गएको रकमको छुट्टै खाता नराहेबाट यति खर्च भै यति बांकी भन्ने एकीन गर्न नपाएको । केन्द्रहरूलाई निकासा भै गएको रकमको बजेट शीर्षक नखुलाउनुको साथै सो केन्द्रहरूबाट गरेका खर्चको लेखा केन्द्रीकरण गरी नराखेबाट केन्द्रहरूलाई गएको रु. ६७,०८,४२४।५० र भा. रु. ५,३२,६०२।६४ को एकीन लेखापरीक्षण गर्न नपाएको । पेस्की खाता नखोलेकोको अतिरिक्त तत्काले फछर्यौट हुने पेस्की फछर्यौट समेत नगरेको । प्रोक्योरमेण्टले माल खरीद गरी विभिन्न केन्द्रहरूमा पठाएको अभिलेख नराहेकोबाट यो यति मालसामान खरीद भै गएको भन्ने एकीन गर्ने ठाउं नराहेको ।

पञ्चायत विकास विभाग

२०१७।१८ मा सांविक बजेटमा रहेको रकम बढी भएको हुंदाहुंदै थप पूरक बजेट समेत गरी जम्मा रु.४,८८,०६६।– र रु. ४,०००।– निकासा भई रहेको छंदाछंदै जम्मा रु ३,३८६।५३ खर्च हुनेमा केन्द्रको बजेटबाट रु.११,०००। रकमान्तर गरी जम्मा रु. १५,०००।– निकासा गराउनु भएको समेत गरी रु. ४,६६,०६६।– खुद निकासा गराई रु. ३,५३,५५२।४० बांकी भएबाट ७१ प्रतिशत काम नभएको देखिएकोले ठीक तरीका संग बजेट माग भएको तथा अमेरिकी सहायता सम्बन्धी एग्रीमेण्ट बमोजिम काम भयो भन्ने ठाउं नराहेको । रु. १८३।– दैनिक भ्रमण भत्तामा बढी खर्च लेखेको । कोटेशन तथा बिल भर्पाई बेगर माल सामान खरीद गरेकोमा रु. २६,३३६।१६ खर्च लेखेको खान पाउनेको भर्पाई बेगर रु. १६।– खर्च लेखेको । लगबूक नै नराखी मोटर उपयोग गरी रु. ६,४३३।४० को पेट्रोल खर्च गरेको । रु. २,०६६।३६ को मालसामान जिन्सी किताबमा आम्दानी नबांधेको । निकासा भन्दा बढी गरी रु. ६२७।५० खर्च लेखेको । रु. १५४।– प्रोक्योरमेण्ट फांटले फिर्ता नबुझाएको । शोध भर्ना गर्ने गरी जिल्ला केन्द्रहरूलाई पेस्की गएको रु. ७,५४८।– शोध भर्ना नगरेको । बि. डि. ओ. हरूको तलब केन्द्रबाट नदिई हेड अफिसबाट दिने गरी बजेट प्रणाली खुकुलो पारेको । अमेरिकन सरकार संग भएका सम्झौता अनुसार डलर ८०,०००को मालसामान र १५,५५,०७० डलर रकमै सन १६६० जुन ३० सम्ममा प्राप्त हुनु पर्नेमा के कति प्राप्त भयो कति भएन त्यसको कुनै मूल्यांकन लगत नराहेको । भुक्तानी प्रणाली अनुसारको स्रेस्ता खडा गरी अन्तर्गत केन्द्रहरूलाई गएका आर्थिकव्यवहारको तथ्य ङ्क खडा गरी उक्त केन्द्रहरूबाट भएका आर्थिक व्यवहार सम्बन्धी लेखा विभागमै केन्द्रित गरिनु पर्नेमा तदनुसारको व्यवस्था नगरी राखेबाट केन्द्रहरूको लेखापरीक्षण गर्न नपाएको ।

२०१८।१६ मा नियम भन्दा रु. १,३३५।६० बढी दैनिक भ्रमण भत्ता खर्च लेखेको । नभएको दरबन्दीमा शुरूमै ६ ग्रेड थपी रु. ६३०।– खर्च लेखेको । रु. २०।– को अफिस क्याबिनेट मौज्दात नदेखिएको । रु. १,६१२।२० को कोटेशन बेगर मालसामान खरीद गरेको । रीत पूर्वकको लगबूक नराखी रु. ४,४६६।८३ पेट्रोलमा र रु. ६।७० स्वीकृति बेगर मर्मतमा खर्च लेखेको । विदेशी अतिथि विरामी हुंदा सोधभर्ना गर्ने गरी दिएको रु. ३२७।५२ फिर्ता नगरेको । बजेट शीर्षकको रकम बांकी छंदाछंदै अन्य रकमबाट रकमान्तर गरी आर्थिक नियन्त्रण खुकुलो पारेको (सो रकम

खर्च समेत नभएको) । केन्द्रहरूलाई गएका रकमको व्यवस्थित लेखा नराखेको । अमेरिकी सहायता सम्बन्धी सम्झौतानुसार प्राप्त हुने रकमको स्रेस्ता नराखेको ।

२०२०।२१ को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

पंचायत संगठन विभाग

२०१८।१६ मा पञ्चायत संगठन विभागमा जम्मा रु. ५,१३,३६४।– पेस्की खर्च भएकोमध्ये रु. ७,०५३।– को फांट प्राप्त भएकोमा पनि रीत पूर्वकको लगबूक नराखी रु. १,५३३।२० पेट्रोल खर्च लेखेको र अरू बांकी फछर्यौट नगरेको । पत्रद्वारा किताव झिकाए पनि हुनेमा विभागीय मन्त्रीबाट आदेश भएको भनी किताव किन्न मानिस पठाउंदा रु. ५४६।– भ्रमणमा अनावश्यक खर्च लेखेको ।

जिल्ला विकास कमिटी, तनहुं

२०१८।१६ मा विभिन्न निर्माण योजनालाई उज्रातीबाट गएको रु. ८,६६०।– को जांच पास गराई फछर्यौट नगरेको । योजनाहरूको पहिलो दोस्रो किस्ता दिई बांकी किस्ता नदिई अधूरो भई रहेबाट राष्ट्रिय धनको नोक्सान भई रहेको ।

२०१६।२० मा रु. १५०।– पेस्की फछर्यौट नगरेको ।

जिल्ला पञ्चायत कार्यालय, कलैया

२०१६।२० को आर्थिक विवरण समेत नदिएबाट लेखापरीक्षण समेत गर्न नपाइएको ।

जिल्ला पञ्चायत कार्यालय, गौर

२०१६।२० को आर्थिक विवरण नदिएबाट लेखापरीक्षण हुन नपाएको ।

जिल्ला पञ्चायत कार्यालय, चितौन

२०१६।२० को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

जिल्ला पञ्चायत कार्यालय, धादिङ्ग

२०१६।२० मा जिल्ला पञ्चायत विकास कार्यालय (अमेरिकी सहायता अन्तर्गत सञ्चालित) बाट अनुदान दिइएका परियोजनाहरू मध्ये योजना तयार भई ओभरसियरबाट जांच पास हुंदा बढी खर्च देखिएको जम्मा रु. ४१०३।१ फिर्ता लिने कारवाई नगरी राखेको । योजनाको परीक्षण गर्दा योजना शुरू नै नभएका तथा पूरा नभएका योजनाहरू सम्बन्धी कार्यकर्ता समेत बेपत्ता भै असूल उपर गर्नु पर्ने देखिएको रु. १२,८ वद।१२ नोक्सानी उपर गर्ने कारवाई नगरी राखेको । पेस्की गई राखेको रु. ४,४८६।५०, धरौटी रु. ४४,११६।६५ फछर्यौट नगरेको । घटाघट बेगर काठ चिरानी गराई रु. १,४५०।– खर्च गरेको समेत देखिएको ।

जिल्ला पञ्चायत कार्यालय, वीरगञ्ज

२०१६।२० मा जिल्ला पञ्चायत विकास कार्यालयहरूको लेखा केन्द्रीय विभागमा केन्द्रित हुनै भै उक्त विभागकै लेखापरीक्षणको सिलसिलामा लेखापरीक्षण गर्नु पर्ने भए अनुसार पञ्चायत विकास विभागले २०१६।२० देखिको आर्थिक विवरण नदिएबाट पञ्चायत विकास सम्बन्धी आर्थिक व्यवहारको कुनै पनि लेखापरीक्षण हुन गर्न नपाएको र जिल्ला जिल्लामा रहेका जिल्ला पञ्चायत विकास कार्यालयहरूमा भएका मालसामान तथा विकासका परियोजनाहरू तथा तत्सम्बन्धी ऋणहरू समेतको भौतिक परीक्षण गर्न तत्सम्बन्धी आर्थिक विवरण माग गरिएकोमा (जिल्ला पञ्चायत ऐन, २०१६ को आधार लिई पञ्चायत विकास विभागले उक्त ऐनको दफा ३६ को उप-दफा (२) बमोजिम हिसाब जांच गर्न श्री ५ को सरकारले खटाउने भए अनुसार सो व्यक्ति निर्णय भै नसकेको भनी परिपत्र गरी राखेको आधार लिई) आर्थिक विवरण नदिएकोले तत्सम्बन्धमा पञ्चायत मन्त्रालयमा (जिल्ला पञ्चायत विकास कार्यालय र जिल्ला पञ्चायत भिन्ना भिन्नै भै सो कार्यालय श्री ५ को सरकारबाट बजेट निकासा भै सञ्चालित हुने भए अनुसार काम हुने भई जिल्ला पञ्चायतका सभापतिको अध्यक्षतामा सञ्चालन सम्म हुने भएबाट उपर्युक्त परिपत्रले कानूनन् हुनु गर्नु पर्ने लेखापरीक्षणमा बाधा उपस्थित गरेको व्यहोरा समेत खोली) महीनौं अगाडि लेखी अनुरोध गरी पठाउंदा पनि तत्सम्बन्धी बाधा फुकाई नदिई उपस्थित भए गरेको बाधामा निश्चित निर्णय समेत नदिई लेखापरीक्षण गर्न नपाई लखौं राष्ट्रिय धन खर्च भै पूरा हुन नसकेको समेत परियोजनाहरूको भौतिक परीक्षण गर्न नदिएको ।

पञ्चायत विकास केन्द्र, कलैया

उक्त भारतीय सहायताबाट सञ्चालित विकास कार्यमा २०१६।२० मा दैनिक भ्रमण भत्तामा रु. ७१।१७ बढी खर्च लेखेको । रु. १५०।– को माल मौज्दात नदेखिएको । रु. ६५४।७५ दोहोरा खर्च लेखेको । पेट्रोलमा रु. ६८।२० बढी खर्च लेखेको । कोटेशन, बिल भरपाई बेगर मालसामानमा रु. ६६३।– खर्च लेखेको । निकासा बेगर चिल्ड्रेन पार्क आदिमा रु. ८,१५५।६२ र फाराम बनाउने काममा स्वीकृति बेगर रकमान्तर समेत गरी रु. ६८,५१८।७७ खर्च लेखेको । कोटेशन बेगर औषधि खरीदमा रु. ५२२।६० खर्च लेखेको । दैनिक भ्रमणमा रु. ५५०।०४ बजेट निकासा भन्दा बढी खर्च लेखेको । सिद्धेश्वर विद्यालयलाई दिएका सिमेण्ट बोरा १५० को दर तोडै नगरी रु. ७५६।– मात्र लिई बांकी असूल गर्ने कारवाई नगरेको ।

पञ्चायत विकास केन्द्र, गौर

२०१६।१७ मा रौतहट जिल्ला विकासको २०१६।१७ मा पछिल्ला सालमा जिम्मावारी सर्न गई विभिन्न योजनामा खर्च भएको रु. ३१,८७४।७७ र भा. रु. ५,७२७।७३ का योजनाहरू पूर्ण भई नसकेका । कुंवो बनाउन रु. ५,४८८।७६ र नदीको धार फर्काउन रु. ३,८४०।– सहायता गएको सम्बन्धित कागजपत्र मुद्दा परी प्राप्त नभएकोले लेखापरीक्षण गर्न नपाएको । विभिन्न व्यक्तिले ठाउं ठाउंमा सडक बनाउन लगेको रकम

मध्ये दौडाहाबाट असूल गर्नु पर्ने ठहराएको रु. ३३२।७९ र भा. रु. १५५– असूल नगरेको । नियम अनुसार निर्माण कार्यलाई किस्ताबन्दीमा खर्च प्रदान नगरेको । भा. रु. १,२२०।५४ खर्च लगाई बनाएको बांध पैन खोलाले बगाई लग्यो भन्ने सम्बन्धमा आधारभूत कुनै प्रमाणित कागजात पेश नगरेको ।

२०१७।१८ मा रु. १०,०००।३५ का विभिन्न योजनाहरू पूर्ण भई नसकेका ।

२०१८।१९ मा सिमेण्ट खरीद गर्न गएको रु. ४७।७० को सिमेण्ट प्राप्त नभएको र रु. ३२६।४० को योजना पूर्ण नभएको ।

पञ्चायत विकास कार्यालय, त्रिशूली

अमेरिकी सहायताबाट सञ्चालित विकास कार्य २०१९।२० मा रू. २४९।११ को बील भरपाई पेश नगरेको । निकासा बेगर का. मु. तथा अन्य भत्ता समेतमा रू. ६५२।– खर्च लेखेको । रू. १,४०८।०७ को लगबूक बेगर पेट्रोल खर्च लेखेको ।

पञ्चायत विकास केन्द्र, बीरगञ्ज

२०१८।१९ मा रू. ४८,३८३।३८ पेस्की फछर्यौट गर्ने कारवाई नगरी बांकी राखेको । नियमित तरीकाबाट लगबूक नराखी रू. १,६९८।८० को पेट्रोल खर्च लेखेको ।

ग्राम विकास विभाग

२०१६।१७ को आर्थिक विवरण प्राप्त नभएकोले लेखापरीक्षण हुन नसकेको ।

त्रिभुवन ग्राम विकास केन्द्र, गौर

२०१८।१९ मा रू. ५०।२२ दिन लिन नमिल्ने तलब भत्ता र ग्रेड खर्च लेखेको । दैनिक भ्रमण भत्तामा रू. १६७।५३ बढी खर्च लेखेको । अतिथि सत्कार रकमबाट दिन नमिल्ने रू. १३।६० दिएको । रू. १,४०७।३८ को मालसामान कोटेशन बेगर खरीद गरेको । रू. १२,८७२।८० को मालसामान टेण्डर लिनु पर्ने नलिई कोटेशन मात्र लिई खरीद गरेको ।

त्रिभुवन ग्राम विकास केन्द्र, बीरगञ्ज

२०१४।१५ मा मार्ग महीनामा डेभलपमेण्ट अफिसर भैरहवाबाट सरूवा भै आउँदा बांकी दिन २ हाजिर भै महीना पूरा भएको आधारमा भैरहवा तर्फ लिए नलिएको नबुझी पूरै महीनाको तलब ख्वाएको । हाकिमको २०१३ साल भाद्रको तलब २०१४ साल कार्तिकमा खर्च लेखेको कारण नखुलेको र रिकर्डमा नभएको चौकीदार समेतलाई तलब भा. रू. ३८६–८ खर्च लेखेको । भा. रू. ४३२।८।९ आदेश तथा विक्रेताको सहीछाप बेगर बीलको भुक्तानी दिएको । भा. रू. २४४।१३ दरदाममा बढी खर्च लेखेको । पयूल खरीद गर्न र कर्मचारीहरूलाई पेस्की गएको भा. रू. ३९०– फछर्यौट नगरेको । कुनै किसिमको आधारभूत प्रमाण बेगर पेट्रोलमा भा. रू. २ १३८– ।१ खर्च लेखेको । भा. रू. ७५१।३।६ खर्च लेखेको को कुनै आदेश तथा खर्चको फांटवारी समेत पेश गर्न नसकेको ।

२०१५।१६ मा भा. रू. १,९३५।८५ पेट्रोलमा खर्च भएको देखाएको तत्सम्बन्धमा पेश गरेका लगबूक रीत पूर्वकको नदेखिएको । स्वीकृति बेगर भा. रू. २५०– तलब रकमबाट ज्यालामा खर्च लेखेको । भा. रू. ८८३।६५ को मालसामान खरीद गर्दा कोटेशन नलिएको । भा. रू. ६६– नियमले दिन नमिल्ने दैनिक भ्रमण भत्ता खर्च लेखेको ।

अमेरिकी सहायताबाट सञ्चालित विकास कार्य २०१६।१७ मा पेट्रोल खर्च भा. रू. १,०६६–५३, रू. ७३१।१८ को लगबूक पेश नगरेको तथा पेश भएकोमा पनि उद्देश्य नखुलाएको । कोटेशन बेगर अनियमित तरीकाबाट रू. ५,४५२।३७ मालसामान खरीद गरेको । नियम प्रतिकूल पारी दैनिक भ्रमण भत्ता रू. १०४।७६ बढी खर्च लेखेको । हाजिर नभएका कर्मचारीलाई खुवाउन नहुने रू. २७०।– तलब खर्च लेखेको ।

प्रचार तथा सूचना केन्द्र, पोखरा

२०१७।१८ मा नियुक्ति बेगर पिएन २ को तलब रू. २६२।६७ खर्च लेखेको ।

२०१८।१९ मा नियुक्ति सदर बेगर रू. ८५।६० तलब खर्च लेखेको । रू. १,०००।– को बेरीतको कोटेशनबाट फर्निचर खरीद गरेको ।

रेडियो नेपाल

२०१९।२० मा कोटेशन बेगर रू. ४,२०४।५० मालसामानमा खर्च लेखेको । २०२० माघसम्ममा तयार गर्ने कबूलियत बमोजिम रिकर्डिङ्ग तयार गर्न पेस्की गएको रू. ५२,०००।– कबूलियतको म्याद नाघिएमा पनि काम फछर्यौट नभएको सम्बन्धमा कानूनन् गर्नु पर्ने कारवाई नगरेको ।

सहकारी विभाग

२०१४।१५ मा रू. १००।– को पेट्रोल खर्च भएकोमा प्रति ग्यालन पेट्रोलबाट सालाखाला ११.१९ माइल चलेको देखिएको । तर रीत पूर्वकको लेखा नराखेको ।

२०१५।१६ मा रू. १,८७५।– को पेट्रोल खर्च भएकोमा प्रति ग्यालन पेट्रोलबाट सालाखाला ७.९३ माइल चलेको देखिएकोले उचित परिमाणमा पेट्रोल खर्च भएको भन्न नहुने । सवारीबाट भ्रमण गरेकोमा ५० माइल नाघेपछि मात्र दैनिक भ्रमण भत्ता पाउनेमा ५० माइल ननाघेकोमा पनि रू. ५६।– दैनिक भ्रमणमा खर्च लेखेको ।

२०१६।१७ मा ५० माइल भित्रै भ्रमण गरेकोमा पनि दैनिक भ्रमण भत्ता रू. २१९।– खर्च लेखेको र पेट्रोलमा रू १,६००।– खर्च लेखेकोमा रीत पूर्वकको लगबूक नराखेको ।

सहकारी विभाग तथा तदन्तर्गतका अफिसहरू

२०१८।१९ मा सहकारी विभाग प्रशासनमा अमेरिकन सरकारसंग भएको सम्झौता प्राप्त नभएवाट यो यो काममा यो यति खर्च गर्नु पर्ने भन्ने समेत मूल्याङ्कन गर्न नपाएको को अतिरिक्त विभिन्न केन्द्र मार्फत वितरण गरेको रू. ८,६५,१९६।५० को ऋणको सम्बन्धमा कुन कुन केन्द्रहरूबाट के कति ऋण वितरण गरी के कति असूल भयो कति बांकी छ भन्ने मास्केवारी लिई तदनुसार हिसाब राख्न पर्नेमा विभागले सो नगरेकोले असूली तथा बांकीको मूल्याङ्कन हुन नआएवाट सहकारी ऋण व्यवस्थाको उद्देश्य पनि पूरा नहुने तथा राष्ट्रिय धनको पनि हानि नोक्सानी हुन जाने अवस्था पारेको । लगबूकमा समावेश नगरी रू. २९४।४० को पेट्रोल, भ्रमणमा रू. १२०।– बढी र दिनु नपर्ने दैनिक भ्रमण भत्ता रू. १५।५० समेत खर्च लेखेको ।

सहकारी विकास केन्द्र काठमाडौंमा अनियमित तरीकाले कायम मुकायम दिई रू. २६०।– का. मु. भत्ता खर्च लेखेको ।

सहकारी विकास केन्द्र भरतपुरमा फरार भएका एक पदाधिकारीसंगको पेस्की मध्ये बांकी रू. ५५६।४० असूल उपर गर्ने कारवाई नगरेको । दैनिक भत्तामा रू. २५।१६ बढी खर्च लेखेको । लेखाहरू रीत पूर्वक नराखेको ।

सहकारी (विभाग) ब्लकबाट विभिन्न ब्लकलाई गएको रू. ३९,४८२।– को विवरण तथा लेखा प्राप्त नगरेको । रू. ६७।२० बढी दैनिक भ्रमण भत्ता खर्च लेखेको ।

सहकारी विकास केन्द्र, काठमाडौं

२०१७।१८ मा नियम प्रतिकूल पारी रू. ४८०।२८ दैनिक भ्रमण भत्तामा खर्च लेखेको । मोटर सेवा चालू भएका ठाउँहरूमा विभागीय जीपबाट भ्रमण गराई रोडशेस, पेट्रोल आदिमा रू. २३।९० अनावश्यक खर्च लेखेको । तालीममा जानेहरूलाई जिल्ला केन्द्रबाट शोधभर्ना गर्ने गरी पाकेट खर्च दिएको रू. १,९२०।– शोधभर्ना नगरेको । कोटेशन लिई खरीद गर्न नपर्ने पार्ने १।२ दिन बिराई पटक पटक गरी रू. १,०९१।६१ को मालसामान खरीद तथा मर्मतमा खर्च गरेको । रू. १८०।६ को मालसामान जिन्सी किताबमा आम्दानी नबांधेको । नियमित लगबूकमा समावेश नगरी रू. १,९८७।९९ को पेट्रोल खर्च लेखेको ।

सहकारी विकास विभाग, नेपालगञ्ज

२०१९।२० मा घर भाडा रकमबाट रकमान्तर गरी रू. ११४।६० को मसलन्द र पङ्खा खरीद गरेको । रू. १७।४० को मालसामान जिन्सी किताबमा आम्दानी नबांधेको र १।२ दिनको फरक पारी कोटेशन नलिई रू. ९९९।– को फर्निचर सामानहरू खरीद गरेको ।

सहकारी विकास केन्द्र, भरतपुर

२०१७।१८ मा स्केल भन्दा बढी तलब खुवाएको रू. २,३५८।६६ असूल नगरेको । औषधी भत्ता रू. २१।६० र दैनिक भत्ता रू. ११५।– नियमले लिन खान पाउने भन्दा बढी दिएको असूल नगरेको । भ्रमण आदेश तथा उद्देश्य बेगर दैनिक भ्रमण भत्ता रू. ५८५।–, आदेश बेगर छाप्रो बनाउने काममा रू. ४९२।– र लिन खान पाउनेको भरपाई नगराई तथा रूपियाँ बुझनेको बिलमा निस्सा नलगाई रू. १५३।४० खर्च लेखेको । कोटेशन बेगर रू. ८१६।९० को मालसामान खरीद गरेको । रीत पूर्वकको लगबूक नरहेको तथा खरीद भएको पेट्रोल लगबूकमा समावेश नगरेको र पेट्रोल रकमबाट खर्च गर्न नहुने समेतमा रू. १,९४४।३८ खर्च लेखेको । फर्निचर बनाएको ज्याला रू. २८३।२० र लालटेनको मोल रू. ७।५० समेत जम्मा रू. २९०।७० खर्च लेखेकोमा सो फर्निचर र लालटेन मौज्दात नभएको भनी देखाउन नसकेको । २०१७ साल मार्ग र माघ महीनाको मास्केवारी पेश नगरेको ।

अमेरिकी सहायताबाट सञ्चालित विकास कार्य २०१९।२० मा रू. ।८७ घटी जिम्मावारी सारेको । रू. ३९।४० नियम प्रतिकूल पारी भ्रमण भत्ता खर्च लेखेको । शोधभर्ना गर्ने गरी दिएको रू. ३१६।२५ सोधभर्ना नगरेको । खर्चको लेखा ठीक तरीकाले नराखेको ।

प्रशासकीय व्यवस्था विभाग

२०१९।२० मा प्रशासकीय तालीम दिने प्रशिक्षकहरूलाई अफिस समयभित्र काम गर्दाको पारिश्रमिक नदिने मन्त्रिपरिषद्बाट सिद्धान्त स्वीकृति भएको प्रतिकूल पारी अफिस समय भित्र काम गरेकालाई सो प्रशिक्षण प्रारम्भ भएको २०१९।३।२४ देखि २०१९।६।२८ तकको पारिश्रमिक रू. ४५०।५ खर्च लेखी दिएको सम्बन्धमा बेरूजु उठाउँदा सो खर्च लेख्न पाउने कुनै कानूनी सबूद पेश गर्न नसकी कार्य सम्पादन नियम प्रतिकूल पारी महालेखा परीक्षकको अधिकारमा "अडिट जांचबाट देखिएको कैफियतमा असूल उपर गर्ने वा मिनाहा दिने श्री ५ को सरकार-को अधिकार भित्रको कुरा हुँदा अडिट जांचबाट देखिएको कैफियतमा सम्बन्धित कर्मचारीहरूसंग असूल उपर गर्नु भन्ने कुराको निर्णयको सूचना महालेखा परीक्षकको विभागबाट लेखी आउनु महालेखा परीक्षकको विभागको नियम तथा अख्तियारीमा मिल्ने कुरा होइन । यस विषय जो चाहिने बेहोराको सूचना महालेखा परीक्षकको विभागलाई दिने श्री ५ महाराजाधिराज सरकारका जुनाफमा पनि जाहेर गर्नु पर्ने देखिएमा जाहेर गर्ने भनी चिट्ठीको मसौदा समेत अर्थ मन्त्रालय ए. ज. अफिसमा पठाउँदा उक्त पत्रको मसौदा समेत समर्थन गरी पठाएकोले तदनुसार निर्णय हुनु पर्ने" भन्ने अप्रासांगिक बेहोरा समेत दर्शाई मन्त्रिपरिषद्मा प्रस्ताव पेश नरेकोमा पक्काउ गरेको बेरूजु मनासिब ठहराई निर्णय भएको देखियो ।

भूमिसुधार मन्त्रालय

विकास

सभें विभाग

विकास कोषबाट खर्च भएका सालदेखिको आर्थिक विवरण माग गरी प्रतीक्षामा रही पटक पटक ताकेता गर्दा पनि आर्थिक विवरण नदिई प्रस्तुत गरेका आर्थिक वर्ष २०१६।१७ देखि २०१८।१९ तकका लेखाहरू परीक्षण गर्दा देखिएका बेरुजुहरुका सम्बन्धमा स्पष्टीकरण तथा आर्थिक विवरण समेत माग गर्दै प्रस्तुत लेखाहरूको परीक्षण समाप्त भै सक्दा पनि आर्थिक विवरण नदिएबाट विभागीय सचिव अर्थ मन्त्रालयमा समेत लेखे पछि २०१६।१७ को फांटवारी विवरणसम्म पठाई अरू आर्थिक विवरण बारे "यो विभागमा एकाउण्टेण्ट फांट खडा नहुँदै भएको पुरानो कार्य भएको र हाल पनि यस फांटमा काम गर्ने कर्मचारीहरूको कमीले गर्दा तयार गर्न नसकिएको उपर्युक्त कार्य सम्पादन गर्न असमर्थता दर्शाउँदै भएको व्यहोरा अवगत गराएको छु" भनी २०२०।७।४ मा लेखी पठाई आर्थिक विवरण दिनेतर्फ लाग्नु नभएको सम्बन्धमा विभागीय सचिवले समेत तत्सम्बन्धी कर्मचारीहरू उपर कानूनन् हुनु गर्नु पर्ने बुझबुझारथ तथा विभागीय कारवाई गरी आर्थिक विवरण प्राप्त गराई दिनु पर्नेमा कुनै कारवाई नगरी दिनु भएबाट निकासा तथा खर्च एकीन हुन नआई लर्खौं रुपियांको विधिवत् लेखापरीक्षण गर्न नपाएको।

प्रस्तुत भएका २०१६।१७, २०१७।१८, २०१८।१९ को लेखापरीक्षण गर्दा देखिएका अनियमित तथा बेरुजुहरू मध्ये पूर्वाञ्चल सभें सर्कल विराट नगरको २०१७।१८ को आर्थिक व्यवहारमा गाडा भाडा दिएका बिल ४ को कच्चावार कलमै पिछे लेखिएका अंक पछाडि सय हुने गरी एक एकको अंक थपी जम्माजम्मीमा समेत थपी सच्याई कैफियत गरी जम्मा रु. १४००।– बढी खर्च लेखेकोमा स्पष्टीकरण लिदा साबिती समेत हुन आएका तत्सम्बन्धी कर्मचारीहरू उपर कानूनन् हुनु गर्नु पर्ने विभागीय कारवाई गरी फछर्यौट गरी पठाउन समेत लेखी पठाए अनुसार विभागबाट कारवाई गर्दै रहेको टुंग्याउन नपाउँदै विशेष पुलिस विभागले सो फाइल सभें विभागबाट खिची गरेका निर्णय उपर अपील परी गृह मन्त्रालयबाट भई रहेको कारवाई टुंग्याएको सूचना नआएबाट लेखापरीक्षण कार्य सम्पन्न गर्न नपाएको उक्त कलम बाहेक अन्य बेरुजुहरूको सम्बन्धमा प्रचलित कानून बमोजिम असूल उपर गर्नु गराउनु पर्ने समेत हुनु गर्नु पर्ने कारवाईका साथ फछर्यौट गरी पठाउन पटक पटक लेखी पठाउंदा पनि फछर्यौट गर्ने तर्फ कुनै कारवाई गरी फछर्यौट गरी नपठाएको निम्नांकित बमोजिम देखिन आएको छ।

डाइरेक्टर अफिस

आर्थिक वर्ष २०१६।१७ मा डा. सभें विभाग अन्तर्गतका अञ्चलहरू निमित्त वाणिज्य विभाग मार्फत झिकाएको रु. १,०६,४००।– को मालसामानको लेखा पेश नगरेको।

२०१७।१८ मा आर्थिक व्यवहार सम्बन्धी एकाउण्ट काम गर्ने साधिक पदाधिकारीका पालाको यति आम्दानी खर्च भै बांकी यति यसो भएको भन्ने तथ्य प्राप्त हुन नसकेको। उपलब्ध भए सम्मका बैंक पास बुक तथा ४ नं. फारामबाट ने. रा. बैंक सञ्चित कोष दाखिला जनाएको रु. ११,७५७।३५ को भाउचर र कौशीमा सोधभर्ना गएको जनाएको रु. १,३८,०००।– को भरपाई पेश नभएको। पेस्की गएको भनी जनाएको रु. २५,९३०।– र बांकी रु. ८,६७५।४६ को फांट पेश नभएको।

२०२८।१९ मा डाइरेक्टरले आदेशभन्दा दिन ५ बढी भ्रमण गरी रु. २११।६१ बढी खर्च लेखेको। जोताहा आदिको विभिन्न फर्महरू छाप्न घटी दरवाला छंदाछंदै बढी दरवालाबाट छपाई रु. ४४०।– बढी खर्च लेखेको। २०१७।१८ मा घटाघटी तथा टेण्डर बेगर खरीद गरेका फर्निचरको रु. ६,९२०।– निकासा बेगर भुक्तानी दिएको। विभाग तथा अन्तर्गत अञ्चलका कर्मचारीहरू को २०१६ सालको सञ्चित बिरामी बिदाको तलब रु. २,२०४।८५ खर्च लेखेको।

उपत्यका सभें सर्कल

२०१७।१८ मा आर्थिक वर्षभर खर्च भै बांकी रु. २६,५६१।– को हिसाब नभएको। विभिन्न स्रोतको आम्दानी रु. ३८०।९३ को हिसाब नभएको। तलब भरपाई भन्दा रु. ९५।७० बढी खर्च लेखेको। ने. रा. बैंकबाट झिकेका रुपैयां डोर डोरमा बांड्न निकासा बेगर रु. ९५।– मोटर भाडा खर्च लेखेको। तेजारथ कट्टी रु. ५१०।– दाखिलाको भरपाइ र कागत खरीद खर्च लेखेको रु. १६।– को भरपाइ नभएको। घटी दरवालासंग नली बढी दरवालासंग फर्निचर लिई रु. १९।– बढी खर्च लेखेको। कुल्लीहरूलाई बांड्न भनी इन्सपेक्टरहरूले लिएको रु. १७५।– को भरपाई नभएको।

२०१८।१९ मा विभागबाट खर्च लेखी लगेको रु. ३८०।– दिन २१ पछि मात्र आम्दानी बांधेको। रु. ६२४।५० पेट्रोल खर्च लेखेकोमा लगबुक नभएको।

पोखरा सभें सर्कल

२०१७६।१७ मा इन्सपेक्टर डोरबाट बुझाएको रु. २९।– स्रेस्तामा आम्दानी नदेखिएको। क्या. बि. मा घर आएका ५ जवान पदाधिकारीहरूलाई सरकारी काममा आए गए सरह जवान १ को रु. ६४।– दरले एक जवान बढी समेत गरी रु. ३८४।– प्लेन भाडा दिएको। फिल्ड भत्ताको भरपाई भन्दा रु. ५।– र हुलाक रसीद भन्दा रु. ।५० बढी खर्च लेखेको। कोटेशन बेगर पटक पटक गरी रु. १६४०।७० को मालसामान खरीद गरेको।

२०१९।२० मा खर्च भएको रु. १०२।१० पनि स्रेस्तामा अनियमित तरीकाबाट खर्च लेखेको।

विराट नगर सभें सर्कल

२०१६।१७ मा ग्लास खरीद गरी बिलभन्दा रु. ६९।३० बढी खर्च लेखेको। वीरगञ्जबाट सरुवा भएका सेटलमेण्ट अफिसरले विकास नियमले २ जनासम्म परिवारको खर्च पाउनेमा बढी गरी वीरगञ्ज र काठमाडौंबाट समेत २ पटक पारिवारिक दैनिक भ्रमण भत्ता लिई रु. ३१०।६९ बढी लिएको। कोटेशन घटाघट बेगर रु. १,९८४।७३, भा. रु. २,९९९।३५ को मालसामान खरीद गरेको। डोर डोरमा लांदा ल्याउंदा चाहिने मालसामान ढुवानी निमित्त घटाघट कुनै नगरी रु. २,४३६।६०, भा. रु. ४,००१।– ढुवानी खर्च लेखेको। फिल्ड भत्ताको भरपाई भन्दा रु. १००।– बढी खर्च लेखेको। कोशी बांधमा परेका जग्गाको नाप नक्सा गर्दाको भारत सरकारबाट लिनु पर्ने तलब भत्ता आदि खर्च प्रोजेक्टबाट लिएको नदेखिएको। डोर डोरमा निरीक्षण गर्न जांदा भनी निकासा बेगर घटाघट समेत नगरी मोटर जीप भाडामा लिई भाडामा लिएको जीपमा पेट्रोल मोबिल रोडशेष समेत के रु. २०३।२४ भा. रु. १,१३९।।.।।। समेत जम्मा भा. रु. ३,१०७।।.।।, रु. ३,१८६।३४ खर्च लेखेको।

२०१८।१९ मा म्याग मेष्ट कम्पास मर्मत गर्न भनी बिना अडर एक कर्मचारी जिम्मा पठाउनुको अतिरिक्त सेटलमेण्ट अफिसर समेत २ पटक अनावश्यक हवाई मार्गबाट काठमाडौं आई दैनिक भ्रमण तथा मर्मतमा समेत जम्मा रु. ६०८।२० खर्च लेखेको। कुल्लीको भरपाईभन्दा रु. ४९।–, चेनमेनको भरपाइभन्दा रु. ६०।– र अन्य कर्मचारीको भरपाईभन्दा रु. १६१।६४ समेत बढी खर्च लेखेको। विभागीय निकासा बेगर सेटलमेण्ट अफिसर विशेष पुलिस विभागमा अनुसन्धानको काममा आएको भनी पटक पटक आवत जावत गरी काजमा रही दैनिक भ्रमण भत्ता रु. ६८६।४० खर्च लेखेको।

२०१८।१९ मा बिल भरपाई भन्दा रु. ७६४।८७ बढी खर्च लेखेको। रु. २।४० आम्दानी बांधन छुटाएको। आर्थिक वर्षको खर्च कटाई बांकी मध्ये रु. १००७।३१ को हिसाब पेश नभएको।

वीरगञ्ज सभें सर्कल

२०१६।१७ मा रु. २३,००५।५५ को घटाघट तथा कोटेशन बेगर मालसामान खरीद गरेको।

भक्तपुर सभें सर्कल

२०१६।१७ मा ने. रा. बैंकबाट झिकेका रकमबाट डोर डोरमा तलब बांड्न जांदा भनी रु. २५७।– निकासा बेगर मोटर भाडा खर्च लेखेको। अफिस घर लिप–पोत गर्नलाई निकासा बेगर रु. ६०।– तलब खर्च लेखेको। घटाघट कोटेशन बेगर रु. ३,४२३।७७ को मालसामान खरीद गरेको। पटक पटक गरी रु. ३००।६५ को कपडा खरीद गरेको भनी विक्रेताको निस्सा नलगाएको बिलबाट खर्च लेखेको।

भैरहवा सभें सर्कल

२०१६।१७ मा वाणिज्य विभाग मार्फत झिकाई आएका मालसामान छुटाउन माल आग्रो आएन भनी हेर्न गएको, फरम खरीद गर्न गएको आदि भनी रु. २०७।७८ अनियमित बढी खर्च लेखेको। मालसामान आई पुगेन भनी अनावश्यक डाइरेक्टर, सेटलमेण्ट अफिसर समेत लखनौ गै रु. २२५।३० बढी खर्च लेखेको।

२०१७।१८ मा आर्थिक वर्षभरमा खर्च भै बांकी रु. २४,८४४।०७ ने. रा. बैंक दाखिलाको भाउचर पेश नगरेको। कम्पनीबाट आएका मालसामान समयमा नछुटाई रु. ६९।२४ डिमरेज ह्वारफेज तिरेको। रेलबाट भ्रमण गर्नु पर्नेमा हवाई मार्गद्वारा भ्रमण गरी रु. ३०४।१० बढी खर्च लेखेको। मध्यमाञ्चल सभें सर्कललाई निकासा भएको पेट्रोल रकमको रु. ६००।– निकासा बेगर विभागले लिई खर्च गरेको। सेटलमेण्ट अफिसर सरुवा हुंदा नियमले पाउनेभन्दा बढी परिवारको दैनिक भ्रमण भत्ता रु. ५२६।– खर्च लेखेको (वीरगञ्जबाट सरुवा हुने र यी एकै पदाधिकारी हुन्) तलब भरपाई भन्दा रु. ११०।– बढी खर्च लेखेको। कोटेशन बेगर मालसामान खरीद तथा मर्मत र फरम छपाई समेतमा रु. ६,३८६।७० खर्च लेखेको। सरुवा भै गएका पदाधिकारीहरूले पाउनेभन्दा रु. ३८८।७२ बढी दैनिक भ्रमण खर्च लेखेको।

२०१८।१९ मा डोर डोरमा निरीक्षण गर्न भनी घटाघट बेगर रु. १,४३६।– गाडा भाडा खर्च लेखेको। सरुवा भै जाने पदाधिकारीहरूको अनियमित तरीकाबाट डबल खर्च लेखी रु. ३३३।३३ बढी खर्च लेखेको।

मध्यमाञ्चल सभें सर्कल

२०१७।१८ मा आर्थिक वर्षमा खर्च भै बांकी रु. १३२।९१ को हिसाब र रु. ३८,८५३।८४ रमिति मितिमा रु. ४,४५०।– समेत ने. रा. बैंक दाखिलाको भाउचर पेश नभएको। डोर डोरमा तलब बांड्न र निरीक्षण गर्न जांदा भनी घटाघट बेगर मोटर भाडा रु. ८९२।– अनियमित खर्च लेखेको। तलब भरपाई भन्दा रु. ७०।– र मट्टितेलको बिलभन्दा रु. ६।४० बढी खर्च लेखेको। वीरगञ्ज सरुवा भएका कर्मचारीले छोटो किफायती बाटोको भ्रमण नगरी बढी खर्च गर्ने बाटोबाट भ्रमण गरी रु. २९।२९ बढी खर्च लेखेको।

२०१८।१९ मा बुझबुझारथ गर्न भनी काठमाडौं आई काजमा रहेका अवधिको र आतेजाते खर्च समेत रु. २०२।७४ अनियमित तरीकाले खर्च लेखेको।

पोखरा सभें सर्कलमा २०१७।१८ मा कर्मचारीहरू पोखराबाट काठमाडौं आदेश बेगर आवत जावत गरेकोमा रु. ३८४।– प्लेन भाडा खर्च लेखेको। तलब भत्ताको भरपाईभन्दा रु. २४७।१३ बढी खर्च लेखेको। कोटेशन बेगर रु. ४,३२३।– को फर्निचर खरीद गरेको पेस्की रकम मध्ये आर्थिक वर्ष २०१८।१९ मा विभिन्न काममा खर्च भएको रु. ७,३३५।६६ पनि २०१७।१८ कै स्रेस्तामा अनियमित तरीकाले खर्च लेखेको। आर्थिक वर्षको अन्तमा हुनु पर्ने बांकी रु. १००।६६ को हिसाब नदेखिएको।

२०१४ सालदेखि साल बसाल लखौं रुपैयां खर्च लगाई जिल्ला जिल्लाको सर्भे भएको देखिएको तर तदनुसार जिल्ला मालहरू समेत लाई सर्भेबाट खडा गरी दिनु पर्ने जम्मा बन्दी समेत स्रेस्ताहरू आजसम्म खडा गरी नदिएको कारणबाट लगत कायम हुन नगई लखौं रुपैयां असूल उपर गर्ने कारवाई हुन नसकेको ।

२०२१।२२ मा डिल्ली बजार चारखाल अड्डा बसेको घर भवन विभाग मातहत भएको हुंदा सर्भे विभागले तला थपी बनाउन भवन विभागसंग सम्पर्क राखी लगत इष्टिमेट गर्नु पर्नेमा नगरी बाहिरका प्राविधिज्ञबाट गराएको लगत इष्टिमेट श्री ५ को सरकारको सम्बन्धित विभाग-बाट चेक नगराएको ।

टेण्डर फारम बिक्रीको रकम तुरुन्तै स्रेस्तामा आम्दानी बांध्नु पर्नेमा नयां स्रेस्ता प्रणालीले नमिल्ने भनी स्रेस्तै नगरी प्रचलित कानूनको म्याद नघाई ने. रा. बैंक दाखिल गरेकोमा लाग्ने सूद समेत दाखिल नगरेको । आह्वान गरेको टेण्डरहरू साथ आएका अर्नेष्ट मनी धरौटी स्रेस्तामा आम्दानी नबांधेको । स्वीकृत नभएका टेण्डरवालाको अर्नेष्ट मनी उही दिन फिर्ता दिएको भनेकोमा पनि रीतपूर्वकको स्रेस्तामा खर्च नलेखेको । टेण्डर स्वीकृत भएकाको पनि टेण्डर खोलेको दिनमा टेण्डर साथको अर्नेष्ट मनी र निज ठेकदारबाट तत्काले थप लिनु पर्ने २।। प्रतिशत समेतको डिपोजिट रकम सोही दिन धरौटीमा आम्दानी नबांधेकोमा ३ दिनभित्र आम्दानी नबांध्नेलाई प्रचलित कानून बमोजिम हुनु पर्ने सजाय नगरी निजठेकदारलाई २०२१ साल आषाढ २२ गते पेस्की दिएको ३ दिन पछि मात्र ने.रा. बैंकमा जम्मा गरेको देखिएबाट पेस्की दिनु अघि समयमै सो रकमहरू अड्डामा दाखिल भएको रहेछ भन्ने ठाउं रहन नआएको । टेण्डरहरू हाराहारी (बत्तीस पुतली बानेश्वर) का तीन व्यक्तिको नामबाट पर्न आएका एकै छापको सील मारेको एकै लिपिका हस्ताक्षरको खाम र एकै मितिमा एकै साथ दर्ता हुन आए पछि एक पार्टीको मात्र टेण्डर पर्न आएको भन्ने सरासर देखिन आएको कुरालाई लिएर कानूनन् अर्को टेण्डर आह्वान गर्नु पर्ने अवस्था परेको कुरा जानी जानी तदनुसार नगरी सो एकै पार्टीको भन्नु पर्ने मध्येका एक व्यक्तिलाई ठेक्का बन्दोबस्त गरेको देखिएको । ठेकदारलाई पेस्की दिने शर्त विज्ञापन गर्दा नराखेको र तदनुसार सिल्डटेण्र परीसकेपछि पेस्की दिने गरी फेर बदल बदल गर्नु परेपछि विकास नियम बमोजिम सो सबै सिल्ड टेण्डरहरू खारेज गरी अर्को टेण्डर आम्हान गर्नु पर्नेमा नगरी पेस्की दिने व्यवस्था मिलाई पेस्की दिएबाट सो सुबिधा बमोजिम किफायत साथ कबूल गर्ने अन्य टेण्डरवालाहरूले टेण्डर दिन नपाउने अवस्था पारी उक्त ठेकदारलाई गैरकानूनी लाभ नपुऱ्याएको भन्ने ठाउं नरहेको ।

अघि जम्मा लमाई ८३।६ को नक्सा लगत इष्टिमेट गर्दा शौचालयको निमित्त अन्दाजी रु. १,०००।– समेत जम्मा रु. १६,२८५।२८ र सिनिसियन चार्ज समेत रु. १६,८०३।६३ को लगत इष्टिमेट भएकोमा सयकडा १० ले थप रु. १,६८८।३६ समेत रु. २१,८७१।६६ निकासा गराई रु. १६,२५०।– मा ठेक्का बन्दोबस्त भई बन्न लागिसके पछि फूट ३।६ थपी ८७ फूट गरी बनाउन भनी रिभाइज्ड लगत इष्टिमेट गरा-एकोमा सो थप्ने फूट ३।६ को र अघि अन्दाजी रहेको शौचालयको सम्म लगत इष्टिमेट गर्नु पर्नेमा तदनुसार नगरी निकासा भै सकेसम्मको रकम खर्चमा पार्ने गरी काम शुरू भएका करीब २७ दिन पछि (जुन अवस्था सम्ममा पेस्की समेत गरी रु.६,५००।–ठेकदारलाई रनिङ्ग बिलबाट भुक्तानी दिई सकेको छ) जम्मा ८७ फूटको हिसाबबाट अघिको इष्टिमेटमा रदल बदल गरी शौचालयको हुन आएको रु.५००।--समेत जम्मा रु. २१,१०७।३७ टेक्निसियन चार्ज रु. ६३३।२१ समेत जम्मा रु. २१,७४०।५८ को अनियमित तरीकाबाट रिभाइज्ड लगत इष्टिमेट गरी गराई प्रचलित कानून बमोजिम गर्नु पर्ने काम कारवाईको रीत समेत नपुऱ्याई बनाउन लगाई राष्ट्रिय धनको नोक्सान पारेको ।

ठेक्काबाट निर्माण भएको घर जांच पास गरी सके पछि मात्र सरकारको जिम्मा हुनेमा रनिङ्ग बिलबाट भुक्तानी दिई राष्ट्रिय सम्पत्तिमा परिणत भई सकेको र योजनाको काममा लगाई टुटी फुटी काम नदिने भएको भनी वर्षादमा गारो छोप्न सरकारी पाल र लिलाम गर्ने व्यवस्थाको निमित्त छानी बाहिर राखिएको मालसामानबाट खट बांध्न हुनेसम्मको काट बेसाबूद बेञ्चहरू समेत खट बांध्न दिएको भनी गैर–कानूनी तरीकाबाट ठेकदारलाई सुबिधा दिएकोमा सो मालसामानहरू त्यसरी दुरुपयोग भएबाट तिनीहरू लिलाम बिक्री हुंदा तिनीहरूको मूल्य ह्रास हुन गई राष्ट्रिय धनको नोक्सानी पारेको । हिउंद महीनामा कौशीमा पाल टांग्दा राष्ट्रिय धनको नोक्सानी हुने कुराको आपत्ति उठाउंदा उठाउंदै शुद्ध वर्षादमा कौशीमा पाल सुकाएको भन्ने बहानागरी पाल टांगी ठेकदारको सिकर्मीलाई काम गर्ने सुबिधा दिई त्यसरी पाल टांगेबाट पानी समेत चुहुने भई मर्मत गर्न पर्दा राष्ट्रिय सम्पत्तिको नोक्सान हुने अवस्था पारेको । उपर्युक्त बमोजिम तत्कालीन सर्भे विभागको डाइरेक्टर समेतले अवैध तरीका अङ्गाली राष्ट्रिय धन नोक्सान पारेको सम्बन्धमा विभागीय कारवाइको लागि लेखी पठाउंदा विभागीय सचिवले तदनुसार कारवाई चलाएको बारेमा केही लेखी पठाउनु भएन ।

जिल्ला सर्कलहरूमा पठाउनु पर्ने १७ थान ट्रकहरू हवाई जहाज वर्षामा नपाएको भनी लडने खिया लाग्ने गरी बिना छत कौशीमा घाम पानीमै पारी राखी राष्ट्रिय धनमाल बरबाद पारेको ।

२०२१।२२ मा संयुक्त राज्य अमेरिकाको सहायताबाट सर्भे सम्बन्धी विकास कार्य चालू भई रहेको हुंदा त्यहांबाट उक्त सवारी आउन सक्ने कुरा छानबीन नगरेको । सर्भे विभागबाट नयां रसियन मोटर एक तथा मोटर साइकल ३ खरीद गरेकोको अतिरिक्त डाइरेक्टर तथा डेपुटी डाइरेक्टरलाई निजी काममा प्रयोग गर्न दिई पेट्रोल ग्यालन १० को रु. ७२।– खर्च लेखेको (घरबाट अफिस र अफिसबाट घरमा जांदा आउंदा प्रयोग नगर्नु भन्ने कुनै नियम नभएको भनी प्रयोग गर्न दिएको) देखिएको सम्बन्धमा भूमिसुधार सचिवको भनाइ माग्दा ग्यारेज नभएकोले उक्त काम गर्नु परेको मनासिब देखिएको भन्ने अनुपयुक्त जवाफ पठाउनु भएको ।

सर्भे गोस्वारा, जनकपुर

२०२०।२१ मा ३ नं. सर्भे गोस्वारा जनकपुरमा रहेको सरकारी मोटर घामपानीले बिग्रन नाशिन सक्ने किसिमबाट बाहिर खुला ठाउंमा राखेकोको अतिरिक्त इञ्जिन बंदली ब्रेरिङ्ग बायांको दायांमा सारी सकेको पुरानो मोटर निकासा बेगर खरीद गरेको सम्बन्धमा डाइरेक्टर सर्भे विभागलाई लेखी पठाउंदा नयां मोटर खरीद गर्न बजेटमा निकासा भएको रुपैयांबाट नपुग्ने भई किफायतसाथ टुरिष्ट विभागमा सम्पर्क राखी रु. ६,००।– मा खरीद गरेको हुंदा त्यसो पर्न जानु अस्वाभाविक होइन भन्ने जवाफ दिनु भएको । तर सो मोटर खरीद गर्दा ओल रु. ६,२००।– र भन्सार महसूल रु. ६,२००।– समेत जम्मा रु. १८,४००।– परेको हुंदा त्यत्रो रकम खर्च गरी उपर्युक्त किसिमको पुरानो सवारी खरीद गरी लापर-वाही साथ राखी राष्ट्रिय धन बरबाद पारेको ।

महालेखा परीक्षकको विभाग

२०२१।२२ मा क्षेत्रीय अफिसहरूले भारतमा खरीद गरेका फर्निचरका मालसामानहरूमा लागेको सेल टचाक्स रु. ४२।६६ फिर्ता नलिएको । दैनिक भ्रमण भत्तामा बढी खर्च लेखेको रु. १३।– दाखिल नगरेको । पूर्वाञ्चल सञ्चालक अफिस र क्षेत्रीय अफिसहरूले कोटेशन बेगर रु. २,५४८।– को फर्निचर खरीद गरेको ।

रक्षा मंत्रालय

विभिन्न पदाधिकारीहरूको भरपाई भई गएको साइप्रस ब्राण्डी बोतल जम्मा १५५ मध्ये बोतल ८ को मात्र मोल असूल गरी बांकी बोतल १४७ को मोल रु. ४,७०४।– को सम्बन्धमा ६।७ वर्ष बिती सक्दा पनि मोल असूल उपर गर्ने ठोस कारवाई केही नगरी लेखापरीक्षणबाट बेरूजु फेला पारे पछि मात्र तत्सम्बन्धमा असूल गर्ने कारवाई सम्म गरेको असूल उपर भई नसकेको । साइप्रस ब्राण्डी रहेको कोठा विगत २०१८ सालमा निरीक्षण गर्दा उक्त साइप्रस ब्राण्डी राखेको कोठामा उज्यालो पार्नको लागि छानामा जडेको ऐना फुटी पानी चुहुने भएको तत्कालै मर्मत गरी नोक्सानीबाट बचाउ गर्नु पर्ने नगरेकोबाट साइप्रस ब्राण्डी रहेको बन्दी बाकसहरूमा पानी चुही नोक्सानी भै रहेको हाल निरीक्षण गर्दा देखिन आई तत्सम्बन्धमा स्पष्टीकरण माग्दा बराबर क्याम्प कमाण्डेण्टलाई मौखिक रिपोर्ट गरी राखेको हालसम्म मर्मत हुन नसकेको र हाल आर्मी हेड क्वार्टर्सको अगाडि र ठाउं ठाउंमा थपी बनाउने काम भैरहेको हुंदा सो समेत साथै चांडो मर्मत गराउने काम भैरहेको छ भन्ने जवाफ दिएको तथा सो मर्मत गर्ने प्रबन्धको लागि निकासा मागेको सम्म देखिएको । साइप्रस ब्राण्डीको खाली शिशी गोटा ५०४ लिलाम बिक्री गर्ने समेत कुनै कारवाई नगरी त्यसै राखी छाडेको । लेखापरीक्षणबाट फेला पारे पछि हाल मात्र लिलाम गर्ने निकासालाई कारवाइ गरेको सम्म देखिएको तद्नुसार कार्य सम्पन्न नभएको । साइप्रस ब्राण्डीहरू साबूद बोलत १ को रु. २०।– र अधूरो पूरा गरिएको बोतल १ को रु. १२।– दरले बिक्री गर्ने २०१८।३।१५ मा निकासा भएको तदनुसार एकै पटक वा सरासर चांडै बिक्री हुने बन्दोबस्त मिलाउनु पर्नेमा तदनुसार पर्ने व्यवस्था केही नभएबाट पूरा ३ वर्ष भै सक्दा जम्मा ६,२०२ बोतल सम्म बिक्री हुन गई अरू २३,११४ बोतल बिक्री हुन बांकी देखिएकोले उक्त बिक्रीको अनुपातमा हिसाब गर्दा बांकी शिशीहरू सबै बिक्री भै सक्न धेरै वर्ष लाग्न जाने भई सो चीज पनि नोक्सान हुंदै गई राष्ट्रिय धन बरबाद हुन जाने देखिएको ।

नं. २ वाहिनी अड्डा, विराटनगर

साइप्रस ब्राण्डी रहेको सरकारी भण्डारमा ठेकदारको पनि ताला लागेको भै भौतिक परीक्षण गर्न नपाएको । साइप्रस ब्राण्डी साबूद बोतल १ को भा. रु. २०– र अपूरो पूरा गरेको बोतल १ को भा. रु. १२– दरमा बिक्री गर्ने २०१४।११।८ मा श्री ५ महाराजाधिराजबाट निकासा बक्सेको ठीक १ वर्ष पछि २०१५।१२।१३ मा मात्र साइप्रस ब्राण्डी बोतल ११,०७६ जम्मै एकै पटक जिम्मा दिई त्यसको मोल भा. रु. ५०,००१। ब्राण्डी बुझी लिएको मितिले १ वर्षभित्र र बांकी मोल यसको ७ महीनाभित्र बुझाउने गरी बिक्री गर्न ठेकदारलाई बुझाई दिने निकासा भै गएको । ८४५ बोतल साइप्रस ब्राण्डी नोक्सानी भएको सम्बन्धमा केही ठोस कारवाई नभएको । ठेकदारले जेथा जमानी पुग्दो मात्रामा दिन नसकेकोले टेक्का पट्टा हुन नपाएकोबाट ब्राण्डी बुझाई नदिएकोमा निज ठेकदारले मलाई मालबाट साइप्रस ब्राण्डी बुझाई नदिएकोले पहिलेको शर्त बमोजिम ब्राण्डीलिन इच्छा छैन भनी धेरै समय पछि २०१६।८।२२ मा निवेदन दिई तत्पश्चात् २०१७ साल बैभितिमा निजै ठेकदारले उक्त ब्राण्डी ५ पांच वर्षमा बिक्री गर्ने र बिक्री नभएको जति साबूद बोतल फिर्ता बुझाउने गरी ठेक्का पाऊं भनी निवेदन दिएको सो निवेदन उपर कारवाइ भएको किनारा लाग्न बांकी हुंदा हुंदै र ठेकदारले आफ्नो शर्त अनुसार चाहिंदो मात्रामा जेथा जमानी दिई ठेक्का नउठाए पछि तत्सम्बन्धमा प्रचलित कानून बमोजिम आर्को ठेक्का बन्दोबस्त समेत कौनै केही कारवाइ नगरी ठेक्का नउठोउने त्यस्तो व्यक्तिलाई नै पटक पटक निवेदन दिन पाउने मौका दिई अन्त्यमा साथि उल्लेख भए बमोजिम स्थितिमा सरकारलाई फायदाको बदला सोझै देखादेख नोक्सान पर्न गएको देखिदा देखिदै पहिलेको शर्त बमोजिम ठेक्का उठाउने व्यक्तिलाई नै सरकारको हानि नोक्सानीको ख्याल नराखी उसको शर्त बमोजिम ज्यादै होलो शर्तमा ठेक्का दिने गरी रक्षा मन्त्रालयले ५ वर्षको भाखामा दिने २०१८।१।९।६ मा निकासा गराएको । सो साइप्रस ब्राण्डी त्याएको हाल पूरा ११ वर्ष व्यतीत भै सक्दा औ बिक्री वितरण गर्न पटक पटक निकासा हुंदा पनि बिक्री नभई जाकड रहेको तथा के कति ब्राण्डी कति खोलमा खरीद भएका हुन् तत्सम्बन्धी कुनै लेखा प्रस्तुत नभएको । साइप्रस ब्राण्डी ९९० शिशी घटी भै हिसाब फरक देखिएको । हालसम्ममा पनि सो ब्राण्डी बिक्री हुन नसकेकोबाट त्यसरी राखिछोड्दा नोक्सानी बढ्दै गएको हुंदा अब पछि बिक्री गर्दा बसभन्दा पनि अरू बढी नोक्सान भई प्रशस्त मात्रामा राष्ट्रिय धनकोबरबाद हुन जाने देखिएको ।

अर्डिन्यान्स डिपो

टुंडिखेल मुनि कोत खानाको २०१८।१९को लेखापरीक्षणको सिलसिलामा नेपालको संविधान तथा लेखापरीक्षण ऐनको दफा ५(३) अनुसार कोतखानाको हात हतियार तथा गोली गट्ठाहरू बालगिरि गएको सम्बन्धमा समेत लेखापरीक्षण गर्न विवरण माग गर्दा शाही सेना अन्तर्गतका हात हतियार कुन कानूनले परीक्षण गर्न मिल्ने भनी लेखापढी गर्नपछि लागी परीक्षण गर्न नदिएको । अघि श्री कुमारी चोकले बही बुझ्ने व्यवस्था हुंदा त्यहां तत्सम्बन्धी खेस्ता दाखिल भै उक्त हात हतियारको आम्दानी खर्चको बारेमा जांच भै आएकै र वर्तमान महालेका परीक्षकको लेखापरीक्षण व्यवस्थामा भएको सरकारी भण्डार गोदाम र तहबील मौज्दात ठीक छ छैन एवं मालसामान हिफाजतसाथ राखेको छ छैन भनी परीक्षण गर्न अधिकार दर्शाई २०२९।२० को लेखापरीक्षणको सिलसिलामा समेत लेखी पठाई विवरण माग गर्दा पनि तत्सम्बन्धी विवरण नपठाएबाट भौतिक जांच समेत गर्न नपाएको ।

आर्थिक वर्ष २०१८।१९ र २०१९।२० मा समेत शाही सेनाका निमित्त चाहिने मालसामानहरू झिकाउन ट्रेजरी वाणिज्य समेतमा गएको जम्मा रु. २३,०१,८८२।३९ मध्ये रु. २०,५८,८४३।८६ को मात्र मालसामान आई रु. २,४३,०३८।५३ को मालसामान प्राप्त गराई नसकेको ।

आएका मालसामान वितरण भएकोमा विभिन्न पदाधिकारीहरूबाट असूल गर्नु पर्ने रु. १,३९६।२४ असूल नगरेको । चीन सरकारबाट प्राप्त कस्मिराको मोल ६ महीनामा असूल उपर गरी सक्नु भन्ने हुकूम प्रमाङ्गी भैरहेकोमा वितरण भएको विभिन्न किसिमका जम्मा कपडा गज १,३९०,३५९ ३।।। को मोल तोकी असूल गर्नु पर्ने समेत हुकूम प्रमाङ्गीको म्याद नाघी बर्षौं भै सक्दा पनि नगरेको । अफिसमा रहेका पुराना मालसामानको मोल तौल खुलाई खेस्ता नगरेको । मिलिटरी अस्पतालको लागि झिकाइएको रु. २,३३,३५१।१६ को औषधि मध्ये प्राप्त भएको रु. ३२,५५४।– को औषधिको खेस्ता परीक्षण नगराएकोको अतिरिक्त रु. २,००,७९७।७ को औषधि प्राप्त गराई नसकेको । पदाधिकारीले २०१५ मा धरौट राखेको रु. २,६५८।६०, भा. रु.. १५।।। सदर स्याहा गर्ने कारवाइ नगरेको । टेण्डर कोटेशन बेगर रु. ४,९९९।६० को मेण्टिन्यान्स सामानहरू खरीद गरेको । पेट्रोल समेतको सवारी सुबिधा पाएका पदाधिकारीले सवारी उपयोग गरेको लगबूक पेश नगरेको । सवारी सुबिधा निमित्त पेट्रोल पाएका पदाधिकारीले सरकारी सवारी प्रयोग गरी पेट्रोल ग्यालन २३३ खर्च गरेको । सरकारी भेहिकलहरू खेस्तामा आम्दानी नबांधी राखेको । भांडामा गएको मोटरको भाडा रु. २५।२७ असूल नगरेको । भगुवा खाली भएका जवानसंग असूल गर्नु पर्ने मालसामानको मोल तोकी असूल उपर गर्ने कारवाइ नगरेको ।

२०१९।२० मा रायल आर्मी हेड क्वार्टर्स अर्डिन्यान्स डिपोको खेस्ता केलाउने बोर्डले कर्मचारीहरूलाई ओभर टायम राखी बिदामा समेत काम गराउने गरी अध्यक्ष समेतको निमित्त रु. ६,१५०।– र म्यादी मद्दतको निमित्त रु. १,२००।– समेत जम्मा रु. ७,३५०।– निकासालाई पेश गरेकोमा ओभर टायम राखी काम लगाउने सम्बन्धमा (सरकारी समयभन्दा कमसेकम ३ घण्टा भन्दा बढी लगातार १० दिनभन्दा बढी काम गराउनु परेमा पर्नाको कारण खुलाई स्वीकृति गराई नन्गजेटेड् कर्मचारीसम्मलाई एक दिनमा पाउने तलबको घण्टाको दरमा हिसाब गरी काम गरेका बढी घण्टासम्मको ओभर टायम भत्ता दिने भन्ने) नीति भै रहे अनुसार कर्मचारीहरूलाई प्रोत्साहन स्वरूप भत्ता दिई ओभर टायम राखी र बिदामा समेत काम गराएकोमा उक्त बोर्डको सिफारिश बमोजिम ओभर टायम भत्ता र थप मद्दत समेत निकासा (ग्याजेटेड्ले नपाउने नीति भैरहेकोमा रक्षा मन्त्रालयले निकासा माग्दा निर्धारित नीति अनुसार दिन मिल्ने भनी दर्शाएकोबाट भएको) भए बमोजिम अर्थ मन्त्रालयले काम गर्ने नन्ग्याजेटेड् कर्मचारीहरूको रकमसम्म निकासा दिनुपर्नेमा दोहऱ्याई निकासा नगराई ग्याजेटेड्ले समेत पाउने अर्थ लगाई आर्थिक नीतिको प्रतिकूल हुने गरी निकासा दिएको । रक्षामन्त्रालय तथा सो बोर्डले समेत ओभर टायम बसी काम गरेको समय देखिने गरी रिकर्ड राख्न लगाई नीति तथा निकासा बमोजिम गर्न पर्नेमा २०१९ साल माघ २ गतेदेखि फागुन २० गतेसम्मको समय नै नदेखिने गरी र फागुन २१ गतेदेखि २०२० साल आषाढ मसान्तसम्म पनि अध्यक्ष सदस्य बाहेक अरू कर्मचारीहरूको मात्र टायम जनाई हाजिर रिकर्ड राखी काम गराएको । सो अवधिको अध्यक्षदेखि कर्मचारीहरू समेतलाई मासिक तलब सरह खाए खुवाएको रकम मध्ये नियमले नपाउने ग्याजेटेड् अफिसरहरू समेत अन्य कर्मचारीहरूको ओभर टायम बसेको टायम नजनिएको समयको र उक्त कर्मचारीहरूले सार्वजनिक तथा रकम लिई बिदा बसी काम नगरेको दिनको समेत जम्मा रु. ३,३४१।८६ नीति विरुद्ध गई खुवाई राष्ट्रिय धनको नोक्सान पारेको ।

क. कि. जङ्गी फांट

२०१९।२० मा शाही सेनाका जवानहरूको तलबी फाराम रुटिन बमोजिम चली कर्मचारी सञ्चय कोष समेत कट्टी भई सो कोषमा दाखिला भई सके पछि मात्र जवानहरू खालीको क. कि. जङ्गी फांटले सैनिक द्रव्य कोष (कर्मचारी सञ्चय कोष) लाई जनाउ दिने भैरहेको र सो जनाउ आएपछि खाली भएका पदाधिकारीले लिन खान नपाउने हुन आएको लेखिए बमोजिम कट्टी भई दाखिला भएका रकम सञ्चय कोषबाट श्री ५ को सञ्चित कोषमा दाखिला गराउनु पर्ने व्यवस्था भैरहेकोमा तद्नुसार गर्ने गराउने काम क. कि. जङ्गी फांटबाट नभएकोले त्यसरी सञ्चित कोषमा जम्मा हुन गएका रकम पदाधिकारीले सञ्चय कोषबाट झिक्न सक्ने भई ठूलो राशिमा राष्ट्रिय धन नोक्सान हुन जाने अवस्था परिसकेको हुंदा त्यसो हुन नपाउने सम्बन्धमा सञ्चय कोष तथा क. कि. जङ्गी फांट समेतले कुनै व्यवस्था अपनाउने निष्कर्षमा पुगेको समेत नदेखिएको ।

किंग्स हाउस होल्ड क्याभलरी

२०२०।२१ मा सिंहदरबार क्याम्पाभित्र किंग्स हाउस होल्ड क्याभलरी रहेको तबेला घरहरू समेत तत्सम्बन्धी अफिसरहरूको अदल बदल हुंदा बुझबुझारथमा नचलाउनुको साथै तबेलाका टुटफुट भएका कठवार ख्याल खापाहरू लमयमा मर्मत आदि गर्नु पर्ने समेत नगरेको देखियो । तद्नुसार नभएबाट धेरै भोल पर्ने घोडाहरूको स्याहार सम्भार पूरा हुन नजाने डुरालाई लिएर तदविषयमा सुव्यवस्था मिलाउन गृह र रक्षा सचिवलाई लेखी पठाउंदा गृह मन्त्रालयले मर्मत डिभिजनलाई सम्म लेखी बोधार्थ गरेको, सम्बन्धित रक्षां सचिवले केही लेखी पठाउनु नभई त्यतिका किम्मती घोडाहरूको स्याहार सम्भार पुग्न नगई तिनीहरूबाट पूरा समयसम्म काम लिन नपाई नयां घोडाहरू खरीद गर्न पर्दा राष्ट्रिय धनको अपव्यय हुन जाने देखिन्छ ।

आर्मी बेण्ड कम्पनी

२०२१।२२ मा ष्टोर चेक गर्दा महीना महीनामा फिर्ता दाखिल गर्नु पर्ने जिन्सी सामानहरू दाखिल नगरी राखेकोको अतिरिक्त चेक गर्न जांदा रासन राखेको ठाउं समेत खोली नदेखाई दबाउने किसिमबाट राखी छाडेको समेत पत्ता लागेकोले सो सम्बन्धमा सम्बन्धित पदाधिकारीहरू उपर विभागीय कारवाइ हुन लेखी पठाएको तर कारवाइ सम्पन्न भएको सूचना प्राप्त हुन नआएको ।

धरहराको वरिपरिको पर्खालमा खरी पिपलका रूखहरू उम्रिरहेको उखेली सफा नगराएकोले पर्खाल भत्किन गै राष्ट्रिय धन नोक्सान हुन जाने देखिएको ।

रक्षा मन्त्रालयको २०२०।२१ को आर्थिक विवरण नदिएबाट लेखापरीक्षण गर्न नपाएको ।

आर्मी सप्लाइड डिपो

२०१९।२० मा शाही सेनाका पदाधिकारीहरूलाई दैनिक भ्रमण भत्ता निमित्त पेश्की गएको फांटवारी दाखिल नगरेको रु. २,१८,६२७।-३६ र अन्य काम कामको निमित्त पेश्की गएको रु. १३,१८,४७१।७५ समेत जम्मा रु. १५,३७,०९९।११ को पेश्की फछर्यौट नगरेको ।

जङ्गी बाली तलब जांच अड्डा

२०१८।१९ को र २०१९।२० को शोधभर्ना दिनु पर्ने जम्मा रु. २१,१५,६५३।९७ जिल्ला मालहरूलाई शोधभर्ना बिन बांकी राखेको ।

सह–संगठन तथा संचालनाधिकृत शाही जङ्गी अड्डा

भूतपूर्व मन्त्री, भूतपूर्व प्रधान सेनापति र शाही सेना तथा अन्य सेवाका पदाधिकारीहरूसंग २००८ सालदेखि २०२० साल फागुन मसान्त-सम्ममा खटी गएको बेण्डको दस्तूर रु. १,९५०।– असूल उपर नगरी राखेको । बेण्डको आम्दानीबाट पदाधिकारीहरूलाई सापटी गएको रु. ८००।७८ असूल उपर नगरेको ।

२०१९।२० मा कोटेशन लिन नपर्ने गर्न रु. १००।– मा नबहाई पटक पटक गरी रु. १,३५०।– को मसलन्द खरीद गरेको ।

२०२०।२१ मा बेण्ड दस्तूर आम्दानी मध्ये रु. ५६५।५० ने. रा. बैंक दाखिल नगरेको ।

क्याम्प कमाण्डेण्ट

२०१९।२० मा बालगिरि गएको मेच मध्ये फिर्ता बुझाउन ल्याएको ९८५ थानमा रबर गट्टा नभएकोले बेसाबूद देखिएको । मेच थान २३३ बुझाउन नल्याएकोको अतिरिक्त उक्त मेचहरूको बहाल समेत असूल उपर नभएको । अन्य मेचको बहाल रु. ५४२।५० आजसम्म असूल उपर नगरेको ।

सुदन्तरीजल आर्सनल

२०१८।१९ मा अघिल्लो सालको बांकी रु. ६९७।– पछिल्लो सालमा निकासा बेगर तलब खर्च लेखेको । लगबूक बेगर रु. ९,९२८।२८ पेट्रोल खर्च लेखेको । नखु ढलान कोरा जिन्सी फांटको मालसामानको बुझबुझारथ गरी नसकेको र सुन्दरीजलमा बनेको ढलान घर भत्कीसक्दा पनि जांच पास गराई टेकदारबाट नोक्सानी भराउने कारवाइ नटुंग्याई राखेको । २०११ सालदेखि तत्कालीन मन्त्रीहरू, शाही सेनाका अफिसरहरूले बनाउन लगाएको मालसामानको मोल मजूरी रु. १२,१३०।६ असूल उपर नगरी बांकी राखेको ।

२०१९।२० मा बजेट निकासा मध्ये बांकी रु. ७०।– अर्थको स्वीकृति बेगर पछिल्लो सालमा तलब खर्च लेखेको । दर्शै पेश्की लिई खाली भएका जवानबाट लिनु पर्ने तलब समेतको रु. २१।२२ फिर्ता असूल नगरेको । सुन्दरीजल कोरा जिन्सी अड्डाको आर्थिक विवरण नदिएबाट लेखा-परीक्षण गर्न नपाएको ।

एम. ई. एस. अफिस

२०१९।२० मा छाउनी समेत ठाउं ठाउंमा बनाउने कामको हाकिम भागी बेपत्ता भएको भनी निजको साबिक बालाले बुझाएको २८ सिट ग्यारेज बनाउंदाको समेत ५ ठाउंको बनाउने काममा खर्च भएको रु. १,३०,५४६।०४ र भगुवा खाली हुनेका पालाको ठाउं ५ मा ग्यारेज बनाउंदा खर्च भएको रु. ५४,४१०।६४ समेत जम्मा रु. १,८४,९५६।६८ को स्रेस्ता दाखिल गर्ने कारवाइ गरी नदिएबाट सो रकमको लेखापरीक्षण गर्न नपाएको ।

पश्चिम २ नं. भैरवीदल गुल्म

२०१९।२० मा सडी, गली थोत्रो भै काम नलाग्ने भएका मालसामानहरू लिलाम बिक्री बिर्ने कारवाइ नगरी त्यसै राखी छोडी नोक्सान पारी राखेको ।

राज सभा

२०१९।२० मा कोटेशन बेगर रु. १,६३१।२० मसलन्द छपाइ तथा सम्भारमा खर्च लेखेको ।

राष्ट्रिय पञ्चायत सचिवालय

२०१९।२० मा दुई सदस्यलाई हाजिर भएका दिनभन्दा बढी रु. ६०।– पारिश्रमिक खर्च लेखेको । सदस्यहरू ३३ को दैनिक भ्रमण भत्तामा रु. ४८५।४० बढी खर्च लेखेको । एक सदस्यलाई भ्रमण पेश्की गएको रु. ७९८।– फछर्यौट नगरेको । प्लेनबाट भ्रमण गरेको आधारभूत प्रमाण बेगर रु. ४,००६।२० प्लेन भांडा खर्च लेखेको । लगबूकमा उद्देश्य नखुलाई रु. ९४९।८९ को पेट्रोल खर्च लेखेको । कोटेशन बेगर रु. ४,७५८।७२ को मसलन्द खरीद गरेको ।

लोक सेवा आयोग

२०१८।१९ देखि राजस्वको स्रेस्ता राख्न अनुरोध गरेकोमा समेत स्रेस्ता नराखेको । अध्यक्षलाई बरबन्दी भै उपयोग भएको सवारीको सम्बन्धमा लगबूक नराखेकोको अतिरिक्त सवारी उपयोग गर्न पाउने आधार बेगर सदस्यले उपयोग गरी रु. ४४३।८३ को पेट्रोल खर्च लेखेको । नियमभन्दा रु. १,४१७।३१ दैनिक भ्रमण भत्ता बढी खर्च लेखेको । भ्रमण पेश्की मध्ये फांटवारीको बांकी रु. ७९।८२ असूल नगरेको । नियमभन्दा बढी मौज्दात राखेकोको अतिरिक्त आर्थिक वर्ष भुक्तान भएको डेढ महीना पछि मात्र बांकी रु. २८,२३१।१५ सञ्चित कोष दाखिल गरेको ।

२०२०।२१ को आर्थिक विवरण नदिएबाट लेखापरीक्षण गर्न नपाएको ।

बन कृषि मन्त्रालय

२०१७।१८ मा गौशाला जङ्गल बिगाहा १००० को जङ्गल धनीलाई सुम्राबजा दिएको सम्बन्धमा "सो जङ्गल वापत तपाईले भा. रु. २,००,०००– सुम्राबजा पाउने छ । श्री ५ को सरकारलाई बुझाएको रकम बाहेक गरी सो जङ्गलको आयस्ता वापत तपाईले ठेकदारसंग लिई सक्नु भएको रकम सम्म भा.रु. २ लाखमा कटाई बांकी हुन आएको रुपैयां पाउने भएको छ" भनी २०१७।२।२१ मा भू. पू. प्रधानमन्त्रीले जङ्गल धनीलाई लेख्नु भएको पत्रमा "उल्लेख भए बमोजिम गरी मैले लिई सकेको कटाई बांकी रहेको भा. रु. २०,०००– २०१६।१७ कै बजेट मध्येबाट र बांकी १ लाख २०१७।१८ को बजेट पास भएको एक महीनाभित्र पाउने गरी ठेकदारसंगको सबै जवाफदेही श्री ५ को सरकारले ब्यहोर्छ भनेमेरो मञ्जूर" भन्ने समेत निज जङ्गल धनीले सोहि मितिमा पत्र लेख्नु भएको र सो पत्र आगावै उक्त जङ्गलको वन विभाग मार्फत ठेकदार र निज जङ्गल धनीको बीच "भा. रु. ८०,०००–, श्री ५ को सरकारमा बुझाउने भा. रु. ३,२०,०००–, जङ्गल धनीले लिने" समेत गरी जम्मा भा. रु. ४ लाखको एग्रीमेण्ट भै सो मध्ये भा.रु. २,५०,०००–निज जङ्गल धनीले ठेकदारबाट लिई सकेको भरपाइ नवकलहरू सहित ठेकदारबाट र सो बमोजिम लिएको हो भन्ने जङ्गल धनीबाट २०१६।८।२५ र २०१६।८।२७ मा विभागमा पेश गरी राखेको देखिन आएबाट भा. रु. ८०,०००।– मात्र लिएको हो वा २,५०,०००।– नै लिएको कुन ठीक हो तद्विषय कारवाइको अङ्ग पुऱ्याई सबै ब्यहोरा खुलाई निकासा गराउनु पर्नेमा सो कुनै ब्यहोरा दर्शाई जङ्गल धनीले पछि लेखेको पत्रको आधारमा भा. रु. ८०,०००– कटाई बांकी भा. रु. १,२०,९००।– दिन मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीबाट स्वीकृति गराए बमोजिम प्रस्ताव समेत पेश नगरी भा. रु. १,२०,०००– दिएको देखिएबाट निजले सुम्राबजा पाउने ठहरेको भा. रु. २,००,०००– मा ठेकदारबाट भा. रु. २,५०,०००– लिई सकेको भै बढी लिएको भा. रु. ५०,०००।– फिर्ता दिनु पर्नेमा भा. रु. १,२०,०००।– दिएबाट भा. रु. १,७०,०००।– बढी हुन गएको देखिन आएको र जङ्गल रोक्का भएबाट ठेकदारले कटान चिरान गरी राखेको लकडी फूट २,३७२ मा चिरान क्यूबिक फूटको रु. ५।– गोलियाको रु. ४।– धरौटी लिई निकासी गर्ने दिने भन्ने निर्णय भएकोमा पनि तदनुसार निकासी गर्ने गराउने प्रबन्ध नगरी जङ्गलमै सडाई राखी त्यसबाट आउने राजस्व समेत नोक्सान पारेको सम्बन्धमा (निज जङ्गल धनीले लिएको भा. रु. ८०,०००।– मात्रै हो २,५०,०००।– होइन भन्ने कुनै सबूद गुजार्न नसकेबाट) विभागीय सचिवको भनाइको लागि लेखी पठाए पछि विभाग (अघि मौकैमा कारवाइ नगरी) ले ४ वर्ष पछि जङ्गल धनीलाई पत्र लेखी पठाएकोमा "ठेकदारसंग बैना लिएको समेत भा. रु. २,५०,०००– मा जङ्गल रोक्का भएमछि भा. रु. १,७०,०००– ठेकदारलाई फिर्ता दिई सकेकोले नदिएको भए आजसम्म चुप लाग्ने थिएन । आजसम्म उजूर नपरेबाट पनि भा. रु. ८०,०००– मात्र लिएको सिद्ध हुन्छ" भन्ने जङ्गल धनीको २०२१।७।६।५ को जवाफ पत्रका व्यहोराहरू उल्लेख गरी पठाउनु भएबाट मैले दर्शाएका बेरुजुहरूको समाधान हुन नसकेको हुंदा भा. रु. १,७०,०००–, जङ्गल धनीलाई बढी गएको देखिएको साथसाथै ठेक्का चलाउन नदिई जङ्गल रोकेबाट ठेकदारबाट बांकी (४ लाख मध्ये) आउनु पर्ने रकम समेत आउन नपाई निज ठेकदारले कटान चिरान गरी सकेका लकडी क्यूबिक फूट २३७२ समेत बिक्री नगरी घाम पानीले सडाई राखी राष्ट्रिय धनको बरबाद पारेको ।

२०१७।१८ मा गौशाला जङ्गल बिघा १००० को जङ्गल धनीले सुम्राबजा भा. रु. २,००,०००– पाउने । तर सो जङ्गल ठेक्का बन्दोबस्त भैरहेको हुंदा सरकारमा बुझाई सकेको रकम बाहेक ठेकदारबाट निजले लिई सकेको रकम उक्त २,००,०००।– मा कटाई बांकी हुन आएको रुपैयां पाउनेछ भन्ने २०१७।२।२१ मा भू. पू. प्रधानमन्त्रीले निज जङ्गल धनीलाई पत्र लेख्नु भएकोमा सो पत्र अगावै ठेकदारबाट जङ्गल धनीले जम्मा भा. रु. २,५०,०००– लिई सकेको सम्बन्धमा सबूद समयमै पेश भैरहेको छंदाछंदै लिएको भा. रु. ८०,०००।– भनी सो कटाई बांकी भा.रु. १,२०,०००– दिन मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने भनी विभागीय मन्त्रीबाट स्वीकृत गराएको र सो बमोजिम प्रस्ताव पेश नगरी निजले सुम्राबजा पाउने ठहरेको भा.रु. २,००,०००।– मा ठेकदारबाट भा.रु. २,५०,०००– लिई सकेकोबाट बढी लिएको भा.रु. ५०,०००– फिर्ता लिनु पर्नेमा जम्मा भा. रु. १,२०,००० – दिएबाट भा. रु. १,७०,०००– बढी दिई नोक्सान पारेकोको अतिरिक्त ठेक्का तोडिए अनुसार ठेकदारबाट कटान चिरान भइरहेका लकडी फूट २,३७२ मा चिरान क्यूबिक फूटको रु. ५।–, गोलियाको रु. ४।– धरौटी लिई निकासी गर्ने दिने भन्ने निर्णय भएकोमा पनि तदनुसार निकासी गर्ने गराउने प्रबन्ध नगरी जङ्गलमै सडाई राखी त्यसबाट आउने भन्सार महसुल समेत राष्ट्रिय धनको बरबादी पारेको सम्बन्धमा समेत विभागीय सचिवको भनाइको लागि लेखी पठाउंदा "ठेकदारसंग बैना लिएको समेत भा.रु. २,५०,०००– मा जङ्गल रोक्का भए पछि रु. भा. १,७०,०००।– ठेकदारलाई फिर्ता दिई सकेकोले नदिइएको भए आजसम्म चुप लाग्ने थिएन आजसम्म उजूर नपरेबाट पनि रु.८०,०००। मात्र लिएको सिद्ध हुन्छ " भन्ने समेत जङ्गल धनीको २०२१।७।६।५ मा निवेदन पार्न लगाई अघि सो कुरा नभई रु. २,५०,०००।– कै भरपाइ समेत पेश भै कारवाइ भएका कुरामा त्यस्तो बिना आधारको निवेदनका कुरालाई नै लिई लेखी पठाई साथि लेखिए बमोजिम निजसंग फिर्ता लिनु पर्ने भा. रु. १,७०,०००।– र जङ्गलमा घाम पानीले सडाई नोक्सान पारी राखेको लकडी फूट २,३७२ समेत निकासी गराई राष्ट्रिय धन असूल उपर गर्ने गराउनेतर्फ कुनै कारवाइ नगरेको ।

२०१७।१८ मा नेपाल औद्योगिक विकास कर्पोरेशनको इक्विटी शेयर खरीद गर्ने रु. ६ लाख २०१७।१८ को पूरक बजेटमा पारी निकासा भए पछि सोधभर्ना गर्ने गरी हाललाई विकास बजेटको अदृश्य रकमबाट सापटीको रूपमा उद्योग वाणिज्य मन्त्रालय मार्फत नेपाल औद्योगिक विकास

कर्पोरेशनलाई दिने र सो रकम टिम्बर कर्पोरेशनलाई भुक्तानी दिन बांकी रकम वापत र टिम्बर कर्पोरेशनले पनि वन मन्त्रालयलाई बुझाउनु पर्ने रकम वापत चेकबाटे हिसाब मिलाउने गरी आर्थिक योजना मन्त्रालयबाट लेखेकोमा उज्रातीमा राखी दिने गरी अर्थ मन्त्रालयले निकासा दिएको ।

उक्त शेयर किन्न आर्थिक योजना मन्त्रालयबाट लेखी गए बमोजिम उक्त रुपैयां सरकारकै कोषमा दाखिल हुने गरी निकासा गर्नु गराउनु भए पछि अर्थ मन्त्रालयले उद्योग वाणिज्य मन्त्रालयलाई वन मन्त्रालयमा जम्मा गराउन निकासा दिएकोमा टिम्बर कर्पोरेशनले रुखको मोल कायम भै नसकेको भनी वन मन्त्रालयमा सो रकम दाखिल नगरी नेपाल औद्योगिक विकास कर्पोरेशनमा जम्मा गरी राखेको ।

२०१६।२० मा गोदावरीको शाही वनस्पति उद्यान उद्घाटन समारोहलाई चाहिने खर्च समयमै आर्थिक नीति अनुसार निकासा गराउन पर्नेमा नगराई अनियमित तरीकाले उक्त विभागलाई निकासा भई राखेको निर्माण कार्यको रकम मध्येबाट रु. ५,२०२।४२ (यस्तो समारोहलाई पनि चाहिनेभन्दा बढी देखिएको) पछि सोधभर्ना गर्ने गरी खर्च गरी अर्थ मन्त्रालयको भैपरी आउने बजेट रकममाट निकासा गराउनु भएको ।

२०२०।२१ मा शाही वनस्पति उद्यान गोदावरी जन्म जयन्ती समारोह (जुन सम्बन्धी खर्च मितव्ययिताको दृष्टिबाट निरर्थक हुनेको साथसाथै बजेटमा समेत नपरेको) को निमित्त गण्यमान्य उच्च पदाधिकारी तथा विदेशी विशेषज्ञ कूटनीतिज्ञहरू समेतलाई निमन्त्रणा पठाइसकेको भनी अर्थ मन्त्रालयको स्वीकृति बेगर रु. ५१८।७८ खर्च गरी पछि मन्त्रिपरिषद्बाट समर्थन गराएको ।

२०२०।२१ मा यहां यहां यस किसिमका यति पसलहरू यस किसिमबाट खोल्ने यसबाट यति सरकारमा आउने भन्ने समेत कुनै योजनाहरू पेश नगरी हचुवा किसिमबाट काठमाडौं, भक्तपुर समेतमा गरी ७ ठाउंमा फियर प्राइस सप खोल्ने सम्बन्धमा बागमती अञ्चलाधीशको मौखिक अनुरोधको आधारमा प्रत्येक क्षेत्रमा पसल थाप्न रु. १०,०००।– का दरले जम्मा रु. ७०,०००।– सुम्पिएको अख्त्यारी (खर्च सम्बन्धी कार्य विधि नियम,२०१६) बमोजिम तत्सम्बन्धी काम गर्नेबाट खर्चको फांट लिने गरी अर्थ मन्त्रालयले वन कृषि मन्त्रालयलाई निकासा दिएकोमा उक्त रकम वन कृषि मन्त्रालयले अर्थ मन्त्रालयको निकासा प्रतिकूल हुने गरी (खर्चको फांट नआउने गरी) अनियमित तरीका अञ्चाली बागमती अञ्चलाधीश हस्ते खर्च लेख्ने गरी अनुदान स्वरूप निकासा दिई एक तर्फी मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरी समर्थन गराएको देखियो । उक्त निकासा भएको रकमबाट ठाउं ठाउंमा खर्च गरी पसल खोलेको निरीक्षण गर्दा त्यतिको रकम खर्च हुने नदेखिएको ।

आर्थिक नियम बमोजिम खर्च गर्ने गरी अर्थ मन्त्रालयले स्वीकृति दिएको रकम त्यसरी दिनलाई हिसाब नलिई दिनु भन्ने मन्त्रिपरिषद्को निर्णयमा किटान नभएकोको अतिरिक्त अनुदान दिदा हिसाब लिनु पर्दैन भन्ने कुनै नियम पनि नभएकोले त्यसरी अनुदान दिनु अगावै निकासा लिइकन मात्र दिनु पर्नेमा पछि समर्थन गराउने गरी दिनु आर्थिक अनुशासन र स्वस्थ आर्थिक सिद्धान्तको प्रतिकूल भएको मान्नु पर्ने ।

सि. सि. एफ. अफिस

२०१८।१९ को प्राप्त आर्थिक विवरण अनुसार लेखापरीक्षण गर्न जांदा कहिले पेश्की फछ्यौंट गरी सूचना गर्ने र कहिले सहायक कञ्जरभेटर घर बिदा बस्नु भएकोले उहांको दस्तखत बेगर खातामा पोष्टिङ्ग गर्न मिलेन भनी लेखापरीक्षण गर्न नदिएको ।

२०१६।२० मा अमेरिका समेतमा तालीम लिन जान लुगा भत्ता लिएको धेरै समय बित्तिसक्दा पनि नगएका पदाधिकारी मध्ये एक पदाधिकारीको सम्म वर्ष १ भित्र दामासाहीले तलबबाट कट्टा गर्ने निकासा गराई अन्य एक पदाधिकारीसंग लुगा भत्ता लिएको रु. १६००।– असूल उपर नगरेको । हात्तीसार गोस्वारालाई ढुवानी निमित्त पेश्की गएको रुध्ये रु. ८९७।१०, पोखरा डिभिजन अन्तर्गतका कर्मचारीको २०१७ सालको तलब पेश्की गएको रु. ६,६५१।२४, काठमाडौं सर्कललाई जीप मर्मत गर्न गएको रु. १५००।– समेत जम्मा रु. ९,०४८।३४ पेश्की फछ्यौंट नगरेको । साबिक पदको पाउन बांकी तलब भनी आधार बेगर रु. ६१।९ खर्च लेखेको । सवारी उपयोग गरेकोमा समेत लगबूकमा सवारी उपयोग गरेको उद्देश्य नखुलाई पेट्रोलमा रु. २४००।– विभागीय प्रमुखले अफिस आउंदा र घर फर्कंदा समेत उपयोग गरेकोमा त्यसरी उपयोग गर्न नपाउने केही नभएको भनी अनियमित तरीकाबाट खर्च लेखेको ।

काठमाडौं इन्धन समिति

२०१८।१९ मा जेलका बन्दीहरू शाही सेना तथा पुलिसहरूलाई चाहिने दाउराको ठेक्का बन्दोबस्त गरेको सम्बन्धमा सो ठेक्का बन्दोबस्त हुनु अगाडि देखि इन्धन समितिबाट मन १ को रु. ५।५० का दरले बिक्री गर्ने व्यवस्था भई तद्नुसार नखुजेलले समितिबाटै हात्तीसारमा ढुवानी गर्ने सट्टा नखु जेलमै ढुवानी गरी मन १ को रु. ५।५० का दरले खरीद बिक्री गर्ने गरेकोमा शाही सेना तथा पुलिसको लागि पनि तद्नुसार गर्नु पर्नेमा नगरी समितिबाट मन १ को रु. ५।५० का दरले बिक्री गर्नुभन्दा अघि ठाउं ठाउंमा केन्द्र खोली हात्तीसारबाट ढुवानी गरी लगी बिक्री गर्ने दर मन १ को रु. ६।५० मा नबढाई बिक्री गर्नु पर्छ भन्ने (सोभन्दा घटीमा कबूलै हुन नआउने अवस्था पारी) शर्त राखी (अन्य खाद्य पदार्थहरू १ वर्षको निमित्त मात्र बन्दोबस्त हुने भै सो भित्र पर्ने दाउरामा पनि सोही अनुसार गर्नु पर्नेमा) अव्यावहारिक तवरबाट २ वर्षको निमित्त प्रति ट्रीपको (ट्रकको टन हेरी एक ट्रीपमा ११० मनसम्म हुने) रु. ७६।– राथल्टी सम्म बुझाई लकडीको मोल तिर्ने नपर्ने ठेक कबूल गराई बिक्री वितरण गर्ने गरी ठेक्का बन्दोबस्त भएकैबाट इन्धन समितिको डिपो हात्तीसारबाट सो ठाउंहरूमा पुऱ्याउंदा बढी मोल पर्ने भन्ने कुरा देखाई रु. ६।५० दरकै दाउरा लिने गरेबाट परीक्षण भएसम्मका लेखाबाट प्रतिमन रु. १।– का दरले जम्मा रु. १,७३,४७२।९३ राष्ट्रिय धन नोक्सान पारेको देखिन आएको ।

इन्धन समितिको खेस्ता लेखापरीक्षण गर्न सम्बन्धमा पति महालेखा परीक्षकबाटै हुने कारवाइ भैरहेको छंदाछंदै वन कृषि मन्त्रालयले नेपालको संविधान एवं लेखापरीक्षण ऐनको प्रतिकूल हुने गरी महालेखा परीक्षकको सट्टा एकाउण्टेण्ट जनरल अफिसबाट जंचाउन लगाई समितिमा पेश गराउने भन्ने निकासा गराई लेखापरीक्षण गर्न नदिएको ।

वाईल्ड लाइफ मेनेजमेण्ट डिभिजन अफिस

२०१७।१८ मा आर्थिक वर्ष व्यतीत भए पछि बांकी रहन आएको रु. ४६,९८६।६१ मध्ये रु. ५९७।६४ सञ्चित कोषमा दाखिल गरेको प्रमाण पेश नगरेको । पर्सा मालमा शोधभर्ना खर्च लेखेको तलब रु. २४,६९५।८७ को खान पाउनेको भरपाइ पेश नगरेको । दोहोरा तथा बढी खुवा-

एको तलब रु. ७६।२५ असूल उपर नगरेको । नयां तलब थप दरबन्दी बमोजिम पाउने बढ तलब रु. १३५।– खर्च लेखेकोमा पे-कमिशनको निर्णय तथा आदेश पेश नगरेको । सेफ, फर्निचर मट्टितेल तथा मसलन्द सामान समेत कोटेशन बिना खरीद गरी रु. १०७८।– खर्च लेखेकोको अतिरिक्त उक्त सामानहरू आम्दानी बांधेको जिन्सी किताब समेत पेश नगरेको । पक्राउ भै आएका थुनुवालाई खुवाएको खाना खर्च र भ्रमण गरेका पदाधिकारीको दैनिक भ्रमण भत्ता समेत रु. २५४।७२ खर्च लेखेकोमा भ्रमण आदेश तथा पक्राउ भई आएका व्यक्तिलाई सम्बन्धित अदालतमा बुझाएको भरपाइ पेश नगरेको । गैंडाको ढाल, छाला ठाउं ठाउंमा ओसादिको रु. ३६२।२० हुवानी खर्च लेखेकोमा उक्त ढाल, छाला आम्दानी बांधेको जिन्सी खेस्ता पेश नगरेको । रु. ८७३।९६ को पेट्रोल खर्चको लगबूकमा उद्देश्य नखुलेको अतिरिक्त पेट्रोल खर्च र माइल समेत नचढाएको । बढीमा रु. २१,३६८।– सम्म तहबील मौज्दात राखेको ।

अरुण सर्कल अफिस

२०१९।२० मा निकासा बेगर रु. १७६।– को पलङ्ग, रु. २८०।– को पंखा खरीद गरी सर्कल अफिसरको निवासस्थानमा राखी उपयोग गरेको । लगबूकमा नचढाई रु. १,२२१।३१ को पेट्रोल खर्च लेखेको । रु. ३,९६९।६४ पेश्की फछ्यौंट नगरेको ।

बाङ्ग डी. एफ. ओ. अफिस

२०१९।२० मा कर्मचारीहरूले आर्थिक वर्षभित्र लिन नआई बिन बांकी रहेको तलब सञ्चित कोष दाखिल नगरी २०१४ सालदेखि २०१८ सालतक सालसालै धरौटीमा राखी २०२० साल आषाढमा मात्र रु. १,८६६।२५ र भा. रु. २१८।– आर्थिक नियम प्रतिकूल पारी खर्च लेखेको ।

डिभिजन अफिस, विराटनगर

२०१९।२० को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

तहबील जांचबाट सञ्चित कोषमा दाखिल गर्न पर्ने रु. २,२१०।१० देखिएको समयमा दाखिल नगरेको ।

वन डिभिजन अफिस, बीरगञ्ज

२०१९।२० सा सांविक दर सांविकदेखि नपुग भएको भनी धरौटीको जिम्मावारी सारेको मध्ये रु. २,१८५।४४ को फांट नभएकोमा कारबाइ भ रहेको भनी कारबाइ नटुंग्याएको को अतिरिक्त अड्डा तथा बैंकको मौज्दातमा समेत घटी देखिएको र मालमा रहेको रु. ६४,६३३।१३, काठमाडौं सर्कलबाट शोधभर्ना हुनु पर्ने रु. १,८२५।– समेत जम्मा रु. ६६,३५८।१३ आफ्नो क्षेरतामा ट्रान्सफर गरी फछ्यौंट गर्नु पर्ने नगरी राखेको । नपाउने तलब भत्ता रु. ६१०९, विशेष बिदाको नपाउने रु. १२।७८, लगबूकबाट नदेखिएको पेट्रोलको मोल रु. ३५२।६० खर्च लेखेको । धरौटी जिम्मावारी सारेकोमा कच्चाबार नभएको । उज्राती रु. ३,७३९।८९ र भा. रु. २,६९,४२५।३० फछ्यौंट नगरेको ।

डिभिजन अफिस हनुमाननगर

२०१९।२० मा धरौटी रु. ४,८७६।४४, उज्रातीको रु. १,१००।१० फछ्यौंट नगरेको । धरौटीको कच्चाबाट नपुग रु. ११।९० भर्ना नगरेको । काम नगरेका दिनको तलब भत्ता रु. ३०९।३२, बढी सटही भत्तामा रु. १५।–, खान नपाउने ग्रेड रु. ३।–, काठमाडौंमा काज रहंदा नपाउने सटही भत्ता रु. ३४०।– समेत खर्च लेखेको ।

कृषि विभाग

२०१९।२० मा रानी जगदम्बाबाट प्राप्त जग्गाको नामसारी तथा मालमा तिरो बुझाएको रसीद बेगर रु. १०५।१९ खर्च लेखेको । भैपरी आउने रकमबाट स्वीकृति बेगर रु. १६०।– हुवानीमा खर्च लेखेको । रु. ८।– दैनिक भत्ता बढीदिएको । रु. ६४।– अनियमित तवरले प्लेन भाडा दिएको । रु. १,६३८।– पेश्की फछ्यौंट नगरेको ।

एग्रु इञ्जिनीयरिंग सेक्शन

२०१९।२० मा उच्च पदाधिकारीको तलब खर्च लेखेको रु. ६,४८०।– को दरबन्दी पेश नगरेकोको अतिरिक्त दैनिक भ्रमण भत्ता पेश्की गएको रु. २५०।– फछ्यौंट नगरेको । गत वर्षको दिन बांकी तलब रु. १८।७५ स्वीकृति बेगर खर्च लेखेको ।

एग्रोनोमी सेक्शन

२०१९।२० मा उच्च पदाधिकारी २ लाई दरबन्दी निकासा बेगर रु. १५,०००।– आधार बेगर तलज सापटी खर्च लेखेको ।

लाइभस्टक हस्बुभमेण्ट सेक्शन

२०१८।१९ मा ठाउं ठाउं गोठमा रहेका गाई वस्तुहरूलाई नून खुवाउनलाई पेश्की गएको रु. २,०००।– को खर्चको फांट पेश नगरेको । बैंक पास बूकबाट देखिएको विराटनगरबाट ट्रान्सफर गरेको रु. ७,२७४।६९ सम्बन्धित खातामा जम्मा गरेको भौचर पेश नभएको ।

२०१९ वैशाख १ गते अघिको लगतमा भएका बंदेल त्यसपछिको लगतमा नदेखिएको सम्बन्धमा सोधनी गर्दा सो बंदेल मारी बिक्री गरी सकेको भन्ने जवाफ दिएको तर त्यसरी बिक्री गर्न पाउने आधार तथा त्यसबाट आएको नगदीको र अन्य राजस्वको समेत आर्थिक विवरण नदिएकोले लेखापरीक्षण गर्न नपाएको । दरबन्दी बेगर घोडालाई दाना खुवाई आएको । १८ वटा बाछा बाछी ठाउं ठाउंमा ट्रान्सफर गरेको भरपाइ पेश नगरेको ।

माछा सेक्शन

२०१८।१९ मा रु. ३८,१९५।४६ खर्च गरी रहेको माछा सेक्शनबाट ४८ पाउण्ड सम्म माछा बिक्री गरी रु. ९६।– आम्दानी गरेको देखिएको ।

२०१९।२० मा दरबन्दी तथा नियुक्ति बेगर डी. ए. ओ. को तलब रु. ८,७६०।– खर्च लेखेको । भुक्तानी प्रणाली अनुसार लेखा नरहेकोको अतिरिक्त बैंक पास बूक पेश नगरेको । राजस्वको आर्थिक विवरण नदिएकोले तत्सम्बन्धी लेखापरीक्षण हुन नपाएको ।

खिञ्चेत बगैंचा

२०१९।२० मा २०१५ सालदेखिको उज्राती बांकी रु. १०१।३३ र भा. रु. १।– फछ्यौंट नगरेको । बगैंचा अड्डा प. १ नं. गोरखारामा गाभिएबाट बुझाएको जिन्सी माल ११३ जिन्सी किताबमा आम्दानी बांधेको नदेखिएको । राजस्वतर्फको रु. ९१।३१ नारायणहिटी दरबारमा बुझाउनु पर्ने भनी २०१८।१९ देखि नबुझाई राखेको ।

भेटनरी हस्पिटल

२०१८।१९ मा पछि शोधभर्ना गर्ने गरी तलब सापटी गएको रु. १३,६१८।१२ सम्बन्धित पदाधिकारी फेरार भई रहेको भनी शोधभर्ना नगरेको तथा रु. ८१२।८६ खर्चको लेखा तथा बिल भौचर पेश नगरेकोको अतिरिक्त औषधि झिकाउन पेश्की गएको रु. ४२५।– फछ्यौंट नगरेको ।

भेटनरी अस्पताल काठमाडौं

२०१९।२० मा सुपरिण्टेण्डेण्टको दरबन्दी निकासा बेगर रु. ८,७६०।– तलब सापटी दिएको फछ्यौंट नगरेको ।

भेटनरी हस्पिटल भक्तपुर

२०१९।२० मा प्रचलित नियमको प्रतिकूल पारी अध्ययन बिदा दिई तलब रु. १५०।– खर्च लेखेको ।

खाद्य विभाग

२०१९।२० मा टेण्डर, कोटेशन बेगर रु. २,८२१।८३ को सेफ, फर्निचर मसलन्दका सामानहरू खरीद गरेको । रु. १०।– बढी दैनिक भत्ता दिएको । रु. २,३४,२००।– विभिन्न जिल्लाको खाद्य स्थिति बन्दोबस्त गर्ने काम के खर्च पुऱ्याउने छुट्टै बजेट व्यवस्था नभएसम्म फिर्ता गर्न नपर्ने तर त्यसबाट आम्दानी खर्च भएकोमा मास्केवारी पठाउने समेत गरी जिल्ला जिल्लाका अञ्चलाधीश बडाहाकिम जिम्मा गए बमोजिम काममा खर्च भएको नभएको मास्केवारी प्राप्त नभएकोको अतिरिक्त सो रुपैंया फिर्ता आएको तथा छुट्टै बजेट व्यवस्था भएको समेत नदेखिएको । माइलमिटर बिग्रेको भनी लगबूकमा नचढाई रु. १५,०११।१३ को पेट्रोल मोबिल खर्च गरी हुवानी गरेको । चामल बिक्री वितरण बन्दोबस्त समिति खडा भएको र सो समितिलाई आवश्यक रकम समेत दिइएको छंदाछंदै महाजनलाई गएको कमिशन खर्च सोधभर्ना गर्न भनी निकासा बेगर रु. १७,८५५।– समितिका सचिव (चौ. फू. कं.) को भरपाइ गराई दिएकोको अतिरिक्त उपत्यका खाद्यान्न बन्दोबस्त कमिटीको जिम्मा गएको हिसाब बुझाउनु पर्ने रु. ५५,००,०००।– बाट सो काम भए गरेकोमा काम सकेपछि रु. ५०,००,०००।– नगदै, रु. ५,००,०००।– को मिनाहा गर्नु पर्ने रकम र शोधभर्ना लिनु पर्ने समेत हिसाबको फांट बुझाए अनुसार सो रकमहरू शोधभर्ना र मिनहा गर्नु पर्ने मिनाहा गर्ने समेत कारवाइ नगरी राखेको ।

खाद्यान्न बन्दोबस्त कमिटीबाट बन्दोबस्त वितरण गरेको हिसाब सो कमिटीकै निर्देशन बमोजिम खर्च सञ्चालन र मिनाहा हुने व्यवस्था भए अनुसार काम गरे वापत आर्मी फण्डमा रु. २,८८४।१३ बुझाएको भरपाइ तथा कमिटीको निर्णय नभएको । समितिका एक सदस्यले चामल ल्याउंदाको खर्च भनी फांट पेश गरेको रु. ३९,४५२।५५ खर्च भर्ना दिएकोमा कमिटीको निर्णय पेश नगरेको । घटाघट बन्दोबस्त बेगर वीरगञ्जदेखि काठमाडौंसम्म ढुवानी गरेको मोटर भाडा प्रतिमन ४।५० दरले भा. रु. ८,७२,२०८।– खर्च लेखेकोमा सो दर कायम गरिएको निर्णय पेश नगरेको । उक्त चामल बिक्री वितरणको हिसाबबाट रु. २,३१,१३४।२८ घाटा देखाएको सम्बन्धमा साहू महाजन कर्मचारी समेतको सहयोगबाट निश्चित दरमा बिक्री हुन पाई कार्य सफल भएको र सो रकम श्री ५ को सरकारसंग माग नगरिएको भन्ने जवाफ दिई घाटा पूर्तिको स्रोत नदेखिएको ।

हरसाल उपत्यका बाहिरबाट खाद्यान्न ढुवानी गरी ल्याइरहनु पर्ने र उपर्युक्त ढुवानी भा. रु. ८,७२,२०८।– मोटर भाडामा खर्च भएको देखिएकोले सरकारतर्फबाटै ट्रक राखी ढुवानीको प्रबन्ध भएको खण्डमा राष्ट्रिय धनको खर्चमा धेरै बचत हुन जाने हुन्छ ।

पूर्व २ नं. को खाद्य समस्या समाधान गर्न खाद्य विभागबाट दर तोकी दिए बमोजिम शोधभर्ना गर्ने गरी पूर्व २ नं. अञ्चलाधीश जिम्मा गएको उ. चामल मन १८०० को मोल तोकी शोधभर्ना गर्ने गराउने समेत कारवाइ नगरेको ।

खाद्य सञ्चय बिक्री वितरण फांट

२०१८।१९ मा काम लिन नहुने बेसाबूद बोरा थान ७,१२० लिलाम गर्ने प्रबन्ध नगरेको । मर्मत गरी काममा लगाउन हुने बोरा थान ३०४० उपयोग नगरेको । मक्की सकेको थान १,६५० र बेकम्मा बोरा थान ४९,२६० लिलाम बिक्री भएको प्रमाण र बांकी मौज्दात समेत पेश गर्न नसकेको । साबिकवालासंग लिनु पर्ने नपुग बोरा थान १३,६१५ असूल उपर नगरेको । कुल्ली ज्याला करमबाट निकासा बेगर मर्मत रकममा रु. ३०।– रकमान्तर गरी खर्च लेखेको । लगबूकमा साइल नखुलाई रु. ४,९९५।५६ को पेट्रोल खर्च लेखेको । २०१८।१९ को लागि जम्मा मन १,०५,००० (२०१९।२० को लेखाबाट देखिने) चामल खरीद भै आउनु पर्नेमा २९,६९२ मन मात्र आएको । कमिटीको निर्णय बमोजिम बिक्री गर्न महाजनहरूलाई सयकडा १।– रु. दरले जम्मा रु. १०,७७९।– को चामल बिक्री कमिशन खर्च लेखेको नियमित नगराएको ।

विभिन्न अफिसहरूलाई गएको जम्मा चामल मुरी ३५,३६३।३।५।१।२ को मोल रु. २०,४७,४९८।८५ असूल उपर नगरेको । तीन शहरका केन्द्रहरूलाई कमिटीको निर्णय बमोजिम रु. ३,०००।– मसलन्द वापत उज्रातीमा राखी दिएको शोधभर्ना नगरेको । २०२० साल आषाढ मसान्ततकको उज्राती बांकी कं. रु. १०,३७२।।, भा. रु. १६,१५०।८९ र रु. ११,७४,४५९।३१ फछ्यौंट नगरेको । प्रस्तुत आर्थिक विवरणमा नोक्सानी अनुमान रकमबाट निकासा भएको रु. ५,०००।– गोप्य काम सम्बन्धी भनी तत्सम्बन्धी लेखापरीक्षणको लागि पेश नगरेको । खाद्यान्नको निमित्त रु. ५०,००,०००।– आर्थिक वर्ष २०१८।१९ को बजेटमा स्वीकृति भैरहे अनुसार निकासा गराई काम गर्नु पर्नेमा पछि शोधभर्ना गर्ने गरी कौशी तोषाखानामा तथा तेजारथ अड्डाबाट जम्मा रु. २५,००,०००।– सापट लिई खाद्यान्न बन्दोबस्त गरेको देखिएकोले स्वस्थ आर्थिक नीतिको अनुकूल आर्थिक व्यवहार भएको नदेखिएको ।

सदर धान गोदाम

२०१९।२० मा टोल रक्षा केन्द्रहरूलाई मसलन्द वापत गएको रु. १,५००।–, गोदाम भित्र सडक पीच गर्न गएको रु. ४,७९८।७० को पेश्की फछ्र्यौंट नगरेको । कोटेशन बेगर रु. ५५०।– को मसलन्द खरीद गरेको । २००८ सालदेखिको उज्राती बांकी रु. ११,७४,४५९।३१, कं. रु. १,०३,७२८।।, भा. रु. १६,१५,०८९– फछ्र्यौंट नगरेको । चामल खरीद गर्न २०१८।१९ मा तेजारथ अड्डाबाट सापटी लिएको रु. ४४,५१,-२९८।९४ मध्ये रु. ९२,८०१।४१ हालसम्म शोधभर्ना नगरी राखेकोको अतिरिक्त उक्त रु. ४४,५१,२९८।९४ वीरगञ्जमा चामल खरीद निमित्त गए अनुसार के कतिको चामल खरीद भै के कति अन्य काममा खर्च भयो त्यसको वर्षौं भै सक्दा पनि सम्बन्धित कमिटीका पदाधिकारी तथा व्यक्ति-हरूबाट फांटवारी पेश नगराई अनिश्चित स्थितिमा राखेको । नेपाली चामल मुरी १५४।५, उसिना चामल मन २,२८५।४।, धान मुरी १३०।, २०१२ सालदेखिको उज्राती फछ्र्यौंट नगरी राखेको । गुठी गुठीको काम चलाउन २०१८।१९ मा गुठीलाई गएको धान मुरी ४,२०८।१७।७।५ र श्री ३ गुठीलाई गएको २०११ सालदेखिको धान मुरी २४६। शोधभर्ना लिने कारवाइ नगरेको । धरौटी भा. रु. ९६।–, कं. रु. १५२१।–, रु. ३८,०८५।६३ फछ्र्यौंट नगरेको ।

ठाउं ठाउं कस्ती भै गैरहेको कटाई बांकी देखिन आउने बोरा थान ४७,९०५ मध्ये नपुग थान १५६९ र साबिकदेखिको उज्राती रहेको थान ५७४१६ समेत फछ्र्यौंट गर्ने कारवाइ नटुंग्याएको ।

विकास

वन कृषि मन्त्रालय

सि. सि. एफ. अफिस

२०१८।१९ मा जिल्ला डिभिजनहरूको निमित्त सवारी खातिर हात्ती तथा घोडाहरूको व्यवस्था भैरहेको छंदाछंदै सो कुराको कुनै विचार तथा उल्लेख नगरी आर्थिक वर्ष २०१८।१९ को बजेटमा विकासको मालसामान रकममा रु. २,६४,०००।– स्वीकृति भएको मध्ये रु. ९७,०००।– बाट सि. सि. एफ. अफिस र डिभिजन ३ समेत निमित्त जीप ४ खरीद गर्ने भनी (अर्थ मन्त्रालयको स्वीकृति बेगर एक रकमबाट अर्को रकममा खर्च गर्न नहुने श्री ५ महाराजाधिराजबाट हुकूम बक्से बमोजिम परित्रपत्र भैरहेको हुंदाहुंदै) अर्थ मन्त्रालयको स्वीकृति बेगर तत्कालीन विभागीय मन्त्री वर्तमान अर्थ मन्त्रीबाट २०१८।१०।१२ मा निकासा गराएको सम्बन्धमा आपत्ति उठाउंदा पनि बांकी रु. १,३२,०००।– समेतबाट प्रोजेक्टको काम निमित्त भनी (यो यो प्रोजेक्ट चलाउन आवश्यक परेको भन्ने समेत कुनै व्यहोराको निकासा समेत नगराई) थप जीप ५ समेत गरी जम्मा रु. २,२९,०००।– खर्च गरेको स्वीकृतिलाई अर्थ मन्त्रालयमा पठाउने पुनः निकासा गरी पठाएको (वन मन्त्रालयले) र अर्थ मन्त्रालयले पनि त्यस्तो दुई वर्ष अघिका आर्थिक सालमा गरेको अनियमित खर्च देखिएकोको अतिरिक्त सार्वजनिक लेखा समितिमा पेश भैरहेको विषय भए पछि उपर्युक्त आर्थिक नीतिको प्रतिकूल कारवाइ गर्ने उपर कानूनी कारवाइ भै मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नु पर्ने समेत विषयमा तद्नुकूल कुनै कारवाइ नगरी खरीद भै सकेको हुनाले स्वीकृति दिने भनी २०२१।३।२२ मा स्वीकृति दिई आर्थिक अनुशासन कायम नराखेको ।

वन विकास समिति

वन विकास समिति अन्तर्गत चालू भएका योजनाहरूको चालू भएको आर्थिक वर्ष देखिका आर्थिक विवरण नदिएको र तत्सम्बन्धी भारतीय सहायतबाट सञ्चालित सम्झौता समेत नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

वनस्पति विभाग

२०१८।१९ मा निघण्टु (आयुर्वेदीय किताब) सम्पादन गर्न निमित्त गएको रु. १५००।– पेश्की फछ्र्यौंट नगरेको । नेपाल औद्योगिक विकास कर्पोरेशन उल कार्विङ हाउस खरीद गर्दा के कति जग्गा कुन कानूनको आधारमा के कस्तो रीत पुऱ्याई खरीद भएको साथै कुन सम्झौता अनुसार वनस्पति विभागलाई हस्तान्तरित भएको हो तत्सम्बन्धी कुनै आधारभूत प्रमाण पेश नगरी रु. ७३,५१०।८ खर्च लेखेको ।

काठमाडौं सर्कल अफिस

२०१७।१८ मा वन विभागका उच्च पदाधिकारीहरूले आदेश बेगर भ्रमणगरेकोमा रु. ६७८।६४ खर्च लेखेको । विकास कोषमा जम्मा गर्नु पर्ने रु. ५२७।५६ सञ्चित कोषमा जम्मा गरेको । एक हेड फरेष्ट गार्डको नियुक्ति सम्बन्धी प्रमाण पेश नभएको । रु. ८०९।७० को औषधिको जिन्सी स्लेस्ता पेश नगरेको ।

कर्णाली सर्कल अफिस

आर्थिक वर्ष २०१७।१८ भन्दा अघिको आन्तरिक लेखापरीक्षण गर्नु नपर्ने र गरिनआएको हुंदा आर्थिक विवरण पेश गर्नु नपर्ने भनी पेश नगर्ने बाट लेखापरीक्षण गर्न नपाएको । २०१७।१८ मा रु. ७।४२ ठाडो बांकी देखिएको विषयमा कानूनन् कारवाइ गरी असूल उपर नगरेको । अघिल्लो आर्थिक वर्षको तलब भत्ता रु. ५६२।५० निकासा स्वीकृति बेगर पछिल्लो सालमा खर्च लेखेको । रु. २००।– को फर्निचर कोटेशन बिना खरीद गरेकोको अतिरिक्त फर्निचर आम्दानी बांधिएको जिन्सी किताब समेत पेश नगरेको । लेटर छपाउन रु. १६९।२० र औषधि रु. ९००।– कोटेशन बिना खरीद गरेको औषधि खर्चको जिन्सी स्लेस्ता पनि पेश नगरेको । रु. ५००।– मर्मत काममा लगत इष्टिमेट बेगर खर्च गरेकोको अतिरिक्त तत्सम्बन्धी बिल भौचर पनि पेश नगरेको । भ्रमण आदेश बेगर भ्रमण गरी खर्च लेखेको । दैनिक भ्रमण भत्ता रु. ९८८।७४ मध्ये रु. ४२२।-४० असूल गर्ने कारवाइ सम्म गरेको असूल उपर भै नसकेको । महीना महीनाको बैंक मौज्दातको प्रमाणित कागज पेश नगरेको । नियमले नपाउने दैनिक भ्रमण भत्ता रु. १५।७५ खर्च लेखेको असूल नगरेको । रु. २,६४९।१२ को मालसामान कोटेशन नलिई खरीद गरेको ।

कपिलवस्तु सर्कल अफिस

२०१७।१८ मा रु. ४,२४२।४८ को मालसामानको जिन्सी स्लेस्ता पेश नगरेको ।

जनकपुर सर्कल अफिस

२०१९।२० मा नपाउने वृद्धि रु. ३६।–, बिल बेगर भ्रमणमा रु. ३४५।–, निकासा बेगर डिभिजनलाई मसलन्द रु. ५००।–, औषधि के रु. ३५०। छाप्ने के रु. २,५२७।२० खर्च लेखेको । कोटेशन बेगर रु. १,५६२।१५ को मसलन्द, औषधि खरीद गरेको । विभिन्न कर्मचारीका नाममा मर्मत, फर्निचर, पेट्रोल मसलन्द समेत खरीद गर्ने गरी रु. ३,६०८।३० पेश्की दिई फछ्र्यौंट नगरेकोको अतिरिक्त रु. २००।– काम सकेका ३५ दिनभित्र फछ्र्यौंट नगरी ४ महीना पछि फांट लिई फछ्र्यौंट गरेको । आर्थिक वर्ष व्यतीत हुंदाको बांकी रु. ३१९।९५ सञ्चित कोष दाखिल नगरी धरौटी राखेको ।

कपिलवस्तु डिभिजन

२०१७।१८ मा वन मार्ग, वन सीमाना निर्धारण आदि विकास कार्य चालू गर्ने समष्टि रूपमा योजना सम्म स्वीकृति भएको र तत्सम्बन्धी लगत इष्टिमेट बेगर उपर्युक्त कार्यमा रु. ८,७६०।४७ खर्च लेखेको ।

आर्थिक वर्ष २०१७।१८ भन्दा अघिको आर्थिक विवरण प्राप्त नभएकोले लेखापरीक्षण हुन नसकेको ।

बुधबारेमा शरणार्थीहरूले पाएका जग्गाको रूखहरू लिलाम बिक्री

२०१७।१८ मा क्रान्ति पछि भोजपुर, धनकुटा, इलामका जनतालाई सामयिक सरकारले बुधबारेमा बसोबास गराउन वितरण गरेको जङ्गलमा भएका रूखहरू एकैमुष्ट लिलाममा खरीद गर्न चाहनेले उक्त ठाउंमा गई हेर्न पाउने समय राखी निकै अघिदेखि डिभिजनले बढाबढ गराउने निर्णय भए अनुसार पूरा प्रचार प्रसार नगरेकोबाट भएको बढाबढीमा रु. ६०,००१। मात्र कबूल गर्ने खडा भएकोमा उजूर पर्न आए पछि तत्सम्बन्धी सूचनामा लकडीको क्यूबिक फूट तथा अनुमानित मोल समेत नखोलेकोले सो समेत खुलाई फेरि बढाबढ गराई पेश गर्नु भन्ने विभागीय मन्त्रीबाट निकासा दिनु भए अनुसार दोस्रो पटक बढाबढी गराउन कारवाइ गर्दा पनि निकासा बमोजिम चार किल्ला, लिलाम हुने लकडीको क्यूबिक फूट अनुमानित मोल समेत केही नखुलाई २० दिन मात्रको मुहल्लत दिई प्रचार प्रसार गरी बढाबढी गराएकोमा रु. २,५०,०००।– सम्म पुग्न आयो । निकासा बमोजिम यथार्थ व्यहोरा खुलाई सबै ठाउंका लकडी खरीद गर्न इच्छुकहरूले सरजमीनमा गई हेर्न अनुमान गर्न पाउने मौका रहने समय राखी देश विदेशका पत्र पत्रिकाद्वारा समेत प्रचार प्रसार (सालिन्दा लकडी बिक्री बन्दोबस्त गर्दा हुने तरीका अङ्गाली) गरेको भए (रू. ६०,०००।– को रु. २,५०,०००।– पुग्न आएको हुंदा) सोभन्दा बढी मोलमा बिक्री हुन गई अझ बढी राष्ट्रिय धनको फाइदा हुने कुराको विचार नराखी राष्ट्रिय धनको हानि नोक्सानी गर्ने गराउने कर्मचारी उपर विभागीय कारवाइ समेत नगरी निकासाको प्रतिकूल पारी कारवाइ भए गरेको बढाबढीलाई ने मान्यता दिई वन कृषि सह-सचिवले निकासा गराउनु भई राष्ट्रिय धनको हानि नोक्सानी गराउनु भएको ।

जनकपुर डिभिजन अफिस

२०१७।१८ मा विभिन्न विकास कार्यमा खर्च भएको रु. २१,९७०।२ को रीतपूर्वकको लगत इष्टिमेट तथा स्वीकृत योजनाहरू पेश नगरेको । वन जङ्गलको विकास सम्बन्धी काम हुंदाको सिलसिलामा काटिएका रूख काठपातहरूको हिसाब राख्ने कुनै व्यवस्था नगरेको । बैंक मौज्दातको प्रत्येक महीनाको प्रमाणित लेखा पेश नगरेको ।

त्रिशुली डिभिजन अफिस

२०१७।१८ मा नयां तलब दरबन्दी अनुसार तलब रु. ३६,७१४।२१ खर्च लेखेकोमा पे-कमिशनबाट तलब लोकेको प्रमाणित कागज पेश नगरेको । भरपाइ भन्दा बढी तलबमा रु. ।९५ खर्च लेखेको असूल नगरेको । अघिल्लो आर्थिक वर्षको तलब रु. १५०।७८ स्वीकृति बेगर पछिल्लो सालमा खर्च लेखेको । आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहन आएको रु. ६,४१५।३१ सम्बन्धित कोषमा दाखिल गरेको प्रमाण पेश नगरेको । वन सीमाना निर्धारण, वृक्षारोपण तथा भूमि संरक्षण कार्यमा रु. ५४०।५० खर्च लेखेको लगत इष्टिमेट पेश नगरेको । नियमले राख्न पाउनेभन्दा बढी रु. ५२,०३२।५३ सम्म तहबील मौज्दात राख्ने गरेको । माल अड्डामा मौज्दात रहेको प्रमाण पेश नगरेको ।

डोटी डिभिजन अफिस

२०१७।१८ मा दैनिक भ्रमण पेश्की गएको रु. ८०।– फछ्र्यौंट नगरेको । भ्रमण गरेकोमा दूरीको आधारभूत प्रमाण बेगर रु. ३१९ भ्रमण खर्च लेखेको । रु. १३२।९० को मालसामान आम्दानी खर्चको जिन्सी स्लेस्ता पेस नगरेको । वन सीमाना निर्धारण वृक्षारोपण तथा भूमि संरक्षण समेतका लागि रु. २,३४३।६० खर्च लेखेको लगत इष्टिमेट एवं योजना स्वीकृत भएको प्रमाण पेश नगरेको ।

आर्थिक वर्ष २०१७।१८ भन्दा अघिको आर्थिक विवरण पेश नगरेको हुंदा लेखापरीक्षण हुन नसकेको ।

धनकुटा डिभिजन अफिस

२०१७।१८ मा आर्थिक वर्ष व्यतीत भएपछि बांकी रहन आएको रु. ३५,९७२।४१ मध्ये रु. १,५९३।१२ पछिल्लो सालमा जिम्मावारी नसारेको र विकास कोषमा दाखिल भएको आधारभूत प्रमाण समेत पेश गर्न नसकेकोले ठाडो बांकी देखिएको । डी. एफ. ओ. र कञ्जरभेटरमा का. मु. नगराई निमित्तबाट चलाउने वन कृषि मन्त्रालयको आदेश भएको हुंदाहुंदै अरुण सर्कलको आदेशानुसार भनी. का. मु. गरी रु. १,२९८।४० का. मु. भत्ता र रु. १०३।८० दैनिक भत्ता खर्च लेखेको ।

डिभिजन अफिस, पोखरा

२०१९।२० मा बजेट खर्च मध्ये रु. १३००।– धरौटीमा पारी पछिल्ला सालमा जिम्मावारी सारी खर्च लेखेको । वन तर्फको आम्दानी मध्ये लकडी लिलाम भै असूल भएको रु. २,९७८।७७ को मुचुल्का वि. पु. विभागमा गैरहेको भनी पेश नगरेको ।

विराटनगर डिभिजन अफिस

२०२०।२१ मा विराटनगर डिभिजनका डी. एफ. ओ. बस्ने सरकारी घर ठाउं ठाउंमा चर्की कौशीको छाना खस्ने अवस्थामा पुगिसकेको देखी मर्मत गर्ने सम्बन्धमा औंल्याई विभागमा सम्म लेखापढी गर्दा पनि मर्मत गर्ने व्यवस्था नगरी झन् झन् राष्ट्रिय धन नोक्सान हुंदै जाने अवस्था पारी राखेको ।

२०१७।१८ मा तलब खर्चमा रु. ३९,८१२।६ को खान पाउने पदाधिकारीहरूको भरपाई पेश नगरेको । सर्भिस टिकट खर्च रु. २२०।–को हुलाक भरपाई तथा तत्सम्बन्धी लेखा समेत पेश नगरेको । रीतपूर्वकको भ्रमण आदेश एवं फांटवारी गेगर दैनिक भ्रमण भत्ता खर्च लेखेको रु. ९३६।– मध्ये रु. ३४४।– मात्र असूल गरी बांकी रु. ५९२।– असूल उपर नगरेको । माल ढुवानीका लागि रु. १६०।– खर्च लेखेकोमा प्राप्त भएका उक्त मालहरू आम्दानी बांधेको जिन्सी स्लेस्ता पेश नगरेको । लगत इष्टिमेट, टेण्डर र घटाघट समेत केही नगरि स्वीकृति बेगर ष्टाफ क्वार्टर बनाउन रु. ९६००।– पेश्की दिएको । मधुमल्ला बजारमा ष्टाफ क्वार्टर बनाउंदा बढी खर्च गरेको रु. १७४।७० को आधारभूत प्रमाण पेश नगरेको । चक्रघट्टीमा ष्टाफ क्वार्टर बनाउन ठेकदारलाई पेश्की गएको रु. ४०००।– मध्ये रु. ३,९४२।२६ को मात्र फांटवारी पेश भई बांकी रहेको रु. ५७।७४ असूल उपर नगरेको । कल्वर, अपरेशन, वनमार्ग निर्माण, वन सीमाना निर्धारणमा समेत जम्मा रु. ४०७४।९० खर्च लेखेकोमा त्यसको स्वीकृत योजना पेश नगरेको । डी. एफ. ओ. पेश्की संग बांकी रु. ५।– असुल नगरेको । आर्थिक वर्ष व्यतीत भए पछि बांकी रहन आएको रु. ६७।६२ सम्बन्धित कोषमा जम्मा गरेको प्रमाण पेश नगरेको । महीना महीनामा बांकी रहन आएको बैंक मौज्दातको प्रमाण पेश नगरेको ।

वीरगञ्ज डिभिजन अफिस

२०१७।१८ मा आर्थिक वर्षको अन्त्यमा बांकी रहन आएको रु. २९,५२४।३८ मध्ये रु. ५३०।३९ को सम्बन्धित कोषमा दाखिल गरेको प्रमाण पेश नगरेकोको अतिरिक्त पछिल्ला सालमा जिम्मावारी सारेको पनि नदेखिएको । पर्सा मालले तलब भत्ता रु. २०,६१०।८९ खुवाएको उक्त माललाई सोधभर्ना गरेको रसीद र तलब खान पाउनेको भरपाई समेत पेश नगरेको । डी. एफ. ओ. को तलब रु. ५१०।– खर्च लेखेको भरपाई पेश नगरेको । अघिल्लो आर्थिक वर्षमा पाउने दैनिक भत्ता स्वीकृत बेगर रु. २४७।३२ पछिल्लो सालमा खर्च लेखेको । नियमले नपाउने दैनिक भ्रमण भत्ता खर्च लेखेको रु. ३०२।७५ असूर नगरेको । लगत इष्टिमेट बेगर ष्टाफ क्वार्टर बनाउन रु. १५,०००।– पेश्की दिएको र त्यस मध्ये रु. ६,७३४।४० को खर्चको फांटवारी पेश नभई पेश्की फछ्यौंट गर्न बांकी राखेको । भ्रमण आदेश औ फांटवारी बेगर रु. २६।७० दैनिक भ्रमण भत्ता खर्च लेखेको । अग्नि संरक्षण काममा रु. १८।– बढी मजूरी खर्च लेखेको । रु. ८,८८७।२५ को वर्किङ्ग प्लानको मालसामान खरीद गरेको त्यसको जिन्सी स्लेस्ता पेश नगरेको । सटही भत्ता र अरू भत्ताबाट स्वीकृति बेगर रु. १,२९०।५६ तलबमा खर्च गरेको । रु. १०३।– को मसलन्दको बिल पेश नगरेको ।

चितौन डिभिजन अफिस

२०१७।१८ मा आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहन आएको रु. ३,५६३।– सम्बन्धित कोषमा दाखिल गरेको वा पछिल्ला सालको लेखामा जिम्मावारी सारेको प्रमाण पेश नगरेको । तलब खर्च रु. ५६६।५२ को भरपाई पेश नगरेको । नियमले नपाउने रु. २८२।३६ र भ्रमण आदेश बेगर भ्रमण गरेको रु. १७४।४८ समेत जम्मा रु. ४५६।८४ दैनिक भ्रमण भत्ता खर्च लेखेको । पूर्व योजना स्वीकृति बेगर वन सीमाना, अग्नि संरक्षण र वृक्षारोपण समेत कार्यमा रु. २,७३७।– खर्च गरेकोको अतिरिक्त वन सीमाना कार्यको सिलसिलामा काटिएका रूखहरूको लेखा पेश नगरेको तथा सो कामलाई गएको पेश्की रु. ६००।– फछ्यौंट नगरेको । नियमले राख्न पाउनेभन्दा बढी तहबील मौज्दात राखेको तथा विभिन्न काममा गएको रु. १,७१५।१२ पेश्की फछ्यौंट नगरेको ।

चौतरा डिभिजन

आर्थिक वर्ष २०१७।१८ को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

२०१८।१९ मा लेखा नियमित तरीकासंग नराखेको । नियमको प्रतिकूल हुने गरी विकास कोषको रकम रु. २,६८३।९१ सञ्चित कोष दाखिल गरेकोको अतिरिक्त आर्थिक वर्षको अन्तमा बांकी रहेको रकम मध्ये रु. ५,९७५।६४ पछिल्ला आर्थिक वर्षमा जिम्मावारी सारेको वा कर्तै दाखिला गरेको प्रमाण समेत पेश नगरेको । महीना महीनाको बांकी मौज्दात सिन्धुपाल्चोक मालमा दाखिल गरेको प्रमाण पेश नगरेको । गत वर्षको पाउन बांकी तलब रु. ११,३६७।७७ आधारभूत प्रमाण बेगर खर्च लेखेको । फरेष्टरको तलब रु. ११२।५७ पासवाला बेपासवाला नखुलाई खर्च लेखेको । आवश्यक सदृत ठेकिएको छंदाछंदै निकासा बेगर अस्थायी कर्मचारी भर्ना गरी रु. १३५।– तलब खर्च लेखेको । लिन खान पाउनेको भरपाई बेगर रु. १९१।– र खान पाउनेभन्दा बढी तलब रु. १८।८९ खर्च लेखेको । वन सीमाना कार्यमा रकम खर्च नभई बांकी रहेको रु. १,०५३।८० फिर्ता आम्दानी नबांधेको तथा कर्तै दाखिल गरेको प्रमाण पनि पेश नगरेको । रु. २२४।५० मोल परेको अग्नि संरक्षण बोर्ड थान १०० र खाली टिन गोटा १४, तथा डी. एफ. ओ. क्वार्टर बनाउन निमित्त खरीद भएका कर्कट पाता आदि जिन्सी सामानको स्लेस्ता नराखेको । नरसरीको ब्याड बनाउन निमित्त गएको पेश्की रु. ४७०।– को खर्चको फांटवारी पेश नगरेको । बिल भौचर भन्दा बढी खर्च लेखेको रु. २२४।– असूल नगरेको । डी. एफ. ओ. वार्क्टर बनाउन रु. १०६।९७ निकासाभन्दा बढी खर्च गरेकोको अतिरिक्त बनीतयार भैसकेको उक्त डी. एफ. ओ. वार्क्टर जांच पास नगराएको । रु. ४,७३४।९५ को मालसामान कोटेशन तथा घटाघट नगरी खरीद गरेको । बालुवा बोकानी ज्याला रु. २५४।४९ बेमुनासिबसंग खर्च लेखेको । बढी ज्याला दिएको र मालसामानको बिलभन्दा बढी खर्च लेखेको समेत रु. २,२४७।९४ असूल गर्नु पर्ने नगरेको । सेफ १ ढुवानीमा रु. १३५।– बढी ज्याला खर्च लेखेको । रु. २।५० फलामे दण्डी कटानी ज्याला बेमुनासिबसंग खर्च लेखेको ।

कृषि विभाग

अमेरिकी सहायताबाट सञ्चालित उक्त विकास कार्यतर्फ २०१७।१८ मा उक्त विभागको हेड एकाउण्टेण्टले तहबील मासी बेपत्ता भएकोमा कारवाइ भैरहेको भन्ने समेत लेखी तत्सम्बन्धी कारवाइ टुंग्याई लेखापरीक्षण गराउने आर्थिक विवरण समेत हालसम्म नदिएको सम्बन्धमा विभागीय सचिवले समेत ठोस कदम चाल्नु पर्नेमा नचाली त्यसै चूप लागीं बसेबाट सो आर्थिक वर्षको लेखापरीक्षण हुन गर्न नपाएकोको अतिरिक्त उक्त आर्थिक वर्षको बचत मध्येबाट पेश्की गएको फछ्यौंट नगरेको रु. ९४,०७३।५६, जग्गा खरीद सम्बन्धी सबूद पेश नगरेको रु. १,०४,४९९।–, तहबील नपुग देखिएको रु. १४,४३१।९९ समेत जम्मा रु. २,१३,००४।५५ को समेत लेखापरीक्षण गर्न नपाएको ।

२०१८।१९ मा जम्मा रु. १,७०,०३०।६३ खर्च भए मध्ये विभिन्न कर्मचारीको तलब पेश्की गएको रु. ८,५७०।– फछ्यौंट नगरेको । रु. १६,०२९।८३ अर्थको स्वीकृति बेगर बजेट निकासाभन्दा बढी खर्च लेखेको । रु. ९,०६०।६० कोटेशन बेगर मालसामानमा खर्च लेखेको । रू. ३१,१०६।७६ (मध्ये रु. २५,१०६।७६ अर्थको स्वीकृति नभएको) लगबूक बेगर पेट्रोल खर्च लेखेको । रु. ६,८००।– घर बहाल खर्च लेखेको । सबूद पेश नगरेको समेत जम्मा रु. ७१,५६७।१९ अनियमित खर्च गरेको फछ्यौंट गर्ने कारवाइ समेत नगरेको ।

कृषि-सहकारी

२०११ देखि १४ तकमा कुल्ली र ढुवानी खर्च रु. १७६।७२ को भरपाई पेश नगरेको । मेशीन मर्मत, टाइल खरीद, घोडा कांठी खरीद तथा सोल्डरिंग लिड समेत खरीद गर्नको रु. १,३९८।५० र भा. रु. ५२७।३० प्रचलित नियमानुसारको रीत नपुऱ्याई खर्च लेखेको । नियमभन्दा बढी भ्रमण खर्च लेखेको रु. २२।– र व्यक्तिगत खाट मर्मत गरेको भा. रु. ६९– समेत असूल गर्नु पर्ने नगरेको ।

रु. १८,८०९।५२ र रु. भा. रु. ६,४२८।४२ को पेट्रोल आदि खर्चको लगबूक पेश नगरेको । अमेरिकी सहायता आउने मध्ये नगद डलर ३४,३४५।– र डलर ५१,०५१।३८ को मालसामान आउन बांकी भएकोमा लिने कारवाई नगरेकोको अतिरिक्त राप्ति भ्याली समेत विभिन्न प्रोजेक्टलाई पेश्की गएको रु. ३४,८६३।६९, भा. रु. १,३४,६७१।– फछ्यौंट नगरेको ।

कृषि सहकारी विभाग प्रशासन

२०१७।१८ मा विकास कोषमा जम्मा हुनु पर्ने रु. १६।९६ सञ्चित कोषमा दाखिल गरेको । अमेरिकन सरकारसंग भएका सम्झौता बमोजिम प्राप्त हुने रकम रु. ७३,७०,०००।– जून २९, सन् १९६१ सम्ममा प्राप्त हुनु पर्नेमा सो मध्ये सहकारी तर्फलाई के कति प्राप्त भै कति प्राप्त हुन बांकी छ त्यसको अभिलेख तथा जवाफ समेत प्राप्त नभएकोले तत्सम्बन्धी मूल्यांकन हुन नसकेको ।

२०१९।२० मा लगबूक बेगर रु. ३५।१५ को पेट्रोल खर्च लेखको ।

एगृ इकोनोमिक सेक्शन

२०१८।१९ भन्दा अघिको (सन् १९६० मे २० अर्थात् २०१७ साल वैशाखको अमेरिकी एग्रीमेण्ट बमोजिम चालू भएको योजनाको) आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

२०१९।२० मा एगृ इकोनोमिष्ट अध्ययन काजमा जानु भएको समयमा निजको कार्यभार सह्याल्न अन्य पदाधिकारीलाई का. मु. मुकरर गरी रू. १,३५०।– का. मु. भत्ता खर्च लेखेकोमा तत्सम्बन्धी विशेष पद सृजना गरेको प्रमाण पेश गर्न नसकेको ।

एगृ इञ्जिनीयरिंग सेक्शन

विकासबाट काम भएको २०११ देखि २०१८।१९ सम्मको आर्थिक विवरण नदिएबाट लेखापरीक्षण हुन नपाएको ।

अमेरिकी सहायताबाट सञ्चालित उक्त विकास कार्यतर्फ २०१९।२० मा एगृ इकोनोमीले लिएको पेश्की रु. ६४०।– को फांट पेश नगरेको । दरबन्दी तथा नियुक्तिको प्रमाण बेगर रु. २४,२९१।९१ तलब खर्च लेखेको । घटाघट, कोटेशन बेगर रु. १,९००।– को मालसामान खरीद गरेको । रु. ।२७ सञ्चित कोषमा घटी दाखिल गरेको ।

एग्रोनोमी सेक्शन

अमेरिकी सहायताबाट सञ्चालित उक्त विकास कार्यमा २०१९।२० मा ज्याला रकमको निकासा भन्दा रु. १७९।२० बढी खर्च गरेको रकम कुन शीर्षकबाट रकमान्तर भएको हो सो समेत नखुलाई जम्मा रकमको मौज्दातबाट अनियमित तरीकाबाट खर्च गरेको । धनकुटाबाट सरुवा भै आएको नियुक्ति बेगर रु. ४५००।– तलब खर्च लेखी दिएको । पेट्रोल खरीद गरी खर्च गरेको रु. ६,७९०।१९ को लगबूक पेश नगरेको । परवानीपुर जांदाको रु. ७९।२४ को पेट्रोल खर्च गरेको लगबूक पेश नगरेको ।

२०१९।२० भन्दा अघिको आर्थिक विवरण पेश नगरेकोले लेखापरीक्षण हुन नसकेको ।

विराटनगर एग्रानोमी फर्म

अमेरिकी सहायताबाट सञ्चालित उक्त विकास कार्यतर्फ २०१९।२० मा तलब भत्ता रु. ५,९४३।१३ खर्च लेखेको दरबन्दी पेश नगरेको । जिन्सी सामानको लेखा पेश नगरेको ।

आर्थिक वर्ष २०१९।२० भन्दा अघिको आर्थिक विवरण पेश नगरेकोले लेखापरीक्षण गर्न नपाएको ।

विराटनगर एग्रीकल्चर ष्टेशन प्रशासन

अमेरिकी सहायताबाट सञ्चालित उक्त विकास कार्यतर्फ २०१९।२० मा भ्रमण पेस्की गएको रु. २,६८८।– फछ्यौंट नगरेको । कोटेशन र घटाघट बेगर रु. २,८१०।३२ को मालसामान खरीद गरेको । हुलाक टिकट रु. १।३५ बढी खर्च गरेको । कुल्लीहरूलाई दरबन्दी भन्दा रु. ९६५।५० बढी ज्याला दिएको । रु. ४,१६०।– को कांडावाल तारको लगत इष्टिमेट तथा खर्चको फांटवारी पेश नभएको । सिमेण्ट बोरा ५ को रु. ८०।– को आयव्ययको रिकर्ड पेश नभएको । माल थान ३०० को ज्याला रु. ३००।– ढुवानी र ऊखु ढुवानी रु. ९१०।४४ खर्च गरेको कारण नखुलेको । पेस्कीको फांटबाट बांकी देखिएको रु. ५१।४० असूल नगरेको । खेतवारीमा काम गरे वापत भनी रु.१६६।– खर्च लेखेको यो काम गराएको भन्ने नखुलेको । खेस्ताबाट आर्थिक विवरणमा दर्शाएको भन्दा विभिन्न रकमको रु. ५६।१९ घटी देखिएका । मोटर ट्राक्टर मर्मतमा रु. ५,२७३।८, ट्राइपराइटरमा रु. ५२।८०, मट्टितेलमा रु. २५५।२७, पेट्रोल मोबिलमा रु. ६,१२८।४३ खर्च लेखेकोमा मेकानिकको सिफारिश तथा खर्चको फांट, लगबूक पेश नगरेको । दाना रकममा रु. ५१९।९५ खर्च लेखेकोमा दरबन्दी र जनावर वस्तुहरूको संख्या लगत पेश नगरेको । ज्याला रु. ६,९९७।६० खर्च लगाई काम भए अनुसार उक्त फर्सबाट के कति आम्दानी भएको छ त्यसको आर्थिक विवरण र खेस्ता समेत पेश नगरेको । कोटेशन बेगर रु. ४९९।७५ को मसलन्द खरीद गरेको । ष्टाफको दरबन्दी तथा नियुक्ति बेगर रु. २,४६२।– तलब खुवाएको । खरीद भएको साइकल र अन्य मालसामानको जिन्सी खेस्ता पेश नगरेको ।

२०१९।२० भन्दा अघिको आर्थिक विवरण नदिएबाट लेखापरीक्षण गर्न नपाएको ।

एग्रोनोमी सेक्शन सिड टेष्टिङ्ग लाबोरेटरी

अमेरिकी सहायताबाट सञ्चालित उक्त विकास कार्यतर्फ २०१९।२० मा रीतपूर्वकको कोटेशन बेगर रु. १२००।– को क्यामेरा तथा रु. ८,४३३।९८ को अन्य मालसामान खरीद गरेको । ढुवानी खर्च रु. ७९३।६७ बिल भरपाई बेगर खर्च लेखेको । दैनिक भ्रमण भत्ता र ढुवानी खर्च समेतलाई गएको पेस्की ७२३।५४ फछ्यौंट नगरेको ।

नेपालगञ्ज कृषि फर्म

अमेरिकी सहायताबाट सञ्चालित उक्त विकास कार्यतर्फ २०१९।२० मा विभिन्न कर्मचारीलाई पेस्की गएको रु. ५७,२०५।७१ फछ्यौंट नगरेको । ट्राक्टर चलाएको लगबूक बेगर रु. ६,९९९।०७ को पेट्रोल खर्च लेखेको । पाइपको जिन्सी खेस्ता नराखेको । रु. ७।५० दैनिक भत्ता बढी खर्च लेखेको । विभिन्न काममा आदेश बेगर रु. १,९३५।– खर्च लेखेको । लगत इष्टिमेट बेगर रु. २४,९२८।२३ खर्च गरी निर्माण भएको भवनको जांच पास नगराएको । खजुरामा बनाएका घरको लगत इष्टिमेट पेश नगरेको । टेण्डर स्वीकृति गर्दा लिनु पर्ने २।। प्रतिशत डिपोजित नलिएको ।

धनकुटा कृषि फर्म

अमेरिकी सहायताबाट सञ्चालित उक्त विकास कार्यतर्फ २०१८।१९ मा पदको दरबन्दी बेगर रु. १३,१८८।३० तलबमा खर्च लेखेको । कोटेशन बेगर रु. १,९८७।– को मालसामान खरीद गरेको । निकासा बेगर रु. ४,०३९।९ रकमान्तर गरी खर्च लेखेको । रु. ४३।४१ पाउने भन्दा बढी खर्च लेखेको । रु. ४०।– खर्चको प्रमाण पेश नगरेको । रु. १,५३२।७५ खर्च गरी अस्थायी घर बनाएको प्रमाण पेश नगरेको । वस्तुहरूलाई दरबन्दी बेगर रु. १,२२१।७५ को दाना खुवाएको । रु. ७००।४० खर्च गरी कुलो बनाएको प्रमाणित कागजात पेश नगरेको । रु. ४,२८७।३० खर्च लगाई खेती गरेकोमा रु. १,१८७।२० मात्र आम्दानी र मुरी ४। सिताहा र मुरी १०। धान बीउ जगेडा राखेको बाहेक अरू आम्दानी न देखिएको । रु. १,४४५।११ अन्य खातामा दाखिल गरेको प्रमाण पेश नगरेको । मालसामान जनावर आदि खरीद भएकाको आम्दानी नबांधेको । एकै कामलाई विभिन्न दरले रु. २,५०५।– ज्याला खर्च लेखेको । असूल गर्नु पर्ने बांकी रु. १०।– असूल नगरेको । रु. ९८।३७ आर्थिक विवरणमा घटी आम्दानी र बांकीमा रु. ।९१ घटी देखिएकोमा कारण खुलाउन नसकेको ।

कृषि फर्म प्रोजेक्ट, पोखरा

२०१८।१९ मा एग्रोनोमिष्ट समेतका ष्टाफको दरबन्दी तथा नियुक्ति पेश नगरेको । बिलभन्दा बढी रु. २।–, निकासाभन्दा बढी रु. ४००१।४५, खान पाउनेको बिल बेगर रु. २,३१०।२० खर्च लेखेको । रु. १०,२७८।– पेस्की फछ्यौंट नगरेको । घटाघट नगरी रु. १,७९२।७५ को मालसामान खरीद गरेको । रु. ५,०३८।– को बिल समेत प्रमाणका कागज पेश नगरेको । पेश गरेको आर्थिक विवरणमा भन्दा रु. १,२२०।– खेस्तामा घटी देखिएको । रु. १,८८४।७२ को जिन्सी खेस्ता पेश नगरेको । विभिन्न रकमबाट निकासा बेगर रकमान्तर गरी रु. ५,३७४।७५ खर्च लेखेको । विकास खातामा दाखिल गर्नु पर्ने रु. ७७४।३९ दाखिल नगरेको । वस्तु भाउलाई दाना खुवाएको रकमको खेस्ता नदेखाएको । आदेश बेगर रु. १८,७९६।६१ को जग्गा खरीद गरेकोको अतिरिक्त उब्जनी धान मुरी ४। मात्र देखिन आई अरू उब्जनी आयस्ता नदेखाएको । हेड एकाउण्टेण्टको तामसा रु. १०९५।– को चेक काटी राखेको भुक्तानी दिई नसकेको सम्बन्धमा कारण नखुलाएको । बैंकमा जम्मा गरेको तथा झिकेको पास बूक पेश नगरेको । घटाघट बेगर माल खरीद समेत गरी बारबन्देजमा रु. २,१३३।– निकासा बेगर रकमान्तर गरी खर्च गरेको ।

स्वा. सा. से. अन्तर्गत स्वायल सर्भे, राप्ती

अमेरिकी सहायताबाट सञ्चालित उक्त विकास कार्यतर्फ २०१८।१९ मा केमिकल झिकाउन २०१८ मा पेस्की गएको रु. २०००।– मध्ये रु. १,६७५।१४ को बिल भरपाई र केमिकल खरीद गर्दाको कोटेशन पेश नगरेकोको अतिरिक्त फांटवारी पेश गरेकोबाट बांकी देखिन आएको रु. ७।४५ असूल नगरेको ।

२०१४।१५ देखि २०१७।१८ को आर्थिक विवरण नदिएबाट लेखापरीक्षण गर्न नपाएको ।

स्वा. सा. से. अन्तर्गत स्वायल ष्टडिज प्रोजेक्ट

अमेरिकी सहायताबाट सञ्चालित उक्त विकास कार्यतर्फ २०१८।१९ मा रु. १०२१३।२० पेस्की बांकी फछ्यौंट नगरेको । कोटेशन भन्दा बढी रु. ५०।–, र बिलभन्दा बढी रु. १।– खर्च लेखेको । बिजुली महसूल तिरेको रु. ७००।– को रसीद पेश नगरेको ।

विराटनगर स्वायल ष्टडिज

अमेरिकी सहायताबाट सञ्चालित उक्त विकास कार्यतर्फ २०१९।२० मा मालसामान खरीद गर्न पेस्की गएको मध्ये रु. २०००।– को पेस्की फछ्यौंट नगरेको । तलब खर्च रु. १,४६२।८९ को दरबन्दी पेश नगरेको । नियममा निर्धारित दरभन्दा बढी ज्याला दिई रु. २१।– बढी ज्याला खर्च लेखेको । रु. ५००।– को फर्निचर कोटेशन बेगर खरीद गरेको ।

जिन्सी खेस्ता पेश नगरेको । रु. ८,९४७।– निकासाको आधारभूत प्रमाण पेश नगरेको । मौज्दात बांकी रु. १,४३०।४६ स्वीकृति बेगर २०१९।२० मा खर्च लेखेको । राजस्व आम्दानीको लेखा विवरण पेश नगरेकोले तत्सम्बन्धी लेखापरीक्षण गर्न नपाएको ।

आर्थिक वर्ष २०१९।२० भन्दा अघिको आर्थिक विवरण उपलब्ध नभएकोले लेखापरीक्षण गर्न नपाएको ।

डेरी डेभलपमेण्ट सेक्शन

न्यूजील्याण्ड सहायताबाट सञ्चालित उक्त विकास कार्यतर्फ २०१८।१९ देखिको आर्थिक विवरण वर्षौं बितिसक्दा पनि नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

विराटनगर फिसरिज

२०१९।२० मा तलब भत्ता रु. २,७५५।३० खर्च लेखेकोमा दरबन्दी तथा नियुक्तिको प्रमाण र हाजिर फाराम पेश नगरेको । निकासा रु. ६,३१५।– को आधारभूत प्रमाण पेश नगरेको । जिन्सी मालसामानको खेस्ता र २०१९।२० सालभन्दा अघिको आर्थिक विवरण पेश नगरेको ।

विराटनगर पोल्ट्री

अमेरिकी सहायताबाट सञ्चालित उक्त विकास कार्यतर्फ २०१९।२० मा कोटेशन तथा घटाघट नगरी रु. ६५३।९८ को मकै र मट्टितेल खरीद गरेको । दैनिक भ्रमण भत्ता तथा औजार खरीदको लागि समेत गएको पेस्की मध्ये रु. १७०।– फछ्यौंट नगरेको । रु. ५,६९४।७ तलब भत्ता खर्च लेखेकोको दरबन्दी पेश नगरेको । कुखुरा, चल्लाहरूका दाना आहारा रु. १,३७६।४१ खर्च लेखेकोमा चल्ला र कुखुराहरूको विवरण पेश नगरेको रु. २४,९४३।– निकासाको आधारभूत प्रमाण पेश नगरेको । जिन्सी सामानको खेस्ता पेश नगरेकोको अतिरिक्त राजस्व आम्दानीको आर्थिक विवरण पनि पेश नगरेकोले परीक्षण गर्न नपाएको ।

२०१९।२० भन्दा अघिको लेखा विवरण उपलब्ध नभएबाट परीक्षण गर्न नपाएको ।

विराटनगर हर्टिकल्चर

अमेरिकी सहायताबाट सञ्चालित उक्त विकास कार्यतर्फ २०१९।२० मा रु. ३६०।– को मालसामान कोटेशन नलिई खरीद गरेको । पेस्की बांकी फिर्ता दाखिल गरेको रु. १,३८९।१२ सम्बन्धित खातामा जम्मा गरेको भाउचर तथा खाता समेत पेश नगरेको । नियमले पाउने भन्दा बढी रु. ३५५।२५ ज्याला खर्च लेखेको । तलब खर्च रु. ३,३९१।६० को दरबन्दी पेश नगरेको । रु. १६००।– निकासाको प्रमाणित कागजात पेश नगरेको । जिन्सी मालसामानको लेखा पेश नगरेको ।

आर्थिक वर्ष २०१९।२० भन्दा अघिको आर्थिक विवरण पेश नगरेकोले लेखापरीक्षण गर्न नपाएको ।

एण्टोमोलजी सेक्शन

२०१९।२० को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

धुलिखेल भेटनरी हस्पिटल

२०१९।२० मा दैनिक भ्रमण भत्ता बढी लिएको रु. ४६।५० असूल नगरेको । बेकम्मा माल लिलाम नगरेको तथा मर्मत गरी काममा नलगाएको ।

होम साइन्स सेक्शन

२०१९।२० मा ठाउं ठाउं भ्रमणमा समेत जांदा मोटर उपयोग गरेकोमा लगबूक खडा नगरी रु. ३५८।४५० को पेट्रोल आदि खर्च लेखेको । मालसामानको जिन्सी खेस्ता नराखेको । कोटेशन टेण्डर नलिई रु. ३,०९८।४५ को मसलन्द खरीद गरेको ।

२०१८।१९ भन्दा अघि प्रोजेक्ट चालू भए देखिको आर्थिक विवरण नदिएबाट लेखापरीक्षण गर्न नपाएको ।

खाद्य विभाग

२०२१ सालमा संयुक्त राज्य अमेरिकाबाट सहायता स्वरूप प्राप्त हुन आएको अमेरिकन गहुं सम्बन्धी लेखापरीक्षणको लागि आर्थिक विवरण धेरै पटक ताकिता गर्दा पनि प्राप्त नभएकोले लेखापरीक्षण हुन नसकेको ।

शिक्षा मन्त्रालय

२०१९।२० मा शिक्षा सह-सचिव यूनेस्कोको महाअधिवेशनमा भाग लिन जानु हुंदा दैनिक भत्ता रु. ५७६।– नियमले पाउनेभन्दा बढी लिनु भएको सम्बन्धमा लिन दिन नहुने रकम लिए दिएको तर्फ कुनै कारवाई नगरी फछ्र्यौंट नगरेको ।

२०२१।२२ मा शिक्षा विभागमा उप-सचिव पद ४ थप सृजना गरेको सम्बन्धमा कुन किसिमबाट के कति काम बढ्न गई सो पदहरूको सृजना गर्नु परेको हो सो समेत नखुलाई उक्त पदहरूमा प्रमोशन गर्दा पनि साधारणतर्फका सेक्शन अफिसर ५ ले प्रमोशन प्राप्त गरेको । स्वीकृत पद विकासतर्फको भै विकासतर्फका कर्मचारीलाई प्रमोशन दिन वाञ्छनीय भएको भनी २०२०।६।२६ मा प्रमोशन गराएका मध्ये नेपाल नेशनल कन्स्ट्रक्शन कम्पनीमा काज खटी रहेका एक सेक्शन अफिसरलाई यूनेस्को तथ्यांक शाखामा ठेकी ग्याजेटेड् द्वितीय श्रेणीमा प्रमोशन गरिएकोमा सो ठेकिएकै ठाउंमा नराखी सोही कम्पनीमै काजखटाई राखेको समेतबाट सिर्फ उक्त पदाधिकारीहरूलाई प्रमोशन खुवाउने गर्नसम्म व्यवस्था मिलाएको देखिन आएकोले तत्सम्बन्धमा विभागीय सचिवलाई लेखी पठाउंदा योजनाहरूको सुचारुरूपबाट कार्यान्वयन गर्न दरबन्दीको आवश्यकता कमिटीबाट समेत महसूस भई भएको दरबन्दीको स्वीकृति गर्दा मन्त्री स्तरबाट छानबीन हुनेनै भै नेशनल कन्स्ट्रक्शन कम्पनीमा काजमा गै रहेका बारे निजलाई झिकाउन लेखी पठाउंदा पठाउन नसकिने भनी नपठाएको भन्ने समेत जवाफ लेखी पठाएकोदाट अनावश्यक पदको सृजना गरी प्रमोशन दिई विकास कार्यमा लगाउनु पर्ने रकम बरबाद पारेको ।

२०१९।२० मा भारतीय सहायता सम्बन्धी सम्झौतानुसार प्राप्त हुन् पर्ने शुरूको रकम भा. रु. ३,००,०००।– त्रिभुवन विश्वविद्यालय विकास कोषको नाममा नेपाल राष्ट्र बैंकमा डिपोजिट रही काम शुरू हुन् पर्ने सम्बन्धमा विश्वविद्यालयका रजिष्ट्रारलाई लेखी पठाएकोमा सहायता-बाट दिनु पर्ने बनाउने काम आदिमा छुट्टै खर्च दिएको भन्ने बेहोरा समेत भारतीय सहायता नियोगबाट लेखी आएको पत्रको नक्कल सम्म पठाएबाट सम्झौतानुसार भा. रु. ३,००,०००।– नेपाल राष्ट्र बैंकमा डिपोजिट राखी काम शुरू नभएको । तत्पश्चात् पनि सम्झौतानुसार बैंकमा जम्मा गर्नु पर्ने रुपैयां डिपोजिट गराउन नलगाएको ।

चून इंट बिक्री गरी तथा ट्रक भाडाबाट समेत जम्मा रु. ८,३४१।५६ आम्दानी बांधिएकोमा त्यसको आधारभूत प्रमाण पेश नगरेको । शिलापत्र र शिलान्यास समारोहमा खर्चको निमित्त समेत जम्मा रु. ३,७००।– पेस्की गएको फछ्र्यौंट नगरेको । विश्वविद्यालय स्थल कीर्तिपुर केमेष्ट्री भवन निर्माण कार्यलाई भा. रु. ४,९६,९६४।– को ठेक्का भारतीय सहायता नियोगका सेण्ट्रल इञ्जिनीयरिंग डिभिजनबाट बन्दोबस्त गराइएकोमा लेखापरीक्षण गर्न आर्थिक विवरण पेश नभएको सम्बन्धमा रजिष्ट्रारलाई लेखी पठाउंदा सम्झौतानुसार नगद, जिन्सी सेवा आदिमा सहायता दिने भएको समितिको बैठकबाट अनुरोध गरेको हुंदा नियोगबाट उक्त काम गरेको तथा तत्सम्बन्धी लेखापरीक्षण भारतका अडिटर जनरलको निर्देशानुसार हुने र तत्सम्बन्धी प्रमाणपत्र (सर्टिफिकेट) श्री ५ को सरकारलाई पठाउन् पर्ने भन्ने सम्झौता नभएको भन्ने समेत उल्लेख भएको भारतीय सहायता नियोगको पत्रको प्रतिलिपि पठाउन् भई लेखापरीक्षण गर्न नदिएको । मैले उक्त प्रमाणपत्र हेर्न नपाएसम्म उक्त कारणको लेखाइको भरमा मात्र मेरो लेखापरीक्षण क्षेत्रभित्र पर्ने सो विकासको विषय मैले लेखापरीक्षण नगरी चूपलागी बस्न नहुने ।

२०१८।१९ मा अमेरिकी सहायताबाट सञ्चालित शिक्षा विकास प्राथमिक शिक्षातर्फ साधारण बजेटबाट निकासा भएपछि शोधभर्ना गर्ने गरी विदेश तालीममा जानु भएका पदाधिकारीलाई लुगा भत्ता भा. रु. ८००।– विकास को बाट २०१४ सालमा निकासा भएको । २ वर्ष पछि २०१६ सालमा साधारण बजेटबाट निकासा भएको लुगा भत्ता कलेज, स्कूल गोस्वारामार्फत विदेश तालीममा जानु भएका पदाधिकारीले पाउना-साथ तुरुन्तै अघि विकास कोषबाट लिएकोमा सोधभर्ना गर्न बुझाउन पर्ने नबुझाई करीब ३ वर्ष पछि लेखापरीक्षणले बेरुजु पत्ता लगाए पछि मात्र प्रचलित कानूनको प्रतिकूल हुने गरी बिगोसम्म फिर्ता बुझाउन लगाएको । तत्सम्बन्धमा कानूनन् हुनु गर्नु पर्ने कारवाईको लागि लेखी पठाउंदा पनि तदनुसारको कारवाई नगरेको ।

पार्टी दिने सम्बन्धमा नियम बनाउन पटक पटक अनुरोध गरेकोमा कुनै कदम उठाउनु नभएकोको अतिरिक्त २०२०।२१ को आर्थिक वर्षमा साहित्य संस्थानको प्रोग्राम र रोयल एकेडेमीको जन्म जयन्तीको उपलक्ष्यमा क्रमशः रु. २,७६८।– र १,८०८।३९ आर्थिक अनुशासनको पालन नगरी खर्च गरी सके पछि मात्र समर्थन गराएको ।

२०२०।२१ मा जन्म जयन्ती भैपरी आउने विषय नहुंदा तत्सम्बन्धमा खर्च प्रतिवर्ष दिनु पर्ने भए बजेटमा समावेश गर्न पर्नेमा नगरी स्वस्थ आर्थिक प्रणाली प्रतिकूल हुने गरी त्रि–चन्द्र कलेजलाई रु. ५००।– भैपरी आउने रकमबाट निकासा गराएको ।

नं. ४१२ को जीप शनिश्चरबारका दिन गोदावरी लगेको अवस्थामा दुर्घटनामा परी हेडलाइट १ फुटेको, बडी कुचिएको तथा हुड पनि च्यातिएकोले कुन काममा गोदावरी लगेको भनी सोधनी गर्दा सरकारी कामलाई गोदावरी लगेको प्रमाण दिन नसकेकोले दुर्घटनामा परी नोक्सान भएको सम्बन्धमा क्षतिपूर्ति र विभागीय कारवाई समेतलाई लेखी पठाउंदा कुनै कारवा नगरी सरकारी धन क्षति भएको भयै पारी राखेको ।

२०२०।२१ मा पाटन कलेजको जन्म जयन्तीको खर्च २ पटकसम्म निकासा नदिएको तेस्रो पटकमा (खर्च गरी सकेपछि) खर्च भै सकेको र थोरै रकम भएकोले समर्थन गर्ने भनी अर्थ मन्त्रालयले रु. ३००।– निकासा दिएकोले आर्थिक अनुशासनमा नरहने सरकारी संस्थालाई प्रोत्साहन दिन खोजेको देखिएको ।

२०२१।२२ मा पाटन कलेजको जन्म जयन्ती मनाउने भनी सालिन्दा खर्च बढाउने मनासिब नभएको भन्ने कुरा महसूस गरेर पनि यो एक पटकलाई भनी नियमित व्यवस्था नभएका कलममा रु. २००।– निकासा दिई अर्थ मन्त्रालयले आर्थिक नियन्त्रण खुकुलो पारेको ।

शिक्षा विभाग

२०१६।१७ मा कोटेशन बेगर रु. ३०१।५४ मालसामानमा खर्च लेखेको । पुरानो भुक्तानी दिनु पर्ने रु. ४६०।८० भरपाई बेगर खर्च लेखेको । खान नपाउने तलब रु. ३७।– तत्कालीन शिक्षा डाइरेक्टर, सेक्शन अफिसर आदिलाई आदेश निर्णय बेगर का. मु. भत्ता र रिपोर्ट पास बेगर तलब समेत रु. ८,६००।– खर्च लेखेको । फर्निचर खरीद गर्न वाणिज्य विभागलाई पेस्की गएको रु. ६,३००।– फछ्र्यौंट नगरेको ।

नेपाली भाषा प्रकाशिनी समिति

२०१६।१७ मा छपाईको निमित्त गएको रु. ५६,०००।– को पेश्की फछ्र्यौंट नगरेकोको अतिरिक्त पेस्की खाता समेत पेश नगरेको ।

२०१७।१८ मा आधारभूत प्रमाण बेगर किताब लेखकहरूलाई रु. १,८८६।५० पुरस्कार वितरण गरेको । रु. १७२।१३ को बिजुलीको सामानहरू जिन्सी किताबमा आम्दानी नबांधेको । विभिन्न प्रेसहरूलाई पेस्की दिएको रु. ८१,७५३।७५ फछ्र्यौंट नगरेको । टेण्डर कल नगरी पुस्तक छाप्न रु. ७,३६१।२५ पेस्की दिएको ।

आधार शिक्षा तहबील फांट

२०१६।१७ मा प्रशासकीय पुनर्गठन बजेटबाट पुरानो तलब बढी रु. ३३७।६५ खर्च लेखेको । लिन खान पाउनेभन्दा बढी रु. १।६२ खर्च लेखेको । तेजारथ सापटी कट्टा गरेको रु. १४२।५२ र आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहेको मध्ये रु. ४।८२ समेत जम्मा रु. १४७।३४ सम्बन्धित कोषमा दाखिल गरेको भौचर पेश नगरेको ।

अञ्चल शिक्षा अधिकारी अफिस, जनकपुर

२०१९।२० मा नियुक्ती सदर बेगर रु. ११४।१८ र खान पाउनेभन्दा बढी रु. ६१।२ तलब खर्च लेखेको । भ्रमण आदेश तथा बिल बेगर रु. ७४८।५० दैनिक भ्रमणमा खर्च लेखेको ।

राजकीय संस्कृत महाविद्यालय

२०१६।१७ मा अध्ययन बिदामा गएका पदाधिकारीको ठाउंमा निकासा नलिई अस्थायी भर्ना गरी तलब रु. ७९३।२४ खर्च लेखेको । रु. १।९० बिल भाउचर भन्दा बढी खर्च लेखेको ।

२०१७।१८ मा नियमित व्यवस्था बेगर परीक्षामा रहने सुपरिण्टेण्डेण्ट तथा गाइडहरूको पारिश्रमिकमा रु. २८२।–, छात्रवृत्तिमा रु. ६,९८६।६४, छात्रहरूको भ्रमणमा रु. २,२००।– खर्च लेखेको । नियमले नपाउने सवारी भत्ता रु. ३४।– खर्च लेखेको ।

त्रि-चन्द्र कलेज

२०१६।१७ मा लगत इष्टमेट नगरी रु. १,५००।– सर्मत काममा खर्च गरेको । आर्थिक वर्षको अन्त्यमा बांकी रहन आएको रु. १,८८०।६६ सञ्चित कोष दाखिला नगरी पछिल्ला सालमा खर्च गरेको । भरपाईभन्दा बढी खर्च लेखेको रु. ११८।५४ असूल गर्नु पर्ने नगरेको ।

दरबार कलेज

२०१७।१८ मा भ्रमणमा खर्च गरेको रु. ३,०००।–को आदेश तथा भ्रमण बिल पेश नगरेको । रु. ९५०।– को मालसामान आम्दानी नबांधेको ।

पाटन कलेज

२०१७।१८ मा रु. ४९७।– को बिल भरपाई पेश नगरेको । टेण्डर नलिई रु. ३,०००।– को मालसामान खरीद गरेको । जिन्सी मालसामानको लेखापरीक्षण नगराएको ।

कण्ट्रोलर अफ् एक्जामिनेशन

२०१६।१७ मा गोप्य काममा खर्च गर्न पाउने आधारभूत प्रमाण बेगर खर्च गरेको रु. १४,८३७।२७ को बिल भौचर पेश नगरेको तथा बोर्डबाट सो खर्च समर्थन भएको पनि नदेखिएको । आर्थिक वर्षको अन्तमा बांकी रहन आएको रकम मध्ये रु. ८,७५०।२३ सञ्चित कोष दाखिल गरेको प्रमाण पेश नगरेको । तलब रु. १२१।– बढी खर्च लेखेको असूल नगरेको । राजस्व आम्दानीतर्फको आर्थिक विवरण पेश नगरेको ।

पास जांच अड्डा

२०१६।१७ मा बिल भरपाई बेगर रु. ५००।– परीक्षा खर्च लेखेको । तेजारथ कट्टी रु. २४९।५८ दाखिल नगरेकोको अतिरिक्त तलब रु. ।५६ बढी खर्च लेखेको ।

स्कूल गोस्वारा

२०१६।१७ को तीन महीनामा भरपाई बेगर स्कूल कलेजहरूलाई रु. १४,७८९।२९ सहायता खर्च लेखेको । भरपाई बेगर छात्रवृत्ति रु. ४,७०६।३० खर्च लेखेको । तेजारथ सापटी कट्टी रु. १९०।४४ दाखिला भएको प्रमाण पेश नगरेको । आधारभूत प्रमाण बेगर बढी खर्च लेखेको तलब रु. १०३।५० असूल नगरेको । लिन खान नपाउने रकम असूल भै आएको रु. १६०।– आम्दानी नबांधेको तथा सञ्चित कोष दाखिला समेत नगरेको सम्बन्धमा कुनै कारवाइ नगरेको ।

२०१७।१८ को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

डिभिजनल इन्सपेक्टर अफ् स्कूल अफिस

२०१९।२० मा घुकाम जिल्लाभित्र चौथाइ मात्र दैनिक भत्ता पाउनेमा पूरै दिई रु. ३२९।५० बढी खर्च लेखेको असूल नगरेको ।

डिभिजन इन्सपेक्टर अफिस जोन नं. ३

२०१७।१८ मा भ्रमण आदेश बेगर रु. १,९८९।६५ भ्रमण भत्तामा खर्च लेखेको । नियम तथा आदेश बेगर गरीब विद्यार्थीहरूलाई रु. १२,१८७।८० आर्थिक सहायतामा खर्च लेखेको ।

आधार स्कूल भीमफेदी

२०१६।१७ को तीन महीनामा लिन खान पाउनेभन्दा बढी भत्ता रु. १।३५ खर्च लेखेको असूल नगरेको ।

पाटन हाइस्कूल

२०१६।१७ मा कोटेशन बेगर रु. ४५०।– को मालसामान खरीद गरेको । गरीब विद्यार्थीहरूलाई खाजा खुवाएको रु. २००।– को फांटवारी र सो खाजा खुवाउने आधारभूत प्रमाण पेश नगरेको । लेखा नियमितसंग नराखेको । खरीद भएका मालसामानहरूको जिन्सी खेस्ता पेश नगरेको ।

२०१७।१८ मा लिन दिन नहुने रु. ५।– बढी खर्च लेखेको । कोटेशन बेगर रु. ६४७।– को मालसामान खरीद गरी आम्दानी समेत नबांधेकोको अतिरिक्त स्वीकृति बेगर रु. १४।०३ रकमान्तर गरी खर्च लेखेको ।

पोखरा सल्टिपर्पस हाइस्कूल

२०१८।१९ मा तलब रु. १२,६११।–, मसलन्द रु. ७२।–, तार टिकट रु. २१।५०, भैपरी आउने रु. ४।५० र मालसामानको रु. ४,८८४। समेत जम्मा रु. १७,५९३।– को फांटवारी पेश नगरेको ।

विन्ध्यावासिनी हाइस्कूल

२०१९।२० मा आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहेको रु. ३४।– सञ्चित कोषमा दाखिल नगरेको ।

टेक्निकल स्कूल

२०१६।१७ मा कोटेशन बेगर रु. २२२।९६ को बिजुली सामान खरीद गरेको ।

खलङ्ग प्राथमिक पाठशाला प्यूठान

२०१९।२० मा दिन ४१ बेरामी बिदा बसेको पदाधिकारीलाई बिदा स्वीकृत नहुंदै तलब खर्च लेखेको ।

प्राथमिक संस्कृत पाठशाला परासी

२०१९।२० मा स्वीकृति बेगर अघिल्लो आर्थिक वर्षको ग्रेड रु. ५९।– खर्च लेखेको ।

जुद्ध कला पाठशाला

२०१८।१९ मा रु. ८४९।५४ को कोटेशन बेगर मालसामान खरीद गरेको । बेरामी परेका दिन १२ को नपाउने १३२।०९ छात्रवृत्ति खर्च लेखेको ।

देववाणी विद्यालय, पाल्पा

२०१९।२० मा अघिल्लो आर्थिक वर्षको तलब रु. ५०९।६० स्वीकृति बेगर पछिल्लो आर्थिक वर्षमा खर्च लेखेको ।

गोदावरी दरबार हेरचाह अड्डा

२०१७।१८ मा सेण्ट जेभियर स्कूल बसेको घर उक्त अफिस अन्तर्गत पर्छ पर्दैन भनी सोधनी गर्दा जवाफै नदिएको ।

पुरातत्व र संस्कृति विभाग

२०१६।१७ को पछिल्लो ३ महीनामा लिन खान पाउनेभन्दा बढी तलब रु. ६५।– खर्च लेखेको असूल नगरेको ।

वीर पुस्तकालय

२०१७।१८ मा एकै जनाको कोटेशनबाट रु. २,०००।– को कागत खरीद गरेको । फांटवारी पेश नगराई दैनिक भ्रमण भत्ता रु. २९०।२० खर्च लेखेको । स्वीकृत बजेट भन्दा बढी रु. २००।– मर्मत रकममा अर्थ मन्त्रालयले निकासा दिएको । शिक्षा मन्त्रालयले पेस्की खर्च लेखेको कञ्चावारीबाट देखिने रकम भन्दा रु. ५०।– बढी खर्च लेखेको । सरुवा तथा पे-कमिशनको निर्णय हुने आधारमा पेस्की खुवाएको समेत जम्मा रु. ७५३।९५ फछ्यौंट नगरेको । स्वीकृति बेगर रकमान्तर गरी रु. ४०।३० खर्च लेखेको । आर्थिक वर्ष व्यतीत हुंदा दाखिल हुन पन भन्दा रु. ।७३ घटी दाखिल गरेको । रु. १३।८० घटी जिम्मावारी सारेको ।

२०१९।२० मा रु. १४,१८२।७८ को हस्तलिपि खरीद गरेको सम्बन्धमा मोल निर्धारण गर्ने अभिकरणको व्यवस्था नगरेको । भुक्तानी दिनु पर्ने कारण केही नखुलाई रु. ५७०।६७ खर्च लेखेको । छपाईको निमित्त पेश्की गएको मध्ये बांकी रु. १६।– फछ्यौंट नगरेको । आर्थिक वर्षको अन्त्यमा बांकी रहन आएको रु. ३३।७४ हालसम्म पनि सञ्चित कोष दाखिल नगरेकोको अतिरिक्त खेस्तामा जिम्मावारी सारेको समेत नदेखिएकोमा प्रचलित कानूनन् हुनु पर्ने कारवाइ समेत नगरेको ।

नेपाल म्यूजियम

२०१९।२० मा तलबमा बढी रु. ५।२७, सट्टा बिदा दिनु पर्नेमा तलब खवाई रु. १,१४९।७१ खर्च लेखेको । दोहरो बिजुली महसूल रु. ६४५।८३ र समयमा बिजुली महसूल नबुझाई रु. ३३।– जरिवाना खर्च लेखेको । गत सालको तलब बांकी रु. १७५।७३, मसलन्द रु. २७।– र पेट्रोल रकमको रु.१,४५३।६९ निकासा बेगर खर्च लेखेको । बिल भरपाई बेगर रु. १६।– खर्च लेखेको । नियमभन्दा बढी हुने गरी रु. ४,१६८।१० सम्म तहबील मौज्दात राखेको देखिएको । मालसामान र मोटर मर्मत गर्दा कोटेशन घटाघट बेगर खर्च लेखेको । जीप १, कार १ त्यसै खिया पारी राखेको । खापासम्म नभएको आलमाडीहरू त्यसै छिंडीमा फाली राखेको । सत्तरीहरू बगैंचामा घाम पानीमा पर्ने गरी राखी छोडेको बारे गत साल सुझाव दिंदा पनि सुरक्षित साथ राख्ने व्यवस्था नगरेको । ढुंगाको बुद्ध मूर्ति अधुरो गरी राखेको र त्यसको लेखा समेत केही नभएको यू. एस. एस. आर. का कवि लेखकहरूलाई बस्ने र सवारीको लागि भन्त्रिपरिषद्बाट समर्थन गराउने गरी निकासा भएको रु. २,४५१।४० मन्त्रि-परिषद्बाट समर्थ भएको नदेखिएको ।

तीन शहर म्यूजियम

२०१९।२० मा रु. ४३८।९८ को मालसामान मौज्दात नभएको । ऐन सबालको रीत पुऱ्याई घटाघट गर्नु नपर्ने गरी निकासा गराउनु पर्ने कुने अवस्था नदर्शाई तद्नुसार निकासा गराएकोको अतिरिक्त घटाघट नगराए पनि किफायत साथ खरीद गर्नु पर्नेमा सो नगरी बढी दरमा कच्चा तथा नोक्सानी मालसामान खरीद गरेको ।

सदर चिडियाखाना

२०१८।१९ मा अर्थ मन्त्रालयको स्वीकृति बेगर रकमान्तर गरी निकासा भन्दा रु. ८१३।५६ बढी खर्च लेखेको । बिल भरपाई बेगर रु. २५।– मालसामानमा खर्च लेखेको । तेजारथ कट्टी रु. ५९१।१६ को रसीद पेश नगरेको । रु. ९।६० दोहरो पारी बढी खर्च लेखेको । दरबन्दीको कर्मचारी छंदाछंदै रु.. ४१२।५० ज्यामी खर्च लेखेको । जिन्सी मालसामानको खेस्ता नराखेको । जीवजन्तु थप घटको नियमित लगत नरहेको । जिन्सी मुरी ३।६।३ घटी जिम्मावारी सारेको । जिन्सी मुरी ।१८।२।२।। बढी खर्च लेखेको । भुक्तानी प्रणाली अनुकूल पेश्की खाताहरू नरहेको ।

शिक्षा विकास प्राथमिक शिक्षा

२०१८।१९ मा नियम प्रतिकूल गरी दैनिक भ्रमण भत्ता रु. ३०६।३८ र जलपानमा रु. ४०।– बढी खर्च लेखेको असूल नगरेको । अर्थको स्वीकृति बेगर पेट्रोल रकमबाट मर्मतज्याला आदिमा रकमान्तर री रु. ४१।५४ खर्च लेखको । तार टिकट खर्च रु. २।२० को भरपाई पेश नगरेको । विभिन्न स्कूलहरूलाई गएको आर्थिक सहायता रु. ३५,४७,१६५।६३ को भरपाई आदि पेश नगराई पेश्की बांकी राखेको । अमेरिकी सहायता सम्बन्धी सम्झौताभन्दा रु. २,००,०००।– बढी बजेट स्वीकृत गराएको । साइकलबाट हुन सक्ने साना तिना कामको लागि पनि लाइट मोटर वाइक प्रयोग गरी अनावश्यक संग रु. २०९।२५ को पेट्रोल खर्च गरेको ।

शिक्षा विभाग फिस्कल सेक्शन

अमेरिकी सहायताबाट सञ्चालित अन्य विकास कार्यतर्फ २०१८।१९ मा स्वीकृति बेगर रकमान्तर गरी रु. २४८।– खर्च लेखेको ।

शिक्षा विकास योजना

शिक्षा विकास योजना एडुकेशन एक्टिभिटिज तर्फ आर्थिक वर्ष २०१५।१६ मा, अमेरिकी सरकारसंग भएका सम्झौतानुसार श्री ५ को सरकारबाट प्राप्त हुन पर्ने रकम मध्ये भा. रु. २ घटी प्राप्त भएको । अमेरिकी सरकारतर्फबाट आउने रु. २,३१,०००।– को मालसामान आउन पर्ने मध्ये के कति प्राप्त भै कति बांकी छ त्यसको लेखा पेश नगरेको । दिनु पर्नेभन्दा रु. १२,७०९।३८, भा.रु. ४,६२३।७५ बढी खर्च लेखेको । भा. रु. १८२।७९, र रु. १२,८८१।४७ निकासा बेगर खर्च लेखेको र बिल भरपाई बेगर भा. रु. ४५,५९१।५४, रु. १८,५२५।९४ खर्च लेखेको । भा.रु. १४,७६७।८३ र रु. ४२,८६१।७७ को खर्चको फांट पेश नगरेको । रीत अंग नपुऱ्याई भा. रु. १५,०११।४१, रु. २९,६२१।३३ खर्च लेखेको । भा. रु. ६९७।७४, रु. १,३८६।६२ अनावश्यक काममा खर्च लेखेको । भा. रु. १९,५४३।३१, रु. ५१,५४४।५० को कोटेशन बेगर मालसामान खरीद गरेको । लगबूक बेगर रु. ६,६११।२० को पेट्रोल खर्च लेखेको । भा. रु. २,५४,७७९।०२, रु. २,८९,७००।१४ को पेश्की फछ्यौंट नगरेको । भा. रु. ३,७१७।५७, रु. ४०,०२९।९५ को मालसामान जिन्सी किताबमा आम्दानी नबांधेको । नियमित खेस्ता नराखी आर्थिक नियन्त्रण नरहने गरी खेता बोर गरी राखेको ।

(प्राथमिक शिक्षा उप-शाखातर्फ आर्थिक वर्ष २०१५।१६) भा. रु. ४१।४४, रु. १८५।६८ बढी खर्च लेखेको । केन्द्रीय बिजिनेशलाई खर्च लेखेकोमा रु. ३,६६८।–, रु. ११,४३६।६३ उक्त अफिसको लेखामा आम्दानी बांधेको नदेखिएको । आर्थिक वर्ष २०१३।१४ मा भएको आम्दानी भा. रु. १,०१३।४८, रु. ९,३१७।७५ आर्थिक वर्ष २०१५।१६ मा मात्र आम्दानी बांधी त्यत्तिका वर्षतक खेस्ता बेगर त्यसै राखेको । भा. रु. १,०१४।३५ दोहरो खर्च लेखेको । भा.रु. ३८,७६७।६३, रु. १६,९००।९१ को पेश्की फछ्यौंट नगरेको । बिल भरपाई बेगर भा.रु. १,६१३।२८, रु. ७,६९६।६१ खर्च लेखेको ।

शिक्षा विकास योजना प्रशासन उप-शाखा

अमेरिकी सहायताबाट सञ्चालित विकास कार्यतर्फ २०१८।१९ मा रु. २।४७ दरदाम भन्दा बढी मालसामानमा खर्च लेखेको । रु. ९५।– को मालसामान मौज्दात समेत नदेखिएको । रु. ६५।५० भरपाई बेगर खर्च लेखेको । रु. ४५।– को मट्टितेल खरीद गरेको कारण नखुलेको । रु. ३,६४७।८७ को खर्चको फांट पेश नगरेको । रु. ११७।५० ड्राइभरलाई बिदाको दिनमा काम गरेको भनी पारिश्रमिक खर्च लेखेको । रु. ८२४।६० लगबूक बेगर पेट्रोल खर्च लेखेको । रु. २,४००।– मौज्दात बांकी मध्ये घटी दाखिल गरेको ।

शिक्षा विकास योजना बिजिनेस अफिस

अमेरिकी सहायताबाट सञ्चालित विकास कार्य २०१६।१७ मा पटक पटक माग गर्दा पनि रीतपूर्वकको आर्थिक विवरण लेखाहरू परीक्षणको निमित्त प्राप्त हुन नसकेको । उपलब्ध भएसम्मका बिल भाउचर तथा लेजरहरूको लेखापरीक्षण गर्दा रु. ७९६।५९ को बिल केरमेट थप गरी राखेको । बिल भरपाई बेगर रु. ६,९२८।३८, भा. रु. ४८।– निकासा बेगर रु. १०,६७५।८८, भा. रु. ७९१।६० खर्च लेखेको । रु. ८,६८२।४२ भा. रु. ३,७२६।८४ लिन खान पाउनेको भरपाइ बेगर खर्च लेखेको । विभागीय मोटर छंदाछंदै भाडा तिरेको समेत अनावश्यक कामका रु. ८८।– खर्च लेखेको । दैनिक भ्रमण भत्ता पेश्की रु. ३,७४४।१२, भा. रु. २,९८६– फछ्यौंट नगरेको । कोटेशन, टेण्डर, बेगर रु.१६,१८२।७९ को मालसामान खरीद गरेको । रु. ५।– स्वीकृति बेगर रकमान्तर गरेको । रु. ६७०।४३ को मालसामान जिन्सी किताबमा नचढाएको । तलबमा दोहरो पारी रु. १८९।६४ खर्च लेखेको । अघिल्ला सालको दिनु पर्ने रु. ९३।२२ भा. रु. ९७।६० स्वीकृति बेगर खर्च लेखेको । नर्मल स्कूल तर्फको पेस्की रु. ३,१७,१००।– र भा. रु. ९१,६५०।– फछ्यौंट नगरेको ।

उच्च शिक्षा बिजिनेस अफिस

अमेरिकी सहायताबाट सञ्चालित विकास कार्य २०१८।१९ मा ३. ११,३३४।–।५२ कोटेशन बेगर माल खरीद तथा को-अर्डिनेटरशिप भत्ता, पत्र पत्रिकामा र हाजिर नभएकाको तलब समेतमा खर्च लेखेको रु. ३,७५४।७२ को बिल भरपाई नभएको, रु. १,१९८।१५ नपाउने रकम खर्च लेखेको । साप्टीको ब्याज रु. २।२४ असूल नगरेको ।

पेश्की मध्ये बचत हुन आएको रु. १०६।१० फिर्ता नगरेको । रु. ३,१७,४५६।९९ खर्चको फांटबेगर खर्च लेखेको । रु. ३,७६२।५७ अर्थ मन्त्रालयको स्वीकृति बेगर रकमान्तर गरी खर्च लेखेको । रु. १,२००।– घर बाहालको सम्झौतानुसार म्यादभित्र कारवाई नगरी बढी खर्च लेखेको । साइकल कर म्यादभित्र नबुझाई लागेको जरिवाना ।६० खर्च लेखेको । लगबूक नराखी रु. ८६।८० पेट्रोल खर्च लेखेको, टाठको माग फाराम गरी रु. १७।४५ को फुल्दान खरीद गरेको ।

शिक्षा विकास एजुकेशन एक्टिभिटिज

२०१६।१७ मा अमेरिकी सहायताबाट डलर ५३,०८०।– का मालसामान प्राप्त हुनु पर्नेमा प्राप्त भएको प्रमाण पेश नगरेको । फांटवारी बेगर तथा इच्छापत्र, कोटेशन बेगर र लगबूक बेगर पेट्रोल खर्च लेखेको रु. १३,७८१।१७ समेत जम्मा अनियमित तरीकाबाट रु. ५४,-७५४।८८, भा. रु. २,४३२।११ खर्च लेखेको । बिल भरपाई बेगर रु. १,७८०।३३, भा. रु. ४८७।४५ खर्च लेखेको । लिन खान पाउनेभन्दा बढी रु. ४,००७।८५, भा. रु. २,६१५।९५ खर्च लेखेको । साप्टी रु. ७,२३९।–, भा. रु. ३,२००।– असूल नगरेको । रु. ६,८२,४५६।७८, भा. रु. ३,०८,७५२।८५ पेश्की फछ्यौंट नगरेको । रुपैयां ढुवानी गर्न भनी अनावश्यक रु. २४।– खर्च लेखेको । आन्तरिक लेखापरीक्षण गरी स्रेस्ता ठीक राख्नु पर्नेमा सो कुनै नगरेको ।

शि. वि. यो. फिस्कल उप-शाखा

अमेरिकी सहायताबाट सञ्चालित उक्त विकास कार्यतर्फ २०१७।१८ मा रु. ५,५२५।९३ को कोटेशन बेगर मालसामान खरीद गरेको । रु. १०,५१८।१२ लगबूक बेगर पेट्रोल रकममा खर्च लेखेको । ऐन नियमले पाउनेभन्दा बढी लिए दिएको तथा बिल भरपाई समेत नभएको दैनिक भ्रमण, ओभर टायम आदि विषयमा रु. २,३८४।२४ र भा. रु. ४१९।०४ खर्च लेखेको । साप्टी गएको रु. १,६००।– शोधभर्ना नगरेको । पेश्की रु. १,१३,५९२।०२ फछ्यौंट नगरेको । ठाउं ठाउंबाट आएको देखिएको रु. ३,४९८।३६ र रु. १५७।– यो बापत आएको भन्ने कुराको स्रेस्ता परीक्षण नगराएबाट यस किसिमको आम्दानी भनी छुट्याउने आधार नभएको ।

प्रौढ शिक्षा उप-शाखा

अमेरिकी सहायताबाट सञ्चालित विकास २०१८।१९ मा लगबूकमा उद्देश्यै नखुलाई रु. ३७।२०, लगबूकमा नचढाई रु. २,८९८।७९ को पेट्रोल खर्च लेखेको । रु. २६५।८१ को मालसामान जिन्सी किताबमा आम्दानी नबांधेको । ज्याला रु. १५४।५० भैपरी आउने रकमबाट निकासा बेगर रकमान्तर गरी खर्च लेखेको । तार टिकट खर्च रु. ३४।७० को बिल भौचर पेश नगरेकोको अतिरिक्त तार टिकट रकमको बांकी रु. १।४३ फिर्ता आएको आम्दानी नबांधेको । पेश्की रु. १,३८६।६६ फछ्यौंट नगरेको ।

शि. वि. यो. माध्यमिक शिक्षा

२०१८।१९ मा लगबूकमा उद्देश्य नखुलाई रु. ५८२।९४ को पेट्रोल खर्च लेखेकोको अतिरिक्त लगबूक बेगर रु. १९९।२६ समेत खर्च लेखेको । अर्थको स्वीकृति बेगर अन्य बजेट रकमबाट रकमान्तर गरी रु. २५,०००।– को खेलकूदका सामानहरू खरीद गरेको । बिना नियमको आधारमा रु. २,८६१।१७ खाना खर्च लेखेको । औषधि तथा अन्य मालसामान खरीद गरेको समेत रु. ३,८०७।४७ को बिल भाउचर प्रमाणित कागज पेश नगरेको । प्रचलित विकास नियम प्रतिकूल पारी बढी दैनिक भ्रमण भत्ता खर्च लेखेको रु. ३१९।– असूल नगरेको । अनावश्यक तालीममा पठाई आधाका दरले रु. २१४।– तलब खुवाएको । अनावश्यक पकेट बुक खरीद गरी रु. ६।– खर्च लेखेको । विदेशबाट खरीद भई आएका मालसामानहरू समयमै भन्सारबाट नछुटाई सुस्ती गरी रु. १,२०५।५० डिमरेज खर्च लेखेको । योजना कार्यमा नोक्सान समेत पुऱ्याएकोमा सम्बन्धित कर्मचारी उपर विभागीय मन्त्री महोदयको आदेश बमोजिम हुनु गर्नुपर्ने कारवाई नगरेको । विभिन्न स्कूलहरूलाई पेश्की गएको रु. ३,४६,५२७ ।८० फछ्यौंट नगरेको । जिन्सी मालसामानहरूको स्रेस्ता नराखेको ।

शिक्षा विकास योजना, राप्ती भ्याली

अमेरिकी सहायताबाट सञ्चालित विकास २०१८।१९ मा विभिन्न रकममा गएको पेश्की रु. ६,९७४।५३ फछ्यौंट नगरेको ।

इन्सपेक्टर डिभिजन अफिस

अमेरिकी सहायताद्वारा सञ्चालित विकास २०१८।१९ मा रु. २,७६५।– को मालसामानको जिन्सी स्रेस्ता नराखेको । रु. १,१४,-३२९।२० खर्च लेखेको फांटवारी पेश नगरेको ।

राष्ट्रिय अभिलेखालय

आर्थिक वर्ष २०२०।२१ को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

सर्वोच्च अदालत

२०१८।१९ मा पारिश्रमिक कर कट्टी गर्दा सञ्चय कोष कट्टी गरी पाउने पारिश्रमिक कर लाग्ने रहेछ भने कट्टी गर्नु पर्ने । २०१६।१२।५ मा प्रकाशित पे-स्केल सम्बन्धी गजेटमा साल बसाली पदाधिकारीहरूको मात्र सञ्चय कोष कट्टी हुने प्रष्ट खुलेको हुंदाहुंदै सर्वोच्च अदालतका अतिरिक्त न्यायाधीशहरूको सञ्चय कोष कट्टी गरी पारिश्रमिक कर नलाग्ने पारेको ।

२०१९।२० मा रु. ३०८।९४ बढी तलब खर्च लेखेको । रु. ७२०।२४ तेजारथ दाखिल गरेको भरपाई पेश नगरेको जिल्लाको तलब रु. ११२।९७ सदरबाट विदा हुंदियान नकटाई खर्च लेखेको । रु. ५,६७३।१३ भ्रमण बिल बेगर दैनिक भ्रमण भत्ता खर्च लेखेको । रु. २३।– बढी खर्च लेखेको । मसलन्दमा बिल भरपाई भन्दा बढी रु. २९८।६२, बिल भरपाई बेगर रु. ३०५।४८ खर्च लेखेको । पदाधिकारीहरूको विशेष बिदा समेतको नपाउने तलब रु. १०७।५३ आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहेको रु. ४६,१३४।५४ र अन्तर्गत अड्डाको बांकी रु. ६,९४६।९१ समेत जम्मा रु. ५३,१८८।९८ सञ्चित कोष दाखिल नगरेको । एक इलाका न्यायाधीशको २०१८।१९ को तलब भत्ता रु. ५८।– र अन्य कर्मचारीहरूको २०१५।१६ देखिको दैनिक भ्रमण भत्ता रु. ४,१६०।४७ अर्थ मन्त्रालयको स्वीकृति बेगर खर्च लेखेको । सिन्धु पाल्चोक इलाका अदालतका न्यायाधीशको तलबबाट शोधभर्ना गर्ने गरी गएको रु. २,१००।– शोधभर्ना नगरेको । एक कर्मचारीको दैनिक भ्रमण पेश्की रु. ७५।५० निकासा बेगर खर्च लेखेको, रु. ६,९३२।४३ को टेण्डर बेगर मसलन्दका मालसामान खरीद गरेको । कानून पत्रिका समेत टेण्डर कोटेशन बेगर एक प्रेसलाई छपाउन दिई रु. ५,४५९।– खर्च लेखेको । अन्तर्गत अड्डा अदालतहरूलाई पेश्की गएको रु. १,०२६।३७ फछ्यौंट नगर्नुकोको अतिरिक्त त्रै–मासिक निकासाबाट पेश्की गएका रकम रु. ३,३५,५८३।५३ सहायक खातामा फछ्यौंट गर्ने नगरेको । खर्च भएका कलमहरूको गोस्वारा भाउचरहरू कुनै कलमको खडा नै नगरेको कुनै कलम खडा गरेकोमा पनि प्रमुखबाट प्रमाणित गराई राख्ने नगरेको । राजस्वको तथा जिन्सीको आर्थिक विवरण नदिएबाट लेखापरीक्षण गर्न नपाएको । बालाज्यू काष्ठ कार्यालयलाई फर्निचर बनाउन गएको मध्ये बांकी रु. २८,५८७।– फछ्यौंट नगरेको । पेट्रोलमा खर्च भएको रु. ५,१९१।४२ को लगबूक पेश नभएको ।

२०२०।२१ को आर्थिक विवरण प्राप्त नभएकोले लेखापरीक्षण गर्न नपाएको ।

काठमाडौं जिल्ला अदालत दोस्रो, इलाका अदालत देवानी र अदालत तहसील मिसिल फांट समेतको २०१८।१९ को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

काठमाडौं जिल्ला अदालत पहिला

२०१८।१९ पूरा आर्थिक वर्षको आर्थिक विवरण निदिई पछिल्लो ८ महीनाको मात्र आर्थिक विवरण दिएबाट लेखापरीक्षण कार्य हुन नपाएको ।

२०१९।२० मा बिल भरपाई बेगर मसलन्द, दैनिक भ्रमण भत्तामा रु. १५८।– दैनिक भ्रमणमा बढी रु. १४६।६०, २०१८ सालको तलब निकासा बेगर रु. १०८।– र मर्ने पदाधिकारीको हकदारलाई आधारभूत सबूद बेगर रु. १०।२० खर्च लेखेको । तहबील मौज्दात रु. ९३४।– र बैंक मौज्दात रु. ९०९।९७ गरी जम्मा रु. १,८४३।९७ हाल साबिक भएका ९ महीना पछि मात्र बुझबुझारथ गरेको । रु. ३,०५७।७३ बढी मौज्दात राखेको । भुक्तानी प्रणाली अनुसार रहनु पर्ने स्रेस्ताहरू पूरा नियमित तरीकाले नराखेको । भ्रमण कोश तथा सरुवा आदिको आधारभूत प्रमाण पेश नगरेको ।

काठमाडौं जिल्ला अदालत दोस्रो

२०१९।२० मा भरपाई बेगर रु. ५,३२९।२७ तलब खर्चलेखेको । मसलन्दमा रु. ३२– बिल भाउचर बेगर खर्च लेखेको । एउटै बिलको हिसाब दोहोरो पारी रु. ३।३१ मसलन्द बढी खर्च लेखेको । नियमले पाउनेभन्दा रु. ६३।७ दैनिक भ्रमण भत्ता बढी खर्च लेखेको । क. कि. नि. को रिपोर्ट पासभन्दा रु. १०।– तलब बढी खर्च लेखेको । बजेट निकासाभन्दा र. ३।३१ बढी अन्य रकमबाट रकमान्तर गरी स्वीकृति बेगर मसलन्द खर्च गरेकोको अतिरिक्त रु. १३०।– को मसलन्द कोटेशन बेगर खरीद गरेको । नियमले राख्न पाउनेभन्दा बढी तहबिल मौज्दात राखेको । कर्मचारीको तलबबाट कट्टी भएको तेजारथ सापटी रु. ३,४१३।– दाखिल गरेको भाउचर पेश नगरेको अौ तेजारथ सापटी रु. ४१८।७५ कट्टा नगरी पूरै तलब खुवाएको । रीतपूर्वकको लेखा नराखेको ।

जिल्ला अदालत, तौलिहवा

२०१९।२० मा तलब रकममा बजेट निकासाभन्दा रु. ३७।८६ बढी झिकेको । लिन खान नपाउने तलब बृद्धि रु. १५०।– खुवाएको । नियमले नपाउने रु. ५३।६० दैनिक भ्रमण भत्ता खुवाएको । रु. ९९८।२० को फर्निचर कोटेशन बेगर खरीद गरेको । इलाका अदालत दाखिल गरेको रु. ७३७।१५ को भाउचर पेश नगरेको । तलब रकमको बचत रु. १५।५० सञ्चित कोष दाखिल नगरी जिम्मावारी सारेको ।

जिल्ला अदालत, पोखरा

२०१९।२० मा बजेटभन्दा बढी तलबमा रु. २१४।६९, दैनिक भ्रमण भत्तामा रु . १,२३०।२० र का. मु. भत्तामा रु. १२२।– खर्च लेखेको । मालले पनि निकासा बेगर उक्त रकम खर्च लेखेको ।

जिल्ला अदालत , वीगरगञ्ज

२०१९।२० मा तलबमा बजेट निकासाभन्दा रु. ३७।८५ दरबन्दी बमोजिम झिकेको भनी बढी खर्च लेखेको । माल मालबाट खर्च लेखेको भन्दा रु. १३।५८ घटीको मात्र स्रेस्ता देखाएको ।

जिल्ला अदालत महोत्तरी जलेश्वर

२०१९।२० मा जिल्ला न्यायाधीशको दैनिक भ्रमण भत्ताको रु. २६८।८० को फांटवारी लेखापरीक्षणको निमित्त नदिएकोले लेखा-परीक्षण हुन नसकेको ।

काठमाडौं अदालत तहसील देवानी फांट

२०१८।१९ मा १९९४ सालदेखिको दण्ड जरिवाना भा. रु. ४०,९८३। ।।।३, रु. २,६९,१७१।९२, कैद वर्ष ।७।२६।३।४ (जस मध्ये शुभ राज्याभिषेक आदि पर्वमा मिनाहा भएका तथा मरुवा, बेपत्ता भएका जवानसंगको असूल नहुने अवस्थाको बांकी समेत छन्) फछ्यौंट गर्ने कारवाई नगरेको र असूल तहसील गर्नु पर्ने समेत नगरी राखेकोको अतिरिक्त १९९४ साल अघिको लगत बुझबुझारथ नभएको । प्रधान न्याया-लय तेस्राको २००५ सालको लगतको पहिलो र तेस्रो पाना च्यातिएकोमा अघि श्री कुमारीचोक दाखिल भै रहेकोबाट कायम गरिनु पर्ने नगरेको । साल सालको फछ्यौंट कटाई बांकी साल सालमा जिम्मावारी सार्नु पर्ने नसारेको । दुनियांको भराउनु पर्ने बिगो ९६ साल देखिको बांकी मध्ये लेखापरीक्षणबाट पत्राउ भएपछि २०१३ सालसम्मको लगत कट्टा गरी २०१४ सालदेखिको रु. ३०,२७,२५३।९।३, भा. रु. १२,९४,३८७।।। ।।। अन्तिम निर्णय भएका मितिले ५ वर्षसम्म भराई माग्न नआएका लगत कट्टा गर्ने कारवाई गर्नु पर्ने नगरेको । धरौटीको ने. रा. बैंकमा धरौटी जनाई खाता खोल्नु पर्नेमा सो नजनाई खोलेको र अड्डाको धरौटी स्याहामा खूद धरौटी रहन आएको र खूद धरौटी बालाहरूलाई फिर्ता गएकोसम्म खर्च लेख्ने गरी राख्न पाउने मौज्दातभन्दा बढी ने. रा. बैंकको धरौटी खातामा जम्मा गर्ने तथा फिर्ता दिनु झिकने रकमको छुट्टै स्रेस्ता खडा गरी राख्नु पर्नेमा तद्नुसार नगरी धरौटी स्याहाबाट ने. रा. बैंक जम्मा गर्ने र झिकने समेत गरेकोबाट खूद धरौटी रकमभन्दा बढी आम्दानी खर्च देखिने गरी स्रेस्ता बोर गरी राखेको । धरौटी बांकी रु. २,५७,२०५।२९ मध्ये म्याद पुगेको धरौटी फछ्यौंट नगरेको । जिन्सी धरौटीमा १९७२ साल-देखिको मालसामान फिर्ता तथा म्याद पुगेको लिलाम गर्ने कारवाई नहुनुकोको अतिरिक्त सून, चांदी समेतको दर तथा फर्निचर र असू जिन्सी माल समेतको नाप, मोल नखुलेको । अर्थ मन्त्रालयको स्वीकृति नलिई आम्दानी (राजस्व) बाट रु. १,७२७।६९।३ फिर्ता खर्च लेखेको । पदाधि-कारीहरूले लिन खान नपाउने तलब रु. ७३।३४ खर्च लेखेको असूल नगरेको । रु. १९४।३२ को सर्भिस टिकट खर्चको भरपाई पेश नगरेको । डोरबाट असूल भएका रकम तथा अड्डा अदालतबाट असूल गरेका दण्ड जरीवाना म्याद नघाई दाखिल गर्ने गरेको ।

२०१९।२० मा असूल गर्नु पर्ने दण्ड जरिवाना कैदतर्फ भा. रु. ५१,४९५। . ।।३, रु. ३,१९,१३१।९३।२, कैद वर्ष ।७।२६।३।४ बक्यौता बांकी राखेको । बजेट प्रणाली लागू भै सक्दा पनि पुरानै सवालको आधारमा राजस्व असूलीबाट रु. ३४।६० दण्ड फिर्ता दिएको । धरौटी-तर्फ रु. ६०,७०२।९३।३ बांकी फछ्यौंट नगरेकोको अतिरिक्त फिर्ता दिने म्याद नाघि सके पछि कारवाई गरी रु ४१६।१२ फिर्ता खर्च लेखेको । बजेट निकासा मध्येको रु. ८६५।५५ सञ्चित कोष दाखिलाको भाउचर पेश नगरेको । राजस्व रु. १,०७६।७९ दाखिल नगरी जिम्मावारी सारेको । दण्ड फिर्तामा रु. १,०७६।७९ दाखिल नगरी जिम्मावारी सारेको । दण्ड फिर्तामा रु. १००।– बढी खर्च लेखेको । नियुक्तिको सबूद बेगर रु. १,३९०।५५ तलब खुवाएको । नियमभन्दा बढी हुने गरी रु. १,२७७।९७ सम्म तहबील मौज्दात राख्ने गरेको देखिएको । फिर्ता खर्च लेखेको रु. २,८२३।१७, दैनिक भ्रमण भत्ता खर्च लेखेको रु. १४६।१७ को मिसिल तथा बिल भाउचर पेश नगरेको । साल साल जिम्मावारी सार्नु पर्ने लगत जिम्मावारी नसारेको । कैदी स्याहा खडा नगरी राखेको ।

काठमाडौं फौज्दारी तहसील अड्डा

२०१७।२० मा असूल उपर गर्नु पर्ने दण्ड जरीवानाको लगत मध्ये भा. रु. ९,४८,७९१।।।, रु. १४,६४,५२०।५४, कैद वर्ष २,२५२।-७।२१ बांकी देखिएको । राजस्व रु. १,६६३।६० सञ्चित कोष दाखिल नगरी जिम्मावारी सारेको र राजस्वको आम्दानीबाट सीधामा रु. १२,-९२३।४४, बेवारिसी लास जलाउन रु. ३०८।– खर्च गरेको । धरौटीमा रु. १,४८३।९५, रु. २,९९८।९० फछ्यौंट नगरेको । बजेट निकासा मध्ये बांकी रु. ४,५९४।८२ सञ्चित कोष दाखिल गरेको भाउचर पेश नगरेको । मसलन्द खर्चमा कच्चा भन्दा जम्माभा रु. ।५० बढी खर्च लेखेको । नियुक्तिको आधारभूत प्रमाण बेगर रु. ७७४।७२ तलब खुवाएको । अर्थको स्वीकृति बेगर २०१७।१८ सालको तलब बांकी रु. ७८५।१६ खर्च लेखेको । तेजारथ सापटी कट्टी रु. १,०६२।३२ दाखिल नगरेको । नियमभन्दा बढी गरी रु. ३,८११।७७ सम्म पनि तहबील मौज्दात राखेको । फिर्ता खर्च लेखेको रु. ४,४४३।६४ को स्रेस्ता पेश नगरेको । घर लिलामबाट आएको रु. ३०३।– स्याहा नगरेको । तायदातीबाट आएका सून, चांदी माल समेतको दर तौल नखुलेकोको अतिरिक्त लिलाम गर्नु पर्ने लिलाम गरी नसकेको । २००९ देखिको जिन्सी धरौटी लिलाम गर्ने समेत व्यवस्था नगरी राखेको । लगत स्रेस्ताहरू जिम्मावारी नसारेको ।

अदालत तहसील मिसिल फांट

२०१९।२० मा लिन खान पाउने भन्दा बढी तलब खर्च लेखेको रु. १०।५० सम्बन्धित फांटले भूल समर्थन गरेको हुंदा त्यसको भरपाई संकलित छ भनी त्यसतर्फ अरू केही कारवाई गर्न आवश्यक देखिंदैन भनी जवाफ दिई असूल गर्नेतर्फ कारवाई नगरेको ।

देवानी ईलाका अदालत, काठमाडौं

२०१९।२० मा तलबमा रु. २९०।६३, मसलन्दमा रु. २।१० र दैनिक भ्रमणमा रु. ६३।– पाउनेभन्दा बढी खर्च लेखेको । आर्थिक वर्ष व्यतीत हुंदा बांकी भएको रु. २३५।११ एक महीना म्याद नघाई दाखिल गरेको । भुक्तानी प्रणाली अनुसारको स्रेस्ता ठीक तरीकाले नरा-खेको । दैनिक भ्रमणको आदेश र न्यायाधीशको तलब बृद्धिको स्वीकृति तथा काजमा गएका पदाधिकारीको हाजिरी समेत पेश नगरेको । तेजारथ दाखिला रसीदभन्दा रु. १२४।६६ बढी खर्च लेखेको ।

ईलाका अदालत फौजदारी, काठमाडौं

२०१८।१९ मा हाजिर नभएका पदाधिकारीको तलब रू. २११।८२ खर्च लेखेको । निकासा बेगर तलब रू. ४६।५७ दरबन्दी भन्दा बढी खर्च लेखेको । आधारभूत प्रमाण बेगर तलब बृद्धि रू. ८७५। खर्च लेखेको ।

२०१९।२० मा लिन खान पाउनेको भरपाई भन्दा रू. २९६।३३ बढी तलब खर्च लेखेको । अर्दलीले दैनिक भ्रमण भत्ता रकम बांकी रू. २०।४ फिर्ता दाखिल गरेकोमा उक्त रूपैया आम्दानी बांधिएको र संचित कोष दाखिल गरेको समेत नदेखिएको । नियमको प्रतिकूल हुने गरी रू. १,००१।१४ तहबील मौज्दात राखी आएको देखिएको । दैनिक भ्रमण खर्च रू. १,१९१।२३ को भ्रमण बिल आदि पेश नगरेको । आर्थिक वर्ष व्यतीत भए पछि बांकी रहन आएको रू. २,२३३।– संचित कोष दाखिल भएको प्रमाण पेश नगरेको । पदाधिकारीहरूको सरूवा, नयां नियुक्ति र विशेष विदा निकासाको आदेश पेश नगरेको । रू. ७५। तलबमा दरबन्दी भन्दा बढी खर्च लेखेको को आधारभूत प्रमाण पेश गर्न नसकेको को अतिरिक्त लिन खान पाउने भन्दा बढी तलब रू. ३७।१९ र तलब बृद्धि नपाउनेलाई मासिक रू. ५।– का दरले रू. ४०।– तलब बृद्धि खुवाएको समेत रू. ७७।१९ असूल उपर गर्नु पर्ने नगरेको ।

कुन्छा ईलाका अदालत

२०१९।२० मा नियमले राख्न पाउने भन्दा बढी तहबील मौज्दात राखेको । स्थानीय पदाधिकारीले नपाउने दुर्गमस्थान भत्ता खुवाए मध्ये रू. १२०।– फिर्ता असूल नगरेको । अघिल्लो आर्थिक वर्षको तलब जिम्मावारी सारी (धरौटीसा) रू. ९०७।५९ खर्च लेखेको फछ्यौंट नगरेको । धरौटी बांकी रू. १५,४०६।४३, भा. रू. ३२२– फछ्यौंट नगरेको। दण्ड जरीवामा लगत मध्ये बांकी रू. ८९,३७८।२६।१, भा. रू. ६,७०३।–, कैद वर्ष ३३४।६।१२।३७ असूल फछ्यौंट (शुभ राज्याभिषेकमा मिनाहा भएको समेत नफछ्यौंई) नगरेको । थेकम्बा मालसामान लिलाम गर्ने व्यवस्था नगरी राखेको ।

कटहरवन ईलाका अदालत

२०१८।१९ मा जेल राशनको ठेकदार संगको बांकी भा. रू. २,२८६।९५ ठेकदारको घर लिलाम गरी उपर गर्ने निर्णय भए बमोजिम उपर गरी नसकेको । २०१० सालको उज्राती बांकी भा. रू. ३,४१०।५०, रू. ५,२०२।५८ समयमै फछ्यौंट नगरेको । संचित कोष दाखिल गर्नु पर्ने सावित ठेकदारबाट फिर्ता आएको । निकासा बेगर २०१८।१९ मा रू. १,०५६।७९ खर्च लेखेको र राजस्व आम्दानी रू. २०८।– उज्राती मा राखी पेश्की र टिकटमा समेत खर्च लेखेको तथा २०१८।१९ को बजेट निकासा मध्ये आर्थिक वर्ष भित्र खर्च हुन नपाई बांकी हुन आएको रू. ३४३।३५ धरौटीमा सारी खर्च लेखेको । १९९४ साल देखिको धरौटीमा रू. २५,७०६।९८, रू. १४,६८६।२८ जिन्सी मालसामानहरू समेत मध्ये हद म्याद नाघेको कलमको फछ्यौंट गरी स्याहा तर्फ कुनै कारवाई नगरेको को अतिरिक्त दण्ड जरीवाना १९८९ साल देखिको बांकी भा. रू. ९,५३,९३०।८१, रू. ३,२२,५७४।९१, कैद वर्ष २०३१।७।५४।५७।३९ मध्ये विदेशीलाई लागेको, मरूवा, बेपत्ता र शुभ राज्याभिषेक आदि पर्वमा मिनाहा भएको लगत कट्टा गर्ने समेत कारवाई नगरी उपर्युक्त स्थिति भित्र परेका असूल उपर हुन नसक्ने रकम समेत लगत बांकी राखेको सालसालको फछ्यौंट कट्टी बांकी सालसाल जिम्मावारी सार्नु पर्ने लगत जिम्मावारी नसारेको ।

२०१९।२० मा दण्ड जरीवाना असूल उपर गर्नु पर्ने रू. १८,४८,८६४।१९, कैद वर्ष २०३१।७।१४।१७।३२ बांकी राखेको को अतिरिक्त वर्षौं देखि लगतहरू जिम्मावारी नसारी बोर पारी राखेको । रू. ३४।७८ लगतमा असूली जनिएको तर स्याहामा आम्दानी र कतै दाखिल गरेको सबूद पेश नगरेको । धरौटी रू. ६१,७६०।१५ म्याद नाघेको समेत फछ्यौंट नगरी राखेको । तेल बत्तीमा खर्च गरेको रू. १६०।– को बिल भरपाई नभएको । रू. ८०।– उज्राती फछ्यौंट नगरेको ।

गोरखा इलाका अदालत

२०१९।२० मा निकासा बेगर राजस्व आम्दानीबाट कैदी चलाउन गर्दा रु. ६५।१६ सिधा खर्च लेखेको । न्यायाधीशको अघिल्लो आर्थिक वर्षको तलब तथा दैनिक भ्रमण भत्ता रु. १,५६४।– स्वीकृति बेगर खर्च लेखेको । पुराना मालसामानहरू लिलाम गर्ने सम्बन्धमा केही प्रबन्ध नगरी राखेको । असूल तहसील गर्ने लगत स्रेस्ताहरू ठीक तरीकासंग नराखेको । दण्ड जरीवाना, दशौंद, बीशौंद, जिताउरी, बक्सौनी, सलामी समेत जम्मा रु. १,२६,६५६।६७ लगत बांकी फछ्यौंट गर्ने कारवाई नगरेको । धरौटी बांकी रु. ३,८४६।३० फछ्यौंट नगराई राखेको । जेल सिधा रकमको २०१८।१९ को बांकी रु. २,७४५।०५ र २०१९।२० को बांकी रु. १,८१९।६६ समेत सञ्चित कोष दाखिल नगरी पछिल्ला सालमा जिम्मावारी सारी स्वीकृति बेगर खर्च लेखेको समेत अनियमित तरीकाबाट काम कारवाई भएको सम्बन्धमा रजिष्ट्रार सर्वोच्च अदालतलाई समेत अनुरोध गर्दा फछ्यौंट गर्ने बारेमा भएको कारवाईको सूचना प्राप्त नभएको ।

२०१९।२० मा पुराना मालसामानहरू लिलाम गर्ने केही कारवाई नगरेको । लगत स्रेस्ताहरू ठीक तरीकासंग नराखेको । दण्ड जरी-बाना दशौंद बीशौंद समेत जम्मा रु. १,२६,६५६।६१ लगत बांकी फछ्यौंट गर्ने कारवाई नगरेको । धरौटी बांकी रु. ३,८४६।२० फछ्यौंट नगरेको । आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहेको रु. ४,५६१।७१ सञ्चित कोष दाखिल नगरी स्वीकृति बेगर पछिल्लो सालमा खर्च लेखेको ।

इलाका अदालत, जलेश्वर

२०१९।२० मा दण्ड जरीवाना रु. ७०,८८,५०२।४९, कैद वर्ष ५,५३७।११।२९।३०।२३ असूल फछ्यौंट नगरेको । धरौटी बांकी रु. १,५५,६३३।– फछ्यौंट गर्ने कारवाई नगरेको । उज्राती बांकी रु. १०,७७२।९० फछ्यौंट नगरेको । लिन दिन नमिल्ने सटही भत्ता रु. १२०।–, बिल बेगर भ्रमण भत्ता रु. ८६।९९ खर्च लेखेको । राजस्व तर्फको आम्दानीबाट कैदी चलान गरी रु. १।८० सिधा खर्च गरेको ।

दाङ्ग देउखुरी इलाका अदालत

२०१९।२० मा २००७ सालसम्मका लगत स्रेस्ताहरू क्रान्तिमा जलेको र सो भए अनुसार साबिक लगत दाखिल भैरहेको श्री चोकबाट प्रतिलिपि झिकाई लगत कायम गरी असूल फछ्र्यौट गर्नु पर्ने नगरेको । त्यस पछिको दण्ड जरीवाना कैदकोलगत मध्ये दण्ड जरीवाना रु. ७,०४,-४६७।३१, कैद वर्ष २१०।.१२८।७ बक्यौता असूल नगरेको । धरौटी मध्ये फिर्ता खर्च लेखेको रु. १,४०८।२० को धरौटी स्याहामा आम्दानी भैरहेको नदेखिएको । रु. १।३३ घटी जिम्मावारी सारेको । स्याद नाघेको धरौटी सदर स्याहा गर्ने कारवाई नगरी राखेको रु. १,२१३।८६ र रु. ।२४ घटी लगत कसी राखेकोको अतिरिक्त २०१९ कार्तिक देखि २०२० सालसम्ममा ३ स्रेस्तेदार भएकोमा पनि नियुक्ति नभई का. मु. को व्यवस्था भई दिएबाट समेत समय समयमा हुनु गर्नु पर्ने कारवाई भै सुधार हुन नसकेको ।

इलाका अदालत, धादिङ्ग

२०१९।२० मा दण्ड जरीवानाको लगत मध्ये रु. ८२,९४९।६।३, भा. रु. १,४३,४२१।।।८, कैद वर्ष ५३५।९।६।२५।४०, दशौंद बीशौंद रु. १४,२६०।८० असूल फछ्र्यौट गर्ने कारवाई नगरेको । धरौटी रु. १५,७९१।२१ फछ्र्याउने कारवाई नगरेको । जायजेथामा आएका जग्गा खेत सुरी ।१६।१४।४, पाखा ६।१२ लगत कसी बाली असूल तहसील गराउने र धरौटी जिन्सी लिलाम गरी फछ्र्याउने समेत कारवाई नभएको । अड्डा घर ठाउं ठाउंमा भत्की पानी चुहिने भैरहेको गत सालदेखि हालसम्म पनि मर्मत नगरेको । जेल भत्की पाताल भैरहेको नबनेबाट थुनुवाहरू डिल्लीबजार खोरसम्म ल्याउने गरी रहेबाट दैनिक भ्रमण भत्ता बढी खर्च परिरहेको ।

नुवाकोट इलाका अदालत

२०१९।२० मा आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहेको तलब र दैनिक भ्रमण भत्ताको रु. १,७४३।- सञ्चित कोष दाखिल नगरी धरौटीमा सारी स्वीकृति बेगर २०२०।२१ मा खर्च लेखेको । दण्ड जरीवाना भा. रु. ८०६।। ।। रु. ३,०३,६१०।२३।१, कैद वर्ष ३६१।-२।१८।१५।२९ मद्दतको अभाव देखाई समयमा असूल फछ्र्यौट नगरी १९६५ सालदेखिको लगत बक्यौता राखेको । जग्गातर्फ खेत ८।.१२ र पाखो रु. ४१।- दर्ता गर्ने कारवाई नगरी बांकी राखेको ।

इलाका अदालत, परासी

आर्थिक वर्ष २०१९।२० मा मात्र ४ पटक स्रेस्तेदारको पदमा का. मु. मुकरर भै रु. ५०५।५४ का. मु. भत्ता खर्च हुनुको साथै बुझबुझारथ तथा असूल तहसील गर्ने काममा समेत असुविधा तथा बाधा पारेको । स्वीकृति बेगर राजस्व रु. १९२।९ बजेट रकममा खर्च लेखेको । बिल भरपाई बेगर तथा खर्चको फांटवारी पेश नगरी रु. ३२०।- खर्च लेखेको । दण्ड जरीवाना, दशौंद, बीशौंद समेत जम्मा रु. ६,०४,४९८।६०, कैद वर्ष ५७८।३।२३ असूल नगरेको । स्याद नाघेको धरौटी रु. १३,१७९।५४।३ नफछ्र्याएको ।

पोखरा इलाका अदालत

२०१९।२० मा दण्ड जरिवाना (भा. रु. को समेत) रु. ४,२६,६०८।६६।२ ,सलामी जितावरीको रु. २९।६१, कैद वर्ष ६९९।१८।-८।१७ असूल गर्ने तथा शुभ राज्याभिषेक पर्वमा मिनाहा भएको समेत मिनाहा लगत कट्टा नगरी राखेको । स्याद पुगेको धरौटी रु. ९,५५५।-, उज्रातो रु. १३७।३८ फछ्र्यौट नगरेको । रु. १९०।- भ्रमण अगावै खर्च लेखेकोमा बिल पेश नगरेको । बिदाको निकासा बेगर सो अवस्थाको तलब रु. २७९।- र का. मु. भत्ता रु. १२२।३२ समेत अर्को आर्थिक वर्षमा खर्च लेखेको । रु. ८२२।७२ सञ्चित कोष दाखिल हुने राजस्वबाट खर्च लेखेको । बेकम्बा मालसामानहरू लिलाम गर्ने कारवाई नगरेको ।

इलाका अदालत प्यूठान

२०१९।२० मा असूल तहसील गर्न् पर्ने दण्ड जरिवानाको लगत समेत २००७ सालको क्रान्तिमा जले पछि श्री चोक दाखिल भै रहेको लगत स्रेस्ताहरू झिकाई लगत कायम गरी असूल गर्नु पर्ने नगरेकोबाट त्यस अघिको यो यति दण्ड जरिवाना तथा धरौटी समेत भएको भन्ने नदेखिएको । दण्ड जरिवाना बक्यौता रु. ९०,३६१।१२।२, कैद वर्ष २७७।३।२३।९।७, धरौटी ३,४४७।६३ असूल फछ्र्यौट नगरेकोको अतिरिक्त २०१६ सालदेखि जिम्मावारी समेत नसारी राखेको । देवानी, फौज्दारीका छुट्टाछुट्टै लगत नभै एकै गरी राखेको सञ्चित कोष दाखिल गर्नु पर्ने अघिल्ला सालको तलब रकम धरौटीमा राखी पछिल्ला सालमा रु. ५३६।३० खर्च लेखेको । नियुक्ति सदर बेगर रु. १२००।- तलब खर्च लेखेको । रु. ६६१।५२ मिनाहा खर्च लेखेको सबूद पेश नभएका नेल जोर १०२, गलेफन्दी ६, साङ्ला ६ उज्राती राखेको फछ्र्यौट नगरेको ।

बन्दीपुर इलाका अदालत

२०१९।२० मा दण्ड जरिवानाको रु. ३,१७,७२३।३४।२, भा. रु. १०,४६३।=।१ र कैद वर्ष ७६०।.१९ को १९८७ सालदेखिको लगत बांकी मध्ये शुभ राज्याभिषेक आदि पर्वहरूमा मिनाहा भएका रकमहरू पनि मिनाहा लगत कट्टा गर्ने कारवाई नभएका समेत छन् र रु. ८३,-५१२।८७।२, कैद वर्ष ३८।१।१५ मरुवा मिनाहालाई पटक पटक जाहेर गरेको निकासा नभएबाट बांकी रहेको । रु. १२,२६३।२३, कैद वर्ष १।१५, बेपत्ता मुचुल्का भै आएको तथा रु. १२,३४३।६२, कैद वर्ष ।१।१५ को अरू अड्डामा लगत गएको भरपाई नआउंदा लगत कट्टा गर्न बांकी र अरू बांकीमा मद्दतको व्यवस्था नभै असूल उपर हुन नसकेको भनी लेखेको । सिधा रसदको निमित्त थप निकासा भएको रु. २,०००।- बजेट शीर्षक खुलाउन नसकेको ।

इलाका अदालत, बीरगञ्ज

२०१९।२० मा दण्ड जरिवानाको लगत मध्ये असूल गर्न नसकी मिनाहा गर्ने समेत कारवाई गरी फछ्र्याउन नसकेको रु. ६१,५१४।१३, कैद वर्ष १२१।७।२५।३३ (जसमध्ये विदेशीलाई लागेको असूल हुन सम्भव नपर्ने रु. ५८,६८९।८४, कैद वर्ष १२१।७।२५।३३, नाउं बतन नखुलेबाट असूल हुन नसकेको रु. २,८२४।२९ समेत छ) र अरू अड्डा अदालतमा लगत गएको सूचना बेगर लगत फछ्र्यौट हुन नपाएको रु. २,३६,५९५।५, कैद वर्ष ९८।४।१०, पर्सा मालबाट लिनु पर्ने नलिएको रु. १,२३५।३५, भगुवा बेपत्ताको रु. ८,२३,४३२।१२।२, कैद वर्ष ९७०।२।२६।२७।११

समेत फछ्र्यौट गर्ने ठोस कारवाई नगरेको । मसलन्द खर्च रु. ४५०।- को बिल भाउचर प्रस्तुत नगरेको । लगत बेगर रु. २९२।०८ दण्ड फिर्ता खर्च लेखेको । खोटा टक रु. १,०१८।-, भा. रु. २।६० को उचित व्यवस्था नमिलाई त्यसै राखी छाडेको । धरौटी बांकी रु. २,३८,७५९।२५ को विवरण सहित जिम्मावारी सारी नराखेबाट स्याद नाघेको फछ्र्यौट गर्नु पर्ने समेत देखिन नआउने गरी अनिश्चित स्थितिमा राखेको सुधार गर्ने व्यवस्थासम्म पनि नगरेको । लगत स्रेस्ताहरू नियमित रूपले प्रमाणित गरी नराखेको ।

इलाका अदालत, विराटनगर

२०२९।२० को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

इलाका अदालत, भक्तपुर

२०१८।१९ मा राजस्व आम्दानी मध्येबाट निकासा बेगर रकम रकममा जम्मा रु. ३,०६५।८४ खर्च लेखेको । धरौटी रु. ३,८३८।-१३ फछ्र्यौट गर्ने कारवाई नगरेकोको अतिरिक्त आंखिरी फैसलाको ५ वर्ष पछि कानूनको प्रतिकूल पारी रु. १४५।३१ खर्च लेखेको । लिलाम गर्ने अङ्ग पुगिसकेको धरौटी जिन्सी मालसामान लिलाम गर्ने कारवाई नगरेको । धरौटी रहेको समेत सुन, चांदी आदि मालसामानहरूको बर, तौल नखुलाई आम्दानी बांधी राखेको । दण्ड जरिवाना (जसमध्ये शुभ राज्याभिषेक आदि पर्वमा मिनाहा भएको बेपत्ता, मरुवा भएकाको असूल नहुने रकम छुट्याई लगत कट्टा गराउनु पर्ने पनि नगरी राखेको समेत छन्) भा. रु. ९,६६८।।, रु. १,६२,५४२।२५, कैद वर्ष ३०८।८।१।२३।२४ असूल फछ्र्यौट गर्नेतर्फ सुझाव दिंदा पनि तद्नुसार कारवाई नगरी बांकी राखेको । कोर्टकी छूटको कानून बमोजिम लाग्ने दण्ड रु. १४।६४ असूल नगरेको । निकासा बेगर आम्दानी मध्येबाट उज्राती राखी सिधा तुवानीमा खर्च लेखेको रु. १,१८७।३० फछ्र्यौट नगरेको । असूल तहसील गर्ने स्रेस्ता धरौटी स्रेस्ताको सम्बन्धमा साल साल जिम्मावारी सार्नु पर्नेमा २००६ सालदेखि जिम्मावारी नै नसारी बोर पारी राखेको ।

२०१९।२० मा दण्ड जरिवाना रु.१,५९,१२०।७१ भा. रु. ९,६६८।।।८२ कैद वर्ष २९६।६।२७।२३।२४, बिगो भा. रु. ४,७३५।- रु. ४,३६,६६४।४१।१, कोर्ट फी रु. ३७,७८३।३१।१, फूटकर रु. ४,४१४।१।३ बांकी देखिएको सम्बन्धमा तदारूख साथ असूल फछ्र्यौट गर्ने कारवाई नभएको । राजस्व आम्दानी तर्फको रकमबाट रु.२,०११।८५ सिधामा,रु. १३२।- बेवारिसी लास जलाउनेमा खर्च गरी, रु. ३६८।९५ पछिल्ला सालालाई जिम्मावारी सारेको समेत आर्थिक नीति प्रतिकूल गरेको देखिएको । धरौटी रु. ३,४९७।२८, उज्राती स्याद पुगेको रु. ३३९।६० फछ्र्यौट नगरी राखेकोको अतिरिक्त धरौटी स्रेस्तामा २०१८।१९ को ने. रा. बैंकको खाता बांकी देखिएको रु. ४१,९६८।- जिम्मावारी नसारेको । अंश मुद्दाहरूको स्यादभित्र दरखास्त नपरेका कलम ४३ को हुने बिगो रु. ८२,३५२।५३।२।। प्रचलित कानून बमोजिम लाग्ने दस्तूर असूल गर्नेतर्फ कारवाई नगरेको । ५।५ वर्षमा जिम्मावारीसार्नु पर्ने लगत जिम्मावारी नसारी (२००१ सालदेखि देवानीको अरू २००८ सालदेखि जिम्मावारी नसारी पुरानै लगतमा असूली जनाई) बोर पारी राखेको । शुभ राज्याभिषेक आदि पर्वमा मिनाहा भएको रकम मिनाहा गराई लगत कट्टा गर्नु पर्ने नगरी राखेको । लिलाम गर्ने भै रहेको मालहरू लिलाम नगरेको ।

इलाका अदालत, ललितपुर

२०१८।१९ मा तलब रु. ६।- बढी खर्च लेखेको असूल नगरेको । प्रमाण बेगर रु. १३३।- र इच्छापत्र बेगर रु. १,२०४।५० खर्च लेखेको । पेन्सन कट्टी रु. ६०।-, आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहेको रु. ९९।४९ सञ्चित कोष दाखिल नगरेको । भ्रमण बिल बेगर रु. ६३।- दैनिक भ्रमण भत्तामा खर्च लेखेको ।

२०२८।१९ मा दण्ड जरिवाना तर्फ शुभ राज्याभिषेक आदि पर्वमा मिनाहा भएको समेत लगत कट्टा गर्ने तथा असूल उपर गर्नु पर्नेमा समेत फछ्र्यौट गर्ने किसिमबाट कारवाई नगरी बांकी राखेको बक्यौता जम्मा भा. रु. ३,८९५।-, रु. ४,०२,४४०।७६, कैद वर्ष ३३२।५।३।२२, बुनियांको बिगो भराउनेतर्फ अन्तिम निर्णय भएका ५ वर्षभित्र भराई मागन नआएमा लगत कट्टा गर्नु पर्ने हद स्याद नाघेको समेत भा. रु. ७६,६०८-।।८।, रु. ६,२२,३०१।३९।२ को समेत कारवाई नगरी राखेको ।

ठेकिएभन्दा बढी अवधि कैदमा राखी सिधा खुवाई नोकसान पारेको रु. ३२०।२० अवधि नपुग्दै छोडेको कैद कट्टीको हुने रु. ३।२०, अघि आम्दानी बांधिएको सबूद बेगर सदर स्याहाबाट रु. २,४४७।९४, धरौटीबाट रु. ५४२।०३ खर्च लेखेको । अर्थ मन्त्रालयको स्वीकृति बेगर आम्दानी मध्येबाट रकम रकममा जम्मा रु. ४,६०९।३७ खर्च लेखेको । सन्दुस ३ बाकस ६ कर्मचारीको निजी पैसाबाट खरीद गरेको भनी आम्दानी नबांधेको । दण्ड जरीवानाको लगत स्रेस्ताहरू साल सालको फछ्र्यौट कटाई बांकी जिम्मावारी सार्नु पर्नेमा नसारी लगत गाब्भैगै त्यसैमा असूल फछ्र्यौट जनाई स्रेस्ता बोर हुने गरी राखेको ।

आदेशबाट धरौटी रहेको जवान २ को रु. ५ ५२।७१ धरौटी लिने आदेश पेश नगरेकोको अतिरिक्त नेपाल राष्ट्र बैंकमा धरौटी खाता भनी नजनाई खाता खोली जम्मा गर्दा र बैंकबाट झिकी ल्याउंदाको छुट्टै स्रेस्ता नगरी धरौटी स्याहा मै आम्दानी खर्च गर्ने गरी खूद धरौटी यति भन्ने प्रष्ट नदेखिने गरी स्रेस्ता बोर गरी राखेको । स्याद पुगी सदर स्याहा गर्न अङ्ग पुगिसकेको रु. २८५।४० सदर स्याहा नगरेको । लिलाम गर्ने अङ्ग पुगिसकेको धरौटी जिन्सी मालसामानहरू लिलाम गर्ने कारवाई नगरी राखेको । सुन, चांदी आदि मालसामानको तौल दर नखुलाई राखेको ।

२०१९।२० मा बजेट निकासा तथा अर्थको स्वीकृति बेगर थुनुवाको सिधा खर्च रु. ७७७।५१ र बेवारिसी लास उठाउन रु. ६६।- समेत जम्मा रु. ८४३।५१ राजस्व आम्दानी मध्येबाट खर्च लेखेको । अंश मुद्दा थान ८ को कोर्टफी को मात्र लगत कसी दशौंद बीशौंदको लगत नकसेका अंश मुद्दा थान ३७ को फैसला लगत बमोजिम भराउनु पर्ने बिगो भा. रु. ६२५।- र रु. ४३,७१२।२९ को स्यादभित्र भराई पाउन दरखास्त पर्न नआए पनि प्रचलित कानून बमोजिम असूल गर्नु पर्ने सरकारी दस्तूर (दशौंद बीशौंद) असूल उपर गर्ने कारवाइ नगरेको । भरपाई भन्दा बढी तलब खर्च लेखेको रु. ६।५० असूल नगरेको ।

सप्तरी जिल्ला अदालत

२०१९।२० मा तलब रकममा बजेटभन्दा रु. १५७।३७ बढी खर्च लेखेको । रु. १३२।८० को मसलन्दको रीतपूर्वकको बिल भौचर पेश नगरेको र रु. २००।- को घडी घटाघट नगरी खरीद गरेको । खान नपाउने ग्रेड रु. ९०।- असूल नगरेको ।

सिं. पा. इ. अदालत

२०१८।१९ मा अघिल्लो आर्थिक वर्षको बचत रकम स्वीकृति बेगर पछिल्लो सालमा खर्च लेखेको रु. २,०४३।६९ अदालती रकमको आम्दानीबाट धरौटी फिर्ता खर्च लेखेको शोधभर्ना नगरेको रु. ३४८।–, दण्ड जरिवाना तथा सरकारी बिगो लगत बमोजिम असूल तहसील नभई ७५ सालदेखि बक्यौता रहेको रु. १,७३,३४९।२९ को अतिरिक्त लगत ज्यादै बोर अवस्थामा राखेको ।

२०१९।२० मा दण्ड जरिवाना रू. ३,३७,७४६।२९।२, कैद वर्ष ५७४।३।१६।८।१०, बिगो रु. १,२२,९६४।५४।१ असूल उपर गर्न बांकी राखेको । म्याद पुगेको धरौटी रु. ३०५।७१ र उज्राती रु. ९।५३ फछ्र्यौंट नगरेको । बिल भरपाई बेगर तेल बत्तीमा रु. २०।९५ खर्च लेखेको । ठेकारहरूसंग लिनु पर्ने सूद रु. ७४।७४ असूल नगरेको । रु. ४,८६९।२४ खर्च गरी मर्मत समेत गरेको जेल तथा जेलको पाइखानाको जांच पास नगराएको ।

इलाका अदालत प. ४ नं. स्याङजा

२०१९।२० मा दण्ड जरिवाना रु. २,८७,७२३।१।१, कैद वर्ष ३,२७५।४।१।३४।१, (जसमध्ये शुभ राज्याभिषेक पर्वको मिनाहा हुने रकम समेत मिनाहा नगराई राखेको समेत) धरौटी रु. ११,८८६।२५, उज्राती रु. १३,१९७।४ फछ्र्यौंट नगरेको । स्याहाको जम्मा जम्मीमा घटी लेखिएको रु. १४१।२६, सिधा नक्कल दस्तूरमा घटी लिएको रु. ११।२०, हाजिरी बेगर कैदीलाई सिधा खर्च लेखेको रु. ६०।१८, अघिल्ला सालको बृद्धि निकासा बेर खर्च लेखेको रु. १६।– असूल नगरेको । अघिल्ला सालको तलब धरौटीमा राखी रु. १६२।– खर्च लेखेको । जिन्सी मालसामान सुरक्षित ढंगवाट नराखेको । बुझबुझारथ नभै स्रेस्ता बोर भै रहेको ।

स्वास्थ्य मन्त्रालय

२०१९।२० मा विभिन्न हेल्थ सेण्टरहरूको निमित्त चाहिने औषधि खरीद गर्न परीक्षण भएसम्मको स्रेस्ताबाट वाणिज्य विभागलाई रु. ४३,१२८।– पेश्की गैरहेको देखिएकोमा सो फछ्र्यौंट गर्ने सम्बन्धमा आवश्यक कारवाई गरी पेश्की फछ्र्यौंट नगरेको ।

स्वास्थ्य विभाग

२०१७।१८ देखिको बिभिन्न आयुर्वेदीय संस्था तथा हेल्थ सेण्टरहरू समेत ८८ अफिसको आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

स्वास्थ्य सेवा विभाग

२०१९।२० मा विभिन्न हेल्थ सेण्टरहरूको निमित्त औषधि ढुवानी गर्ने सम्बन्धमा खुल्न सके हेल्थ सेण्टरहरू काठमाडौंबाट कति कति कोशमा छन् त्यसको र सो नसक्ने भएमा कमसेकम हरेक हेल्थ सेण्टरहरूमा जम्मा ढुवानी गरिने तथ्यांक संकलन गरी औषधिको वजनका आधारमा कबूल गर्नेहरूको दरबाट हुने रकमको कानून बमोजिम २।। प्रतिशत अर्नेष्ट मनी (जिपोजिट) लिनु पर्नेमा दूरी एकीन नभएबाट नमिल्ने भनी सो व्यवस्था गर्नेतर्फ प्रयासै नगरी ठेक्काको टेण्डर माग गरी घटी कबूल वालाको दर स्वीकृत गर्ने कानूनन् लिनु पर्ने अर्नेष्ट मनी नै नलिई ठेक्का दिएबाट निजले सकार नगरी अर्कालाई बन्दोबस्त गर्नु पर्दा बढी खर्च पर्नुको साथसाथै कबूल नगर्नेबाट कानूनन् जफत हुने अर्नेष्ट मनी रकम नोक्सान हुन जाने सम्भावना भएको ।

स्वास्थ्य सेवा आयुर्वेदीय विभाग

२०१७।१८ मा आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहन आएको रु. २,२३८।६२ मध्ये रु. २,०३८।६० मात्र सञ्चित कोष दाखिला गरेको । बांकी रु. २००।२ को सम्बन्धमा लेखा पेश गर्ने कारवाई सम्म गरेको तर पेश गर्न नसकेको । पछि शोधभर्ना लिने गरी भ्रमण वापत तत्कालीन सह-सचिव (हाल रा. प. का सदस्य) लाई पेश्की गएको रु. ५००।– वर्षौं हुंदा पनि शोधभर्ना गरी नसकेको । रु. ९८४।९६ को सर्भिस टिकट आम्दानी खर्चको लेखा तथा हुलाक भरपाई समेत पेश नगरेको । विभिन्न रकममा (मसलन्द, छपाई फर्निचर इत्यादि) पेश्की गएको रु. ८,५९८।७१ मध्ये रु. ४,३८४।२२ मात्र फछ्र्यौंट गरी बांकी रु. ४,२१४।४९ हालसम्म फछ्र्यौंट नगरेको ।

सिंहदरबार वैद्यखाना

२०१९।२० मा सिंहदरबार वैद्यखानालाई चाहिने जरीबूटी मसलाको निमित्त टेण्डर माग गर्दा हुंदी (पछि पेश्की दिए अनुसारको) पेश्कीदिने शर्त नराखी विज्ञापन गरेका कारण प्रचलित बजारको भन्दा बढी दर पारी टेण्डर गरेको लाईनै बजार दरको हिसाबबाट करीब १०।१२ हजार नोक्सान पर्ने गरी पेश्की समेत दिई ठेक्का दिएको ।

गोरखा आयुर्वेदीय औषधालय

२०१७।१८ मा सिंहदरबार वैद्यखानालाई पेश्की गएको रु. ५९९।५० वर्षौं हुंदा पनि फछ्र्यौंट नगरेको ।

चापा गाउं आयुर्वेदीय औषधालय

२०१७।१८ मा तलब भत्ता गरी रु. २७०।– पेश्की गएकोमा खर्च सम्बन्धी भरपाई शामेल रहेको तर त्यसबेला कम्याण्डरी किताबखानाबाट पास भएको रिपोर्ट संलग्न गरी राख्नु पर्नेमा राखेको नदेखिएकोले पेश्की फछ्र्यौंट हुन नसकेको ।

ज्यामरूक आयुर्वेदीय औषधालय

२०१७।१८ मा रु. ३३०।– तलब खर्च लेखेको पदाधिकारीको नियुक्तिको सबूद पेश नगरेको । सिंहदरबार वैद्यखानालाई पेश्की गएको रु. ५९९।५० फछ्र्यौंट नगरेको ।

तार्कुघाट बजार आयुर्वेदीय औषधालय

२०१९।२० को सम्पूर्ण आर्थिक विवरण तथा लेखा समेत प्रस्तुत गराउने व्यवस्था गरी नदिएबाट लेखापरीक्षण हुन नपाएको ।

तेह्रथुम आयुर्वेदीय औषधालय

२०१७।१८ मा नियुक्ति सदर बेगर तलब रु. १३२।१० खर्च लेखेको । रु. ८९५।२१ पेश्की फछ्र्यौंट नगरेकोको अतिरिक्त रु. १७५।– को औषधि आम्दानी खर्चको स्रेस्ता पेश नगरेको ।

त्रि–चन्द्र आयुर्वेदीय औषधालय

२०१९।२० मा अघिल्लो सालको बांकी रकम रु. १६।– निकासा बेगर खर्च गरेको र बेकम्बा जिन्सी मालसामान लिलाम गर्ने व्यवस्था नगरी त्यसै राखेको ।

त्रिशूली आयुर्वेदीय औषधालय

२०१७।१८ मा औषधि र ज्यामी ज्याला समेत के रु. ७००।२६ पेश्की गएकोमा फछ्र्यौंट नगरेको । औषधि तथा अन्य जिन्सीको स्रेस्ता पेश नगरेको ।

दरबुंग आयुर्वेदीय औषधालय

२०१७।१८ मा औषधि तयार गर्न सिंहदरबार वैद्यखानालाई गएको रु. ५९९।५१ अफिस भाडालाई गएको रु. ४९५।– समेत जम्मा रु. १,०९४।५१ पेश्की फछ्र्यौंट नगरेको । कविराज बिदा बसेको सबूद बेगर रु. २७६।८० तलब खर्च लेखेको ।

२०१९।२० मा आर्थिक वर्ष व्यतीत भए पछि बांकी रहेको रु. ६०।– सञ्चित कोष दाखिल गरेको प्रमाण पेश नगरेको ।

पालुङ जिल्ला प्रमुख आयुर्वेदीय औषधालय गोरखा

२०१९।२० मा बिलभन्दा बढी खर्च गरेको रु. ४।– असूल नगरेको ।

दिङ्ला आयुर्वेदीय औषधालय

२०१७।१८ मा आर्थिक वर्ष व्यतीत भए पछि बांकी रहन आएको रु. ६५१।– सञ्चित कोषमा दाखिल गरेको प्रमाण पेश नगरेको । रु. १६७।– को औषधिको जिन्सी स्रेस्ता पेश नभएको । सिंहदरबार वैद्यखानालाई गएको पेश्की रु. ५९९।५० फछ्र्यौंट नगरेको ।

धनकुटा आयुर्वेदीय औषधालय

२०१७।१८ मा तलब, भत्ता , तार, टिकट, बत्ती र औषधि समेतका लागि गएको पेश्की रु. १०६०।८० फछ्र्यौंट नगरेको । आर्थिक वर्ष व्यतीत भए पछि बांकी रहन आएको रु. ८५१।२६ मध्ये रु. ६९१।३० सञ्चित कोष दाखिल गरेको आधारभूत प्रमाण पेश गर्न नसकेको। औषधि तथा अन्य जिन्सीको स्रेस्ता पेश नगरेको ।

नरदेवी आयुर्वेदीय औषधालय

२०१७।१८ मा विभिन्न मालसामानको ठेक्का बन्दोबस्त भई रु. ७०४५।– खर्च लेखेको सम्बन्धमा प्रमाणित कागजपत्र पेश नगरेको ।

पश्चिम ३ नं. जिल्ला प्रमुख आयुर्वेदीय औषधालय

२०१९।२० को सम्पूर्ण आर्थिक विवरण अनुसारका लेखाहरू उपलब्ध नगराई दिएबाट लेखापरीक्षण सम्पन्न गर्न नपाएको ।

पश्चिम ३ नं. बाहुन डांडा पानी नून खानी औषधालय

२०१९।२० को सम्पूर्ण आर्थिक विवरण नदिएबाट लेखापरीक्षण गर्न नपाएको ।

घ्यूठान आयुर्वेदिय औषधालय

२०१७।१८ मा सिंहदरबार वैद्यखानालाई गएको पेश्की रु. १९९।५० फछ्र्यौंट नगरेको । स्वस्थ आर्थिक नीतिको प्रतिकूल हुने गरी रु. १९९।५० मात्र खर्च हुनेमा रु. ३,४११।– निकासा लिएकोबाट बढी बजेट निकासा गराएको देखिएको ।

फिदिम आयुर्वेदीय औषधालय

२०१७।१८ मा आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहन आएको सञ्चित कोष दाखिल गर्नु पर्ने रु. १४।९६ दाखिल गरेको वा पछिल्ला सालला‍ई जिम्मावारी सारेको समेत प्रमाण पेश नगरेको । मालसामानको जिन्सी स्रेस्ता पेश नगरेको । नियुक्तिको प्रमाण बेगर पदाधिकारीलाई रु. २५८।– तलब खर्च लेखेको । सिंहदरबार वैद्यखानालाई र अन्य संस्थालाई समेत औषधि खरीद गर्न पेश्की गएको रु. ९६६।५० फछ्र्यौंट नगरेको ।

बलिया आयुर्वेदीय औषधालय

२०१७।१८ मा रु. ४६४।५३ को औषधिको जिन्सी स्रेस्ता पेश नगरेको ।

मनोकामना आयुर्वेदीय औषधालय

२०१९।२० मा बेकम्बा मालसामानहरू लिलाम गर्ने निकासा बमोजिम लिलाम बिक्री नगरी राखेको ।

महेन्द्र आरोग्य भवन

२०१९।२० मा व्ययतर्फ आर्थिक विवरण उपलब्ध नभएकोले लेखापरीक्षण गर्न नपाएको ।

राजस्वतर्फ असूल भएको रु. ७३।– बैंक दाखिल नगरेको, रु. २२६।– आर्थिक विवरणमा भन्दा बैंक पास बूकमा बढी खर्च देखिएको, राजस्व आम्दानी रु. ४,३३७।– सञ्चित कोष दाखिल नगरी बैंकमा जम्मा गरी राखेको ।

मोरम्पकली आयुर्वेदीय औषधालय

२०१७।१८ मा औषधि खरीदको लागि गएको रु. ८४२।– पेश्की फछ्र्यौंट नगरेको तथा जिन्सी स्रेस्ता पेश नगरेको ।

यूनानी औषधालय

२०१७।१८ मा घर भाडा रु. ६००।– घटाघट नगराई खर्च लेखेको ।

सप्तरी भगवानपुर आयुर्वेदीय औषधालय

२०१६७।१८ मा आर्थिक वर्ष व्यतीत भए पछि बांकी रहेको रु. १,४५१।६६ सञ्चित कोष दाखिल नगरेको । रु. ९२०।२२ पेश्की फछ्र्यौंट नगरेको । तलब र सटही भत्ता रकमबाट स्वीकृति बेगर रु. ७५।– औषधि रकममा रकमान्तर गरेको ।

सिन्हा आयुर्वेदीय औषधालय

२०१७।१८ मा विभिन्न रकमको पेश्की फछ्र्यौंट नगरेको रु. १,७७०।६२। रु. ६।२४ घटी जिम्मावारी सारेको । रु. २६४।– को औषधिको स्रेस्ता पेश नगरेको । अघिल्लो आर्थिक वर्षको बांकी रु. ५३३।८७ पछिल्ला सालमा खर्च लेखेको आधारभूत प्रमाण पेश नगरेको ।

सिंधुली सुनार पानी आयुर्वेदीय औषधालय

२०१७।१८ मा आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहेको रु. १,६०५।७५ मध्ये रु. ५८६।४५ करीब १ वर्ष पछि मात्र सञ्चित कोष दाखिल गरेको । रु. ५९९।५० को पेश्की वर्षौं हुंदा पनि फछ्र्यौंट नगरेको ।

जलेश्वर अस्पताल

२०१७।१८ मा जम्मा काम काममा पेश्की गएको फछ्र्यौंट गर्नु पर्ने बांकी देखिएको रु. ७,८८४।३९ तीन वर्ष भै सक्दा पनि फछ्र्यौंट नगरेको । जिन्सी स्रेस्ता लेखापरीक्षण गर्न नदिएको सम्बन्धमा स्वास्थ्य मन्त्रालयलाई अनुरोध गर्दा तत्सम्बन्धमा म्यादभित्र फछ्र्यौंट गर्न नपाएमा प्रचलित ऐन नियम बमोजिम कारवाई चलाउन बाध्य हुने पत्रसम्म लेखी पठाउनु भई तद्नुसार गर्नु भएको सूचना प्राप्त नभएको ।

दाङ अस्पताल

२०१९।२० मा साल तमाम भएपछि दाखिल गर्नु पर्ने बचत रकम रु. ३,३००।– लेखापरीक्षणबाट पक्राउ भए पछि मात्र दाखिल गरेको ।

पि. वि. अस्पताल नेपालगञ्ज

२०२१।२२ मा अस्पतालको बेराभी राख्ने क्याबिनमा डेण्टल डाक्टर बसेकोले बहाल असूल गर्ने सम्बन्धमा अस्पताललाई लेख्दा तद्नुसार असूल उपर गनतफ नलागी अनावश्यक लेखापढी गर्नेतर्फ लागेकोले तद्विषयमा विभागीय सह-सचिवलाई लेखी पठाउदा समेत केही पनि लेखी पठाउनु नभएकोले अपस्तालमा बिरामी राख्ने क्याबिनमा डाक्टर बसेबाट उपचारको निमित्त आएका बिरामीहरू बस्न नपाउने अवस्था सृजना हुन गई बिरामीहरूबाट क्याबिनको बहाल असूल उपर हुन आउने सो हुन नपाई राजस्व आम्दानीको स्रोतमा आघात पारेको ।

भैरहवा र बुटौल अस्पताल

२०२१।२२ मा बुटौल र भैरहवा अस्पतालमा भौतिक परीक्षणको सिलसिलामा दानपत्र भन्ने बाकस राखेको देखिएकोले सो बाकसमा रहेको रुपैयां दुरुपयोग हुन जानें सम्भावना देखी तत्सम्बन्धमा स्पष्टीकरण माग्दा अस्पतालले औषधि चाहिएमा अथवा गरीब बिरामीलाई मद्दत गर्नु पर्ने भएमा बाकस खोली खर्च गर्ने भनी लेखी दिएबाट सरकारी अस्पतालमा अनियमित तरीकासंग चल्दा लिने गरेको उपयुक्त नदेखिएको । भैरहवा अस्पतालमा बिरामी रहने कोठाहरू एवं अन्य पदाधिकारीहरू बस्ने घरको इयालमा समेत जाली राख्ने गरी नगरी लेडी डाक्टरको क्वाटर्समा मात्र जाली ठोकी मर्मत गर्न लगाएकोमा राष्ट्रिय धनको सदुपयोग भयो भन्न नहुने ।

पर्सा जसौली हेल्थ सेण्टर

२०१७।१८ मा औषधि खरीद गर्न वाणिज्य विभागलाई रु. २,२५०।– र अन्य कामलाई पेश्की गएको समेत जम्मा रु. २,३९८।३३ फछ्र्यौंट नगरेको । आर्थिक वर्ष २०१७।१८ भन्दा अघिको आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

शांखु हेल्थ सेण्टर

२०१७।१८ मा औषधि खरीद गर्न वाणिज्य विभागलाई पेश्की गएको रु. २,२५०।– को (त्यहांबाट फांटवारी प्राप्त भए तापनि) आन्तरिक लेखापरीक्षण नभएको भनी लेखापरीक्षण गर्न नदिएको ।

मालुङगा गोदाम

२०१९।२० मा नियुक्ति सदर बेगर रु. ४६१।९६ तलब खर्च लेखेको । घटाघट बेगर घ्यू, बेसारहरू रु. २,१०६।२२ को खरीद गरेको । बडादशैं, चैत्र दशैंमा रोगीहरूलाई बांड्न घटाघट बेगर रु. ५,७२४।९० को लुगा खरीद गरेको । मर्ने रोगीहरूको बिकर्ड बेगर दाह संस्कारमा रु. ९६।– खर्च गरेकोको अतिरिक्त रोगीहरू भर्नाको दुरूस्त रेकर्ड राख्ने नगरेको सम्बन्धमा सो राख्न लेखी पठाउंदा समेत तद्नुसार गरेको नदेखिएको ।

विकास

स्वास्थ्य मंत्रालय

पूर्व, पश्चिम १–१ नम्बर स्थित निम्नलिखित आयुर्वेदीय औषधालय तथा हेल्थ सेण्टरको २०२०।२० को आर्थिक विवरण नदिएकोले लेखापरीक्षण गर्न नपाएको:–

१. पूर्व १ नं. बनेपा हेल्थ सेण्टर,
२. पूर्व १ नं. भुकदेउ हेल्थ सेण्टर,
३. भुलुङ हेल्थ सेण्टर,
४. पश्चिम १ नं. गोगन पानी औषधालय,
५. पश्चिम १ नं. तारुका औषधालय ।

२०१९।२० मा कान्ति हस्पिटलको निमित्त मोटरको आवश्यक परिरहेको टुरिष्ट विभागले ३ दिनको म्याद दिई मोटर बिक्रीको सूचना गरेको भनी मेकानिक्सबाट जांचबुझ गर्दा नगराई ५८,५३६ किलोमिटर चली ओडोमिटर समेत बिग्री सकेको, १९६० मोडेलको कोभर मोटर भन्सार महसूल समेत गरी रु. २०,८००।– मा खरीद गरेको सम्बन्धमा भनाइ माग्दा माइलमिटर चढी नसकेको, सबैले दुरूस्त भए केवल रु. १०,४००।– मा त्यस्तो मोटर पाउन मुश्किलै पर्दथ्यो होला । १९६० मोडेललाई धेरै पुरानोभनी भन्न सकिदैन । जांचबुझबाट सस्तो ठहर्न आई खरीद गरेको भन्ने समेत अनुपयुक्त कुरा लेखी पठाई त्यत्रो राशि अपव्यय गरेको ।

हेल्थ सेण्टर तथा आयुर्वेदीय संस्था समेत १२६ अफिसको शुरूदेखिको आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

नर्सेज ट्रेनिङ स्कूल

२०१६।१७ मा रु. ७१,३१२।– आम्दानी बांधिएको मध्ये रु. ३६,९३६।८७ आम्दानी भएको आधारभूत प्रमाण पेश नगरेको । दाखिल भएको इक्विपमेण्ट सामान आम्दानी नबांधी खर्च लेखेको । ढुवानी रकममा बजेटभन्दा बढी रु. १०।४० खर्च लेखेको । मालसामान थान ४ जिन्सी किताबामा आम्दानी नबांधेको । लगबूकभन्दा बढी पेट्रोल ग्यालन १७ को मोल रु. १०९।४८ खर्च लेखेको । सरकारी मोटरमा निजी पेट्रोल ग्यालन १६६।। राखी मोटर प्रयोग गरेको त्यसो गर्न पाउने प्रमाण पेश नगरेको । पेट्रोल ग्यालन १ ले माइल १२ चलेमा त्यति माइल चलाएको नदेखिएकोले पेट्रोल ग्यालन ३२६ को हुने रु. २,२०४।३१ बढी खर्च लेखेको । तलब र महंगी भत्ता रकममा रु. ४१३।८३ निकासाभन्दा बढी खर्च लेखेको । मोटरको हर्न समेत मर्मत गर्दा रु. ७०।५ खर्च लेखेकोमा विभागीय प्रमुखको स्वीकृति पेश नगरेको । स्वीकृति बेगर इक्विपमेण्ट रकमबाट रु. ५५२।९३ रकमान्तर गरी रेनकोट, छाता, तन्ना, भांडा आदि मालसामान खरीद गरेको । भैपरी आउने रकमबाट रु. ९०४।८ को मट्टितेल र मोटर सफा गर्ने सामान खरीद गरेकोमा आधारभूत प्रमाण पेश नगरेको । जिन्सी किताबमा आम्दानी खर्च नदेखाई र लगबूकमा नचढाई मोबिल, ग्रिज, डिष्टिल वाटर, ब्रेक आइल समेतको मोल रु. १६७।३६ खर्च लेखेको । लेखापरीक्षणको समयमा सम्झौता पेश नगरेकोले तद्नुसार कारवाई भए नभएको समेत लेखापरीक्षण हुन नसकेको ।

चोंपरा औषधालय

२०१७।१८ मा आर्थिक वर्ष व्यतीत भए पछि बांकी रहन आएको रु. १,३१६।८८ विकास कोषमा जम्मा गर्नु पर्नेमा रु. १,१८०।३४ सञ्चित कोषमा दाखिल गरी बांकी देखाएको रु. १३६।५४ कुनै कोषमा जम्मा नगरेको र अर्को आर्थिक वर्षमा जिम्मावारी समेत नसारेकोले ठाडो बांकी देखिएको सम्बन्धमा सो रकम दाखिल गर्न नपर्ने भनी जवाफ दिएको तर त्यसको आधारभूत प्रमाण पेश नगरेकोले पनि असूल उपर गर्ने सम्बन्धमा कारवाई समेत नगरेको । पेश्की बांकी रु. ६२६।४४ फछ्र्यौट नगरेको ।

आर्थिक वर्ष २०१७।१८ भन्दा अघिको आर्थिक विवरण पेश नगरेकोले लेखापरीक्षण हुन नसकेको ।

झापा गौरीगञ्ज आयुर्वेदीय औषधालय

२०१७।१८ मा आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहन आएको रु. ९८६।९ विकास कोषमा जम्मा नगरी सञ्चित कोष दाखिल गरेको । रु. १३३।९५ कुनै कोषमा दाखिल गरेको वा पछिल्ला साललाई जिम्मावारी सारेको प्रमाण समेत पेश नगरेको ।

महेन्द्र आयुर्वेदीय औषधालय, तौथली

२०१७।१८ सालमा निकासा भएको रु. ८२३।– आर्थिक वर्ष व्यतीत भए पछि जिम्मावारी नसारेकोको अतिरिक्त विकास कोषमा समेत जम्मा नगरी विभिन्न मितिमा सिन्धुपालचोक मालमा दाखिल गरेको। फर्निचर खरीदमा रु. १००।– बिल भन्दा बढी भुक्तानी दिएको । घरभाडा रु. १८०।– खर्च लेखिएकोमा घर धनीको कबूलियत पेश नगरेको ।

२०१८।१९ मा घरभाडा रु. ३६०। खर्च लेखिएकोमा घर धनीको कबूलियत पेश नगरेको । आर्थिक वर्ष व्यतीत भै सके पछि बांकी रहेको रु. १,२५८।१७ पछिल्लो सालको लेखामा जिम्मावारी नसारेकोको अतिरिक्त विकास कोषमा पनि जम्मा नगरी सिन्धुपालचोक मालमा दाखिल गरेको देखिएको ।

कान्ति अस्पताल

रूसी सहायताबाट बनेको कान्ति अस्पताल भवन निर्माण सम्बन्धी लेखाको परीक्षण गर्नको लागि र अस्पताल चालू भए पछिको आर्थिक व्यवहार सम्बन्धको लेखापरीक्षण गर्नको लागि बराबर ताकेता गर्दा पनि आर्थिक विवरण प्राप्त नभएकोले लेखापरीक्षण हुन नसकेको ।

वीर अस्पताल

अमेरिकन सरकारसंग भएका सम्झौतानुसार आर्थिक वर्ष २०१६।१७ मा प्राप्त हुनु पर्ने मध्ये डलर (४८०००) को रु. ३,३९,८४०। मात्र प्राप्त भै गैसोलिन जेनेरेटर तथा विथ हेल्ड गरिनेतर्फ कुनै उल्लेख नगरेको । जम्मा रु. २,९६,५६१।३१ खर्च भएकोमा खान पाउनेको बिल भन्दा रु. १०८।९१ तलब बढी खर्च लेखेको । विशेष बिदा बसेको कर्मचारीले नपाउने तलब रु. १९।– खर्च लेखेको । दैनिक भत्तामा रु. ७।२९ बढी खर्च लेखेको । रीतपूर्वकको लगबूक बेगर पेट्रोलमा रु. १,९७६।४४ खर्च लेखेको दरबन्दी भन्दा रु. १८।७५ बढी तलब खर्च लेखेको । बोर्डमा उपस्थित नभएका सञ्चालकलाई बोर्ड फी रु. ८०।– दिएको । स्वास्थ्य विभागबाट खरीद भएको रु. ४,९७०।९७ को औषधिको प्रमाण पेश नगरेको । रु. ३००१।– खान पाउनेको बिल भरपाई बेगर खर्च लेखेको । शिल्ड टेण्डर, कोटेशन बेगर रु. १,५०,०६४।६ को मालसामान खरीद गरेको मध्ये रु. ९०,१५३।९० पेश्की फछ्र्यौट समेत नगरेको । रिभल्भिङ फण्डमा शोधभर्ना गर्नु पर्ने रु. ७६।७ शोधभर्ना नगरेको । निकासा बेगर समितिदेखि बाहिरका अफिसलाई रु. ७,८८९।२५ दिएको । प्याथलजी तथा क्यानिबाट हुने आम्दानीको रीतपूर्वकको लेखा नराखेको । खर्चको वर्गीकरण ठीक र सुव्यवस्थित नरहेकोको अतिरिक्त पेश्की खाता नराखेको । समितिको आर्थिक नियमको व्यवस्था नगरेको ।

२०१६।१७ मा उक्त अस्पतालको पुरानो सुपरिण्टेण्डेण्ट क्वाटर भत्काउंदा निस्केका काठ पात आदि मालसामानको एकीन लेखा नराखी लेखापरीक्षणबाट पक्राउ गरेपछि मात्र राखेकोको अतिरिक्त ढुंगाको स्लेट थान ५ नपुग हुन आएको समेतबाट भत्काउंदा आएको मालसामान हिनामिना भएन होला भन्ने ठाउं नरहेको । २०१७।१८ देखि २०१९।२० तकको लेखा विवरण प्राप्त नभएकोले लेखा परिक्षण हुन नसकेको ।

राजविराज अस्पताल

२०१९।२० मा हाजिर नभएका र विशेष बिदा बसेका पदाधिकारीको पूरा तलब दिई रु. ७५९।१७ खर्च लेखेको । स्वीकृति बेगर एक सालको बजेट निकासा रकमबाट अर्को सालमा र रकमान्तर समेत गरी अनियमित तरीकाबाट रु. २८०।८७ मसलन्दमा रु. २,३८९।३२ घर भाडा र बत्तीमा रु. ३५५।– मर्मतमा खर्च लेखेको । सिधा रसदमा रु. २२७।७१, धोबी लुगा, बिछौना आदिमा रु. २,०९७।–, भांडा वर्तनमा रु. ४३०।६०, औषधिमा रु. ११२।१०, फर्निचरमा रु. २।– समेत स्वीकृति बेगर गत सालको रकमबाट रकमान्तर गरी खर्च लेखेको । अस्पताल पूरा मर्मत नगरी ठाउं ठाउं पानी चुही रहेको फोहर मैला पारेको । जिन्सी सामानको नियमित खेस्ता नराखेको । बिल भाउचर बेगर रु. २०४।५६ ढुवानीमा खर्च लेखेको ।

स्वास्थ्य सहयोगी सेवा

अमेरिकी सहायताबाट सञ्चालित स्वास्थ्य सहयोगी सेवाको सन् १९५४ देखि डिसेम्बर १९५५ सम्मको लेखापरीक्षण गर्न आर्थिक विवरण माग गरेकोमा ओभर हेड प्रोजेक्ट नेपाल अमेरिकन को-अपरेटिभ हेल्थ सर्भिसका चीफ एकाउण्टेण्टले "म यस प्रोजेक्ट अन्तर्गत पांचौं एकाउण्टेण्ट भएको हुनाले र मलाई आजतक शुरुदेखि १९५६ तकको हिसाबको जिम्मा दिने काम कसैबाट नभएको हुंदा शुरूदेखि १९५६ तकको बैलेन्स शिट पेश गर्न असमर्थ छु" भनी जवाफ दिनु भई आर्थिक विवरण दिनु नभएको र आर्थिक विवरण प्राप्त नभए पनि प्रस्तुत गरेको लेजरबूकको आधारमा लेखापरीक्षण गर्दा कोटेशन बिना मालसामान खरीद गरेको, खरीद भएका प्रशस्त मालसामानहरू आम्दानी बांधिएको जिन्सी किताब पेश नगरेको, औषधि आम्दानी खर्चको रेकर्ड नराखेको र मालसामान खरीद गरेको रसीद पेश नगरेको । आधारभूत प्रमाण बेगर नियुक्त गरी दर्जा र अवधि समेत नतोकी तलब खर्च लेखेकोको अतिरिक्त रु. तलब पाउने ठाउंमा भा. रु. तलब खर्च लेखेको ।

प्रसूति गृह

भारतीय सहायताद्वारा सञ्चालित परोपकार श्री ५ इन्द्रराज्य लक्ष्मीदेवी प्रसूति गृह शिशु कल्याण केन्द्रको विकासार्थ श्री ५ को सरकार तथा भारत सरकारको बीच क्रमशः मिति १५ मई १९५९,२५, अप्रिल १९६१ र २५ अप्रिल, १९६२ मा भएको सम्झौतानुसार क्रमशः भा.रु. ६००,०००–, भा.रु. १ ,५०,०००– र भा.रु. २,००,०००– समेत जम्मा भा.रु. ९,५०,०००– ३१ मार्च १९६३ सम्म प्राप्त हुनु पर्नेमा हालसम्म (२०१६।१७ र २०१७।१८ मा) क्रमशः भा. रु. २,००,०००– र भा. रु. १,००,०००– समेत जम्मा भा. रु. ३,००,०००– प्राप्त भएको । उक्त प्रसूति गृहको आर्थिक व्यवहार सम्बन्धी नियमको व्यवस्था नगरेको । कोटेशन बेगर मालसामान खरीदमा रु.४४,७५४।१६, भा. रु. ७,६७९।८६ खर्च लेखेको । कबूलियत बेगर तथा कानून प्रतिकूल पारी एक व्यवसायिक संस्थालाई भा. रु. ३०,०००– पेश्की खर्च लेखेको । लगत इष्टिमेट बेगर रु. १,०३४।–खर्च गरी मुर्दाघर बनाएको तर पूरा नगरेको । लगबूक नराखी ५४५।६० पेट्रोलमा खर्च लेखेको । अधिकार प्राप्त पदाधिकारीको प्रमाणित बेगर रु. ६८७।८० भुक्तान दिएको । भरपाई बेगर रु. ८४।२६ खर्च लेखेको । खर्च गर्न पाउने रकमभन्दा रु. ४९,०८२।५८, भा. रु. ४७,०३१।६८ बढी खर्च लेखेको सम्बन्धमा बेरुजु उठाई सके पछि मात्र समितिबाट अनुमोदन गराएको ।

भारतीय सहायताद्वारा सञ्चालित विकास कार्य २०१८।१९ मा हस्पिटल कम्पाउण्डभित्रको जग्गा कमाउने मोहीलाई रु. ५०००।– मुआब्जा दिएकोमा जग्गाको संख्या मूल्यांकन भए गरेको नदेखिएको । तलब बृद्धि पाउने अवधि नै नपुगेकोलाई रु. १६०।५० बढी तलब बृद्धि खर्च लेखेको । मेट्रोनले पारिश्रमिक कर बुझाएको सबूद पेश नगरेको । नियमित लगबूक नराखी पेट्रोल ग्यालन १२ खर्च लेखेको । कोटेशन बेगर माल-

सामान खरीद गरी रु. ८४४।१, भा.रु. ७१८– खर्च लेखेको । समितिको स्वीकृति बेगर अघिल्ला सालको भुक्तानी दिनु पर्ने रकम रु. ९५८।३२ खर्च लेखेकोको अतिरिक्त प्राप्त अधिकारभन्दा रु. १५,४५५।६२, भा. रु. २५०– बढी खर्च लेखेको । खर्च सम्बन्धी नियमको व्यवस्था नभएकोको अतिरिक्त सरकारी डाक्टरलाई उक्त अस्पतालमा काम गरे वापत छुट्टै पारिश्रमिक दिने गरेको ।

भारतीय सहायताबाट सञ्चायलित विकास कार्य २०१९।२० मा फांट बेगर रु. ४०।– र लगबूक पेट्रोलमा रु. ७०३।– खर्च खर्च गर्न पाउने भन्दा बढी रु. १९६०।५५ विभिन्न काममा खर्च लेखेको । खर्च गर्ने नियमको व्यवस्था नगरी लेखापरीक्षणबाट पत्की सकेपछि समर्थन गराउने गरेको ।

पाल्पा खसौली होमियो डिस्पेन्सरी

२०१७।१८ सा जिन्सी स्रेस्ता पेश नगरेको को अतिरिक्त डिस्पेन्सरी खारेज भए पछि बांकी रहेको औषधी तथा अन्य सामानहरू फिर्ता बुझाउने प्रवन्ध नगरेको ।

खुदी हेल्थ सेण्टर

२०१७।१८ सा औषधि झिकाउन निमित्त वाणिज्य विभागलाई पेश्की गएको रू. २,२५०।– फछ्यौंट नगरेको ।

गाउंसहर, बेसिसहर हेल्थ सेण्टर

२०१७।१८ सा औषधि झिकाउन वाणिज्य विभागलाई पेश्की गएको रु. २,२५०।– फछ्यौंट नगरेको ।

चितवन हेल्थ सेण्टर

२०१७।१८ सा आर्थिक वर्ष व्यतित भए पछि बांकी रहन आएको रु. १,१९१।७९ चितौन सालको धरौटीमा आम्दानी बांधेकोमा रु. ८६४।– लूटमा परेको र रु. ३२७।७९ फछ्र्याउने कारवाई नगरेको । औषधिलाई रु. २,२५०।– पेश्की गएको फछ्यौंट नगरेको । मसलन्द र बत्तीमा रु. ३८।३८ चौथो त्रै–मासिक समयमा निकासा नभएबाट दैनिक काम रोक्न नर्भ पछिल्लो आर्थिक वर्षमा स्वीकृति बेगर खर्च लेखेको । टिकटमा खर्च गरेको रु. ५।९८ को स्रेस्ता पेश गर्न नसकेको ।

चौतरा हेल्थ सेण्टर

२०१७।१८ मा भन्सार महसूल र डुवानी खर्चलाई निकासा भएको रु. ८७।– खातामा आम्दानी नबांधी त्यस मध्ये रु. ७२।– खर्च गरेको बिल भांउचर पेश नगरेको र रु. १५।– मेडिकल अफिसरको साथमा राखेको असूल नगरेको । निकासा बेगर मसलन्दबाट ज्यालामा रु. १२।– रकमान्तर गरेको । स्वीकृति बेगर घरभाडा रकमबाट मर्मतमा रु. १८०।– रकमान्तर गरेको । रु. ७२३।२६ को फांटवारी पेश नगरेकोको अतिरिक्त जिम्मावारी समेत नसारिएकोले ठाडो बांकी देखिन आएको । आर्थिक वर्ष भुक्तानी भएपछि बांकी रहेको रु. ६७५।– जिम्मावारी नसारी सिन्धुपालचोक मालमा दाखिल गरेको ।

२०१८।१९ मा भरपाई भन्दा बढी रु. ३४।५० तलब खर्च लेखेको । स्वीकृति बेगर मसलन्दबाट डुवानीमा रु. ३६।– रकमान्तर गरेको । फर्निचरका लागि निकासा बेगर रु. १०००।– पेश्की दिएको भरपाई पेश नगरेको । रु. ८।८५ तहबीलमा ठाडो बांकी देखिन आएको । आर्थिक वर्ष व्यतीत भए पछि बांकी रहेको रु. ४४६।९७ जिम्मावारी नसारेको । अन्य रकमबाट स्वीकृति बेगर रु. १,५८९।५० रकमान्तर गरेकोले तलब रकममा निकालाभन्दा बढी खर्च भएको ।

बेकम्वा सालसामान लिलाम बिक्री गर्ने कारवाई नगरेको ।

छतौना हेल्थ सेण्टर

२०१७।१८ मा औषधि खरीद गर्न वाणिज्य विभागलाई गएको रु. २,२५०।– र तलब भत्तामा रु. ५९२।३७ समेत जम्मा रु. २,८४२।३७ पेश्की गएको फछ्यौंट नगरेको । जिन्सी माल स्रेस्तामा आम्दानी नबांधेको । खरीद भएका औषधिको जिन्सी स्रेस्ता पेश नगरेको ।

जुम्ला हेल्थ सेण्टर

२०१७।१८ मा आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहेको रु. १,७७४।– जुम्ला मालमा रहेको भन्ने सम्म उल्लेख भएको तर त्यसको प्रमाण पेश नगरेको । रु. ४,६२८।४० पेश्की फछ्यौंट नगरेको ।

झापा भद्रपुर हेल्थ सेण्टर

२०१७।१८ मा दरबन्दी निकासा बेगर तलब भत्ता रु. ५६४।– खर्च लेखेको । बढी खाए खुवाएको तलब रु. २२०।४९ असूल नगरेको । विभिन्न रकममा पेश्की गएको रु. २,९४६।१२ फछ्यौंट नगरेको ।

ताप्लेजुङ हेल्थ सेण्टर

२०१७।१८ मा आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहन आएको रु. ६८९।– मध्ये पछिल्ला सालमा खर्च गर्न स्वीकृत भएको रु. २५३।– कट्टा गर्दा बांकी रहेको रु. ४३२।–, भा. रु. ३९५– विकास कोषमा नै जम्मा गर्नु पर्नेमा सञ्चित कोषमा दाखिल गरेकोको अतिरिक्त रु. ३७।– ठाडो बांकी देखिएको । विभिन्न रकमको खर्च रु. १,३८७।३५ को भाउचरहरू पेश हुन नआएको । प्राप्त आर्थिक विवरणमा विभिन्न रकमको गरी पेश्की बांकी देखाएको रु. २,४२९।५ हालसम्म पनि फछ्यौंट हुन नसकेको । २०१७।१८ भन्दा अघिको लेखा सम्बन्धमा परीक्षण गर्न पर्ने नपर्ने केही निधो गरी पठाउनु नभएको ।

तेह्रथुम हेल्थ सेण्टर

२०१७।१८ मा आर्थिक वर्षको बांकी रुपैयां १,०२१।५६ निकासा बेगर पछिल्ला सालमा खर्च लेखेको । औषधि झिकाउन वाणिज्य विभागलाई गएको पेश्की रु. २,२५०।– फछ्यौंट नगरेको ।

ठिमी हेल्थ सेण्टर

२०१७।१८ मा औषधि झिकाउन वाणिज्य विभागलाई पेश्की दिएको रु. ३,२५०।– फछ्यौंट नगरेको ।

धवौली खेस्रा हेल्थ सेण्टर

२०१७।१८ मा औषधि खरीद गर्न वाणिज्य विभागलाई पेश्की गएको रु. २,२५०।– को (फांटवारी प्राप्त भए तापनि) आन्तरिक लेखापरीक्षण नभएको भनी लेखापरीक्षण गर्न नदिएको ।

मसलन्द र बत्ती रकममा अघिल्लो आर्थिक वर्षको बांकी रु. २६।३५ स्वीकृति बेगर खर्च लेखेको ।

नर्जा खरानीटार हेल्थ सेण्टर

२०१७।१८ मा आर्थिक वर्ष व्यतीत भए पछि बांकी रहन आएको रु. १०८।– विकास कोषमा जम्मा गर्नु पर्ने नगरेकोको अतिरिक्त पछिल्ला सालको जिम्मावारी सारेको सबूद समेत पेश नगरेको । पहिलो त्रै–मासिक निकासाको रु. १५१।५० मध्ये रु. ११।५० आम्दानी नबांधेको साथै दाखिल समेत नगरेको सम्बन्धमा असूल उपर गर्ने कारवाई समेत नगरेको । औषधि झिकाउन वाणिज्य विभाग समेतलाई गएको रु. २,६२८।२० र अफिस भाडालाई गएको रु. ३६०।– को पेश्की फछ्यौंट नगरेको ।

फिदिम हेल्थ सेण्टर

२०१७।१८ मा रु. १२५।– को जिन्सी स्रेस्ता पेश नगरेको । दरबन्दी बेगर रु. ३,८६१।– तलब खर्च लेखेको ।

आर्थिक वर्ष २०१७।१८ भन्दा अघिको लेखा विवरण उपलब्ध नभएबाट लेखापरीक्षण हुन नसकेको ।

बनेपा हेल्थ सेण्टर

२०१७।१८ मा आर्थिक वर्ष व्यतीत भएपछि जिम्मावारी नसारी का.प. मालमा रु.४६२।–दाखिल गरेको । रु.४८।६१ बिल भराई बेगर खर्च लेखेको । भरपाईमा अंक सच्च्याई रु. ।३० पैसा बढी टिकट खर्च लेखेको । घर धनीको कबूलियत नगरी रु. ३६०।– घर भाडामा खर्च लेखेको । मासिक बजेट खर्चको हिसाब तथा ततसम्बन्धी बिल भौचर समेत पेश नगरेकोबाट ठाडो बांकी रु. ७८९।४४ देखिन आएको ।

२०१८।१९ मा घर धनीको कबूलियत नगराई रु. ३६०।– घर भाडामा खर्च लेखेको ।

मट्टिवन हेल्थ सेण्टर

२०१७।१८ मा आर्थिक वर्ष व्यतीत हुंदा बांकीरहन आएको रु. ६४।४० विकास कोषमा जम्मा गर्नुपर्ने नगरेकोको अतिरिक्त पछिल्ला सालमा जिम्मावारी सारेको सबूद समेत पेश नगरेकोमा असूल उपर गर्ने कारवाई समेत नगरेको औषधि झिकाउन वाणिज्य विभागलाई पेश्की गएको रु. २,२५०।– वर्षा हुंदा पनि खर्च नगरेको । औषधिको जिन्सी स्रेस्ता पेश नगरेको ।

माने भञ्ज्याङ्ग हेल्थ सेण्टर

२०१७।१८ मा आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहन आएको रु. ५६५।– विकास कोषमा जम्मा गर्नु पर्नेमा रु. ५४२।५० मालमा धरौटी राखेको बांकी रु. २२।५० कुनै कोषमा जम्मा गरेको र पछिल्ला सालको जिम्मावारी सारेको सबूद समेत पेश गर्न नसकेकोबाट असूल उपर गर्ने कारवाई नगरेको औषधि झिकाउन वाणिज्य विभागलाई पेश्की गएको रु. २,२५०।– फछ्यौंट नगरेको ।

प्यार्कुबिर्ता हेल्थ सेण्टर

२०१७।१८ मा आर्थिक वर्ष व्यतीत भए पछि बांकी रहन आएको रु. ५७३।१२ मध्ये रु. १७।७० सम्बन्धित कोषमा दाखिल गरेको वा पछिल्ला सालमा जिम्मावारी सारेको समेत नदेखिएको औषधि बत्ती र मसलन्द रकमको समेत जम्मा रु. २,२५७।५ को पेश्की फछ्यौंट नगरेको ।

रामेछाप हेल्थ सेण्टर

२०१७।१८ मा रु. २,२५०।–औषधि खरीद गर्न वाणिज्य विभागलाई पेश्की गएकोमा फछ्यौंट गर्ने कारवाई नगरेको रु. ५०।– को औषधिको जिन्सी स्रेस्ता पेश नगरेको ।

सल्यानटार हेल्थ सेण्टर

२०१७।१८ मा औषधि झिकाउनका लागि रु. २,२५०।– वाणिज्य विभागलाई र रु. १८०।– अफिस भाडाका निमित्त गएकोको अतिरिक्त मसलन्दका लागि रु. १२।७५ समेत जम्मा रु. २,४४२।७५ पेश्की गएकोमा फछ्यौंट नगरेको । आर्थिक वर्ष व्यतीत भएपछि बांकी रहेको रु. ४१५।८० विकास कोषमा जम्मा नगरी नुवाकोटमालमा दाखिल गरेको ।

बराबर तरताकेता गर्दा पनि २०१७।१८ भन्दा अघिका आर्थिक विवरण नदिएकोले लेखापरीक्षण हुन नसकेको ।

सप्तरी लाहान हेल्थ सेण्टर

२०१७।१८ मा आर्थिक वर्ष व्यतीत हुंदा बांकी रहन आएको रु. १,४७९।६० पछिल्ला सालमा जिम्मावारी सारेको वा सम्बन्धित कोषमा दाखिल गरेको प्रमाण पेश नगरेको । तलब मसलन्द र डुवानीको निमित्त समेत पेश्की गएको रु. ६,५५६।१५ फछ्यौंट नगरेकोको अतिरिक्त रु. २,२३।९० को जिन्सी सामान तथा औषधिको स्रेस्ता पेश नगरेको ।

नेपाल औलो उन्मूलन संघ

२०१५।१६ मा लगबूक नराखी पेट्रोल रु. ७,५९२।– ३२ खर्च लेखेको । घटी दरवाला छंदाछंदै बढी दरवालाबाट कागत खरीद गरी रु. ७।– बढी खर्च लेखेको । नियम प्रतिकूल पारी रु. ८६।६९ तलब बृद्धि खर्च लेखेको । घटाघट बेगर रु. २,४५३।२२ घरभाडा दिएको । टेण्डर बेगर रु. ६,२१३।३२. भा. रु. २,४२५– को मालसामान खरीद गरेकोको अतिरिक्त जिन्सी स्रेस्ता नराखेको । निकासा बेगर भ्रमण गर्ने गरेको र स्थानीय व्यक्ति हो होइन निर्णय बेगर घरभाडा खर्च लेखेको । भरियाको खर्च दिने नियम भैहरदा रहदै कोषको हिसाबबाट भ्रमण भत्ता दिने गरेको । लेखा सुव्यवस्थित ढंगसंग नराखेको ।

अमेरिकन सहायताबाट सञ्चालित विकास कार्य २०१६।१७ मा टेण्डर बेगर रु. १,१४५, भा. रु. १३,६९३– ढुवानी खर्च लेखेको । लगत इष्टिमेट बेगर रु. १,०७४।२८, भा. रु. ४०५।३४ खर्च गरी ग्यारेज बनाएको । हवाइ मार्गबाट ढुवानी गरी रु. २१।९८ बढी खर्च लेखेको । कोटेशन, टेण्डर बेगर छपानी र मालसामान खरीद गरी रु. ३,६११।९७, भा. रु. ५०,९६२।२९ खर्च लेखेको । रु. ५,०५८।८७ को मालसामान आम्दानी नबांधेको । रु. २,४६०।७२ फांट बेगर पेश्की फछ्यौंट गरेको । लगबूक बेगर रु. ३८,४६२।८४, भा. रु. ४,१०२।६८ को पेट्रोल खर्च लेखेको । हाजिरी बेगर ज्याला रु. ११६।७० र नियुक्ति, हाजिरी बेगर भा. रु. १,१००– तलब खर्च लेखेको । नियम प्रतिकूल हुने गरी भरिया ज्याला रु. ३४०।३० र दैनिक भत्ता रु. ६८०।४० खर्च लेखेको । नियम बेगर रु. ९।५० ओभर टायम भत्ता खर्च लेखेको । कलकत्ता जस्तो शहरमा ट्राम बस जस्ता सस्ता सवारी जुनसुकै अवस्थामा पनि पाइनेमा रु. ३१।– का दरले जीप रिजर्भ गरी अनावश्यक रु. ३१९।– बढी खर्च लेखेको । अमलेखगञ्ज देखि हेटौंडासम्म सर्भिस छंदाछंदै जीप रिजर्भ गरी रु. २५। बढी खर्च लेखेको । लिन दिन नलिने भ्रमण खर्च रु.५०।–बढी खर्च लेखेको । रु. ७४।– को प्लेन भाडाको टिकट पेश नगरेको । नोकरी अवधिको सबूद बेगर रु. २८८।९९ तलब बृद्धि खर्च लेखेको । पेश्कीहरू फछ्यौंट नगर्नुको साथै आदेश बेगर भ्रमण गर्ने समेत गरेको ।

भरपाई बेगर रु. ४२३।९९ खर्च लेखेको । नियमको प्रतिकूल पारी दैनिक भत्ता रु. १,४३५।८० खर्च लेखेको । घटाघट बेगर भरिया ज्याला रु. ८,९६५।– खर्च लेखेको । कोटेशन बेकर रु. ३,०८३।३७ को मालसामान खरीद गरेको । रु. ३।– दिन नहुने सवारी भाडा र दावा नगरेको भ्रमण भत्ता रु. ४०।– खर्च लेखेको । हाजिरी बेगर तलब रु. ११९।४० खर्च लेखेको । रु. ५०४।२३ को मालसाम... आम्दानी नबांधेको । रु. १।९७ घटी जिम्मावारी सारेको ।

२०१७।१८ मा रु. ५३५।६० खान पाउनेको बिल भरपाई बेगर खर्च लेखेको । नियम प्रतिकूल पारी तलब बृद्धि तथा महंगी भत्ता रु. ९३९।०९ खर्च लेखेको । कोटेशन, टेण्डर बेगर रु. २०,८७८।३६ को मालसामान खरीद गरेको । रु. ६,२२५।७३ को मालसामान आम्दानी नबांधेको । पेट्रोलमा रु. ३१,५७२।२० खर्च लेखेको लगबूक नराखेको । पेश्की रु. १,३९२।६० फछ्यौंट नगरेको । रु. १०,२५२।– लेक्टरहरूलाई शोधभर्ना दिएको प्रमाण पेश नगरेको । नियम विपरीत रु. १,१८३।– दैनिक भ्रमणमा, दावाभन्दा बढी रु. ६२।२१, सवारी सुविधाको अतिरिक्त रु. १७।५० भरिया खर्च लेखेको । सदरमा नबसी भारत सीमाना बसेको भनी रु. ६।– बढी भत्ता लिएको । प्रचलित नियम भन्दा रु. ४२०।५० बढी खर्च लेखेको । त्रिभुवन राजपथमा २ दिन लागेको भनी सबूद बेगर दिन ३ को दैनिक रु. १८।– बढी खर्च लेखेको । अफिसको मोटर छंदाछंदै भाडामा लिई रु. ३५।४५ अनावश्यक बढी खर्च लेखेको । रु. ६४२।– को प्लेन टिकट पेश नगरेको । आदेश बेगर भ्रमण गर्ने गरेकोको अतिरिक्त प्रमाण बेगर भत्ता खुवाएको । पेश्की फछ्यौंट नगरेको ।

संगठित संस्था

नेपाल बैंक लिमिटेड

आर्थिक वर्ष २०२० को लेखा र ऐ चैत्र मसान्तको बैलेन्स शिट परीक्षण गर्दा सोधनी गरेका कुराको स्पष्टीकरणको आधारबाट उक्त लेखा सम्बन्धी आर्थिक व्यवहार र वस्तुस्थितिको यथार्थ हाल दर्शाएको छ भन्ने आधारमा तत्सम्बन्धी आलोचना देहाय बमोजिम अंकित गरेको हुंदा देखिएसम्मबाट उक्त लेखा र बैलेन्स शिट (यसै साथ नत्थी गरेको) ठीक भएको ।

अनिश्चित जिम्मेवारी

बैलेन्स शिटमा अनिश्चित जिम्मेवारी रु. ४,०८,८३१।– भनी उल्लेख भएकोमा भा. रु. देखिएको एवं श्री ५ को सरकारको ग्यारेण्टी लिई एक लिमिटेड कम्पनीको निमित्त ग्यारेण्टी बसेको रु. १२,००,०००।– उक्त रकममा समावेश नभएकोले रु. १४,४५,२६८।६० फरक देखियो । उक्त रु. १२,००,०००।– को सम्बन्धमा पनि जुनसुकै पब्लिक लिमिटेड कम्पनीको आर्थिक अवस्थाको प्रत्याभूति (ग्यारेण्टी) श्री ५ को सरकारले गर्नेछैन भन्ने उपबन्ध रहेको कम्पनी ऐन, २००७ को दफा ३७ को प्रतिकूल हुने गरी गराएको निकासाको आधारमा ग्यारेण्टी बसेको देखिएको ।

लगानी तथा कर्जा

केही लगानी तथा कर्जा रकमहरूको सम्बन्धमा नियमानुसार यथा समयमा ठोस कारवाई गरी पार्टीहरूका हिसाबहरू फछ्यौंट गर्ने कारवाई नभएबाट धेरै वर्षदेखि बक्यौता रहन गई धितो लिएका मालसामान सडी गली वा पार्टीहरूसंग मुद्दा परी उक्त रकमहरू असुरक्षित हुन आएका, यस अघि लेखापरीक्षकहरूबाट दर्शाइएका यस्ता बेरुजुहरूका सम्बन्धमा दिएका सञ्चालक समितिको आदेश कार्यान्वित नभएकोमा सञ्चालक समितिबाट समेत ठोस कारवाई नभएको ।

बैंकका का. मु. जनरल भनेजरलाई घर बनाउन २ वर्षको रु. ३२,८००।– जीवन बिमा धितो लिने गरी सापटी दिएको सम्बन्धमा सो धितो लिएको १० वर्षे जीवन बिमामा "दूर्घर्घटनाको फाइदा नपाउने" भन्ने उल्लेख भएको र १० वर्षपछि त्यसबाट रु. ३२,८००।– (बोनस अनिश्चित भएकोले) भन्दा बढी नआउने त्यस अवधि सम्ममा लगानी र ब्याज समेत गरी रु. ४५,९२०।– हुन आउने हुंदा सो घर बैंकको नाउंमा रजिष्ट्रेशन पास गराई लगानी पूर्ण सुरक्षित नगरेको ।

एक कर्मचारीलाई घर किन्न रु. ४,५००।– सापटी दिई सके पछि सो घर मर्मत गर्न रु. १,५००।– पुनः सापटी दिएकोमा रजिष्ट्रेशन पास नगरेको ।

शेयर धितो लिई दिएको कर्जाको एक केसमा पूरा मार्जिन कट्टा गरी भा. रु. ६,९००।– मात्र ऋण दिनु पर्नेमा भा. रु. ८,२००।– दिएको ।

विराटनगर सिटी एरियामा रु. २३,४५८।५७ लगानीमा धितो रहेको नून पानी चुहिने गोदाममा रहेको ।

एजेन्सीतर्फ

विभिन्न बैंकमा रहेका मौज्दातको वास्तविक स्थिति दर्शाउने गरी समय समयमा हिसाब मिलाई सन्तुलन नगरेको ।

भवन निर्माणतर्फ

केन्द्रमा बनेको नयां घर सम्बन्धी विस्तृत लगत इष्टिमेट पेश नभएको, धेरैजसो मालसामान समय समयमा बिना टेण्डर खरीद गर्ने गरेको, भवन निर्माण गर्ने ठेकदारहरूलाई भुक्तानी दिंदा काम सम्पन्न भई सकेकोमा इञ्जिनीयरबाट जांच पास गराई ठहर्न आउने अंकको सयकडा १०। कट्टा गरी भुक्तानी दिने शर्त कार्यान्वित भई रहेको नदेखिएको ।

टेण्डर सूचना गरी काठ बिक्री गर्नु अगावै तात्कालीन एक सञ्चालकलाई प्रति क्यू. फि. रु. २१।– का दरले बिक्री गरेको र सोही नयां घर बनाउने काममा लगाएका एक इञ्जिनीयरलाई मोल नलिई काठ दिएर पठाएकोमा पछि टेण्डर कलबाट निर्धारित हुन आएको मूल्य बमोजिम उक्त सञ्चालकलाई बढी हुन आएको रकम फिर्ता दिएको र उक्त इञ्जिनीयरसंग तद्नुसार मोल असूल गरेको ।

बीरगञ्ज शाखाको निमित्त घर आदि बनाउने सम्बन्धमा पनि ठेक्काको कबूलियतकै शर्त बमोजिम सो बिल्डिङ निर्माण गरिंदा पहिलो चरणमा काम चालू भै बिल्डिङहरूको हवास तयार भै चांजिए पछि सो कामको परिणाम ५० प्रतिशत नभए तापनि त्यहां मौजूद रहेको मालसामानहरूको मूल्यांकनमा ६५ प्रतिशतसम्म भएको देखिएमा ५० प्रतिशतको भुक्तानी लिने दिने र दोस्रो चरणमा एकतले बिल्डिङमा पहिलो तला र दुई तले बिल्डिङको दोस्रो तलाको काम सकिए पछि ढुवैको छाना लगाउने अगावै ठेक रकमको ३५ प्रतिशत भुक्तानी लिने दिने भनी उल्लेख भएकोमा निर्माण स्थलमै गई निरीक्षण गर्दा बैंकको जगसम्म हालेको छैन र अरू घरहरूको सम्बन्धमा पनि कबूलियत बमोजिम निर्माण कार्य सम्पन्न गरिएको देखिएन । निज ठेकदारलाई पटक पटक गरी हालसम्म जम्मा रु. ५८,०००।– पेश्कीको रूपमा सण्डी डेटर्सबाट खर्च लेखेको देखियो । तर सो भुक्तानी दिंदा कबूलियत बमोजिम के कति काम सकियो । तत्सम्बन्धी विवरण लिई कामको प्रगति तथा परिणामको आधारमा कुनै प्राविधिज्ञको सिफारिश भएको पाइएन । साथै रनिङ बिलको भुक्तानी दिंदा खर्च लेखेको रकमको ५ प्रतिशत कट्टी गरी धरौटीमा जम्मा गरी राख्नु पर्नेमा सो समेत गरी नराखेकोले रीतपूर्वकको खर्च लेखेको देखिदैन ।

केन्द्रको नयां घर निर्माण सम्बन्धी मालसामान राख्न तयार गरेको टहरामा बढाबढ गराई मात्र भाडामा राख्न लगाउनु पर्नेमा तद्नुसार नगरी बिना भाडा होटेल राख्न दिएको ।

विविध

लगबूक बेगर रु. ४,४८३।– को पेट्रोल खर्च गरेको ।

रु. ५०५।– पर्ने रेली साइकल ह्रास कट्टी गर्दै ल्याई रु. ५२।७० मोल कायम गरी लिलाम बिक्री नगरीत्यतिकै रकममा एक कर्मचारीलाई दिएको ।

सेफ कष्टडी सम्बन्धी पार्टीसंग लिन बांकी तथा असूल भई सकेको रकम यथार्थ देखिने कुनै लेखा नरहेको ।

सुझाव

यस बैंकको आर्थिक व्यवहार क्रमशः बृद्धि हुंदै आई यो आर्थिक वर्षमा करीब रु. १५ करोडको व्यवहार हुन गएको देखिएको र प्रशासन तर्फका कारवाईहरू यथा समयमा सम्पन्न गर्न पूरा समयसम्म उक्त बैंकमै रही आवश्यक रेखदेख समेतको काम गर्ने गरी श्री ५ को सरकारबाट एक अध्यक्षको नियुक्ति गरी राखिदिनु सबै तरहबाट उपयुक्त देखिन्छ ।

एजेन्सी तथा इम्पोर्ट विभागको कार्य पद्धतिमा सुदृढता ल्याउनलाई चांडो सुधार हुन पर्ने ।

नेपाल राष्ट्र बैंक

आर्थिक वर्ष २०१९।२० को लेखापरीक्षण गर्न नेपालको संविधान एवं लेखापरीक्षण ऐन, केही नेपाल कानून (संशोधन तथा पुनः व्यवस्थापन) ऐन, २०२० अनुसार संशोधित ऐन बमोजिमको अधिकार प्रयोग गरी सर्वोच्च अदालत तथा लोक सेवा आयोग जस्ता संवैधानिक संस्थाहरू, सचिवालयहरू र शाही सेनाका समेत लेखापरीक्षण गर्दा अङ्गालेको पद्धति अङ्गाली मेरो सहायक का. मु. ले. प. सञ्चालक (डाइरेक्टर) लाई नेपाल राष्ट्र बैंकको आर्थिकवर्ष २०१८।१९ को लेखापरीक्षण गर्दा गरी दिए बमोजिम अधिकार पत्र दिई खटाई पटाई लेखापरीक्षण गर्न बैलेन्स शिट माग गरी पत्र दिएकोमा गभर्नर, ने. रा. बैंकले मलाई लेखापरीक्षण नगराउने अवैध तरीका अङ्गाली नेपालको संविधान तथा नेपाल कानून (संशोधन तथा पुनः व्यवस्थापन) ऐन अनुसार संशोधित ऐनहरूले महालेखा परीक्षकले लेखापरीक्षण गर्ने सम्बन्धमा निष्क्रिय भई सकेका ऐन-हरूलाई औंल्याई "२०१८।१९ को लेखापरीक्षणको काम टुंगो नसकेको र २०१९।२० को लागि श्री ५ को सरकारबाट नेपाल राष्ट्र बैंकको ऐनको दफा २७ अनुसार अडिटर नियुक्तिको सूचना नआई पुगेको यस स्थितिमा मैले लेखापरीक्षण गर्नु भनी तपाईंले लेख्नु भएकोमा विचार गर्नु पर्ने देखिएको छ। ने. रा. बैंकको ऐनको दफा २७ अनुसार लेखापरीक्षण हुने हो भने तद्नुसारको नियुक्ति पत्रको आवश्यकता रहने र नेपालको संविधान अनुसार महालेखा परीक्षक लेखापरीक्षणको लागि आउनु हुने हो भने तद्नुसार आउन हुन स्वागतै छ। तपाईं राष्ट्र बैंक ऐन वा विधान कुन अन्तर्गत आउने हो र महालेखा परीक्षक (मैले अधिकार पत्र दिई पठाएको हुंदाहुंदै पनि) बाट समेत केही लेखी नआएकोले तपाईंको अनुरोध बमोजिम गर्न कानूनी बाधा परेको भनी मैले खटाई पठाएको सञ्चालकलाई जवाफ दिनु भई लेखापरीक्षण गर्न दिनु भएन।

तत्सम्बन्धमा नेपालको संविधान तथा लेखापरीक्षण ऐन एवं उपर्युक्त संशोधित ऐनहरू समेत दर्शाउनुको साथ साथै उपर्युक्त अप्रासांगिक कुराहरू उठाई आर्थिक वर्ष भुक्तान भएको धेरै महीना भई सकेको उक्त आर्थिक वर्षका लेखापरीक्षण गर्न ढिला नगर्नको लागि बैलेन्स शिट दिनु हुन पटक पटक अनुरोध गरी लेखी पठाउंदा पनि तद्नुकूल बैलेन्स शिट दिई लेखापरीक्षण गराउने तर्फ नलागी "लेखापरीक्षण ऐनमा प्रतिनिधित्व गर्ने बारेमा केही जिकीर नभएको अर्थात् प्रतिनिधित्व गराउन सकिने ऐन भए सो ऐन र दफा समेतको सूचना दिनको साथै ने. रा. बैंकको सम्ब-न्धमा कुन उप-दफा उपयुक्त हुन्छ विचारणीय छ" भन्ने कुराहरू उल्लेख गरी अर्को थप अप्रासांगिक विषय उब्जाई लेखी पठाई कानूनन् गर्न गराउनु पर्ने लेखापरीक्षण गर्न गभर्नरले बैलेन्स सिट समेत नदिनु भएबाट सो सबै व्यहोरा बर्खाई त्यसरी अवैध तरीका अङ्गाली लेखापरीक्षण गर्न नदिने गभर्नर, ने. रा. बैंक उपर आवश्यक कारवाई भई उक्त लेखापरीक्षण समयमै सम्पन्न गर्नको निमित्त बैलेन्स शिट मलाई प्राप्त हुनको लागि अर्थ मन्त्रालय (जसको मातहतमा ने. रा. बैंक रहेको हुंदा) का विभागीय मन्त्रीको समक्ष उपस्थित भई लिखित रूपमा समेत आग्रह गरें। "नेपालको संविधान अनुसार लेखापरीक्षण ऐनको अधिनस्थ रहनु भै श्री ५ को सरकारको स्वामित्व भएका संगठित संस्थाहरूको लेखापरीक्षण गर्ने अधिकार तपाईंमा निहित भएको छंदाछंदै पनि ने. रा. बैंकका गभर्नरले २०१९।२० सालको लेखापरीक्षण गर्न नदिनु खेदको कुरा हो। यस सम्बन्धमा छुट्टै ने. रा. बैंक-का गभर्नरलाई समेत लेखी पठाएको छु। तर लेखापरीक्षण गरिने राष्ट्र बैंक जस्तो संस्थालाई सो लेखापरीक्षण गरिने पूर्व सूचना नपाएबाट लिखित रूपमा दिनु पर्ने कुरा तपाईंलाई अवगत गराएको छु" भन्ने जवाफ उहांले पठाउनु भयो। तत्पश्चात् अर्थ सचिवले पनि सो कुरा उल्लेख गरी तदनुसार गर्न लेखी पठाउनु भयो।

त्यसरी बैंकका गभर्नरले अवैध तरीका अङ्गाली मलाई लेखापरीक्षण गर्न नदिनु भएको छर्लङ्ग हुंदाहुंदै उहाँलाई केही नगरी महालेखा परीक्षकलाई अर्थ मन्त्रालयको मातहतमा रहेको जस्तो गरी मैलेनै गभर्नरलाई लेखापरीक्षण गर्नदिनु हुन लेखी पठाउन अर्थ मन्त्रालयबाट समेत लेखी आयो, जुन सम्बन्धमा मैले जिकीर गरी पठाउंदा मैले मेरो सहायकलाई शुरूमै दिई पठाएको अधिकार पत्रको ख्याल नराखी मैले फेरि अधि-कार पत्र दिनु पर्ने गरी जवाफ आयो। मैले साथि अंकित गरे बमोजिम सर्वोच्च अदालत एवं लोक सेवा आयोग जस्ता संवैधानिक संस्थाहरू समेतको लेखापरीक्षण गर्दाको कायम भई सकेको पद्धतिको प्रतिकूल हुने गरी नेपाल राष्ट्र बैंकको सम्बन्धमा मात्र एक छुट्टै लेखापरीक्षण गर्ने तरीका अपनाउन नहुने कुराको बोध भई तद्नुसार मैले गरोइन भनी अर्थ मन्त्रालयले मैले लेखी पठाउनु पर्ने भन्ने कुराको जिउ झिकी नेपालको संविधान र लेखापरीक्षण ऐनले दिएको अधिकारबाट मलाई बञ्चित गरी लेखापरीक्षण गर्न नदिएको।

नेशनल ट्रेडिंग लिमिटेड

२०२० सालको लेखापरीक्षण गर्न बैलेन्स शिट माग्दा कम्पनीको आर्थिक वर्ष श्रावणदेखि आषाढ मसान्त गर्ने सञ्चालक समितिको निर्णय अनुसार कारवाई भइरहेको हुंदा हाल पठाउन नसक्ने भन्ने जवाफ आयो। हाललाई कम्पनी ऐन, २००७ को दफा १०१ को (घ), १०२ को (क) बमोजिम ६।६ महीनामा खडा भई राखेका वासलातबाट लेखापरीक्षण गर्दै रही पछि उक्त प्राप्त जवाफ अनुसार तयार हुने बैलेन्स शिटबाट लेखा-परीक्षण गर्न मिल्ने कुरा लेखी उक्त ६ महीने वासलात माग गरी पठाउंदा ६ महीने वासलात तयार गर्न नसकेकोले नै २०२०।२१ को बैलेन्स शिट तयार गर्न असमर्थ भएको भन्ने कम्पनीबाट जवाफ आयो। यता त्यसरी बैलेन्स शिट दिन २१।६।१९ मा असमर्थता प्रकट गरेको उक्त २०२०।२१ को बैलेन्स शिट प्रस्तुत गर्न अडिटिंगको काम शीघ्र गतिका साथ प्रारम्भ भइसकेको छ" भन्ने व्यापार पत्रिकाको २०२१ भाद्रको सम्पादकीयमा प्रकाशित भएकोले तो अडिटर्सले पाएका आर्थिक विवरणहरूका प्रतिलिपिहरू प्राप्त भए पनि लेखापरीक्षण गर्न सकिने व्यहोरा दर्शाई उक्त कम्पनीलाई पुनः लेखी पठाउंदा पनि कम्पनी ऐन अन्तर्गत लेखापरीक्षण भई सके पछि लेखापरीक्षण ऐनको दफा ८ बमोजिम हुने कारवाईको निमित्त बैलेन्स शिट पठाउने भन्ने जवाफ प्राप्त भयो। उक्त ऐन बमोजिम ६।६ महीनामा वासलात खडा गरी सञ्चालक समिति (उ. वा. सचिव, अध्यक्ष सदस्य- अर्थ, आर्थिक योजना, निर्माण सञ्चार तथा यातायात सचिवहरू र वाणिज्य विभागका डाइरेक्टर) मा पेश गरी सञ्चालक समितिको राय सहित सो वासलात उद्योग विभागमा पठाउन पर्ने नपठाएकोमा उद्योग विभागले उक्त कम्पनी ऐन अनुसार सजाय गर्नु पर्ने समेत नगरेको। कम्पनीले वासलात तयार गरी नराखेको सम्बन्धमा र उक्त कम्पनीको २०१९ सालसम्मको एक बाँहिरिया कम्पनीले लेखापरीक्षण गरेको शुरूआत र समा-प्तिको मिति खुलाउने बारे केही लेखि पठाउनु नभएको सम्बन्धमा उद्योग वाणिज्य मन्त्रालय तथा संचालक समितिको भनाइ माग्दा मन्त्रालयबाट केही लेखी नआएको र सञ्चालक समितिले तद्नुसार वासलात पठाई लेखापरीक्षण गराउनेतर्फ लाग्नु नभई "जान्न चाहिएका कुराहरूको यथार्थ विवरण पठाइसकेको" भनी लेखी पठाई लेखापरीक्षण गर्न नदिएको।

नेपाल विद्युत कर्पोरेशन

नेपालको संविधान धारा ७६ को उप-धारा (१) तथा लेखापरीक्षण ऐन, २०१८ को दफा ८ बमोजिम उक्त संस्थाको लेखापरीक्षण गर्न आर्थिक वर्ष २०२०।२१ को बैलेन्स शिट पठाउन विद्युत कर्पोरेशनलाई लेखी पठाउंदा २०१९।२० सालको लेखापरीक्षणको निमित्त विदेशी अडिटर नियुक्ति भै बैलेन्स शिट तयार भै सकेकोले आवश्यक भए सो पठाई दिने भनी विषयान्तर मागे २०२०।२१ को लागि अहिलेसम्म पनि श्री ५ को सरकारबाट लेखापरीक्षकको नियुक्ति भै नसकेकोले बैलेन्स शिट तयार भई नसकेको भनी लेखी आयो।

तत्सम्बन्धमा कानूनन् आर्थिक वर्षको अन्तिम लेखाहरूबाट देखिन आएको आर्थिक स्थिति तथा वस्तुस्थितिको चित्रित हुने गरी बैले-न्स शिट तयार हुनु पर्ने, नभएको भए (अडिटरले बैलेन्स शिट प्रमाणित सम्म गर्ने भई) तुरून्त तयार गर्न सकिने हुनाले सो तयार गरी पठाउन पुनः लेखी पठाउंदा पनि नपठाई लेखापरीक्षण गर्न नदिएको।

नेपाल औद्योगिक विकास कर्पोरेशन

नेपालको संविधानको धारा ७६ को उप-धारा (१) तथा लेखापरीक्षण ऐनको दफा ८ बमोजिम आर्थिक वर्ष २०२०।२१ को लेखा-परीक्षण गर्न तत्सम्बन्धी बैलेन्स शिट पठाउन अनुरोध गरेकोमा नेपाल औद्योगिक विकास कर्पोरेशन ऐन बमोजिम अडिटरहरूले अडिट गर्न लागेका छन् भनी मागेको रीतपूर्वकको बैलेन्स शिट नपठाई लेखापरीक्षण गर्न नदिएको।

नेपाल बैंक लिमिटेड्

सम्वत २०२० साल चैत्र ३१ गतेको बैलेन्स शिट

२०१९	मूल धन र जिम्मेवारी	रु.	जम्मा रु.	२०१९	पूंजी र तायदात		रु.	जम्मा रु.
	अधिकार पाएको मूल धन				नगद र बैंक मौज्दात			
	१,००,००० शेयरको रु. १००।– का दरले				नगद			
१,००,००,०००	शेयर बिक्रीबाट उठाउने मूल धन	१,००,००,०००	१,००,००,०००	१,६३,९९,३६५	सेडुल ए बमोजिम विदेशी मुद्रा सहित रहेको		१,९७,४९,२४२	
	शेयर बिक्रीबाट उठेको				अरू बैंकसंग भएको मौज्दात			
२५,००,०००	२५,००० शेयरको पूरा किस्ता असूल भएको	२५,००,०००	२५,००,०००	८६,४८,३९७	नेपाल राष्ट्र बैंकसंग रहेको	४९,४३,०४७		
	जगेडा कोष			८९,४५,४५४	अरू विदेशी बैंकसंग	१,३०,०२,८२१	१,७९,४५,८६८	३,७६,९५,११०
३०,९९,००९	साधारण जगेडा	३३,८६,३३७			लगानी			
२८,८५,९८३	सटही कोष	२८,८५,९८३		१,५९,७५०	नेपाल इन्स्योरेन्स एण्ड ट्रान्सपोर्ट कं. लि. को. भा. रु. १०।– दरको			
३,७५,०००	लाभांश घट बढ जगेडा	३,७५,०००			शेयर १०,००० मा		१,५९,७५०	
५०,०००	कर्मचारी तालीम कोष	६३,२०७			नेपाल सरकार विकास बण्ड		३०,००,०००	३१,५९,७५०
६,२१,६७४	असूल हुन शंका गरिएको हिसाबमा जगेडा	६,७६,३९३	७३,८६,९२०					
	नाफा नोक्सान हिसाब				कर्जा र लगानी			
६,९९,४२७	नत्थिएको नाफा नोक्सान हिसाब बमोजिम		९,६८,८१९	२०,८४,६४१	बिलहरू खरीद गरेको		२६,३३,१८७	
				७,१९,८४,३५५	कर्जा, लगानी र ओभर ड्राफ्ट सेडुल बी बमोजिम		८,५७,१४,९७६	८,८३,४८,१६३
	डिपोजिट र अरू हिसाब				जसमध्ये			
३,२५,९७,९९४	मुद्दती हिसाब	३,३४,८०,७२०		७,०२,३७,३६३	(१) सिक्योर्ड तथा असूल हुन सक्ने		८,२४,२८,८६८	
६२,४०,३५५	बचत	६८,५३,९९३			(२) असूल हुन सक्ने			
५,२६,७०,४७१	चल्ती	७,११,६५,०१९		२३,१७,६०६	(३) तर व्यक्तिगत सिक्यूरिटीमा मात्र अरू बैंकले ग्यारेण्टी गरेको ओभर ड्राफ्ट		२९,७१,०६९	
	अरू विदेशी बैंकको	३६,८०६					१५,७१,७५४	
२८,४७,५५१	ग्यारेण्टी बण्ड र एल. सि. को मार्जिन डिपोजिट	३०,४७,३९४			(४) उठ्न नसक्ने वा उठ्न शंका गरिएको कर्जा जसको निमित्त मूल धन तर्फको कोषमा केही जगेडा रहेको छ ।			
१,४६,१४९	खजाञ्चीको जमानत वापत	१,४७,१००	११,४७,३१,०३२					
५,०२,५६३	भुक्तानी दिनु पर्ने बिल पे०अर्डर सहित		५,०६,३०३	१५,१४,०२७	(मुद्दा चलिरहेको रु. ३,४८,१८७।६२) सहित		१३,७६,४७२	
१,०९,४०,३००	असूल गरी दिनु पर्ने बिल (उताको सामान)		१,३०,८४,२८७					
१,४४,०३४	ग्राच्यूटी र पेन्सन हिसाब		१,७२,४५४					
७,४७,८१२	कर्मचारी भक्ति बृद्धि कोष (सापट दिएको कटाई)		९,१९,५९४					
६८,५२४	श्री ५ को सरकार सटही हिसाब	७३,६४७						
	कट्टा रकम	५,१३०	६८,५१७					
११,७१,३६,८४६			१४,०३,३७,९२६	१०,८२,२१,९६२				१२,९२,०३,०२३

नेपाल बैंक लिमिटेड्

सम्वत २०२० साल चैत्र ३१ गतेको बैलेन्स शिट

२०१९	मूल धन र जिम्मेवारी	रु.	जम्मा रु.	२०१९	पूंजी र तायदात	रु.	जम्मा रु.
११,७१,३६,८४६	अ. ल्या.		१४,०३,३७,१२६	१०,८२,२१,९६२	अ. ल्या.		१२,९२,०३,०२३
	अरू जिम्मेवारी				**सस्पेन्स हिसाब**		
१५,८१,४७९	सण्डी क्रेडिटर्स	१९,२७,५०३		५५,२४४	मुद्दा मामिला परी उठ्न शंकाप्रद		२४,०००
	इम्पोर्टस (आएडभान्स अन् क्रेडिट)	१,८०,१४९		१,०९,४०,३००	भुक्तानी लिनु पर्ने बिल (उताको समान)		१,३०,८४,२८७
२४,०००	भुक्तानी लिन नआएको लाभांश	३५,८३४					
४९,८६६	इण्टरेष्ट सस्पेन्स	६५,०९८					
७,६२,४१७	मुद्दतीमा दिनु पर्ने ब्याज	९,५१,९८७					
१८,८२,४१६	शाखा मिलान	११,०१,९२६					
	टेक्सको निमित्त जगेडा (२०१६, २०१७, २०१८, २०१९, र २०२० निमित्त				**घर जग्गा**		
				७,८८,१२४	घर जग्गामा टुटफुट	७,७२,४८४	
				१२,२५,४१०	घर निर्माणमा लागेको खर्च र घर जग्गाको मालसामान परल मोलमा टुटफुट कट्टा गरी	१४,०८,५५४	
					असवाव		२१,८१,०३८
१,९१,४६६	पेश्की दिएको कट्टा गरी)	३,६५,७४९	४६,२८,२४६	३,९७,४५०	टुटफुट कट्टा गरी (परल मोलमा)		४,७३,८२४
१२,१६,२८,४९०			१४,४९,६६,१७२	१२,१६,२८,४९०			१४,४९,६६,१७२
	अनिश्चित जिम्मेवारी						
	१) ग्राहकको निमित्त एल. सि. खिचेको		८२,६३,२९१				
	२) ग्राहकको निमित्त ग्यारेण्टी बण्ड गरेको		४,०८,८३१				
१४,७३,७२४			८६,७२,१२२				

द. अनन्तचन्द्र प्याकुर्याल
चीफ एकाउण्टेण्ट

द. आनन्दभक्त राजभण्डारी
का. मु. जनरल मेनेजर

द. भेषबहादुर थापा
अध्यक्ष

सञ्चालक (१) द. हरिहर जङ्ग
" (२) द. छत्रबहादुर के. सी.
" (३) द. बालकृष्ण श्रेष्ठ

छुट्टा पेश गरेका रिपोर्टमा अंकित आलोचनाहरूमा टेकी दस्तखत गर्ने

द. चन्द्रबहादुर थापा
महालेखा परीक्षक

नेपाल बैंक लिमिटेड्

सम्वत २०२० साल चैत्र ३१ गतेको नाफा नोक्सानी हिसाब

२०१९	खर्च	रु.	जम्मा रु.	२०१९	आम्दानी	रु.	जम्मा रु.
			१४,७६,६१८		ब्याज र डिस्काउण्ट (खजाञ्चीले ग्यारेण्टी गरेको कर्जाको कमिशन र		
१३,८९,४९२	डिपोजिटमा ब्याज		१७,२७,५०४		शाखाबाट आएको		
१५,१६,४८७	इष्टाब्लिसमेण्ट		७,७१०	३६,०२,१७४	ब्याज २२८।) विदेशी आर्जनमा टेक्स कटाई		४०,५६,४८०
५,६४१	डाइरेक्टर्स फी		१,०७,४६५	८,४८,०४९	कमिशन, सटही (सेफ कष्टडी र अरू चार्ज सहित)		११,२३,१५६
९६,७६३	भाडा, बत्ती र हिटर		१,५८,०२३	१,२२,१४७	बिमा कमिशन		१,५८,५९७
१,४९,९१९	छपाई ष्टेशनरी विज्ञापन आदि		८९,७२४	११,९८१	शेयर लाभांश		१४,४००
७०,०६५	टिकट टेलिग्राम र टेलिफोन		२२,१३०	४५,५५४	घर गोदाम भाडा		४३,०५९
२,२९०	कानूनी खर्च		४७,०४८	१२	शेयर ट्रान्सफर फी		१५
४४,९९१	आते जाते र निरीक्षण		१,५६,१८५	५५,६४२	फूटकर		५७,१०५
१,६६,०४३	रेमिटेन्स		१,४७,५६१				
९१,५१५	बिमा खर्च		१२,०००				
२४,७६८	अडिटर्स फी		२,८२२				
५९,८३९	(बैंक घरमा मर्मत टुटफुट)		५६,०९०				
			८५,८००				
१,११,५७०	फूटकर खर्च		१३,५६,१३२				
९,५६,१७६	यो वर्षको नाफा		५४,२२,८१२	४६,८५,५५९			५४,५२,८१२
४६,८५,५५९							

नाफा नोक्सानको		बांडफांड				
३०,०००		७,८९,७१७	०१९ सम्मको नाफा बांडफांड		६,९९,४२६	
२०,०००		२,७०,०११	साधारण जगेडा कोष		२,७५,९९०	
३,६५,७४९		७५,०००	लगानी असूल हुन बांकी शंका गरिएकोमा जगेडा		७५,०००	
९,६८,८१९		१०,०००	दातव्य कोष		२०,०००	
		२९,९८९	थप बोनस		–	
		२५,०००	सिल्भर जुब्ली खर्चको निमित्त		–	
		३,७५,०००	लाभांश		३,००,०००	
		७,८५,०००			६,७०,९९०	
		४,७१७				२८,४३६
		९,५६,१७६	यो सालको मुनाफा			१३,५६,१३२
		९,६०,८९३				१३,८४,५६८
२०,०००	ग्राच्यूटी र पेन्सन फण्ड					
५०,०००	कर्मचारी तालीम कोष					
१,९१,४६६	टेक्सको निमित्त सारेको					
६,९९,४२७	बेलेन्स शीटमा सारेको					
९,६०,८९३						
१३,८४,५६८						

द. भेषबहादुर थापा
अध्यक्ष

द. हरिहर
सञ्चालक

द. छत्रबहादुर
सञ्चालक

द. बालकृष्ण
सञ्चालक

द. आनन्तचन्द्र प्याकुर्याल
चीफ एकाउण्टेण्ट

द. आनन्दभक्त
का. मु. जनरल मेनेजर

महालेखा परीक्षकको पहिलो रिपोर्टमा दर्शाएको बेरुजूहरू

महालेखा परीक्षकको रिपोर्टमाथि सार्वजनिक लेखा समितिको प्रतिवेदनमा अङ्कित गरिएका फछ्र्यौट नभए नगरेका बेरुजुको सम्बन्धमा समितिको ठहर बमोजिम २ महीनाभित्र कार्य सम्पन्न गर्नु भई सूचना गर्नु हुन श्री ५ को सरकारका सबै सचिव एवं सह-सचिवहरूलाई २०२१।३।-२७।६ मा लेखी पठाएं । तर म्यादभित्र तद्नुसार कारवाई भएको सूचना प्राप्त नभए पछि मिति २०२१।६।५।१ मा पुनः एक महीनाको समय दिई उपर्युक्त बमोजिम गर्ने आदेश सचिवहरूलाई दिनु हुन मैले सबै विभागीय मन्त्रीहरूलाई आग्रह गर्दा फाटफूट बेरुजू सम्म फछिएको जनाउ आएकोले अन्य बेरुजुहरू (जसमा मुलुकको अर्थ व्यवस्थामा असर पर्ने जस्ता गहकिला विषयहरू पनि भएको) फछिन बांकी नै छन् । उक्त बेरुजूहरू फछ्र्याउन मुख्य एकाउण्टिङ्ग अफिसरका हैसियतले श्री ५ को सरकारका सचिव एवं सह-सचिवहरू दत्तचित्त हुनु नभएको खण्डमा त्यस्ता बेरुजूहरू प्रतिवर्ष संगालिंदै गई बोर हुने स्थितिमा पुग्न जांदा अनियमित तरीकाबाट आर्थिक व्यवहार गर्ने पदाधिकारीहरूको मन बढ्न गई स्वस्थ आर्थिक सिद्धान्त अनुसारका आर्थिक व्यवहारहरू कायम नहुन जानेको साथसाथै मुलुकको अर्थ व्यवस्थामा नराम्रो असर पर्न जाने हुन्छ । अतः यस विषयमा श्री ५ को सरकारले एक कडा नीति निर्धारित गर्नु पर्ने कुरा मेरो चित्तले देख्दछु ।

अनुसूची

लेखापरीक्षण भएका विभाग अड्डाहरू

अर्थ मन्त्रालय

२०१८।१९

साधारण

१. सदर टक्सार विभाग
२. मालपोत विभाग
३. भन्सार तथा अन्तःशुल्क विभाग
४. एकाउण्टेण्ट जनरल अफिस
५. नगर पञ्चायत अडिटर फांट
६. स्रेस्ता अदालत
७. कुमारीचोक उपत्यका पहिला
८. कुमारीचोक उपत्यका दोस्रा
९. कुमारीचोक पहाड पहिला
१०. कुमारीचोक पहाड दोस्रा
११. कुमारीचोक मधेश पहिला
१२. कुमारीचोक मधेश दोस्रा
१३. कुमारीचोक गोस्वारा तहबील
१४. निजामती बाली तलब
१५. पूर्व १ नं. काभ्रे पलाञ्चोक माल
१६. काठमाडौं माल पहिला
१७. ललितपुर माल पहिला
१८. भक्तपुर माल पहिला
१९. पूर्व १ नं. सिन्धुपाल्चोक माल
२०. काठमाडौं गुठी तहसील
२१. ललितपुर गुठी तहसील
२२. भक्तपुर गुठी तहसील
२३. गुठी रकमी किताब दर्ता
२४. लगत फांट
२५. गुठी लगत जांच
२६. गुठी जांच
२७. गुठी बनाउने अड्डा
२८. पशुपति गोस्वारा
२९. पशुपति भण्डार तहबील
३०. हिटी चोक रकम
३१. रसुवा भन्सार
३२. सवारी कौशी तोषाखाना
३३. अमूल्य रत्न ग्रन्थ पद्धति जांच अड्डा
३४. मोतिपुर हात्तीसार रौतहट

२०१९।२०

साधारण

१. मन्त्रिपरिषद्
२. अर्थ मन्त्रालय
३. सदर टक्सार विभाग
४. भन्सार तथा अन्तःशुल्क विभाग

५. कर विभाग
६. एकाउण्टेण्ट जनरल अफिस
७. नगर पञ्चायत अडिटर फांट
८. कौशी तोषाखाना
९. कौशी तोषाखाना साक्षी फांट
१०. तेजारथ अड्डा
११. स्रेस्ता अदालत
१२. कुमारीचोक उपत्यका पहिला
१३. कुमारीचोक उपत्यका दोस्रा
१४. कुमारीचोक पहाड पहिला
१५. कुमारीचोक पहाड दोस्रा
१६. कुमारीचोक मधेश पहिला
१७. कुमारीचोक मधेश दोस्रा
१८. कुमारीचोक गोस्वारा तहबील
१९. इलाम गौंडा एकाउण्ट फांट
२०. सप्तरी गोस्वारा एकाउण्ट फांट
२१. महोत्तरी सलाही गोस्वारा एकाउण्ट फांट
२२. काठमाडौं गोस्वारा भन्सार
२३. गौचर भन्सार
२४. वीरगञ्ज भन्सार
२५. कोइलाबास भन्सार
२६. सिर्दिवास भन्सार
२७. रसुवा भन्सार
२८. तातापानी भन्सार
२९. गौर भन्सार
३०. चन्द्रगञ्ज भन्सार
३१. कृष्णनगर भन्सार
३२. पशुपति नगर भन्सार
३३. रकम बन्दोबस्त अड्डा
३४. काठमाडौं माल पहिला
३५. काठमाडौं माल दोस्रा
३६. कीर्तिपुर माल
३७. कुन्छा माल
३८. प्यूठान माल
३९. बन्दीपुर माल
४०. पाल्ही माल
४१. दांग देउखुरी माल
४२. रामपुर गुदी गाउं माल
४३. रौतहट माल
४४. गोरखा माल
४५. धादिङ्ग माल
४६. सिन्धुपाल्चोक माल
४७. महोत्तरी गुठी माल
४८. मोरङ्ग विराटनगर माल
४९. हनुमाननगर माल
५०. पू. १ नं. काभ्रे पलाञ्चोक माल
५१. मटिहानी अस्थान
५२. जनकपुर मेनेजरी अड्डा
५३. काठमाडौं रजिष्ट्रेशन
५४. ललितपुर रजिष्ट्रेशन

५५. डुमरवना हात्तीसार
५६. कलैया हात्तीसार
५७. मोतिरपुर हात्तीसार
५८. काठमाडौं गुठी तहसील
५९. आय र कर अदालत
६०. कर अड्डा वीरगञ्ज
६१. कर अड्डा जनकपुर
६२. कर अड्डा भैरहवा
६३. विराटनगर कर अफिस
६४. उपत्यकाञ्चल कर अड्डा
६५. विशेष अधिकार सम्पन्न उज्राती फछ्यौंट कमिशन

विकास

१. पकाउण्ट तालीम योजना

२०२०।२१

साधारण

१. विशेष अधिकार सम्पन्न उज्राती फछ्यौंट कमिशन

आर्थिक योजना मंत्रालय

२०१८।१९

साधारण

१. केन्द्रीय तथ्यांक विभाग

विकास

१. केन्द्रीय तथ्यांक विभाग

२०१९।२०

साधारण

१. आर्थिक योजना मन्त्रालय
२. केन्द्रीय तथ्यांक विभाग

विकास

१. आर्थिक योजना मन्त्रालय
२. केन्द्रीय तथ्यांक विभाग

उद्योग वाणिज्य मंत्रालय

२०१६।१७

विकास

१. घरेलु विभाग
२. घरेलु इलम केन्द्र पूर्व १ नं. चौतरा

२०१७।१८

साधारण

१. उद्योग विभाग
२. वाणिज्य विभाग

विकास

१. घरेलु शिल्पकला विक्री भण्डार
२. घरेलु इलम केन्द्र पूर्व १ नं. चौतरा
३. घरेलु इलम केन्द्र प. १ नं. नुवाकोट
४. चुरोट कारखाना प्रोजेक्ट अफिस

२०१८।१९

साधारण

१. उद्योग विभाग

२. खानी विभाग
३. वाणिज्य विभाग

विकास

१. छाला जुत्ता कारखाना
२. घरेलु इलम केन्द्र पू. १ नं. चौतरा
३. घरेलु इलम केन्द्र प. १ नं. नुवाकोट
४. सदर जेल कारखाना
५. असहाय कल्याण केन्द्र
६. चिनी कारखाना प्रोजेक्ट अफिस
७. चुरोट कारखाना प्रोजेक्ट अफिस
८. सिमेण्ट फ्याक्ट्री अफिस हेटौंडा
९. घरेलु शिल्पकला विक्री भण्डार

२०१९।२०

साधारण

१. उद्योग वाणिज्य मन्त्रालय
२. उद्योग विभाग
३. खानी विभाग
४. वाणिज्य विभाग

विकास

१. पाटन औद्योगिक विकास केन्द्र
२. चुरोट कारखाना प्रोजेक्ट जनकपुर
३. सिमेण्ट कारखाना हेटौंडा
४. छाला जुत्ता कारखाना
५. चिनी कारखाना वीरगञ्ज
६. घरेलु शिल्पकला विक्री भण्डार
७. असहाय कल्याण केन्द्र

कानून तथा न्याय मंत्रालय

२०१८।१९

साधारण

१. एटर्नी जनरल अफिस
२. काठमाडौं विशेष अदालत
३. भ्रष्टाचार निवारण ऐन अन्तर्गत अदालत
४. काठमाडौं इलाका अदालत फौज्दारी
५. ललितपुर इलाका अदालत
६. भक्तपुर इलाका अदालत
७. पू. १ नं. सिन्धुपालचोक इलाका अदालत
८. कटहरवन इलाका अदालत
९. काठमाडौं अदालत तहसील देवानी फांट
१०. अ. ग. प्लि. अफिस काठमाडौं
११. अ. प. प्रो. अफिस काठमाडौं
१२. ग. प्लि. तथा प. प्रो. आ. काठमाडौं पहिला
१३. ग. प्लि. तथा प. प्रो. आ. काठमाडौं दोस्रा
१४. अ. ग. प्लि. तथा प. अ. प्रो. अफिस ल. पु.
१५. अ. ग. प्लि. तथा अ. प. प्रो. अफिस भ. पु.
१६. ग. प्लि. तथा प. प्रो. अ भक्तपुर
१७. अ. ग. प्लि. तथा अ. प. प्रो. अफिस कलैया
१८. प. प्रो. अ. कटहरवन

२०१९।२०

साधारण

१. कानून तथा न्याय मन्त्रालय
२. एटर्नी जनरल अफिस
३. ल–कमिशन
४. काठमाडौं विशेष अदालत
५. भ्रष्टाचार निवारण ऐन अन्तर्गत अदालत
६. काठमाडौं जिल्ला अदालत पहिला
७. काठमाडौं जिल्ला अदालत दोस्रा
८. जिल्ला अदालत महोत्तरी
९. जिल्ला अदालत पोखरा
१०. जिल्ला अदालत सप्तरी
११. जिल्ला अदालत तौलिहवा
१२. जिल्ला अदालत वीरगञ्ज
१३. फौजदारी इलाका अदालत
१४. ललितपुर इलाका अदालत
१५. काठमाडौं देवानी इलाका अदालत
१६. भक्तपुर इलाका अदालत
१७. इलाका अदालत गोरखा
१८. इलाका अदालत परासी
१९. इलाका अदालत कुन्छा
२०. इलाका अदालत दाङ्ग देउखुरी
२१. इलाका अदालत पोखरा
२२. इलाका अदालत स्यांजा
२३. इलाका अदालत प्यूठान
२४. इलाका अदालत जलेश्वर
२५. इलाका अदालत कठहरवन
२६. इलाका अदालत सिन्धुपाल्चोक
२७. इलाका अदालत वीरगञ्ज
२८. इलाका अदालत बन्दीपुर
२९. इलाका अदालत धादिङ्ग
३०. इलाका अदालत नुवाकोट
३१. काठमाडौं देवानी तहसील
३२. काठमाडौं फौजदारी तहसील
३३. अदालत तहसील मिसिल फांट
३४. अ. ग. प्लि. तथा अ. प. प्रो. अ. चिसापानी
३५. अ. ग. प्लि. तथा अ. प. प्रो. अ. दाङ्ग
३६. अ. ग. प्लि. तथा अ. प. प्रो. अ. परासी
३७. प. प्रो. अ. पोखरा
३८. प. प्रो. अ. प. ३ नं. कुन्छा
३९. अ. ग. प्लि. तथा अ. प. प्रो. अ. प. २ नं. गोरखा
४०. अ. ग. प्लि. तथा अ. प. प्रो. अ. स्यांजा
४१. अ. ग. प्लि. तथा अ. प. प्रो. अ. बेथरी (भैरहवा)
४२. वकील शाखा बन्दीपुर
४३. सरकारी वकील शाखा सप्तरी
४४. अ. ग. प्लि. तथा अ. प. प्रो. अ. नुवाकोट
४५. अ. ग. प्लि. तथा अ. प. प्रो. अ. धादिङ्ग
४६. अ. ग. प्लि. तथा अ. प. प्रो. अ. नारायणी गौर
४७. अ. ग. प्लि. तथा अ. प. प्रो. अ. इलाम

४८. अ. ग. प्लि. अ. गौर
४९. ग. प्लि. तथा प. प्रो. अ. काठमाडौं पहिला
५०. ग. प्लि. तथा प. प्रो. अ. काठमाडौं दोस्रा
५१. अ. ग. प्लि. अ. काठमाडौं
५२. अ. ग. प्लि. अ. भक्तपुर

गृह मन्त्रालय

२०१८।१९

साधारण

१. पूर्व १ नं. गोस्वारा
२. वीरगञ्ज जेल अफिस

२०१९।२०

साधारण

१. गृह मन्त्रालय
२. वागमती अञ्चलाधीश अफिस
३. अञ्चलाधीश अफिस पोखरा
४. नारायणी अञ्चलाधीश अफिस
५. कोशी अञ्चलाधीश अफिस
६. काठमाडौं मेजिष्ट्रेट अफिस
७. ललितपुर मेजिष्ट्रेट अफिस
८. भक्तपुर मेजिष्ट्रेट अफिस
९. प. ३ नं. गोस्वारा पोखरा
१०. प. ४ नं. गोस्वारा
११. दाङ्ग देउखुरी गोस्वारा
१२. प. २ नं. गोस्वारा
१३. वीरगञ्ज गोस्वारा
१४. वीरगञ्ज गोस्वारा कर्मायसी
१५. महोत्तरी सर्लाही गोस्वारा
१६. प. १ नं. गोस्वारा
१७. सप्तरी गोस्वारा
१८. मोरङ्ग विराटनगर गोस्वारा
१९. रेखदेख दौडाहा
२०. बेथरी जेल गौंडा
२१. प्यूठान गौंडा
२२. सदर जेल गार्ड
२३. सदर जेल हस्पिटल
२४. डिल्लीबजार खोर
२५. नख्खु जेल अफिस
२६. नख्खु जेल डिस्पेन्सरी
२७. सदर जेर अफिस
२८. वीरगञ्ज जेल अफिस
२९. पुलिस हेड क्वाटर्स
३०. नेपाल गुप्तचर विभाग
३१. अपराध अनुसन्धान विभाग
३२. विशेष पुलिस विभाग
३३. काठमाडौं डी. एस. पी. अफिस
३४. ललितपुर डी. एस. पी. अफिस
३५. भक्तपुर डी. एस. पी. अफिस
३६. वीरगञ्ज डी. एस. पी. अफिस
३७. सेण्ट्रल डी. आई. जी. पी. अफिस

३८. उपत्काञ्चल एस. पी. अफिस
३९. पुलिस हेड क्वार्टर्स (वायरलेस)
४०. पुलिस हेड क्वार्टर्स (चेकपोष्ट)
४१. पुलिस हेड क्वार्टर्स (काउण्टर एस. पी. ओनेज)
४२. सदर पुलिस तालीम केन्द्र
४३. पुलिस ष्टोर श्रीमहल
४४. सदर ट्राफिक पुलिस
४५. पुलिस एम. टी. सेक्शन
४६. जिल्ला पुलिस इन्सपेक्टर अफिस प्यूठान
४७. जिल्ला पुलिस इन्सपेक्टर अफिस नुवाकोट
४८. धादिङ्ग पुलिस ठाना
४९. केन्द्रीय सचिव पुस्तकालय
५०. सिंहदरबार फरासखाना
५१. सिंहदरबार बिजुली अड्डा
५२. सिंहदरबार रिसेप्शन अफिस
५३. से. ई. मे. डी. चेक फांट
५४. सिंहदरबार बैठक डिपार्टमेण्ट
५५. क. कि. नि. दर्ता फांट
४६. वसन्तपुर फरासखाना
५७. सिंहदरबार मोटर ग्यारेज
५८. प. २ नं. गोरखा दरबार

नहर तथा विद्युत मंत्रालय

२०१८।१९

साधारण

१. परवानीपुर नहर डिभिजन
२. नहर विभाग (काठमाडौं डिभिजन)

२०१९।२०

साधारण

१. विद्युत निर्देशनालय
२. विद्युत विभाग डिभिजन नं. १
३. झांझ सब-डिभिजन अफिस गौर
४. काठमाडौं पानीकर अड्डा
५. भक्तपुर पानीकर अड्डा
६. ललितपुर पानीकर अड्डा

निर्माण, सञ्चार तथा यातायात मन्त्रालय

२०१८।१९

साधारण

१. टेलीकम्युनिकेशन विभाग
२. आकाशवाणी हेड अफिस
३. केन्द्रीय टेलिफोन अफिस
४. जनरल पोष्ट अफिस
५. उपत्यका हुलाक नियन्त्रण अफिस
६. रौतहट गौर एक्सचेंज पोष्ट अफिस
७. काठमाडौं शाखा हुलाक
८. थानकोट हुलाक
९. ठिमी हुलाक
१०. कीर्तिपुर हुलाक
११. पकनाजोल शाखा हुलाक
१२. काठमाडौं हवाई अड्डा
१३. भरतपुर हवाई अड्डा

१४. त्रि–चन्द्र रोपवे नगदी फांट
१५. त्रिभुवन राजपथ सवारी कर अफिस
१६. भक्तपुर सवारी कर अफिस
१७. पब्लिक बनाउने दोस्रा
१८. से. ई. मे. डी. अन्तर्गत सिंहदरबार जिन्सी गोदाम
१९. से.ई.मे.डी. अन्तर्गत सिंहदरबार क्याम्प बाहिर बनाउने अड्डा
२०. शि. वि. बनाउने फांट
२१. काठ गोदाम तथा माल गोदाम
२२. से. ई. मे. डी. नगदी फांट
२३. सदर पब्लिक नगदी फांट
२४. सदर चेक फांट
२५. कान्ति राजपथ निर्माण विकास

विकास

१. इञ्जिनीयरिंग स्कूल
२. पूर्व पश्चिम राजमार्ग केन्द्रीय निर्माण समिति

२०१९।२०

साधारण

१. निर्माण सञ्चार मन्त्रालय
२. टेलिकम्युनिकेशन विभाग
३. हुलाक विभाग
४. जनरल पोष्ट अफिस
५. उपत्यका हुलाक नियन्त्रण अफिस
६. भैरहवा एक्सचेंज पोष्ट अफिस
७. जनकपुर एक्सचेंज पोष्ट अफिस
८. जलेश्वर एक्सचेंज पोष्ट अफिस
९. हेटौंडा एक्सचेंज पोष्ट अफिस
१०. अरुण अंचल हुलाक नियन्त्रण अफिस
११. पशुपतिनगर एक्सचेंज पोष्ट अफिस
१२. जनकपुर हुलाक नियन्त्रण अफिस
१३. काठमाडौं हुलाक
१४. सिंहदरबार पोष्ट अफिस
१५. पोखरा मुख्य हुलाक
१६. कोइलाबास एक्सचेंज पोष्ट अफिस
१७. नगर हुलाक ललितपुर
१८. नगर हुलाक डिल्लीबजार
१९. भक्तपुर नगर हुलाक
२०. ठिमी हुलाक
२१. शांखु हुलाक
२२. कीर्तिपुर शाखा हुलाक
२३. थानकोट शाखा हुलाक
२४. लुम्बिनी गण्डकी अञ्चल हुलाक नियन्त्रण अफिस भैरहवा
२५. नुवाकोट छोटी हुलाक
२६. बन्दीपुर शाखा हुलाक
२७. दाङ्ग घोराही छोटी हुलाक
२८. सुनखानी शाखा हुलाक
२९. कुश्मा शाखा हुलाक
३०. कुन्छा टुहुरे पसल शाखा हुलाक
३१. भुम्रे शाखा हुलाक
३२. गौचर एयर सर्टिङ पोष्ट अफिस
३३. प्यूठान शाखा हुलाक

३४. परासी शाखा हुलाक
३५. तातापानी शाखा हुलाक
३६. भीमफेदी शाखा हुलाक
३७. कलैया शाखा हुलाक
३८. प. ३ नं. खुदीवेनी हुलाक
३९. प. ३ नं. कुन्छा हुलाक
४०. गोरखा छोटी हुलाक
४१. भच्येक शाखा हुलाक
४२. आरूघाट शाखा हुलाक
४३. लुइंटेल शाखा हुलाक
४४. आंप-पिपल शाखा हुलाक
४५. पकनाजोल शाखा हुलाक
४६. इलाम छोटी हुलाक
४७. दहवन छोटी हुलाक
४८. पोखरा टेलिफोन अफिस
४९. जनकपुर टेलिफोन अफिस
५०. कुन्छा टेलिफोन अफिस
५१. गोरखा टेलिफोन अफिस
५२. टेलिफोन अफिस स्यांजा फांट
५३. स्यांजा टेलिफोन अफिस
५४. जलेश्वर टेलिफोन अफिस
५५. राजविराज टेलिफोन अफिस
५६. कलैया टेलिफोन अफिस
५७. भैरहवा टेलिफोन अफिस
५८. बसाइनी टेलिफोन अफिस
५९. टेलिफोन अफिस गौर
६०. भीमफेदी टेलिफोन अफिस
६१. बन्दीपुर स्याटेलाइट अफिस
६२. गौर आकाशवाणी अफिस
६३. कोइलाबास आकाशवाणी अफिस
६४. स्यांजा आ. वा. स्याटेलाइट अफिस
६५. पोखरा एरिया कण्ट्रोल आ. वा. अफिस
६६. त्रिशूली आ. वा. स्याटेलाइट अफिस
६७. हेटौंडा आ. वा. स्याटेलाईट अफिस
६८. जलेश्वर आकाशवाणी अफिस
६९. चितौन आ. वा. स्याटेलाइट अफिस
७०. भैरहवा आ. वा. एरिया कण्ट्रोल अफिस
७१. वीरगञ्ज आकाशवाणी अफिस
७२. दाङ्ग आकाशवाणी अफिस
७३. लुम्बिनी आकाशवाणी हवाइ अड्डा
७४. भरतपुर हवाई अड्डा
७५. पोखरा हवाइ अड्डा
७६. राजविराज हवाइ अड्डा
७७. सवारी कर अफिस भैरहवा
७८. जलेश्वर सवारी कर अफिस
७९. वीरगञ्ज जन–पथ सवारी कर अफिस
८०. विराटनगर सवारी कर अफिस
८१. महोत्तरी सर्लाही बनाउने अड्डा
८२. वीरगञ्ज छेभडेल अड्डा
८३. कान्ति राजपथ निर्माण
८४. हेटौंडा-नारायणघाट बाटो मर्मत अड्डा

विकास

१. पूर्व पश्चिम राजमार्ग निर्माण केन्द्रीय समिति
२. हुलाक प्रशिक्षण केन्द्र
३. हुलाक विभाग टिकट स्टक डिपो
४. काठमाडौं–कोदारी राजमार्ग

परराष्ट्र मन्त्रालय

२०१७।१८

साधारण

१. शाही नेपाली राजदूतावास मस्को
२. शाही नेपाली राजदूतावास पेकिङ्ग
३. शाही नेपाली कन्सुलेट जनरल ल्हासा
४. लियाजो अफिस मलाया
५. लामाबगर दोसांध चौकी
६. नेपाली ट्रेड एजेन्सी केरुङ्ग

२०१८।१९

साधारण

१. शाही नेपाली राजदूतावास पेकिङ्ग
२. शाही नेपाली राजदूतावास मस्को
३. शाही नेपाली राजदूतावास दिल्ली
४. लामाबगर दोसांध चौकी
५. शाही नेपाली कन्सुलेट जनरल ल्हासा

२०१९।२०

साधारण

१. अतिथि सत्कार विभाग
२. शाही नेपाली राजदूतावास मस्को
३. लैन प्रोटोकल
४. मोहन आकाशवाणी
५. अन्तर्राष्ट्रिय संस्थाहरूलाई चन्दा
६. नेपाली ट्रेड एजेन्सी कुती
७. लियाजो अफिस मलाया
८. नेपाली ट्रेड एजेन्सी केरुङ्ग

पञ्चायत मन्त्रालय

२०१४।१५

विकास

१. त्रिभुवन ग्राम विकास केन्द्र वीरगञ्ज
२. नाला टुसाल सहकारी समिति

२०१५।१६

विकास

१. त्रिभुवन ग्राम विकास केन्द्र वीरगञ्ज
२. नाला टुसाल सहकारी समिति

२०१६।१७

विकास

१. पञ्चायत विकास विभाग (तत्कालीन ग्राम विकास बोर्ड)
२. पञ्चायत विकास केन्द्र गौर
३. त्रिभुवन ग्राम विकास केन्द्र वीरगञ्ज
४. नाला टुसाल सहकारी समिति

२०१७।१८

विकास

१. पञ्चायत विकास विभाग
२. पञ्चायत विकास विभाग (तत्कालीन ग्राम विकास बोर्ड)
३. प्रचार तथा सूचना केन्द्र वीरगञ्ज
४. पञ्चायत विकास केन्द्र गौर
५. सहकारी विकास केन्द्र भरतपुर
६. सहकारी विकास केन्द्र काठमाडौं

२०१८।१९

साधारण

१. सहकारी विभाग
२. पञ्चायत संगठन विभाग
३. काठमाडौं जुद्ध बारुण यन्त्र
४. ललितपुर जुद्ध बारुण यन्त्र
५. भक्तपुर जुद्ध बारुण यन्त्र

विकास

१. पञ्चायत संगठन विभाग
२. सहकारी विभाग
३. पञ्चायत विकास विभाग प्रशासन
४. पञ्चायत विकास विभाग (तत्कालीन ग्राम विकास बोर्ड)
५. प्रचार तथा सूचना केन्द्र वीरगञ्ज
६. त्रिभुवन ग्राम विकास केन्द्र गौर
७. पञ्चायत विकास केन्द्र गौर
८. पञ्चायत विकास केन्द्र वीरगञ्ज
९. जिल्ला विकास कमिटी बन्दीपुर
१०. कलैया पञ्चायत विकास केन्द्र

२०१९।२०

साधारण

१. पञ्चायत मन्त्रालय
२. राष्ट्रिय निर्देशन मन्त्रालय
३. पञ्चायत विकास विभाग
४. सहकारी विभाग
५. निर्वाचन आयोग
६. रेडियो नेपाल
७. गोरखापत्र छापाखाना
८. प्रचार तथा सूचना केन्द्र वीरगञ्ज
९. अञ्चल निर्देशन अधिकारी मेची अञ्चल इलाम

विकास

१. प्रसार विभाग (रेडियो नेपाल)
२. सहकारी विभाग प्रशिक्षण
३. काठमाडौं सहकारी विकास केन्द्र

४. जिल्ला विकास कमिटी
५. सहकारी विकास भेरी अञ्चल
६. सहकारी विकास कोशी अञ्चल
७. प. १ नं. जिल्ला पञ्चायत कार्यालय त्रिशूली
८. धादिङ्ग जिल्ला पञ्चायत कार्यालय
९. सहकारी विकास केन्द्र भरतपुर (नारायणी अञ्चल)

प्रशासकीश व्यवस्था विभाग

२०१९।२०

साधारण

१. प्रशासकीय व्यवस्था विभाग

भूमि सुधार मंत्रालय

२०१६।१७

विकास

१. सर्भे विभाग
२. वीरगञ्ज सर्भे सर्कल
३. पोखरा सर्भे सर्कल
४. विराटनगर सर्भे सर्कल
५. भक्तपुर सर्भे सर्कल
६. भैरहवा सर्भे सर्कल

२०१७।१८

विकास

१. सर्भे विभाग
२. विराटनगर सर्भे सर्कल
३. मध्यमाञ्चल सर्भे सर्कल
४. पोखरा सर्भे सर्कल
५. उपत्यका सर्भे सर्कल

२०१८।१९

साधारण

१. सर्भे विभाग

विकास

१. सर्भे विभाग
२. भैरहवा सर्भे सर्कल
३. उपत्यका सर्भे सर्कल
४. मध्यमाञ्चल सर्भे सर्कल
५. पोखरा सर्भे सर्कल
६. पूर्वाञ्चल सर्भे सर्कल

महालेखा परीक्षकको विभाग

२०१९।२०

साधारण

१. महालेखा परीक्षकको विभाग

२०२०।२१

साधारण

१. महालेखा परीक्षकको विभाग

रक्षा मन्त्रालय

२०१८।१९

साधारण

१. सुन्दरीजल आर्सनल नगदी फांट
२. शाही जंगी अड्डा (एम. इ. एस.,)
३. कार्यरथी विभाग (सह-संगठन) शाही जंगी अड्डा

२०१९।२०

साधारण

१. रक्षा मन्त्रालय
२. शाही जंगी अड्डा (क्वा. मा. पालघर)
३. शाही जंगी अड्डा (क्यान्प कमाण्डेण्ट)
४. स्वयंभू बारुदखाना
५. सुन्दरीजल आर्सनल
६. प. २ नं. भैरव प्रसाद गुल्म
७. शाही जंगी अड्डा (अर्डन्यास डिपो)
८. शाही जंगी अड्डा (एम. इ. एस.)
९. क. कि. जंगी फांट
१०. जंगी बाली तलब जांच अड्डा
११. कार्यरथी विभाग (सह-संगठन) शाही जंगी अड्डा
१२. आर्मी सप्लाई डिपो

२०२०।२१

साधारण

१. स्वयम्भू बारुदखाना
२. कार्यरथी विभाग (सह-संगठन) शाही जंगी अड्डा

राष्ट्रिय परिषद तथा राज सभा

२०१८।१९

साधारण

१. राष्ट्रिय परिषद् तथा राजसभा

२०१९।२०

साधारण

१. राष्ट्रिय परिषद् तथा राजसभा

राष्ट्रिय पंचायत सचिवालय

२०१९।२०

साधारण

१. राष्ट्रिय पञ्चायत सचिवालय

लोक सेवा आयोग

२०१९।२०

साधारण

१. लोक सेवा आयोग

वन कृषि मन्त्रालय

२०२१ आषाढदेखि २०१४ आषाढतक

विकास

१. कृषि सहकारी सेवा

२०१५।१६

विकास

१. हेटौंडा स-मिल

२०१७।१८

विकास

१. सहकारी विभाग प्रशासन
२. काठमाडौं सर्कल अफिस
३. कपिलवस्तु सर्कल अफिस
४. कर्णाली सर्कल अफिस
५. जनकपुर डिभिजन अफिस
६. धनकुटा डिभिजन अफिस
७. कपिलवस्तु डिभिजन अफिस
८. विराटनगर डिभिजन अफिस
९. डोटी डिभिजन अफिस
१०. वाइल्ड लाइफ मेनेजमेण्ट डिभिजन
११. वीरगञ्ज डिभिजन अफिस
१२. चितौन डिभिजन अफिस
१३. त्रिशूली डिभिजन अफिस

२०१८।१९

साधारण

१. वनस्पति विभाग
२. खाद्य संचय विक्री वितरण
३. लाइभस्टक इम्प्रुभमेण्ट सेक्शन
४. डेरी डेभलपमेण्ट सेक्शन
५. माछा सेक्शन
६. प. १ नं. त्रिशूली डिभिजन अफिस
७. धूलिखेल भेटनरी हस्पिटल
८. काठमाडौं भेटनरी हस्पिटल

विकास

१. वनस्पति विभाग
२. कृषि विभाग कृषि विकास योजना
३. कृषि होम साइन्स सेक्शन
४. कृषि फर्म पोखरा
५. स्वायल सर्भे राप्ती
६. स्वायल ष्टडिज प्रोजेक्ट
७. एग् इकोनोमी सेक्शन
८. पू. १ नं. चौतरा डिभिजन
९. धनकुटा कृषि फर्म

२०१९।२०

साधारण

१. वन, कृषि मन्त्रालय
२. कृषि विभाग
३. खाद्य विभाग
४. सि. सी. एफ. अफिस
५. अरुण सर्कल अफिस
६. जनकपुर सर्कल अफिस
७. नारायणहिटी शिकारी फांट

८. दाङ्ग डिभिजन
९. वीरगञ्ज डिभिजन
१०. हनुमाननगर डिभिजन
११. पोखरा डिभिजन
१२. बीज भण्डार
१३. प्याथोलजी सेक्शन
१४. खिञ्चेत बगैंचा
१५. माछा सेक्शन
१६. एग्रोनोमी सेक्शन
१७. एण्टोमोलोजी सेक्शन
१८. एग् इञ्जिनीयरिंग सेक्शन
१९. सदर धान गोदाम
२०. भेटनरी हस्पिटल काठमाडौं
२१. भेटनरी हस्पिटल ललितपुर
२२. भेटनरी हस्पिटल भक्तपुर
२३. भेटनरी हस्पिटल धूलिखेल
२४. भेटरीन डिस्पेन्सरी घुमुवा
२५. डेरी डेभलपमेण्ट सेक्शन

विकास

१. सहकारी विभाग प्रशासन
२. विराटनगर एग्रोनोमी फर्म
३. विराटनगर एगृकल्चर
४. विराटनगर पोल्ट्री विकास
५. विराटनगर हर्टिकल्चर
६. विराटनगर फिसरिज सेक्शन
७. एग्रोनोमी सेक्शन
८. होम साइन्स सेक्शन
९. विराटनगर एगृकल्चर स्टेशन प्रशासन
१०. एगृ इञ्जिनीयरिङ्ग सेक्शन
११. एगृ इकोनोमी सेक्शन
१२. सिड टेष्टिङ्ग लेबोरेटरी
१३. नेपालगञ्ज कृषि फर्म
१४. धुलिखेल भेटनरी हस्पिटल

शिक्षा मन्त्रालय

२०१५।१६

विकास

१. शि. वि. यो. एजुकेशन एक्टिभिटिज
२. शि. वि. यो. प्राथमिक शिक्षा उप-शाखा

२०१६।१७

साधारण

१. शिक्षा विभाग
२. पुरातत्व र संस्कृति विभाग
३. कण्ट्रोलर अफ् एक्जामिनेशन
४. स्कूल गोस्वारा
५. पास जांच अड्डा
६. नेपाली भाषा प्रकाशिनी समिति
७. आधार शिक्षा तहबील फांट
८. वीर पुस्तकालय

९. नेपाल राष्ट्रिय पुस्तकालय
१०. त्रि–चन्द्र कलेज
११. राजकीय संस्कृत महाविद्यालय
१२. पाटन कलेज
१३. टेक्निकल स्कूल गोस्वारा
१४. सदर चिडियाखाना
१५. दरबार हाई स्कूल
१६. पाटन हाई स्कूल
१७. मण्टेश्वरी स्कूल
१८. भीमफेदी आधार स्कूल
१९. गोदावरी दरबार हेरचाह

विकास

१. शि.वि.यो. ब्रांच बिजिनेश अफिस कलेज अफ एजुकेशन चेतभवन
२. शि.वि.यो. एजुकेशन एक्टिभिटिज

२०१७।१८

साधारण

१. शिक्षा विभाग स्वास्थ्य फांट
२. भाषानुवाद परिषद्
३. नेपाली भाषा प्रकाशिनी समिति
४. वीर पुस्तकालय
५. नेपाल राष्ट्रिय पुस्तकालय
६. पाटन कलेज
७. दरबार कलेज
८. पद्मकन्या कलेज
९. राजकीय संस्कृत महाविद्यालय
१०. डिभिजनल इन्सपेक्टर अफिस (जोन नं. ३)
११. मण्टेश्वरी स्कूल
१२. स्रेस्ता पाठशाला
१३. पाटन हाई स्कूल
१४. गोदावरी दरबार हेरचाह

विकास

१. शि. वि. यो. प्रशासन र फिस्कल शाखा

२०१८।१९

साधारण

१. सदर चिडियाखाना
२. जुद्ध कला पाठशाला

विकास

१. शि. वि. यो. इन्स्पेक्टर डिभिजनल अफिस
२. शि. वि. यो. माध्यमिक शिक्षाउप–शाखा
३. शि. वि. यो. प्राथमिक शिक्षा उप–शाखा
४. शि. वि. यो. राप्ती भ्याली
५. कलेज विकास कार्यक्रम
६. शि. वि. यो . उच्च शिक्षा बिजिनेस अफिस
७. शि. वि. यो. प्रशासन उप–शाखा
८. शि. वि. फिस्कल विभाग
९. शि. वि. यो. प्रौढ शिक्षा उप–शाखा
१०. केन्द्रीय पुस्तकालय
११. कलेज अफ एजुकेशन

१२. पोखरा मल्टी पर्पस हाई स्कूल
१३. नर्मल स्कूल
१४. लेबोरेटरी स्कूल

२०१९।२०

साधारण

१. शिक्षा मन्त्रालय
२. तीन शहर म्यूजियम
३. नेपाल म्यूजियम
४. वीर पुस्तकालय
५. शिक्षा विभाग यूनिट भद्रकाली
६. अञ्चल शिक्षा अधिकारी अफिस जनकपुर
७. डिभिजनल इन्सपेक्टर अफ स्कूल पोखरा
८. संस्कृत प्रधान पाठशाला
९. गोरखा शक्ति विद्यालय हाई स्कूल
१०. लक्ष्मी हाई स्कूल (गाईखूर)
११. देववाणी विद्यालय, पाल्पा
१२. संस्कृत पाठशाला परासी
१३. विन्ध्यावासिनी हाई स्कूल
१४. संस्कृत माध्यमिक पाठशाला प्यूठान
१५. पूर्व १ नं. बलेफी दोभान पाठशाला
१६. प. २ नं. द्यौराली पाठशाला
१७. खलङ्गा प्राथमिक पाठशाला
१८. प. २ नं. गोरखा जौवारी प्राथमिक पाठशाला
१९. प. २ नं. मनकामना प्राथमिक पाठशाला
२०. प. २ नं. मझेनी थोक प्राथमिक पाठशाला
२१. प. २ नं. ध्यालचोक प्राथमिक पाठशाला
२२. प. २ नं. खोपलाङ प्राथमिक पाठशाला
२३. प. २ नं. छोप्राक प्राथमिक पाठशाला
२४. प. २ नं. हर्मी प्राथमिक पाठशाला
२५. प. २ नं. स्यार्तांङ प्राथमिक पाठशाला
२६. प. २ नं. लिगलिग (लुइंटेल) प्राथमिक पाठशाला

सर्वोच्च सदालत

२०१९।२०

साधारण

१. सर्वोच्च अदालत

स्वास्थ्य मंत्रालय

सन् १९५४ देखि सन् १९५५ तक

विकास

१. स्वास्थ्य सहयोगी सेवा

२०१५।१६

विकास

१. नेपाल औलो उन्मूलन संघ

२०१६।१७

साधारण

१. नरदेवी आयुर्वेदीय औषधालय

विकास

१. प्रसूति गृह
२. वीर अस्पताल विकास समिति
३. नेपाल औलो उन्मूलन संघ
४. नेपाल औलो उन्मूलन संघ नर्थ सेक्टर (हाल सेण्ट्रल जोन ए)
५. नर्सेज ट्रेनिङ्ग स्कूल

२०१७।१८

साधारण

१. स्वास्थ्य सेवा आयुर्वेदीय विभाग
२. जनकपुर मेनेजरी आयुर्वेदीय औषधालय
३. दिङ्गला आयुर्वेदीय औषधालय
४. पचली आयुर्वेदीय औषधालय
५. सिराहा आयुर्वेदीय औषधालय
६. सप्तरी भगलानपुर आयुर्वेदीय औषधालय
७. प्यूठान " "
८. चापा गाउं " "
९. त्रिशूली " "
१०. बलिया " "
११. ज्यामरुङ " "
१२. गोरखा " "
१३. फिदिम " "
१४. यूनानी " "
१५. डांडा दरा " "
१६. मोरङ पकली " "
१७. सिन्धुली सुनार पानी " "
१८. तेह्रथुम " "
१९. धनकुटा " "
२०. दरवुङ्ग " "
२१. होमियोप्याथिक डिस्पेन्सरी आयुर्वेदीय औषधालय

विकास

१. प्रसूति गृह
२. नेपाल औलो उन्मूलन संघ
३. धनकुटा होमियो डिस्पेन्सरी
४. पाल्पा खस्यौली डिस्पेन्सरी
५. पू. १ नं. महेन्द्र आयुर्वेदीय औषधालय
६. चोपरा " "
७. झापा गौरीगञ्ज " "
८. बारबिसे " "
९. खुदी हेल्थ सेण्टर
१०. पूर्व १ नं. बनेपा हेल्थ सेण्टर
११. पूर्व १ नं. चौतरा हेल्थ सेण्टर
१२. तेह्रथुम " "
१३. नवलपुर "
१४. सल्यानटार " "
१५. चितौन " "
१६. छतौना " "
१७. धपौली खेस्रा " "
१८. पर्सा जसौली " "

१९. मटिवन हेल्थसेण्टर
२०. मानेभञ्ज्याङ्ग " "
२१. नर्जा खरानी टार " "
२२. फिदिम " "
२३. भानकोट " "
२४. ठिमी " "
२५. रामेछाप " "
२६. शांखु " "
२७. यार्कु बिर्ता " "
२८. गाउंशहर बेसीशहर " "
२९. ताप्लेजुङ्ग " "
३०. झापा भद्रपुर " "
३१. सप्तरी लाहान " "
३२. जुम्ला " "

२०१८।१९

विकास

१. प्रसूति गृह
२. पू. १ नं. महेन्द्र आयुर्वेदीय औषधालय तौथली
३. पू. १ नं. बनेपा हेल्थ सेण्टर
४. पू. १ नं. चौतरा हेल्थ सेण्टर

२०१९।२०

साधारण

१. स्वास्थ्य नहर तथा विद्युत मन्त्रालय
२. गौर पि. वीर अस्पताल
३. जलेश्वर वीर अस्पताल
४. दाङ्ग वीर अस्पताल
५. राजविराज वीर अस्पताल
६. महेन्द्र आरोग्य भवन
७. प. २ नं. गोरखा दरबुङ्गा फुजेल आयुर्वेदीय औषधालय
८. प. २ नं. पालुङ्गटार आयुर्वेदीय औषधालय
९. धादिङ्ग तारूका आयुर्वेदीय औषधालय
१०. प. ३ नं. खुदिबेनी कुन्छा त्रि–चन्द्र आयुर्वेदीय औषधालय
११. मनकामना आयुर्वेदीय औषधालय
१२. पूरान आयुर्वेदीय औषधालय
१३. प. ४ नं. मालुंगा गोदाम
१४. प. ३ नं. तन्हौं शिशाघाट आयुर्वेदीय औषधालय

विकास

१. प्रसूति गृह

329

★
★★